*माताःभूमि पुत्रोक्हं पृथिव्याः* ***(अथर्ववेद १२.१.१२)***
*(धर्ती हाम्री आमा हुन्, हामी उनका पुत्र हौँ । राष्ट्रप्रति हरेक पुत्रको कृतज्ञता, श्रद्धा र स्वाभिमान हुनुपर्दछ ।)*

## अध्याय -१

# राष्ट्रियताको अर्थबोध

## राष्ट्रवाद उठान

१. अङ्ग्रेज धपाएर भारतलाई स्वतन्त्र बनाउनु भनेको सन् ६६० भन्दा पहिलेको वैदिक शासन व्यवस्था पुनर्स्थापन गराउनु थियो । शिक्षालाई सबै जातजाती, स्थान, पुरूष तथा नारीलाई समान रूपले निःशुल्क उपलब्ध गराउनु थियो । पातञ्जलिलगायतको योगशिक्षा, ज्ञान, ध्यानलाई सबैको पहुँचमा पुऱ्याएर सबैलाई मानसिक र शारीरिक रोग लाग्नै नदिने बनाउनु थियो । रोग लागिहालेका अवस्थामा पनि आयुर्वेदिक उपचार पद्धतिलाई समुन्नत बनाएर पार्श्वप्रभाव (साइड इफेक्ट) रहित उपचार गराउनु थियो । सबैखाले स्वास्थ्य सेवा निःशुल्क पाउने व्यवस्था गर्नु थियो । शासन व्यवस्था पनि वैदिक पद्धति अनुसार चलाउनु हो । अर्थ व्यवस्था पनि वैदिक समाजवाद अनुकुलको मिश्रित बनाउनु हो । कोही खरबपति नहुने तथा कोहि गरीब र अज्ञ नहुने बनाउनु हो । यी कुरालाई नै वैदिक राष्ट्रवाद भनिएको हो । अथवा विश्वब्रह्माण्ड र यहाँ बस्ने सबै प्राणीको समानताको आधारमा उपभोग भनिएको हो । वैदिक शासनमा त्यसैलाई प्रजातन्त्र भनिएको हो । वैदिक राष्ट्रवादी पद्धति भनेको वसुधैवम् कुटुम्बकम् हो । विश्व व्यवस्था हो । विश्व शान्ति कायम गराई राख्ने दिगो नीति हो ।

ठूलो जनसंख्या भएको भारत आफ्नो सभ्यता पुनर्स्थापन गर्न असफल छ । भारत आज पनि अंङ्ग्रेजको दास छ, गुलाम छ, उसकै बिस्तारवादी नीति र इसाई संस्कार, कानून नियमको पालना गरेको छ । पश्चिमी जीवन पद्धति छ, मेकाउलियन पद्धतिको शिक्षा बोकेको छ । नेपालले स्वतन्त्रता, सभ्यता, भाषा र संस्कृति जोगायो तर भारतसितको खुला सीमाबाट छुत रोगका रूपमा आज नेपालमा पसेको छ ।

पश्चिमी जगतको प्रभावमा विश्व भौतिक उपभोक्तावादी, व्यक्तिपरक, राष्ट्रपरक अनात्मिक या अनध्यात्मिक रूपमा खडा भएको छ । उदार अर्थनीति, जातिजनजातिवाद, गैर सरकारी संस्थाको चकचकी नव उपनिवेशवाद र नव सामन्तवादको, शोषणको नयाँ रूप हुन् । इसाईकरण अभियान अध्यात्म होइन, नव सामन्त र नव साम्राज्यवादको दलालीरूप हो । इसामसिहको होइन,

सामन्तवादी राजनीतिको दलाल हो । त्यसकारण विपन्न देशले वैदिक पद्धतिको सास्वत सत्य राष्ट्रवादको अवलम्बन गरेर विश्वको अज्ञानता, गरीबी र बेरोजगारको अन्त्य गर्नु परेको छ ।

२. राष्ट्रवादको पूर्वाधार मूलतः वैदिक संस्कार हो । आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन्छन् भन्ने भावना हो । आज वैदिक समाजवाद हटाइएको छ । उदार र नीजि अर्थतन्त्रको व्यापकता भएको छ । यस अवस्थामा राष्ट्रियताको झन् ठूलो महत्त्व  छ । यस बखत राष्ट्रियतका बारे विभिन्न परिभाषा भएका छन् । सीमा अतिक्रमण, संस्कार संस्कृति उद्योग व्यापार, उचो जीवनस्तर, आत्म निर्भरता आदि पनि यसैमा समेटिएका छन् । यस अर्थमा राष्ट्रियताको कुरा अति संवेदनशील विषय पनि भएको छ ।

३. नेपाल हिमवतखण्ड हो । यो तपोभूमि हो, आनन्द र सुखको खोज गर्ने थलो हो । वृहद् अनुसन्धानशाला हो । यो कहिल्यै विदेशीको गुलाम भएको छैन, उपनिवेश भएको छैन तर उपनिवेशिक भारतको प्रभावका कारण नव उपनिवेशमा चेपिएको छ ।

यहाँ वैदिक संस्कारको राज्य–व्यवस्थाको निरन्तरता भएको कारण तल्ला निकायका स्थानीय सरकारका रूपमा रजौटा थिए, राजा थिए र महाराजा थिए । केन्द्र फितलो भएका अवस्थामा २०० वर्ष जति चन्द राजाहरू, बाइसे र चौबिसे राजाहरू सक्रिय थिए । केन्द्र कमजोर भएपछि स्थानीय रजौटा (कत्युरी, बाइसे, चौबिसे) राज्य बीचका झगडाले शासनमा स्थिरता आउन सकेको थिएन । ती सबै क्षेत्रको विकास जति हुन सम्भव थियो त्यति हुन सकेको थिएन । तर पनि हामीले सिक्नु पर्ने र गर्व गर्नुपर्ने कुरा के छ भने तिनताकाको पहाडी प्रदेश आत्मनिर्भर थियो, तराईमा आश्रित थिएन । भरतखण्डमा पनि एक हजार जति राज्य रजौटा थिए । वर्तमान इण्यिामा मात्र ५६२ वटा राज्य थिए । ती पनि केन्द्र (राज्य र राष्ट्र) कमजोर भएका कारण आपसमा लड्ने गर्दथे । विगतको ११ सय वर्ष लामो कालखण्डमा विदेशीले यहाँ विभिन्न कारणले आँखा गाडेका थिए । त्यसमध्ये सिन्धु सभ्यताको आकर्षण र ईर्ष्या मुख्य थियो । पश्चिमाले वैदिक आदर्श बिर्सिसकेका थिए । वसुधैवम् कुटुम्बकम् त्यागेर भौतिक उपभोग तथा व्यक्तिवादबाट ग्रसित भैसकेका थिए । आज जसरी धर्म (उनीहरूको शब्दमा हिन्दु धर्म या सम्प्रदाय) मासेर इसाई संस्कारमा बदल्न अनेक प्रयत्न गरिरहेका छन्, त्यसबेलाको मानसिकता पनि त्यस्तै थियो । यो भौतिकवादी सोचलाई जोगाइ राख्ने पश्चिमाको सूत्र हो उदार अर्थनीति र निजिकरण । यी पछिल्ला दुई कुराले विश्व विभाजित हुँदै गएको छ, धनी र गरीबमा ।

पृथ्वीको कुल सम्पत्तिको ८० प्रतिशत धन केवल १००० जना धनी परिवारका घरमा थुप्रिएको छ । यस अवस्थामा गरिबी निवारण हुने गुन्जायस नै छैन । गरिबी निवारण कोश, निर्धन उत्थान कार्यक्रम जस्ता कार्यक्रम झुक्याउने ललिपप मात्र हुन् । अब गरिबी निवारण गर्न वसुधैवम् कुटुम्बकम् दर्शनमा विश्व शान्ति बनाइराख्ने मुख्य कुरा हो । त्यसकालागि भौतिक उपभोक्तावाद, उदारवादी र निजिकरण होइन वैदिक समाजवादी अर्थतन्त्र र विश्व शान्ति चाहिन्छ । त्यो शान्तिवाचन[1] पद्धतिबाट प्राप्त हुन्छ ।

नेपाल उपनिवेश नभएको, मेकाउलेको प्रभावमा नजकडिएको अवस्था भएकोले शान्तिक्षेत्र घोषणा गरिएको हो । तर पश्चिमी संस्कार अँगालेको, भएको भारतले २०४६ देखि २०६३ का  बीचमा नराम्ररी बिथोलि दियो । इसाई, इण्डिया एक थलोमा उभिएर धर्ममा आधारित नेपाललाई धर्म निरपेक्ष भनिदिए, वैदिक राजधर्म मासिदिए, एकतृत हुने र मिलेर सुखदुख बाँडेर बस्ने संस्कारलाई भत्काइ दिए । त्यसबाट राष्ट्रवाद पनि भत्किदै गयो । भत्केको राष्ट्रवादको पर्खालमा उभिएर नेपालका दलका नेताले उतै मिसिए पनि के भो त नि भन्न थालेका हुन् ।

३. मानव विकासका लागि शान्ति पहिलो सर्त हो । आन्तरिक रूपमा देशमा शान्ति कायम हुन सके बाह्य रूपबाट जन्मने अशान्तिलाई परास्त गर्न सकिन्छ । आन्तरिक रूपमा शान्ति बहाली गर्न राष्ट्रका सवै मानिस एकजुट हुनुपर्दछ । त्यसरी एकजुट हुने भावना नै राष्ट्रियता हो, राष्ट्रिय एकता हो । आम नागरिकमा यस्तो भावनाको संस्कार त्यस बखत विकसित हुन्छ जब देशको शासन व्यवस्थामा सुशासन हुन्छ । सुशासन त्यस्तो शासन हो जहाँ अन्याय अत्याचार हुँदैन, राजनीतिमा दलीयकरण हुँदैन । न्यायिक क्षेत्रमा मुद्दा मामिला घट्दै गएर अत्यन्त न्यून हुन्छन्, प्रहरी आवश्यकता पर्दैन । अनि, समाजका हरेक घर सम्पन्न हुन्छन् । मेकाउलेले देखेको र लेखेको तथ्य के हो भने अङ्ग्रेजले भारतलाई गुलामी बनाउनुभन्दा पहिले भारतमा त्यस्तै शासन थियो । ह्वैनसाङ, फाइयानका वर्णनमा पनि त्यस्तै पाइन्छ ।

४. कामको शिलशिलामा विश्वको जुन भागमा बसे पनि आफ्नो मुलुकलाई माया गर्ने प्रवृत्ति नभैकन राष्ट्रियता जोगिनै सक्तैन । यो कुरा इजरालीबाट आज पनि सिक्न सकिन्छ । विदेशमा बसे पनि आफ्नो मुलुकको खाना, पोशाक, सभ्यता, संस्कृति, नाचगान, हावापानी, रहनसहन, मठमन्दिर, कलाकौशल आदिप्रति गर्व गर्ने ममत्व देखाउने अभ्यस्त संस्कार नै शुद्ध राष्ट्रियता हो ।

---

१. औम द्यौ शान्तिः अन्तरिक्ष शान्तिः पृथिवी शान्तिः औषधय शान्तिः वनस्पतयः शान्ति सर्वशान्तिः शानितरेव शान्तिः शान्तिः सामा विश्वदेवाः शान्ति, ब्रह्म शान्तिः  सर्व शान्ति ......................................।

आफ्नो मुलुकलाई माया नगर्ने र ममत्वभाव नराख्नेलाई मुलुकले पनि माया गर्न जरूरी हुँदैन । यस कुराको तथ्य सामान्य प्रशासन मन्त्री श्रीपण्डितले पनि प्रमाणित गरि दिएका थिए, डा. गोबिन्द केसीले पनि डेढ दर्जन पटक आमरण अनसन बसेर पुष्टि गरि सकेका छन् । मुलुक भनेको जनताको हो, सरकारको हैन । सरकार भनेको त केवल जनताको जागीर खाएको नोकर हो । जुन देशमा सरकार र दलका नाइकेले जनताको आदेश सर्वोपरि राख्दैन त्यस देशमा राष्ट्रियता पतन हुन्छ । त्यसकारण संविधानले योग्यतम्, ज्ञान, सीप क्षमताले भरिएको मन्त्रहरूको ज्ञातामात्र बस्ने मन्त्रालय हुने संवैधानिक परिपाटी भए मात्र राम्रो मानिस सत्तामा पुग्छ । यहाँ राम्रो हैन हाम्रो मानिस सत्तामा छ, भ्रष्ट छ, चण्डाल छ, अपहरणकारी र असामाजिक तत्त्व छ । त्यसले सन्तुलन सिद्धान्तको आधारमा राज्य चलाउन सक्तैन । नागरिक हक अधिकारको संरक्षण पनि गर्न सक्तैन । यसो गर्न नसक्नेले राष्ट्रियता जोगाउन पनि सक्तैन । यसो हुनुको कारण गलत राजनीतिक व्यवस्था र गलत संविधान हो ।

५. राष्ट्रियताको परिभाषा चाहिन्छ, दिगो नीति र कार्यक्रम चाहिन्छ । तर राष्ट्रियताको परिभाषा दलै पिच्छे फरक हुने, व्यक्ति नै पिच्छे फरक हुने कुनै दलका वस्तु हुनु हुँदैन । यही मात्र एउटा यस्तो कुरा हो जसले विदेशी हस्तक्षेप रोक्न सक्दछ, नेपालको विकासमा ऐक्यबद्धता बनाइ राख्दछ । त्यसकारण राष्ट्रियताको कुरा अति संवेदनशील विषय पनि हो । यसलाई राजनीतिक दल तथा बुद्धिजीवीले हलुङ्गोसँग लिनु गलत हो । त्यति मात्र होइन राष्ट्रियताका बारेमा मनगढन्ते आफूखुशी परिभाषित गर्न पनि पाइँदैन । कतिपय दलले यसलाई नचाहिने विषय वा उग्रराष्ट्रवाद भनेर नकार्ने समेत गरेका छन् । कसैलाई राष्ट्रियता भनेको सीमा अतिक्रमण रोक्नु हो भने कसैलाई आफ्नो संस्कार संस्कृतिलाई जोगाउनु हो । कसैलाई आफ्नो उद्योग व्यापारलाई जोगाउनु हो भने कसैलाई उचो जीवन स्तर बनाउनु हो । कसैले देशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनु नै राष्ट्रवाद हो भन्दछन् । कसैलाई भ्रष्ट्रचार मुक्त देश बनाउनुलाई मान्दछन् । कसैले प्रजातान्त्रिक शासन पद्धति भए त्यहाँ स्वतः राष्ट्रियता हुन्छ भन्ने अवधारणा राख्छन् आदि आदि । वास्तवमा प्रजातन्त्र र राष्ट्रियता एक आर्काका पुरक हुन् । राष्ट्रियता मात्र एउटा यस्तो कुरा हो जसले विदेशी हस्तक्षेप रोक्न सक्दछ, नेपालको विकासमा ऐक्यबद्धता बनाइ राख्दछ । त्यसकारण यसलाई प्रभावपूर्ण रूपमा परिभाषित गर्नुपर्ने अहिलेको खाँचो भएको छ ।

६. नेपाली राष्ट्रवादलाई यस बखत पृथ्वीकरण र राष्ट्रियकरणको सिद्धान्तको बीचमा राखेर नियाल्नु पर्ने तथा नयाँ परिभाषा गर्नुपर्ने बेला आएको छ । यस बखत अर्थोपार्जन अरू सबैभन्दा ठूलो भएको छ । त्यसैले यसलाई वैश्य युग भनिएको हो ।

## राष्ट्रियताको परिभाषा

१. सामान्यतः मानिसले राष्ट्रियतालाई कुनै निर्विवाद र स्पष्ट धारणा हो भन्ने सोचाइ राख्छन्, तर यो सत्य होइन । खासमा, राष्ट्रवाद स्वयम् एउटा दृष्टिकोणबाट र अनेकौं किसिमका विचार मन्थनबाट हुर्किंदै, विकसित हुँदै गएको विचार र आन्दोलन हो । विभिन्न मुलुकमा राष्ट्रियता विकासको आफ्नै इतिहास छ । भारत र दक्षिण एसियाका मुलुकको स्वतन्त्रता त्यहाँ जन्मिएको राष्ट्रियताको उपज हो । अमेरिका र अष्ट्रेलियाको स्वतन्त्रता पनि त्यहाँ जन्मेको राष्ट्रियताको उपज हो । त्यस्तै हो अफ्रिका महादेशको स्वतन्त्रता पनि । अहिले विश्वमा दुई सयभन्दा बढी राष्ट्रहरू छन् । ती सबै राष्ट्रको जन्म र विकास एकनासको छैन । त्यसैले नेपालको राष्ट्रियता अन्य मुलुकको हाराहारी हुनुपर्छ भन्ने छैन । फलाना देशको राष्ट्रियता यस्तो छ, त्यसैले नेपालको राष्ट्रियता पनि यस्तै हुनुपर्छ भन्नु गल्ती हुनेछ । चीन स्वयम् एउटा महादेशसरह छ तर त्यहाँ एउटा भाषा, जाति र संस्कृतिको प्रभुत्व छ । ठीक यही कुरा भारतमा लागू हुँदैनर । भारत विभिन्न भाषा र संस्कृतिले भरिपूर्ण देश छ । राष्ट्रियता मुलुक अनुसार फरक हुनसक्छ । वर्तमान प्रयोगमा आएको अङ्ग्रेजी शब्द *Nationalism, Nationalismus* जोहन गोटफ्राइड हर्डरले सन १७७०मा प्रयोगमा ल्याएपछि चर्चित भएको हो ।

२. उक्त दुई देशको विशालता नै नेपालभन्दा पृथक तथ्य हो । यी दुई देशले विश्व राजनीतिमा आआफ्नो राष्ट्रियताको दावा खास किसिमले गर्न सक्छन् । यी दुई देशसँग नेपालको दावा तुलनीय हुन सक्दैन । नेपालले आफ्नो राष्ट्रियताको जगेर्ना र विकास गर्दा पृथ्वीनारायण शाहले भनेजस्तै तठस्थ, सम र समन्वय हो । राजा महेन्द्रको छुट्टै मौलिक पहिचान राखेर आर्थिक रूपमा पनि ती भन्दा माथि पुग्नु हो । सकसमा परेर अगाडि बढ्ने भन्ने नेपालका केही दलको जस्तो होइन । आजको नेपालको चुनौती पनि यही हो । यस चुनौतीलाई ठीक रूपले बुझ्न नसक्दा नै विगतका तीन दशकमा धेरै गल्ती भएका हुन् । मुख्यतः यसबीचमा नेपालको राजनीतिक नेतृत्व विभक्त मानसिकताबाट ग्रस्त छ । नेपालको राष्ट्रियता भारत र चीनको जस्तो निरपेक्ष र स्वायत्त हुन सक्दैन । नेपालको राष्ट्रियताले चीनसँग र खासगरी भारतसँग हातेमालो वा संवाद गरेर मात्रै अगाडि बढ्नुपर्ने अवस्था छ । किनभने, हाम्रो भौगोलिक अवस्थाले नै हाम्रो राष्ट्रियतालाई बुझाउँछ । नेपाललाई भूराजनीतिक अवस्थाले मौलिक राष्ट्रियताको अवश्यकता भएको हो ।

३. नेपालले आफ्नो राष्ट्रियताको प्रारम्भिक पहिचान भने भारतको विरोधमा वा समानान्तरमा उभिएर गराउने जमर्को गऱ्यो । त्यसका आफ्नै कारणहरू थिए तर ती कारण आज विद्यमान छैनन् । हाम्रो मानसिकता भनौं कि पुरातन सोच, समर्पणवादमा आधारित छ । सबैजसो दलहरूले

पछिल्लोलाई पछ्याएका छन् । वास्तवमा **राष्ट्रियता भनेको हस्तक्षेप मुक्त देश हुनु हो । राष्ट्रियता भनेको भ्रष्टाचार मुक्त देश हुनु हो ।** नेता भनेको तिनको चरित्र अनुकरण गर्न योग्य 'महाजनोयेन गता सपन्था' हुनु हो ।

४. मानव विकासका लागि शान्ति पहिलो सर्त हो । आन्तरिक रूपमा देशमा शान्ति कायम हुन सके बाह्य रूपबाट जन्मने अशान्तिलाई परास्त गर्न सकिन्छ । आन्तरिक रूपमा शान्ति बहाली गर्न राष्ट्रका सबै मानिस एकजुट हुनसक्नु पर्दछ । त्यसरी एकजुट हुने भावना नै राष्ट्रियता हो, राष्ट्रिय एकता हो । आम नागरिकमा यस्तो भावनाको संस्कार त्यस बखत विकसित हुन्छ जब देशको शासन व्यवस्थामा सुशासन हुन्छ । सुशासन त्यस्तो शासन हो जहाँ अन्याय अत्याचार हुँदैन, राजनीतिमा दलीयकरण हुँदैन । धर्मराज्यलाई जाँच्ने एउटा कसी के हो भने मुद्दा मामिला र अपराध घट्दै जानु हो । प्रहरी र न्यायकर्मीको संख्या घट्दै जानु हो । अङ्ग्रेजले भारतलाई गुलामी बनाउनुभन्दा पहिले भारतवर्षभरि त्यस्तै शासन थियो । यो कुरा मेकाउलेकै प्रतिवेदनमा छ । ह्वैनसाङ, फाइयानका वर्णनमा पनि पाइन्छ ।

५. राष्ट्रियताको आधार भूराजनीति मुख्य हो । यसका अरू आधारहरूमा आर्थिक श्रोतसाधन, सामाजिक प्रचलन र अध्यात्मिकता पनि पर्दछन् ।

६. विश्वभर विभिन्न खाले राष्ट्रिय अभियानहरू चलेका छन् । विभिन्न खाले परिभाषा गरिएका छन् । हिटलर र मुसोलिनीका कृत्यलाई पनि राष्ट्रवाद भनिएका छन् । विश्वभर जहाँ बसेपनि इजरायललाई माया गर्ने यहुदीको राष्ट्रवाद टड्कारो देखिन्छ । काम गरेरै खानुपर्दछ मागेर ठगेर होइन भन्ने शिखको राष्ट्रवाद पाइन्छ ।

७. राजनीतिक तथा सामाजिक व्यवस्थाका लागि राष्ट्रियताको सिद्धान्त अत्यन्त महत्त्वपूण भएको छ । कतिपयले मानव देह जस्तै राष्ट्र पनि जीवित संगठन मान्दछन् । केही मानिसको सोचमा राष्ट्र ईश्वरको सोचको उपज भएकोले राष्ट्रकालागि सबै उसैलाई बलिदान गर्नु पर्छ भन्दछन् । जे भए पनि राष्ट्रप्रति समर्पित हुनु हरेक नागरिकको धर्म हो ।

८. हरेक राष्ट्रले गुप्त अस्तित्त्व राख्दछ, यो अस्तित्त्वलाई अनुभूत गर्न सकिन्छ तर देख्न सकिदैन । त्यो शक्तिलाई सार्वभौमिकता भनिन्छ । मानिस जन्मिन्छ र कालमा समाहित हुन्छ तर मुलुक सदा जीवित रहन्छ । मानिसले जे गरेका छन्, त्यो मुलुकको नै देन हो । मान्छे त राष्ट्रको एक साधन मात्र हो ।

९. लर्ड ब्राइसले राष्ट्रियताको परिभाषा गर्न सकिदैन, यसलाई केवल देखेर जान्न सकिन्छ भनेका छन् भने उटैनबरले राष्ट्रियता एक इच्छा हो जसले कुनै राजनीतिक संगठनमा रहेर बस्ने इच्छा बन्दछ भनेका छन् । गिलक्राइष्टले भने राष्ट्रियतालाई अध्यात्मिक भावना मान्दछन् । मेकाइभरको विचारमा राष्ट्रियता एक साथ मिलेर बस्ने क्रियात्मक भावना हो ।

१०. वास्तवमा राष्ट्रियता कुनै स्थूल वस्तु होइन, यो त आत्मिक भावना हो । राष्ट्रियताको गहन परिभाषा पौरस्थ्य सभ्यतामा हजारौं वर्ष पहिले नै भैसकेको थियो । श्री रामले ***जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी*** भनेका थिए । त्यसबारे पछि चर्चा गरिने छ । पश्चिमी मुलुकमा भने राष्ट्रियताको उद्बोध उन्नाइसौं शताब्दीमा भएको पाइन्छ । फ्रान्सको राज्यक्रान्तिले मात्र त्यतातिर राष्ट्रियताको बीज रोपेको हो । यस पूर्व पश्चिमतिर व्यक्तिको भक्तिभाव राजाप्रति हुन्थ्यो, मुलुक प्रति थिएन । फ्रान्सी क्रन्तीले समानता, स्वतन्त्रता र भतृभावको सूत्र उजागर गरेपछि प्रत्येक मुलुक राजभक्ति छाडेर देशभक्ततिर मोडिन थालेका हुन् । सबै मुलुकले आआफ्नो भाषा, धर्म, संस्कार संस्कृति, सभ्यता र मान्यतालाई माया गर्न थाले, जोगाउन थाले । सन १९१४ मा सुरू भएको प्रथम विश्व युद्धमा अमेरीकी राष्ट्रपति विल्सनले राष्ट्रहरूकालागि आत्मनिर्णयको अधिकार मानेर यस भावनालाई आध्यात्मिक स्वरूप दिए ।

११. राष्ट्रियताको भावनाले मानिसलाई नयाँ गौरव नयाँ आत्मसम्मान र उत्कट देशभक्तिको सञ्चार गर्दछ । यसले मानिसमा परिवार, जाति अपनत्वबाट झिकेर राष्ट्रलाई महत्त्व दिन्छ । मनलाई त्यतातिर रूपान्तरण गर्दछ । यही भावनाले बेलायतले अङ्ग्रेजी भाषालाई विश्वभरि फिजाएको हो । त्यही भावनाले नै युरोपभरिका मानिसले इसाई संस्कारलाई विश्वमा फैलाइ रहेका छन् । आदि आदि ।

१२. वास्तवमा समुदायहरू बीचको एकताको भावना राष्ट्रियताको प्रतिरूप हो । नेपालको अनेकतामा एकता राष्ट्रियताको मूल सूत्र हो । यसरी एक राष्ट्रभित्रका सबै भाषा, जातजाति, सम्प्रदाय संस्कार संस्कृतिलाई सबैले सबैको जोगाउने हुर्काउने भावना बढेपछि राष्ट्रियता जोगिन्छ, समुन्नत बन्दछ तर आपसमा लड्ने भिड्ने, मेरो ठूलो तेरो सानो भन्न थालियो भने त्यसबाट अराष्ट्रियताको थालनी हुन्छ । नेपालमा २०६३ साल पछि, जातिवाद, बाहुनवाद, दुर्गमवाद, तराईवाद, आदिवासी, ब्राह्मणवाद, जनजाति, दलित, पुरूष विरूद्ध नारीवाद आदि कुभावना बढेका छन् । विदेशीको नेतृत्वमा हिंडेका दलले नेपालमा गलत कुरा भित्र्याएका छन् । त्यही भावनाबाट प्रेरित भएकाहरूले नेपाल मुलुकका निर्माता श्री ५ पृथ्वीनारयण शाहको शालिक उखेलेर कुनै

लहडीको प्रतिमूर्तिसम्म राखे । पृथ्वीनारायण शाह नगरपालिकाको नाम बदलेर गोरखा नगरपालिका राखियो । त्यस्तै म मरे पनि मेरो देश बाँचि रहोस् भन्ने सूत्रका साथ राष्ट्रियताको व्यवहारमूलक सुत्रधार राजा महेन्द्रका नामका संस्कृत विश्व विद्यालय, रोयाल एकेडेमी, शा.ने.बा.नि. लगायत उनका स्टयाच्यूहरू नष्ट गरिए । नेपालको राजनीतिले त्यसैलाई दश वर्षे जनविद्रोहको उपलब्धी पनि माने । आज यो विखण्डनको सूत्र भएको छ । आपसमा लडभिडको वातावरण जगाएको छ । यस भावनाले करिब २० हजार जनताको ज्यान गएको छ । मारकाटको संस्कार बढिरहेको छ । यी र यस्ता कुरा राष्ट्रियताकालागि बाधक देखिएका छन् ।

१३. यतिखेर हामीले नेपाली राष्ट्रवादका कुरा गर्न थालेका छौं । नेपाली विश्वका जुन भूभागमा बसे पनि आफ्नो घर र घरपरिवारलाई माया गर्दछन्, तिनकैलागि मिहेनत गर्दछन् । आफ्नो देश पनि आफ्नो घर हो भन्छन् । बुढो भएपछि आफ्ना हाडखोर बिसाउन जन्मेको थलोमै पुग्दछन् । जहाँ बसेपनि आफ्नो देशलाई प्यार गरिरहनु नै नेपाली राष्ट्रवाद हो, श्रीरामको मार्गदर्शन पनि यही हो । आफ्नो देशलाई माया नगर्नेलाई देशले पनि माया गर्दैन । आफ्नो देशलाई माया नगर्ने र सम्मान नगर्ने नेता गद्दार हुन्छन् । अराष्ट्रिय कहलिन्छन् । त्यस्ता नेता राष्ट्रवादी हुन सक्तैनन् । राष्ट्रियताको कुरा अति संवेदनशील विषय भएकोले यसलाई हलुका पारामा लिनु हुँदैन, जुन कैयौं दलका नेताले गर्ने गर्छन् । राष्ट्रियताका बारेमा मनगढन्ते आफूखुशी परिभाषा गर्न पनि हुँदैन । कतिपय दलका नेताले राष्ट्रवादलाई नचाहिने विषय ठान्दछन्, उग्रराष्ट्रवाद भनेर नकार्दछन् । त्यसकारण नै यसलाई परिभाषित गर्नुपर्ने आजको खाँचो भएको छ ।

१४. आजभोलि नेपालका सबै जसो व्यक्तिले नेपाली राष्ट्रियताबारे चासो र चिन्ता व्यक्त गर्न थालेका छन् । कतिपयले राष्ट्रियताको परिभाषा भने अलगअलग गरेका छन् । यद्यपि राष्ट्रियताका विभिन्न परिभाषा भएपनि एउटै मुलुकको राष्ट्रियताको अर्थ व्यक्तिपिच्छे फरकफरक गरिने विषय होइन । **हो**, राष्ट्रियताको परिभाषा चाहिन्छ, स्पष्ट र दिगो परिभाषा । तर राष्ट्रियताको परिभाषा दलै पिच्छे फरक हुने, व्यक्ति नै पिच्छे फरक हुने तथा एउटा हलुको विषय हुनु हुँदैन । यहीमात्र एउटा यस्तो कुरा हो जसले विदेशी हस्तक्षेप रोक्न सक्दछ, नेपालको विकासमा ऐक्यबद्धता बनाइ राख्दछ । विदेशीले यहाँ आएर जे सुकै गरेपनि आफ्नो मुलुकको हित हुने गरी मात्र काम गरेका छन्, चाहे त्यो अनुदान दाता होस् वा कन्सल्टैन्ट होस्, ठेकेदार होस् वा लगानी कर्ता होस् । तर नेपाली सत्ताधारीमा यो ठीक त्यसको उल्टो पाइन्छ । कालापानी विषयमा रोटिबेटीको नाताले सांसद भएका दुईवटी सांसदले २०७७ सालको संसदमा नेपालको राष्ट्रियता खस्काउने काम गरे ।

**यसले नागरिकता दिँदा र विदेशीसँग विवाह गरेका नेपाली चेली र नेपालीसँग विवाह गरेका विदेशी चेलीको**बारे गम्भीर हुनैपर्ने साबित गरेको छ ।

१५. राष्ट्रियता अति संवेदनशील विषय भएकोले यसलाई यसको व्यापकताको धरातलमा बुझ्नुपर्छ । केवल सीमा अतिक्रमणको विरोध वा लम्पसारवाद मात्र राष्ट्रियताको क्षेत्र होइन, यो त संस्कार संस्कृति, उद्योग व्यापार, आदि देखि भावनात्मक विषयसँग पनि सम्बन्धित हुन्छ ।

१६. प्रजातन्त्र र राष्ट्रियता फरक वस्तु हुन् । जुनसुकै राजनीतिक विचार वा वाद अँगाल्नेले पनि आफ्नो मुलुकको राष्ट्रियतालाई एक समान रूपले अँगाल्नु पर्छ । यही कुराको ख्याल नगरिएका कारण बहुदलीय शासनकालमा उक्त सबै कुरामा विदेशी हस्तक्षेप बढी चर्को भएको र त्यसबाट राष्ट्रियताको भाव घटेको छ ।

१७. राष्ट्रियतालाई राजनीतिक दल तथा केही बुद्धिजीवीले जति हलुकोसँग लिएको पाइन्छ त्यत्ति नै आफूखुशी परिभाषित गरेको पनि पाइन्छ । कतिपयले यसलाई नचाहिने विषय वा उग्र राष्ट्रवाद भनेर नकारेका समेत छन् । त्यसकारण पनि यसलाई सरल भषामा स्पष्ट बुझिने गरी परिभाषित गर्नुपर्ने आजको खाँचो भएको छ । यो **राष्ट्रियता बिरूद्धको काम थियो ।**

कसैले राष्ट्रियता भनेको सीमा अतिक्रमण रोक्नु हो भनेका छन् भने कसैले जीवनस्तर बनाए **राष्ट्रियता उठिहाल्दछ भन्दछन्** । कसैकालागि देशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनु नै राष्ट्रवाद हो भने कसैलाई भ्रष्ट्राचार मुक्त देश बनाउनु हो । कसैमा प्रजातान्त्रिक शासन पद्धति भए त्यहाँ स्वतः राष्ट्रियता हुन्छ भन्ने अवधारणा पाइन्छ । आदि आदि । वास्तवमा प्रजातन्त्र र राष्ट्रियताको अन्तर सम्बन्ध छ । यी दुबै हुन् तर एक्लाएक्लै मात्र होइनन् ।

१८. राष्ट्रियताको अभावमा नेपाल सँधै अलमलमा छ । कुकुरले हाड चपाउँदा चपाउँदै आफ्नै मुख कोपेर आफ्नै रगतलाई हाडको स्वाद मानेर नछोडिकन चुसिरहे सरह मानेको पनि पाइन्छ । यसो भए देश पि-क्युब र एम् स्क्वाएर बाट ग्रसित भइनै रहने छ । अर्को शब्दमा पि-क्युब (P3=platefarm, publicity & purse) का लागि एमस्क्वाएर अथवा (M2= Money and mussle) द्वारा दलहरू परिचालित छन्, जुन राष्ट्रकालागि घातक हुन जान्छ । २०३६, २०४६ र २०५३–६३का नेपालका राजनीतिक विद्रोह सबै भारतले नै गराएको हो, तिनले गरेका १२ बुंदे दिल्ली सम्झौतामा ८ प्रमुख दलले दलाली गरेकै हुन् ।

१९. राष्ट्रियता भनेको हस्तक्षेप मुक्त आत्मनिर्भर मुलुक हुनु हो । राष्ट्रियता भनेको राष्ट्रिय पहिचान कायम बनाई राख्नु हो । राष्ट्रियता

बहुआयामिक विषय हो, सर्वाङ्गिण विकास पद्धति हो । बहुदलीय व्यवस्थामा उक्त सबै कुरामा विदेशी हस्तक्षेप बढी भएको, राष्ट्रियता घटेको इतिहास र घटनाले देखाएको छ । त्यसैले एक थरीले नेपालमा बहुदलीय पद्धतिलाई अनुपयुक्त ठानेका छन् । नेपालको राष्ट्रियताको सम्वर्द्धन आजसम्म नेपाली जनता र राजसंस्थाबीचको समन्वयबाट भएको हो ।

२०. राष्ट्रिय एकताको हिजोको धारणामा परिवर्तन आएको छ । अब भाषा, धर्म, स्थानीयता, सबै क्षेत्र र वर्ग सहभागीतामा हुनेगरी नीति र कार्यक्रम बन्नु पर्दछ । भाषण गरेर होइन व्यापक जनमुखी र प्रगतीशील कार्यक्रम बनाएर राष्ट्रियताको कुरा अगाडि आउनु पर्दछ । देशलाई उभो लगाउन राष्ट्रिय एकता हुनु पर्नेमा दलले खास गरेर 'रअ' र इसाईको दलाली गर्ने दलले एकतालाई अनेकतामा विभाजन गरिदिएका छन् । पजेरो सस्कृतिमा मात्र एकता भएको छ, अरू कुनै कुरामा छैन । राज्यको धर्म र भाषा हुनु पर्दछ । सबै भाषा धर्म र संस्कृतिमा सहिष्णुता हुनु पर्दछ तर त्यो घट्दै गएको छ । जाती, भाषा र लिङ्गका क्षेत्रकमा अझै प्रजातन्त्र आएको छैन । संक्रमणकालीन सोच बदलिएको छैन ।

२१. राष्ट्रियता बारे पूर्वीय दर्शन सनातन अर्थात् वैदिक धरातलबाट उठेको छ । वैदिक भन्नुको अर्थ अपौरूषीय भनेर बुझ्नु पर्दछ । अर्को शब्दमा यो विश्वब्रह्माण्डमा त्यो सम हुन्छ, समानरूपले लागू हुन्छ । तर पनि पौरस्थ्य पद्धतिमा राष्ट्रियताको संकुचित अर्थ हुँदैन । जुन थालमा खायो त्यसैमा फोहोर गर्नु हुँदैन भन्ने आधार हो । राष्ट्रियता बारे पूर्वीय दर्शन बुझेपछि यहाँका रेडियो, टिभी, सञ्चार माध्यम बस र टेक्सीमा बजाईने बाजा र धुन विदेशीका होइनन्, नेपालका बज्नुपर्छ, तिनको गुणस्तर यति उचो हुनु पर्दछ कि तिनीहरू फर्केर जाँदा नेपालीत्व गुनगुनाउने हुनुपर्छ । यहाँ आउने पर्यटकले यहाँबाट केही सिकेर बुझेर जाने वातावरण बनाइनु पर्दछ । खाने, लाउने, बस्ने, मिलेर काम गर्ने, वृद्धको सम्मान, संयुक्त परिवार पद्धतिको जयघोष गरेर जाने हुनु पर्दछ । त्यो असली नेपाली राष्ट्रियता हुन्छ । पूर्वीयपन हुन्छ । पर्यटकले यहाँबाट केही सिकेर बुझेर जाने वातावरण बनाइनु पर्दछ ।

२२. राष्ट्रियपन हरेक क्षेत्रमा हुनुपर्छ । सामान्य प्रशासन मन्त्री पण्डितले देखाएको राष्ट्रियपन यस प्रसङ्गको उदाहरण मान्न सकिन्छ । दक्षिण सीमाका नेपाली नागरिकसित मिसाएर नागरिकता दिनु, निकृष्ट तथा सामाजिक भारका रूपमा नागरिकलाई भित्र्याउने काम जसले गरे ती सबैमा अराष्ट्रियपन रहेको मान्नु पर्दछ । कर्मचारीले रित्ता थाल ठटाएर विरोध प्रदर्शन गरिरहे, सांसद आफ्ना सुविधा बढाउन तल्लीन रहे, संस्कृत भाषालाई अनिवार्य रूपमा पठनपाठन नगराउनेमा विद्यार्थी रहे, दलका कार्यकर्ता लाखौंलाई अस्थायी शिक्षक वा संस्थानमा भर्ना गराउने र पजनी प्रथाद्वारा स्थायी गरिने जस्ता कुरा सबै राष्ट्रियताका विरोधी हुन् । हाम्रा कुन-कुन नेतामा राष्ट्रको माया

रह्यो, राष्ट्रप्रति समर्पित भाव रह्यो ? अदालत पनि पाइन्छ ।[२] यी सबै अराष्ट्रियपनका नमुना उदाहरण हुन् ।

२३. राष्ट्रवाद भन्नेबित्तिकै कसका विरूद्ध भन्ने प्रश्न सामुन्ने आउँछ । राष्ट्रवादले पराइ (अदरिङ्), पद्धति (अर्डरिङ्) र सीमा (बोर्डरिङ्) खोज्छ । यी मान्यता विरूद्ध हामीकहाँ जहिले पनि पराइ खोज्नुपर्दा भारत अगाडि आउँछ । उसैबाट घेरएिको, उसैसँग मिल्दोजुल्दो तर नेपालभन्दा ठूलो र शक्तिसम्पन्न भएकाले उसैसँग हाम्रो भिन्नता खोज्नुपर्छ । उसैसँग हाम्रो पद्धतिमा मौलिकता देखाउनुपर्ने हुन्छ । यद्यपि सानो मुलुकको मनोभावना र संवेदनशीलता बुझ्ने प्रयास उसले गर्दैन । संकुचित राष्ट्रवादले थप घात गर्छ । आजको विश्वमा त्यस्तो राष्ट्रवाद बोकेर हिँड्न सकिँदैन, जसले हामीलाई मूर्ख बनाउँछ, अरूको शत्रु बनिन्छ । मण्डले राष्ट्रियतालाई छाड्दै आजको विश्व अन्तर्गतको राष्ट्रवादमा आफूलाई राख्ने अनि त्यहींभित्र श्रेष्ठता र समृद्धि हासिल गर्ने प्रयत्नमा लाग्ने राष्ट्रवादको आवश्यकता छ ।

## अपनत्व बोध

१. सारांसमा राष्ट्रियता भनेको अपनत्व बोध हो । प्रकृति प्रदत्त नदी, वन, पर्वत, चरा, कीरा, रूख, राष्ट्रियताका प्रतीक हुन् । तिनलाई आफ्ना छोराछोरी घर परिवार सरह माया गर्नु र हेरविचार गर्नु राष्ट्रियता हो । मुलुकका मानवीय सभ्यताका वैभव, पुर्खाले बनाएको गौरवशाली संस्कार र संस्कृति राष्ट्रियताका धरोहर हुन् । जडिबुटी, कर्मकाण्ड, धामीझाँक्री, तन्त्रमन्त्र, यन्त्र, मस्ट संस्कृतिको ज्ञान र विज्ञानमय खोज गर्नु, अपनत्व (ट्रेडमार्क)बोध गर्नु राष्ट्रवाद हो । जीवनपद्धति, रहनसहन, संस्कृतिसभ्यता बचाउन नसकेको समाज असभ्य मानिसको भीड मात्र हुन्छ ।

२. दौरा सुरूवाल टोपी धोती, लेहङ्गा, चोलो, खादी कछाड, सारी मौलिक लगाइ खवाई राष्ट्रियताका धरोहर हुन्, अपनत्वबोधगर्ने विषयका गौरव गाथा हुन् । वसन्त श्रवण, गाईपूजा विज्ञानसंगत संस्कृति हुन्, मजाकका विषय होइनन् ।

विविध जातजातीका संस्कार, चाडवाड, तिनका सभ्यता, जातीय संस्कार मुलुककै संस्कार हुन् । आ–आफ्नो जातजाती, संस्कार संस्कृतिलाई माया गर्ने कुरा नै 'एथ्नोसिटी' हो । त्यही देशभक्ति हो ।

लोकतन्त्र, लोकसंस्कृति, लोक मान्यता र तिनैबाट उठेका मान्यता र संस्कृति राष्ट्रियताका धरोहर हुन् । प्राचीन संस्कारले आत्मसन्तुष्टि दिन्छ । यसले राष्ट्रियता जोगाउँछ ।

---

२. कान्तिपुरः चैत्र २५, २०५७ ।

नयाँ वर्ष मनाउनु अपनत्व हो । आफ्नो छाडेर ग्रेगरियन पात्रोको पछिलाग्नु, त्यो मनाउनु विदेशीको दलाली गर्नु हो । हाम्रो र अरूको फरक नबुझ्नु हो । नक्कल गरेर नबुझी अनुकरण गर्नु, अराष्ट्रीय भावना हो ।

३. स्वयम्भू, पद्मसम्भव, अन्नपूर्ण, सगरमाथा, धवलागिरि, अष्टावक्र, जानकी, याज्ञबल्क, वेदव्यास, बाल्मिकि, गौतमबुद्ध, च्येवन, पृथ्वीनारायण, बहादुर शाह आदि आदि हाम्रा हुन् । यस्ता राष्ट्रनिर्माताका सालिक ढाल्नेहरू दलाल र अराष्ट्रिय हुन्, राष्ट्रियताको हत्यारा हुन् । यो गहनता नबुझ्ने राजनीतिज्ञ हुँदैन, क्षणिक मोजमा रमाउने लुटेरा विदेशी सरह हुन्छ ।

४. सिद्धान्ततः एकदलीय सर्वहाराको अधिनायकत्व हुने साम्यवादी र उपभोक्तावादी पूँजिपतिको दलीय पद्धति दुबै आयातित हुन् । यी दुबै नास्तिकवादी तथा विदेशीनिर्भर सोच भएका मानिस हुन् । यी दुबैले आफू र आफ्ना दलका मानिसलाई पोस्ने, पकेट भर्ने, राष्ट्रलाई लुट्ने र लुटेको धनले मत किनेर चुनाव जित्ने, फेरि सत्तामा बस्ने र फेरि लुट्ने ध्येय राख्छन् । यस्तो सोचले नै राष्ट्रियता खस्किएको हो । तिनको भक्तिभाव बेलायत, अमेरिका, रूस, चीन वा बेलयतको एजेन्ट भारतमा कायम छ । यिनले वैदिक शासन पद्धति, धर्म राज्य, वैदिक समाजवाद, पूर्ण आस्तिकता र धर्मको तत्त्व बोध गर्दैनन् । आफ्नो सत्यलाई स्वीकार्दैनन्, नारीमा आत्मा हुँदैन भन्ने प्लेटो, कार्ल मार्क्स, लेनिन आदिलाई गुरू मान्दछन् । यो सोच भनेको आफूले नदेखेका बाबु बाजे थिएनन् भन्नु जस्तै हो । अज्ञानता मात्र हो, इतिहास नबुझ्नु हो । छोटो दृष्टि हुनु हो ।

५. राजनीति विलय हुन सक्छ, तर राष्ट्रियता कहिल्यै हुँदैन । ढाँका टोपी, भक्तपुरे टोपी, सुजिकारले सिएको टोपी, भोटो टोपी सबै राष्ट्रियताका आधार हुन् । नेपालका राष्ट्रियताका अभिलेख विश्वकै भन्दा धेरै फरक छन् । आज पनि राष्ट्रियता मासेर दल जोगाउनुको कुनै अर्थ छैन । मौलिकताको पहिचान क्षमता राष्ट्रियता हो भने बाहिरीमा गलत मोह हुनु अराष्ट्रियता हो । नक्कली हो । नक्कली धेरै दिन टिक्दैन ।

६. रजौटा, राष्ट्र, महाराष्ट्र तथा राजा, महाराजा, बडामहाराजा स्वरूपको विकेन्द्रित पद्धति हाम्रो हो । प्रजातन्त्र र विचार स्वतन्त्रता हाम्रो हो । बहुराष्ट्रिय राष्ट्रवादले प्रजातन्त्र जोगिन सक्तैन । त्यो शोषणको माध्यम हो । पछिल्लो झ्यालबाट छिराइएको राष्ट्रवादले राष्ट्रियता फितलो भएको हो । त्यसैबाट अपव्याख्या गर्ने र झुक्याउने राजनीतिको सुरू भएको हो । त्यो बाह्य निर्देशित हो, छ ।

७. स्वधर्म, स्वसंस्कृतिका र ज्ञान, विज्ञान र सत्यकाा आधारमा निर्मित पद्धति मात्र राष्ट्रियता हुन्छ । झण्डा फेर्ने, मन्दिर भत्काउने, संस्कृति भाषाको

पुस्तकालय डढाउने, टुपी काट्ने, गाई काट्ने र खाने, भैंसीको पूजा गर्ने, जुत्ता लगाएर पिताको र जुत्ता खोलेर छोराको दाहसंस्कार गर्ने राष्ट्रियता विरोधी कृत्य हुन् । पशुपती लगायतको अयोग्य पूजारी फेर्ने काम राष्ट्रियता हुन सक्तैनन् । बाल अधिकारको कुरा लिएर वा मानव अधिकारको कुरा लिएर कुमारी प्रथा हटाउने काम अराष्ट्रियता हो । राष्ट्रियता आचार धर्म संस्कृतिमा जोडिएको हुन्छ । भौतिक जीवनसँग ढुकढुकी गाँसिन्छ । त्यो संस्कार पुर्खासँग गाँसिएको हुन्छ । पुर्खासँग जुन खुबी थियो त्यो आजकामा छैन । आज भएका सबै धरोहर पुर्खाले जोगाए, सृजना गरे तर आजकाले विनाश मात्र गरेका छन् । तथाकथित नेताको ज्ञानमा बिर्को लागेको छ । चीनले पछुताउ गरेको छ, मौलिक परिवेशतिर फर्केको छ । संस्कार र संस्कृति नै नभएको नयाँ विश्वको अमेरिकाको राष्ट्रपति ट्रम्फले पनि भएको राष्ट्रियता जोगाउँदै छ । विश्व साम्राज्यबाट नेपालले जोगाएको धरोहर जोगाउनुको सट्टा तिनलाई ध्वस्त बनाउने काम गरियो । लाखौं वर्षदेखि संरक्षित वैदिक सभ्यतालाई विगत २०।३० वर्षमा ध्वस्त बनाइयो । यो भौतिक उपभोक्तावादी अराष्ट्रिय सोच हो । त्यस सोचको विज्ञानसंगत रूपमा अन्त्य नगरी राष्ट्रियता पुनर्स्थापित हुन सक्तैन ।

## पूर्वीय र पाश्चात्य राष्ट्रवादमा अन्तर

**१. पूर्वीय राष्ट्रियताको** परिभाषामा श्रीरामले अवलम्बन गरेको चाहिं सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । *जननि जन्मभूमिश्च स्वर्गादिपि गरियसी* त्यसको मूल सूत्र हो । उनले आफ्नो मुलुक बाहिर जहाँ बसेपनि प्रतिदिन आफ्नो मुलुकलाई सम्झन्थे, ढोग्दथे र पूजा गर्दथे । ठूला मानिसले जे आचरण गर्दछ त्यो सबैले अनुशरण गर्दछन् भनेर उनी आफ्नो आचरणमा सदा सावधान थिए । बोलीमा, लगाइमा, खवाइमा, न्याय सम्पादनमा, सुशानका कुरामा, आदि आदि सबैमा । सत्तामा बस्ने राजाको निजित्व हुँदैन; निजि सम्पत्ति हुँदैन, निजी समय हुँदैन, निजी परिवारत्व हुँदैन, अपनत्व हुँदैन भनेर सिद्धान्त/विचार सार्वजनिक गर्दथे । राजा होस् वा जन निर्वाचित जो सुकै सत्ताधारी शासक होस्, उसले निस्काम भावले राष्ट्र र राष्ट्रवासीको हितमा काम गर्नै पर्दछ । ऊ विशुद्ध योगी हुनुपर्छ । श्री रामचन्दको राष्ट्रवादको आदर्श आज पनि हाम्रो संस्कारमा कायम छ । 'यथा राजा तथा प्रजा' यो रामराज्यको शासन प्रणालीको एक सूत्र हो । राष्ट्र हाँक्ने नाइके असल चरित्रको नभईकन राष्ट्रका कुनै पनि व्यक्तिको चरित्र राम्रो हुँदैन । फलतः रामराज्यमा कोही पनि प्रजा मिथ्यावादी थिएनन । कुव्यसनी, दुष्ट र लम्पट पनि थिएनन । सबै आदर्श थिए । सबैमा नीतिशास्त्रको ज्ञान थियो । सबै चेतनशील थिए । उनीहरूमा राज्यको अहित हुने कुरालाई गोप्य राख्न सक्ने चेतना थियो । राजनीति व्यापार होइन, राजनीति नाफा–नोक्सानको खेल होइन, राजनीतिमा सर्त तेर्सिंदैनन् । राजनीति निष्काम भावले

गरिने सेवा हो । त्यसका लागि भावना पवित्र हुनु पर्दछ भन्ने उनको सोच नै राजधर्म हो । त्यही राजनीतिक आदर्श नै राष्ट्रवादको आदर्शता हो ।

वास्तवमा सत्ताधारी व्यक्ति विषयविज्ञ हुनुपर्छ, योग्यतम हुनुपर्छ । शिक्षा पद्धतिमा राष्ट्रियता जगाउने नभैकन उसको व्यवहार र कर्म राष्ट्रवादी हुँदैन । यो नभैकन मुलुकले सबै पक्षको विकास गर्न सक्तैन । राष्ट्रियता भावनाले ओतप्रोत नभइकन मुलुकमा केही पनि हुन सक्दैन । अरूकोभन्दा आफ्नो महान् हो भन्ने भावना नबढीकन राष्ट्रियता बढ्न सक्दैन । आयातित मात्र हावी भएको शिक्षा र प्रशिक्षण पद्धतिले पाश्चात्यका सबै कुरा महान् हुन् भन्ने नेपाली मनस्थितिमा रहेको मेकाउलियन प्रवृत्ति यतिखेर सशक्त छ । त्यसलाई जरैदेखि निर्मूल पार्नु पर्दछ । आज नेपालबाट दुई तिहाई, लगभग ६६ हजार युवा विदेशिनु, अङ्ग्रेजीलाई अनिवार्य गरेर संस्कृत पाठ्यांशलाई हटाइनु पश्चिमाको गलत प्रभावको उपज हो ।

२. राष्ट्रियता बारे पूर्वीय दर्शन सनातन अर्थात् वैदिक धरातलबाट उठेको हुन्छ । वैदिक भन्नुको अर्थ अपौरूषीय भनेर बुझ्नु पर्दछ । अर्को शब्दमा यो विश्वब्रह्माण्डमा सम हुन्छ, समानरूपले लागू हुन्छ । पौरस्थ्य पद्धतिमा राष्ट्रियताको अर्थ संकुचित हुँदैन । त्यसमा प्राणीमात्रको कल्याणको कुरा हुन्छ । *तमसोमा ज्योतिर्गमय, असतोमा सत् गमय, विद्यामै छ महाशक्ति कर्ममै छ सुपुजन* भन्ने हुन्छ । त्यसैले लोकतन्त्र नभनेर प्रजातन्त्र भनिएको हो । प्रकृतिमा भएका सबै प्राणी र प्राकृतिक वस्तु समेतले पनि न्याय पाउनु पर्दछ, हक पाउनु पर्दछ भन्ने भावना हुन्छ ।

मातृदेवोभव, पितृदेवो भव, गुरूदेवोभव, अतिथि देवोभव, वसुधैवम् कुटुम्बकम्, सर्वेभवन्तु सुखिनम् । महाजनोएन गता सपन्था । जननि जन्मभूमिश्च स्वर्गादपि गरियसी, आदिआदि पूर्वीय राष्ट्रप्रेमका सूत्र हुन् । यसरी पूर्वीय राष्ट्रप्रेम घरबाट समाजमा, समाजबाट राष्ट्रमा र राष्ट्रबाट विश्वभरि फैलिने हुन्छ । हाम्रा महर्षिहरूले राष्ट्रियतालाई जोगाई राख्न ठूला मानिसमा संयम, विवेक, सत्य न्यायको बाटोमा रहि रहन डोऱ्याई रहन्छन् ।

विश्वमा बसेका सबै जनताले सबै जनतामा प्रेमभाव र सहयोग सहानुभूतिको भाव राख्ने बनाउने संस्कार मान्यता, चाडबाड र तदनुरूपको शासन व्यवस्था नै ज्यूदा जाग्ता उदाहरण हुन् । त्यहि नै राष्ट्रियताको आधार हो । आफू बसेको मुलुक र समाजलाई माया गर्नु राष्ट्रियता हो । आफ्नो समाज र तिनको संस्कारलाई गौरव भावना राख्नु राष्ट्रियता हो । यो कुरालाई मनन् गरेर राजनीतिक पद्धति र शासन व्यवस्था कायम गराउनु राष्ट्रियता हो । सुशासन, पद्धतिले चल्ने शासन, राष्ट्रिय मूलनीति भएको शासन, भ्रष्ट्राचार शुन्य शासन, एक एक जनताको नागरिक हकको संरक्षण गर्ने र ती सबैलाई

आफ्नै परिवारको सदस्य बनाउने शासन नै राष्ट्रियता भएको शासन पद्धति हो ।

३. आज पश्चिमी प्रभावका कारण 'विद्यामै छ महाशक्ति कर्ममै छ सुपुजन' भन्ने पौरस्थ्य मान्यता घट्दो छ । आज नेपालमा विद्या छैन, शिक्षा छैन, जे छ त्यो ज्ञानहिन छ, चेतना हिन छ, केवल नैतिक अनैतिक, राष्ट्रघात गरेर पनि पैसा कमाउने आधार मात्र बनेको छ । राष्ट्रिय एकताको हिजोको धारणामा परिवर्तन आएको छ । अब भाषा, धर्म, स्थानीयता, सबै क्षेत्र र वर्ग सहभागीतामा हुनेगरी राष्ट्रिय नीति र कार्यक्रम बन्नु पर्दछ । भाषण गरेर होइन व्यापक जनमुखी र प्रगतीशील कार्यक्रम आउनु पर्दछ । देशलाई उभो लगाउन राष्ट्रिय एकता हुनु पर्नेमा अहिले अनेकता भएको छ । पजेरो संस्कृतिमा मात्र एकता भएको छ, नेपाललाई बाँडीचुडि खानेमा मात्र एकता भएको छ, यो एकता राष्ट्रवादकालागि घातक हो । राज्यको धर्म र भाषा हुनु पर्दछ । सबै भाषा धर्म, संस्कार र संस्कृतिमा सहिष्णुता हुनु पर्दछ । तर त्यो घट्दै गएको छ । जाती, भाषा र लिङ्गका क्षेत्रमा आपसी द्वन्द्व भड्किने काम भएको छ, अँझै प्रजातन्त्र आएकै छैन ।

## पाश्चात्य राष्ट्रवाद

१. पश्चिमी मुलुकको दर्शन पूँजिवादी हो, उपभोक्तावादी हो । जसरी पनि पूँजि आर्जन गर्ने यो दर्शनकालागि उनीहरूले विश्वभर शोषण गर्ने, उपनिवेशिक शासन गर्ने, मिसावटी नक्कली सामान बेच्ने धेरे प्रतिशत नाफा खाने, एउटा व्यक्तिले जति पनि सम्पत्ति थुपार्न पाउने हुन्छ । त्यसैले उनीहरूले नैतिकता, मानवत्व, प्रेमभावलाई ख्याल वास्ता गर्दैनन् । यसले गर्दा उसमा क्रुरता, अनैतिकता, असामाजिकता बढी हुन्छ । आजभोलि पश्चिमी प्रभाव चर्को छ । अन्तरर्राष्ट्रिय समाज आदर्श राष्ट्रवादको विरूद्धमा खडा छ ।

राष्ट्रियता भावनाले ओतप्रोत नभइकन केही पनि हुन सक्दैन । अरूकोभन्दा आफ्नो महान् हो भन्ने भावना नबढीकन राष्ट्रियता बढ्न सक्दैन । आयातित मात्र हाबी भएको प्रशिक्षण पद्धतिले पाश्चात्यका सबै कुरा महान् हुन् भन्ने नेपाली मनस्थितिमा रहेको मेकाउलियन प्रवृत्ति यतिखेर सशक्त छ ।

२. अन्तरर्राष्ट्रिय समाज राष्ट्रवाद विरूद्ध खडा छ, खास गरेर विकासोन्मुख मुलुकमा । उनीहरूकालगि क्षेत्रिय स्वायत्तता, जातिय स्वायत्तता, भाषिक स्वायत्तता र त्यसलाई आत्म निर्णयको अधिकार भनिने कुरो चर्काइएको छ । त्यसलाई उग्रवाद मानिदैन । त्यस्ता कुरामा उनीहरूले उक्साइ रहन्छन्, उक्साउनै लगानी पनि गर्दछन् । त्यतिमात्र होइन उनीहरूले जातजाति, भाषाभाषी, धर्मधर्मबीच प्रतिशोध र इर्ष्याले ग्रसित मानसिकता समेत निर्माण गरिदिन्छन् । तिनका पछि लाग्ने मानसिक दुर्बल भएकाहरू अङ्गुर टिपेर खान नसकेपछि खानेको

विरोध गर्दछन्, इर्ष्या गर्दछन् । यसले समाजलाई स्वतः द्वन्द्व र विखण्डनतिर लगिरहेको छ । देश सधैं विपन्न र गरीब रहिरहने खालको राजनीति संयन्त्र बनाई रहेका छन् । किनकी यसबाट मुलुक गरीब भईरहन्छ, गरीबलाई धनबलले जहिले पनि भनेजस्तो गरी लदाई राख्न सकिन्छ । यो पश्चिमी राजनीति आफैमा षड्यन्त्रकारी छ । नेपाली राष्ट्रियतालाई कमजोर बनाउने खाले छ । यो राजनीतिक दाउपेचभित्रको उग्रपन हो । यसको व्यवहारिक प्रयोग पछि प्रयोगकर्तालि पछुताउनै पर्दछ । किनभने राष्ट्रियताले दलगत स्वार्थबाट माथि उठेर भावनात्मक एकताद्वारा नागरिक अधिकारकोलागि जाने बाटो खोज्दछ । त्यो नै आत्मनिर्णय हुन्छ । एउटालाई कुण्ठामा राखेर अर्कोलाई उपभोग गर्ने चाहि राष्ट्रवाद होइन, राष्ट्रघात हो । उग्रराष्ट्रवादी नाराले नागरिक अधिकार स्थापित हुन सक्दैन । अमेरिकी रेड इण्डियन र अष्ट्रेलियन 'एवोरिजन्स'लाई उनीहरूको जातीय उत्थानमा दिइदै आएको केन्द्रीय सहयोग अत्यन्त ठूलो छ, तर उनीहरू निकै पछि छन् । किनकि तिनीहरू सहभागी मूलक स्वयोजना निर्माण गर्नेगर्दैनन्, गर्न दिइदैन र गर्ने क्षमता पनि राख्दैनन् । रबर्ट चेम्बरको पछिल्लालाई अगाडि राख्ने नीतिले हुने भए ती दुई समुह सधै पछिपरेका अवस्थामा रहिरहने थिएनन्, जुन गलत नीति नेपालमा पश्चिमाले लदाई दिए । आजको राजनीति, अर्थनीति, समाजनीति उनीहरूले नै लदाई राखेका छन् ।

३. भारतको अप्रजातान्त्रिक र कट्टरपनको उग्रराष्ट्रवादी व्यवहारले कास्मिरीहरूको जीवन भारत स्वतन्त्र भएदेखि निरन्तर कष्टकर हुँदै गएको छ । भारतको उग्रराष्ट्रवादीपनको जञ्जालले कास्मिरीहरू आत्मनिर्णय र आत्मउन्नति गर्ने कुराम कुण्ठित भएका छन् । त्यहाँ संयुक्त राष्ट्रसंघ समेत निरिह भएको छ । भारत २०४७ सालमा स्वतन्त्र भएपनि अँझै मानसिक रूपमा पश्चिमी प्रभावमा काम गरिरहेको छ । त्यसबेला प्रभावमुक्त नेपाल आज भारतले पश्चिमाको पवृत्ति नेपालमाथि पनि लदाई रहेको छ ।

४. राष्ट्रवाद कुण्ठित हुँदा स्वतः साम्राज्यवाद, उपनिवेशसवाद, विस्तारवादको हात लामो हुँदै जान्छ । भियतनाम, कम्वोडिया, उत्तरकोरिया, भूटान, कुवेत, सिक्किम, इराक, अफ्गानिस्तान, इरान र केही अफ्रिकी मुलुक भित्रको चर्को र ती बाहेक देशको अलि कम अशान्ति अनि विविध खाले युद्ध राष्ट्रवादको अभावको उपज हो । यसमा पश्चिमाकै हात छ । प्रजातन्त्र मान्ने शक्तिले अबको युगमा दलबाट वा प्रतिनिधिबाट हुने वा बन्ने शक्तिलाई राष्ट्रिय शक्ति मान्नु गलत भैसकेको छ, पुरानो भैसकेको छ । आयातित र निर्देशित भैसकेको छ । अबको अवस्था सहभागी मूलक मात्र हो, सर्वसम्मति हो, सर्वसम्मत हुन नसकेका विषयमा जनमतसंग्रहबाट निर्णय हुनु निर्विकल्प र प्रजातान्त्रिक हुन्छ । त्यही नै सहभागिमुलक, समावेशी प्रजातन्त्र हो, त्यो नै स्वतन्त्र मुलुकको आत्मनिर्णयको हक हुन्छ, तर आजको त लदाइएको हो ।

५. दुर्भाग्याको कुरा, बहुदलीय व्यवस्थामा विदेशी हस्तक्षेप व्यापक बढेको छ, राष्ट्रियताप्रतिको चिन्तन घटेको छ, इतिहास र घटनाले देखाएको छ । पौरस्थ्य संस्कार बोकेको संस्थाले मात्र आजसम्म नेपालको राष्ट्रियताको संवर्द्धन भएको तथ्यले प्रमाणित गरिसकेको छ । नेपालको विगत ७ दशकलाई केलाउँदा यो स्वतः स्पष्ट हुन्छ ।

६. उक्त प्रसङ्गमा पूर्व र पश्चिमको राष्ट्रियताको मूल अन्तर के हो भने पूर्वले एकतामा अनेकाता बनाई राख्न कोसि गर्दछ भने पश्चिमले विभाजन गर र शासन गर अथवा टुक्र्याउने नीति लिन्छन् । नेपालमा सन् १९९० पछि संघात्मकता, जातियता, आरक्षण, दलित, नारी, दुर्गम, पहाड मधेस बीच विभेद गर्ने राजनीतिको व्यवस्था गरेर पश्चिमी प्रभाव बढाएर कमजोर बनाउनु नै हो ।

७. पश्चिमा विद्वानहरूले राज्य (स्टेट) र राष्ट्र (नेसन)बीच अन्तर देखाएका छन् । पश्चिमा राज्य र राष्ट्रहरूको विकासक्रमका आधारमा स्थापित ती सिद्धान्तलाई यहाँको सन्दर्भमा हुबहु व्याख्या गर्ने परीपाटी राष्ट्रवाद हुन सक्दैन । बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो । स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, समावेशी, समाजवादउन्मुख, बहुराष्ट्रियलाई संक्षिप्तमा नेपाल भनिनु पर्छ ।

८. अमेरिका र युरोपियन मुलुकको उग्रपूँजिपति राष्ट्रवादका कारण मध्यपूर्वका सबैजसो मुलुक, अफ्गानिस्तान, लिब्या लगायतका मुलुकमा बलको राजनीति गराएर पूर्व र पश्चिममा तनाव बढ्ने उग्रभौतिकवादी राष्ट्रवादको प्रदर्शन गरेका कारण विश्वनै अशान्त भएको छ । भारत र पाकिस्तान पनि पश्चिमी राष्ट्रवादका प्रभावमा आएर अप्रजातान्त्रिक र कट्टरपनको उग्र राष्ट्रवादी व्यवहार गरेका छन् । उदाहरणकालगि आसामी र कास्मिरी समस्यालाई लिन सकिन्छ । कास्मिरीहरूको जीवन भारत–पाक स्वतन्त्र भएदेखि निरन्तर कष्टकर हुँदै गएको छ । यिनको उग्रराष्ट्रवादीपनको जञ्जालले कास्मिरीहरू आत्मनिर्णय र आत्मउन्नति गर्ने कुरामा कुण्ठित भएका छन् । त्यहाँ संयुक्त राष्ट्रसंघ समेत निरिह भएको छ । पौरस्थ्य दर्शनमा राष्ट्रका असली मालिक जनता हुन्छन्, जनताले जे चाहन्छन् त्यही मान्नु पर्दछ । यो भावना पश्चिमी दर्शनमा कमै पाइन्छ ।

९. कुनै बेला भौतिक शक्ति र दमनका आधारमा अर्को मुलुकमा प्रभुत्व स्थापना, साम्राज्य कायम गरिन्थ्यो । त्यस्ता साम्राज्य र प्रभुत्वविरूद्ध पनि भौतिक रूपमै प्रतिवाद गर्ने क्रम चल्यो । अहिले यी दुबै सम्भावना र

आवश्यकता लगभग समाप्त भइसकेका छन् । अहिले राष्ट्रका भौगोलिक सीमा र राष्ट्रवादका साँघुरा अवधारणाभन्दा माथि उठेर अन्तरराष्ट्रियतावादको नयाँ अभ्यासको क्रम चलेको छ । युरोपमा २७ वटा स्वतन्त्र देशले युरोपियन युनियनका नाममा आर्थिक र राजनीतिक सहकार्य गरेका छन् । साझा मुद्दा चलाएका छन् । दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संघ (आसियान), दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) जस्ता संगठनका अवधारणा पनि राष्ट्रको संकुचित सीमाभन्दा माथि छन् ।

## राष्ट्रियता सर्वोपरि साध्य

१. राष्ट्रको सर्वोपरि साध्य राष्ट्रियता हो । राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौसत्तालाई अक्षुण्ण राखेर मात्र मुलुकको सर्वाङ्गीण उन्नति गर्न सकिन्छ । राष्ट्रियता हाम्रो साध्य हो भने प्रजातन्त्र राष्ट्रियतालाई सबल बनाउने साधन हो । साधनलाई सही परिचालन गरेर समुन्नत राष्ट्र बनाउन पूर्ण शान्ति र एकताको खाँचो पर्दछ । एकताको सूत्रमा आवद्ध गरेर मात्र राष्ट्रियताको सम्वर्द्धन गर्न सकिन्छ । जनताको विचारको सर्वोच्चता प्रजातन्त्रको लक्ष्य हुनु पर्दछ भन्ने साझा दृढता राखी राष्ट्रियतालाई सबल र सुदृढ पार्न सबै राजनीतिक दल मिलेर यस विषयको दिगो नीति निर्माण गर्नुपर्छ ।

नेपालका सबै दल, विदेशीको निर्देशनमा चल्ने समेतले आफूलाई राष्ट्रवादी भन्न थालेपछि अब यसको परिभाषा प्रष्ट पार्नु आवश्यक भएको छ । राष्ट्रवाद भनेको भूक्षेत्रको कुरा मात्र होइन, सार्वभौम राज्यका सबै पक्षमा समान रूपले रहेको हुन्छ ।

२. राष्ट्रियता भनेको राष्ट्रिय एकता हो । सबैको बरोबरी हित हुने काम भए मात्र राष्ट्रिय एकता हुन्छ । दिगो रहन सक्ने राष्ट्रिय मूल नीति भए मात्र एकता रहिरहन्छ । राष्ट्रियता भएको देशमा भ्रष्ट्राचार हुँदैन । पक्षपात हुँदेन । निहित स्वार्थ हुँदैन । विभेद हुँदैन । अनि विश्वका सबै मुलुक मित्र देश हुन्छन् । कोही वैरी हुँदैनन् । नेपालले यही नीति अनुसार वैदिक धर्मराज्य कायम राख्दै आएको हुनाले विश्वभर सूर्य अस्त नहुने साम्राज्य बन्दा पनि नेपाललाई हल्लाउन सकेन, नेपाल सृष्टिदेखि आजसम्म स्वतन्त्र र सार्वभौम रहिरहेको हो तर दललाई उक्साएर विगत तीन दशकदेखि यसको स्वाभिमान खतम गरिँदै छ ।

साना र स्वतन्त्र देशलाई कसरी एकताबद्ध भएर तथा हस्तक्षेप मुक्त भएर बाँच्ने भन्ने कुरामा नेपाल उदाहरण बन्न सक्छ । सहकार्य गर्न सक्छ । परस्पर विरोधी शक्तिहरूको विश्वास लिएर मुलुकलाई संघर्ष र द्वन्द्वबाट बचाउन सक्छ । स्वतन्त्र अस्तित्त्व कायम राख्न सकिन्छ; तीव्र गतिमा देशलाई प्रगति पथमा लैजान सकिन्छ । त्यसकालगि राष्ट्रियताका धेरै आयाम हुन्छन्, केही नमुना यहाँ प्रस्तुत गरिन्छ ।

***राजनीतिक :*** नेपाली राजनीति परिचालकले विदेशी दल, संस्था, व्यक्ति वा राज्यबाट कुनै आर्थिक सहयोग नलिने, बाह्य देशका निर्देशनमा काम नगर्ने, राष्ट्रिय मूलनीति अनुसार समदूरीका आधारमा मैत्री, सद्‌भाव र भ्रातृत्व कायम राख्ने हुनु पर्दछ ।

सबैले सबैको विचारको कदर गर्ने, सबैले आ-आफ्ना स्वार्थ र अहम्‌लाई परित्याग गरेर राष्ट्रिय मूलनीतिमा प्रतिबद्ध भए मात्र एकले अर्कोलाई गर्ने शंका र अविश्वासको भावना हट्छ, राष्ट्रियता बलियो हुन्छ ।

***आर्थिक*** : राष्ट्रको खाँचो अनुकुल वैदिक समाजवादमा आधारित मिश्रित, गतिशील र उदार अर्थतन्त्रले मात्र मुलुक आत्मनिर्भर बन्छ । प्राकृतिक स्रोत र साधन आफैले परिचालन गर्छ, सर्वाङ्गिण समुन्नत बनाउँछ । विदेशीलाई बेच्ने, विदेशी भित्र्याउने राष्ट्रवाद हुँदैन । २००७ सालपछि परनिर्भर बनाउने सबै कार्य राष्ट्रवादी होइनन् । आज खरबौं रूपैयाँको विद्यूत र जल निर्यात गरिसकेको हुनुपर्ने अवस्थामा आफ्नो देश नै अँध्यारोमा रहेको छ, असिक्षित छ । खरबौं रकमको इन्धन आयात गरिएको छ । इन्धन आयात पनि भ्रष्ट्राचारको माध्यम भएको छ । विद्युत र जलको व्यवस्था अमानतबाट नेपाली पूँजिबाटै गर्न सम्भव छ । बिजुलीलाई आधा सस्तो र पानीलाई निःशुल्क गर्न सकिन्छ । ग्यासको आयात शतप्रतिशत, डिजेलको ६० प्रतिशत र पेट्रोलको ४० प्रतिशत घटाउन सकिन्छ । त्यो पनि जल र जलउर्जाबाट आर्जन गर्न सकिन्छ । यसरी आधारभूत सबै आवश्यक वस्तुमा आत्मनिर्भर हुन सकिन्छ । प्रत्येक वर्ष आयात घटाउँदै लैजाने दिगो नीति र योजनाबाट *आर्थिक राष्ट्रवादबाट* देशको स्तर बढाउनु पर्दछ ।

राष्ट्रिय श्रोतबाट उत्पादन हुने जल विद्युत उर्जालाई आजको लागतको आधामा झार्न सम्भव छ । पानी र बिजुली विश्वमै सस्तो पार्न सम्भव छ । अमानतमै उत्पादन सम्भव छ । ४२ हजार मेघावाटसम्म नेपालमै खपत गर्न सकिन्छ । इन्धन आयातलाई बिजुलीले पुनर्स्थापन गर्छ । डिजेल आयात ट्रली, रेल र रोपवेबाट विस्थापन हुन्छ । उपभोग्य, निर्यातयोग्य वस्तु तथा यातायात क्षेत्रलाई सस्तो र सुलभ बनाउन सकिन्छ ।

हिमाली राष्ट्रिय निकुञ्जको व्यवस्थाबाट पर्यटन र जडिबुटीको अद्वितीय विकास गरी बेरोजगार पूर्ण उन्मुलन सम्भव छ । आम जनताको जीवनस्तर विश्वस्तरमा उठाउन सम्भव छ । उत्पादन सस्तो र प्रतिस्पर्धी हुन्छ । अन्तःशुल्क वा भ्याटलाई भन्दा आयकरलाई राजस्वको लक्ष बनाउनुपर्छ, पारदर्शी बनाउनुपर्छ ।

***सामाजिक*** : इतिहास, भूगोल र संस्कृतिसँग मिल्ने विज्ञानमा आधारित पूर्वीय सभ्यताको धरातलबाट सामाजिक विकास गर्ने, वर्ग समन्वयका

आधारमा सामाजिक सुरक्षा गर्ने तथा शान्ति क्षेत्रका आधारमा राष्ट्रिय सुरक्षा र विकास गर्ने काम सामाजिक राष्ट्रवाद हो । यसमा व्यवस्थित बस्ती मोडेलमा आधारित शतप्रतिशत नागरिकलाई समान स्तरको तथा प्रयोगमा आउने शिक्षा प्रदान गरी शतप्रतिशत नागरिकलाई पूर्ण रोजगार दिइन्छ । शिक्षालाई रोजगारमुलक एकै पद्धतिमा आधारित बनाइन्छ । आरक्षणबाट होइन प्रतिस्पर्धात्मकबाट मुलुक माथि उठ्छ । व्यवहारात्मक प्रजातान्त्रिक मुलुक बन्छ । 'पुटिङ दी लाष्ट फ्रस्ट' होइन, 'पुटिङ दि एक्सलेन्ट फ्रस्ट' भएको मुलुक बनाउनु पर्दछ । त्यही विश्वको उत्कृष्ट समाज पनि हुन्छ ।

***सांस्कृतिक :*** नेपालको वास्तुकला, नेपाली आवास, चाडवाड, रहसहन, पुरातात्विक महत्त्वका वस्तु र सम्पदाहरू, लोकगीत, लोकनाच, गरगहना, खानेबस्ने तौरतरिका, भेषभूषा, भाषा र संस्कारको मौलिकता जोगाइ त्यसको दिगो विकास गर्नुनै संस्कृति, राष्ट्रवाद हो । यसबाट मात्र दिगो, एकाधिकार भएको र बाह्रमासे पर्यटन उद्योगको विकास गर्न सकिन्छ । यस कुरामा उदासिन आयातित वस्तुमा विश्वास गर्न राष्ट्रवादी हुन सक्तैन । आजैबाट दीर्घकालिन यो नीति नलिने हो भने केही वर्षमा नेपाल कंक्रिटको मुलुक हुन्छ र पर्यटन उद्योग धरासयी हुन्छ ।

***अपनत्व बोध :*** अपनत्व बोध नगरिकन राष्ट्रवाद जगेर्ना गर्न सकिँदैन । पौरस्थ्य संस्कार र सभ्यताको जगेर्ना गर्नु राष्ट्रियता बनाई राख्नु हो । पौरस्थ्य सनातन वैदिक संस्कार, पौरस्थ्य शासन पद्धति, संस्कार र संस्कृतिको धरोहर हो, अनेकतामा एकता नमुना हो, पौरस्थ्य विशेषता नै नेपालीत्व हुन् । यो जनजीविकासँग गाँसिएका विकास कार्यमा अत्यन्त उदार र गतिशील बनाएर भौतिक विकासमा छलाङ मार्ने बनाउन परिलक्षित राष्ट्रवाद हो ।

द्वन्द्वले सामाजिक अस्तव्यस्तता बढ्ने, आर्थिक स्थिति कमजोर हुँदै जाने, देश गृहयुद्धको चपेटामा पर्ने, विकास संरचना ध्वस्त हुँदै जाने, समाजमा भय र त्रास बढ्दै जाने र जन मनोबल गिर्दै जाने हुँदा उत्पादकत्व घट्दै जान्छ । दलहरूले विगतमा गरेका जनयुद्ध अस्वाभाविक दुर्भाग्य हुन्, राष्ट्रियता कमजोर पार्ने तत्त्व हुन् । अब पनि फड्को मार्ने गरी राष्ट्रवादी विकास नीति नलिने हो भने देश कङ्गाल रहिरहन्छ । कङ्गाल देशले स्वाधीनता, सार्वभौमिकता, अखण्डता, राष्ट्रिय एकता समेत जोगाई राख्न सक्दैन ।

राष्ट्रियता मजबुत नभइकन प्रजातन्त्र र मानव अधिकार मजबुत हुन सक्दैन । राष्ट्रियता हाम्रो शदिऔंको आधार हो । बरू लोकतन्त्रको विकल्प हुन सक्छ तर राष्ट्रियताको विकल्प हुँदैन । राष्ट्रियता खेत हो, प्रजातन्त्र बाली हो । यतिखेर हामीले खेतलाई गौण ध्यान दिएका छौं, बालीलाई प्राथमिक । गौण विषयलाई अगाडि प्रस्तुत गरेर मूल विषय बिर्सिएका छौं । यो चिन्ताको विषय हो । यी कुरालाई उजागर गर्न अब राष्ट्रवादी चेतना जगाउने

आन्दोलनको पनि खाँचो भएको छ । त्यसकालागि सक्रिय राजनीतिमा गएकाको प्रवृत्तिलाई रूपान्तरण गर्नु पहिलो आवश्यकता भएको छ ।

नेपालको राष्ट्रियता, जातीय एकता र अपनत्व सबैको साझा समस्या हो । सही परिभाषा नभएका कारण दिनप्रतिदिन देश कमजोर हुंदै गएको छ । अब राष्ट्रवादको स्पष्ट एजेण्डा बन्नु पर्दछ, त्यसमा वार्ता हुनुपर्छ, नेपाली राष्ट्रवादको एउटै परिभाषा बन्नु पर्दछ । त्यसको परिणामले मात्र राष्ट्रिय स्वार्थ र स्वाभिमान कायम हुन्छ । आम जनताको शान्तिपूर्ण जीवनयापन गर्ने चाहना पूरा हुन्छ । राष्ट्रवादको परिभाषा गर्दा नेपाल एकीकरण देखि यसको संरक्षणमा योगदान दिने वीरहरूको इतिहासको पनि मार्गदर्शन हुनुपर्छ ।

विगतका तीन दशकको कुशासनी क्रियाकलापले नेपालका सबै नेपाली राष्ट्रवादी छन् भन्न पाइएन । शासनमा रहेका पक्ष र प्रतिपक्षीको एउटै नकारात्मक आवाज रह्यो । साम्यवादी र पूँजीवादीको एउटै आवाज रह्यो । किनकि यी दुबै एउटै विदेशी केन्द्रबाट परिचालित थिए, छन् । नयाँ परिवर्तन पुरानो पापलाई मुक्त गर्न आएको नभएर अपराध थप्न आएको देखियो । त्यसले नेपालमा ऐतिहासिक महत्त्वा कायम गरेको राष्ट्रवाद पनि भत्कियो । दलै पिच्छे राष्ट्रवादका अनेक परिभाषा गरिए । यस्तो राजनीतिलाई पुनर्स्थापन नगरे नेपालीत्व जोगिंदैन ।

विगत तीन दशकमा झैं राष्ट्रवादलाई बेवास्ता गरेर बसिरहने हो भने अब दुई मध्ये एक दुष्परिणाम भोग्नु पर्दछ । एउटा, शासन शैली निरंकुश भएर जानसक्छ, अर्को बाह्य शक्ति हाव भएर उनीहरूको उपनिवेश बन्न सक्छ । विदेशीको निर्देशन हावी हुँदै आएको छ । दुबै अवस्थामा प्रजातन्त्र र मानव अधिकारको समाप्ति हुन्छ, राष्ट्रियता र स्वाभिमान पनि गुम्दछ । देशको स्वाधीनता पनि गुम्न सक्छ । अब एउटा मात्र विकल्प छ, एउटै राष्ट्रवादी धारमा सबै नेपाली समाहित हुने ।

आज आफ्नै देशप्रति हतियार उठाएका हिंस्रक परपीडक प्रवृत्ति भएका दल हावी छन् । हिंसात्मक तथा ध्वंसात्मक क्रियाकलाप प्रति राष्ट्रवादीको सख्त विरोध हुनुपर्छ । अपराधीलाई राजनीतिमा निषेध गरिनु पर्छ । सिद्धान्तमा जति मतभेद भए पनि सबै नेपालीको पहिले राष्ट्र जोगाउने र त्यसपछि राष्ट्र बनाउने काममा एक जुट हुनैपर्छ ।

भनि सकियो कि राष्ट्रियता मजबुत नभइ प्रजातन्त्र र मानव अधिकार मजबुत हुन सक्दैन । राष्ट्रियता हाम्रो शदिऔंको आधार हो, प्रजातन्त्र सामयिक हो । राष्ट्रियताको विकल्प हुँदैन । राष्ट्रियता सबैको साझा विषय हो । राष्ट्रवादको स्पष्ट एजेण्डा भएमात्र राष्ट्रिय स्वार्थ र स्वभिमान कायम हुन्छ, जनताले सुशासन पाउँछन्, जनताको शान्तिपूर्ण जीवन र जीवन यापनको व्यवस्था हुन सक्छ ।

विगतका युद्ध र तीन दशकका कुशासनी क्रियाकलापले नेपालका सबै नेपाली राष्ट्रवादी छन् भन्न पाइएन । प्रतिपक्षी पनि शासककै सहायक रहे । सीमा समस्या छैन, मिचान पनि छैन, विदेशी हस्तक्षेप छैन । भ्रष्ट्राचार छैन भन्ने दयनीय व्यक्ति पनि उनीहरू नै हुन् । नयाँ परिवर्तन पुरानो पापलाई मुक्त गर्न नभएर अपराध थप्न आएको देखिन्छ । धारा १२७ लागु गराएर संसदीय व्यवस्थाको औचित्य समाप्त पार्ने तिनीहरूनै प्रतिगामी थिए, अराष्ट्रिय थिए । राष्ट्रवादीहरूले आफूलाई निर्दोष त साबित गर्लान् तर अपराधलाई प्रतिरोध नगर्नु उनीहरूको पनि अयोग्यता हो ।

## राष्ट्रवादका प्रकार

१. राष्ट्रवाद जन्मभूमिप्रतिको सामाजिक प्रेम हो, ममत्व हो, अपनत्व हो । त्यस्तो प्रेमलाई प्रकारमा गनिनुपर्ने आवश्यकता हुँदैन । यद्यपि भूगोल, प्राकृतिक श्रोत साधन, संस्कार संस्कृति, जीवनस्तर आदिलाई ख्यालमा राखेर प्रकारमा विभाजन गर्नु पर्ने हुन जान्छ । तर तथ्य छोडेर निहित स्वार्थवश बहकिन भने हुँदैन ।

२. बहकिएकामध्ये चार मुख्य छन् । मण्डले राष्ट्रवाद, कम्युनिष्ट राष्ट्रवाद, काङ्ग्रेसी राष्ट्रवाद र नेपालीको राष्ट्रवाद । मण्डले राष्ट्रवाद, भौतिक स्वरूपको हो, देखावटी मात्र हो । राजाका आँखामा छारो हालेर शक्तिको मजा चाख्ने । दीगो रूपमा केही नगर्ने हुन्छ । स्वार्थकैलागि नाम फेर्ने र नारा लगाउने आदि । यो पनि राष्ट्रवाद र राजावाद गरी दुई खेमामा विभक्त छ, राष्ट्रवादी र राजावादी । राजा र देशलाई बेग्लाबेग्लै आँखाले हेर्न थालिएको छ । यिनले राजासंस्था र हिन्दु राष्ट्र चाहिन्छ भन्ने मात्र कुरा गर्दछन्, तर त्यसबारे एकतृत हुने, संगठित हुने काम गर्दैनन् । राष्ट्रवादको मर्म बुझेका हुँदैनन् । राजाको अगाडि साखुल्य हुन, दश बीस जना जम्मा भएर राजा आऊ देश बचाउ भन्दछन्, त्यो पनि टुक्राटुक्रामा । गाउँ फर्कको पालादेखिको यो नक्कली राष्ट्रवाद कायम छ । अर्कोतिर पूर्व पञ्चको दलबाट चिनिने विभिन्न दलमा पनि त्यहि संस्कार छ । पञ्चायतकालमा खास गरेर प्रम हुनेहरूले भात खुवाएर, पाकेट खर्च दिएर ग्रुम गरिएका यस्ता नेता त्यस्ता दलहरूमा छरपष्ट छन् । दर्शन नबुझाई, वैदिकज्ञान नदिई बनाइएकाले ती घातक छन् । ती मण्डलेमध्ये राजसंस्था हटेपछि देश टुक्र्याउने सम्ममा उभिएका छन्, उपप्रधानमन्त्रीदेखि विभिन्न मन्त्री, राजदूत आदिमा रहेका छन् । निहित स्वार्थकालागि काम गर्नेहरूको कुनैपनि सिद्धान्त हुँदैन । तिनमा माओवादीमा झैं व्यक्तिवाद हुन्छ । दल हाँक्ने प्रवृत्ति पनि व्यक्तिवादी भएकै कारण दल टुट्ने र फुट्ने भइरहन्छ । तिनीहरूले बरू राष्ट्रवादको अपव्याख्या गर्ने गरेको पाइन्छ । पञ्चायतकालका धेरैजसो प्रमहरूले गलत संस्कार बसालेकाले त्यस

पद्धतिले ग्रुमिङ गरेर भावी नेतृत्व दिने नेता बनाउनै सकेन । पञ्चायतकालको सबैभन्दा ठूलो कम्जोरी यसै क्षेत्रमा भयो र यहि कारण यो असफल हुन पुग्यो । एक जना प्रधानमन्त्रीले 'राजा र म बहेक अरू कसैले पनि पञ्चायतको दर्शन बुझेको छैन' भने तर दर्शनको चरम खाँचो भएका बेलामा विदेश पलायन भएर रमिता हेरिरहे । यसरी वैदिक संस्कार बोकेको उत्कृष्ट समाजवादलाई परिभाषित गर्न नसकेका कारण यो दबियो । अब प्रकृतिले जन्माउने आध्यात्मिक नेता बाहेक अन्य सोचबाट यो राष्ट्रवादले पद्धति अँगाल्न सक्ने अवस्था छैन ।

३. मेकाउलेको भौतिक उपभोक्तावादी शिक्षा हासिल गरेका तिनले वैदिक समाजवादी (वैदिक साम्यवाद) शासन व्यवस्था अँगालेर राष्ट्रवादलाई जगाउन सक्ने अवस्था देखिंदैन । भौतिक उपभोक्तावादमा बग्दै गएका तिनीहरू नस्तिक माओवादी डन वरिपरि घुमेरै जीवन समाप्त गर्नेछन् ।

४. मार्क्सवादी साम्यवादी राष्ट्रवादमा अति बामपन्थी धार हुन्छ । तिनीहरूले न सीमारहित विश्व बनाउने क्षमता राख्दछन् नत रिम (रिभोलुशनरी इन्टरनेशनल मुभमेन्ट) जस्ता संस्था नै खतम गर्न सक्तछन् । तिनीहरूको नजिक वैदिक साम्यवाद हो तर त्यस्मा अध्यात्म चिन्तन हुन्छ जुन भौतिक साम्यवादीले बुझ्न र बुझाउन सक्दैनन् । त्यो बुझेको भए दलविहिन भनिने पञ्चायत नामक एक दल बनाउने थिए । ती राष्ट्रवादबाट टाढिएको कुरा २०५२ साल पछिको राजनीतिक इतिवृत्तले प्रमाणित गरिसकेको छ । तिनले त रिम जस्ताको पछि लागेर नेपालविरोधी विदेशी आदेश मानेर भएका संरचनालाई ध्वस्त पार्ने र नयाँ नबनाउने नियत राखे । राष्ट्र लुटेर पार्टी बलियो बनाउने र धनबलबाट सत्तामा बसिरहने नीति लिए । यिनको मिहिनेत नगर्ने अरूको कमाईमा मोज गर्ने बानी छ । लुटको धन फुपुको श्राद्ध यिनको आचरण छ । यिनको अभिवादन विदेशी छ, पोशाक र झण्डा विदेशी छ, गुरू र नेता विदेशी छन् । नेपालको संस्कार र संस्कृति भत्काउँछन् । यिनले नाम फेर्ने, नेताका शालिक र इमारत बनाउने, पार्क बनाउने जस्ता अनुत्पादक कामकुरालाई मात्र उपलब्धी मान्दछन् ।

५. फेरि यिनका सबै काम गरीबलाई सताउने, उद्योगपति र व्यापारीलाई सताउने, चन्दा असुल्ने र कार्यकर्तालाई बिना परिश्रम मस्तीमा राख्ने गरेका छन् । यथार्थमा यिनले मार्क्स, लेनिन र माओवादका सिद्धान्तलाई पनि उपहास गरेका छन् । यिनीहरू संस्कार र सभ्यताविहिन, धर्म र दर्शनविहिन भएकाले बलको राजनीति गर्ने व्यक्तिवादी सामन्त संस्कारका साबित भएका छन् । साम्यवादी दर्शन कायम गर्ने हैन दर्शन बेचेर खाने काम मात्र गरेका छन् । संक्रमणकालीन सामाजिक अवस्था रहेसम्म भड्काउने र पछि लगाउने काम गरिरहन्छन्, समाजले बुझ्छ, अनि सदाका लागि पाखा लगाउँछ । नास्तिकता र भौतिक उपभोक्तावादी सोचले ग्रसित यो दलमा राष्ट्रवादको आदर्श छँदै

छैन । उनीहरूले अपनाएको अनिश्वरवादी, जातजातीवादी, संघात्मक र धर्मनिपेक्षताको सोच, विलाशी जीवन र भौतिकउपभोक्तावादी आयातित आर्थिक सोचले साम्यवादीको मुखूण्डो लगाएर राष्ट्रघातीको जत्था भएको पाइन्छ ।

६. अर्को राष्ट्रवाद हो पूँजिपति धारको । नेपालमा नेकाँले त्यसको नेतृत्व गरेको छ । यस वादमा अति दक्षिणपन्थी धार हुन्छ । बीपी मरेसंगै त्यसको दर्शन पनि मरिसकेकोछ । दल छ तर दलको दर्शन धुलो धुलो भएको छ । यस राष्ट्रवादको विश्व नेतृत्व गर्ने अमेरिका भएपनि ट्रम्प राष्ट्रपति भएपछि त्यो पनि संकाको घेरामा परेको छ । धर्म, संस्कार संस्कृतिका बारेमा यिनीहरू र साम्यवादीमा अन्तरै छैन । साम्यवादीबाट भ्रष्ट्राचार गर्ने सीप सिकेपछि राष्ट्रप्रेमको कुरै भुलेका छन् । यिनको आचरण नेहरू–इसाई संस्कारमा हुन्छ भने दैनन्दिनी भारत र अमेरिकाको सत्तासिनसित । बाह्नबुँदेपछि दुबैको संचालक भारत नै भएको छ । साम्यवाद र पूँजिवाद दुबैका गुरू डालोमा डलर लिएका विदेशी भएका कारण यी पर निर्भर छन् ।

७. साम्यवादी र नेकाँ दुबैमा नेपालीपन हुँदैन, विदेशी निर्देश हुन्छ । भनाइमा एउटा पूँजीवादी विदेशी र अर्कोमा साम्यवादी विदेशी तर गराइमा दुबै दलाल पूँजिपतिका एजेन्ट हुन् । यी दलमा न पूँजीवादीले पूँजीवाद बुझेको पाइन्छ नत साम्यवादीले साम्यवाद बुझेको हुन्छ । साम्यवादीले उदारवाद र निजीकरणको काम गरेको छ भने काङ्ग्रेसले सिन्डीकेट चलाएर त्यसलाई उदारवाद र पूँजिवाद भन्दछ । यी दुबैको उपलब्धी भनेको सत्तामा गएपछि नाम फेर्ने मात्र भएको छ । पञ्चायतको नाम फेर्ने, विभाग मन्त्रालयको नाम फेर्ने, स्कुल कलेजको नाम फेर्ने, शहर बजारका नाम फेर्ने, शालीक भत्काउने त्यसको ठाउँमा आफ्नाको बनाउने आदि । यिनले लोकतन्त्र त भन्दछन् तर जन चाहना र प्रजातन्त्रको अर्थ कहिल्यै बुझेनन् । जनताको जीवनस्तर उचाल्ने कामका सीप कहिल्यै सिकेनन् । यी दुबैले नेपालीत्व, नेपालीपन, नेपालको उन्नति सबै राष्ट्रवादी पक्षमा घात गरेका छन् ।

८. आज सबै नेपाली जनमानस शुद्ध नेपाली राष्ट्रवादको खोजीमा छ । त्यस सोचले नेपाली श्रोत साधनलाई नेपाली योजना, नेपाली शक्ति, नेपालीपन बाट द्रुततर विकास गर्न चाहन्छ, त्यो पनि विदेशीको सहयोग बिना । विदेशीको नीति, योजना दबाब बिना । बिदेशीसँग मैत्रीभाव र समानताको व्यवहार हुनु पर्दछ भनेर मान्दछ । वैदिक धर्म, संस्कार संस्कृति, राजसंस्था र हनसहन, आचरण, शिक्षा पद्धति, नैतिक आदर्श बनाई राख्न चाहन्छ । अनेकतामा एकतालाई नेपालको सौन्दर्य मान्दछ । नेपालको सबै जात–थर, संस्कार–संस्कृति, भाषा–भेषलाई नेपालीत्व ठान्दछ । तिनलाई जोगाएर विश्व पर्यटनलाई आकर्षित गर्न खोज्दछ । नेपाली मात्रलाई समान स्तरमा उचालेर शतप्रतिशत परिवारलाई चेतनशील, रोजगार र घरबारयुक्त बनाउने नेपाली

योजना बनाउन चाहन्छ । त्यसलाई नेतृत्व दिने नेताको खोजीमा छ, आम नेपाली समाज । यस्तो खाले नेपाली राष्ट्रवाद अँगाल्ने नेपालमा कुनै राजनीतिक संगठनले जन्मै लिएको छैन ।

०००

***जननीजन्मभूमिश्च स्वर्गादपि गरियसी ।***

*जन्मभूमि र जन्माउने आमा स्वर्गभन्दा पनि ठूला हुन्छन् ।*

## अध्याय २

# राष्ट्रियता : अन्तरमनको भावना

१. राजा महेन्द्रको *म मरेपनि मेरो देश बाँचीरहोस्* भन्ने भनाई उनको अन्तरमनको भावना हो, राष्ट्रवादको दिगो दर्शन हो । किनभने त्यो साश्वत सत्य हो, प्रतिबिम्ब हो । सरणार्थीको रूपमा हैदरावाद हाउसमा बसेको बेलामा राजा त्रिभूवनलाई पुरा इण्डियाको राष्ट्रपति हुन बल्लभभाइ पटेलले गरेको प्रस्तावको झझल्कोबाट जन्मिएको उद्गार हो । यो उद्गार किन सत्य हो भने व्यक्ति मर्दछ तर मुलुक वा माटो मर्दैन । आफू मरेपछि 'डुमै' राजा भन्ने भावना राष्ट्रवादी होइन । आफू नरहँदैमा देशलाई बेवास्ता गर्ने भावना अराष्ट्रिय हो । यस अर्थमा आ–आफ्नो बौद्धिक तथा श्रमिक योगदान विदेशका लागि गर्न विदेशीने सबैलाई राष्ट्रवादी भावना भएको मान्न सकिदैन । विदेशीने नेपाली दुईथरी हुन्छन्; एकले बुद्धि बेच्छ र अर्कोले श्रम बेच्छ । बुद्धि बेच्नेहरूले जानीजानी राष्ट्रलाई घात गरेका छन् । तिनको बुद्धिले तिनी बसेको देशले जति प्रगति गरेको छ त्यत्ति आफू जन्मेको देशलाई घात गरेको छ । जति त्यस देशको भौतिक वा अध्यात्मिक वा सामाजिक विकास गर्न सघाएको छ त्यति आफू जन्मेको देशलाई नोक्सान गरिरहेको छ । श्रम बेच्नेहरूको राष्ट्रवाद अर्धचेतन सामाजिक सोचको उपज हो । त्यस्तो मानसिकता बनाई रहनुमा राष्ट्र दोषी हो, सत्तासिन सरकार दोषी हो, सरकारको मानसिकता अराष्ट्रिय हो । तिनले चलाएको शिक्षा पद्धतिको दोष हो, सृजनशीलता ज्ञानको अभाव हो । भौतिक उपभोक्तावाद र साम्यवादले मानव मनलाई एकोहोर्‍याउँछ, सृजनशीललाई दबाउँछ । विदेशी सेनामा जागीर खानेदेखि अरबको खाडीमा तप्किनेसम्मका सबैमा यो कुरा लागू हुन्छ ।

२. बाहिर देखावटी राष्ट्रवादको काम गर्ने वा राष्ट्रवादका पक्षमा भाषण गर्ने व्यक्तिको बोलीकै भरमा राष्ट्रवादी हुन सक्तैन । उसको काम र व्यवहारले कुनै न कुनै प्रकारबाट धेर थोर राष्ट्रको उपलब्धी हुनु पर्दछ ।

दलका नाइकेमा आजभोलि देखिने आडम्बरी राष्ट्रवाद पाइन्छ । तिनमा अवसरबाट फाइदा लिने भाव हुन्छ । अवसरवादी राष्ट्रवाद सबैभन्दा खतर्नाक हुन्छ । दल बाहिरका आलोचकमा आडम्बरी र दलका सत्तासिन नाइकेमा अवसरवादी राष्ट्रवाद पाइन्छ, जुन अत्यन्त घातक छ । तिनमा अन्तरमनमा मुलुक हैन अवसर र स्वार्थको प्राधान्य रहेको पाइन्छ । सरिता र सुजाताको संसदमा दिएको अभिव्यक्तिलाई नमुना उदाहरण लिन सकिन्छ । प्राच्य संस्कार

अनुसार ती दुबै मौलिक नेपाली नागरिक होइनन् । तिनलाई माटोले कुतकुत्याउँदैन ।

३. राष्ट्रको माया गर्ने भावना र छोराछोरीको माया गर्ने भावना उस्तै उस्तै हुन्छन् । दुबैमा कुनै निहित स्वार्थ हुँदैन । छोराछोरी जति साना र असक्त अवस्थाका हुन्छन् त्यत्तिनै धेरै बढी माया भएझैं मुलुक पनि जति विपन्न र पछौटेपनमा रहेको हुन्छ त्यत्ति धेरै बढी माया मनभित्र बढ्नु पर्दछ । कसरी मुलुकलाई विश्वका सम्पन्न र विकसित मुलुकको हाराहारीमा लैजाने भन्ने हुनुपर्दछ । म एकजनाले पनि देश उचाल्ने काममा योगदान दिन सक्छु भनेर श्रम बेच्न विदेशिनु भन्दा अदुवा काउली विदेशीलाई बेच्ने भावना राख्नु पर्दछ । विद्वान, विज्ञहरू सम्पन्न मुलुकमा पलायन हुनुलाई राष्ट्रिय भावना भएको मान्न सकिदैन, तर त्यो मुलुकबाट सीप, ज्ञान वा क्षमता सिकेर आफ्नो देशमा केही गर्ने आसयले गएको छ भने त्यसलाई राष्ट्रियताको भावनाले प्रेरित मान्नु पर्दछ । नेपालमै रोजगार पाएका विविध सेवाका कर्मचारीहरू पदको दुरूपयोग गरेर विदेशको आवासीय वर्कपर्मिट लिएकाहरूमा भने अराष्ट्रिय भावना भएको स्पष्ट हो । त्यसलाई नाकाम गराउने सामान्य प्रशासनमन्त्री पण्डितको भावना राष्ट्रिय हो । मुख्य सचिव भैसकेको मानिस नेपाल छोडेर विदेशीको जागीर खान जानुलाई राष्ट्रिय भावना भएको मान्नु हुँदैहैन ।

४. मलाई लाग्दछ राष्ट्रियता अन्तरनिहित वस्तु हो । यो संस्कारजन्य रूपबाट अन्तःकरणमा टाँसिएको हुन्छ । यसमा बनाएर बन्ने मात्रा कम र अनुस्मृतिजन्य बढी हुन्छ । अथवा वातावरणीय (इन्भ्यारोमेन्टल)भन्दा वंशज – (हेरेडिटरी) गुणको बाहुल्य बढी हुन्छ । त्यसकारण अन्तरदेशबीचको विवाह र नागरिकता दिने विषय गम्भीर मानिन्छ ।

५. जसले राष्ट्रलाई माया गर्दछ राष्ट्रलाई घात हुने कुनै काम गर्दैन त्यो राष्ट्रवादी हो । राष्ट्रवादीले भन्सार छल्दैन, राजस्व चोर्दैन, कमिशन खाँदैन, घूस खाँदैन । जसले अपहरण गर्दैन, अरूको धन लुट्दैन, मिसावटी व्यापार गर्दैन, कालाबजारी गर्दैन, तस्करीको काम गर्दैन तर पनि निरन्तर कर्म गर्दछ ऊ राष्ट्रवादी हो । जसले आफ्नो मिहिनेतको कमाइबाट जीवनयापनको काम गर्दछ, देश बनाउने काममा व्यग्र हुन्छ, व्यस्त हुन्छ उसले सर्वत्र इमान्दारिता बर्तन्छ, ऊ राष्ट्रवादी हुन्छ । यो अनायास मनभित्रैबाट कसरी आउँदो रहेछ भन्ने कुरालाई ममा अनायास आएका केही घटनाले अनुभूत भएका थोरै प्रसङ्ग उल्लेख गर्न चाहन्छु ।

वि.सं. २०२३ (१९६७) को कुरा हो । म संयुक्त राज्य अमेरिकाको विस्कनसिन विश्वविद्यालय (म्याडिसन) मा सुपरभिजन एण्ड एड्मिनिस्ट्रेशन

विषय अध्ययन गरिरहेको थिएँ । त्यहाँ पढ्न गएकाहरूको पहिलो दिनको जमघट एक साँझ भएको थियो । जमघट परिचय दिने कार्यक्रम थियो । धेरै मानिस भएकोले परिचय छोटोमा दिने, तीन शब्दमा अर्थात् आफ्नो नाम, देशको नाम र देश चिनाउने एक वस्तुको नाम भन्ने निर्देशन थियो । मैले आफ्नो परिचय दिने क्रममा आफ्नो नाम, देशको नाम र त्यसपछि सगरमाथाको देश भनेर परिचय दिएको थिएँ । मेरो पछाडि परिचय दिने व्यक्ति न्युजिलैण्डका रहेछन् । उनले फटाफट आफ्नो नाम, देशको नाम र त्यो सगरमाथा चढ्ने पहिलो व्यक्ति हिलारी भएको बताए । मलाई हारको महसुस भएछ क्यारे अनायास रोल मिचेर भनिहालेको थिएँ हिलारीलाई त तेन्जेङले डोरीले तानेर चुचुरोमा पऱ्याएका थिए । त्यसले ठूलो हाँसोको लहर चलेको थियो । मलाई लाग्छ मभित्र नेपालको शान माथि नै हुनु पर्दछ भन्ने भावना थियो । त्यही त्यहाँ अनायस अभिव्यक्त हुन गयो । यो भावना नेपालको गौरव विश्वमा उँचो राखिराख्ने भावनाले प्रेरित कुरा हो ।

६. त्यो विश्वविद्यालयमा वर्षको एक दिन राष्ट्रिय पोशाक दिवस (कस्टुम डे) मनाउने चलन रहेछ । सुन्दर तालको छेउमा अवस्थित क्यारल हलमा मेरो बस्ने व्यवस्था थियो । त्यहाँबाट विश्वविद्यालयको कक्षा संचालन हुने थलो पैदल दुरीमा थियो । म सँधै हिडेर नै वि.वि.मा जाने गर्दथें । त्यहाँ अरू पनि नेपाली थिए तर राष्ट्रिय पोशाक लगाउने म मात्र हुन पुगेछु । क्यारल हलबाट वि.वि.सम्म विभिन्नखाले पसल थिए । त्यस दिन जब म विश्वविद्यालयतिर जाँदै थिएँ, तिनीहरूले मलाई बाटोमा रोके, हात मिलाए, परिचय मागे र भलाकुसारी गरे । तिनीहरूमध्ये धेरैले के भने भने 'तिमी यसैबाटोबाट हिंडेको त हामीले देखेका थियौं तर तिमीलाई भारतीय ठानेर बोलाएका थिएनौं । हुन पनि हो, म भारतीय बंगाली बिहारी जस्तै कालो रंगको गहुँगोरो मानिस छु । तिनी मध्ये दुईजना पसलेले त तिनका घरमा साँझ चियाखान समेत बोलाएका थिए । नेपालबारे जानकारी हासिल गरेका थिए । तर मलाई भारतीय ठानेर मलाई नबोलाएको भन्ने कुतुहलता जागि रहेको थियो । त्यसबारे मैले त्यहाँ खोजिनीति गर्न सकिन । यति मात्र महसुस गरें भारतीय नागरिकको अमेरिकामा राम्रो प्रभाव रहेनछ । उनीहरूले राम्रो छाप छाडेका रहेनछन् । यो वि.सं. २०२३ (१९६७) को कुरा हो । कि भारतीय नागरिकको अमेरिकामा राम्रो प्रभाव रहेनछ ।

७. केही महिनापछि विश्वविद्यालयमा प्रस्तुती–कलाको प्रयोगात्मक कक्षा भएको थियो । त्यसमा कन्ट्री पेपर प्रस्तुत गर्न लगाइएको थियो । मेरोभन्दा पहिले बम्बैका (त्यसबेला मुम्बैलाई बम्बै भनिन्थ्यो) डा. ज्ञानचन्द्र भाटले भारतको पेपर प्रस्तुतगर्दा सगरमाथा भएको देश भनेर प्रस्तुत गरेका थिए । मैले तत्कालै विरोध गरें, कडा विरोध गरें । वि.वि. अधिकारीले थामथुम

पारेर कक्षा संचालन गर्न खोजे । म मानिन । उनले त्यहीं सार्वजनिक रूपमा माफि नमागे मैले कक्षा बहिस्कार गर्ने कुरा गरेपछि उनले माफि मागेका थिए । अहिले मलाई लाग्छ, त्यसो गर्नुपर्दछ भनेर कुनै नेपाली अधिकारीले मलाई प्रशिक्षण दिएका थिएनन् । त्यस्तो उत्तरदायित्वको ओहोदा मैले बोकेको थिइन । म हाईस्कूलको हेडमास्टर मात्र थिएँ । अरू कसैले चासो लिएका थिएनन् मलाई चासो किन परेको थियो ? आज पनि म आफैलाई आफै सोधि रहेको छु । 'तँ नेपाली भएर नेपालको हित हुने कुरामा आवाज उठाउनु पर्दैन ?' हो, पर्छ । नेपाल छिमेकीबाट अन्यायमा परेकोछ भनेर निरन्तर चासो जागि रहेको छ । सत्तामा बस्नेलाई निरन्तर झकझकाई रहनु पर्छ भन्ने लागेको छ । त्यसैले निरन्तर कलम चलाई रहेको छु । सत्तामा बस्ने कसैले पनि मलाई स्याबासी पनि दिएका छैनन् । बरू, गाली गर्दछन् । म आफै आफ्नो जीवन खतरामा राखिरहेको छु । जोखिम मोलेर यो काम किन गरि रहेकोछु म आफैलाई थाहा छैन । एक दिन मैले मेरा यस्ता खाले प्रकाशित पुस्तक आफ्नो पसलमा राखिदिन एउटा नाम चलेको पुस्तक पसललाई अनुरोध गरेको थिएँ । उनले लामो भाषण छाँटे । उनले पुस्तक पसलमा राख्न इन्कार गर्दै भने 'तपाईहरू जस्ताले गर्दा नेपालीले दुःख पाएका छन् । नेपाल भारतमा मिसिएर के हुन्छ ? अहिले १२ लाख पर्ने गाडी ३ लाखमा चढ्न पाइन्छ । हामीले बम्बै कलकत्तामा गएर व्यापार गर्न पाउँदछौं ।' आदि आदि । मूर्खलाई राष्ट्रियताको शिक्षा दिनु भन्दा ढुङ्गालाई दिनु असल भन्ने ठानेर फर्कें । अध्यात्म रहित भौतिक शिक्षा पद्धतिको उपज ठानेर फर्किएँ ।

*८. खरानी पारिएको वनमा मन :* कुनै बेला म पुनर्वासको आयोजना प्रमुख भएर बाँकेको खजुरामा पुगेको थिएँ । वनको संरक्षण गर्ने काम वन विभागको हो । वन हटाएर पुनर्वास गराउने भएकाले मलाई वनप्रशासनको नजिक भएर काम गर्नु पर्दथ्यो । वन कार्यालय जिल्लाको सदरमुकाममा बस्दथ्यो, म भने वनभित्र नै बस्नु पर्दथ्यो । पुनर्वासको वरिपरि बाँकी वन थियो । त्यस वनमा सुकुम्वासीबाट अतिक्रमण भएको खबर पाएँ । मेरो पेट पोल्यो । त्यस दिन ड्राइभर बिदामा बसेको थियो । एक जना सुरक्षाकर्मीलाई गाडीमा राखेर आफैले गाडी हाँकेर अतिक्रमणस्थलमा पुगें । त्यहाँ तीन सय जति मानिसले खुँडा, खुकुरी, बञ्चरो लिएर वन कटान गरि रहेका थिए । अर्कातिर फाँडिएको वनमा आगो लगाई रहेका थिए । आगोले झाडी घाँस-घुर्‍यान मात्र डढाएको थिएन, आगोले सलक्क परेका नाम्ले फेदका सालका रूख पनि पोलिएर खरानी पारिएको थियो । सयौं बर्ष घामपानी सहेर अग्राख परेका हजारौं क्युबिक फीट काठ डढाइएको थियो । खरानीको थुप्रोमा रूखको आकार स्पष्ट देखिन्थ्यो । मलाई वन अतिक्रमण गरेको, दरिद्रताले सताइएका

सकुम्वासीको अवस्थाबाट हुने समवेदना भन्दा करौडौंको सालका रूख काटेर दुईचार हजारको अन्न फलाउने तिनको प्रवृत्ति देखेर आक्रोश चर्केर आयो । मैले तिनीहरूलाई फटाफट लट्ठीले चुट्दै रसियन जीपमा कोच्न थालें । अठार बिस जनालाई कोचेपछि अफिसमा ल्याएर सुरक्षा गार्ड भित्र थुनें । म फेरी बाँकीलाई लिन अतिक्रमित ठाउँमा गएँ । त्यहाँ सबै भागि सकेका थिए । म रित्तै फर्किएँ । थुनिएकालाई कोर्राले चुटें । कस्को उक्साहटमा अतिक्रमण गराइएको हो भनेर बयान लिएँ । तिनले दुईजना प्रधान पञ्च र एकजना सांसदको नाम बताए । एक जना प्रधानपञ्च महिला थिइन् । उनी कार्यालयमा आइन् र आफू संलग्न नभएको दलिल दिइन् । उनी वन र अञ्चलाधीशकहाँ पनि गएर आफू निर्दोष भएको बताईन् । अर्का प्रधानपञ्च भागेर भारततिर गएर बसेको थाहा लाग्यो । सांसद काठमाण्डौतिर नै थिए । पछि ती दुबै जनाले ६ महिनाको जेल भोगेका थिए । आफ्नो जिम्मेवारी नै नभएको अवस्थामा पनि देशका नकारात्मक प्रवृत्तिप्रति जाइलाग्ने भावना स्वतः लाग्दो रहेछ, वनका अधिकारीले मलाई धन्यवाद पनि दिएनन्, सायद तिनको मिलोमतो थियो । खुशी त्यसमा लाग्यो ती अधिकारीले अर्काको कार्य क्षेत्रमा अतिक्रमण गरेको भनेर मेरा विरूद्ध मुद्दाा चलाएनन् ।

यस्तो घटना भएपछि समान्यतया तनाव हुँदो रहेछ । मनमा धेरै कुरा खेलि रहेका थिए । ती मध्ये दुईटा कुरा अझै मनमा घुमि रहन्छन् । पहिलो कुरा म वनको अधिकारी होइन । त्यो काम मेरो कार्यक्षेत्र भित्रको थिएन । चित्त बुझाएँ – मैले वनलाई सघाउन मात्र त्यो काम गरेको थिएँ । दोश्रो, उनीहरूलाई कुट्ने हक मलाई थिएन । कुनै कानुनले पनि कुट्न पाइँदैन । त्यो मानव अधिकारको कुराले पनि पाइँदैन । मैले निधो गरें, अब कुट्दिन, कार्यक्षेत्र बाहिरको काम अब गर्दिन भनेर । आफूलाई निकै सम्हाल्दा सम्हाल्दै बिहानी पख निदाएछु । दिनभरि अफिसको नियमित काम गरेर तिनको बयानलाई निरन्तरता दिएँ । अञ्चलाधीशलाई खबर गरें । अर्को दिन पनि थुनामा राख्नु पर्ने अवस्था आयो । अधिकारीले पनि २४ घण्टाभन्दा बढी थुन्न हुँदैन, म त अधिकारी पनि थिइँन । मैले गल्ती महसुस गरें । भोलि वनमा बुझाइदिने, लठारोमा नलाग्ने निधो गरें । साँझ थुनेर राखेको गार्डको चौकीमा गएँ । तिनलाई देख्ने बित्तिकै खरानी पारेका ठूलठूला सालका रूख सम्झे । करोडौको राष्ट्रिय सम्पत्ति पोलेको सम्झना हुनासाथ मेरो मन पनि पाक्यो । रातभरि दिनभरि अफूलाई सम्हालेको मन बिथोलियो । मैले सबै कुरा बिर्सिएँ र आवेगमा तिनीहरूलाई कुटें । उनीहरू रोए कराए माफि मागे तरपनि मैले कुटिरहें । मलाई आवेग भयो । मैले साँझको खाना खान पनि सकिन । निदाउँन पनि सकिन । फेरि उही कुरा दोहोरियो । यी थोरै प्रतिनिधि घटना हुन् । मेरो जीवनमा यस्ताखाले हजारौं घटना छन् ।

यस घटनासंग जोडिएको अर्को पाटो सम्भिmदा मलाई आजपनि भयङ्कर डर लाग्दछ । खुडा, खुकुरी, बन्चरो जस्ता हतियारले सुसज्जित ३०० जनाको माझमा म एक्लै गएर समात्ने र कुट्ने काम गर्ने आँट कसरी गरें ? यदि त्यो आजको अवस्था भएको भए मलाई ती सबैले किमा बनाएर त्यही वस्तीबाट टाढाको वन डढाएको मुस्लोमा खरानी बनाई दिने थिए । मेरो खोजी खबर पनि केही हुने थिएन । हद्दै भए मेरा परिवारले बाँसको लौरोमा मेरो फोटो झुण्डयाएर बेपत्ता पारिएकोले खोजिपाउँ भन्ने माग नेपत्थ्यमै रङ्गमञ्चिएको मात्र हुने थियो ।

हो, निष्काम भावले न्यायोचित काम गऱ्यो भने मनमा डर जन्मदैन । मेरो काम न्यायोचित थियो । ममा आत्मबल थियो । त्यही आत्मबलले सो काम साध्य भयो । वन अतिक्रमणकारीको काम अन्यायपूर्ण थियो, अराष्ट्रिय थियो । त्यसैले उनमा आत्मबल थिएन । त्यसैले मैले धेरैलाई नियन्त्रण गर्न सकेको थिएँ । मैले गरेको काम राष्ट्रिय भावनाले ओतप्रोत थियो, त्यसैले कार्य क्षेत्र बाहिर गएर गरेको काम भनेर कसैले औंलो ठड्याउन पनि सकेन । कुनै कारबाहीको प्रश्न नै उठेन । आज भएको भए सम्भवतः जागीरबाट हात धुनु पर्ने थियो ।

शान्ति, सुरक्षा र अमनचयनको कुरा गर्दा यही फरक थियो, पञ्चायत काल र आजको नयाँ नेपालको लोकतन्त्रमा । अन्यायी दब्दथे, न्याय गर्नेको शिर ठाडो हुन्थ्यो ।

तिनताका अमेरिका जाने नेपाली अत्यन्त न्यून हुन्थे । म अल्बनी स्टेट युनिभर्सिटीमा कम्युनिटी स्टडीकालागि 'एसाइन' भएको थिएँ । त्यहाँ उच्चपदस्थ एक महिलाले त्यही युनिभर्सिटीमा जब अफर गरिन्, त्यहीं बस्न अनुरोध गरिन् । मलाई अमेरिकको ब्रेनड्रेन पोलिसीको याद आयो । मेले इन्कार गरें । मलाई आफूले संस्थापन गरेका धबिमाबि र धवलागिरि कलेजको याद आयो । स्वार्थ हुनुहुँदैन, धन हैन सेवा ठूलो भन्ने भावनाले थिच्यो । मुख्यत विकसित अमेरिकालाई मेरो सेवाको खाँचो छ भने विकासोन्मुख नेपालमा त कति हो कति भन्ने भावनाले जित्यो । मैले त्यसबेला नेपाल र नेपालीलाई चिनेकै रहेनछु । म त्यही बसेर करोडौं डलर कमाएपछि फर्केर एउटा दललाई रकम दान गरेको भए देशको उच्चतम ओहोदा र सम्मान पाइने रहेछ, आज थाहा पाएँ तर यस्तो सोच राष्ट्रप्रेम हैन ।

९. मेरो अचम्मको बानी रहेछ, प्रकृतिले बनाएको विचित्रको बानी । मलाई न्यायोचित र सत्य जचेको कुरा कसैको कुनै दबाबमा पनि छोड्न मन लाग्दैन । यसले देशलाई केही फाइदा हुन्छ कि हुन्छ कि हुदैन मलाई थाहा छैन । तर म स्वयम् आफू र आफ्नो परिवारलाई कुनै फाइदा पुग्दैन भन्ने

कुरा मलाई थाहा छ । त्यतिमात्र हैन यो बानीले पद प्रतिष्ठा र स्वैत धन समेत गुमेको छ ।

कुनै पनि सरकारले मलाई नकरात्मक ठान्दछ । म विरोधीमा गनिन्छु । किनकि मैले हरेक सरकारका नराम्रा कुराको विरोध गर्दछु । सबै सरकारका राम्रा कुराको समर्थन गर्ने गर्दछु र कैयौं कुराको संशोधन सहित समर्थन गर्दछु । किन हो कुन्नि ! मलाई त्यसै गर्न मन लाग्दछ । फलतः सबै सरकारले मलाई विरोधीको खेमामा उभ्याउँदछन् । पञ्चायतकालमा म पञ्चायत विरोधीमा गनिन्थैं, साम्यवादी पक्षधरमा पनि गनिन्थें र राजा विरोधी पनि गनिन्थें । काङ्ग्रेसको शासनमा म एमालेसंलग्न साम्यवादी गनिन्थे । आजभोलि म राजतन्त्रपक्षधरमा गनिन्छु, राष्ट्रवादीमा पनि होइन । भारतलाई असल छिमेकी र मित्र बनाउने मेरो प्रयत्न हो, तर भारत विरोधीमा गनिन्छु । यसो हुँदा कहिल्यै पनि कुनै ओहोदा, सम्मान वा पुरस्कार पाउने ठाउँमा पन्छिन्छु, तर पनि म सन्तुष्ट छु । हुनत आजकल त्यो स्वतः हुँदैन । चाकडी, दलको विश्वास पात्र र घुस नजराना दिएर गर्ने गरिन्छ, जुन मेरो सिद्धान्त र निष्टा विपरित हो । मेरा विचारलाई सधै विरोधीका विचारमा गन्ने गरिन्छ । विचारमा के छ ? किन छ ? कसरी छ ? भनेर सकरात्मक सोच भएको, उत्तरदायित्व बहन गर्ने सचेत राष्ट्रभक्त सरकार बनेकै छैन, बन्ने अवस्था पनि देखा परेको छैन । यो महसुस गरेपछि आफूलाई आफैले भिन्न विचारको मानिस भन्न रूचाएको छु । मलाई लाग्छ मेरो यो सोच नै अन्तरमनमा बनेको राष्टवादी सोच हो ।

१०. सम्वत २०४५ (१९८९) मा भारतले नेपाललाई एक्कासी आर्थिक नाकाबन्दी गरेको थियो । मलाई त्यो अमानवीय, अनैतिक, अराजनीतिक र साँढेपन (बुल्लिइङ्ग प्रवृत्ति) लागेको थियो । एउटा प्रजातान्त्रिक राज्यले अर्को प्रजातान्त्रिक, स्वतन्त्र राज्यमाथि गर्न नहुने काम गरेको थियो । एउटा भूपरिवेष्ठित मुलुकको कानुनी हकको विरूद्ध बल देखाइएको थियो । त्यसको विरूद्ध मैले सयौं लेख लेखेको थिएँ । सायद तिनै लेखको आधारमा होला मलाइ इन्डिया टुडेमा प्रकाशित ७६ पृष्ट लामो प्रतिवेदनमा मेरो नाम पनि उल्लेख गरिएको थियो । मलाई भारत विरोधी लेखक (एन्टी इन्डियन कलोमिष्ट)का नाममा उल्लेख गरिएको पाएँ । मैले भारत विरोधी लेख लेखेको थिइन, छैन । मैले त नेपालको हक अधिकारको कुरा मात्र उठाएको थिएँ । केवल न्याय, अधिकार, कानुनी र नैतिकताको कुरामात्र उठाएको थिंएँ । आजसम्म पनि त्यही कुरा उठाएको छु । यस्ता क्रियाकलापलाई प्राकृतिक न्याय र पूर्वीय धर्मदर्शनले अन्याय सहेर बस्नेलाई पनि जघन्य अपराधी मान्छ । मैले न्याय मागेको कुरा, आफ्नो मुलुकको हक मागेको कुरा त प्रजातन्त्रको माग हो, त्यो भारत विरोधी लेखन होइन ।

इण्डियाले आफूलाई ठूलो प्रजातान्त्रिक देश मानेपनि यस्को मानसिकता औपनिवेशिकवादी अङ्ग्रेजको जस्तो छ । जुन शासन संस्कारमा हुर्कियो त्यसको प्रवृत्ति र बुद्धि त्यस्तै हुँदो रहेछ । विदेशी गुलामी संस्कारमा हुर्किएको भारतीय पिँढी पचासौंमा पुगेको छ ।

मलाई एन्टी इन्डियन कलोमिष्टको उपाधी दिएपछि मलाई 'रअ' बारे थप खोज्ने र बुझ्ने प्रेरणा जाग्यो । 'रअ'का काला कर्तुतबारे धेरै थाहा भयो । नाकाबन्दीका पालामा प्रकाशित लेखलाई सम्पादन गरेर एउटा किताव प्रकाशित गरें । त्यस पुस्तकको नाम थियो *नेपालमा 'रअ'को चलखेल ।* त्यस पुस्तकले ठूलो जनसमर्थन पायो । बेस्ट सेलरमा गनियो । त्यसपछि 'अविरल हस्तक्षेप' प्रकाशित भयो । फेरि अङ्ग्रेजीमा पनि माग आयो । अङ्ग्रेजीमा पनि पाँच वटा र नेपालीमा छ वटा गरी एक दर्जन किताब भारतका नकरात्मक गतिविधिप्रति रोस प्रकट गरेर लेखिएका छन् । यी पुस्तकको प्रकाशनपछि मलाई के थाहा लाग्यो भने नेपाली दलीय शासकभित्र मात्र केही अराष्ट्रिय भावना भएका दलाल हुँदा रहेछन्, आम नेपाली जनतामा भने राष्ट्रियता भावना बलियो रहेछ । आजसम्म पनि नेपाली राजनीतिमा सत्तामा बस्ने र तिनलाई मत हाल्ने आम नागरिकमा यही कुराको भिन्नता कायम छ । नेपालको राजनीति तरल रहिरहने र आर्थिक रूपमा विपन्न भई रहनुमा मुख्य कारण दलका दलाली शासक कायम रहनुले रहेछ । राष्ट्रियता कमजोर बनाउन इण्डियनको भन्दा तिनको दलाली गर्ने बढी खतर्नाक छन् भनेर त्यसलाई हटाउन केके गर्नुपर्दछ भन्ने कुरा हरेक पुस्तकमा पछाडिका दुईवटा अध्यायमा उल्लेख गरेर नेपाली पिँढीलाई मार्गदर्शन गरिएको छ । नेपालका शासक र नेपाली जनतामा यही विभेद छ । यही कारण मलाई सक्रिय राजनीतिमा बस्न घृणा जन्मिएको हो ।

११. पछि पाठकको के सुझाव आयो भने यो किताब अङ्ग्रेजीमा पनि हुनु पर्दछ । विश्वले सत्य र न्याय बारे थाहा पाउनु पर्दछ । मेकाउलेको शिक्षाबाट शिक्षित र भौतिक उपभोक्तावादी व्यक्तिपरक (निजिकरण) शिक्षाबाट दीक्षित तथाकथित विद्वानमा गलत प्रवृत्ति छ, उनीहरू पश्चिमाका भक्त छन् । विदेशी, गोरा छालाले भनेपछि विश्वास गर्छन् । सर्वसाधारण नेपाली पाठकको सुझावलाई मैले सही ठहराएँ ।

अनि नेपालीमा 'अविरल हस्तक्षेप' र 'रअ' को चलखेल २ र ३ प्रकाशित भए । त्यसका साथै नेपाल भारत सीमा समस्या, नेपाल इण्डिया बोर्डर प्रब्लम र नेपालको निर्मल पानीमा जल राजनीति प्रकाशित भए । अङ्ग्रेजीमा कन्टीन्युअस इन्टरफेरेन्स, म्याकिनेशन अफ 'रअ' इन सौथ एसिया, इल्लुजन अफ इन्डिपेनडेन्स भोलुमहरू पनि प्रकाशित भए । सबै पुस्तकका सबै सामग्रीलाई पाठकले मन पराएका छन् । सकरात्मक सहयोग गरिरहेका छन् । मलाई मेरो कलमप्रति

सन्तोष लागेको छ । १२ बुँदे दिल्ली समझदारी पछि नेपालमा उत्पन्न विकराल राजनीतिक, आर्थिक, प्रशासनिक संकटले देशको स्वतन्त्र अस्तित्त्व, स्वाधिनता, सार्वभौमिकता माथि गम्भीर आँच आउन थालेपछि । समय सापेक्ष रूपमा पुस्तकहरू प्रकाशित भैरहेका छन् । त्यसले नेपाली नागरिकमा राष्ट्रियताको भावना जागेको छ तर सत्तामा पुगेका मन्त्री, सांसद र दलका नेताहरूले मेरो कलमबाट तिनको कमाइमा घाटा भएकोले बाधा ठानेको पाएको छु ।

१२. अब जनता नउठी देश बँच्दैन । कुरो नबुझी जनता उठ्दैन । बुझेको विद्वान र राजनीतिक दलका नेता जो 'रअ' र 'मिशनरी' को तलबी फण्डमा छन्, तिनले पढुन् भनेर नलेखेको पनि होइन । सर्वसाधारण जनता राष्ट्रभक्त छन् । तिनले पौरखी संस्कारका स्वाभिमानी नेपाली भएर नेपालको भविष्य सदाकालागि सुनिश्चित गराउन् चाहन्छन्, विश्वमा उत्कृष्ट र समुन्नत नेपाल बनाउन चाहन्छन् । मैले लेखेका प्रकाशित अप्रकाशित गरेर डेढ सय पुस्तकहरू सबै नै राष्ट्रियता सम्वर्द्धन गर्न र नेपाल विश्वमा उच्चतम स्तरमा रहने बनाउनका लागि हुन् । भावी पुस्ताले यस्तो पनि घटना घटेको रहेछ भन्ने अभिलेख सुरक्षित रहोस् भनेर लेखेको हुँ । यसले कलम चलाउने राष्ट्रभक्तलाई आँट थपिएको छ । जनताले नेपालको हित नहुने सरकारका गतिविधिमाथि निगरानी गर्न थालेको छन् । मेरो कलमको मेहनत खेर गएको छैन भन्ने लागेको छ । राष्ट्र बनाउने र समुन्नत नेपाल बनाउने सवै यस्ता कामहरू राष्ट्रवादी सोचका उपज हुन् ।

ooo

*जननिजन्मभूमिश्च स्वर्गादपि गरियसि ।*

## अध्याय ३

# राष्ट्रवादको विश्व लहरमा नेपाल

## उठान

१. राष्ट्रियता या राष्ट्रवाद मानव सभ्यताको इतिहासमा नौलो कुरा होइन । सन् १७७०मा जोहन गोटफ्राइड हर्डरले प्रयोगमा ल्याएको अङ्ग्रेजी शब्द *nationalism, nationalismus* बाट पश्चिम जगतमा थप प्रयोगमा आएको हो । वैदिक जगतमा सृष्टिकालदेखिनै कायम छ ।

२. राष्ट्र जोडिने र छुट्टिने क्रम सृष्टिकालदेखि नै छ । देवता, मानव र दानव बीच भूमि विभक्त छ । बलियोले कमजोरको हडप्ने गर्दा देखिनै राष्ट्रियताको महत्त्व रहेको हो । राष्ट्रियता बलियो हुन र बलियोबाट जोगिनकै लागि थियो, छ । आजकलका अर्सियान, सार्क, इयु, नाटो, सियाटो, सार्क बलियो हुने थोरै नमुना उदाहरण हुन् । जब पहिले देश भन्ने भावना बढ्दै जान्छ यस्ता संगठन आफै सिद्धिदै जान्छन् । बेलायतको बहिर्गमन, सियाटोको पतन यसका प्रमाण हुन् ।

३. कुनैपनि मुलुकका असली मालिक जनता हुन्छन् । जनताको विदेशीको हस्तक्षेपबाट मुक्त भएर स्वतन्त्ररूपमा बस्ने चाहना हुन्छ । त्यहि चाहना नै राष्ट्रियता हो । निश्चित भूक्षेत्र र त्यहाँ बस्ने जनताको संस्कार, संस्कृति जातियता जसले सामुहिक भावना बनाउँछ, त्यो पनि राष्ट्रियता हो । राष्ट्रियताले देशभक्ति, देशप्रतिको ममत्वप्रेम दिन्छ, राष्ट्रिय परिचय दिन्छ । राष्ट्रियताले सामाजिक अभ्यस्तता र व्यवहारबाट आफ्नो मुलुकले गरेका सबै निर्णयलाई साथ दिने भावना बनाउँछ । राजनीतिक र सामाजिक दृष्टिकोण राष्ट्रियताका दुई पक्ष हुन्छन् । पहिलो संस्कारगत (primordialist perspective) र दोश्रो प्रचलित (modernist perspective) हुन्छ । पहिलोमा राष्ट्रियतालाई आफ्ना पुर्खाले अँगाल्दै आएका प्रतिबिम्बहरू हुन्छन् जसलाई जन्मको मायाले कसेको हुन्छ । पछिल्लो अनुसार बदलिँदो विश्वपरिवेशको लहरलाई समेत बुनेर वर्तमान समाजसँग मिलाउने हुन्छ ।

३. वैदिक शासन पद्धतिले विश्वलाई एउटै राष्ट्र मान्दछ । जनसेवाकालागि मात्र रजौटा, राज्य, राष्ट्र, महाराष्ट्र, चक्रवर्ती सबै समन्वयात्मक हुनेगरी विभाजन गरेको हुन्छ । त्यसैले *वसुधैवम् कुटुम्बकम्* सूत्र बोकेर राज्य सञ्चालन गरिन्छ । यसको आशय विश्व–शान्ति गराई राख्नु हो । यो अन्तरर्राष्ट्रियतावाद पनि हो, प्रवेश आज्ञा रहित विश्व बनाउनु हो । यसमा विश्वभरका नागरिकलाई

जहाँ चाह्यो त्यहाँ जान, बस्न र काम व्यवसाय गर्ने स्वतन्त्रता हुन्छ । एक विश्व सरकार हुन्छ, बाँकि सबै स्थानीय स्वायत्त सरकार हुन्छन् । भूबनोट अनुसार विभिन्न प्रकारका हुन्छन् । वैदिक संस्कारले तिनलाई ८ प्रकारका नाम दिएको छ । यो पद्धतिलाई पौरस्थ्य मुलुकले वि.सं.को बाह्रौं शताब्दीसम्म निरन्तरता दिए । त्यसपछि मुसलमान र इसाई–अङ्ग्रेजले ध्वस्त बनाए । आजसम्म निरन्तरता दिने एक मात्र राष्ट्र नेपाल भएपनि भारतीय छुत रोगको प्रभावको शिकार भएको छ । आजकल भौतिक उपभोक्तावादी औपनिवेशिक शासन लदाएर संस्कार र सभ्यता विनाश गराइरहेको छ । नेपाल राजनीतिक रूपमा सदा स्वतन्त्र रहेपनि संस्कार र सांस्कृतिक दुबै रूपमा विनाशतिर उन्मुख छ ।

४. अपौरूषेय धर्ममा विचार स्वतन्त्रतालाई उच्च स्थान दिइन्छ । पौरूषीय इसाईयत र मुसाइयतको सृजना भएपछि बलको प्रयोगबाट विचार बदल्ने संस्कारको सुरूआत भएको हो । त्यसपछि मात्र विश्व टुक्राटुक्रा हुँदै गयो । लुटको आर्थिक पद्धति सुरू भयो । ईमानीले समृद्धि हासिल गर्न सकेनन् । धनी र गरीबको समाज भयो । विश्व नै धनी र गरीबमा विभक्त भयो । पूर्वपश्चिम र उत्तर दक्षिणमा विभाजन भयो । आजको उदारवादले धनी झन धनी हुने गरीव झन गरीब हुने पद्धति नै बन्यो । त्यसको विरोध गर्नेहरू दबाइएका छन् । यसले थरिथरिका राष्ट्रवादको सृजना गरेको छ । आन्तरिक कलह भएका छन्, त्यसबारेमा तल नमुना चर्चा गरिएको छ ।

५. विश्व दुई ध्रुवीय रहेसम्म विश्व पूँजिपति र साम्यवादी विचारबीच राष्ट्रियता विभाजित थियो भने अब पश्चिमा देशहरूले इसाईयतको नाममा उपभोक्तावादी पूँजिपति बोकेका छन् भने मध्यपूर्वका मुसलमानले पूँजिपति व्यवस्था बोकेर नै इस्लामियतको सहारा लिएका छन् । यतिखेरको राष्ट्रवाद इसाई राष्ट्रवाद र मुसलमान राष्ट्रवादमा सीमित छ । पश्चिमा देशलाई शत्रु ठान्ने मुसलमान समूहले आफूलाई सच्चा राष्ट्रवादी दाबी गर्छन् । नतिजा के भयो भने मुसलमानी राष्ट्रवादीले ११ सेप्टेम्बर घटना घटाएर ट्विन टावर, पेन्टागन भवन ध्वस्त बनायो भने बदलामा इसाई मुलुकले त्यसका नेता बीन लादेनलाई मात्र मारेन, आदेश पालना नगरेको भनेर ईराकका सद्दाम हुसेन, लिबियाका कर्नेल गद्दाफी लगायतलाई राज्य आतङ्क गरेर मारिदिए । इदि अमिनले गोरालाई पालकी बोक्न लगाए । इसाईयत विरूद्ध तालीबानी, आइएस, आइएस–आइएस जस्ता उग्र जिहादी संस्थाहरू राष्ट्रवादका नाममा सक्रिय छन् ।

अहमदेनिजादले पश्चिमा मुलुकको धुवाँधार विरोध गरेकै कारणले २००५ को राष्ट्रपति निर्वाचन जितेका थिए । इरानलाई पश्चिमा मुलुकको छायाँ पर्न दिन नहुने मान्यता राख्ने उनले सन् २०१० को संयुक्त राष्ट्रसंघको

बैठकमा अमेरिकी राष्ट्रपतिलाई व्यक्तिगत तवरमै तथानाम गाली गरेका थिए । अमेरिकालाई गाली गरेका कारण उनलाई धेरै इरानी जनताले स्याबासी दिए । क्षणिक आनन्द महसुस भएपनि यथार्थमा विदेशी मुलुकको खेदो खनेर देशको विकास हुने होइन । अहमदेनिजादको शासनकालमा देशको आर्थिक अवस्था झन् खस्कियो, गरिबी झन् बढ्यो । सन २०१६ को डोनाल्ड ट्रम्फको अमेरिकी राष्ट्रपतिको चुनाव विजय पनि अहमदेनिजानको जस्तो उग्र राष्ट्रवाद नै थियो । यी दुबै अवस्थामा जनता सही छन् तर नेताले जनभावनालाई समेट्न सकेका छैनन् । पश्चिमा मुलुकको बढ्दो नाकाबन्दीका कारण ईरानको आर्थिक अवस्था नाजुक बन्यो, अत्यावश्यक वस्तुको जोहो गर्न असमर्थ भयो । कसैले नाकाबन्दी नगरे पनि ट्रम्फको उग्रवादले अमेरिकी जनताको राष्ट्रवादको आकाङ्क्षा पुरा हुने देखिदैन । यस्तै आक्रोशवादी राष्ट्रवाद उत्तर कोरियामा चम्किरहेको छ । यी यथार्थले अर्को मन नपरेको देशको विरोधलाई नै राष्ट्रवाद ठान्ने खोक्रो नाराले देशको विकास सम्भव नहुने देखिन्छ ।

६. अब कुरा आउँछ उग्र राष्ट्रवादको । उग्रराष्ट्रवाद प्रतिशोध र इर्ष्याले ग्रसित मानसिकताबाट उब्जन्छ । राजनीतिक दाउपेचबाट जन्मेको उग्रराष्ट्रवादले समाजलाई स्वतः द्वन्द्व र विखण्डनतिर लैजान्छ । शुद्ध राष्ट्रियता त दलगत स्वार्थबाट माथि उठेर भावनात्मक एकताद्वारा जोगिन्छ । एकथरिलाई कुण्ठामा राखेर अर्कोलाई उपभोग गर्ने चाहिँ राष्ट्रवाद होइन, राष्ट्रघात हो ।

रबर्ट चेम्बरको 'पुटिङ दी लास्ट फ्रस्ट'बाट मानव विकास हुने भए अमेरिकी रेड इण्डियन तथा कालाजाति र अष्ट्रेलियन 'एवोरिजन'हरू गोरा सरहका उन्नत भैसक्ने थिए । त्यो असफल योजना पश्चिमाले नेपालमा लदाएका छन्, यो गलत हो । उग्रताको प्रतिरूप हो ।

## टुक्र्याऊ र हत्याऊ :

१. विखण्डनको सोच राष्ट्रियताकालागि बाधक हुन्छ । विखण्डन पौरस्थ्य होइन, सुसभ्य होइन । यो पश्चिमी हो । नेपाल हिमवतखण्ड हो । यो तपोभूमि हो, आनन्द र सुखको खोज गर्ने थलो हो । बृहद् अनुसन्धानशाला हो । यो कहिल्यै विदेशीको गुलाम भएको छैन, उपनिवेश भएको छैन तर भारतको प्रभावमा परेका कारण आज नवउपनिवेशमा चेपिएको छ ।

२. कुनै मुलुक हत्याउनु छ भने पहिले त्यसलाई कमजोर बनाइन्छ । यो अभ्यास धेरै लामोकालदेखि चलिआएको हो । अनेकतामा एकता पूर्वीय सोच हो भने टुक्र्याऊ र हत्याऊ पश्चिमी सोच हो । संयुक्त परिवार पूर्वीय सोच हो भने एकल परिवार पश्चिमी सोच हो । कुलपूजा, पितृश्राद्ध आजको

समाजलाई बाँधिराख्ने संस्कार हो । मृत्यु हुँदा दाज्यूभाई कुल वंशहरू एक ठाउँमा भेला हुने, सहयोग गर्ने, खल्को गर्ने जस्ता कुराहरू केवल कर्मकाण्डसँग जोडिएको मात्र हैन, यो त सामाजिक जीवनसँग गाँसिएको विज्ञान हो । विवाह गर्दा जन्ती जाने र दशैमा कुलका सबैले ज्येष्टबाट टीका थापेर एकताको, मैत्रीभावको, ज्येष्ठको निर्देशन–नेतृत्वमा समाज चलाउने दिगो संस्कार हो । जीवन आनन्दमय सुखमय बनाउनकालागि यो एक कलात्मक अभ्यास हो । यिनै संस्कार मान्यताको जीवन्तताले हाम्रो समाज चलेको छ, त्यो धर्मआस्थासँग जोडिएको छ । त्यसले हाम्रो समाजलाई संस्कारित गराई राख्छ । एकत्रित हुने संस्कार हाम्रो राष्ट्रवाद हो । एकलपरिवार, जाती, लिंग, विभेद विखण्डनकारी नीति आयातित हुन् । विखण्डन र विभाजन नीति पश्चिमी हुन् । ती राष्ट्रियताकालागि बाधक तत्त्व हुन् ।

३. तराईका वासिन्दा राजा जनकभन्दा पहिले देखिका नेपालका अदिवासी भूमिपुत्र हुन् । ती नागरिकलाई भारतले भारतीय मूलका भनेर षड्यन्त्र गर्दछ, भड्काउँछ । नेपालको जुनसुकै भूभागमा बस्ने सबै नेपाली हुन् । ती सबैले बोल्ने भाषा नेपालका भाषा हुन् । ती सबैले मनाउने चाडपर्व नेपालका चाडपर्व हुन् । ती सबैले खाने खाना नेपाली खाना हुन् । ती सबैले गाउने गीत र बजाउने बाजा नेपाली हुन् । तिनले लगाउने पोशाक र गरगहना नेपाली हुन् । तिनका अध्यात्म चिन्तन पद्धति नेपाली पद्धति हुन्, आदि आदि । हामी सबै नेपाली पौरस्थ्य सभ्यताबाट पृष्टपोषित भएका मानिस हौं । त्यसले हामीलाई एक सूत्रमा बाँधेको छ । 'अनेकतामा एकता' हाम्रो मूल मन्त्र हो हिमाल देखि तराई सम्मको । हाम्रो भूगोलमा अनेकता छ । हाम्रो जैविक विविधतामा अनेकता छ । हाम्रो हावा पानी र मौसममा अनेकता छ । यसमा विदेशीले भाँजो हाल्नु षड्यन्त्र हो र त्यसको प्रतिकार नगरेर पछि दौडनेहरू ***अराष्ट्रिय*** हुन् । साउथ ब्लक, 'रअ' र मिसनरीले नेपाली राष्ट्रियता भत्काउने काम हेरेर बस्नेहरू पनि अराष्ट्रिय हुन् ।

४. त्यसै गरेर पहाडमा चुच्चे र बुच्चे, हिन्दु र बौद्ध, बाहुनवाद र संस्कृत भाषा, पतिपत्नी विरूद्ध भडकाउनेमा पश्चिमा गैसस उर्फ मिशनरीको षड्यन्त्र हो । त्यसले विकासको गति अवरूद्ध भएर देश गरीबोन्मूख छ । यी दुई तत्त्वले यस्ता विदूष नफैलाई दिएको भए नेपाल आजको स्तर भन्दा दोब्बर माथि उठेको हुने थियो । लाखौं नेपाली विदेशिन पर्ने थिएन ।

५. आत्मनिर्णयको हक भनेको आफ्नो मुलुकको काम कुरा गर्दा बाहिरी मुलुकले दख्खल गर्न हुँदैन भन्नु हो आफ्नो भाग्य आफै निर्धारण गर्ने हक हो । बाहिरीयाले दख्खल गरे भने आन्तरिक शान्ति खलबलिन्छ भन्ने हो । आत्मनिर्णयको अधिकारलाई सुरक्षित गर्न समावेशी प्रजातन्त्र भनिएको हो । समावेशी भनेको उपभोक्ताको पहिलो हक हुनुपर्छ भन्ने हो । त्यसकारण नै

नेपालले २०२१ देखि नै केन्द्रिकृत योजना छाडेर विकेन्द्रिकृत खोजेका हो । आफ्नै देशको अर्को जिल्ला वा अर्को गाउँको मानिस समावेश भएर पनि हुँदैन, उपभोक्तै समावेश हुनु पर्दछ भनिएको हो । उपभोग गर्ने सबै जाति, लिङ्ग, पेशाका मानिसलाई आवद्ध गरिएको हो । शुद्ध समावेशी गराउने हेतुले घरबार भएकै ठाउँबाट राजनीति प्रतिनिधित्व अनिवार्य गरिएको हो । तर दलले विदेशीको बहकाउमा लागेर त्यो पद्धतिको विरोध गरेर तोडे । आत्मनिर्णयको पद्धतिलाई बलियो पार्न हामीले शान्तिक्षेत्रको प्रस्ताव गर्‍यौं । तर विदेशीकै बुइचढेर त्यसको पनि विरोध गरियो । हामीलाई समावेशी प्रजातन्त्र र आत्मनिर्णयको आधिकारको पाठ सिकाउने विदेशी थिए, क्रिश्चियन मिशनरी र 'रअ'। जहाँ हामीले आफ्नै देशको पनि घर भएकै ठाउँको भएमात्र समावेशी हुन्छ भनिरहेका छौं, त्यहीं देश बाहिरबाट निर्देशितका लहैलहैमा हामी हिंडिरहेका छौं । त्यसैले हामीले प्रगति गर्न सकेका छैनौं, स्थीरता र दीगोपन कायम गर्न सकेका छैनौं, शान्ति सुरक्षा र अमनचयन कायम गराउन सकेका छैनौं ।

## राष्ट्रियता र दलीयता :

१. दलीय राजनीतिक शासन व्यवस्था पश्चिमी हो । त्यो भावनानै विखण्डन हो, विभेद हो, पूँजीवाद हो । नेपालमा आजकल देखिएको लैङ्गिक विभेद पश्चिमाको एकल परिवार र उपभोक्तावादी संस्कारको उपज हो । यसले राष्ट्रियतमा आँच ल्याउँछ, यो सर्वाङ्गिण र सन्तुलित विकासकालागि बाधक छ । निर्दल राजनीतिमा पनि विखण्डनकारी पश्चिमी सोच नेपालमा पसेको थियो तर कमजोर थियो । हिजो बहुदल मासियो भनिन्थ्यो तर फेरि आयो, आज पञ्चायत मासियो भनिएकोछ त्यो फेरि आउन सक्छ । बहुदलीय व्यवस्था खसीको टाउको देखाएरू कुकुरको मासु बेच्ने पसल भनियो, तर भन्नेहरूनै त्यही व्यवस्थामा पसे र सत्ता उपभोग गरे ।

बहुदलीय व्यवस्था छँदै केका लागि माओवादीको द्वन्द्व भयो त्यसको विवेचनै भएको छैन । स्पष्ट कुरा के हो भने भाग खान लाइनमा बसेको त्यो दल लाइन तोडेर अगाडि पुगेको मात्र हो । एउटा असल पक्षको थालनी भयो, एउटा सकरात्मक पक्षको थालनी भयो भन्ने कुरा कहिं कतै पाइँदैन । यस्ता आयातित कुराले एकता नासियो, राष्ट्रियता भासियो । नेपाल विपन्न भयो, विदेशीको निहित स्वार्थपरक हालिमुहाली बढ्यो ।

२. बहुदलले विखण्डनका कुरा छिटो भित्र्यायो । सानो देशमा संघात्मकता ल्याइयो, जाति र जनजातिको अवधारणा ल्याइयो, मासिनु पर्ने छुवाछूत र दलित भन्ने समुहलाई कहिल्यै नबिलाउने गरी प्रखर बनाइयो । यी सबैले राष्ट्रियता र राष्ट्रिय एकतालाई  खलबल्याए । त्यसले एकता बनाई राख्ने डोरी धर्म, संस्कार, सभ्यता, समानता र एकता मासिदै गयो ।

३. दल भनेको आपसमा लड्ने एक अर्काका शत्रुका रूपमा देखिइ रहेका छन् । ती पश्चिमाका खेलौना भएका छन्, एजेन्ट भएका छन्, भाडाका सेना भएका छन्, अन्नदाता-प्रभुका बफादार नोकर भएका छन् । जातीय र लैङ्गिक विभेदका नाममा विभेदै विभेद थपिएका छन् । फलतः आम जनताले सुन मासेर सिल्टे र प्लास्टिकका भाँडाको जुगाड गरेका छन्, तामो मासेर प्लास्टिकका भाँडाको जुगाड गरेका छन् । एउटा गाग्रीबाट दशवटा बकेट जम्मा गरेका छन् । समष्टिमा राष्ट्रियतामा आँच आएको छ, पश्चिमाको मिचाह संस्कार बढेको छ । विभाजन, खण्डीकरण र दुष्टिकरण व्यापक भएको छ । त्यसबाट राष्ट्रियता पतनतिर भरेको छ ।

४.. विदेशीका कारण हामी फुट्यौं भन्ने कुरा आज महसुस हुँदै गएको छ । आज पनि हाम्रो संस्कारमा लर्ड मेकाउलेको योजना अनुसार विदेशी ठूला र विज्ञ हुन्, मालिक हुन् र तिनले भनेको सबै कुरा मान्नु पर्दछ भन्ने मान्यता छ । शिक्षा पद्धतिले दास भाव, औपनिवेशिक दिमाग बनाई दिएकोछ । विद्वान, योजनाकार, शिक्षक, नेता, विद्यार्थी, युवा सबैमा यो भावना हुनुले अग्रजलाई दबाउने, घरघर कलह मच्चाउने वातावरण बढ्दै गएको छ ।

५. नेपालमा सन्तुलित विकास भएको छैन, विकास प्रक्रिया र प्रशासनले गलत नतिजा दिएकाछन् । सबै जात सबै ठाउँ पछाडि परेका छन् । सबै थलो अविकसित छन् । सबै जातका महिला पुरूष भन्दा पछाडि परेका छन् । उनीहरूको शिक्षाको स्तर रोजगार र जीवन स्तरको विकास हुनु पहिलो अनिवार्य आवश्यकता हो । समाजमा कोही भन्दा कोही पछाडि पर्नु हुँदैन । यी विभेद अन्त्य गर्न नेपालले अपनाएको तरिका गलत छ । गलत तरिका विदेशीको हो । नेपालमा विभेद ल्याउने दुईटा बाह्य तत्त्व हुन्, साउथ ब्लक र अन्तरर र्ष्ट्रिय गैरसरकारी संस्थाका नाममा नेपाल पसेको क्रिस्चियन मिशनको जालो । साउथ ब्लकले तराई र पहाड बीच फाटो जन्माई दिएको छ भने मिसनरीले जातजाति, लिङ्ग, सम्प्रदाय वर्गबीच फाटो ल्याइ दिएको छ । पछाडि 'रअ' र इयु मुलक, अमेरिका र अष्ट्रेलिया छन् । यी दुबैले 'फ्रि तिब्बत मुभमेन्ट' चर्काउँछन् र चिनीयाँ गतिविधिमा चासो राख्दछन्, जासुसी गर्दछन् ।

६. क्षेत्रिय स्वायत्तता, जातिय स्वायत्तता, भाषिक स्वायत्तता, आत्म निर्णयको हक तथ्यबाट पुष्टि नभएका नारा हुन, प्रतिशोध र इर्ष्याले ग्रसित मानसिकताका उपज हुन् । यसले समाजलाई स्वतः द्वन्द्व र विखण्डनतिर लैजान्छ, पछि पछुताउनै पर्दछ । राष्ट्रियता दलगत स्वार्थबाट माथि उठेरमात्र बन्दछ । एउटालाई कुण्ठामा राखेर अर्कोलाई उपभोग गर्ने चाहीं राष्ट्रघात हो । उग्रराष्ट्रवादी नाराले नागरिक अधिकार स्थापित हुन सक्दैन । अमेरिकी रेड इण्डियन, निग्रो र अष्ट्रेलियन एवोरिजन्सलाई उनीहरूले उठाउनै सकेका छैनन् । किनकि तिनीहरू स्वयोजना निर्माण गर्नेबाट वञ्चित छन् । नेपालमा

पनि जातीय र वंशज सीपका कामबाट वञ्चित गराइएका छन् । नेपालमा लदाइएको रबर्ट चेम्बरको 'पुटिङ्ग दी लास्ट फ्रस्ट' सिद्धान्तै गलत छ ।

७. राष्ट्रियता, संघीयता र आत्मनिर्णयका सवाल उदार अर्थनीतिसँग पनि गाँसिएका छन् । संरासंको वडापत्रले आत्मनिर्णको अधिकारलाई मानव अधिकार को महत्त्वपूर्ण अंश मानेको छ । त्यही आत्मनिर्णको अधिकारको मागले नेपालीको मनस्थिति टुक्राटुक्रामा विभाजित भएको छ । जात, धर्म, भाषा, क्षेत्रियता, पेशा आदिमा आत्मनिर्णको हक मागिएको छ । त्यही हककालागि कर्मचारीको समेत संगठन बनेको छ । यस्ता गलत मागलाई कार्यन्वयन गराउने यी दुबैखाले विदेशीले नेपाल राष्ट्रको आत्मनिर्णयको हक अथवा सार्वभौमिकताको हनन् गरेका छन् । गहिराईमा पुग्न नसक्नु नेपालको विडम्बना हो ।

८.. राष्ट्रको स्वतन्त्रता, स्वाधीनता, स्वराज, अखण्ड सार्वभौमकिता, आत्मनिर्णयको हक, संस्कारसंस्कृति, धर्म सम्प्रदाय, सामाजिक, आर्थिक, जातजाति, भाषाभाषी र भौगोलिक विविधिता सबै राष्ट्रियताका आधार हुन् तर हामीले तिनलाई बिथोल्ने विदेशीको हस्तक्षेपलाई सकारेका छौं । धेरै अवस्थामा लम्पसार परेर निम्त्याएका छौं । विदेशीलाई सल्लाहकार राखेका छौं, विदेशीको निर्देशनमा राज्य व्यवस्था चलाईरहेका छौं । अनेकतामा रहेको एकता तोडेर अन्तरकलह र अन्तरविद्रोहको वातावरण सृजिना गरी रहेका छौं । जुनबेला राष्ट्रको आत्मनिर्णयको हक बलियो बनाउन केन्द्रित हुन परेको छ ठीक त्यहींनेर स्थानीयता, जातीयता, भाषिकता, सांस्कृतिकताका कुराबाट देश विभाजन गरेका छौं । प्रतिशोध प्रतिनिधि चयन हुने तरिका अपनाएका छौं । यस्तो सोचले राष्ट्रियताको जगेर्ना हुन सक्दैन ।

९. पहिले राष्ट्रको आत्मनिर्णयको हक, त्यसपछि मात्र अरू कुराहरू आउँछन् । पहिले डुंगालाई सुरक्षित राखेर पार लागेपछि मात्र त्यसभित्र रहेको सामान ककस्को हो भन्ने हकको कुरा आउँदछ । पहिले तपाईको शरीरको सुरक्षाको हकको कुरा कायम गरेपछि मात्र त्यस शरीरले लगाउने पोशाकको हकको कुरा आउँदछ । हामी यस्ता गल्ती किन गरिरहेको छौं भने हामीले हाफ्नो बुद्धिको प्रयोग गरेका छैनौं, बाहिरियाले भड्काएर भड्किएका छौं । सानो छोटो प्रलोभनमा फँसेका छौं । बाहिरियाको निहित स्वार्थ बुझेका छैनौं ।

१०. दल र राष्ट्रियता भिन्न वस्तु हुन् । दल जनता हैन, नत दल सरकार हो । यो एउटा मध्यस्त व्यापारी जस्तै हो । संसदीय प्रजातन्त्रलाई अवरूद्ध र असफल पार्ने काम नेपालका दलहरूले नै गरे । वास्तवमा दलहरूको कुशासनले नै माओवादी जन्मिएको हो । फेरि निहित स्वार्थवश उनै विदेशीले नै

भूमिगत विद्रोहीलाई पालन पोषण गरेको, हुर्काएको र मौलाउने वातावरण तयार गरेको हो ।

विदेशीकै कारण देशको उन्नती अवरूद्ध पारेको हो, राष्ट्रिय अखण्डता र संसदीय प्रजातन्त्र नै असफल गराएको हो । प्रजातन्त्रमा विश्वास गर्ने कसैले पनि चुनावको बहिस्ष्कार गर्दैन, एक दलीय तानाशाह चाहने अथवा चुनावै नचाहने माओवादीको लहैलहैमा, विदेशीले उक्साएको भरमा अप्रजातान्त्रिक शैलीलाई समर्थन गरे । दल प्रजातन्त्रप्रेमी नभएर निहित स्वार्थकालागि काम गरेको ठहर्छ । विदेशीमा आ–आफ्नो देशप्रति राष्ट्रवादी सोच छ तर नेपालको राष्ट्रियता खल्बल्याउने धुन छ । आतङ्क र हिंसामा लागेकाको समर्थनमा लाग्ने सातदल प्रजातन्त्रवादी हुन सक्तैनन् ।

११. आज कुनै पार्टीले पनि अआफ्ना दलभित्र प्रजातान्त्रिक अभ्यास गराउन सकेका छैनन् । अब तिनीहरूले प्रजातन्त्रको रक्षा गर्दछन् भनेर विश्वास गर्ने आधार नै छैन । विदेशीको यही रवैया रहने हो भने सत्तामा पुग्ने क्षमता राख्ने दलले नेपालको अस्तित्त्व मेटाउने क्रियाकलाप गर्नेछन् । सत्ता स्वार्थकालागि विदेशी शक्तिको पछि लाग्ने दलमा देशप्रेम हुँदैन । उनीहरूले दलाली राजनीति बाहेक अरू केही जानेका छैनन् । राष्ट्र नै नरहे, देशको अस्तित्त्व र पहिचान नै नरहे, दलको औचित्य पनि रहँदैन । अव केही देशका राष्ट्रियता सँगै नेपालको विवेचना गरौं ।

## इजरायली राष्ट्रवाद :

१. राष्ट्रवादको इतिहासमा इजरायली राष्ट्रवादले विशेष महत्त्व राख्दछ । इजरायलको राष्ट्रवाद मूलतः मातृभूमिकालागि यहुदीवाद (जिओनिज्म)मा निर्भर छ । यहुदीवाद त्यहाँको राष्ट्रवादी राष्ट्रिय आन्दोलन हो । सोह्रौं र सत्रौं शताब्दीमा विश्वभरका यहुदीहरूलाई जेरूसेलममा एकतृत भएर स्वतन्त्र मुलुक स्थापना गर्न प्रोत्साहन गर्ने अनेकथरीका मसिहाहरू (messiahs) ले प्रोत्साहित गरेपछि उनीहरू जम्मा हुन थाले । त्यसैले यहुदीहरूलाई विश्वमा जहाँ बसे पनि उनीहरूको राष्ट्रियता जेरूसेलमको हुन्छ भनिन्छ । यसै आधारमा नै अमेरिकाले इजरायलको पक्ष लिने गरेको हो, किनकि अमेरिकाका धेरै वैज्ञानिक र धनी मानिस यहुदी नै छन् । त्यहाँ यो राष्ट्रवाद पुरापुर सफल छ । इजरायललाई दुई विश्वयुद्ध बीचको ३० वर्षको संकटले ज्यूजलाई यसो हुन बाध्य बनायो । राष्ट्रवादको अर्को पाटो पनि छ, विनाशकारी राष्ट्रवादको । आज इजरायलको राष्ट्रवाद मूलतः सुरक्षामा केन्द्रित छ, जनता र मुलुक दुबैको । यसैका लागि उनीहरूले जीओनिष्ट दृष्टि र होलोकस्टको पाठ ग्रहण गर्नु परेको छ । इजरायलको राष्ट्रवाद युरोपका देशले सताएपछि जन्मिएको

हो । यो यहुदीहरूको आफूभित्र रहेको क्षमताको प्रदर्शन हो, उपज हो । यो जातिय एकता हो र धार्मिक एकता पनि ।

२. सन् १८९६ पछिको आधुनिक जिओनिष्ट गतिविधिले इजरायललाई स्वतन्त्र सार्वभौम राष्ट्र बनाउन सघाउँछ । जिओनिज्म यहुदिको आफ्नो मुलुकको पुनर्स्थापन र यहुदी संस्कार र सभ्यताको पुनर्जीवीकरण हो । सन् उन्नाइसौं शताब्दीको अन्त्यतिर मध्य र पूर्वी युरोपबाट राष्ट्रिय पुनर्जागरण अभियानका रूपमा सुरू भएको हो । यो अभियान एन्टी सेमिटिक र असमावेशीका कारण सुरू भएको थियो । अट्टोमन इम्पाएर, उपनिवेशवादी, रङ्ग र जातिभेदवादी, विस्तार वा अतिक्रमणवादी नभएर पनि जीओनिस्टको स्वतन्त्र, सार्वभौम र सम्पन्न मुलुकका लागि क्रान्ति गर्न बाध्य पारेको थियो । प्यालेस्टिनीले उनीहरूको स्वतन्त्र मुलुकको मागलाई ठुकुराएपछि यो बाध्यात्मक रूपमा युद्धतिर होमिन पुगेको थियो । सन् १९४८मा गुमेको राज्य १९९६ पछिमात्र पुनर्स्थापन गर्न सफल भएका हो ।

३. सन् १८९७मा अष्ट्रियाका पत्रकार हर्ज्लले एन्टी–सेमिटिज्म बारे विचार गर्न स्विजरलैण्डमा पहिलो जिओनिस्ट काङ्ग्रेसको सम्मेलन गराएर पालेस्टाइनी स्वतन्त्र राज्यको माग गऱ्यो । त्यसलाई अट्टोमन सरकारले इन्कार गरिदियो । सन् १९०३मा बेलायत सरकारले तिनको पुनर्वासकालगि उगान्डामा १५,५०० वर्ग कि.मि. जग्गा उपलब्ध गरायो, त्यसलाई पालेस्टाइनीले मन्जुर गरेनन् । सन् १९१४सम्म ९० हजार जनसंख्या भएका १३ हजार यहुदी परिवारहरूले ४३ वटा कृषि पुनर्वास गाउँ बनाएर बसोवास सुरू गरे । बेलायतले नोभेम्बर २, १९१७ मा यहुदीका ती बस्तीलाई मान्यता दियो । युरोपमा हिटलरको प्रादुर्भाव नभएसम्म छरिएका ज्यूजहरूको इजरायलमा एकतृत हुने गति ढिलो भयो । त्यसबेलासम्म केही अमेरिका पुगिसकेका थिए ।

४. पहिलो विश्वयुद्ध पूर्व रूस, अस्ट्रिया र जर्मनका थोरै एहूदी इजरायलमा जम्मा भए । तिनले पहिलो हिब्रु भाषाको विकास गरे, जुन निरन्तर कायम छ । तिनले गाउँ र शहरको विकास गरे । यहुदीको संस्कार र सभ्यतालाई पनि जीवन्त गराए । यसै बीच १९४७ मा अरब र ज्यूजहरूले अलगअलग राज्यकालागि झगडा गर्न थाले । १९४८मा स्वतन्त्र इजरायली राज्यको गठन भयो । सं.रा.सं.ले विभाजन गर्दा ८ लाख अरबीहरू विस्थापित भएका थिए । त्यसपछि त्यहाँ शान्ति नासियो, आतङ्कवादको सुरू भयो ।

५. सानो मुलुक, कठिन भूपरिस्थिति, पूर्वाधारको अभाव तथा छिमेकीको पूर्ण शत्रुतापूर्वक व्यवहार भएर पनि इजरायल आफ्ना खुट्टामा उभिन सक्षम भएको छ । नेपाल जस्ता देशको आर्थिक विकास र रक्षा व्यवस्थामा सघाएको छ । आत्मनिर्भर हुने बाटो देखाएको छ । विश्ववादीले इजरायलको आलोचना

गर्दछन् । यसले उनीहरूको अन्तर हृदयमा पीडा पुग्दछ । उनीहरूको थप पीडा प्यालिस्टाइनीहरूबाट निरन्तर भू-क्षेत्रप्रति अतिक्रमण हुनु पनि हो । भू-क्षेत्र, धर्म र जातीमा आधारित राष्ट्रिय चिन्तन हो । उनीहरूले जातीय एकता, मजहबीय एकता मात्र बनाएनन् यहुदी मात्रलाई ज्ञय, चेतन, विज्ञ र कर्मयोगी पनि बनाएका छन् ।

६. यहुदी र प्यालेस्टाइनी राष्ट्रवादको प्रसङ्गलाई पान–अरबिज्म राष्ट्रवादसँग पनि दाजिन्छ । अलकुद विश्वविद्यालयका अनुसार यो थलो इजिप्सियन, हिट्टि, फिलिस्टिनी, इजरायली, बेबिलोनियानी, पर्सियन, रोमन, मुसलमान, अरब, ममलुक्स, ओट्टोमन, बेलायतीहरूले कब्जामा लिएर शासन गरेका थिए । यसरी लामो कालपछि मात्र यहुदीले आफ्नो मुलुक पाउन सफल भएका हुन् ।

७. सन् १८९६ पछिको आधुनिक जिओनिष्ट गतिविधिले इजरायललाई स्वतन्त्र सार्वभौम राष्ट्र बनाउन सघायो । आफ्नो मुलुकको पुनर्स्थापन र यहुदी संस्कार र सभ्यताको पुनर्जीवीकरण मुख्य चासोको विषय भयो । सन् उन्नाइसौं शताब्दीको अन्त्यतिर मध्य र पूर्वी युरोपबाट राष्ट्रिय पुनर्जागरण अभियानका रूपमा सुरू भएको हो । यो अभियान एन्टी सेमिटिक र असमावेशीका कारण सुरू भएको थियो । अट्टोमन इम्पाएर उपनिवेशवादी, रङ्ग र जातिभेदवादी, विस्तारवादी र अतिक्रमणवादी नभएको भनिए पनि जीओनिस्टको स्वतन्त्र, सार्वभौम र सम्पन्न मुलुककालागि क्रान्ति थियो । प्यालेस्टिनीले यहुदीको स्वतन्त्र मुलुकको मागलाई ठुकुराएपछि बाध्यात्मक रूपमा युद्धतिर होमिन पुगेको थियो ।

८. जोहन गोटफ्राइड हर्डरले सन् १७७०मा नेशनालिज्म (*nationalismus*) शब्द प्रयोगमा ल्याएपछि यहुदी र प्यालेस्टाइनी राष्ट्रवादको प्रसङ्ग चलेको हो । यसलाई पान–अरबिज्म राष्ट्रवादसँग पनि दाजिन्छ । यसरी लामो कालपछि मात्र यहुदीले आफ्नो मुलुक पाउन सफल भएका हुन् ।

## नेपाल र इजरायल

१. इजरायलको राष्ट्रवादको विपरीत नेपालको राष्ट्रवादले वैदिक कालदेखि निरन्तरता पाएको हो । हिमवतखण्डको आफ्नो मुलुक नेपाल सदा स्वतन्त्र, सार्वभौम र आत्मनिर्भर बनाउन सक्षम रहिआएको छ । खास गरेर मुसलमान र अङ्ग्रेजको उपनिवेश बनाउने प्रयत्नलाई विफल गराएर स्वतन्त्र सार्वभौम नेपाललाई जोगाएको हो । तिनीहरूबाट सम्पत्ति लुट्ने, दमनकारी शासन गर्ने र बल प्रयोगबाट धर्म परिवर्तन गराएर संस्कार र सभ्यता मास्ने कामबाट जोगाउन सफल भएको हो । मुसाई-इसाईले १३१८ वर्ष लामो इण्डियाको उपनिवेशिक शासनमा पनि नेपालले आफ्नो धर्म, संस्कार, सभ्यता

र राष्ट्रियता जोगाई राख्न सफल भएको थियो । तर शताब्दीयौं उपनिवेश भएको भारतले इयुका मिशनरीलाई सघाएपछि मात्र नेपाल वैदिम हिन्दु अधिराज्यबाट धर्मनिरपेक्षमा बदलिएको हो । यो परिवर्तन गराएर भारतको जीत हैन पराजय भएको छ । नेपालले जोगाएको वैदिक समाजवादी शासन व्यवस्थाको बीज पनि मासिदिएको छ ।

३. नेपालीसँग गीताको कर्म योगको पुस्तक छ तर इजरायलीसँग कर्मयोगको कर्म छ । नेपालीसँग हिङ बाँधेको टालो छ तर इजरायलीले हिङ फल्ने रूख उमारेर हिङ उत्पादन र बिक्री गरेका छन् । यहुदीहरू इतिहास, मजहब, आध्यात्मिकता जुडिया र सुमारियासँग जोडिएका छन् । उनीहरू पुरातन, रूढीवादी र अनुत्पादक पाटे अल्छी मानिसमा पनि गनिदैनन् ।

४. राष्ट्रियताबारे नेपालीले इजरायलबाट जान्नु पर्ने पहिलो आवश्यकता हो, निदाएको राष्ट्रियतालाई पुनर्जागृत गर्ने । त्यसपछि राष्ट्रियता भनेको भाषा, संस्कृति, शिक्षा, स्वास्थ्य, वन, कृषि, सभ्यता, आर्थिक उन्नति, धर्म सबै हो भन्ने बुझ्नु पर्दछ । राष्ट्रियता बलियो बनाउन भू-क्षेत्र, जल आदि प्राकृतिक श्रोत साधनको संरक्षण र उपभोग आफै गर्न सक्नु पर्दछ । त्यस्तै भौतिक बाहेक मानसिक कुराहरू जस्तै गौरव, अपनत्व, सम्मान र सार्वभौम शक्तिको पनि खाँचो पर्दछ ।

## प्यालेस्टाइनी राष्ट्रवाद

१. अट्टोमन कालदेखि सञ्चालित प्यालेस्टाइनीहरू (फिलिस्तिनी) ले आफूलाई अरब मूलको[३] मानेका थिए । यिनीहरूको इस्लामी मजहबले प्यालेस्टानी समुहलाई विशाल सिरियाली समुहमा पनि गन्दछ । कैयौंले अरबी राष्ट्रवादलाई राजनीतिभन्दा सामाजिक चेतनाका रूपमा मान्दछन्, पान–इस्लामिक वा पान–अरबियन राष्ट्रवादका रूपमा मान्दछन्[४] । वास्तवमा प्यालेस्टानी राष्ट्रवाद जिओनिस्ट आप्रवासी आउन थालेपछि त्यसविरूद्धको युद्धदेखि सुरू भएको हो[५] । यसरी इजरायली र फिलिस्तिनी राष्ट्रवाद परमात्मा प्रतिको आस्था (मजहब), जातिवाद र भू-क्षेत्रसँग आबद्ध[६] छन् ।

२. प्यालिस्टानी समुह सन् १९२० देखि फरक राष्ट्रिय धार लिएर आन्दोलनमा लागि परेको थियो । त्यो आन्दोलन १९६७ सम्म निरन्तर कायम रह्यो । यो आन्दोलन बेलायती जनादेशबाट इजरायलमा यहुदीको बस्तीका (यीशुभ) कारण भएको थियो । त्यसका विरूद्ध प्यालेस्टाइनीयनले विद्रोह

३. Farid Georges Kassab, Palestine, Hellenishm, and Clerisalism.

४. Haim Gerber, Hebrew University of Jerusalem, Mufti Khayr al-Din al-Ramli and Benny Morris, the Arabs in Palestine.

५. James L. Gelvin, The Israel–Palestine Conflict: One Hundred Years of War,

६. It was not as a Palestinian nation that the Palestinian Arabs of the Ottoman empire objected to Zionists. -Bernard Lewis.

(१९२९ र १९३६–१९३९) गरेका थिए । किनकि यो करिब ७ लाख प्यालेस्टिनीलाई विस्थापन गराउने कार्यक्रम थियो । सन् १९९०मा प्यालेस्टाइन र इजरायल दुई स्वतन्त्र मुलुकमा विभाजित हुन सहमत भएपछि यो मत्थर भएको थियो तर पनि अझै शान्ति भएको छैन ।

३. प्यालेस्टाइनी राष्ट्रवाद पनि विपरित प्रतिद्वन्द्वीका रूपमा इजायलीकै अनुकरण मानिन्छ । यहुदीको नेशन–स्टेट बिलमा प्यालेस्टाइनको सपना जस्तै[७] छ । पूर्वी जेरूसेलम, वेष्ट बैङ्क वा गाँजा क्षेत्रमा विविध मात्रामा यो लागू छ ।

जिओनिष्ट विचारधाराले यहुदीहरूलाई अनेकतामा एक जाती भन्दा यहुदी मजहबलाई स्वीकार्ने सबै जनता राष्ट्र हुन् (a people or nation) भनेर मान्दछन् । ठूला शक्तिको सहयोगबाटमात्र इजरायलले यसो गर्न सफल भएको थियो[८] ।

४. मार्टिन बबर, जेव जाबोटिनिस्की र डेभिड बेन गुरिअनले दुई राष्ट्रिय मान्यताको विकास गरेपछि युद्ध मत्थर गराउन सजिलो भएको हो । यो 'सर्वनासे समुत्पन्ने अर्धम्' त्यजति पण्डितमा आधारित छ । वास्तवमा यो राष्ट्रवादमा तीनवटा कुरा एकै ठाउँमा गाँसिएका छन् । मजहबी आस्था, जातीयता र भू-क्षेत्र राष्ट्रवादका मूल विषय हुन् ।

५. वैदिक कालीन संस्कार र सभ्यतामा आधारित हिन्दु अधिराज्य नेपालको राष्ट्रवाद पनि लगभग यही आधारमा थियो तर गोरा महान् भन्ने इसाई मुलुकको राष्ट्रवादले १६ वर्षसम्म सन् (१९९०–२००६) लगातार विद्रोह गराएर, अशान्ति बनाएर अन्त्य गराउन सफल भएको हो । वैदिक सभ्यता त्यागेको भारतको पनि सहयोगले मात्र त्यो सफल भएको थियो । वास्तवमा भारतीय सभ्यताको गर्व गर्ने भारतले त्यही सहयोग नेपाललाई दिएको भए वैदिक समाजवादी शासनको आधार हिन्दु (धर्म) अधिराज्य नेपाल कायम भएको हुने थियो । त्यस नियतले भारतले नेपाललाई हराएको हैन बरू आफू नै हारेको हो ।

## अमेरिकी राष्ट्रवाद :

१. संयुक्त राष्ट्र अमेरिकाको राष्ट्रवाद पनि इजरायलको भन्दा धेरै फरक छैन[९] । तर गोरा महानता (सुप्रीमेसी) भन्ने अभिमान भने अमेरिकी राष्ट्रवादमा पनि बेलायती राष्ट्रवाद सरह कायम छ । गोराहरूले रङ्गभेद

७. In some way, Israel behaves as if Palestinian Arabs– Christian or Muslim – do not exist.

८. See The Ethnic Cleansing of Palestine by Ilan Pappe, 2006.

९. "look to Israel as a model of the ethno-state they wish to emulate." (Where white nationalists and Zionists meet | Americas | DW).

नीतिलाई राष्ट्रवाद मान्दछन् । उनीहरूले विश्वलाई शोषण गर्दा फैलाएको वातावरणीय प्रदुषण बापत तिर्ने जरिवानालाई पनि प्रभुत्व कायम गरी सहयोगको नाममा दिन्छन् । त्यो खर्च गर्न एक जना सल्लाहकार पठाउँछन् । गोरा महान् भनाईलाई व्यवहारमा उतार्दछन् । यसरी बेलायती शासनबाट संस्थागत रूपमा लागू गरिएका आर्थिक, सैनिक, कानुनी, सैक्षिक, धार्मिक, सामाजिक प्रभावमा पार्ने काम निरन्तर कायम छ[१०] । जर्ज फ्ल्वाइड हत्याकाण्ड त्यही निरन्तरताको पछिल्लो घटना हो ।

२. भूमण्डलीकरणको बादल आकाशमा मडारिइ रहेको बेलामा अमेरिकामा अमेरिकी राष्ट्रवादको नारा लिएर राष्ट्रपति ट्रम्प देखा परेपछि इजरायललाई आँट थपिदिएको छ । अमेरिकी चुनावपछि सार्वभौम जोगाउनु, आर्थिक उन्नति गर्नु र जनताको जीवनस्तर उठाउनु राष्ट्रियता हो । ट्रम्पले राष्ट्रप्रेमलाई कदर गरेका छन्, त्यसैलाई राष्ट्रियता भनेका छन् । उनका बाजे पुस्ता युरोपका भएपनि जन्मेको थलोको माया गर्नुपर्छ भन्ने वैदिक ब्राह्मणीय यथार्थ धर्मलाई अँगालेका छन् । विश्ववाद र राष्ट्रवाद बीचको खाडल पुरेका छन् । यसले इजरायलको राष्ट्रवादलाई समर्थन पुगेको छ । शितयुद्धको साम्यवाद र पूँजिवादको धङधडीलाई पनि अन्त्य गरेको छ । अब फेरि विश्व भरका मूलुकले राष्ट्रवादको अर्थ बुझ्न खोजेका छन् । निर्यातमुखी अर्थतन्त्र र मित्रवत विश्व व्यवहार एकैसाथ उजागर हुनु राष्ट्रवादको नयाँ उपज हो ।

## कोरियन राष्ट्रवाद

१. जब विश्व साम्यवाद र पूँजिवादमा विभाजित थियो जर्मन, भियतनाम र कोरिया दुई खेमामा विभाजित थिए । साम्यवादी उत्तर कोरियालाई पूँजिवादी दक्षिणले रग, एकल, अविकसित, जेनोफोबिक (rouge, isolated, backward and xenophobic) आदि विशेषणबाट सम्बोधन गरेको छ ।

सन् १९४८मा जापानको उपनिवेशबाट मुक्त भएको तीन वर्षपछि उत्तर कोरियाले साम्यवादी सिद्धान्तको राजनीति अपनाएको थियो । दुई ध्रुवीय विश्व राजानीतिले कोरियालाई समाजवादी उत्तरकोरिया र पूँजिवादी दक्षिण कोरियामा विभाजित गरेको छ । एकीकरणकालागि जति प्रयत्न गरेपनि सफल हुन सकेको छैन ।

२. यसैबीचमा उत्तरकोरिया क्रमशः राष्ट्रभक्तिबाट राष्ट्रवादी राज्य (from a patriotic to a nationalist state) मा परिणत भएको छ । राष्ट्रभक्ति भन्दा राष्ट्रवादी सोच बढी सशक्त हुने ठानेको छ । यो अवस्था त आन्तरिक

---

१०. "Historically based, institutionally perpetuated system[s] of exploitation and oppression … a web of interlocking, reinforcing institutions: economic, military, legal, educational, religious, and cultural. As a system, racism affects every aspect of life in a country." (UN report: Israel has established an 'apartheid regime')

तथा बाह्य दबाबका कारण भएको हो । उत्तरकोरियालाई राजनीतिक सिद्धान्तको संरक्षण एकातिर छ भने अर्कोतिर गिर्दो अर्थतन्त्रको संरक्षणका बीच राष्ट्रियताको जोहो पनि गर्नुपरेको छ ।

३. उत्तरकोरिया स्वतन्त्र हुनुपूर्वको जापानी साम्राज्यवादको विरूद्ध सोभियत युनियनको मार्क्सिस्ट–लेनिनिष्ट विचारधारा अनुसार साम्यवादी मुलुकको लहरमा उभिएको छ । महिला–पुरूषबीचको विभेद हटाएको छ । अनेक खाले षड्यन्त्रका बीच जुछे विचारधारालाई जोगाएको छ । अमेरिका जस्तो शक्तिसँग जुधेको छ । जीवन शैली र संस्कृतिलाई नयाँ आकार दिएको छ । साम्यवादी मोडलमा राष्ट्रियता जोगाएको छ । आर्थिक रूपमा कमजोर भएपछि बलियो राष्ट्रवादको खाँचो महसुस गरिएको थियो । यसले जातियता हटाएर जातिराष्ट्रवाद बढाउन (Issues of Ethnicity and Ethnonationalism) सघाएको छ । सुरूमा सोभियत युनियन र अब चीनसँगको सहकार्यमा यहाँको राष्ट्रवादलाई समाजवादी राष्ट्रवाद भनिएको छ । असल राष्ट्रभक्त नै असल समाजवादी हुन्छ भन्ने मान्यता राख्दछ । यसले अमेरिका विरोधी भावना (anti-Americanism is framed in a nationalist perspective) पनि जगाएको छ ।

४. कोरियाको यो राष्ट्रवादलाई एक समुहले अतिराष्ट्रवादीको रूपमा हेर्दछ । सार्वभौम राष्ट्रवादले तिनलाई परास्त गर्दै लगेको छ । वास्तवमा जुछे विचारको यो राष्ट्रवाद नयाँ र मौलाउँदो छ । यही राष्ट्रवादका कारण दक्षिण कोरिया र अमेरिकासँग डटिरहेको छ । उनीहरूले वैचारिक अतिवाद (ideological extremism) भन्दाभन्दै पनि डटिरहेका छन् । प्रतिउत्तरमा दक्षिण कोरियाको राष्ट्रवादलाई उत्तर कोरियाले अमेरिकाको कठपुतली तानाशाही राष्ट्रवाद मान्दछ भने आफ्नो राष्ट्रवादले सन् १९६०को दशकमै अभूतपूर्व प्रगति हासिल गरेको दाबी गर्दछ ।

५. पुएबलो घटनापछि उत्तर कोरियाले अमेरिका र जापानलाई साम्राज्यवादी र दक्षिणकोरियालाई तिनको दलाल र धोकेबाजको रूपमा हेर्न थालेक छ । फेरि संस्कृतिले संस्कृतिलाई निर्माण गर्दछन्, तिनलाई दैनिक जीवनमा उतार्नु पर्दछ भनेको छ । दैनिक नित्यकर्म, जीवनचर्या, पोशाक, खानपान र शारिरिक श्रम ती सबै मुलुकका सभा विषय बन्दछन् भनेर मानेको छ । यस अर्थमा दक्षिणकोरियासँग पनि व्यापक राष्ट्रभक्ति र राष्ट्रियता (wider patriotism and nationalism) भएको मानेको छ । यो बिन्दु नै एकीकरणको सूत्र बनेको छ ।

मार्क्स–लेनिन–जुछे विचारले उत्तरकोरियालाई समाजवादी राष्ट्रवाद बनाएको छ जसलाई रोमान्च राष्ट्रियता पनि भनिन्छ । समाजवादी राष्ट्रियताले समाजवादी–साम्यवादी र संस्कृति राष्ट्रिय स्वतन्त्रताको चेतना

सहितको क्रान्तिका रूपमा मानिन्छ । अव्यवस्था र भ्रष्ट्राचार उक्त राष्ट्रियताका बाधक तत्त्व मानिन्छन् । त्यसमाथि नेपालमा प्रवेशद्वार, प्रतिमा, टावर जस्ता अनुत्पादक कुरामा लगानी गर्ने गरेर राष्ट्रियतालाई कमजोर पारि एको छ । नेपालका साम्यवादीले पनि त्यही गल्ती दोहऱ्याएका छन् । साम्यवादीले भोकै र नाङ्गै बसेका जनतालाई सुखी र समृद्ध पार्छन् भनेर प्रचार गर्दछन, काम उल्टो गर्दछन् भनेर जनगुनासो छ ।

६. गीत संगीत र पोशाक, नाच गानलाई पनि कोरियन जातीय गौरव मानिन्छ । यी पनि राष्ट्रियताका भाग हुन् । धारणात्मक कुरामा यो सामान्य भएपनि संवेगात्मक रूपमा उत्तेजनात्मक विषय हो । जातीय राष्ट्रवादलाई अतिवाद भनेपनि यो राष्ट्रियताको एक भाग हो । अमेरिकी साम्राज्यवादलाई रोक्न पनि यो चाहिन्छ भनिएको छ । उत्तरकोरियाली राष्ट्रवादलाई अलि अस्पष्ट भनिएपनि राजनीतिक तानाशाही पहिलो र जातीय राष्ट्रवाद त्यसपछिको मानिएको छ । राजनीतिक मान्यतामा उत्तर दक्षिण फरक भएपनि जातीय मान्यतामा दुबै एकै छन् ।

७. जपानले सन् १९०५मा कोरियालाई संरक्षित राज्य बनाएपछि कोरियामा जातीय राष्ट्रियताको[११] बाहुल्यता भएको हो । जापान र जर्मनले जातीय राज्यको अवधारणालाई मान्यता दिएनन् तर दुबै कोरियाले जातीय राज्यको राष्ट्रवाद नीति अवलम्बन गरेका छन् । यो पनलाई नाजीवाद सरहको मानिन्छ । जातीय एकतामा पनि शुद्ध रगत भएका र नभएकाको आधारमा यो राष्ट्रवाद बनेको छ । किनकि जापनी उपनिवेशमा कोरियन नामलाई जापानीमा, सरकारी कामकाजमा जापानी भाषाको प्रयोग, जापानी जाती प्रथाको लदान भएपछि दुबै कोरियामा एथिनक-प्याट्रियोटिज्मको प्रादुर्भाव भएको हो ।

दक्षिण कोरियाको राष्ट्रवादमा शुद्ध कोरियन नशल पहिलो हो । उत्तरको भन्दा यही फरक छ । दक्षिणको राष्ट्रवाद साम्यवाद विरोधी छ । विदेशी रगत, मिश्रित रगत र शुद्ध रगत गरी तीन तहमा छ ।

८. कोरियन एकीकरणका पक्षधर भने जातीय राष्ट्रवाद भन्दा अलि फरक धारणा राख्दछन् । दक्षिण कोरियाले जन्मसिद्ध नागरिकलाई महत्त्व दिन्छ । उत्तरकोरियालाई त विदेशी बाबुबाट जन्मेको शिशु हत्या गरिन्छ भन्ने आरोप छ । शुद्ध रगत र मिश्रित रगत भन्ने आम धारणा छ । दक्षिण कोरियामा भण्डै ८९ प्रतिशत आप्रवासी महिला छन्, ती मध्ये ६२ प्रतिशत चीनियाँ महिला छन् । कुल जनसंख्याको ३.४ प्रतिशत विदेशी छन् । राज्यले

११. "nation", "people", "ethnic group", "race", and "race-nation".

बहुसांस्कृतिक मुलुक (openness to multiculturalism) धारको राष्ट्रियता छ भने पनि जनताले शुद्ध रगतको कोरियाको चाहना राख्दछन् भनेर मानिन्छ ।

## जर्मन राष्ट्रवाद

१. जर्मन राष्ट्रवाद पनि जर्मन जातिहरू एक राष्ट्र हुन् (Germans are a nation) भन्ने आधारमा निर्मित छ । जर्मन राष्ट्रवादले जर्मन जातिको एक राष्ट्र (नेशन स्टेट) मान्दछ । यसले जर्मन जातिको एकतालाई गर्वका रूपमा लिन्छ । सुरूमा जर्मन राष्ट्रवादलाई रोमान्टिक राष्ट्रवादको नामले जानिन्थ्यो । पान–जर्मनले टाउको उठाउन थालेपछि नेपोलियनले युद्ध सुरू गरेका थिए । जर्मन नेशन स्टेटको नाराले महत्त्वपूर्ण राजनीतिक शक्ति बनाउन सहयोग पुगेको थियो । फ्रान्सले जर्मनको भूभाग हडप्न थालेपछि जर्मन राष्ट्रवादलाई जातीय राज्यका रूपमा बलियो बनाउन यसो गरिएको थियो । यही आधारमा अष्ट्रियालाई पनि जोड्ने योजना बनाइएको थियो । किनकि अष्ट्रिया जर्मन जातिको देश हो । यहींबाट विशाल जर्मनी र सानो जर्मनी –(‘Lesser Germany’ that excluded Austria & ‘Greater Germany’ that included Austria) भन्ने आधारशिला बनेको थियो । महान् जर्मन जाति भन्ने सोचले यहुदी र जिप्सीलाई देश निकाला गरिएको थियो । नाजीको हार पछि मुलुक नै दुई भागमा विभाजित भयो, विश्व सितयुद्धमा परिणत भयो । तर अष्ट्रियाले क्याथोलिक बाहुल्य अष्ट्रिया प्रोटेस्टैन्ट बाहुल्य जर्मनसँग नगाँसिने भनेर मजहबी राष्ट्रवादले जातीय राष्ट्रवादलाई उछिन्यो ।

२. यसरी जर्मन राष्ट्रवाद, जाति, मजहबी र भाषिक आधार लियो । उन्नाइसौं शताब्दीपछि उदार राष्ट्रवादमा जनसार्वभौमिकता (liberal democracy and popular sovereignty) मा परिणत भयो । अर्कोतिर पर्सियन शासक संकुचित, प्रतिकृयावादी, क्याथलिक आस्था विरोधी, समाजवाद विपरित (Prussian authoritarianism was conservative, reactionary, anti-Catholic, anti-liberal and anti-socialist in nature) थियो ।

३. सन् १८७१ पछि जर्मन राष्ट्रवाद डार्बिनवाद, मसिहावाद र जातीवाद (Social Darwinism, messianism, and racialism) मा परिणत भयो । त्यसपछि विश्व अर्थतन्त्र र सेना शक्ति बढाएर फ्रान्स र बेलायती शक्तिसँग प्रतिस्पर्धी बन्ने राष्ट्रवादतिर उन्मुख भयो । योग्यतम बँच्ने –(survival of the fittest) डार्बिन सिद्धान्तलाई अँगालेर संस्कृति र सभ्यताको नाममा ( १८८४–१९१४) अफ्रिकामा उपनिवेश बनाएर प्रतिस्पर्धी पनि साबित भयो । विमर जर्मनीको पालामा जाति जनजातिको रूपमा विदेशीएका जर्मनलाई भित्र्याउने र गैर जर्मन आप्रवासीलाई हतोत्साही गर्ने कानुन बनाइयो । यसरी हिटलरको नेतृत्वको नाजी जर्मन (१९३३–१९४५)का पालामा फरक राष्ट्रियताको प्रादुर्भाव भयो । उनले विशाल जर्मन जातिको देश बनाउन

एकीकरणको अभियानलाई जोड दिए । उनले अष्ट्रियन जर्मन, सुडेटेन जर्मन, नाजी जर्मनहरूलाई जोडेर जर्मनजातिको विशाल देश बनाउने नीति अपनाए । सन् १९४५ पछिको जर्मनी राजनीति विचारधारायुक्त राष्ट्रवाद अँगालेकोले देश दुई भागमा विभक्त भयो, साम्यवादी र पूँजिपतिमा । जर्मन जाति एक हुने चाहनाले एकीकरण भयो । नाजी दलमा तुर्क जातिलाई समावेश गरिएन, तिनले अलग्गै दल बनाए ।

४. सन् १८४८/४९को उदार राष्ट्रवादी अभियानमा विशाल जर्मन अभियान फेरि थालियो । यसले जर्मनको दानुबे राजसंस्थालाई जर्मन साम्राज्यमा परिणत गरायो । वास्तवमा राष्ट्रियता भनेको स्वतन्त्र भएर बस्ने जनताको चाहना हो । जर्मनको पनि त्यहि चाहना थियो । नेपालको पनि त्यही चाहना हो ।

## क्युबाली राष्ट्रवाद

१. क्युबाको राजनीतिमा आन्तरिक द्वन्द्व देखिँदैन । अमेरिका लगायत विश्वमा देखिने यो कुरा क्युबाको राष्ट्रियतामा देखिदैन । क्यास्ट्रोको साम्यवादी शासनले राम्ररी व्यवस्थित गर्न सकेको पाइन्छ । ल्याटिन अमेरिकाको राष्ट्रियता सार्वभौमसत्तामा केन्द्रित पाइन्छ भने कैयौं देशले सांस्कृतिक परिचयलाई राष्ट्रियता बनाएका हुन्छन् । क्युबाली राष्ट्रियतामा राजनीति र अर्थनीतिले दबाएको पाइन्छ । यसो हुनुमा रूसको समर्थन र प्रभाव मुख्य हो । सन् १९५९ सम्म जब यो स्पयानिस उपनिवेश थियो, केही अमेरिकी प्रभाव थियो तर क्युबाली विद्रोहले मौलिक राष्ट्रवादको विकास गरेको हो । क्युबाका नागरिकले अमेरिकी पक्ष स्वीकार नगर्ने भएपछि यसो भएको हो । यसो हुनुमा क्युबाली राष्ट्रिय एकता मुख्य कारण हो ।

२. सुनको खोजमा आएका स्प्यानिसले सन् १५११ देखि क्युबामा उपनिवेशिक शासन गरेर बसेका थिए । तिनीहरूले यहाँ शोषण गर्नसम्म गरे र लुट्नसम्म लुटेका थिए । क्युबाली राष्ट्रवादका कारण विदेशीको दमनकारी शासन र चरम आर्थिक शोषण मुख्य हुन् । सन् १८००मा सबै देश उपनिवेशबाट स्वतन्त्र हुने लहरमा क्युबा र पुएर्टोरिको पनि स्वतन्त्र भएका हुन् ।

३. सन् १९७६बाट एक दलीय साम्यवादी शासन कायम भयो । शिक्षा, स्वास्थ्य, ज्यालादरमा सुधार भयो । उद्योग र व्यापार राष्ट्रियकरण भयो । यस्ता आर्थिक उन्नतीले क्युबाको राष्ट्रियताको निर्माण भएको हो ।

## फ्रान्सेली राष्ट्रवाद

१. फ्रान्सको राष्ट्रवाद इण्लैण्डसँग भएका कैयौं युद्धकाकारण निर्धारण भएको हो । यहाँ विद्यमान क्याथोलिक मजहबले पनि राष्ट्रियता बढाउन

सघायो । सन् १७८९को फ्रेन्च रिभोलुशनपछि यहाँको राष्ट्रवाद बलियो भएको हो । नेपोलियन बोनापार्टले स्वतन्त्रता, समानता र भ्रातृत्व (liberty, equality & fraternity)को नाराबाट त्यहाँको राष्ट्रवादलाई खँदिलो बनाएको हो । यो राष्ट्रवादले राज्य बिस्तार गर्न पनि सघाएको थियो । सुरूमा युरोपमा र पछि विश्वका अरू भागमा पनि राज्य बिस्तार गरिएको थियो ।

२. नेपोलियनको पतनपछि फ्रान्सको राष्ट्रवादले एसर्टिभ र अतिवादी (एक्सट्रिम) राष्ट्रवाद अँगालेको हो । त्यस पद्धतिको राष्ट्रियताले सोभै लक्ष प्राप्त गर्न नसकेकाले सेना शक्तिलाई परिचालन गरेको थियो । त्यसबाट फ्रान्स-पर्सिया युद्ध भयो । सन् १९४०मा फ्रान्सले जर्मनसँग आत्मसमर्पण गरेपछि धेरै उपनिवेशिक मुलुक गुमाउनु परेको थियो ।

३. सन् १८१४-१९१४ बीचमा बामपन्थी र दक्षिण पन्थीबीचको सङ्कीर्णतावादी सोच कालमा बामपन्थीलाई दबाएर काम कुरा गर्ने गरियो । त्यसपछि अनुदारवादी नेशनालिस्टले सेनाशक्तिका आधारमा चलेको राष्ट्रियताको आलोचना (antimilitarism) हुनथाल्यो । त्यस सोचलाई अराष्ट्रिय सोच (antinationalist) भन्न थालियो । यसलाई अतिवादी प्रोटोफासिस्ट आन्दोलन पनि भनियो । गणतन्त्रकोलागि घातक पनि मानियो । रिपब्लिकनहरूले सन् १९०१-१९०५ क्याथोलिक चर्चमा आधारित राष्ट्रियताको विपरित कानुन नै पारित गरे ।

४. सन् १९१४ पछि चार्ल्स दिगालले अमेरिका र सोभियत रूसबाट भिन्न हुनेगरी स्वतन्त्र युरोपको पक्षमा भूमिका खेले । उनले फ्रान्स र जर्मनबीचको शत्रुतापूर्ण व्यवहारलाई सदाकालागि अन्त्य गराउने खेल खेले । बुर्खाप्रथा र वेस्यावृत्ति विरूद्ध पनि कदम चाले । तर यौनसम्पर्कलाई (सेक्सुअल) वैयक्तिक स्वतन्त्रता मानेर बढावा दिए । यसलाई पुरूषत्व राष्ट्रवाद भनियो ।

## बेलायती राष्ट्रवाद

१. पहिलो राजा आन पछि तेह्रौ शताब्दीका राजा आर्थरले बेलायती राष्ट्रियताको जग बसालेको मानिन्छ । यसले ग्रेट ब्रिटेन र उत्तरीआएरलैण्डलाई एकता बनाई राखेको थियो । ब्रिटिस जनतानै राष्ट्र हुन् भन्ने परिभाषा बनायो । ब्रिटिस-जनता भनेका अङ्ग्रेज, स्कटिस, वैल्स र आइरिस मानिन्छ । यसरी बेलायती राष्ट्रवाद बेलायती संयुक्तता (British unionism) मा आधारित छ । बेलायती राष्ट्रवाद ब्रिटोन्सदेखि कायम छ । यो सन् १५४२ देखि, एङ्लो- आइरिस देखि एकत्व भएको राष्ट्रवाद हो । यो नै पछि नागरिक राष्ट्रियतामा परिणत भएको हो । आजकल हिजोका बेलायती उपनिवेशबाट धेरै नागरिक थपिएपछि एटिभिस्ट राष्ट्रियता (ativist nationalism ) को आवाज उठेको छ ।

आजकल स्कटलैण्ड र नर्दन आएरलैण्डमा केन्द्रकृत आन्दोलन (unionist movements) चलेको छ । चार शब्द नेशनालिज्म, युनियननिज्म, फासिज्म र ब्रिटिशनेस चर्चामा छन् । १२ वटा पार्टीले यो आवाज उठाएका छन् । आइरिस राष्ट्रवाद, युनियानिज्म, गणतन्त्रवाद, एकतावाद र अलस्टरराष्ट्रवाद बढी प्रचलनमा छन् ।

२. बेलायती राष्ट्रवाद आजपनि विश्वभर गोरा महान् बनाई राख्ने खाले छ । त्यो त्यहाँको शिक्षा पद्धतिले नयाँ पुस्तामा पनि बलियो बनाउँदै गएको छ । अङ्ग्रेजी भाषा बेलायतको निर्यात गर्ने व्यापारिक वस्तु भएको छ । विश्वभरमा, खास गरेर हिजोका उपनिवेश देशमा गोरा महान् भाव पलाउने मेकाउलियन शिक्षा पद्धति लदाइएको छ ।

३. बेलायती राष्ट्रवाद सन् १८०१ देखि संयुक्त अधिराज्यको सेतो सीमानामा रेडक्रसको थालनीबाट भयो । वैल्स र स्कटिसहरूमा अलि फरक सोच छ । तिनीहरूमा तीन थरी सोच छन् - स्वतन्त्रता, युनियानिज्म र नेशनालिज्म । त्यहाँका १२ वटा दलले यी नारा अगाडि बढाएका छन् ।

४. स्कटिशहरूको राष्ट्रवादलाई संवैधानिक जुनुन र टनेल भिजन राष्ट्रवाद[१२] भनिन्छ । बेलायती राष्ट्रवादमा ब्रिटिशरको बहुमतीय भनिने र स्कटिशको अल्पमतीय भनिने राष्ट्रवाद छ तर यी दुबैलाई नराम्रो मानिन्छ । बृटिश राष्ट्रवाद राष्ट्रकै विचार भएरपनि अमेरिका, क्यानडा इजरायलको जस्तो स्पष्ट परिभाषित छैन । लण्डन मेअर सादिक खानले स्कटिश राष्ट्रवाद र जातीयराष्ट्रवाद बीचको[१३] ठान्दछन् । लेखक जेरी थेरेसा मे ले साम्राज्यको अन्त्य र केन्द्रवादको मृत्यु भएको अवस्थाको राष्ट्रवादमा बेलायती राष्ट्रवादलाई गनेका छन् । यी कारणले नै त्यहाँका जनताले ब्रेक्जिट मतलाई समर्थन गरेको मानिन्छ । यद्यपि अनिश्चित दुनियाँमा स्थायित्व, निश्चितता र सुरक्षितता नै राष्ट्रवाद हो भनेका छन् । बेलायतको इतिहासले स्थायित्व र सुरक्षित्वलाई अँगालेको[१४] छ । यो युकेको कुरा नभएर इङ्गलैण्डको कुरा हो ।

## इण्डियन-चीनी राष्ट्रवाद बीच नेपाल

१. भियतनाम, कम्वोडिया, उत्तरकोरिया, भूटान, कुवेत, सिक्किम, इराक, अफगानिस्ता, इरान र केही अफ्रिकी मूलुक भित्रको चर्को पतन शुद्ध राष्ट्रवादको अभाव हो । प्रजातन्त्र मान्ने शक्तिले अबको युगमा दल वा दलप्रतिनिधिबाट बन्ने शक्तिलाई राष्ट्रिय शक्ति मान्नु पुरानो भैसकेको छ । अबको अवस्था जनमतसंग्रहबाट भएमात्र जन सहभागिमूलक हुन सक्छ । यसो

१२. Scottish Review, March 8th 2017

१३. The Guardian, November 17th 2016

१४. Sunday Mail, August 14th 2016

नभए राष्ट्रवाद कुण्ठित हुन्छ । अनि साम्राज्यवाद, उपनिवेशसवाद, बिस्तार वादका हात लामो हुँदै जान्छन् । यसले देशलाई गरिबी र अशान्तितिर धकेल्दछ । नेपालको राष्ट्रवादलाई राम्ररी बुझ्न विश्वमा परिचालित राष्ट्रवादलाई दाँजेर हेर्नुपर्ने हुन्छ । त्यसमा छिमेकीको नाताले इण्डियन–चीनी राष्ट्रवादलाई नेपालले एकै साथमा राखेर जान्नु जरूरी हुन्छ । यी दुई देशलाई नियाल्दा धेरै भिन्न थोरै सम छन् । जनसंख्या र क्षेत्रफलमा दुबै विश्वमै विशाल देश हुन् भने यी दुई देश बीचको नेपाल ठिक्कको देश हो । चीन र भारतमा धेरै कुरामा भिन्नता छ । चीनमा प्रायः एउटै भाषा, एउटै लिपी, एउटै धर्म संस्कार सभ्यता छ भने भारतमा हजारौं छन् । चीन र भारतको राजनीति फरक र उल्टो छ । चीन साम्यवादी हो भने भारत दलाल पूँजिपति र प्रजातान्त्रिक देश हो । भारत उपनिवेशबाट स्वतन्त्र भएको देश हो भने चीन राजतन्त्रबाट स्वतन्त्र भएको देश हो । चीन एकदलीय हो भने भारत बहुदलीय । भारत उपनिवेश भएको हो भने चीन जस्तो होइन । आर्थिक उन्नतिमा भारतभन्दा चीन अगाडि छ ।

राष्ट्रियताको कुरामा भारत र चीन दुबै प्राच्य मुलुक हुन् र दुबै प्राच्यलाई आधार मानेर संरक्षण गर्ने र आयातितलाई दुत्कार्ने गर्दछ ।

२. भारतको राष्ट्रियता मजहबी द्वन्द्वबाट भएर त्यसैमा केन्द्रित छ । हिन्दु र मुसलमान मजहबी त्यहाँको राष्ट्रियताको पहिलो कुरा हो भने वैदिक सनातनी र इसाई मजहब बीचको दोस्रो हो । मुसायी मजहबी इसाईभन्दा चर्को छ । जब भारत अङ्ग्रेजबाट स्वतन्त्र भयो इण्डिया हिन्दुस्तान र पाकिस्तानमा विभाजित भयो । बङ्गाल प्रोभिन्स पनि मुसलमान र हिन्दु बाहुल्यका आधारमा पश्चिम बङ्गाल र पूर्वी बङ्गाल (बङ्गलादेश) मा विभाजित भयो । इण्डिया र पाकिस्तानमा निरन्तर द्वन्द्व छ । इडियामा जाति जनजाति राष्ट्रियतालाई भाषिक राष्ट्रियताले जित्यो, भाषिकलाई मजहबीले जितेको छ । मजहबीलाई नव उपनिवेशिक भौतिक उपभोक्तावादी इसाइयतले जितेको छ । फलतः इण्डिया भारत हुनै सकेको छैन । शिक्षालाई सुधार गरेर मुसाईइसाईले ध्वस्त बनाएका नालन्द वि.वि लगायत १५,८०० वटा अरू शिक्षालयलाई पुनर्स्थापित गर्नै सकेको छैन । त्यस्तै छ आर्थिक, राजनीतिक तथा सामाजिक सोचहरू । अथवा भारतको मानसिकता उपनिवेशिक वादी, बिस्तारवादी, कमाउ लुटवादी भ्रष्ट सोचबाट ग्रसित छ । जम्बु काश्मिरको मसला, नेपाल चीन बङ्गलादेश पाकिस्तान सितका सीमा अतिक्रमण सबै केलाउँदा इण्डिया बेलायती सोचमै छ । इण्डियाले वैदिक समाजवाद, रामराज्य, संस्कृत भाषा माध्यम बनाउनेतिर लागेकै छैन । अर्थात् त्यहाँ अपनत्वपन, आर्य सभ्यता संस्कृति र शासनशैली हाम्रो हो भनेर चिनाउने राष्ट्रवाद बनाउनै सकेको छैन ।

३. भारतको अप्रजातान्त्रिक र कट्टरपनको उग्रराष्ट्रवादी व्यवहारले कास्मिरीहरूको जीवन भारत स्वतन्त्र भएदेखि निरन्तर कष्टकर हुँदै गएको छ । भारतको उग्रराष्ट्रवादीपनको जञ्जालले कास्मिरीहरू आत्मनिर्णय र आत्मउन्नति गर्ने कुरामा कुण्ठित भएका छन् । त्यहाँ संयुक्त राष्ट्रसंघ समेत निरिह भएको छ । सिक्किम, डोवा, डमन, ड्युक, हैदरावाद अधिनस्त गरिएको छ । नेपाल बङ्गलादेश, चीन, श्रीलङ्का, मालद्वीप, भुटान सताइएका छन् । नेपालको अर्थतन्त्रलाई नियन्त्रण गरिएको छ, त्यसको नकारात्मक प्रभाव परिरहेको छ ।

४. त्यहाँ धर्मलाई मजहबले जितेको छ । मजहबले भाषा संस्कार संस्कृतिलाई पनि उछिनेको छ । पाकिस्तान अलग्गै राष्ट्र भयो । आजका इण्डियाका वैदिक संस्कारका मानिसले वैदिक संस्कार नै बिर्सेका छन् । तिनको दैनन्दिनी इसाई संस्कारमा चलेको छ । इसाईको राजनीति, अर्थनीति लगाइ खवाई र शिक्षा, भाषा सबै अङ्ग्रेजको, इसाईको अवलम्बन गरेका छन् । आफ्नो राष्ट्रियता के हो भारतवासीलाई थाहै छैन ।

५. उग्रराष्ट्रवादले पनि राष्ट्रवाद कुण्ठित हुन्छ । भारतको अप्रजातान्त्रिक र कट्टरपनको उग्रराष्ट्रवादी व्यवहारले कास्मिरीहरूको जीवन निरन्तर कष्टकर हुँदै गएको छ, आत्मनिर्णय र आत्मउन्नति गर्ने कुराहरू कुण्ठित भएका छन् । त्यहाँ संयुक्तराष्ट्रसंघसमेत निरिह भएको छ । साम्राज्यवाद, उपनिवेशसवाद, विस्तारवादको हात लामो हुँदै गएको छ ।

६. नेपाल र भारत दुबै वैदिक संस्कारका मुलुक भएपनि यी दुई बीचमा पनि राष्ट्रवादका कुरा देखिन्छन् । भारतले नेपालप्रति आन्तरिक मामिलामा हस्तक्षेप गरेर निरन्तर अन्याय गरिरहेको छ, नेपाली जनता त्यसको विरोधमा छन् । देशको आन्तरिक सुधार गरेर मात्र दुईतिहायी समस्या समाधान गर्न सकिन्छ तर सत्ताधारी राजनीतिक दल प्रायः लम्पसारवाद र भारतको जी हजुरी गर्ने गर्छन्, भने थोरै जत्थाले किमको जस्तो गरेर आक्रोस विरोध गर्ने गर्छन् । दुबै पक्षका गलत काम कृयाका कारण पूँजिपति र साम्यवादी दुबै खाले दल २००७ सालदेखि २०१६ सालसम्म र २०४६ सालदेखि २०७९ सालसम्म सत्तामा बस्ने अवसर पाएर पनि देशलाई पतन गराउने बाहेक अरू केही पनि उपलब्धी गर्न सकेनन् । देशको  राष्ट्रियताको फोस्रो वकालत गरेर स्वकेन्द्रित शासन गर्ने व्यक्तिले देशको विकास गर्न नसक्ने पुष्टि भएको छ ।

७. त्यसकालागि त देशप्रति समर्पित तपस्या चाहिन्छ, योजना चाहिन्छ, नीति र कार्यक्रम चाहिन्छ । देशको आर्थिक अवस्था, सामाजिक मान्यता, धर्म संस्कार संस्कृति, प्राकृतिक श्रोत साधन र तिनको परिचालन प्रविधि समेतको ज्ञान चाहिन्छ तथा विश्व जगतसँग मिलेर गर्न सक्ने कुटनीति पनि चाहिन्छ । यो कुटनीति प्रविधि नेपालका सबै पक्षले २०१७-२०२८ मा

अनुसरण गरेको नीति नै उपयुक्त साबित हुन्छ । त्यस कालमा सीमित श्रोत साधन भएपनि यस दशकमा गरेको जनचाहना अनुसारको विकास विश्वमै उच्च छ[१५] । नेतामा गालि गरेर होइन मिलेर आफ्नो कुरा प्रस्तुत गर्न सक्ने क्षमता चाहिन्छ । सुमधुरता वैदिक मान्यता हो, पौरस्थ्य सभ्यताको कुट आदर्श हो । जनताले त्यहि खोज्दछन् । इरानमा उदारवादी नेता हसन रोहानीलाई जनताले शासन सुम्पिए । रोहानीले इरानी बजारलाई विश्वसामु खुला गरे । दशकौंदेखि कायम नाकाबन्दी हट्यो, अमेरिकासँग आणविक सम्झौता भयो । इरानको आर्थिक अवस्थामा केही सुधार भयो । दुःखबाट गुज्रिएका जनताले राहत महसुस गरे । जनताले उग्र, पिछलग्गु र वैदिक मध्ये पछिल्लोलाई नै खोज्दा रहेछन् भन्ने पुष्टि हुन्छ । तर आजको नेपालमा नेतृत्व चाहने धनलोलुप दलहरू प्रायः उग्र र समर्पणवादी छन् । यो जनचाहना विपरित छ, राष्ट्रवाद विपरित छ ।

८. इरानको विगत नियाल्ने हो भने इरानमा संयुक्त राज्य अमेरिकाले जुन उम्मेद्वारको समर्थन गर्छ, त्यसलाई देशको अहित गर्ने नेताका रूपमा चित्रण गरिन्छ । यस्तो मानसिकता धेरै मुलुकमा छ, खास गरेर विकासोन्मुख मुलुकमा । विदेशी नेताले मन पराएको व्यक्तिले जनताको हितमा काम गर्दैन बरू विदेशकै दलाल गर्छ भन्ने मतदाता पाइँदैनन् । वि.सं. २०७५ सालमा इसाईको होली वाइन खाने प्रधानमन्त्रीलाई पनि नेपाली जनताले यही आँखाले हेर्दछन् । ईरानका रोहानीले अमेरिका र युरोपियन मुलुकसँग सौहार्दता कायम गरे, कूटनीतिक रूपमै अमेरिकासँग आणविक सम्झौता गरे, अनि विदेशी बैङ्कमा वर्षौंदेखि निस्तेज भएर बसेको अरबौं डलर राष्ट्रमा फिर्ता ल्याए । आर्थिक अवस्था सकारात्मक भयो । *'बुद्धिर्यश्य बलंतस्य निर्बुद्धेसु कुतो बलम्'* भयो । इरानको राष्ट्रवादी सोच र नेपालमा देखिएको झर्रो राष्ट्रवादी चिन्तनमा समानता पाइन्छ ।

९. नेपालमा संविधानलाई अन्तिम रूप दिएर जारी गर्ने समय निक्र्योल भइसकेपछि भारतका प्रधानमन्त्रीले संविधान जारी मिति पछि सार्न आदेश दिए । उनको आदेश पालन नगरेकाले भारत नेपालसँग क्रुद्ध भयो, नेपालविरूद्ध नाकाबन्दी गरिदियो । ओलीले अहमुदिनिजाद शैलीमा विरोध गर्न थाले । जनतालाईं ओलीको बोली राम्रो लाग्न थाल्यो । ओली त साँच्चिकै राष्ट्रवादी हुन् भन्ने भान पर्न थाल्यो । भारतसँग सहकार्य गरेर देशको विकास गर्नुपर्छ भन्ने नेकाँ मधेशतिर झुक्यो । आफ्नो राजनीतिक स्वार्थसिद्ध गर्न भारतलाई गाली गर्ने र लम्पसार पर्ने उग्रसाम्यवादको स्वभाव राष्ट्रवादी होइनन् । यसै बीच नेपालका राष्ट्रपतिको भारतभ्रमणमा भारतीय कनिष्ट मन्त्रीले हवाई

---

१५. प्यालेस मयासाकर, ..ग्रगशन, .... ।

अड्डामा स्वागत गरेर नेपालको अपमान गरेको आम प्रतिक्रिया देखियो । नेकाँले भारतको पक्षमा विचार व्यक्त गऱ्यो । जबकि गिरिजालाई एसियाकै नेता मानेर भारतीय प्रम आफैलेनै स्वागत गरेका थिए । यसरी नेपालका दलहरू नेपालको गौरव र साख बचाउन पनि सदा विभाजित देखिन्छन् । दलीय पद्धतिमा विदेशीको चलखेल हुन्छ भन्नेमा यो चाखिलो नमुना उदाहरण मात्र हो ।

१०. पूँजीवादी मुलुकले नेपाल, रूस र चीनका कारण कम्युनिस्ट देश नबनोस् भन्ने आसय राख्छन् । त्यसकैलागि नेपाललाई इसाईकरण गराउन चाहन्छन् । राजालाई आफ्ना पक्षमा तान्न नसकेपछि पश्चिमा इण्डियासँग मिलेर बलपूर्वक गणतन्त्र र धर्मनिरपेक्ष बनाएका छन् । राजसंस्था दुबै देश र दुबै राजनीति विचारलाई सन्तुलन गर्न सफल थियो, राजओज थियो । राजा महेन्द्रले अमेरिकाको राजकीय भ्रमणको निम्ता स्वीकार गरेपनि भ्रमण कार्यक्रममा अमेरिकी विदेश मन्त्रीले विमानस्थलमा स्वागत गर्ने अनि राष्ट्रपतिले ह्वाइटहाउसमा औपचारिक स्वागत गर्ने कार्यक्रमलाई राजा महेन्द्रले इन्कार गरेका थिए । फलतः अमेरिकी राष्ट्रपति आइजेन हावरले नेपाली राजालाई हवाई अड्डामा आफैं आएर स्वागत गरेका थिए । सोभियत रूसमा पनि उनलाई त्यहाँका र ाष्ट्राध्यक्षले हवाई अड्डामै आएर स्वागत गरेका थिए । राजाले १९६० को अप्रिल २८ मा अमेरिकी कङ्ग्रेसको संयुक्त बैठकलाई सम्बोधन समेत गरेका थिए । यही फरक भयो राजा र राष्ट्रपतिमा । जंगबहादुरको बेलायत यात्रामा पनि उनले यस्तै अडान लिएर बेलायतलाई झुकाएका थिए ।

११. कुनै पनि देशले अर्को देशलाई कस्तो प्रकृतिको सम्मान गर्छ भन्ने राष्ट्रियताको विषय हो । भारतले अमेरिकी राष्ट्रपति बिल क्लिन्टन तथा ट्रम्फ भारत आउँदा नेपाली राष्ट्रपति जाँदा भन्दा फरक व्यवहार गरेको थियो । सार्वभौमिकता सानो ठूलो वा धनी गरीबका आधारमा फरक हुँदैन । सानो मालद्वीपका राष्ट्रपति गयुम नेपाल आउँदा विश्वका सबै राष्ट्रप्रमुख सरह राजाले स्वागत गरेका थिए । भौगोलिक तथा सांस्कृतिक रूपमा समीप रहेको

भारतले नेपालका राष्ट्राध्यक्षलाई राज्यमन्त्रीबाट आतिथ्य दिनुलाई नेपालको दलीय पद्धतिले नेपालको राष्ट्रियता र गौरव खस्काएको प्रष्टिन्छ ।

१२. आर्थिकरूपमा विपन्न भएपछि सदैव हेपिनुपर्छ भन्ने यथार्थ नेपालले बुझ्नैपर्छ । दलीय राजनीतिले मात्र साख खस्काएको त्यो पनि बुझ्नु पर्छ । उत्पादकत्वलाई बन्द र हड्तालबाट घटाउने, राजनीतिक खिचातानी गर्ने, अर्थतन्त्र तहसनहस पार्ने, घरको निजी र भित्री कुरा दिल्ली दरवारमा लगेर ओकल्ने, उत्पादकत्व शक्तिलाई विदेश पलायन गराउने दलीय चरित्र अराष्ट्रिय छ । नेपालको राष्ट्रियता नेपालका दलका नाइकेले खस्काएका हुन् । देशलाई सामरिक तथा आर्थिकरूपले बलियो बनाउन सक्ने श्रोतसाधन

नेपालमा छन्, भारतभन्दा नेपालले अगाडि दौडन सक्ने अवस्था छ, जुन अक्षम र संक्रमणकालीन सोचका नेताका कारण बिग्रिएको छ ।

१३. इजरायलको यहुदी राष्ट्रवादको प्रभूत्वलाई अमेरिकाको गोरा प्रभूत्ववादको बराबरीमा गनिन्छ । यसरी पश्चिमा जातिवादी विभेदको प्रभाव प्राच्यको ज्ञानवादी विभेदसँग दाजिनु गलत र उदेक लाग्दो हुनेछ । कानुनमा समानता भएरपनि व्यवहारमा उत्रन सकेको छैन । राष्ट्रपति ट्रम्पभन्दा धेरै पहिलेदेखिनै गोराको महानता भन्ने कुरा राजनीतिको कमजोर पाटो भए पनि संस्कार बलियो पाटो हो भन्ने देखाउनै सकिएन । यो कुरा सन् २०२०को जर्ज फ्लाइयडको हत्या प्रकरणले साबित गरेको छ ।

१४. संचार र यातायातको चरम विकास भएपछि आजको संसारको कुनैपनि मुलुकमा एकै जात (रेस)को मुलुक हुनै सक्तैन । गोरा यहुदीमा पनि गोरा प्रभुत्वको अवधारणा छ । तिनीहरूमा गोरा, काला, रसियन, चाइनिज, अरब, अफ्रिकन यहुदीभन्ने फरक भावना छ । यसरी मजहब भावनालाई छालाको रङ्ग, स्थान आदिले जित्ने देखिन्छ (Palestinians are not the only target for Israel's animosity and ethno-centric policies, demonstrating Israel's ingrained ethnic and religious bias.)। कतिपय गैरगोरा यहुदीहरू यहुदी राष्ट्रवादमा अट्न सकेका छैनन् । ती घर न घाटका जस्ता पनि देखिएका छन् । अपहेलितमध्येकाले दुईटा देशको नागरिकताका पक्षमा छन् । वैदिक सभ्यताको खुला विश्वको पक्षमा कोही पनि देखिंदैनन् । विश्व शान्ति र भातृत्व भावमा कोही एकजुट हुन सकेका छैनन् ।

१५. इजरायल र प्यालेस्टाइनी विद्रोहमा दुबैले न्यायको माग गरेका छन् । दुबै  ठीक छन्  । दुबैमा समान पीडा छ, समान वेदना छ । यहाँ त शेक्सपियरको संस्कारमा चेखबको वेदना छ । तर दुबै निरासिएका छन्, दुबै दिगभ्रमित छन्, दुबैमा तितोपन छ र भक्कानो फुटेको अवस्था[१६] । सन १९६० देखि विरोधी राष्ट्रवादमा अडिएको यहुदी राष्ट्रवादलाई प्यालेस्टाइनीले उन्मुलन गर्न चाहन्छन् जुन सम्भव छैन । यहुदी बीचको मजहबी राज्य र मजहब निरपेक्ष राज्यको विवाद पनि काचै छ । पहिले सिरिया, इजिप्ट र जोर्डानले कब्जा गरेको जमिन १९६७को युद्धपछि इजरायलको कब्जामा आयो । त्यो आएपछि इजिप्ट लचिलो हुनु स्वाभाविक हो । अमेरिका लगायत विदेशीको दबाबलाई पनि अस्वीकार गर्नु इजरायलको बाध्यता हो । किनकि पहिलो विश्वयुद्धपछि तिनै विदेशी शक्तिले सो जमिन यहुदीको भनेर मानेका थिए ।

---

१६. This area, filled with religious Zionists, having Jewish nationalism is stronger, most vivid and unequivocal, both are disappointed, disillusioned, embittered, heartbroken, but alive.

एकथरी मुसलमान राज्यले दुईटा स्वतन्त्र राष्ट्रको अवधारणालाई अझै पनि मान्दैनन् ।

१६. अन्ततः अरबीहरूले दुईटा स्वतन्त्र र सार्वभौम मुलुकलाई मानेर बस्नेमा सहमत छन्[१७] । अब उनीहरूकालागि भू-क्षेत्रको विवाद मात्र बाँकि छ । त्यसो भएर मात्र के गर्नु ? सिरिया, इराक, लिब्या र सिनाई पेनिन्सुलाका आइ.एस. संगठनले प्यालेस्टिनीले मानेजति पनि मान्न तैयार छैनन् । त्यस बाहेक इरान, हिजबुल्लाहरू र अफ्रिकी देशका केही मुसलमानहरूको मध्यपूर्वभरि मुसलमान बाहेक अरू मजहबका मानिस बस्नु नै हुँदैन भन्ने धारणा छ, यो युग सुहाँउदो पनि छैन तर घातक छ । हजारौं संघर्षबाट जोगाएको यहुदी राष्ट्रवादलाई अब कसरी जोगाउने भन्ने तनाव छ । यहुदी राष्ट्रवाद प्रतिज्ञा थियो भने इजरायली राष्ट्रवादले यसलाई जोगाएको छ[१८] । विश्व शान्तिबाट आतङ्कवादको अन्त्य वैदिक साम्यवादी शासन बाहेक अरू पद्धति उपयुक्त देखिदैन । त्यसको अवशेष नेपालमात्र हो ।

१७. भियतनाम, कम्वोडिया, उत्तरकोरिया, भूटान, कुवेत, सिक्किम, इराक, अफगानिस्तान, इरान र केही अफ्रिकी मुलुकभित्रको अशान्तिको कारण शुद्ध राष्ट्रवादको अभाव नै हो । प्रजातन्त्र मान्ने शक्तिले आजको युगमा दलबाट र प्रतिनिधिबाट बन्ने शक्तिलाई राष्ट्रिय शक्ति मान्नु गलत हुन्छ । आजको अवस्थामा मूल निर्णय जनमतसंग्रहबाट हुने कुरा मात्र सहभागिमुलक, समावेशी प्रजातन्त्र र आत्मनिर्णयको हक हुन सक्छ ।

१८. संघीयता र आत्मनिर्णयका कुरा नेपालको राष्ट्रियतासँग मिल्दा कुरा होइनन् । सं.रा.सं.को वडापत्रले आत्मनिर्णको अधिकारलाई मानव अधिकार को महत्त्वपूर्ण अंश मानेको छ । त्यो विवादित क्षेत्र जम्मुकाश्मिरमा लागू गर्न रा.सं असफल छ भने नेपालको हकमा पश्चिमाले अज्ञ नेपालीको मनस्थितिलाई विभाजित गराएको छ । जात, धर्म, भाषा, क्षेत्रियता, पेशा आदिमा आत्मनिर्णको हक माग भनिएको छ । त्यही मागले नेपाल राष्ट्रको आत्मनिर्णयको हक हनन् भईरहेको छ । जातीय पहिचानकालागि राष्ट्रिय पहिचान गुमिरहेको छ । कोही नेपालीले चासो र चिन्ता राखेर बुझ्ने चेष्टा गरेको छैन, यो नेपालको बिडम्बना हो ।

आत्मनिर्णको हक भनेको आफ्नो मुलुकको काम कुरा गर्दा बाहिरी मुलुकले दखल गर्न हुँदैन भन्नु हो । आफ्नो भाग्य आफै निर्धारण गर्ने हक हो । बाहिरीयाले दखल गरे भने आन्तरिक शान्ति खल्बलिन्छ । हामीले भनेको समावेसी प्रजातन्त्र अनेकतामा एकता नै हो । समावेसी भनेको उपभोक्ताको

१७. Palestinian nationalism, moreover, is promoted as "self-determination" and "two states for two peoples."

१८. Jewish nationalism is the promise; Israeli nationalism makes it possible. Jewish nationalism and Israeli sovereignty are the social contract of the Jewish people

पहिलो व्यवस्थापिकीय हकलाई हो । त्यसकारण नेपालले विकेन्द्रिकृत पद्धति खोजेको हो । आफ्नै देशको अर्को जिल्ला वा अर्को गाउँको मानिस समावेश भएर पनि हुँदैन, उपभोक्तै समावेश हुनु पर्दछ भनेका हौं । उपभोग गर्ने सबै जाति, लिङ्ग, पेशाका मानिसलाई आवद्ध गर्न चाहेका हौं । राजनीतिमा शुद्ध समावेशी गराउने हेतुले वडाको लागि वडाकै, गाउँको लागि गाउँकै, निर्वाचन क्षेत्रका लागि सोही क्षेत्रकै बासिन्दा हुने पद्धतिको स्थापना गर्‍यौं तर विदेशीको बहकाउमा त्यो पद्धतिको विरोध गरेर तोड्यौं । यस पद्धतिलाई शान्ति सुरक्षा र ऐक्यबद्धता कायम गराउनकैलागि मुलुकलाई शान्तिक्षेत्रको प्रस्ताव गर्‍यौं । तर विदेशीकै बुइँ चढेर दल नेताले त्यसको पनि विरोध गरे । हामीलाई समावेसी प्रजातन्त्र र आत्मनिर्णयको आधिकारको पाठ सिकाउने विदेशी थिए । मिशनरी  र 'रअ' थिए । जहाँ हामीले आफ्नै देशको पनि अर्को ठाउँको अर्को संस्कारको मानिसबाट हुँदैन भनेर समावेस भनिरहेका छौँ, त्यही देश बाहिरकाले दिएको निर्देशनको लहैलहैमा हिडिरहेको छौं । त्यसैले हामीले प्रगति गर्न सकेका छैनौं, स्थीरता र दीगोपन कायम गर्न सकेका छैनौं, शान्ति, सुरक्षा र अमन चयन कायम गराउन सकेका छैनौं । यो पनबाट राष्ट्रियता जोगिन सक्तैन ।

१९. राष्ट्रको स्वतन्त्रता, स्वाधिनता, स्वराज, अखण्ड सार्वभौमिकता आत्मनिर्णयको अर्को पाटो हो । तर हामीले हाम्रो राजनीति, धर्मसंस्कार र संस्कृति, सामाजिक आर्थिक सबै पक्षमा विदेशीको हस्तक्षेपलाई निम्त्याएका छौं । विदेशीलाई सल्लाहकार राखेका छौं, विदेशीको निर्देशनमा राज्य व्यवस्था चलाईरहेका छौं । आत्मनिर्णयको अधिकार भनेर जातजाती, मजहब भाषाभाषी आदिमा टुक्रिदै गएका छौं । अनेकतामा एकता तोडेर अन्तरविद्रोहको वातावरण सृर्जिरहेका छौं । जुनबेला राष्ट्र एकतृत हुनु परेको छ, त्यहीबेला स्थानीयता, जातीयता, भाषिकता वा सांस्कृतिकतामा विभाजित भएका छौं । यस्तो सोचले राष्ट्रियताको जगेर्ना हुन सक्दैन । पहिले राष्ट्रको आत्मनिर्णयको हक र त्यसपछि मात्र त्यस भित्रकाको हकको कुरा आउँदछ ।

०००

*यथा राजा तथा प्रजा*

## अध्याय ४

# नेपाली राष्ट्रियताको विकास

१. नेपालको राष्ट्रवादको जग वेद हो, वेदको जग प्राकृतिक नियम हो । नेपाल निरन्तर वैदिक शासन पद्धतिअनुसार शासित हुँदै आएकोले प्राच्य राष्ट्रवाद पद्धति यसको जग हो । राजनीतिक रूपमा नेपाल कहिल्यै कुनै विदेशीको उपनिवेश नभएकोले सनातनी राष्ट्रियता कायम छ ।

२. आधुनिक विश्व राजनीतिमा नेपालको राष्ट्रियताको चर्चा गर्नुपर्दा पृथ्वीनारायण शाहबाट सुरू हुन्छ । त्यसबेला पिँढी शिक्षा अन्तर्गत दरबारभित्रै पढाइने राजशिक्षाबाट उनले हासिल गरेको ज्ञान अतुलनीय मानिन्छ । उनले भूगोल, दुरी, आर्थिक अवस्था, धर्मसंस्कार संस्कृति र प्रवृत्ति समेतलाई ध्यान दिएर 'जाइकटक नगर्ने झिकी कटक गर्ने' असंलग्न तठस्त नीति कायम गरे । श्री रामको राष्ट्रवादी सोचलाई अवलम्बन गरे । वेद पुराण उपनिषद आदिमा वर्णित ज्ञानबाट राजालाई राजधर्म र राज शिक्षामा उँचो ज्ञान दिएर सक्षम बनाउने उनका गुरू महेश्वर पन्त प्राच्य गुरूपद्धतिका नक्षेत्र मानिन्छन् ।

३. राज्य रजौटाको शासनको आधार पनि वैदिक संस्कार नै हो । तर हिमवतखण्ड दक्षिणका ५६२ भन्दा बढी मुलुकमा मुसलमान र अङ्ग्रेजले १३१८ वर्षसम्म दमन शासन गरेर बिगारेको संस्कारले सबै क्षेत्र विकारयुक्त थियो । त्यस्तो अवस्थामा पनि नेपालले सबै कालमा धर्म दर्शनलाई नछाडेकोले वैदिक, महाभारतीय तथा रामायणको रामराज्यको राष्ट्रवादका सूत्रलाई निरन्तरता दिइरह्यो, राष्ट्रवादका गान, ध्वज र चिन्हहरू, संस्कार र मान्यताहरूलाई निरन्तरता दिइयो ।

४. अहिले विश्वमा दुई सयभन्दा बढी राष्ट्रहरू छन् । ती सबै राष्ट्रको जन्म र विकास एकैनासको छैन । विभिन्न मुलुकमा राष्ट्रियता विकासको आफ्नै इतिहास छ । त्यसैले नेपालको राष्ट्रियता अन्य मुलुकको सरह हुनुपर्छ भन्ने छैन । फलाना देशको राष्ट्रियता यस्तो छ, त्यसैले नेपालको राष्ट्रियता पनि यस्तै हुनुपर्छ भन्नु गल्ती हुनेछ । चीन स्वयम्मा एउटा महादेशसरह छ तर त्यहाँ एउटा भाषा, जाति र संस्कृतिको प्रभुत्व छ । ठीक यही कुरा त्यत्तिकै विशाल भारतमा लागू हुँदैन । यहाँ हजारौं भाषा र संस्कृति छन् । यी दुई देशको विशालता नै नेपालभन्दा पृथक तथ्य हो । यी दुई देशले विश्व राजनीतिमा आआफ्नो राष्ट्रियताको दावा खास किसिमले गर्न सक्छन्र तर नेपालको ती दुबैसँग तुलना हुन सक्दैन ।

५. पृथ्वीनारायण शाहको राष्ट्रियता वैदिक सिद्धान्तमा आधारि छन् । अनेकतामा एकता पृथ्वीनारायणले बनाएको राष्ट्रियताको आदर्श हो । त्यसभित्र 'वसुधैवम् कुटुम्बकम्' सूत्र पनि पर्दछ । यही नै उनको महानता हो ।

६. वैदिक मान्यता र संस्कारमा आधारित उनको राष्ट्रवादले नैतिक मूल्य यति उचो बनाउँछ कि त्यहाँ चोरी, ठगी, बेइमानी आदि कुनै खाले अपराध हुँदैनन् । समाजको चेतना र ज्ञान शैली उँचो हुन्छ । त्यहाँ प्रहरी, न्यायालय र हतियारको ठूलो संख्याको आवश्यकता पर्दैन । घरमा तालाचावी लगाउनु पर्दैन ।

७. उच्च नैतिकताका पौरस्थ्य सत्यलाई लर्ड मेकाउलेले पनि सकारेका छन् । हतियार र सेना नभएको त्यही अवस्थाका कारण पाश्चात्यले भारतवर्षमा उपनिवेश बनाउन सकेका हुन् ; मेकाउलेले शिक्षा र संस्कृति भत्काउने योजना बनाउन सफल भएका हुन् । यी विकारलाई पस्न नदिएर हिमवतखण्ड नेपालमा वैदिक धर्म, संस्कार संस्कृतिलाई जोगाएर असली हिन्दुस्तान कायम राख्नकैलागि पृथ्वीनारायण शाहले एकीकरण अभियान थालेका हुन् । सन् १८१४ सम्मको नेपाल त्यही अभियानको उपज हो ।

८. वैदिक राष्ट्रवादकालागि एकीकरण अनिवार्य ठाने पृथ्वीले । राजा एगबर्टले बेलायतलाई एकिकृत गरेको अनुभव बटुलेर उनले नेपाल एकीकरणलाई अनिवार्य आवश्यकता ठानेका हुन् । बेलायतलाई संयुक्त अधिराज्य भनिन्छ । उनका उत्तराधिकारीले आजसम्म त्यहाँको राजपाठ चलाई आएका छन् । उनीहरूले त्यहाँको एकता, अखण्डता, स्वतन्त्रता, स्वाभिमान जोगाएर राखेका छन् । राष्ट्रिय पहिचान बेलायतीको सबैभन्दा महत्त्वपूर्ण पाटो हो । बेलायतीले आफ्नो कुरालाई यति धेरै इज्जत गर्दछन् कि त्यहाँ मेट्रिक पद्धति लागू भएको यति धेरै समय भइसक्दा पनि इन्च फुट, यार्डको प्रयोग गर्न मन पराउँदछन् । पाउण्ड शिलिङ भन्न मन पराउँदछन् ।

९. पृथ्वीनारायणको राष्ट्रवादमा आफ्नो धर्म संस्कृति, सीप, भेषभूषा, उद्योग, व्यापार जोगाउने स्पष्ट अवधारणा छ । सबै जनतालाई पूर्ण रोजगार उपलब्ध गराउने, आर्थिक रूपमा सदा आत्मनिर्भर हुने, विदेशीलाई चर नदिने, विदेशीलाई समान व्यवहार गर्ने, देशभरका सबै जात धर्म व्यवसायका मानिसकाबीच एकता कायम गराउने, एकले अर्कोलाई सहयोगीको भावना राख्ने उनका राष्ट्रवादका प्रमुख विशेषता हुन् ।

१०. पृथ्वीनारायणको एकीकरण भूक्षेत्रको मात्र होइन । यो त प्राकृतिक, सांस्कृतिक, वैदिक सभ्यता र मानवीय पक्षको पनि हो । सम्पदाको संरक्षण पनि हो । धर्म (हिन्दु) राष्ट्र, धर्म राजा नेपालका सम्पदा हुन्, सगरमाथा, लुम्बिनी, पशुपतिनाथ मन्दिर जस्तै । नेपालको राष्ट्रियताको सम्वर्द्धन वैदिक राजसंस्थाबाट निरन्तर भएको छ भन्नु अत्युक्ति हुँदैन ।

११. पृथ्वी-राष्ट्रवाद सबैभन्दा दूरदर्शी छ । यसमा एकता र एकीकरणलाई मूल आधार मानिएको छ । सबै जातजातिको साझा फूलबारीका रूपमा नेपालभूमिलाई अर्थ्याइएको छ । दुई देशबीचको तरूलको उपमा दिएर नेपाल राज्यको भूराजनीतिलाई प्रस्ट्याइएकोछ । विदेशी मुद्रा खैंचने, आन्तरिक अर्थतन्त्र सबल बनाउने, उब्जनी बढाउने, व्यवस्थित बस्ती बसाउनेजस्ता दूरदर्शी प्रकृतिका राष्ट्रवादी सोच छन् । पृथ्वीले हिमवतखण्ड नेपाललाई असली हिन्दुस्तान भने । तत्कालीन परिस्थितिमा राज्य विस्तारको अभियान सफल पार्न र सग्लो आधुनिक नेपाल निर्माणको अभियान सफल बनाउन उनको राष्ट्रवाद विचार नेपाल सान्दर्भिक थिए, छन् ।

१२. पृथ्वीनारायण शाहको वैदिक मान्यता र संस्कारमा आधारित राष्ट्रवादले नैतिक मूल्य यति उचो बनाउँछ कि त्यहाँ चोरी, ठगी, बेइमानी आदि कुनै खाले अपराध हुदैनन् । समाजको चेतना र ज्ञान शैली उँचो हुन्छ । अपराध नियन्त्रण गर्न ठूलो जनशक्तिको आवश्यकता पर्दैन । यही अवस्थाका कारण इण्डिया भत्केको देखेर यी विकारलाई पस्न नदिन नै इसाई पादरीलाई यहाँ पस्न नदिएका हुन् । अढाइ सय वर्षपछि पनि इसाईले उनको आदर्श भत्काउन बदला लिइरहेकाछन् ।

## राणाकालीन राष्ट्रवाद

१३. राणकालको नेपाली राष्ट्रवाद पृथ्वी राष्ट्रवादबाट निर्देशित थियो । उनीहरू भौतिक उपभोगका लोभी र तानाशाह भएपनि धर्म र परमेश्वरबाट डराउँथे, वैदिक संस्कार र संस्कृतिका पक्षधर थिए । जंगबहादुर बेलायत र फ्रान्स भ्रमणमा जाँदा १३ महिनाका लागि चाहिने सामान आफै लिएर गएका थिए ।

१४. भन्सारको नियमबमोजिम जाँच गर्न खोज्दा उनले आफ्नो सरसामानलाई छुन समेत दिएनन्, बेलायतमा । 'जाँच गर्ने हो भने म फर्किन्छु' भनेपछि तत्कालीन रानी भिक्टोरियाको हुकुम प्रमाङ्गीबाट प्रवेश पाएका थिए, नेपालको गरिमा जोगाएका थिए । राष्ट्रवादको कसीमा राख्ने हो भने अहिलेका नेताहरू त जंगबहादुर भन्दा तल छन् ।

१५. जंगबहादुरमा नेपाली संस्कार संस्कृति, पोशाक र रहनसहनको गर्व थियो । विदेशीको नक्कल गर्ने होइन आफ्नो संस्कार र सभ्यताको गौरवबाट विदेशीमा प्रभाव जमाउने थियो । अहिलेका नेता त विदेशीले जे भन्यो त्यही कुरा लुरूक्क परेर मान्छन् । जंगबहादुर नेपाली मुद्रा बाहिर लैजानु हुँदैन भन्थे र लैजान दिंदैनथे । विदेशी सेनामा नेपालीलाई भर्ती हुन पनि रोक लगाएका थिएर । नेपाललाई बेलायती साम्राज्य हुनबाट जोगाउनु पनि राणाहरूको राष्ट्रवाद हो ।

१६. राणाहरूले पृथ्वीनारायण शाहले भनेजस्तै असली हिन्दुस्तानकै रूपमा नेपाललाई परिचित गराए । वैदिक शास्त्र, पौराणिक आधारमा मुलुकी ऐन बनाए । सरकारी कामकाजको भाषा नेपाली बनाए । केही विश्लेषकले यसैलाई पञ्चायती राष्ट्रवादको पूर्वाधार मानेका छन् जुन २००४ सालको वैधानिक कानूनमा पनि केही झलक देख्न सकिन्छ । महात्मा गान्धीको पञ्चायती राजमा पनि त्यस कुराको झलक छ । उत्तर र दक्षिणमा विशाल साम्राज्य छाउँदा पनि राणाले नेपालको स्वतन्त्र अस्तित्त्व कायम राखेका थिए ।

१७. राणा शासकहरूले अङ्ग्रेजबाट एक प्रकारको सुरक्षा लिएका थिए । ब्रिटिश साम्राज्यको हित र रक्षामा सघाए पनि त्यो नेपाल जोगाउनका लागि थियो । राणाले आफूलाई नेपाली राष्ट्रवादी देखाउँथे । उनीहरू कहीं न कहीं ब्रिटिश इण्डियाबाट खतरा छ भन्न चुक्दैनथे ।

## शाहकालीन राष्ट्रवाद

१८. राजा त्रिभूवन आफै श्रजक विवेकशील थिएनन् तरपनि राणाको जहानियाँ शासन फाल्न चाहन्थे, प्रजातान्त्रिक नेपाल बनाउन चाहन्थे । उनी परिवार सहित भारतमा शरण लिएपछि नेपालीको गौरवमय राष्ट्रियतामा आघात परेको हो । भारतको दबाब बढ्न थालेको हो । नेपालको शासन चलाउन भारतीय सचिव नै नेपालको क्याबिनेटको बैठकमा बस्न थालेका हुन् । त्यो दलीय शासनको सबै कालखण्डमा कायम रहिआएको छ, बेलायतीबाट संस्कारित भारतीय प्रभुत्व बढेको छ ।

१९. राजा महेन्द्रको राष्ट्रवाद आफ्नो मौलिकपन बनाईराख्नु हो । उनले नेपाली राष्ट्रियतालाई खुस्किँदै खुम्चिदै गएको महसुस गरे । हरेक क्षेत्रबाट त्यसलाई मजबुत गराएर स्वतन्त्र राष्ट्रको अस्मिता जोगाउने योजना बनाए । नेपाली नागरिकताबारे स्पष्ट कानून बनाए । भारतलाई मनमा राखेर नेपाली नागरिकता हुनुभन्दा नेपाललाई मनमा राखेर विदेशमा बसेका प्रवासीमा नेपाली राष्ट्रियताको भावना बढी हुने महसुस गरे, 'फर्क हे फर्क नेपाली' गीत नै निर्माण गरेर विश्वभरका नेपालीलाई फिर्ता बोलाए । धेरै नेपाली फर्केर आए पनि । हातमा सीप र मनमा राष्ट्रियताको भावना लिएर फर्केका तिनीहरूले विश्वविद्यालय, राजकीय प्रज्ञाप्रतिष्ठान, प्रहरी प्रशासन आदि समेत सुधारे । फर्केकाहरूले विश्वविद्यालयको उपकुलपति, डिन, रेक्टर, रोयाल एकेडेमीका उपकुलपति, प्रहरीका आईजीपी लगायत राजनीति दलका ठूला ओहोदा समेत सम्हाले । देशलाई सकरात्मक योगदान दिए ।

२०. राजा महेन्द्रले नेपालमा रोजगार थपेर विदेशीएका नेपालीलाई फर्काए । तर आजको दलीय सरकारले त्यसको ठीक उल्टो काम गरेको छ ।

कुल उत्पादनशील जनशक्तिको दुई तिहाई नेपालीलाई राज्यले नै विदेशीन बाध्य पारेको छ । बदलामा मगन्ते, घुमन्ते, अचेतन, असभ्य भारतीयलाई नागरिकता दिएर नेपालमा भित्र्याइएको छ । तिनैबाट नेपालको राष्ट्रियता खस्काउन यहाँ चलखेल बढेको छ[१९] । महेन्द्रको राष्ट्रियताप्रतिको सोच, उनको मनोविज्ञान र दूरदृष्टिले नेपाललाई समुन्नत र गौरवशाली बनाईरहने छ ।

२१. सम्वत् २००७ सालमा सपरिवार दिल्ली गएका बखत नेपालको राजालाई भारतको राष्ट्रपति बनाउने निहित स्वार्थवश काश्मिरी राजालाई नदिएको सम्मान नेपालको राजालाई दिएको भनेर मख्ख पारिएको थियो । त्यस प्रस्तावको विरोधमा युवराज महेन्द्र खरो उत्रेर परिवारजनभन्दा पहिलेनै नेपाल फर्कनुले पुष्टि गर्दछ । उनी खरो नउत्रिएको भए आज नेपालले स्वतन्त्र मुलुकको अस्तित्त्व गुमाएको हुने थियो ।

२२. महेन्द्रीय राट्रवादले राष्ट्रिय स्वाभिमानमा गौरव गर्ने क्षमता आम नेपालीमा वृद्धि हुन्छ । नेपालीपन, कला, भेषभूषा, साहित्य, संस्कृति, मूल्य र मान्यता, मौलिकता, आर्थिक समुन्नति, नागरिक चरित्र, धर्म प्रति आत्मबोध बनाउँछ । यो पद्धति अपराध घटाउन र आयातित गलत सभ्यता रोक्न सफल छ ।

२३. महेन्द्रले राजा, नेता र क्रान्तीकारीको भूमिका एकैसाथ सम्हालेर मुलुकलाई द्रुतरूपमा प्रगतिको रफ्तारमा बढाएका हुन् । त्यसबेलाजति छिटो, ठूला र सन्तुलित विकास आयोजना कहिल्यै नभएको कुरा विश्वका विश्लेषकले दावी गरेका छन् ।

२४. धन्यवाद भारतीय जनरल थिमैयालाई । उनी नेपाल आएर नेपालको सुरक्षा र आन्तरिक मामलामा अप्रत्यासित रूपले चलखेल बढाएपछि नेपालीले भारतीय हस्तक्षेप बढेको महसुस गरेका थिए । त्यसलाई रोकेर भारत मातहत रहन लागेको रक्षा, जलश्रोत र परराष्ट्रलाई राजाले जोगाएका हुन् । नेपाललाई स्वतन्त्र सार्वभौम राष्ट्र भनेर विश्वमा चिनाएका हुन् । क्रान्तिकारी भूमिसुधार लागू गरेर जर्जर किसानको जीवनस्तर माथि उकासि दिए । उत्तरी सिमानामा रहेका १६ वटा भारतीय सैनिक चेकपोष्ट हटाइदिए । कोदारी राजमार्ग बनाएर चीन र भारतसित मात्र होइन अमेरिका र बेलायतसित समेत सम्बन्ध सन्तुलन कायम गराउन सफल भए । उनले किसानको हितकोलागि अनिवार्य बचत 'स्कीम' लागू गरे ।

२५. पूर्वपश्चिम राजमार्ग बनाएर नेपालीलाई आवतजावत गर्न परनिर्भर हुनु नपर्ने र नेपालको कच्चा पदार्थ नेपालमै खपत हुने उद्योग

---

१९. मन्त्री सांसद पद सभालेका महन्त, राजेन्द्र, सरिता, सुजाता, दुर्गा, हृदयस, गच्छेदारहरू भन्दा, रोम बहादुर थापा, राजेन्द्र रंगोन, लैनसिंबाङदेल जस्तामा राष्ट्रियताको भावना बढी छ ।

व्यापारको मेरूदण्डको निर्माण गरे । त्यसले नेपालको आर्थिक मेरूदण्डको काम गरेको छ । स्वतन्त्र, स्वावलम्बन र आत्मनिर्भर नेपाल बनाएको छ । नेपालको गौरव बढाएको छ ।

२६. उनले राजनीतिक मात्र हैन, व्यापक सामाजिक सुधार पनि गरे । संसद भएको भए पारितनै हुननसक्ने देखेर अध्यादेशबाट मुलुकी ऐन लागू गरेर नेपालबाट छोइछिटो जातभातको अन्त्य गरिदिए ।

२७. जब नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता लिन दर्खास्त दिएको थियो भारतले रूसलाई उठाएर भिटो लगाउन लगाएको थियो । भारतको पक्षमा रूसले पटकपटक भिटो लगाइरहँदापनि नेपाललाई राष्ट्रसंघको सदस्य बनाउन सफल भयो राजामहेन्द्रको राष्ट्रियताप्रतिको सुझबुझवाट । यसरी उनले दोश्रो पटक बाघको मुखबाट खोसेर देशको स्वतन्त्रता र स्वाधिनता जोगाएर राखेका हुन् । अन्यथा नेपाल संरक्षित राज्य बाहेक अरू हुने थिएन । राजा महेन्द्रको बुद्धि र सुझबुझको कदर गर्नुपर्ने अर्को कुरा त्यस्तो रूसलाई हातमा लिएर त्यही भारतले विरोध गरेको पूर्वपश्चिम राजमार्गको ढल्केबार हेटौडा खण्डको लामो भाग निर्माण गरिदिने पहिलो दाता रूस नै थियो । त्यति मात्र होइन, जनकपुर चुरोट कारखाना, वीरगञ्ज चिनी कारखाना, वीरगञ्ज कृषि औजार कार खाना, पनौती जलविद्युत आयोजना लगायत नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर गराउने थुप्रै काम रूसको सहयोगमा भएका हुन् । हजारौं छात्रवृत्तिबाट दक्ष जनशक्ति उत्पादन गराउन रूसले सहयोग गरेको हो । रूस नेपालको विकासकालागि असल सहयोगी मित्रका रूपमा परिणत भएको हो ।

२८. राजा मोजमस्तीकालागि होइन, जनतासँग भिजेर तिनको सुख शान्तिकालागि काम गर्ने संस्था हो भनेर राष्ट्रियताको नयाँ आयाम थपिदिए राजा महेन्द्रले । उनी देशको कुना कन्दरा घुमेर देशको वास्तविकता बुझ्ने पृथ्वीनारायण शाह पछिका पहिलो राजा हुन् । नेपालका कुनाकुना घुम्न भौतिक रूपले त्यति सजिलो थिएन, तर उनी घुमे । कवि हृदय भएका, प्रकृतिप्रिय उनको घुमाइले पर्यटन विकासदेखि सम्पूर्ण पूर्वाधार निर्माण गर्न सहयोगी बन्यो । तिनताक त्रिभूवन राजपथ बाहेक नेपालमा कही एक इन्च पनि सडक थिएन, पैदल हिड्ने सडक पनि राम्रो थिएन । पुल पुलेसा थिएनन् । साना डुङ्गाका भरमा तर्न पर्दथ्यो ठूला नदी । हेलिकोप्टर थिएन । गतिला वास बस्न लायक घर पनि पाईदैनथे । केवल आफैले बोकाएर लगेका पालको वास र घोडाको साधनबाट देशको हिमाल, पहाड तराईको स्थलगत गहन अध्ययन गरेको अतुलनीय इतिहास छ उनको ।

२९. उनको देशदर्शन र विश्वदर्शनले नेपालका जनताको सोच विचार चाहना अनुसार राजनीति हुनु पर्ने कुरा देखि कहाँ कुन कस्तो विकास योजना सञ्चालन गर्नु पर्ने कुराको समेत गहन अध्ययन गरे । राजाले जनभावना

अनुसार शासन गर्नुपर्दछ भन्ने चेतना थपियो भ्रमणले । देश दर्शनको यो यात्राले देशको कायापलट गराउने ज्ञान दिएको थियो उनलाई । मनमा शुद्ध राष्ट्रियताको भावना छ भने जे पनि सम्भव हुन्छ भन्ने उनी उदाहरण हुन् ।

घना गाउँजस्तो काठमाण्डुलाई एउटा आधुनिक शहरमा परिणत गर्ने श्रेय पनि उनैमा जान्छ । त्यसबेला के के विकास भयो ? भनेर सोध्नुभन्दा के भएन भनेर जवाफ दिनु पर्ने हुन्छ ।

३०. नेपाल दर्शनबाट उनले थाहा पाए कि नेपालभर नेपाली मुद्रा नचल्ने अवस्था रहेछ । पहाडको कर्णाली प्रदेशदेखि तराईभर भारू मात्र ग्राह्य थियो । उनले बुद्धिमानिपूर्वक नेपालमा नेपाली मुद्रामात्र चल्ने र भारतीय मुद्रा अरू मुद्रा सरह बैङ्क मार्फत सटही गर्नुपर्ने राष्ट्रिय मुद्रानीति बनाएर सफल कार्यान्वयन पनि गरिदिए । यसरी नेपालभर नेपाली मुद्राको प्रचलन गराउने श्रेय पनि राजा महेन्द्रलाई जान्छ । त्यतिमात्र हैन मुद्राको परिवर्त्य आधार अमेरिकी डलरलाई बनाए जुन पुनः बहुदलीय शासन भएपछि दलले भारूलाइ नै बनाइदिएका छन् ।

३१. तिनताक नेपालभर नेपाली भाषा पनि बोलिदैनथ्यो । नेपाली पाठ्यपुस्तक पनि पढाइदैनथ्यो । हिन्दी भाषामा लेखिएका भारतका विषयवस्तु समावेश भएका भारतीय पाठ्यपुस्तक पढाइन्थ्यो । नेपालभर नेपाली र संस्कृत भाषालाई समेत अनिवार्य बनाएर देशभर शिक्षाको बिस्तार गर्ने श्रेय राजा महेन्द्रलाई जान्छ ।

३२. देशलाई पुनर्संरचना गरेर ४००० गाउँ पञ्चायत, ३६००० गाउँ वडा, उपयुक्त ३३ नगर पञ्चायत, ७५ वटा जिल्ला र १४ वटा अञ्चलमा विभाजन गरेर अधिकार विकेन्द्रिकरणको सिद्धान्त लागू गरेर जनताले घर दैलोमा सेवा पाउने बनाएका थिए । यसरी स्थानीय विकासमा तहल्का ल्याउने राजा पनि उनी नै हुन् । प्रत्येक वडामा प्रावि, प्रत्येक पञ्चायतमा मावि, जिल्लामा महाविद्यालयको अवधारणा ल्याउने पनि उनै राजा हुन् । त्यसका साथसाथै स्वास्थ्य, खानेपानी, यातायात लगायत यावत जनसरोकारका विषयमा जनतालेनै काम गरेर विकास गराउने परिपाटीको थालनी गर्ने श्रेय पनि उनैलाई जान्छ ।

३३. नेपालमा कोही घरबार तथा रोजगार विहिन न होउन् भनेर तथा उत्पादकत्व बढाउने ध्येयले अमेरिकाको टेनेसी भ्याली योजनाभन्दा राम्रो चितवन दून पुनर्वासको अवधारणा कार्यान्वयन गर्ने राजा पनि उनै हुन् । तिनकै कारणबाट व्यवस्थित पुनर्वासको थालनी भयो । कोही पनि घरबार, रोजगार र शिक्षाबाट वञ्चित नहुने वातावरण बन्यो ।

पछि त्यो पुनर्वासलाई भू-प्रयोजन नक्सा गराएर देशको मेची महाकाली सीमा क्षेत्रमा विशुद्ध नेपाली बोल्ने र नेपाली रहनसहन, पोशाक लगाउने

मानिसको बस्ती बिस्तार गरेर भारतबाट नेपाल छिर्दाखेरि नै भिन्न देशमा आएको ज्ञान हुने वातावरण सृजना गरियो । त्यसमा विपन्न भूतपूर्व सेनादेखि प्रवासबाट फिर्ता बोलाइएका नेपाली समेतको व्यवस्थित बृहद् नमुना बसोवास भयो । त्यति राम्रो कुराको निरन्तरता नहुनुमा भूमिगत दल मार्फत विदेशी छलछामबाट उनको देहावसानको कारण हो भन्ने शंका छ । किनकि तिनले पटकपटक उनीमाथि बम प्रहार पनि गरेका थिए ।

३४. जनमानसमा नेपालीत्व जागरण भएपछि नेपाली जनताले नेपाल प्रवेश गर्ने सबै प्रमुख थलोमा नेपाली कला संस्कृतिले भरिएका ठूल्ठूला प्रवेश द्वारको निर्माण गरेका छन् ।

३५. यसरी नेपालको आर्थिक उन्नति, उद्योग व्यापार, यातायात, सञ्चार, उर्जा, सामाजिक सेवा लगायत चौतर्फी विकास गराए उनले । नेपालको राष्ट्रियता, एकता, र भावनात्मक समन्वय बनाउने काममा राजा महेन्द्रको योगदान नेपालले कहिल्यै बिर्सन सक्दैन । नेकाँले बाहेक विश्वमा राजा महेन्द्रको प्रशंसा नगर्ने कोही छैन । मनपरि गर्न नपाएकोमा नेकाँले प्रतिशोध स्वरूप उनको विरोध गर्दछ, संविधान संगत कामलाई 'कू' भन्दछ । सम्वत् २०४७ सालपछि आजसम्म काङ्ग्रेस लगायत सत्तामा बसेका प्रमुख दलले राजश्वको पुरापुर दुरूपयोग गरेका छन्, सेतो भ्रष्ट्राचार गरेकाछन् । यही फरक छ राजा र दलले गरेको शासनमा ।

३६. आजकलका हिजो नदेख्ने र भोलि नबुझ्ने नेपालका दलका नेताले ती महान् व्यक्तिको सम्मानमा जनताले आफ्नो पूँजि लगाएर बनाएका मुर्तिहरू, स्टयाचुहरू सबै भत्काई दिएका छन् । उनका नाममा रहेका शुद्ध स्वाँस फेर्ने बनाइएका उद्यानहरूमा नगरपालीकाका फोहर फाल्ने र दुर्व्यसनीले दुर्वेशन गर्ने थलो बनेका छन् ।

कम्युनिष्टहरू प्रजातन्त्रवादी हुन सक्दैनन्, केवल अधिनायकवादी मात्र हुन सक्दछन् । तर राजा महेन्द्रले नेपालमा साम्यवादी कामकुरा चीनमा माओले गरेजस्तै गरेर गज्जबसँग सन्तुलन कायम गर्न सफल भएका हुन् । चीनले लागू गरेको हुबहु मिल्ने गाउँ फर्क अभियान लागू गरेका हुन् । दश सूत्रीय गाउँफर्क अभियान पुस्तिकाको बाहिरी गातो पृष्ट र डिजाइन पनि चीनको जस्तै बनाइएको थियो ।

३७. राजासंस्था युगानुकूल, जनमुखी, प्रजातान्त्रिक र स्वतन्त्र बनाएर जन विश्वास बनाउने कविराजा प्रजातान्त्रिक शक्तिलाई राजसंस्थाले र राजसंस्थाले प्रजातान्त्रिक शक्तिलाई विश्वास गर्न सकेमात्र राष्ट्रियता मौलाउँछ भन्ने उनको विचार बुझेपछि मात्र विदेशिएका बीपीले राजाको गर्धन तल आफ्नो गर्धन माथि भनेर नेपाल भित्रिएका हुन् । तर त्यही दर्शन बोकेको दलले

हेटक्राइमका रूपमा राजालाई विवादमा तान्ने र राष्ट्रियता खलबल्याउने काम उनकै भाई र दलले गरेर नेपाली राष्ट्रियताको गौरव खस्किदै गएको छ ।

३८. राणा हटेपछि, महेन्द्रीय राष्ट्रवाद हुनुपूर्व, भारतीय दूतावासका द्वितीय सचिव नेपालको मन्त्री परिषद् बैठकमा बस्ने गर्दथे । महेन्द्र राजा भएपछि त्यसलाई तुरून्त हटाएर भारतभन्दा भिन्दै स्वतन्त्र सार्वभौम मुलुक हो भनेर देखाउन, चिनाउन भिन्नै पहिचान, शासन पद्धति, संरचना र विम्बहरूको स्थापना गरे । राष्ट्रबैङ्क लगायत सयौं संस्थाहरू, संस्थान र उद्योग प्रतिष्ठानहरूको स्थापना गरे । १४ अञ्चल, ७५ जिल्ला र गाउँ/नगर पञ्चायतको अवधारणा ल्याए । हरेक गाउँलाई ९ वडा र नगरलाई ३६ वडासम्ममा विभाजन गराएर सहज सेवा डेलिभरी हुने बनाए । विश्वविद्यालयहरू स्थापना गरे । नेपालको आफ्नै अन्तरर्राष्ट्रिय वायु सेवा सञ्चालन गरे । भूमिसुधार योजना लागू गरे ।

३९. 'राजा, नेपाली भाषा र हिन्दु धर्म' गरी तीन-खम्बे राष्ट्रवादमा पञ्चायती शासन पद्धतिले सर्वाङ्गिण विकासपद्धति प्रवर्द्धन गरेको थियो । आज संस्कृत र नेपाली भाषालाई एक जातको मात्रै भन्न थाल्यौं, धर्मको अर्थै नबुझी निरपेक्ष राज्य घोषणा गर्‍यौं । अब नेपाली समाजलाई केका आधारमा एक हौं भन्ने भावनामा गाँस्ने हो भन्ने चुनौती हाम्रो सामु छ । अहिले उनले गरेका राम्रा प्रयास पनि ओझेल परेका छन् । रष्ट्रियता सम्वर्द्धन गर्न पूर्वाधार बनाउँदा बनाउँदै कम उमेरमै देहको अन्त्य भएका कारण गरिबी नामेट पारेर उन्नत नेपाल बनाउने योजना अधुरा नै छन् ।

**४०.**राजावीरेन्द्रको राष्ट्रवादको *सूत्र अन्याय नगर अन्याय नसह* भन्ने हो । उनले २०४५ साल जेठ महिनामा नेपाललाई चाहिने केही हतियार चीनबाट ल्याउने सम्झौता गरेपछि भारतले नेपालसँगको व्यापार तथा पारवहन सन्धी नविकरण गर्न मानेन । उल्टै आर्थिक नाकाबन्दी गरिदियो । यथार्थ के हो भने इण्डियाले नेपालको गौरवमय इतिहासको विपरित एउटा संरक्षित राष्ट्रको व्यवहार गरेपछि नेपाल स्वतन्त्र सार्वभौम राष्ट्र हो भन्ने कुरा विश्वलाई देखाउन चीनबाट नाममात्रको सैनिक सामग्री खरिद गरेको हो ।

राजनीतिक र नैतिक रूपमा पराजित इण्डियाले आफूले हुर्काएका दललाई हात लिएर त्यसले २०४६ सालमा पञ्चायती व्यवस्था विरूद्ध जनआन्दोलन गराइदियो । आन्दोलन दबिसकेपछि २०४६ चैत्र १८ गते भारतका विदेश सचिव एस.के.सिंह एउटा प्रस्ताव बोकेर काठमाण्डौ आए । त्यस प्रस्तावलाई मानेको खण्डमा राजाका पुस्ता दरपुस्ताले दलविहिन राजतन्त्र चलाउन पाउने थियो । तर त्यसको बदलामा नेपालको जलस्रोतमा भारतको आधिपत्य हुने; नेपालले भारतीय सुरक्षा छाता स्वीकार्नुपर्ने थियो ।

आफ्नो देशलाई भूटानको अवस्थामा राख्ने त्यो प्रस्ताव वीरेन्द्रले स्वीकारेनन् । बरू जनमतबाट अनुमोदित पञ्चायत व्यवस्थालाई बलि चढाईदिए । हात काटेर विदेशीलाई दिनुभन्दा आफ्नै जनतालाई दिने निधो गरेर त्यहि दिन बहुदलीय व्यवस्थाको घोषणा गरे । राजामा निहित अधिकार जनहितकालागि मात्र हुन्छ, राज अधिकार देशको राष्ट्रियताभन्दा न्यून हुन्छ भन्ने सन्देश दिएर वैदिक राजधर्मको नमुना बनेका हुन् ।

४१. त्यसपछि राजा वीरेन्द्रको प्रतिष्ठा ह्वात्तै बढ्यो भने दलका नेताका छवि अत्यन्त तल गिर्दै गएपछि भारत नेपालको राजसंस्था नै उखेल्ने मनस्थितिमा गयो । अनि राजा वीरेन्द्रले जनताका आधारभूत प्रजातान्त्रिक मागलाई दबाउन भारत विरोधी अभियान थालेका हुन्[२०] भन्ने तर्कहीन आरोप लगायो भारतले । राजीव गान्धीको राजा वीरेन्द्रमाथिको दबाब उनको चीनतिर झुकेको मनलाई आफूतिर फर्काउने भन्ने थियो ।[२१] यस विषयलाई लिएर चलेको विवाद वास्तवमा वाकयुद्धमा परिणत भयो । त्यस क्रममा तथाकथित नेपाली युवाको भनाईं भनेर सार्वभौमिकता नै भारतलाई सुम्पेपनि हुन्छ भन्नेसम्म[२२] प्रचारवाजी गरियो । त्यसलाई बि.बि.सि.ले पनि ठाँऊ दियो । नेपालका राजासँग गान्धीलाई एकै समयमा थरि-थरिका लौराले कसरी कुट्ने भन्ने सीप छ[२३] भन्ने सूत्रका आधारमा आफ्नो विकास काममा चिनियाँलाई नेपाल भित्र्याएर भारतलाई बाध्यात्मक रूपमा कोहलपुर-बनबासा खण्डको बाटो निर्माण गराएइको पीडाबोध गऱ्यो भारतले । उनको समदुरीको राष्ट्रवादी सोच भारतलाई पचेन ।[२४]

४२. इण्डियाको नेपाललाई सीमित सार्वभौमभित्र राख्ने प्रयत्न नै नेपालका राजालाई मात्र हैन नेपाली मात्रको चित्त नबुझ्ने कुरा हो ।[२५] दललाई हात लिएपछि राजालाई सीमित गर्न सम्भव हुन्छ भन्ने कुरा पनि नेपाली नागरिकले असम्भव सावित गराइदिए । त्यसपछि सशस्त्र गुल्म शक्ति दललाई थमाइयो । भारतले जति नेपाली राष्ट्रिय सोचलाई कमजोर बनाउन खोज्यो नेपालमा भारत विरोधी नागरिकको संख्या तीव्ररूपमा बढ्दोछ ।

---

२०. (The third strategy of King to divert Nepalese attention from the basic issue of their democratic rights and to insulate them against the ideals of Indian democratic aspirations, was to create an anti-Indian bias-Zutshi)

२१. Ibid. (The former (the king) asserting his soverign right to be closer to China and the later (Rajiv) reborting to last ditch efforts to reverse the process by keeping Nepali tied to apron - straight of India too late in the day)

२२. Ibid. (.... had nothing but a contenpt for dynastic rule, adding sneeringly that a sizable number of Indians too might vote for "king Rajiv" at the ensuing election)

२३. The States Time: Aug. 29, 1989. (The Nepalese king has learnt how to beat Mr. Gandhi with several sticks at the same time)

२४. Ibid. (China had consolidated its hold on Nepal taking adventage of Indian's cruelway treatment of the Himalayan Kingdom)

२५. (India believed in the doctrine of limited soverignty for Nepal)

भारतले सन् १९७२ पछि राजा वीरेन्द्रले चीन भारतसितको ***समदुरी नीति*** अवलम्बन गरेर आफै द्वन्द्व निम्त्याएका हुन्[२६] भन्ने आरोप लगाउन थाल्यो । भारतीय मूलका भनेर उचाल्न खोजिएका सीमावर्ती क्षेत्रका अत्यधिक नेपाली नागरिक नै त्यस विपरित रहेकाले इण्डियाको विचारको ठूलो पराजय हुँदै गयो । राजा वीरेन्द्रको गरिमा ह्वात्तै बढ्यो । त्यो खेल असफल भएपछि भारतीयलाई नेपाली नागरिकता दिने अभियानबाट भारतपक्षधरको बाहुल्य हुने अभियान चलाइयो । यो सिक्किमीकरणको जग हो भन्ने कुरा नेपाल भारतको सीमा विवाद जनमत संग्रहबाट गर्नेभन्ने दलको प्रस्तावले इङ्गित गर्दछ । "तराईवासीको संरक्षण गर्न पनि भारतले हस्तक्षेप गर्नुपर्दछ" भन्ने भार तको भनाई र तराईमा चलाइएका गतिविधि नै भावी नेपालकालागि खतर्नाक छन् । वीरेन्द्रको राष्ट्रवादले यस्ता भारतीय हस्तक्षेपका कुरालाई चुनौती बनेको छ । सर्वत्र भारत असफल भएपछि सबै क्षेत्रमा सताउने काम गरिरहेको छ । डुवान, सीमा अतिक्रमण, पारवहन, व्यापार, जलश्रोत, नागरिकता, आर्थिक उन्नति, राष्ट्रिय एकतामा विखण्डन गर्ने सबै क्षेत्रमा । कुनैपनि क्षेत्रमा असफल भएपछि त्यसको १४ वर्षपछि उनी र उनको परिवारले आफै बलि चढ्नु परेको यथार्थ हो भन्ने आम जनभावना छ ।

४३. राजा वीरेन्द्रको राष्ट्रियतामा देशलाई सुसम्पन्न बनाएर माथि उठाउने मुख्य हो । स्वैत क्रान्ति, हरितक्रान्ति, *पिडिएलटी, एसियाली मापदण्ड, शान्तिक्षेत्र नेपाल* घरघरै उद्योग मुख्य हुन् । सर्वाङ्गिण समुन्नतिकालागि द्रुतरूपमा अवरोधरहित विकास गरिनु पर्दछ । द्रुततर विकासकालागि शान्ति पहिलो आवश्यकता हुन्छ । किनकि अशान्तिले विकास बिथोलिन्छ, व्यक्ति र सामाजिक जीवन तहसनहस हुन्छ । विश्व शान्तिकै लागि उनको प्रयत्न जारी थियो । त्यसकालागि नेपाललाई शान्तिक्षेत्र घोषणा गरेका थिए । विश्वले उनको शान्ति क्षेत्र प्रस्तावको अर्थ बुझ्यो । ११८ देशबाट समर्थन प्राप्त भयो । इण्डियाले त्यो कुरा बुझ्न सकेन, उल्टै नेकाँलाई सशस्त्र युद्ध गर्न सघायो । माओवादीलाई सघाएर भूमिगत युद्ध गरायो । नेपाल घोर अशान्तिमा फँस्यो । आखेटमा आफै फँस्ने अधम रणनीति अवलम्बन गरेर पनि नेपाललाई अशान्त बनाइरहने बनायो । यसले नेपालको विकास, उन्नति र राष्ट्रियता समेत तहसनहस भएको छ । नेपाल जात, सम्प्रदाय, भूगोल, थरगोत्र र लिङ्गमा विभाजित भएर आपसमा विभाजित भएकोछ ।

४४. गाँस, वास, कपास र रोजगार जस्ता आधारभूत वस्तु सबैलाई पुऱ्याउने अठोटका साथ सन् २००० सम्म नै एसियाली स्तरमा पुऱ्याउने उनको अठोट थियो । त्यसैबाट नेपाललाई विश्व स्तरमा पुऱ्याउने लक्ष थियो ।

---

२६. The Statesman: Aug. 29, 1989. (King Birendra who came to the throne in 1972 gave new thrust to his anti-India and pro-Chinese policy leading to a clear confrontation with New Delhi);

नेपालको व्यापार घाटा घटाएर सन्तुलन कायम गर्ने, हरेक वस्तु देशमै उत्पादन गर्ने र देशलाई आत्मनिर्भर गराउने उनको भगिरथ प्रयत्न थियो । लक्ष अनुसार प्रगति पनि भएको थियो ।

४५. अधिकार जनतालाई दिनु पर्दछ । त्यो स्थानीयस्तरमा पुग्नु पर्दछ । विकेन्द्रीकरण पद्धति त्यसको माध्यम हो भनेर जनता, सार्वजनिक संस्थान र सरकारको ऐक्यबद्धता थियो ।

राजा वीरेन्द्र त्यागी, निष्पक्ष र जन विचार कदर गरेर काम गर्ने नेपाली मात्रको संरक्षक भएकाले उनको शासनकालमा सबै नेपाली निर्धक्कसँग खुला आँगनमा गहिरो निद सुत्न सकेका थिए ।

४६. वीरेन्द्रको राष्ट्रवाद राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, आत्मनिर्भता, आर्थिक समुन्नति र पूर्ण रोजगारयुक्त देश बनाउने कुरामा केन्द्रित थियो । उनमा सत्यकालागि कहिल्यै कसैसँग नझुक्ने गुण थियो । उनले देशको समुन्नतिकालागि जेजति गरे त्यसलाई आउँदा पिढींले बुझ्नेछन्, न्याय गर्नेछन् र समुन्नत नेपाल बनाएर राष्ट्रियताको जगेर्ना गर्नेछन् भनेर विश्वास गर्न सकिन्छ।

४८. अन्त्यमा, राजा ज्ञानेन्द्रको राष्ट्रवादको कुरा आउँछ । राजसंस्थाको उत्तराधिकारी नै नरहने गरी राजा वीरेन्द्रको वंश नाश गराउने षड्यन्त्र भयो । अकल्पनीय दरबार हत्याकाण्ड रचियो । कार्यवश त्यसरात उपत्यका बाहिर रहेर जोगिएका राजाका माहिलाभाई ज्ञानेन्द्रले बाध्यात्मक रूपमा राजाको जिम्मेवारी सम्हाल्नु परेको थियो । राजगद्दी सम्हालेपछि दाज्यूकै पथमार्ग पछ्याउने निधो गरे ।

स्वयम् घोषित कामचलाऊ दलीय सरकारले पहिले नै बेबी किङ्ग भैसकेका ज्ञानेन्द्रका ठाउँमा राजाकी जेठी छोरिकी जेठी छोरीलाई रानी बनाउने प्रस्ताव पनि गरियो । संस्थानै उखेल्न चाहेको भारतबाट त्यो अमान्य भएपछि ज्ञानेन्द्रको नातीलाई इङ्गित गर्दै फेरि बेबी किङ्गको प्रस्ताप आयो । यसले नेपालका सबै दलले नेपाललाई राजसंस्था आवश्यक भएको महसुस गरेपनि भारत र मिशनरीको दबाबले गणतन्त्र घोषणा गरिएको यथार्थ हो ।

४९. बाह्रबुँदे दिल्ली सम्झौताबाट गोटी बनेका आठ दल (SPA-M)ले चाहेर पनि भारत र इसाईको आदेश उल्लंघन गर्न सकेनन् । फलतः षड्यन्त्रको तानाबानाले वि.सं. २०६३ सालमा सत्ताबाट फालिए । यो अवस्थामा पुऱ्याउनेमा गिरिजा, प्रचण्ड, माधव र बाबुराम निमित्त नायक भनिएपनि सबै काम विदेशीले गरेका हुन् । त्यसपछि पनि विदेशीले जे चाहेको छ त्यही भएको छ ।

राजा वीरेन्द्रको पदचिन्हमा हिँडेर देशलाई पुनः त्यही स्तरमा लैजान राजा ज्ञानेन्द्र पनि प्रतिबद्ध थिए । राजा वीरेन्द्रको उच्च नेतृत्व खुबीका सबै पहलु अपनाएका थिए । उनले स्थलगत रूपमा आफै गएर समस्या बुझ्ने,

निरिक्षण गर्ने, निदान र अनुगमन गरेर विकासलाई गति दिने काम समेतलाई निरन्तरता दिएका थिए । यो उनको विकास राष्ट्रवादको उदाहरण हो, मुलुकप्रतिको समर्पण भाव हो । तर षड्यन्त्र र बेइमानीले उछिनिदिएपछि उनी घृणा अफवाहको शिकार बनेका हुन् ।

५०. वैदिक राजसंस्थाले जनता–जनताबीच लडाउन दिदैन, जनहत्या गराएर सत्ता जोगाउन चाहँदैन । सिरियाको राष्ट्रपतिले गरेको एक अंश गरेको भएपनि सत्ता जोगाउन सक्तथे उनले तर त्यसो गरेनन् । अनिर्वाचित अज्ञ प्रम गिरिजाले भारतका अङ्ग्रेज गएझैं विदेश कहाँ जाने हो जाऊ भन्दा पनि नेपालको राजा नेपालमै बस्छु, नेपालकै सेवा गर्छु भनेर राजओजको राष्ट्रियताको प्रदर्शन गरेका थिए उनले ।

उनलाई पनि राजा वीरेन्द्रलाई हस्ताक्षर गर्न भनिएको उक्त सम्झौतामा सहमति जनाउन भनिएको थियो, तर मानेनन् । बरू उनले सार्कलाई बलियो बनाउन चिनलाई सार्कको सदस्य बनाउन प्रस्ताव गरे । असंलग्न सम्मेलनमै भारतको नेपालप्रति द्वैत्त चरित्र भएको (माओवादी र नेपाली सेना दुबैलाई सघाउने) भन्ने यथार्थ उक्ति प्रकट गरे । यी कारणले गर्दा उनीप्रति भारत खनियो । दुई देशको सम्बन्ध चिसियो । अनि उनको सत्ताच्यूत गराउने खेल खेल्यो भारतले ।

नेकाँको आन्तरिक कलहको कारण संसद विघटन गरेर उत्पन्न संवैधानिक संकटलाई कुनैपनि दलले समस्या समाधान गरेर निर्वाचन गराउने क्षमता प्रदर्शन गर्न नसकेपछि, आँट नगरेपछि वि.सं. २०६१ माघ १९ गते सत्ता हातमा लिन उनी बाध्य भए । फेरि त्यसैलाई बहाना गराएर दलले विरोध गरे । निर्वाचन गराएर सत्ता सुम्पने उनको कृत्यलाई भारतले तानाशाह मान्यो तर दलबाट मनोनित सांसद र अनिर्वाचित सरकारलाई प्रजातान्त्रिक मान्यो । यो मृगशिशु र स्यालको अनैतिक र अराष्ट्रिय कथामात्र हो ।

## साम्यवादी राष्ट्रवाद

५१. कार्ल मार्क्सले आजभन्दा १ सय ६५ वर्षअघि कम्युनिस्ट घोषणापत्र लेखेपछि भनेका थिए – 'अब राष्ट्रियताको कुरो सकियो । अब भविष्यमा संघर्ष भनेको बुर्जुवा र सर्वहाराबीचको हुने हो ।' तर, पछि राष्ट्रहरूकै बीचमा प्रथम विश्वयुद्ध भयो, सर्वहारा बुर्जुवाबीच भएन । सामन्त भएको बेलायतमा आउँछ भनेको साम्यवाद गरीब किसान भएको रूसमा आयो । कम्युनिस्टहरू त्यहाँ मात्र सफल भएका छन्, जहाँ आफ्नो राष्ट्रवादसँग जोडेर आन्दोलन गरेका छन् । चिनियाँ क्रान्तिका नेता माओत्सेतुङ्ले जापानी साम्राज्यको विरोधमा स्वाधीनताको आन्दोलन गरेका थिए । अर्को सफल कम्युनिस्ट आन्दोलनको नमुना भियतनाम हो । त्यहाँ पनि होचिमिन्हले गरेको आन्दोलन फ्रान्स र अमेरिकाको साम्राज्यबाट

मुक्तिका लागि थियो । सोभियत युनियन खतरामा परेका बेला पनि स्टालिनले राष्ट्रवादकै नारा दिएर सेना परचालन गरेका थिएर । उनले आफू जर्जियाली भए पनि रूसी राष्ट्रियता जगाउन मातृभूमिका निम्ति बलिदान दिन देशवासीलाई आह्वानसमेत गरेका थिए । क्युबा र उत्तरकोरियाको राष्ट्रवाद पनि त्यस्तै हो । विश्व एक बनाउने (युनिभर्सलिज्म) का आधारमा गठित कम्युनिस्टका रिम जस्ता संस्थाले पनि यस्लाई स्वीकार्न सकेन । वैदिक साम्यवादको 'बसुधैव कुटुम्ब' जगको यो साम्यवादलाई भौतिक उपभोक्तावादी सोचले तहसनहस पारिदिएको छ । फलतः नास्तिकता, अनैतिकता थपिएपछि साम्यवादीहरू, खास गरेर नेपाली साम्यवादीहरू सार्वजनिक अपराधी र स्वैतभ्रष्टाचारी लुटेरामा परिणत भएका छन् , दानव-राक्षस-अशुर-दैत्यको संयुक्त चरित्र देखाएका छन् ।

५२. साम्यवादी आन्दोलनमा राष्ट्रवादी भावना मिलाउँदा सफल भइन्छ भन्ने सोचाइका कारण पनि हुनसक्छ, नेपालका कम्युनिस्टहरू पनि सुरूदेखि नै राष्ट्रवादको मूल नारा बोकेर राजनीतिमा सक्रिय भएका हुन् । नेपालमा सबैभन्दा बढी राष्ट्रवादका नारा लगाउने पार्टीहरू नै कम्युनिस्ट देखिएका हुन् । *घाँसे घिउ खान्नौं* भनेर डाल्डा आयात गर्ने नेकाँको निर्णयको विरूद्ध आन्दोलन गर्ने नेपाली कम्युनिष्ट नै थिए । कोशी गण्डकी तथा नेपाली जल बेचेको विरूद्ध लड्ने पनि साम्यवादी नै थिए । आफूलाई अन्तर्राष्ट्रियतावादका हिमायती भन्नेहरू पनि ओइलाई सकेका थिए । उग्रसाम्यवादी प्रधानमन्त्री भट्टराईले बिप्पा सम्झौता गर्दा पनि कम्युनिस्टहरूले नै विरोध गरेका थिए ।

५३. नेपालका कम्युनिस्टहरूमा राष्ट्रवाद, मार्क्सवाद र जातिवादका सन्दर्भमा विचलन पैदा भएको छ । यसले कम्युनिस्ट आन्दोलन पनि संकटमा रहेको छ । वर्गको कुरा हराउने, जातजाति र भावनात्मक राष्ट्रवादका ससाना कुरामा अल्झिन्छ । त्यसैले एउटा नभएर अनेक दल छन् । राष्ट्रिय समृद्धि र सबल अर्थतन्त्रको निर्माण नै छैन । गाँस, बास र कपास राष्ट्रवादको आधार छोडेर दलित, आदिवासी, जनजाती जस्ता जातपातमा केन्द्रित छ । यसबाट त राष्ट्रवादको शक्तिनै विभाजित हुन्छ । समानता र स्वतः परिचालन हुने सुशासन पद्धति नै बनाउन सकेको छैन ।

## पूँजिवादी राष्ट्रवाद

५४. पूँजिवादीले आफूलाई प्रजातन्त्रवादी, मानवअधिकारवादी, समानता र स्वतन्त्रतावादी र समाजवादी भन्दछन् । आयातित बहुदलीय संसदीय राजनीतिक पद्धतिमा आस्था र विश्वास राख्ने यिनीहरूले निजिकरण, उदारिकरण, विश्वकरण र ठगी अर्थतन्त्रलाई विज्ञापनका भरमा सञ्चालन

गर्दछन् । धनीले गरीबलाई शोषण गर्ने यो पद्धतिको व्यवहारमा राष्ट्रियता नै हुँदैन ।

५५. बेलायतको राजनीति र प्रशासनिक संस्कार बोकेका भारतका शासक र दलको निर्देशनमा चल्ने नेपालका दलले अमेरिका र प्रथम विश्वका पश्चिमी मुलुकको निजिकरणका कुनै कामलाई पनि खुनखोट लगाउन सक्तैनन् । यही कारण पश्चिमाहरू नेपालमा हावी छन्, उदार अर्थनीति लदाएका छन्, धर्म निरपेक्ष भनेर इसाईकरण गरेका छन् । यिनको राष्ट्रलाई चुसेर धनाड्य हुने नीति र नियत भएकाले राष्ट्रप्रेमको भावनै हुँदैन ।

५६. पूँजिपतिले आफूलाई जति प्रजातन्त्रवादी भनेपनि सार्वभौम अधिकार जनतामा लैजान चाहँदैनन् । विकल्प राजनीतिको कुरै उठाउन मान्दैनन् । सार्वभौमिकता जनतामा नराखेर दलमा राख्दछन् । नेपालको संविधान २०७२ जनविचार अनसुनी गरेको दस्तावेज हो । जनमतसंग्रह गर्ने कुरा पनि इन्कार गर्दछन् । योग्यतम र दलमुक्त व्यक्ति निर्धारित प्रकृयाबाट संवैधानिक निकायमा लैजाने, सर्वोच्च अदालतलाई पूर्ण निस्पक्ष र स्वतन्त्र बनाउने कुरामा दलहरू सहमत छैनन् । प्रजातान्त्रिक अभ्यासको खिल्ली उडाउने दलले देश र देशवासीको निस्पक्ष सेवा गर्नै सक्तैनन् । राष्ट्रियता तिनको सरोकारको विषय नै बन्दैन ।

५७. पूँजिपतिको मसिहा भन्ने नेपाली काङ्ग्रेसले नेपाली राष्ट्रियतालाई नराम्रोसँग तल गिराइदियो । राष्ट्रियताका हकमा खम्बा मानेको नेकपा एमाले र माओवादीलाइ पनि फँसाएर महाकाली सन्धि पारित गराउँदा देखि विदेशी शक्तिको गोटीमा नचाउन सफल भयो । आपराधिक गतिविधिको नत्थी हातमा लिएर ऊ सहितका पाँच दललाई समेत अप्रजातान्त्रिक जनभावना विपरित विदेशी भूमिमा गएर विदेशीको हीतका लागि मात्र काम गर्ने अवस्थामा पुऱ्याउनु देशकालागि दुखद र दुर्भाग्यपूर्ण कुरा बन्न पुगेको अराष्ट्रिय कर्म हो ।

५८. पूँजिपतिको दलाल भनिएको नेकाँको सरकारले कोशी, गण्डकी र महाकाली नदीहरू आफ्नै मुलुकको हित विपरित भारतलाई दान दियो । विश्वस्तरमा नेपालको जलस्रोतको महत्त्व नै नबुझी खेर गएको वस्तु भनेर दिएको भन्यो । यातायातमा असमान सन्धी गऱ्यो, जसले नेपालका सामान नेपाली बाहनले बोक्न नपाउने, समुद्रतटसम्म जान नपाउने तर भारतीय गाडी नेपालको कुनै कुनासम्म पनि जहिले पनि जान पाउने सन्धि गऱ्यो । भारतीयले नेपालका जुनसुकै काम पनि गर्न पाउने गरी श्रम सन्धि गऱ्यो । भूपरिवेष्टित देशले पाउने अन्तरर्राष्ट्रिय कानूनले दिएको हक लिने चासोसम्म राखेन, नेपालको अर्थतन्त्र भारतनिर्भर हुने बनायो । दुईदुई पटक कट एअरको सीमा तोकेर, नागरिकता ऐन र संविधान समेत संशोधन गरेर जनसंख्याको एकतिहाई

भारतीयहरूलाई नागरिकता दियो । त्यस्ता आयातित नागरिकको स्तर अत्यन्त निकृष्ट तहको छ । राष्ट्रियताको हिसाबै नगरी नागरिकता दिनु, ती निकृष्ट स्तरकालाई भित्र्याउनुले सामाजिक भार बढेको छ तथा राष्ट्रियताको भविष्य खतरायुक्त भएको छ ।

५९. संस्कृत भाषालाई अनिवार्य पठनपाठनबाट हटाउनु पूँजिपति इसाई–संस्कारलाई बढत्व दिएर नेपालीत्व विनासेको हो । धर्म निरपेक्ष बनाएर पशुपतिनाथलाई म्युजियममा राख्ने, काजकृया कर्मकाण्ड नगर्ने भनेको हो । विधिको शासन तोडेर दलका लाखौं कार्यकर्तालाई अस्थायी शिक्षक र संस्थानमा भर्ना गराउने, पजनी प्रथाद्वारा स्थायी गर्ने र आरक्षण गर्ने काम पनि यही दलले गऱ्यो । यस्ता कर्म राष्ट्रियता सम्वर्द्धन गर्न बाधक हुन् । कुन–कुन नेतामा राष्ट्रको माया रह्यो, राष्ट्रप्रति समर्पित भाव रह्यो भनेर लेखाजोखा गर्ने पद्धतिलाई कुनै दलले पनि समातेन । अदालत पनि यस्ता कुराको अविभावक हुनुको बदला दलको सदस्य बनेर तिनैको निर्देशनमै काम गऱ्यो । अदालतको निर्णय प्रभावित भएका एथेष्ट घटना छन् । सर्वोच्च अदालतले समेत सार्वजनिक बहसको विषय नबनाएर भारतको पक्षमा काम गरेका एथेष्ट नमुना पाइन्छन् ।[२७] योगी नरहरी नाथको विशाल नेपालको विषयको मुद्धालाई सार्वजनिक बहसको विषय बनाउनु पर्नेमा खारेज नै गरिदिनुलाई नमुना उदाहरण मान्न सकिन्छ ।

## केही विवेचना

६०. नेपालले राष्ट्रियताको आधार भूराजनीतिलाई बनाउनुपर्छ, पृथ्वीनारायण शाहको दर्शनमा । आजको कमजोरी विभक्त मानसिकताको राजनीति हो । नेपालको राष्ट्रियता भारत र चीनको जस्तो निरपेक्ष र स्वायत्त हुन सक्दैनर । नेपालको राष्ट्रियता चीन र भारतसँग हातेमालो गरेर मात्रै गर्नुपर्छ, असंलग्न तठस्थ अँगाल्नु पर्छ । किनभने, हाम्रो भौगोलिक अवस्थाले नै हाम्रो राष्ट्रियतालाई निर्धारण गर्छ ।

६१. नेपालको राष्ट्रियताको पहिचान भारतको विरोधमा वा विशेष भनेर गर्नु गल्ती हुनेछ । हो, विश्वराजनीतिको आधार विश्लेषणको विषय अवश्य बन्दछ । आजको अवस्थाले पृथ्वीनारायण, जंगबहादुर र राजा महेन्द्रको जडान गर्नुपर्ने अवस्थामा छ । महेन्द्रले प्रतिपादित गरेको राष्ट्रवादले नेपाललाई लामो समयदेखि प्रभावित पारिहेको छ । उनको राष्ट्रवाद कत्तिको प्रभावशाली थियो भन्ने कुरा २००७ सालयताको राजनीतिक इतिहासले सावित गर्छ । महेन्द्रको राष्ट्रवादको जग वैदिक शासन पद्धति र पृथ्वीनारायणको

---

२७. कान्तिपुरः चैत्र २५, २०५७ ।

राष्ट्रियता नै हो । त्यो नै असली हिन्दुस्तान हो । किनकि धर्म (हिन्द)को अस्तित्त्वलाई पृथ्वीनारायणले आफ्नो एकीकरण अभियानमा राजनीतिक हतियार बनाएका थिए, त्यो नेपालीको रगतमा निरन्तर छ । तर, महेन्द्रको पालामा आउँदा नेपालको आर्थिक र राजनीतिक शक्ति खुम्चिइसकेको थियो ।

६२. राणाहरू आस्तिक थिए, पापसित डराउँथे, सत्ताका लोभी थए । शक्ति भएकाको ताबेदारी गर्ने निरिहलाई दबाउने सामन्त संस्कार भएकाले हातमा आइसकेको विशाल नेपाल फिर्ता लिएनन् । आजका दलका नेताहरूमा पनि यो प्रवृत्ति दोहोरिएकोछ । दुर्भाग्य, यो कुरा नेपाली काङ्ग्रेसका शीर्षस्थ नेतादेखि माओवादीका प्रखर राष्ट्रवादी भनिएका 'प्रचण्ड' र भट्टराईमा पनि पुनरावृत्ति भयो ।

६३. नेपाल भूपरिवेष्ठित होइन, भारतवेष्ठित देश हो । कैयौं कुरामा हामी भारतबाट टाढिन वा शत्रुता गर्न मिल्ने अवस्था पनि छैन, नत भारतको दासत्व स्वीकारेर 'त्वंशरणम्' र  लम्पसारवाद अपनाउने अवस्था छ । नेपाली राष्ट्रवादको अर्थ बुझेका नेपालीले हिन्दु- अधिराज्यको पक्षमा वकालत गरिरहेका हुन्, व्यक्तिको वकालत हैन । आमजनताको गाँस, वास र कपासको समस्या हल गर्न नसक्ने राज्य वा सरकारले राष्ट्रवादको कुरा गर्नुको अर्थ हुँदैन ।

६४. शान्तिपूर्ण प्रजातान्त्रिक पद्धतिबाट जनताले भाग लिन पाउने अवस्था छँदाछँदै नेकाँले दुईपटक र वि.सं. २०५२ सालदेखि माओवादीले आफ्नै मुलुकका जनता विरूद्ध युद्ध गरेपछि नेपाल आर्थिक रूपमा खोक्रिएको हो । उता त्यहीबीच दुबै छिमेकी राष्ट्रले भने नित्य आर्थिक प्रगतिको बाटोमा लागेकाले हामी दबिने अवस्थामा पुगेका हौं । कमजोरलाई जसले पनि प्रयोग गर्छ, नेपालका सबै दल प्रयोगमा आउँदा उग्र विपन्नतामा देश पुगेकाले कुल उत्पादन शक्तिको दुईतिहाई युवा रोजगारको खोजिमा विदेशिएपछि देश जरजर अवस्थामा पुगेको छ । यी दुई महाशक्तिको बीचको नेपालको राष्ट्रवादको कुरा गर्नु दर्दनाक रूपमा मन भक्कानिन्छ, किनकि यी दुबै मुलुकमा नेपालको अन्न आदि निर्यात हुन्थ्यो, नेपाल व्यापार नाफामा थियो । त्यही भएर आज हामी राष्ट्रवादको कुरा गरेर मच्चिन्छौं र त्यसपछि थच्चिन्छौं । दलका सत्ताभोगी राजनेताहरू भारतलाई खुसी पार्न कुनै कसर बाँकी राख्दैनन् । तिनले राष्ट्रियताको परिभाषा सत्तामा पुग्ने साधन मात्रै बनाएका छन्, यथार्थमा त्यो प्रवृत्ति अराष्ट्रिय हो ।

६५. राष्ट्रियताबारे परिवर्तित आजको राजनीतिक नेतृत्वले चिन्तननै गर्न नसकेकोले नकारात्मक परिस्थिति उत्पन्न भएको छ । आज गणतन्त्र आयो भन्दैमा हिजो शाहवंशले सारा खराब काम गर्‍यो भन्नु पनि अतिवाद

हो । भाषा, धर्म र जातजाति, लिङ्गप्रति सौतेनी व्यवहार राष्ट्रियतालाई कमजोर पार्ने काम हुन् । फेरि भाषा र संस्कृतिलाई मात्रै बढाएर पनि राष्ट्रियता अगाडि बढ्न सक्दैन । राष्ट्रियताकालागि भाषा एक अनिवार्य तत्त्व हो, नेपाली भाषाको मात्रै कुरा होइन, संस्कृति, मैथिली र अन्य जातिय समुदायका भाषाको पनि विकास गर्नु र संरक्षण गर्नु राष्ट्रियताको प्रस्थानविन्दु हुन्छ । राष्ट्रियताको गन्तव्य अन्ततः गाँस, वास र कपासमै गएर सीमित हुन्छ । गाँस, वास र कपासका निम्ति हामीले राष्ट्रियतालाई अन्तर्राष्ट्रिय परिस्थितिका आधारमा बुझ्नुपर्छ । त्यसकालागि नेपालले भारत र चीनसँगको आर्थिक कारोबारलाई पनि बुझ्नुपर्ने हुन्छ । दलहरूमा कुनै क्षमता देखिएन । ती कि सेन्टिमेन्टल छन् कि समर्पणवादी । यथार्थवादी छँदै छैनन् ।

६६. यातायात, सञ्चार शिक्षा र स्वास्थ्य आदि परिवर्तनले राष्ट्रिय एकताको हिजोको धारणामा परिवर्तन आएको छ । भाषा, धर्म, स्थानीयता, सबै क्षेत्र र वर्गको सहभागीतामा नीति र कार्यक्रम बननेको छैन । देशलाई उभो लगाउन राष्ट्रिय एकता हुनु पर्नेमा सबै दलले जात, लिङ्ग, पेशा, वर्ग, स्थान, मजहब, आस्थामा विभाजन गरेका छन्, उत्पादन गर्ने युवाशक्तिलाई विदेशिन सघाएका छन् । मुलुक अनेकतामा विभाजित भएकोछ । केवल पँजेरो संस्कारमा मात्र एकता भएकोछ । राज्यको धर्म र भाषा हुनु पर्दछ । सबै भाषा धर्म र संस्कृतिमा हुनुपर्ने सहिष्णुता घट्दै गएकोछ ।

६७. सबै जनता र पूर्ण रोजगारमा व्यस्त हुनु भनेको कुवेशन, सडकआन्दोलन सामाजिक अपराध घटाउनु हो । अस्वस्थकर खाना र असामाजिक काममा कटौती हुनु हो । कुवेशनको अन्त्य गरेर समाजलाई तनावबाट मुक्त गर्नु पनि राष्ट्रवादी अभियान हो ।

समाज अर्ध चेतन अवस्थामा छ । अनुशासन, आचार, धर्मकर्म र नैतिकता ह्रास हुँदै गएको छ । सबैभन्दा अक्षम संघ र प्रान्तका मन्त्री र सांसद छन्[२८] ।

यतिखेर दल र नेता देशको छातीमा उभिएका छन् । तिनको छातीमा पनि देश उभिनु पर्दछ अनि मात्र समर्पण भावना आउँदछ तर तिनको छातीमा त विदेशीको आदेश उभिएको छ, त्यसैले देश बर्बाद हुँदै गएको छ ।

---

२८. २०६६ माघ १४ गते त्रिवि करार प्राध्यापकका नेता शिव महतो (विज्ञान प्राध्यापक) ले शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल र उपसचिव लक्ष्मण खनाललाई गरेको दुर्व्यवहार, महिला मन्त्रीले सिडिओलाई थप्पड हानेको र स्पष्टिकरणमा आफूलाई किस गर्न खोजेको भनेर दिएको जबाफ, अर्का मन्त्रीले भ्रष्टाचार उन्मुलन गर्ने भनेर एल.डि.ओ.लाई पाइखानामा थुनेको घटना, सरकारी काममा बाटामा हिडिरहेको अपरिचित प्रहरीले सलाम गरेन भनेर सांसदले निर्घात कुटपिट गरेका घटना थोरै नमुना उदाहरणका रूपमा लिन सकिन्छ । त्यस्ता ल्याकतका छन्, समाबेसी सांसद, मन्त्री र प्राध्यापक । पठित र बुद्धिजीवि त यस्ता हुन्छन् भने सठहरूको हविगत कस्तो हुन्छ अनुमान गर्न सकिन्छ । ठूला दलका ठूला नेताले सुकुम्वासी समस्या समाधान गर्न राष्ट्रिय रानीवन मासेर वस्ती बसाउँदछन् । प्रहरीलाई न्याय गर्न दिंइदैनन् र ठाउँ पायो कि हात खुट्टा भाँचेर मरणासन्न हुने गरी कुटिन्छन् ।

६८. राष्ट्रियता भनेको हस्तक्षेप मुक्त देश हुनु हो । आज नेपाल कुनै पनि क्षेत्र हस्तक्षेप मुक्त छैन । दलका नेतामा स्वतन्त्र रूपको काम गर्नसक्ने क्षमता र आत्मबल नभएका कारण नै त्यसो भएको हो । नेपालले गर्न सक्ने प्रगतिको एक चौथाईं पनि गर्न नसक्नुको कारण यही हो ।यो वास्तविकता नबुझ्ने नेपालीको संख्या मनग्गे छ ।

राष्ट्रियता भनेको भ्रष्ट्राचार मुक्त देश हुनु हो । अहिले मन्त्रालयको खोसाखोस हुनु, ठेक्कापट्टामा खोसाखोस हुनु, आयोजनाको मूल्य र अवधि बढाई रहनु भ्रष्ट्राचार नियत हो । दल र सरकारको काम कमाउनकै लागि हुनु र सेवाभाव नहुनु नै अराष्ट्रियपन हो ।

६९. *'महाजनोयेन गता सपन्था'* वैदिक कालदेखिको सत्य हो । समाजले ठूला मानिसले भनेको कुरा अनुसरण गर्दछ । ती ठूला मानिस नै चरित्रहीन, भ्रष्ट र पतित भए भने स्वतः समाज पतित हुन्छ, हुँदै गएको छ । त्यही सामाजिक धरातलको हाम्रो सञ्चार जगतले विचार हैन धन र ओहोदालाई ठाउँ दिन्छ । विकसित समाजमा विचारले प्राथमिकता पाउँदछ ।

समाजले विचार बुझ्ने अवसर नै पाउँदैन, केवल ओहोदाका मानिसलाई चिन्दछ । ओहोदाका मानिसको नै नक्कल गर्दछ । ट्रान्जिशनल सोसाइटीका ठूला मानिसले रक्सी खान्छन्, जुवा खेल्दछन्, धेरै स्वास्नी बटुल्छन्, पदमा पुगेका बखत घुस खान्छन्, घुमाइफिराइ ठेक्कापट्टा लिन्छन्, अपहरण, थुनाई, आदि गर्दछन्, चुनावका बेला बुथ क्याप्चर गर्दछन्, वेस्यावृत्ति गर्छन् गराउँदछन्, नियम मिचेर भएपनि आफ्ना समर्थकलाई जागीर खुवाउँदछन् आदि आदि । समाजले तिनीहरूलाई ज्युँदो मानिस, बहादुर भन्दछ । अर्थात् त्यो चरित्रलाई अनुकरण गर्दछ । अब कसरी सुधार्ने समाजलाई ? यो नसुध्रीकन राष्ट्रियता फस्टाउन सक्तैन ।

७०. राष्ट्रवादी चिन्तन राष्ट्रको पहिलो आधारशीला हो । यही चिन्तनले नै राष्ट्रको एकता, अखण्डता, स्वतन्त्रता सार्वभौमिकता र सर्वाङ्गीण समृद्धिकालागि वस्तुगत रूपमा समर्पित भएर गर्ने प्रेरणा दिन्छ । यही प्रेरणाले नेपाल एकीकरण भयो र हामीले स्वाभिमानी नेपाली भएर बाँच्न सकेका हौं । राष्ट्रवाद कुनै कोरा कल्पना मात्र होइन, यो सम्पूर्ण जीवनशैली हो । पुर्खाले जोगाएको धरोहर हो । त्यसलाई जोगाउन प्राणको उत्सर्ग समेत गर्नु पर्दछ भन्ने चेतना नबनिकन कोही सच्चा राष्ट्रवादी हुन सक्दैन ।

नेपालको राष्ट्रवादको कुरा गर्दा राजा र पुर्खाको नाम अगाडि आउँछ । उनीहरूको पथमार्ग अपनाउने वीर वीराङ्गनाहरूलाई पनि नियाल्नु पर्दछ । हाम्रा स्वाभिमानी पुर्खा[२९]ले ठूलो योगदान गरेको इतिहास साक्षी छ ।

---

२९. बहादुर शाह, अमरस्हिथापा, बलभद्र, बीरभक्ति, धर्मभक्त, दशरथचन्द, गंगालाल, बीरभक्ति, लगायतका सयौं मानिसका नाम उदाहरणका रूपमा लिन सकिन्छ ।

नेपालको राष्ट्रियता सम्वर्द्धन गर्न हिजोका युवायुवतीले अमूल्य योगदान पुऱ्याएका छन् । तर आजकाहरू भने अनैतिक रूपमा धन असुल्ने ठेक्कापट्टा लिने, विपक्षीलाई खुकुरी हान्ने, बन्दुक देखाएर चन्दा उठाउने, तस्करी र काला बजारियामा संलग्न हुने, अपहरण र मानव बेचविखन गर्ने जस्ता काममा संलग्न छन्, नाइके र डनमा गनिने गर्दछन् । त्यसमा नअटाएका विदेश पलायन भएका छन् । युवा यसरी अराष्ट्रिय र असामाजिक आपराधिक काममा मात्र लाग्ने हो भने तिनका बलले ल्याएको भनिएको राजनैतिक उपलब्धी नै देशको अभिसाप हुनेछ ।

नालापानीमा कर्णेल जिलेस्पीले वीर बलभद्रको मूल्याङ्कन गरे झैं निस्पक्ष भएर विगतको मूल्याङ्कन गर्ने हो भने दलहरूमा रहेको प्रतिसोधको भावना हट्छ । नत्र आजको भयावह भौतिक उपभोक्तावादबाट पार पाउन सहज छैन ।

७१. नेपालको राष्ट्रियताको दिगो जगेर्ना गर्न मूलनीति र भूराजनीति अनुसार त्यसको दिगो अविभावकत्व वैदिक राजसंस्था नै उपयुक्त हुन्छ । इराकमा राजा फैजल हटेपछि हुसेनले सिया र सुन्नी विवाद चर्कने काम गराए, इराकको अवनतीको कारण बन्यो । अफगानिस्तान, इरान, लिबिया, कम्बोडिया लगायतका देशले इन्डक्शनको अभाव महसुस गरेका छन् । नेपालको असुरक्षा, द्वन्द्व, अराजकता र अवनतिले त्यहि कुराको पुष्टि गरेको छ ।

७२. राजाले बुद्धिमत्ता कार्य नगरेको भए नेपालको अस्तित्त्व शंकाको घेरामा थियो । त्यसको सार नै राजाले *म मरे पनि मेरो देश बाँचि रहोस्* भन्ने उद्गार हो । यदि उनी असफल भएको भए त्यत्तिखेरै राजसंस्था गुम्न सक्थ्यो । राष्ट्रियताकालागि उनले खतरा मोलेका हुन् ।

नेपालमा बहुदलीय व्यवस्था भएका अवस्थामा विदेशी हस्तक्षेप बढेको छ र राष्ट्रियता घटेको कुरा इतिहासले साबित गरेको छ । खराब संस्कारलाई प्रोत्साहित गरेको छ, राष्ट्रियपन घटाएको छ । हाम्रा स्वाभिमानी पुर्खा[३०]ले गरेको योगदान बिर्सिएको छ । उक्त सबै विकृतिको एकमुष्ट उपाय हो, यसमा प्रसताव गरे अनुसारको राष्ट्रवादको संयन्त्र आजको खाँचो हो ।

०००

---

३०. बहादुर शाह, अमर सिंह थापा, बलभद्रै, वीरभक्ति, धर्मभक्त, दशरथचन्द, गंगालाल, वीरभक्ति, लगायतका सयौं मानिसका नाम उदाहरणका रूपमा लिन सकिन्छ ।

# अध्याय -५

# भाषा र राष्ट्रियता

## भाषिक राष्ट्रियता

१. एक समय यस्तो आयो, ठूल्ठूला साम्राज्यभित्रका भाषिक समूहहरूले अर्को कुनै भाषा बोल्नेलाई शत्रु वा बाहिरियाका रूपमा हेर्न थाले । भाषिक एकताको भावना बढ्यो । भाषाकै आधारमा अलग अलग राज्य बन्न थाले । उपनिवेशवादीले भाषिक उपनिवेश लदाए । मौलिक भाषा विलय हुँदै गए । फलतः साम्राज्यहरू भत्किन थाले । अहिले तीव्र बसाइसराइ, सूचना तथा सञ्चार प्रविधिको विस्तारले एक भाषिक राज्यको अवधारणा खण्डित भएको छ । तरपनि हिजोका भाषिक राष्ट्रवादी मुलुकले तिनको भाषालाई विश्व साम्राज्यमा जमाई सकेकाले आ-आफ्ना भाषाको प्रगति गर्न सकेका छैनन् । भाषा र संस्कार नमिलेकोले ती देशले प्रविधि, विज्ञान र आर्थिक उन्नति पनि गर्न सकेका छैनन् । बेलायतले उपनिवेषिक शासनकालको फल आज पनि विश्वलाई भाषिक उपनिवेष बनाएकोछ । आज पनि ती उपनिवेशबाट बेलायतले वार्षिक ६० अर्व अमेरिकी डलर बराबरको भाषा बेचेर आमदानी गर्दछ ।

२. भारत अङ्ग्रेजको उपनिवेश भएपछि कहिल्यै उपनिवेश नभएको नेपालमा पनि अङ्ग्रेजी भाषाको प्रभाव परेको छ । त्यसले प्राच्य सभ्यता, देववाणी संस्कृत भाषा र बाङ्मयबाट बनेको राष्ट्रियतालाई कमजोर पारेको छ । कुनै पनि राष्ट्रियताको निर्माणमा भाषा अनिवार्य तत्त्व हो यद्यपि भाषा र संस्कृतिलाई मात्रै लिएर राष्ट्रियता बलियो हुन सक्दैन । नेपाली भाषाको मात्रै कुरा होइन, मैथिली, भोजपुरी, तामाङ, गुरूङ र अन्य जातीय समुदायका भाषाको पनि विकास गर्नु र संरक्षण गर्नु राष्ट्रियताको प्रस्थानबिन्दु हुन्छ तर त्यो नै गन्तव्य लक्ष हुन सक्दैन । गन्तव्य त गाँस, वास र कपासमै गएर सीमित हुन्छ । भाषा त्यसलाई सघाउने एक माध्यम हो । समृद्धि सहितको राष्ट्रियता बनाई राख्न अन्तर्राष्ट्रिय परिस्थितिका आधारमा बुझ्नुपर्छ । त्यसकालागि दुई विशाल छिमेकीसँगको आर्थिक कारोबार र व्यवहारलाई पनि बुझ्नुपर्ने हुन्छ ।

## भाषा र विकास

३. भाषाको शिक्षासँग नङमासुको सम्बन्ध हुन्छ । त्यस्तै शिक्षाको विकास सँग । आफ्नो भाषामा शिक्षाको उपार्जन नगर्ने देशहरू विकासको गतिमा सबैभन्दा पछाडि रहेको तथ्य विश्व सामु छर्लङ्ग छ । मातृभाषामै पढ्दा विद्यार्थीले जति राम्ररी बुझ्दछ अर्को भाषामा त्यति बुझ्न सक्तैन । कतिपय

मातृभाषा सानो समुहमा छन् र तिनको सही व्याकरण र भाषिक अङ्ग पूर्ण छैनन् । त्यस्ता भाषालाई प्राथमिक शिक्षामा सीमित गरी एउटा राष्ट्रिय भाषा बनाइन्छ । शिक्षार्थीले उसको मातृ-भाषाको माध्यमबाट राष्ट्रिय-भाषा जान्ने र राष्ट्रिय भाषा मजबुत भएपछि त्यसको माध्यमबाट अन्तरर्राष्ट्रिय भाषा जान्ने गरेमा व्यक्ति भाषामा बलियो हुन्छ । कुनै पनि प्रविधि बलियो भाषामा सिके मात्र उसले गर्ने सबै विकासका काम प्रभावकारी हुन्छन् । एक नेपाली मातृभाषीले नेपाली भाषामा पढ्दा जति बुझ्छ त्यति अङ्ग्रेजी वा फ्रेन्च वा जापानी भाषामा पढ्दा बुझ्न सक्तैन । नेपाली, मैथिली वा हिन्दी मातृभाषीले संस्कृत भाषा पढ्दा जति छिटो बुझ्छ अरू भाषीले सक्तैनन् । किनभने यी भाषाको जननी भाषा संस्कृत हो । यी सबै भाषाको भाषिक संस्कृति एउटै हो ।

४. मातृभाषापछि एउटै भाषिक संस्कृति (कल्चर) भएको भाषा बुझ्न सजिलो हुन्छ । नेपाली वा हिन्दी भाषीले संस्कृत भाषाको भाषिक संस्कृतिलाई राम्ररी बुझेको हुन्छ । त्यसकारण उसले ती भाषालाई जति सहजै समातेर अघि बढ्न सक्तछ त्यति अङ्ग्रेजी, फ्रेन्च वा फिनिस भाषामा सक्तैन । किनकि ती भाषाको भाषिक संस्कृति नेवारी, नेपाली वा संस्कृत भाषी व्यक्तिलाई थाहै हुनसक्तैन । बुद्ध र हिन्दु, सिख धर्म संस्कृतिमा भिन्न वस्तु होइनन् तर इसाई धर्म चाहिँ धार्मिक संस्कृतिमा बिल्कुल भिन्न वस्तु हुन् । ठीक त्यसैगरी नेवारी, भोजपुरी, मैथिली भाषाहरू नेपाली भाषाको जननी संस्कृत भाषाको भाषिक संस्कृति र सामिप्यता नजिक भएकाले ती सबैको एकतृत भाषा नेपालीबाट नेपालको, हिन्दीबाट हिन्दुस्तानको, उर्दुबाट पाकिस्तानको, बङ्गालीबाट बङ्गलादेशको, सिंगालीबाट श्रीलङ्काको शिक्षाबाट त्यस त्यस ठाउँको विकासलाई जति प्रश्रय दिन सक्तछ, जति अपनत्व दिन सक्तछ त्यति जर्मनी, अङ्ग्रेजी माध्यमले दिन सक्तैन । किनकी त्यसमा संस्कारगत राष्ट्रियताको भावनात्मक पक्ष हुँदैन । भाषिक संस्कार संस्कृतिबाट टाढा भएकाले उसमा पूर्ण ज्ञान नै हुँदैन । सर्वतो मुखी सिर्जनशीलता हुँदैन । घनघोटी बञ्चरो अनुकरणशीलता मात्र हुन्छ । त्यस्तो शिक्षित सदा विदेशीको चेला मात्र हुन्छ, नक्कल मात्र गर्छ, विश्वमा प्रतिस्पर्धी बन्न सक्तैन । उनीहरूलाई चाहिने मौलिक विज्ञान र प्रविधिलाई गुमाउँछन्, नचाहिने भित्र्याउँछन् । नोवल पुरस्कार जस्ता पुरस्कार उनका हात पर्न सक्तैनन् । खेलकुदका क्षेत्रमा सदा पछाडि पर्छन् । उनीहरूले सिर्जना गर्ने, अनुसन्धान गर्ने कुरामा पनि नौलो आयाम थप्न सक्तैनन् । उनीहरूको आफ्नो उपज हुँदैन, अरूले गरिदिएको अनुशरण गर्ने मात्र हुन्छ । गर्दागर्दै नेपालीले दाँत कोट्याउने सिन्को, बोतलको पानी वा कागज पनि आयातमा निर्भर भएकोछ, निर्यात गर्छु भन्ने उसमा आँटै पलाउँदैन ।

५. हामी हवाईजहाज जस्ता आविष्कार गरेर कारको मूल्यमा उड्न सक्छौ कि भन्ने थप सिर्जनाको कल्पना पनि गर्दैनौं । आफ्नो भाषामा दक्षता नभएको शिक्षाले शिक्षार्थीलाई अर्काले बनाइदिएको उपभोग गर्ने मात्र हौं भन्ने दासत्व हीनभावनाले ग्रसित बनाउँछ । कम्प्युटर, आकाशवाणी, दूरदर्शन, दूर भाषा, जस्ता वस्तुमा नयाँ र आफ्नै बनाउने सोचको कुरै छाडौं गतिलो रेशम, कपास वा ऊनी कपडा पनि अरूले ठिक्क पारेको किनेर लगाउने मात्रै हौं भन्ने हिनताबोधको मानसिकताले सदा ग्रसित हुन्छ । बेलायत जानेलाई ट्विट कोटको कपडा मागाउने थुप्रै नेपाली छन् । कम्प्युटर वा मोबाइललाई नेपाली भाषामा (अझ राम्रो संस्कृत भाषामा) सही अनुवाद गर्न नसक्नु यो कमजोरीको ज्वलन्त उदाहरण लिन सकिन्छ । नेपालीमा त किबोर्डको अक्षर पनि एकै नासे छैन । यस्तो हुनुको पछाडि हाम्रो अध्ययनको माध्यम भाषा, अर्काको भाषा हुनुले हो, अर्काको भाषिक संस्कार बोक्नुले हो ।

६. अब भाषा र विकासको कुरालाई व्यवहारिक रूपमा हेरौं । आफ्नो मातृभाषामा शिक्षा दीक्षा दिने देशहरू र विदेशी भाषामा पठनपाठन गर्ने देशहरूको प्रगति अवस्थाहरू विश्लेषण गरेर हेऱ्यौ भने भाषाले विकास गतिलाई माथि उठाउने र तल झार्ने महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने बुझ्न सकिन्छ । 'मेरो देशमा एक सयवटा ट्याक्टर भए मैले मुलुकको कायापलट गर्ने थिएँ' भन्ने सोच राख्ने रूसका एक नेताको अभिव्यक्तिले ७ दशक पहिले त्यस देशको हालत कस्तो थियो भनेर सहजै अनुमान गर्न सकिन्छ । त्यस देशले विज्ञान र प्रविधिका क्षेत्रमा सारा युरोप अमेरिका र जापान जस्ता प्रथम विश्वका मुलुकलाई उछिनेर कतिपय अवस्थामा अमेरिका भन्दा पनि अगाडि पुग्न सफल भएको तथ्य छ । रूसको यो उल्लेखनीय प्रगतिको पछाडि सर्वसाधारण जनताले बुझ्ने र बोल्ने मातृभाषामा पठनपाठन गराउनुले नै हो । रूसमै पढेका नेपाली विद्यार्थीहरू कमजोर हुनुमा पढाइने माध्यमको भाषा रसियन हुनुले हो । नेपालीलाई नेपाली पछि अङ्ग्रेजी दोस्रो दर्जाको भाषा हो । रूसीभन्दा अङ्ग्रेजी भाषाका माध्यममा पढेका तीव्र हुनु नेपालमा अङ्ग्रेजी प्राथमिकदेखि पढाइने भएर हो । यदि यी सबैले नेपाली भाषामा नै पढ्न पाउने हो भने, स्वभावैले तीव्रतम विश्वप्रतिस्पर्धी हुन्छन् । मातृभाषाको आधारमा राष्ट्रियभाषामा र राष्ट्रियभाषाको माध्यमबाट अन्तरराष्ट्रिय भाषा जान्नु उत्तम हुन्छ । तर शिक्षाका सबै पहलु आफ्नै भाषामा भएपछि सबैले विदेशी भाषा अनिवार्य सिक्न समय खर्चनु पर्दैन ।

अष्ट्रेलिया, न्युजिल्याण्ड, बेलायत, अमेरिका र आधा क्यानडाले आफ्नै मातृभाषा अङ्ग्रेजीमै पठनपाठन गराएका छन् । जापान र चीनले सम्पूर्ण अध्यापन जापानी र चिनीयाँ भाषामा नै गराएका छन् । आफ्ना सारा प्रविधि आ-आफ्नै भाषामा विकास गरेका छन् । भाषाको संस्कार र संस्कृति मात्र हैन

राष्ट्रको संस्कार र संस्कृति पनि जगेर्ना गरेका छन् । फ्रान्सले फ्रेन्च भाषामा, जर्मनले जर्मनी, नेदरल्याण्डले डच भाषा, नर्वेले नर्वेजियन, फिनल्याण्डले फिनिस भाषामै अध्ययन अध्यापन गराउँदै आएका छन् । फलतः ती सबै देशले उत्कृष्ट उन्नति गरेका छन् । ती देशले विदेशी भाषा पढ्ने सौखले मात्र हो । रामायणको गहिराई बुझ्न कतिपय पाश्चात्यले संस्कृत भाषामा पारङ्गत हुने गर्दछन् । आफ्नो राष्ट्रको सर्वाङ्गिण उन्नतिका लागि अर्को भाषाबाट पढेर हुँदै हुँदैन । रूसले ७० वर्षमा गरेको उन्नति चीनले ५० वर्षमा गरेर देखाइ दिएको छ । आज चीनले विश्वकै अभिलेख तोडेर वार्षिक १४ प्रतिशत आर्थिक बृद्धि गर्नुमा उसको पठन पाठन मातृ भाषामा हुनु नै हो । जापानको प्रगतिको राज पनि त्यही हो ।

७. अब पछाडि पट्टीको पाना फर्काएर हेरौं । संसारका सबैभन्दा अविकसित मुलुक तिनीहरू नै छन् जसले मातृभाषामा पठन पाठन गर्दैनन् । सबैभन्दा विपन्न तिनीहरू नै छन् जसले मातृभाषामा पढलेख नगर्नुका साथै कार्यालयी भाषा पनि विदेशी राखेका छन् । त्यस्ता मुलुहरूले राष्ट्रोन्नति मात्र हैन राष्ट्रको गौरव, अपनत्व र संस्कार संस्कृति समेत गुमाएका छन् । त्यसो हुनु भनेको नैतिकताबाट गिर्नु पनि हो, ठीकबेठीक के हो त्यसमा विवेक प्रयोग गर्न नसक्नु पनि हो । अफ्रिका महादेशमा कुनै स्रोतको कमी छैन । तर त्यहाँका प्रायः सबै देश अत्यन्त पिछडिएको अवस्थामा छन् । आर्थिक, सामाजिक, राजनैतिक र धार्मिक दूरावस्थामा छन् । किनकि त्यहाँ न त आफ्नो मातृ भाषामाा कहीं कतै पठनपाठन हुन्छ न त कार्यालयको काम नै । उनीहरू आज पनि भाषिक उपनिवेशमा रहेकाले उनीहरूको जीवनका बाँकी सबै पक्ष पनि उपनिवेशिक मानसिकतामा रहेका हुन्, दरिद्रतम् अवस्थामा रहेका हुन् । भारत, बङ्गलादेश, पाकिस्तान आदि पनि भाषिक उपनिवेशबाट उम्कन सकेका छैनन् ।

संसारकै सर्वश्रेष्ठ भूमि भएको तथा पातलो जनसंख्या भएको पपुवा न्यू गिनी पनि अत्यन्तै नाजुक अवस्थामा छ । सोलोमन आइल्याण्डको अवस्था त्यस्तै नाजुक छ । उनीहरू परजीवी अवस्थामा छन् । आफ्ना राष्ट्रमा बोलिने सयौं भाषा तिरस्कृत रूपमा छन् । पठनपाठन र कार्यालयको कामकाजी भाषा पनि अङ्ग्रेजी छ ।

८. अमेरिकाले जति विकास गरेपनि त्यहाँका रेड इण्डियनहरू अझै पनि अत्यन्त अविकसित अवस्थामा छन् । अष्ट्रेलियाले जतिसुकै प्रगति गरेपनि त्यहाँका आदिवासी 'एवोरिजिनल' जाति अत्यन्त दयनीय अवस्थामा छन् । किनभने उनीहरूले न त आफ्नो भाषामा शिक्षा हासिल गर्न पाइरहेका छन् न त आफूले मानिआएका धर्म संस्कार संस्कृति मान्न पाएका छन् । अङ्ग्रेजी भाषा र क्रिश्चियन धर्म उनीहरूमा लादिएको छ ।

छिमेकी बङ्गलादेश, इण्डिया, पाकिस्तान भने अर्ध भाषिक उपनिवेशिक देशमा रहेर पठनपाठन काम गर्ने गरेका छन् । आफ्नै भाषामा पढाउने उनीहरूको प्रयत्न सफल भएको छैन । त्यही अनुरूपमा उनीहरूको विकास गति पनि पछाडि छ ।

९. नेपाली समाज संक्रमणकालीन सोचबाट गुज्रिरहेको छ । यस अवस्थाका मानिसमा सत्य नबुझी अनुकरण गर्ने मानसिकता हुन्छ । यस मानसिकताका कारण सन् १९९०को दशकदेखि उदारवाद, पृथ्वीकरण र निजीकरण अवलम्बन गरियो । आफ्नो विशेष आर्थिक राष्ट्रवादलाई हटाइयो । फलतः नेपाली संस्कार र संस्कृतिसँगै नेपाली र संस्कृत भाषाको उपहास गरिएको छ । आफ्ना बाबु आमाको नाक चुल्ठो काटेर सडकमा प्रदर्शनी गरिएको छ । सञ्चार माध्यमहरू खास गरेर दूरदर्शनले र दूरभाषाले सघाएका छन् । श्रव्य दृश्यको माध्यमबाट प्रविधि सीपको अभ्युदय गराउनुको सट्टा भाषा, संस्कृति, धर्म र राष्ट्रकै गरिमा घटाउने काम भएको छ ।

१०. देशको प्रगति भूबनोट अनुसार आफ्नैपनमा गर्ने हो भने नेपाली र संस्कृत भाषालाई स्तरीय पार्नु पर्दछ । राजकीय प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष, आवश्यक, विज्ञान प्रविधि, व्यवस्थापकीय शब्दको बिस्तार गर्नुपर्छ । संस्कृत शब्दलाई आधार बनाउनु पर्दछ । राष्ट्रभरी अनिवार्य रूपमा लागू गर्नु पर्दछ । अरू सबै भाषा ऐच्छिक हुनु पर्दछ । आज प्रधानमन्त्रीसम्म भएका व्यक्तिले भारतीय जी न्यूजलाई हिन्दीमा अन्तर्वार्ता दिन्छन्, सिएनएनले संयुक्तराष्ट्रसंघमा नेपाली प्रधानमन्त्रीले बोलेको अङ्ग्रेजी भाषालाई खिजाइ रहेको पाइन्छ । प्रमको भाषिक त्रुटीले केवल भाषागत मात्र हैन, राष्ट्रको छवि पनि गिरेको छ । प्रमले भन्न खोजेको कुरा र अन्तर्वार्ता लिनेले बुझेको कुरामै तात्विक अन्तर परेको छ । एउटा चीनको प्रमले चिनियाँमा, रूसको प्रमले रसियनमा, जापानको प्रमले जापानीमा तथा भारतको प्रमले हिन्दीमा जवाफ दिने गर्दछन् जबकि ती सबै प्रमको अङ्ग्रेजी राम्रो छ । त्यो राष्ट्रियताको प्रश्न मात्रै हैन कुरा बुझ्न र बुझाउन सक्ने खुबीसँग पनि महत्त्व भएको कुरा हो । राष्ट्रको विकास गर्न उचो स्तरको प्रतिस्पर्धी ज्ञान, सीप र क्षमता चाहिन्छ । त्यसको विकास सहज रूपमा बुझिने भाषामा पठनपाठन भए मात्र हुन्छ । सहज रूपमा सिक्न राष्ट्रभाषा, मातृभाषामा मात्र सम्भव छ । नेपालको हकमा शुद्ध र स्तरीय नेपाली भाषा बनाउनु आजको खाँचो हो । सञ्चार माध्यमले पनि जुन भाषामा प्रसार गर्ने हो त्यही भाषामा मात्र बोल्ने लेख्ने गर्नु पर्दछ । त्यसलाई दोगोल, दशरामशरा र चटनी बनाउनु हुँदैन ।

११. भाषा राष्ट्रियताको महत्त्वपूर्ण प्रतिक हो । नेपाली मूलका सबैको सम्पर्क भाषा नेपाली नै हो । नेपाली नेपालका सबै राष्ट्रभाषाबाट निर्मित

संयुक्त भाषा हो । ती भाषामा भएका शब्दहरू लिएर नेपाली भाषालाई बलियो पार्नुपर्छ । जस्तै डकर्मी, सिकर्मी, नकर्मी आदि ।

१२. कुनै पनि देशमा विदेशी भाषाको माध्यमको बोझ सबैभन्दा घातक हुन्छ । विदेशी भाषाको माध्यमले गर्दा स्तर घट्दछ, विद्यार्थीको आयु घट्छ, शिक्षितलाई आम नागरिकबाट टढ्याउँदछ, शिक्षालाइ खर्चिलो र दुरूह बनाउँछ । नेपालकै कुरा केलाउँदो सबै तहका विद्यार्थी अङ्ग्रेजीकालागि ट्युसन पढ्दछन्, बढी समय खर्चन्छन् र अतिरिक्त कर तिरिरहेका हुन्छन् । बेलायतले भाषा निर्यात गरेर कमाएको छ, नेपाल भाषिक उपनिवेश बनेको छ ।

राष्ट्रभाषालाई लत्याएर राष्ट्रको परिचयलाइ पूर्णता दिन सकिदैन । राष्ट्रभाषाको सम्मानले त्यस देशकै सम्मान हुन्छ, देशभरका नागरिकलाई सुगमता दिन्छ ।

यस क्षेत्रको जिम्मेवार लिनेमा गहन सोच पुऱ्याउन सक्ने क्षमता देखिएको छैन, विदेशीको कुरा लहैलहैमा अंगिकार गरिएको छ । सरकारमा योजना छैन, बजेट छैन अनुसन्धान छैन । राष्ट्रप्रति गहन संवेदनशीलता छैन । यो नहुनु भनेको राष्ट्रियता घटाउनु हो ।

१३. अब प्रश्न छ –जहाँ जसलाइ अङ्ग्रेजीको आवश्यकता छैन उसले किन जीवनको अमूल्य समय खर्च गरेर अङ्ग्रेजी भाषा पढ्ने ? जसको कारणले उसमा हुनुपर्ने न्युनतम ज्ञानलाई समेत कमजोर बनाउँदछ । जबरजस्त विदेशी भाषा कोच्नु राष्ट्रको गलत नीति हो, उनमा रहेको मानसिक संकुचनता हो ।

०००

***बयम् राष्ट्रे जाग्रिताम ।***

## अध्याय -६

# नेपाली राष्ट्रियताका बाधक तत्त्व

## नेपाली राष्ट्रियताका समस्या

१. नेपाली नेतामा स्वतन्त्र रूपमा स्वविवेक प्रयोग गरेर काम गर्नसक्ने क्षमता नहुनु मुख्य समस्या हो । देशले गर्न सक्ने प्रगतिको दशांश पनि गर्न नसक्नुको कारण पनि यही हो ।यो वास्तविकता नबुझ्ने नेपालीको संख्या मनग्गे छ ।

२. यतिखेर नेपालमा पाश्चात्यको ठूलो प्रभाव बढेको छ । त्यसले नेपाली संस्कार, संस्कृति, धर्मकर्म, लवाई खवाई, चाडपर्व, रहनसहन, भाषा बोली, प्रवृत्ति लगायत यावत कुरामा नराम्रो छाप पारेको छ । यो नै नेपाली राष्ट्रियता सम्वर्द्धन गर्न ठूलो बाधक साबित भएकोछ । किनकि राष्ट्रियता मन, माया र भावनाले ओतप्रोत नभइकन हुन सक्दैन । अरूकोभन्दा आफ्नो महान हो भन्ने भावना नबढीकन राष्ट्रियता बढ्न सक्दैन । आयातित मात्र राम्रो मान्ने प्रवृत्तिले पाश्चात्यका सबै कुरा महान् हुन् भन्ने नेपाली मनस्थितिमा कायम छ । मेकाउलियन सोच र औपनिवेशिक प्रवृत्ति सशक्त छ । अन्तरर्राट्रिय समाज नेपाली राष्ट्रवादविरूद्ध खडा छ । विकासोन्मुख मुलुकमा यो चर्को समस्या हो । उनीहरूकालागि क्षेत्रिय स्वायत्तता, जातिय स्वायत्तता वा भाषिक स्वायत्तता वा त्यसलाई आत्मनिर्णयको अधिकार भनिने कुरा उग्रराष्ट्रवाद ठहरिदैन । त्यस्ता कुरामा उनीहरूले उक्साइ रहन्छन्, लागि पर्छन र उक्साउन लगानी पनि गर्दछन् । उनीहरूले जात, भाषा, मजहबीच प्रतिशोध र इर्ष्या भावना निर्माण गरिदिन्छन् । यसरी नेपाली समाज द्वन्द्व र विखण्डनतिर उन्मुख छ । यो राजनीतिक दाउपेचभित्रको उग्रराष्ट्रवाद हो, पछि पछुताउनु पर्दछ । उग्र राष्ट्रियताले दलगत स्वार्थबाट माथि उठेर भावनात्मक एकताद्वारा बाटो खोज्न सक्तैन । एउटालाई कुण्ठामा राखेर अर्कोलाई उपभोग गर्ने राष्ट्रवाद होइन, राष्ट्रघात हो । उग्रराष्ट्रवादी नाराले नागरिक अधिकार स्थापित हुन सक्दैन । अमेरिकी रेड इण्डियन र अष्ट्रेलियन 'एवोरिजिन्स'को जातीय उत्थान निकै पछि छ । किनकि तिनीहरूले सहभागी मूलक स्वःयोजना निर्माण गर्ने गर्दैनन् । गर्न दिइदैन र गर्ने क्षमता पनि राख्दैनन् । रबर्ट चेम्बरको पछिल्लोलाई अगाडि राख्ने नीतिले हुने भए ती दुई समुह शताब्दिऔंसम्म सधै पछिपरेका अवस्थामा रहिरहने थिएनन् ।

३. भारतको अप्रजातान्त्रिक र कट्टरपनको उग्रराष्ट्रवादी व्यवहारले कास्मिरीहरूको जीवन भारत स्वतन्त्र भएदेखि निरन्तर कष्टकर हुदै गएको

छ । भारतको उग्रराष्ट्रवादीपनको जञ्जालले कास्मिरीहरू आत्मनिर्णय र आत्मउन्नति गर्ने कुरामा कुण्ठित भएका छन् । त्यहाँ संयुक्त राष्ट्रसंघ समेत निरिह भएको छ । नेपाललाई त्यसको नकरात्मक प्रभाव परिरहेको छ ।

४. राष्ट्रवाद कुण्ठित हुँदा स्वतः साम्राज्यवाद, उपनिवेशसवाद, बिस्तार वादको हात लामो हुँदै जाने रहेछ । विश्वभर पर्निपिएको अशान्ति शुद्ध र ाष्ट्रवादको अभाव हो । अबको अवस्था सहभागी मूलक मात्र हो । सर्वसम्मति हो । सर्वसम्मत हुन नसकेका विषयमा जनमतसंग्रहबाट निर्णय भएमात्र प्रजातान्त्रिक हुन्छ । त्यही नै सहभागिमुलक हो, समावेशी हो र आत्मनिर्णयको हक पनि हो ।

५. देशलाई उभो लगाउन राष्ट्रिय एकता चाहिन्छ । त्यो हटेर पजेरो संस्कृतिमा मात्र एकता भएको छ । भाषा, धर्म र संस्कृतिमा सहिष्णुता घट्तै गएको छ । जाती, भाषा र लिङ्गका क्षेत्रमा अझै प्रजातन्त्र आएको छैन । सबै जनता र स्वरोजगारमा व्यस्त हुनु भनेको व्यस्तताका कारण अपराधजन्य कार्यमा संलग्न हुने, तास खेल्ने, रक्सी खाने, लागू पदार्थ र सुर्तीजन्य वस्तुको प्रयोग गर्ने जस्ता अस्वस्थकर र असामाजिक काममा कटौती हुनु हो । यस्ता कुवेशनको अन्त्य नगरी समाजलाई राष्ट्रवादी अभियानमा लैजान सकिदैन ।

६. नेपाली राष्ट्रवादलाई यस बखत पृथ्वीकरण र राष्ट्रियकरणको सिद्धान्तको बीचमा राखेर नियाल्नु पर्ने तथा नयाँ परिभाषा गर्नुपर्ने बेला आएको छ । तर बेलायती सैन्यमा भर्ना भएका सबैले बेलायती नागरिकता पाउने भएका छन् । यसले आर्थिक स्थितिको सुधार राजनीति र संस्कृतिको राष्ट्रियता भन्दा ठूलो भएको छ । राष्ट्रियता र संस्कृतिको मोह भन्दा धन (अर्थ)को मोह ठूलो भएको छ ।

राष्ट्रले आफ्ना नागरिकलाई आर्थिक समृद्धि हुने गरी पूर्ण रोजगार दिन नसक्ने तर उनीहरूबाट राष्ट्रियताको आशा भने गर्ने कुरा अमिल्दो हो । राष्ट्रभक्त नेपाली बनाउने पहिलो कुरा आर्थिक समृद्धि हो । राष्ट्रियताको विचारले त्यस बेलामात्र काम गर्छ जब उसले पेटभरी खाने समस्याबाट मुक्ति पाउँछ । बेलायती नागरिकता पाउने भएपछि नेपालीले बेलायती नागरिक भएरै बस्न मन पराउनुलाई उदाहरण लिन सकिन्छ । यसपूर्व हङ्कङ्ममा काम गरेका ब्रिटिस गोर्खाका परिवार त्यहाँ बस्ने चाहनाले पनि पुष्टि हुन्छ ।

आर्थिक राष्ट्रवाद राजनीति र सांस्कृतिक राष्ट्रवाद भन्दा महत्त्वपूर्ण हुँदो रहेछ । तिनीहरूले राजनीतिक राष्ट्रवाद तुरून्तै गुमाउने छन् भने सांस्कृतिक राष्ट्रवाद केही वर्षसम्म जोगाउन सक्नेछन् । त्यसपछि नेपाली संस्कृति एकादेशको कथा हुनेछ । माओवाद र सरकार बीचको द्वन्द्वले सरणार्थीको नाममा नक्कली सरणार्थी बनेर युरोपका विभिन्न भागमा बसेका हजारौं नेपालीको राष्ट्रियता पनि त्यस्तै हुन सक्दछ ।

७. अमेरिकाको डिभिए, युरोपका सरणार्थी, बेलायती ब्रिटिस गोर्खा जस्ता अवसर पाइनै रहने तर नेपालले ती देशभन्दा छिटो समृद्ध हुने योजना बनाउन नसक्ने हो भने देश झन गरीब हुन्छ । संसदवादी राजनीति विफल हुन्छ, नेपालमा किन बस्ने भन्ने प्रश्न तेर्सिइरहन्छ ।

त्यसपछि कति नेपाली नेपालमा बस्ने छन् ? कुन तहका बस्नेछन ? र कुन उमेरका मानिस बस्नेछन् ? अनि तिनले देशलाई कस्तो योगदान दिनेछन् भन्ने कुरा जो कोहिले सहजै अनुमान गर्न सक्दछ । त्यस बेलामा राष्ट्रियता अर्थहीन हुनसक्छ । सीता, बुद्ध, भृकुटी जन्मेको देश, बहादुर गोर्खाको देश भनेर कला र संस्कृतिको परिचय दिइरहनुको कुनै अर्थ रहँदैन ।

८. यहाँनेर सबैले बुझ्नुपर्ने कुरा के हो भने अक्सर बसाइसर्ने परिवार नसर्नेको तुलनामा बढी गतिशील, तीव्र बुद्धि भएका हुन्छन् । त्यसो हुँदै गयो भने गतिला जति विदेशिने छन्, पिछडिएका मात्र नेपालमा रहनेछन् । यसरी नेपालीत्व घट्दै जानेछ ।

## राष्ट्रवादी आर्थिक सोचको अभाव

१. नेपाली राष्ट्रियतालाई बदलिदो विश्वसँग मिलाएर नलगेर छाडा छोडिएकोले जसलाई जे मन लाग्यो त्यही गरिएको छ । किनकि यसको मूलनीति नै बनाइएको छैन । उदाहरणार्थ ब्रिटिश गोर्खामा काम गर्ने नेपालीलाई बेलायतको नागरिकता दिएर विदेशीने ठूलो धनराशी बेलायतमै राख्ने योजना गरेकोछ । किनकि यस बखत बेलायतीलाई आर्थिक स्थितिको सुधार अरू सबैथोकभन्दा ठूलो भएको छ । नेपालले अर्थिक राष्ट्रियताको महत्त्वनै बुझ्न सकेको छैन ।

२. आफ्ना नागरिकलाई आर्थिक समृद्धि हुने गरी पूर्ण रोजगार दिन नसक्ने तर उनीहरूबाट राष्ट्रियताको अपेक्षा गर्ने अमिल्दो हुन्छ । आर्थिक समृद्धि राष्ट्रियताको पहिलो कुरा हो । राष्ट्रियताको विचारले त्यसबेलामात्र भावात्मक रूपमा काम गर्न सक्छ जब ऊ पेटभरी खाना खाने समस्याबाट मुक्ति पाउँदछ । बृटिश गोर्खाका परिवारले बेलायती नागरिकता पाउने भएपछि बेलायती नागरिक भएरनै बस्न मन पराउने छन् भन्नेकुरा यसपूर्व हङ्कङ्ममा काम गरेका उनीहरूको रोजाईंबाट नै पुष्टि हुन्छ । सबै पूर्व ब्रिटिस गोर्खाले पाउनु पर्दछ भन्ने मागले पनि थप पुष्टि गर्दछ ।

३. जीवीकोपार्जनको समस्या समाधान भएपछि मात्र भावात्मक रूपमा राष्ट्रियता मौलाउँछ । आर्थिक राष्ट्रवाद राजनीति र सांस्कृतिक राष्ट्रवादभन्दा महत्त्वपूर्ण हुन्छ । आर्थिक राष्ट्रवादको विकास नगरेका देशले राजनीतिक राष्ट्रवादलाई तुरून्तै र सांस्कृतिक राष्ट्रवादलाई केही समयपछि गुमाउँछन् । नेपालमा पछिल्ला तीन दशकदेखि यही भएको छ ।

४. बेलायतीमा राष्ट्रवादी सोच प्रखर छ । तिनले हिसाब गरेर बेलायतले गोर्खा पल्टनलाई दिने तलब र पेन्सन बेलायतमै रहने बनाउन तिनलाई नागरिकता दियो । तिनले उल्टै नेपालमा भएको पूँजी पनि बेलायत लगे । भोलि गोर्खा पल्टनमा भर्ना गर्ने सेना पनि तिनै बेलायती परिवारबाट पाउन सक्ने छ । नेपाली सत्तासिनमा राष्ट्रियताको विवेचना गर्ने र दिगो मूलनीति बनाउने बुद्धि र क्षमता देखिएन ।

५. अमेरिकाले डिभि चिठ्ठाजस्ता योजनबाट ब्रेनड्रेन गरेर असल मान्छेलाई भरिरहेको छ । बेलायतले ब्रिटिस-गोर्खा जस्तालाई आर्थिक उपजमा लगाइरहेकोछ । नेपालभन्दा विपन्न धेरै मुलुकले उछिनेर अगाडि पुगिसकेका छन् । फेरि नेपालले जनसंख्याको भ्रण्डै आधा भारतीय मगन्ते सुकुमवासीलाई भित्र्याएको छ । यस अवस्थामा नेपालले ती देशभन्दा समृद्ध हुने योजना बनाउन नसक्ने र गरीबको नाम बेचेर दलहरूले आ-आफना स्वार्थकालागि मात्र राजनीतिलाई परिचालन गरिरहने हो भने अब नेपालमा किन बस्ने भन्ने प्रश्न तेर्सिइरहन्छ । त्यसपछिको अवस्था सहजै अनुमान गर्न सकिन्छ । त्यसबेलामा राष्ट्रियताको अवस्था कस्तो हुन्छ ? यो सबै प्रबुद्धवर्गले बेलैमा सोच्ने कुरा हो । अब सीता, बुद्ध, भृकुटी जन्मेको देश, बहादुर गोर्खाको देश भनेर मात्र पुग्दैन । यहाँनेर बुभ्नुपर्ने कुरा के हो भने बसाइ सर्ने परिवार नसर्नेको तुलनामा बढी गतिशील, तीव्र बुद्धि भएका हुन्छन् । त्यसो हुदै गयो भने नेपालमाम पिछडिएको समुहमात्र रहनेछन् ।

६. भौतिक उपभोक्तावादी आर्थिक उदारवाद, निजि र पृथ्वीकरणले धनी देशले गरीब देशलाई चुसेर भन विपन्न बनाई रहेका छन् । यसरी गरीब देशले धनी देशसँग प्रतिस्पर्धा गर्न नसकेपछि आर्थिक उदारवादी नीतिले केवल धनी देशलाई मात्र फाइदा पुग्छ । त्यसपछि गरीब देशका नागरिक दास र धनी देशका मालिकको रूपमा बस्नु पर्ने बाध्यता हुनेछ । फेरि लेनिन जन्मन शताब्दिऔं लाग्नेछ, जुनबेलासम्म पृथ्वीको रूप अर्कै भइसक्नेछ । यदि राष्ट्रवादलाई गौण मानेर पृथ्वीकरण र उदार अर्थनीतिलाई मात्र मान्ने हो भने उग्रसामन्तवादको अभ्युदय हुनेछ । पृथ्वीकरणको अर्थ एक विश्व मुलुकका रूपमा नमानेसम्म यो भेदभावको अन्त्य कहिल्यै हुँदैन । या त राहदानी र प्रवेशाज्ञाको पनि अन्त्य गरेर विश्वभर जहाँ बसेर काम गर्न पाउने व्यवस्था बन्नुपर्छ या भौतिक उपभोक्तावादी हटाएर वैदिक साम्यवाद शासन लागू गर्नुपर्छ[३१]। अर्को शब्दमा सीमा विहिन विश्व वा राष्ट्रवादको चयन गर्न पाउने छुट स्पष्ट हुनुपर्दछ । यदि यो कुरा लागू गरिदैन भने उदार अर्थनीति, पृथ्वीकरण र विश्व व्यापार संगठन जस्ता पद्धति खारेज हुनु पर्दछ ।

---

३१. बसुधैबं कुटुंबकम् पद्धतिबाट वा जननीजन्मभूमिश्च स्वर्गादपि गरियसी हुनु पर्दछ ।

७. यसैबीच विदेशी लगानी पसेर नेपाली सञ्चार माध्मलाई भड्काई रहेकोछ । सञ्चारले न त सीमाहीन देश हुनुपर्दछ भन्नसकेको छ न त उदार वादको विरोध गर्न सकेको छ न त राष्ट्रवादको संरक्षण गर्न सकेको छ । भारत, अमेरिका वा बेलायतका सञ्चारले जति आ–आफ्नो राष्ट्रवाद जोगाउन सकेका छन् नेपाली सञ्चारले सकेकै छैन । राष्ट्रले पनि ठोस र दिगो नीति बनाएर कार्यान्वयन गर्न सकेको छैन । फलतः नेपालको छ दशक लामो प्रजातान्त्रिक अभ्यासमा राष्ट्रवादी विचारधारा बढाउनै सकेन । भलबाढीको खबर बन्यो तर निर्मल पानीको बन्दै बनेन । यसरी नेपालमा राष्ट्रियता खस्काउनमा सबै जिम्मेवार छन्, सञ्चारका माध्यमहरू, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, व्यापारी, उद्योगपती, पाठ्यक्रम, पाठ्यपुस्तकहरू, सबैभन्दा बढी नेपालका दलहरू जिम्मेवार छन् । २०४६ सालको आन्दोलन ६ वर्ष पछिनै असफल भयो, २०७२ सालमा लागू भएको परिवर्तन ६ महिनैमा असफल भयो । आर्थिक उन्नतिको आधारनै बनेन ।

८. नेपालका दलीय सरकारहरू बाहिरी दबाब र सल्लाहमा चल्दछन् । यसले दिगो रूपमा आत्मनिर्भर हुनसक्ने अर्थतन्त्र बनाउन सक्दैन । सरकारहरू राष्ट्रकालागि होइन पद र निहित स्वार्थकालागि हुने भएकाले नेपालले आर्थिक उन्नति गर्न नसकेको हो; गरिबी नघटेको हो । लुछाचुडी र अंशबण्डा पद्धति भएक हो । एउटा सानो उदाहरण लिऔं । भारतको पेट्रोलको मूल्य भन्दा नेपालमा झण्डै रू. ७। प्रति लि. सस्तो बनाएका कारण नेपाली जनताले २०% कर समेत तिरेको त्यो तेल खुला सीमाको उपयोग गरेर भारततिर फर्किन्छ । त्यसको ठीक उल्टो नेपालको भन्दा भारतीय चिनी प्रति किलो रू. ९। सस्तो भएका कारण खुला सीमाको उपयोग गरेर लाखौ क्विन्टल चिनी चोरी आयात हुन्छ । फलतः नेपालका सबै चिनी उद्योग ऋणमा डुबेका छन् र उखु किसानले भुक्तानी पाएका छैनन् । त्यही अवस्थामा उखु किसानाले मूल्य बढाएर रू. १८४। प्रति क्विन्टल पुऱ्याउन, मजदुरले ज्याला बढाउन र नियुक्ति स्थाइ गर्न सरकारले नै दबाब दिन्छन् । संघर्षमा खेर फालिएको समयले उत्पादकत्व घटेको छ । उखुको गुणस्तर खस्केर प्रति क्विन्टल ९ किलो चिनी उत्पादनबाट घटेर सवा सात किलो मात्र भएको छ । भारतले भन्दा सस्तो वा बराबर मूल्यमा यावत वस्तु उत्पादन हुन नसक्नुमा असक्षम, अराष्ट्रिय सोच भएका सत्तामा र हुनुले हो ।

९. राजा वीरेन्द्रले चाहे अनुसार नेपालको जलस्रोत भारतलाई दिन इन्कार गरेपछि भारतले मर्स्याङ्दी बनाउन पनि अवरोध गऱ्यो । कर्णाली, अरूण तीन, कनकाई हाइड्याम लगायत योजना असफल बनाउन अन्तरर्राष्ट्रिय निकाय समेतलाई प्रभावमा पाऱ्यो । भूमिगत दलले भारतको पक्ष लिएर विरोध गरेकै कारण तिनै सत्तामा पुग्दा १८ घण्टासम्म लोडशेडिङ व्यहोर्नु

परेको थियो । दलको सरकाले भारतबाटै बिजुली आयात गरेर देशलाई कङ्गाल बनाएका छन् । भारतमा बिजुली र पानी निर्यात गरेर नाकाबन्दी सन्तुलित गर्ने नेपाली नीति बिगारेका छन् । दलनेताको भ्रष्ट मनोदशा र व्यवस्थपकीय सीप नभएका कारण यसो भएको हो । सार्कभरि आफ्नो उत्पादन बिजुली बेच्ने अवस्था छँदाछँदै कमिशन संस्कारको कुप्रवृत्तिको विकास गरेर बिजुली समेत आयात गरेर नेपाललाई परनिर्भर बनाएका छन् । बिजुली पनि यसरी आयात गर्नुपर्दा सरकारले अलिकति लाज नमानी गौरव महसुस गरेको छ । दलीय सरकारको यो प्रवृत्ति अराष्ट्रिय हो ।

१०. त्यही सरकारले भारतबाट भूमिगत पाइपबाट ग्यास आयात गर्न लागेको छ । नेपालमा बिजुली एलपी ग्यासभन्दा धेरै सस्तो उत्पादन गरेर ग्यास आयातै बन्द गर्न सकिन्छ । विद्युतीय सामग्री उद्योग अभियानमा लागेर, बिजुलीलाई भरपर्दो बनाउन छोडेर पाइपबाट ग्यास आयातमा सरकार लाग्नु अराष्ट्रिय प्रवृत्ति हो ।

## राष्ट्रियता खस्काउने तत्त्वहरू:

१. नेपालमा राष्ट्रियता खस्काउनेहरूको लामो सूची बनाउन सकिन्छ । सबै क्षेत्रका पदासिनहरू नै लोभी पापी छन् । निष्काम सेवाभावनै छैन । भावना जगाउने शिक्षा पद्धति छैन ।

२. यहाँ विखण्डनवादको अभ्युदय भयो । उक्साउनेहरू निहित स्वार्थी भौतिक उपभोक्तावादी विदेशी नै छन् । तिनको धनले क्षणिक रूपमा मख्ख परे तर दिगो रूपमा नेपालको राष्ट्रियता खस्काउँदै लगे । उक्साउनेहरूमा मिसनरी, अन्तरर्राष्ट्रिय गैससहरू, साउथब्लक र 'रअ'का कर्मीहरू मुख्य रूपमा देखा परे । धेरै प्रकारका विखण्डनकारी मोर्चाहरू[३२] निर्माण भए । तराईतिर सवा सय जति भूमिगत संगठन बने । तराई छुट्टै स्वतन्त्र देश बनाउने र बिहारमा विलय गराउने पनि देखिए ।

मंकाखलले 'आजसम्म पनि आफूहरू विदेशीको मातहत रहेको भारतसित गाभिँदा पनि केहि फरक नपर्ने'[३३] अभिव्यक्ति दियो । 'सिक्किम गाभिएर त्यहाँको जनजीवन नखस्केकको हुनाले गाभिन उपयुक्त छ' भन्ने हेटक्राइम हल्ला भित्रभित्रै फैलाइयो । बाएड आउट (वीरेन्द्र, ऐश्वर्य र दीपेन्द्र) भनियो । पश्चिमाहरूबाट लैङ्गिक विभेद, जाति जनजाति, आदिवासी, संघात्मकता, दलित, भाषाभाषीको नारा बनाएर भड्काए । केही राष्ट्रवादीले जनस्तरबाट हिमाल पहाड तराई कोही छैन पराई नारासाथ जनप्रदर्शन गरे ।

३२. मिथिला मुक्ति मोर्चा , लिम्बुआन मुक्ति मोर्चा, खम्बुआन मुक्तिमोर्चा, कर्नाली मुक्तिमोर्चा, खोप नः लः मुक्ति मोर्चा, मंका खःलः, नेवाः खःलः, थारूवान आदि ।

३३. २०४६ साल मार्च महिनाको मसान्तिको मध्य रातमा, पाटनमा दिइएको अभिव्यक्ति -बरू भंसार नलाग्ने, सामान सस्तो हुने, भारतभरि ब्यापार गर्न पाइने, तीन लाखमा मारूती कार पाइने ।

३. राजनीतिमा लाग्नु भनेको निस्काम सेवा गरेर देशको आर्थिक, राजनीतिक, सामाजिक विकास गर्ने तत्परता हो । निस्काम सेवाभाव नै राष्ट्रिय भावना हो । राजनीतिमा लाग्नु केवल समाज सेवा गर्नु हो । तिनले तलब खाँदैनन् । तर नेपाल लगायत विकासोन्मुख मुलुकमा राजनीति नै समस्याका रूपमा देखा परेको छ, राजनीति व्यवसाय भएको छ । राजनीति तलबभत्ता, पेन्सन र जीवनभर सुरक्षा, गाडी, नोकरचाकर, घरभाडा लगायत सबै असामान्य सुविधा लिने काम भएको छ । सबैभन्दा महङ्गा गाडी किनेर अवकाससँगै नीजि बनाउने गरियो । तीनै तहका सरकारले विकास आयोजना, ठेक्कापट्टा, उद्योगव्यापार बाट कमिशन र घुस लिने गरियो । परिवारजनलाई ठेकेदार बनाइयो । यसले विकास आयोजना महङ्गो र ढिलो हुने भयो ।  जनतामा करभार थपियो । चुनावमा जनताको मत खरिद गर्ने गलत संस्कारको विकास भयो । यसरी उद्देश्यनै अनैतिक भएकोले नेपाली राजनीति कुकुरले हाड चपाउँदा चपाउदै आफ्नै मुख कोपेर आफ्नै रगतलाई हाडको स्वाद मानेर चुसिरहे सरह छ, दलका नाइकेको अवस्था । यस्तै रहे देश पि-क्यु (P3=platefarm, publicity & purse) र एम् स्काएर (M2= Money and mussle) बाट ग्रसित भइनै रहने छ । यो अवस्थानै राष्ट्रियताकालागि घातक सिद्ध भएको छ ।

४. प्रजातान्त्रिक अभ्यास भनेर प्रजातन्त्रको उपहास भएको छ । प्रजातन्त्र र राष्ट्रियता कमिज र शरीर जस्तै फरक वस्तु हुन् । प्रजातन्त्र पद्धति हो, कमिज हो तर राष्ट्रियता शरीर हो । कमिज नमिले फेर्न मिल्छ, तर शरीर फेर्न मिल्दैन । दलबाट राष्ट्रियतालाई गलत अर्थ्याइएको छ । नेपालको राष्ट्रियताको सम्वर्द्धन वैदिक संस्कार र नेपालीत्वबाट भएको जान्न बाँकि छ ।

५. नेपाललाई परतन्त्र बनाएर तराईलाई आत्मनिर्णयको अधिकार माग्ने तराइवादी दल र नेपालको राष्ट्रिय संस्कार र संस्कृतिलाई मेटाएर जातीय संस्कृतिको संरक्षण गर्छु भन्ने माओवादी दल दुबैले राष्ट्रिय शक्तिलाई विभाजन गराएका छन्, कमजोर बनाएका छन् । नेपाली नेपालीबीच कटुता जन्माएका छन् । तथाकथित विद्वान, पत्रकार र गुरूवर्ग तिनकै पछिपछि दौडिनुले मुलुक संकुचन राजनीतितिर हिंडेको छ । विभाजित मनस्थितिमा पुगेको छ । सबैले सबैकालागि समविकास गर्ने वैदिक आधारको नेपाली राष्ट्रिय भावनालाई कुठाराघात पारेको छ । आपसमा नमिले प्रगतिमा अवरोध हुन्छ, जनता विपन्न हुन्छन्, विपन्नलाई धनबलले किन्छ । भ्रष्ट्राचारको स्रोत पनि त्यही हो ।

६. सत्तामा बसेकाहरू आपराधिक मानसिकताले ग्रसित छन् । समाजसेवा सोच नभएका एकप्रकारका गुण्डा, डनहरूको जत्था हो । धर्म, आचरण र नैतिकता विहीन नास्तिकहरूको असामाजिक जमात मात्र हो । यस्ताको भावना र कार्यशैली राष्ट्र र आदर्श समाजकालागि बाधक छ ।

७. नेपालकोचाहिं अपनत्वमा गौरव गर्ने राष्ट्रियता हो तर सामाजिक, आर्थिक र राजनीति व्यवस्था भने अरूको भित्र्याएको छ । यो अराष्ट्रिय भावना हो । लवाई खवाई समेतमा यो आचरण छ । देश बचाउन र देश बनाउन अन्धानुकरणबाट सम्भव हुँदैन । आफ्नो स्रोतसाधन र खाँचो अनुसार आफैले कसरी गर्ने भन्ने मार्ग दर्शन मात्र राष्ट्रिय सोचको उपज हुन्छ, मिहिनेतको कमाइमामात्र राष्ट्रियता हुन्छ । भिन्न संस्कारका कुरा आयात गरेर मुलुकले प्रगति गर्न सक्तैन । नेपालको अवनतिको कारण नै विदेशी शक्तिको भूमिकामा रहनु हो । राष्ट्रिय मूलनीति विहिन कमजोर योजना हुनु, पद्धतिहिन राज्य सञ्चालन गरिनु र भ्रष्ट्राचार व्यापक हुनुमा बाह्य संस्कारलाई प्रधानता दिने सोचका कारण हो । मुलुक दातामुखी हुनुले कमजोर बन्दै गएको हो ।

८. भय र लोभ राष्ट्रियताका लागि बाधक हो । सत्तामा पुर्‍याउने विदेशीसँग डराउने र सत्तामा रहँदा लोभ गर्ने प्रवृत्ति अराष्ट्रिय[३४] हो । रणनीतिक अवस्था, सामाजिक अवस्था, रक्षा र सेना, सञ्चार, राजनीतिक चलखेल, सूक्ष्म व्यवस्थापन, राजसंस्थाप्रतिको विद्वेष एकातिर र अर्कातिर धर्म विद्वेष, फकाऊ–फसाऊ र झुक्याऊ दाउपेचका कुरा, खुला सीमा पद्धति, सन्धिको जालो, कमजोर बनाऊ अनि बलले दबाऊ ट्याक्टिस्, फुटाउ र लडाऊ, गरीब बनाइ राख जस्ता कुराहरूले राष्ट्रियता खतरामा छ ।

नेपालका सबै ठूला दलकालागि भारत माइतीघर छ । यसरी बस्ने क्रम राणशासनको अन्तिम दशकदेखि सुरूभएको हो । यो १२ बुँदे दिल्ली सम्झौतापछि चरमचोटीमा पुगेको छ । *लम्पसारवाद* अवलम्बन भएको छ । फलतः कुनै दलको सरकार पनि भयमुक्त भएर जनभावना अनुसार शासन व्यवस्था चलाउन सकेका छैनन् । भारतप्रति जनताको आक्रोश छ भने दलका नेतामा आश र त्राश छ ।

९. नेपाल नीतिका १६ कर्मलाई लोभ र भयका कारण नेपालका दलका बहुमत नेताले मान्दछन्, सघाउँछन् । भारतका चाहना हुन्– (१) नेपालको रक्षा भारतको निर्देशनमा चल्नु पर्दछ । (२) नेपालको सार्वभौमिकताको सुरक्षा भारतीय छाताभित्र हुनु पर्दछ । (३) नेपालको राज्य सञ्चालन भारतको निर्देशनमा चल्नु पर्दछ । (४) कमजोर नेपाल भारतको शक्ति हुन्छ । (५) आर्थिक समुन्नति हुन नदिए विपन्न हुन्छ (६) फुटाएर मात्र मुठ्याउन सकिन्छ । (७) सम्झौताका जालो जति धेरै बनायो उति धेरै फँसाऊन

---

३४. 'रअ' को चलखेल नामक पुस्तक प्रकाशन भएपछि मलाई के अनुभूत भयो भने नेपालका जिम्मेवार दलका ओहोदासिन राजनेताहरू 'रअ' को चलखेल विमोचनमा भाग लिन डराए तर पाठकहरू पढ्न भने डराएनन्। यसले के अर्थ लगाउँदछ भने दल र दलका नेतामात्र दलाल छन् र नेपाली जनता त्यसको बिरोधमा छन् । नेपाली जनताले मात्र नेपालको माया गर्दछन्, दल र दलका नेताले होइन । नेपालमा भारतीय नागरिक वैरिने कुराबारे नेपाली मात्रले चासो र चिन्ता नगरे राष्ट्रियता जोगिदैन ।

सकिन्छ । (८) नेपालको जलभण्डार भारतले चाहे अनुसार हुनुपर्छ । (९) विपन्न जनता मात्र रोटीमा बिक्छन्, भनेको मान्दछन् । (१०) भारत निर्भर अर्थनीति, उद्योग र व्यापार बन्नुपर्छ । (११) हिन्दु अधिराज्य विहिनता भारतको अवतरणको सहज बाटो हुन्छ । (१२) धर्म निरपेक्षताले राजशक्ति कमजोर हुन्छ । (१३) काबुमा नआएसम्म निरन्तर सताइ राख्नु पर्दछ[३५] । (१४) नेपालका सबै शक्ति भारतमुखी बनाउनकालागि क्विज्लिङ्ग गराई राख्नु पर्दछ । (१५) नेपाल बलियो भयो भने आदेश मान्दैन । (१६) नेपालको दक्षिण एसियाको इजरायल वा एसियाको स्जिरलैण्ड बन्ने बाटो भतकाइ दिनुपर्छ । (A weak Nepal is a strength for India)

१०. उक्त सिद्धान्त अनुसार प्रजातन्त्रवादी शक्ति दल उठाएर दरबार लाई कमजोर बनाउनु, माओवादी शक्तिलाई उठाएर प्रजातन्त्रवादी शक्ति (सातदल) लाई कमजोर बनाउनु र दुबै शक्ति जोडाएर राजा विरूद्ध खडा गराउनु १२ बूँदेको सार हो । द्वन्द्व र युद्ध भड्काएर अस्थिर बनाई राख्नु[३६] माओवादी शक्ति फुटाउनु र तराइ उठाएर माओवादीलाई कमजोर बनाउनु, आपसमा लडाउनु, अनेकतामा एकता भङ्ग गराउनु विदेशी शक्ति सफल हुनु नै नेपालको राष्ट्रियता खस्कदै जानु हो । यो अवस्था सृजिनुमा दल र दलका नेताको लोभ र भय भावना हो ।

११. यस भावनाबाट अनेकतामा एकताको सर्वमान्य संस्कारको उन्मूलन, आरक्षण पद्धतिलाई हौसाएर प्रतिस्पर्धी क्षमता घटाईदिनु, आपसमा लड्ने, खर्चले नथाम्ने राजनीतिक पद्धति बनाईदिएर सधैं गरीब बनाई राख्नु, करोडौं वर्ष देखि चल्दै आएको संस्कार र सभ्यताको उन्मुलन गर्नु, त्यसलाई टेवा दिने संस्कृत भाषालाई निस्तेज पार्नु, धर्म निरपेक्ष राष्ट्र बनाउनु र अध्यात्म चिन्तनलाई रूढीवादी साबित गराउनु भय राजनीतिबाट उत्पन्न अराष्ट्रिय भावना हो ।

१२. यसरी नेपाली नै नेपालका समस्या बनेका छन् । नेपालले कुनै पनि क्षेत्रमा स्वतन्त्र रूपमा काम गर्न सक्ने क्षमता नेतामा नभएका कारण नै त्यसो भएको हो । हामीले गर्न सक्ने प्रगतिको एक चौथाइ पनि गर्न नसकेको कारण पनि यही हो ।

१३. *'रअ' फोबियाले* परेको प्रभाव भय राष्ट्रियताको प्रतिबिम्ब हो । घूस खाने कर्मचारी घूस दिने ग्राहकसँग डराउँछ, चन्दा र कमिशन लिने दल धन

---

३५. नेपालमा सैनिक घुसपैठ, जलराजनी, डुवान, भू-क्षेत्र अतिक्रमण, सीमास्तम्भ गायव, ठूला योजना विफल, दशगजा मिचान, पारवहनमा नियन्त्रण, यातायातमा नियन्त्रण, आवत-जावतमा हैरानी, नाकाबन्दी, भूटानी शरणार्थी समस्या, माओवादी समस्या, उद्योग व्यापारको ह्रास तथा माइक्रो हस्तक्षेप भएको हो । (लेखकको नेपालमा रअको चलखेल संयुक्त)

३६. Having done all this RAW inducted Maoists rebellious groups to shatter the peace of Nepal to take full advantage of the disturbed situation –Prem Raj op.cit.

दिने व्यापारीसँग डराउँछ । त्यस्तै चुनावमा प्रयोग गरिएका गुण्डासँग सांसद डराउँछ । विदेशमा बसेर विदेशीको दाना खाएर नेपालविरूद्ध विद्रोह गरेर सत्तामा पुगेकाहरूमा यो भय रोग हुन्छ । यो रोग लागेको व्यक्ति कहिल्यै राष्ट्रवादी बन्न सक्तैनन् ।

नेपाली जनताको मन जितेर सत्तामा जान इच्छुक मात्र राष्ट्रवादी नेपाली हुन्छ । त्यसले कुनै पनि हालतमा विदेशीको सहयोग लिएर सत्तामा जाने आधार नै निर्माण गर्दैन ।

नेपालका ठूला तीन दलले 'रअ' र 'मिशनरी' को धन खाएका छन् । तिनको मन मस्तिष्कमा 'रअ' को सञ्चार भएको छ भनिन्छ । झोले सञ्चार माध्यमहरू, झोले विद्वान र प्राध्यापकहरू, झोले कर्मचारी र प्रहरीहरू आदि सबैमा त्यो छुत रोग छ । यो रोग लागेका सत्तासिनले निस्पक्ष शासन गर्न सक्तैनन् । यो रोग नलागेका भारतका दल, नेता, मिडिया मानिस एकजुट भए सरह नेपाली हुन नसक्नुको कारण पनि यहि हो । यी लगानीकर्ता विदेशीले एकजुट हुनैनसक्ने संयन्त्र बनाउन बाध्य पारेका छन् । संघीयता, जातीयता, धर्मनिरपेक्षता, भौगोलिकता, बाहुनवाद जस्ता देश पतन गराउने काम गराएका छन् । तिनले यति शुक्ष्म व्यवस्थापन गरिसकेका छन् कि सार्वजनिक रूपमा एक लाख डलर घूस दिएर 'होली वायन' खुवाउँछन्, दूतावासको निर्देशनमा आइ.जी.पी वा मुख्य सचिवलाई पदबहाली गराउँछन् । सबैले वास्तविकता बुझेर पनि विरोध गर्ने आँट राख्दैनन् । यस्तो किन हुन्छ भन्ने पुष्टि गर्न केही प्रतिनिधि तथ्य प्रस्तुत गर्न चाहन्छु ।

(१) विशाल नेपाल बारेको महर्षि नरहरिनाथ योगी समेतले प्रमाण सहित सर्वोच्च अदालतमा दर्ता गराएको रिट निवेदनलाई *'सार्वजनिक बहसको विषय भएकोले मुल्तवी गर्ने'* सम्म नभनी, सुनुवाई नै नगरी खारेज गरियो । (२) अधिवक्ता धनन्जय खनालले २०६३ साल असार २० गते भारतले बनाएको बाँधले नेपालको भूभागमा पानी जमी जनधनको क्षति भएकोले बाँध भत्काउन र निर्माणको काम रोक्न दिइएको रिट निवेदनलाई अदालतले उल्टै समय बर्बाद गराएको भनी रिट खारेज गरी वकिललाई जरिवान गऱ्यो ।[३७] (३) मृगौला चोरीको अपराधमा फरार भएका भारतका डा. अमितलाई नेपाल प्रहरीले करोडौं अवैध विदेशी मुद्रा सहित २०६४ साल माघमा गिरफ्तार गऱ्यो । चार-पाँचवटा कानूनहरू विपरित अपराधीलाई प्रमको आदेश भनेर भारतलाई सुपुर्दगी गरियो । नेपालको प्रमको अवस्था मुख्यमन्त्रीको भन्दा तल देखियो, नेपालको आइ.जी.पी. अनुसन्धान अधिकृत भन्दा तल रहेको देखियो । नेपालका वकिलहरू, न्यायकर्मीहरू, राजनीतिक दलहरूले आवाज पनि उठाएनन् । (४) माओवादी द्वन्द्वका कारण उत्पन्न संकटकाललाई स्वयम्

---

३७. समाचार पत्र माघ२५, २०६४ साल ।

आतङ्कवादबाट पीडित पाकिस्तानले चाहिने हतियार र चाहेजति निर्व्याजे ऋण सहयोग दिने प्रस्तावसहितको दिइएको ५० लाख डलर अनुदान अस्वीकार गरियो, 'रअ' देखि तर्सिएर । (५) क्रान्तिकारी नेताबाट निर्माण थालिएको का.उ. सडक चौडा योजनामा लागू गरेकोमा दूतावासका परिसरलाई छुन सकेनन् । अनुरोध गर्ने आँटसम्म गरेरनन् । बेलायत र अमेरिकाले त फुटपाथ समेत जन्जिरले घेरेर मानव अधिकारको हक समेत छिनेका छन् । राजदूतावासले पनि जुन देशमा बसेको छ, त्यस देशको कानुनको पालना गर्नु पर्दछ । काठमाण्डौ नगरभित्र कुनैपनि संरचना निर्माण गर्दा नगरको मापदण्डको नियम पालना गर्नु पर्दछ । तर काठमाण्डौ नगरपालिकाले भारतीय र बेलायती राजदूतावासलाई त्यसबाट उन्मुक्ति दिएको छ । पर्खाल निर्माण गर्दा २ मिटर छाडेर मात्र निर्माण गर्नु पर्नेमा छाड्दै नछाडि बनाएको छ । नेपालका प्रमसम्मको कमजोर मानसिकताले बिरालोको घाँटीमा घन्टी लगाउने कोही छैन । यो केवल भय फोबियाका कारण हो । (६) नेपालमा यस्ता घटना चिरफार गर्ने पहिलो पटक लेखिएको *'नेपालमा 'रअ' को चलखेल'* पुस्तक विमोचन समारोहको खबर प्रशारण नगर्न सञ्चारमन्त्री आफै दौडे । (७) 'रअ' भूतले त्यसो गराएको रहेछ । दार्जिलिङ नेपालको भूभाग हो भनेर राजालाई अनुरोध पत्र पनि त लेखेका थिए, भूतले केही सोच्नै दिएन । (८) गिरिजाप्रसाद कोइरालाले प्रमको कुर्सीमै बसेर कान्तिपुर टेलिभिजन मार्फत सार्वजनिक रूपमा स्वीकारेका छन् कि वास्तवमा उनले सन् १९७३ मा शाही नेपाल वायु सेवा निगमको हवाईजहाज अपहरण र आरडिएसको तस्करी 'रअ'को माष्टर माइन्डबाट नै गरेका थिए । (९) 'रअ'को बारेमा कुरा बुझ्ने सबै नेपाली 'रअ'का विरोधी छन् तर खुलेर बाहिर आउँदैनन् । नेपाली जो विश्वको कठिनतम काम गर्ने साहस राख्दछ, जो न्यायकालागि ज्यान दिएर लड्दछ, पानी पनि नखाई नालापानीमा युद्ध गर्छ, विश्वयुद्धहरूमा बहादुरी–आँटी–साहसीमा नाम कमाएको छ, त्यही नेपाली 'रअ'को नामसँग किन तर्सिन्छ ? मैले लख नै काट्न सकेको छैन । त्यसको उदाहरणकालागि म एउटा इमेल प्रस्तुत गर्न चाहन्छु । त्यस इमेलका लेखक आफ्नो नाम लेख्ने आँट गर्दैनन्, तर 'रअ'को कुकृत्यको विरोध गर्न चाहन्छन् ।[३८]

३८. (२०६४ भाद्र २३ (सेप्टेम्बर ९, २००७) का दिन साझ ३.२० मा पठाएको इमेलको अंश): There is one man, a diplomat indeed but more so of the personal non grata status in our eyes, who is apparently running the day-to-day affairs of this India-locked country. Understandably, he is the Viceroy of India, Ambassador Shiva Shanker Mukherjee. The menace for Nepal! . He dictates and we obey him. He instructs and we bow down to him. This has become our national trait if not tradition. He is with the Maoists; he is with the chatter box of the UML-Madhav Nepal; he is with the Nepal Sadbhavana Party men- which is very much understandable; he is with the Nepal's "high-flying" media houses.

Will Koirala be the next "Lendup Dorje"? This is the only question that is boggling our minds. Koirala- if he so desires then he is a menace to this country. His fate would be no more and no less than that of Lendup Dorje who lamented prior to his unsung death in Kalimpong.

केही साना नेताले महसुस गर्दछन्[३९], तर केही गर्न सक्दैनन् । (१०) त्यसै गरेर विशाल नेपाललाई पुनर्स्थापना गरियोस् भन्ने अर्को बेनामी इमेल प्राप्त भयो ।[४०] त्यसमा माओवादीले मात्र त्यो नेपाल बनाउन सक्नेछन् भन्ने आशा पनि गरिएको थियो तर त्यो नै सबैभन्दा ठूलो दलाल थियो, छ । आजभोलि केही विद्वानले साहसका साथ नाम दिन थालेका छन्, लेख्न पनि थालेका छन् ।[४१] अब नेपालीले नेपाललाई स्वतन्त्र, सार्वभौम र अखण्ड बनाई राख्नेछन् भन्ने आशा पलाएको छ । धेरै देशमा राष्ट्रियताकालागि सबै तप्काका मानिस एकजुट हुन्छन् हामी किन एकजुट हुन सक्दैनौं ? न्यायकालागि किन आवाज उठाउन सक्दैनौं ? (१०) नेपालका कुनै दलले पनि आम चुनाव गराउन नसकेर राजनीति लथालिङ्ग भयो राजाले चुनाव गराउनकैलागि सत्ता हातमा लिए । भारतले माओवादीको पक्ष लिएर विरोध गऱ्यो । नेपाललाई दिइआएका सबै सहयोग बन्द गऱ्यो । अमेरिकाले दिदै आएको सैनिक सहायता बन्द गऱ्यो । लगत्तै युरोपियन युनियनका देशले पनि त्यसै गरे । नेपालले किनेका हतियार पनि भारतले भारतमाथि उड्न दिएन । अष्ट्रेलिया र जापानले सहयोग नाका-बन्दी गरे । चीन मौन बस्यो । पच्चिस वर्षसम्म अनिर्वाचित दलले गरेको शासनलाई प्रजातान्त्रिक मान्ने तर चुनाव गराएर जनप्रतिनिधिको सरकार बनाउन खोज्ने राजालाई अप्रजातान्त्रिक किन भन्ने ?

## संक्रमणकालीन सोच

१. मुलुकमा दुईटा मात्र समस्या छन्, एउटा 'गरिबी' र अर्को 'अचेतनता' । आजको समाज अर्धचेतन अवस्थामा छ, यही संक्रमणकालीन सोच हो । यो सोचमा राष्ट्रिय भावना जगाउन अत्यन्त कठिन हुन्छ । किनकि यो चर्को बहकाउको कारकतत्त्व बन्छ । प्रमदेखि जनप्रतिनिधिसम्म र विद्वान देखि प्रत्रिष्ठित पनि अर्धचेतन (संक्रमणकलीन) सोचबाट ग्रसित छन् । यो संख्या ठूलो छ । डिग्री लिँदैमा व्यक्ति विद्वान हुँदैन । साम्यवादीले बुर्जुवा भनेको सही हो तर त्यो लेनिनले बाहेक अरूले बुझेका छैनन् । विद्वानमा गनिएका पत्रकार दीक्षितहरू (कान्तिपुर, बैसाख ४, २०७१) हुन् वा राज्य सम्पत्तिलाई आफू र आफ्नामा मोज गर्ने थापाहरू वा दाहालहरू, नेपाल वा खनालहरू, भट्टराइहरू वा कोइरालाहरू वा वलीहरू सबै सक्रमणकालीन सोचमा रहेको

---

३९. To the extent that when enough had been enough, one nationalist, comparatively speaking, Narayan Man Bijukche-popularly known as ROHIT today claimed with full force that the happening of the CA polls "depended" much on the wishes of the Indians.

४०. (२०६३ आश्विन ६ (२००६ सेप्टेम्बर २२) का दिन १२:३५) FYI, ---- Original Message -----, From: To: <Sent: Sunday, September 09, 2007 3:20 PM, Subject: RE: Fw: An Indian rules Nepal.

४१. "Modern residency" (THT, Sept 7). Dwarika N Dhungel has made an apt comparison between the role of the British resident during the British Raj and the present foreign envoys to Nepal.

कुरा तिनका कामले पुष्टि गर्दछ । नागरिक समाजका दीक्षितहरू, पाण्डेहरू वा मानव अधिकारका पण्डितहरू सबै डलर खेतीको धन्दामा छन्, यो पनि संक्रमणकालीन सोचको उपज हो ।

२. यिनीहरूको भौतिकवादी सोच पनि अर्धचेतनताकै उपज हो । जहाँ जनताको चाहना **दाल-भात-रोटी, कपास-बास-रोजगारको छ,** यिनले मोनोरेल, मेरिनबेडा, जम्बजेटको सपना बाँड्छन् । 'समावेसी 'आरक्षण, संघात्मकता, धर्मनिरपेक्षता, जातियता, आलु-खसी हैन जनशक्ति-निर्यात योजना बनाउँछन् ।

३. देशमा साधन श्रोतको कमी छैन । प्रगति द्रुत रूपमा गर्न नसकिने अवस्थै छैन । विदेशी सल्लाहकार र अनुदानको खाँचै छैन । मात्र चाहिएको छ चेतना । चेतन हुने बित्तिकै इमान्दारिता हुन्छ, उसको खुबी र सामर्थ्य देखिन्छ । इमान्दार मात्र राष्ट्रवादी हुन्छ । राष्ट्रवादी मात्र प्रतिबद्ध र मिहिनेती हुन्छ ।

४. श्रमको कमाइमा बाँच्न चाहने मेहनतीमामात्र स्वार्थ हुँदैन । तिनमा समर्पण भाव मात्र हुन्छ । त्यस्ताबाट मात्र थोरै खर्चमा धेरै विकास गर्ने क्षमता हुन्छ । तिनमा लाग्ने समयभन्दा पनि छिटो काम पुरा गर्ने खुबी हुन्छ । यसो भएमा गुणस्तरीयता र सस्तो मूल्य कायम हुन्छ, महङ्गी घट्छ । जनताले छिटोछरितो सेवा पाउँदछन् । विद्यमान शासन त्यसको उल्टो छ । यो राष्ट्रियताको लागि तगारो छ ।

५. नेपालको सातदशक लामो प्रजातान्त्रिक अभ्यासमा राष्ट्रवादी विचारकका खबर बन्न सकेनन्, विद्रोही आतङ्क र सामन्तका मात्र बने । निर्मल पानीले ठाउँ पाएन, भलबाढीले मात्र पाए । भलको खबर बन्यो जुन पानी खान मिल्दैन । यो सञ्चारको अर्धचेतन मानसिकताको उपज हो ।

६. संक्रमणकालीन सोचबाटै विखण्डनवादको अभ्युदय भयो । बाह्य धन र गनको उक्साहटबाट ती उक्सिए । त्यहींबाट विखण्डनको अभ्युदय भयो । उक्साउने मूल तत्त्वमा (क) मिसन सम्बन्धी अन्तर्राष्ट्रिय गैससहरू र (ख) साउथब्लक र 'रअ'का छलछाम रणनीतिहरू मुख्य हुन् । उक्साउने भन्दा उक्सिने मुलुकका लागि घातक हुन् । उक्साउनेबाट राष्ट्रियता खस्काउने तत्त्वहरू थपिए । विखण्डनको थप तत्त्वको अभ्युदय भयो । अनेक खाले मुक्ति मोर्चाहरू बने । तिनले हेटक्राइम हल्ला फैलाए, बाएड जस्ता हल्लाले जनता दिगभ्रमित भए । यसबाट सामाजिक अपराध बढे, लैङ्गिक विभेद, जाति जनजाति, आदिवासी, भाषाभाषी तथा भौगोलिक विखण्डनका कुराहरू थपिए । यसबाट राष्ट्रियतमा आँच आएको छ ।

नेपाली राष्ट्रियता खस्काउनेमा सबै तत्त्व जिम्मेवार छन् । दलहरू र तिनका नेताहरू, सञ्चारका माध्यमहरू, उपभोक्तावादी बुद्धिजीवीहरू, मेकाउलेवादी शिक्षकहरू, पिंद बिनाका विद्यार्थीहरू, नैतिकता विहीन व्यापारीहरू, धर्मछाडा

उद्योगपतिहरू, आयातित पाठ्यक्रम र पाठ्यपुस्तकहरू तथा ज्ञानहिन (संक्रमणकालीन सोचका) सर्वसाधारणहरू राष्ट्रियता खस्काउने मुख्य तत्त्व हुन् ।

## संस्कार संस्कृतिमाथि प्रहार

१. मेकाउलेको सभ्यता भत्काउने भारतमा थुपारेको फोहर, अङ्ग्रेजले भारत छाडेर गएपछि नेहरू डक्ट्राइन मार्फत नेपालमा भित्रियो । १३१८ वर्ष उपनिवेश भएको भारतमा वैदिक संस्कार नहुनु स्वाभाविक हो, तर कहिल्यै उपनिवेश नभएको नेपालीमा जीवन्त रहेको वैदिक संस्कार मास्ने काम दलबाट भएको हो ।

२. लर्ड मेकाउलेले संस्कार संस्कृति मास्न संस्कृत भाषा मासेर अङ्ग्रेजीलाई अनिवार्य गर्ने, अध्यात्म ज्ञान मासेर भौतिक उपभोक्तावादी मानसिकता बनाउने पश्चिमी शिक्षा अनुशरण गराइयो । अङ्ग्रेजी बोल्ने, अङ्ग्रेजी पोशाक लगाउने, अङ्ग्रेजले जस्तै खाना खाने र अङ्ग्रेजको जस्तै आचरण गर्ने मानिसलाई मात्र सभ्य मानिन थाल्यो । भौतिक उपभोक्तावाद दर्शन बन्यो । सम्वत २०६३ पछि नेपालमा चर्को प्रभाव परेका हो । यसरी आदर्श राजनीति र प्रशासन पनि भत्काईयो ।

## दलको गलत प्रवृत्ति

१. कुनै पनि राजनीति उद्देश्य हिंसाबाट पुर्ति गर्न सकिन्छ भन्ने दलीय प्रवृत्ति छ । यो विदेशीबाट आर्जित प्रवृत्ति हो । ठूला दल (नेकाँ, एमाले र माओवादी, उग्रवादी मधेसी समूह) बलको राजनीतिमा विश्वास गरेका छन् । यसले नै नेपालको अर्थतन्त्र र वैदिक संस्कारको छवि (कोमलता–मिलनसारिता–शान्तता) ध्वस्त हुँदै गएको छ । नेपालको शान्ति क्षेत्रको प्रस्तावको विपरित खडा हुने भारतसँग दलले सहकार्य गरेका छन्, जसले राष्ट्रियता कमजोर हुँदै गएको छ ।

२. भनिन्छ कमलकोटीले कुनै किरालाई थुनेर बाहिरबाट एउटा आवाज दिँदादिँदा त्यो किरो मानसिक र शारिरीक रूपमा कमलकोटी बन्दछ । बनेपछिको कमलकोटी कमलकोटी मात्र हुन्छ । नेपालका दल नाइकेलाई 'रअ' तथा 'साउथ ब्लक' र भौतिक उपभोक्तावादी इसाईले कोमलकोटी बनाई दिएका छन् । त्यसैबाट लम्पसारवादको सुरू भएको हो । यो सोच नेपाली राष्ट्रियताकालागि ठूलो बाधक भएको छ ।

३. लम्पसारवादले ४० लाख भारतीयलाई नेपाली नागरिकता दिइयो । अब फेरि ४० लाख नै पाउन बाँकी छन् भनिएको छ । आफ्नो देशको तथ्य तथ्याङ्क आफूलाई थाहा नहुने, भारतीयले भनेपछि त्यो परमात्माको बोली हुने

दमित मानसिकताले ग्रसित छन् दल नाइके । ज्ञान, सीप र क्षमता नभएको, मुर्ख र दम्भी तर महत्त्वाकाङ्क्षी व्यक्ति खोजेर यी विदेशीले उकास्छन् ।

४. दलको सदस्य बनेपछि विज्ञको सत्यकुरा पत्याउँदैनन्, तिनका नेताले जे भने त्यसैलाई सही मान्दछन् । लहैलहैमा पछिलाग्ने तिनको प्रवृत्ति अव्यवहारिक, अप्रजातान्त्रिक र अराष्ट्रिय छ । यो गलत शिक्षा पद्धतिको उपज हो । प्रजातन्त्रमा त विचारलाई विचारलेनै काट्न सक्नु पर्दछ, मुढेबलले होइन ।

५. नेपालका दलका नाइकेको शैली द्वैत्त छ, भारतको अघिल्तिर लम्पसार पर्ने तर नेपाली जनताको माझमा भने विरूद्ध फलाक्ने[४२] ।

६. भारतले छिमेकी राष्ट्रहरूसँग दूरगामी सोच सहितको बेलायती *फुटाऊ र मुठ्याउ* रणनितीय चाल परिचालन गर्दछ । त्यसखाले रणनीतिमा भारतका सबै पक्ष एकजुट हुन्छन्[४३] तर नेपाली दल हुँदैनन् ।

७. सन २४ मार्च सन् २००६ का दिनभारतीय राजदूतावासले नेपाली नेतालाई एउटा भोजको आयोजना गरेको र त्यसमा राजदूतले भनेका थिए 'राजाका कदम भारतीय चाहनाविपरित छन् । त्यसकारण तपाईहरू सबै एक ढिक्का भएर राजाका कदम विरूद्ध अभियान थाल्नु होस्, त्यसकालागि भारतले जे सुकै सहयोग गर्न तयारछ ।'[४४]

---

४२. उदाहरणार्थ बि.सं. २०५१ सालको मध्यावर्ती चुनावको एमालेको घोषणा पत्रमा नागरिकता सम्बन्धी कुनै कुरा उल्लेख थिएन तर सरकामा पुग्नासाथ नागरिकता समस्या प्रमुख मुद्दा ठहऱ्याइयो र आयोग गठन समेत गरियो ।

४३. जस्तै कालापानी नक्सा पारित भएपछि त्याहाँका दलहरू, प्राज्ञिक समुह, संचारका सबै माध्यमहरू, नागरिकहरू एक हुन्छन् तर नेपालमा ठीक उल्टो छ, सांसदले समेत भारतपक्षधर भएर बोल्छन् । किनकि ती बिकेका छन् । बाहुनबिरूद्ध दुइदिने गोष्ठी गर्न डिएफआइडीले जनजातीलाई दिएको ११ करोड सार्बजनिक हुनुले पुस्टि गर्छ । नेपालका दलहरू देखेको नदेख्यै गर्छन् ।

४४. On Thursday 24th March, the Indian Ambassador Shiv Shanker Mukerjee had hosted a private dinner at his residence. The attendancees were :- Surya Bdr. Thapa, Sher Bdr. Deuba & Dr. Mrs.Arju Deuba, Shailaja Archarya, -Purna Bdr. Khadga, Ram Sharan Mahat, Jhalanath Khanal, Prakash Chandra Lohani, Ananda Devi and few other political leaders such as Sagar Rana. As the cocktails were served, the Indian Ambassador made a statement "...that the King's move was against the interest of India, against the interest of the political parties as well...So, that you all should get together and start agitation against the King's move... any necessary help we will provide..." Jhalanath (UML), then, mentioned that their party is the most organised and if supported they can effectively start the agitation. Ananda Devi mentioned that Nepal has to be made into a republic. Then, war of words started, Ram Sharan Mahat balantly blamed Sher Bdr.Deuba for dissolving the house of parliament and requesting the King to use Article 127. Purna Bdr.Khadga counter acted by shouting at Ram Sharan Mahat abusively that the main culprit of creating this whole quamire squarely rested on Girija Pd.Koirala. Then apparantly mayhem broke loose. This all was taking place in front of the Indian Ambassador. Sher Bdr. got into the fray by attacking Ram Sharan and Dr. Arzu pulling at his shirt tails ! Watching all this silently was Shailaja Acharya. Amidst all these shouting and in-fighting suddenly someone realised that a person was lying down on the floor, when they turned him around, they found that was Surya Bdr. Thapa, was rushed to the hospital. Indian Ambassador, holding his head in his hand, lamented that as these fools will not be able to get their act together, his tenure of office is short-lived. God help the ethics of the Indian Ambassador and the behaviour of so called politicians ?!!
(Anonimous received through email)

८. मन्त्रीहरूले सरकारी गाडी आफ्ना परिवार र नाता गोताको निजि प्रयोग गराउने, चुनाव प्रचारमा दुरूपयोग गर्ने गरेका कुरा सामान्य हुन् । राणा र शाहका पालाका खराबी सुधार्नुको साटो उनीहरूले खराबीलाई प्रान्त र पालिकाहरूमा समेत बिस्तार गरेका छन् । राज्यको सम्पत्ति र पद दलहरूबीच अंशबण्डा गरेका छन् । त्यसैलाई लोकन्त्रको उपलब्धी मानेका छन् । यो सोच असक्षमता अवैदिक र दानवीय हो ।

९. वास्तवमा दलको दलसञ्चालन गर्ने खर्चकालागि दलहरूले भ्रष्ट्राचार गर्दछन्, झुटो बोल्दछन् । माओवादीले दश वर्षसम्म दक्षता हासिल गरेको विषय नै दानवीय तरिकाले लुट्नै नै हो । दानव र दैत्य मिसिएर संयुक्त-साम्यवादी बनेको छ, साम्य देख्छ । राक्षस प्रतिपक्षमा छन् । अशुरहरूले दानव-दैत्यकालागि आहार खोज्दछन् । ससको सरकार छ । तिनलाई संसले संरक्षण गर्छ । मानवजातिबाट हुने विरोधबाट जोगाउँछ । ससका सबै सदस्य (ससस) लाई लुट्ने ठाउँ दिन प्रान्त, पालिका, बडापालिक गरी सबै दानवदैत्य अटाउने थलो बनाएका छन् । तिनलाई गाडी र बाटो बाहेक अरू केही चाहिँदैन । पाँच वर्षसम्म लुटेपछि त्यसपछि आउने चुनावमा आतङ्क मच्चाएर मानवलाई बाध्य बनाउन सक्ने लक्ष लिएका छन् । दलबाट दलका भोगी बाहेक निसासिएका छन् । इन्द्रलाई लखेटेर हिरण्य कश्यपले राज्य गरेका छन् । विष्णु लक्ष्मी सहित समुद्रमै बसेका छन् । अब दानवीय पाखण्डीपनबाट राष्ट्रलाई मुक्तिको खाँचो छ । किनकि यिनीहरूले राष्ट्रियताको जरोकिलो उखेलिसकेका छन् ।

१०. राजा र जनताको चाहनामा राष्ट्रियता सहितको बहुदलीय व्यवस्था थियो । तर त्यो भएन । किनकि दलका आपराधिक गतिविधिको फेहरिस्तको नत्थी हातमा लिएर विदेशीले दललाई कजाउन चाहन्थे । विदेशीको दमन देशकालागि दुखद र दुर्भाग्यपुर्ण कुरा बन्न पुगेको हो । माओवादी भन्ने शक्ति इसाईशक्ति र इण्डियाको नेहरू डक्ट्राइनबाट ग्रसित 'रअ' हो । त्यो नेपालको राष्ट्रियता नामेट गर्ने नास्तिक गुट पनि हो । फलतः देश परनिर्भरबाट भारतनिर्भर भएको छ ।

११. दलहरूको नेतृत्व अज्ञ र अल्पज्ञबाट हुँदै गएपछि मेकाउलेको वैदिक सभ्यता भत्काउने गैसस शक्तिशाली भयो । त्यसले अपराधीलाई धन बाँड्छ । एउटा निरपराध व्यक्तिको अपहरण हुन्छ, बलात्कार हुन्छ, हत्या हुन्छ । अनि त्यसको घोर भर्त्सना हुन्छ । एकपटक शवसहित जुलुस हुन्छ, पार्टीको झण्डा ओडाइन्छ, एक दिन मौन शोक मनाइन्छ, अब यस्ता घटना नदोहोरिउन भनेर प्रण गरिन्छ तर फेरि घटना दोहोरिन्छ, फेरि त्यसै गरिन्छ, फेरि दोहोरिन्छ फेरि त्यसै गरिन्छ । यहाँ जब कुनै अपराधीलाई कुनै दण्ड हुँदैन, कुनै घटनाको छानबिन हुँदैन, मुद्दा दर्ता गराइँदैन र गराइए पनि सही न्याय

हुँदैन । क्षणिकपनको औपचारिक विरोध नेपालीको अनौठो संस्कार भएको छ । नेपालीले खोजेको गतिशील र आमूल परिवर्तनबाट ल्याइएको समावेशी, लोकतान्त्रिक भनेकै यही संस्कार हुन गएको छ ।

१२. वि.सं. २००७ मा त्रिपक्षीय दिल्ली सम्झौता भएपछि भारतीय सचिव क्याबिनेट बैठकमा बसे, भारतीय सेना नेपालभित्र पसे र हिमाल फेदमा १८ वटा चेकपोष्ट बनाएर नेपालमा अड्डा जमाएको थाहा छँदाछँदै फेरि १२ बुँदे दिल्ली समझदारी भयो । त्यसपछि नेपालमाथि विदेशी दबदबाको मात्रा यस पूर्व कहिल्यै भएको थिएन । कुन दलको नेता कताबाट परिचालित छन् भन्ने कुरा पनि अत्यन्तै नाङ्गो रूपमा बाहिर आयो । हुँदाहुदै प्रधानमन्त्रीको नियुक्ति, आयुक्तको नियुक्ति लगायत तमाम संवैधानिक निकायका व्यक्तिको नियुक्ति, राजनीतिक नियुक्ति विदेशीको आदेशमा हुन थाल्यो । त्यतिमात्र होइन कानून र संविधानका मसौदा समेत बाहिरबाट आउन थाले । स्पाम सम्बद्ध नेपालका दलका नाइके, सबैभन्दा कमजोर, अराष्ट्रिय, स्वार्थी, लोलुप, ज्ञान–सीप–क्षमताविहीन, अदक्ष र राष्ट्रियताको कुनै दृष्टिकोण 'भिजन' नभएका प्रमाणित भए । तिब्बततिरको आरक्षित क्षेत्र विदेशीलाई खोली दिए । अमेरिका, फ्रान्स र भारत लगायतले त्यहाँ हाई अल्टिच्युट सैनिक तालीम अभ्यास समेत गरे । तिब्बतलाई उक्साउने थलो बनाए । इण्डियालाई नेपालभरि जाहाँतही गएर अरबौं रकम बाँडेर भारतमूखी बनाउने छुट दिए । नेपालको सुख्खा बन्दरगाहको हक भारतलाई नै दिइयो । नेपालको जलस्रोत र परराष्ट्र सम्बन्धी कुरा भारतको राय र निर्देशनमा हुने बनाइयो । चीनका राष्ट्रपतिसँग नेपालको प्रमले कुरा गर्दा भारतका प्रम साक्षी बसेर त्यस कुराको प्रमाणित गरियो । यस्तै गलत प्रवृत्तिको कारण देश बर्बाद हुँदै गयो ।

१३. नेपालको जुनसुकै भू–भागमा बस्न पाउने नेपाली नागरिक हकको दुरूपयोग दललेनै गराए । पहाडी र मधेसी बीच, धर्मसम्प्रदायबीच काटमार गर्न सिकाए । साम्प्रदायिक दङ्गा नै भड्काइ दिए । विश्व सम्पदामा दरिएको नेपालको अनेकतामा एकताको संस्कार नै भत्काइ दिएका छन् । यसकै कारण कुमारखोरमा एस.एस.बी.ले १३४ नं. को सीमा स्तम्भ कार्यालयभित्र राखेर बसेका छन् । नेपाल प्रहरी र प्रशासकले आँखा चिम्लेर थाहा नभएको बहाना गरेका छन् । यो एउटा नमुना उदाहरण मात्र हो । राज्यको कुनै पनि पक्षले अनुसन्धान गर्न र आवाज उठाउन नसक्नु दलीय पद्धतिको लाजमर्दो कुरा हो । दलका कुनै पनि नेताले देश सुरक्षित राख्छन् भनेर विश्वास गर्ने ठाउँ छैन[४५] ।

४५. कान्तिपुर.२७ चैत्र २०६३ ।

१४. सन् १९९० को दशकपछि भारतीय र चीनी नेता संक्रमणकालिन सामाजिक सोचबाट माथि उठी सकेका छन् भने नेपालीहरू रूग्ण संक्रमणकालिन सोच भित्रै रूमल्लिइरहेका छन् । योग्यता, सीप र क्षमतामा अन्तर भएपछि नेपाली नेताहरू सबै कुरामा चिप्लिइ रहेकाछन् । तिनमा हिनताबोध छ । नूनको सोभ्रोको भय छ । मालिक मान्ने प्रवृत्तिबाट दमित छन्, बिरालोको अगाडि मुसा जस्तै । तिनमा भएको हिनताबोध द्वैत्त प्रवृत्तिको उपज हो । तिनले नेपाली जनतामाभ्र भारतलाई गाली गरेर 'राष्ट्रवादी' दर्शाउँछन्, गोहीको आँसु भ्रार्छन् । जब जनताले त्यो कुरा समात्छन् तुरून्तै घाममा परेको पालुङ्गो हुन्छन् । तिनको संकुचित सोचले विदेशीलाई खेल्न सजिलो भएको छ ।

१५. सिक्किम हत्याउनु पूर्व एउटा सेक्सन अफिसर स्तरको भारतीय पि.ओ.ले सारा सिक्किमको शासन संयन्त्र नियन्त्रणमा राखे जस्तै यतिखेर भारतीय दूतावसाको एउटा उपसचिवले मन्त्रिपरिषद्मा प्रभाव जमाएको छ । राजदूतले परराष्ट्रसचिव र मन्त्रीलाई मिचेर प्रधानमन्त्रीसँग सोभ्रो र दवामूलक सम्पर्क गर्ने गरेका छन् । यसो हुनुमा भारतीयको भन्दा नेपाली राजनेताको कमजोरी हो, अर्धचेतन मानसिकताको उपज हो ।

१६. दिगो प्रभाव पार्ने राष्ट्रको महत्त्वपूर्ण जलस्रोतलाई खेर गएको, रछ्यानमा फ्याकिएको वस्तु भने नाइके र तिनका भातृ संगठनले । तिनीहरूद्वारा नेपालका आयोजनालाई भाँजो हाले, प्रगति अवरूद्ध गरे, महङ्गो र ढिलो हुने पारे । त्यसो गरेबापत एउटा कल्चरल सीटको वृत्ति पाए तर देशले जीवनस्तरनै गुमायो । सानो निहित स्वार्थमा ठूलो राष्ट्रिय स्वार्थ बेच्ने साँघुरो सोच छ दलका नेतामा । नेपाल विपन्न र परनिर्भर हुन गएको छ । सुरूमा नेकाँ मात्र दलाल थियो अब सत्तामा जाने अवस्था भएका सबै दल त्यस्तै छन् । मध्यरातसम्म ननिदाएर पनि राष्ट्रको घात हुने सन्धिमा हस्ताक्षर गरेका छन् ।

## निजामति कर्मचारी दलका संगठनमा

१. डिग्री हासिल गरेर लोक सेवा आयोगको प्रतिस्पर्धाबाट सेवामा प्रवेश गरेका कर्मचारीमा पनि यो प्रवृत्ति छ । निहित स्वार्थकालागि देशै डुब्ने कुरामा पनि आँट गर्छन्, न्याय पनि अछुतो छैन । अगाडिको भागले प्राथमिकता पाउने यस्तो नियत दीगो समून्नतीकालागि ठूलो बाधा हो । ठूला आह्रोदाले गरेको नक्कल समाजका मानिसले अनुसरण गर्दछन् । फलतः यो रेडक्रस, स्काउट, संवैधानिक र कुटनीतिक निकाय, सार्वजनिक संस्थान, विश्वविद्यालय र शिक्षणसंस्था, समाजकल्याण परिषद्, उद्योगवाणिज्य र व्यापार, बालकल्याण, दैवीप्रकोप सबै क्षेत्रमा फैलिएको छ । ठूला देशले गरेका सबै खराबीको तुरून्त अनुसरण गर्छन् तर राम्रा कुरा गर्नेको गर्दैनन् ।[४६]

---

४६. कान्तिपुर, २०६४ साल कार्तिक ११ गते, महेन्द्र प्रकृतिकोषका चारवटा गाडी ।

राष्ट्र प्रमुखको अनुसरण मन्त्रिहरूले, मन्त्रीको अनुसरण सांसदले र सांसदको दलका कार्यकर्ता र सबै सेवाका कर्मचारीले गरेका छन् । रामवरणले जापानमा गरेको नक्कली उपचार नेपालका सबै राजनीतिक नाइकेको प्रेरणाको स्रोत बनेको छ । यही सोचका कारण सञ्चार जगतले पनि सत्यको होइन शक्तिको गुणगान गाउँछन् । अख्तियारदेखि सर्वोच्च अदालत जस्ता निकायमा पनि यहि प्रवृत्ति हावी छ । हिजो राजाको जयगान गाउने सञ्चार आज कोइरालाहरू, दाहालहरू, खनालहरू, ओलीहरूको जयगान गाउँछन् । यस्तो प्रवृत्तिले देश बन्दैन, न्याय बाँच्दैन, प्रजातन्त्र जोगिँदैन र सामाजिक सोचमा परिवर्तन आउँदैन । देशले काँचुली फेर्दैन । जनजीवनमा कुनै परिवर्तन ल्याउँदैन ।

२. भारतीय तथाकथित विद्वान, प्रशासक तथा राजनेता नेपाल आएर सम्हाल्ने, सच्याउने तथा मार्ग निर्देश गर्ने गरेका छन् । अब यो सिको इयु मुलुक, चीन र अमेरिकाले पनि गर्न थालेका छन् । परिदृश्यलाई छिटो छिटो बदलिदिएकाछन् । तिनले संघीय नेपाल सूत्रको यसरी लबी गरेका छन् जसबाट पहाड टुक्रिने मधेस एउटा हुने पारेका छन् । नेपाल चीन या भारतमा मिसिदैछ, बिप्पा सन्धिलाई जुवा खेलैं भन्नेले नै त्यसको नेतृत्व गरेको छ । नेपाली हुँ भनेर गर्व गर्ने जो कोहीले यस्तालाई पन्छाउने व्यवस्थाको विकल्प खोज्नै पर्छ ।

३. दलका सरदरनेता प्रजातन्त्र प्रेमी छैनन्, राष्ट्रप्रेमी पनि छैनन् । विदेशीका अन्ध स्वामीभक्त मात्र छन् । प्रजातन्त्र प्रेमी भएको भए जनतालाई सर्वोपरि ठान्थे, हरेक नयाँ कुरा जनमतसंग्रहद्वारा निर्णय लिने गर्दथे । राष्ट्रप्रेमी भएको भए नेपालीलाई गरीब बनाएर पराइलाई फाइदा हुने काम गर्दैनथे । उत्तेजित आक्रोशित भीडका भरमा गलत निर्णय गर्ने थिएनन् । अनेकतामा एकता भएको ठिक्कको यो देशमा जात–जनजात, भूगोल, धर्म, लिङ्गमा विभाजन गरेर दिगो अशान्ति हुने वातावरण जन्माउने थिएनन् । विदेशी दबाबमा संघीयता स्वीकार्ने थिएनन् । नेपालीको माग भए जनमतसंग्रहमा जाने थिए । जनताको संविधान बनाउने हक छिनेर दलको उग्र एकाधिकारवादी तानाशाही सोचबाट बनाउने थिएनन् । दलको सामन्ती प्रवृत्ति र दलालीपनका कारण राष्ट्रियता धरापमा परेको छ । देशका मालिक देशका जनता हुन्, न दल हुन् न गैससहरू । जनताको बहुमतले गरेको परिवर्तन मात्र मान्य हुन्छ ।

४. दलको यही स्वार्थले गर्दा विकास खर्चभन्दा साधारण खर्च चार गुनाले बढी भएको छ । नेपालीको राष्ट्रिय स्वाभिमान र आर्थिक आत्मनिर्भरता गुमिरहेका छन् । राष्ट्रिय स्वनन्त्रता र सार्वभौम अस्तित्त्व गुमाउँदै गएका छन् । दलले नेपालका धेरै ऐतिहासिक नाम फेरिसकेका छन् र अब झण्डा र देशको नाम फेर्न मात्र बाँकि छ । दलीय पद्धतिनै राष्ट्रियता गुमाउने कारकतत्त्व भएको छ । राष्ट्रियता र दलीय पद्धति एक आर्काका

विरोधी साबित भएका छन् । दलका नाइके नेपालीका सेवक नभएर विदेशीका दास, नोकर र सेवक भएको कुरा २०४७ र २०६३को परिवर्तनपछि छर्लङ्ग भएको छ ।

५. भारतीय विस्तारवाद भनेर विद्रोह गर्ने बामशक्ति पनि भारतमा लुक्ने थलो र श्रोतसाधन पाएपछि बाह्रबुँदे, आठबुँदे सम्झौता पछि बामदल भारतको इशारामा चल्ने दल हुन पुग्यो । अब त नेपाललाई मायाँ गर्ने र समुन्नत नेपाल बनाउने राष्ट्रवादी सोच भएको राजनीति समुह नै छैन । कर्मचारी, व्यापारी र उद्योगपति मारिँदा, प्रहरीका हतियार खोसिँदा, जनता लुटिँदा, फिरौती बलात्कार र अपहरणमा पर्दा सरकार निरिह भइरहनु भनेको दलीय पद्धति असफल हुनु हो । नेपालभित्र पसेर नेपाली नागरिक मार्दा पनि सरकारले तिनलाई समातेर कानूनअन्तर्गत मुद्दासम्म चलाउने आँट गर्दैन । सरकारको यस्तो रबैयाले गर्दा सबैखाले विद्रोही तथा आपराधिक गिरोहले वास्तविक शासन गरेको प्रष्टिन्छ । सरकार मुकदर्शक हुन्छ तर त्यसको प्रतिकार गर्ने तथा चुरेभावर एकता समाज जस्ता जनतालाई प्रहरी दमन र मारकाट गर्दछ ।

६. सत्तामा जान सक्ने सम्भावना भएका सबैजसो राजनीतिक दलहरूमा एउटा गरीब मानसिकता के छ भने दिल्लीको आशीर्वाद नपाइकन नेपालको सत्तामा पुग्नै सकिँदैन र पुगे पनि टिक्न सकिँदैन । यही मानसिकता बोकेर निरन्तर दिल्लीको यात्रा हुन्छ । जे.एन.यु. नेपाली उग्रसाम्यवादीलाई खेलाउने, नचाउने, सिकाउने त्रिवेणी हो । नेकाँका गृहमन्त्री अस्पतालबाट र जनकपुर बाट सुटुक्क दिल्ली पुग्दछन् । नेपाली नेताको बुद्धि, विवेक, राष्ट्रियता र नेपालको समुन्नतीको कुराको सोच त्यसै बिलाउँछ ।

७. संक्रमणकालीन सोचबाट ग्रसित मानिसमा सृजनशीलता र निर्णय गर्ने क्षमता न्यून हुन्छ । ती समयको भलसँगै बहन्छन् । बौद्धिक विवेचना गर्ने, दिगो रणनीति र योजना बनाउने, राष्ट्रलाई बलियो, उन्नत र शक्तिशाली बनाउने सोच बन्नै सक्तैन । पढाइको डिग्री जति ठूलो भएपनि सोच संक्रमणकालीन नै हुन्छ । उदाहरणार्थ पूर्व सैनिक जनरल डा. राईले २०६३ वैशाख २५ गते शाही नेपाली सेनालाई संसद् मातहत नराखे राजाबाट पुनः 'कू' हुनसक्ने चेतावनी दिनुले[४७] प्रष्टिन्छ । सैन्य जनरलमध्ये संसदमा मनोनयन भएपछि यस्तो बोल्नु भनेको आफ्नो देशप्रति माया नभएको व्यक्ति सेनामा थियो भन्ने सावित हुन्छ । सेना, प्रहरी, सांसद, मन्त्री तथा संवैधानिक निकायका हजारौं व्यक्तिमा देशप्रति स्पष्ट अवधारणा नहुनु देशकको दुर्भाग्य हो । ती सबैले आततायी सोचलाई समर्थन गर्नु राष्ट्रप्रेम नहुनु हो । कुनैपनि नेपालीको एजेण्डा नभएको, विदेशी षड्यन्त्रबाट कुँदिएका धर्मनिरपेक्ष, समावेशी, संघात्मक

४७. (शः२६।१।०६३)

र गणतन्त्रात्मक सूत्रहरूमा जनमत विपरित परिवर्तन गराइनु दलाली हो । भोली त्यसले के असर पार्दछ भन्ने विश्लेषण नगरी अवसर पाए पद लिइहाल्ने, कमाइहाल्ने र आफ्ना र आफन्तलाई कहि छिराइहाल्ने प्रवृत्ति दलका नाइकेको अराष्ट्रिय प्रवृत्ति हो ।

८. आयातित उपभोक्तावादी अर्थनीति तथा शिक्षापद्धति भएका कारण नेपालीको स्वभाव *आवेगात्मक र क्षणिकमा* परिवर्तित भएको छ । विदेशीका सबै काम असल हुन् र उनले भनेका सबै अर्ती अनुशरणीय छन् भन्ने भावना छ । 'कमिसन' र 'भ्रष्टाचार' को बिगबिगि यही भावनाको उपज हो । फलतः 'सत्य', 'न्याय' 'इमान्दारिता' 'अमनचयन' र 'शान्ति' जस्ता नेपालका मौलिक विशेषताको विस्तारै नाश हुँदै गएको छ ।

सिक्किम भारतमा गाभिदा नेपालीको मुटु पोल्यो । केही दिनमै जोश जागर सेलायो । सुरूमा सद्दाम हुसेनलाई कुवेत फिर्ता गर्न बाध्य गराए जस्तो थियो तर अब नेपाललाई सिक्किम बनाउने भन्ने हलचल बढ्दा पनि युवा विदेशमा बाध्यात्मक जीवन जिएर बसेका छन् । सुस्ता र कालापानीको व्यापक विरोध भयो, त्यसलाई पनि निरन्तरता दिन सकेनन् । नेपालका ८४ ठाउँमा सीमा अतिक्रमण भए, सीमा स्तम्भ सारिए, दशगजा मिचिए, बाँध बनाएर नेपाली भूभागलाई डुबाइँदै गयो । तिनलाई युवा जगतले डटेर विरोध गरे तर ती सबै विरोधले निरन्तरता पाउन सकेनन् । भारतीयहरूले भुटानी नागरिकलाई भारतीय सडकबाट अपहरण गरेर ट्रकमा कोचेर नेपालमा ल्याएर शरणार्थी बनाई दियो । त्यसको पनि डटेर विरोध भयो तर निरन्तरता पाउन सकेन । सबै जायज विरोध स्वतः नाजायमा परिणत हुँदै गए । भारतका संगठित संस्था र जनताले झन्झन् टेको पाए । पेलेको पेल्यै हुँदो रहेछ भन्नेतिर आत्मबल बढेर गयो । नेपाली आत्मबल खस्कियो ।

## पृथकतावादी मानसिकता

१. संक्रमणकालीन समाजका मानिस सानो कुराले पनि भाँडिन सक्तछन् । त्यसमा जातिवाद, भाषावाद, स्थानवादमा आधारित संघात्मक राजनीति प्रणालीले पृथकतावादी मानसिकता बढाएको छ । जातिवादी सामाजिक मनोविज्ञानले संगठित द्वन्द्व बन्न सक्छ । सीमावर्तीका जनताले पटकपटक छुट्टिने र अर्को देशसँग मिसिने घुर्की लगाइ रहेकाछन् । सरकारले त्यस्तासँग सम्झौता समेत गर्नु झन् खतर्नाक भएको छ । यसो भए चेचनिया र जर्जियाका घटना दोहरिन सक्तछन् । आफूले भनेजस्तो नभएका अवस्थामा उत्तरी सीमा र दक्षिणी सीमाका प्रतिनिधिले नै छिमेकीसँग मिसिने धम्की दिएका अभिलेख व्यवस्थापिकामा पाउन सकिन्छ ।

२. संघियता प्राविधिक विषय हो तर नेपालमा अपनाइएको राजनीति हो । सानो देश नेपाल एकात्मकनै उपयुक्त छ । सञ्चार र यातायातको विकासले दुर्गमता पनि हटिसकेको छ । स्थानीय एकाइलाई क्षेत्रफल र जनसंख्या बढाएर प्रशासनिक खर्च घटाउनुपर्ने अवस्थामा संघ बनाएर देशलाई विपन्न बनाउन थालिएको छ । यस पद्धतिले ढिलो चाँडो देश विखण्डन गराउन सक्दछ, अलग्गिन सक्छ, विलय हुन सक्छ ।

*'एक तराई एक प्रदेश या एक राज्य र आत्मनिर्ण सहितको संघ राज्य'* शब्दसँग यही गन्ध छ, सुनियोजित षड्यन्त्र टाँसिएकोछ । गोर्खालैण्डमा मिसिने र मिथिला देश बनाउने आवाज नउठेका हैनन् । समस्टीमा संघात्मक व्यवस्था देशलाई गरीब बनाईराख्ने तथा सँधै अशान्त र असुरक्षित बनाइ राख्ने विषय हो[४८] ।

३. संघीयताले राष्ट्रियताको पक्ष झन् मजबूत हुन्छ भन्नेहरूले कुनै प्राबिधिक पुष्टि गर्न सकेका छैनन् । बरू भाषा, धर्म र जातीयताका आधारमा खिचलो बढेको छ । पाठयक्रम, पाठयपुस्तक आदिले शिक्षाक्षेत्र तथा लोकसेवा आयोगहरूमा अन्योल बढेको छ । असक्षमले पद पाइरहेकाछन् । खर्चिलोमाथि भ्रष्ट्राचार थपिएको छ । बिकास बजेट २३ प्रतिशत छ भने बाँकी ७७ प्रतिशत प्रशासनिक थजा व्यक्तिले खाने बजेट भैसकेको छ ।

---

४८. Top 7 reasons to remove Pahadis from Madhesh.

7. Our land has been and is being taken by these hill migrants. The conspiracy has been and is underway to expel native Madheshi from own land (in the name of land reforms, resettlement and other things). They have almost taken Chitwan and Jhapa from native Madhesi people, and they are targeting the rest. By expeling them from Madhesh, we'll get back our lands.
6. All high-ranking officers and CDOs are Pahadi, and they have been ruling us for 2 centuries. By expeling them from Madhesh, we won't be slave of these Pahadis.
5. Most of the jobs have been given to Pahadi, whereas Madheshi are jobless and unemployed. By expeling them from Madhesh, we'll create a VERY VERY LARGE number of jobs, so that all Madheshi can be employed.
4. They live in our land, they eat our food, yet they despise us and our children by calling Madheshi, Phohori, Marsiya, Dhoti and so on. By expeling them from Madhesh, we don't have to be victim of their despise.
3. We people, our wifes and sister, won't have to live in the terror of these Pahari police and army. Just expel them from Madhesh. Remove their police stations and army barracks from Madhesh.
2. We will not have to earn for them and pay them, to make roads, bridges, canal and new cities in the mountains, and leave Madhesh without any development. We can utilize our money and make Madhesh far developed with our money.
1. We won't have the identity crisis. We can claim to have our own country, The republic of Madhesh, and we'll be simply know as its people. We won't have to try hard to fit in Pahadi stereotypes, convincing people "oh, I'm Nepali", and people replying "You don't look like Nepali, do you have citizenship? Did you come from India?".

   SO, LET'S EXPEL ALL PAHADI FROM MADHESH. ACT RIGHT NOW. THINK, IF YOU JUST EXPEL EVEN ONE PAHADI, YOU HAVE CREATED ONE JOB POST AND TAKEN BACK LAND OWNED BY HIM, WHICH CAN FULFILL YOUR NEEDS. SO, ACT RIGHT NOW.

Source: http://madhesh.com/blog/pivot/entry.php?id=15

४. संघले ढिलो, खर्चिलो मात्र हैन अलमल्ल कानुन, कर्मचारी बनाएको कुरा कोभिड–१९ व्यवस्थामा भएको अव्यवस्थाले साबित गार्‍यो । यसले भाषा, शिक्षा, कर्मचारी, कानुन आदिमा विचलन ल्याउँदै गएको छ । दिगो विकास गर्ने प्रकृयामा खलल् ल्याएको छ । सँधै प्रयत्न र भूल प्रथा लागू गरेर द्रुत विकास हुँदैन । विश्व विकास गतिबाट नेपाल निक्कै पछाडि धकेलिइसकेको छ । नेपालभन्दा पछि रहेका विश्वका अरू देशले धेरै छलाङ मारिसकेका छन् तर नेपाल आफैमा अलमलिई रहेका छ ।

५. धर्मनिरपेक्ष, जातिवाद र संघात्मकताले देशलाई एक ढिक्का हुन दिँदैन । देश टुक्रिने सम्भावन तीव्र हुन्छ । सबै सँधै आपसमा लडिरहन्छन् । प्राकृतिक स्रोत साधनको उपयोगमा विवाद भइरहन्छ । विवादले प्रगति ढिलो हुन्छ । ढिलो भएपछि गरिबी र बेरोजगार बढ्दछ । द्वन्द्व सामाधान गर्दैन बरू थप्छ । जातीय, भाषिक, सांस्कृतिक र धार्मिक विकासलाई संघात्मकता चाहिंदैन बरू तिनलाई राजनीतिकरण भएपछि द्वन्द्व घरघर पुग्दछ । समाज विभाजित भएपछि राष्ट्रियता बलियो हुँदैन । अनि राष्ट्रिय राष्ट्रिता ओझेलमा पर्दछ । राष्ट्रिय उन्नति र राष्ट्रियताको भावना घट्छ । अनि विखण्डन, द्वन्द्व, प्राकृतिक साधनको दुरूपयोग र तनावहरू निरन्तर बढ्दै जान्छन् । देश अझ पछाडि धकेलिन्छ ।

६. संघीय संरचनाको शासकीय शैलीमा जटिलता बढ्छ, महङ्गो हुन्छ । प्रशासन छिटोछरितो हुँदैन । कर्मचारी संख्या बढ्छ नै तर तिनको चयनमा लोकसेवा आयोग समेत सँधै विवादको विषय बन्दछ । प्रशासनिक खर्च (साधारण खर्च) दोब्बर, तेब्बर, हुँदै जान्छ ।

मुद्धा मामिला पनि बढ्दछन् । प्राशासन र विकास दुबै ढिलो हुन्छ । शासन चेप्टो (फ्ल्याट) नभएर अग्लो (टल) हुन्छ । जति अग्लो हुन्छ उती जनसेवा घट्छ र झन्झट बढी हुन्छ । यो अनुभवसिद्ध प्रशासनिक सिद्धान्त हो ।

## राष्ट्रवाद शिक्षाको अभाव

१. देशलाई उभो लगाउन अनेकतामा एकता हुनु पर्नेमा अहिले राष्ट्रियता अनेकतामा विभक्त भएको छ । भाषा, धर्म र संस्कृति र सहिष्णुता घट्तै गएको छ । जाति, भाषा र लिङ्गमा विभक्त हुँदै गएको छ । जनता स्वरोजगारमा व्यस्त हुन छाडेर भिन्न जातजातिमाथि आक्रामक हुँदै गएका छन् । मानिस जति व्यस्त भयो त्यति अपराध जन्य काम हुँदैनन् । तास खेल्ने, रक्सी खाने, लागु पदार्थ र सुर्तीजन्य वस्तुको प्रयोग गर्ने, पाकेट मार्ने, दादागिरी गर्ने जस्ता अस्वस्थकर र असामाजिक काममा वृद्धि भएको छ । यस्ता कुवेशनको अन्त्य गरेर समाजलाई तनावबाट मुक्त गर्नु पो राष्ट्रवादी अभियान हो ।

२.नेपालको सरकारले आफ्ना नागरिकलाई आर्थिक समृद्धि हुने गरी पूर्ण रोजगार दिन नसक्नुले ती रोजगारकालागि विदेशिएकाछन्, तर सरकारले उनीहरूबाटै राष्ट्रियताको आशा गरेकोछ, वैदेशिक मुद्रा आर्जनमा निर्भर गरेको छ । फेरि त्यो चुहेर सबै भारत गएकोछ तर टाल्न सकेको छैन । यो कुरा निकै अमिल्दो छ ।

३. राष्ट्रभक्त नेपाली बनाउन दिइने कुरामध्ये आर्थिक समृद्धि पहिलो कुरा हुन आउँदो रहेछ । राष्ट्रियताको विचारले त्यसबेलामात्र भावात्मक रूपमा काम गर्दछ जब उसले पेटभरी खाना खाने समस्याबाट मुक्ति पाउँदछ । अब सताब्दीयौंदेखि इमान, जमान र बहादुरी कमाएका नेपालीले नेपाली नागरिकता भन्दा बेलायती नागरिक भएर बस्न मन पराए । नेपाल बेलायतभन्दा उन्नत र सम्पन्न भएको भए यो कुरा हुने थिएन । त्यही कुरा हङ्कङ्मा पनि लागु हुन्छ । सन् १९९७ पछि अवकास पाएकालाई मात्र दिइने भनिएको नागरि कताकामा सबै पूर्व ब्रिटिश गोर्खाले पाउनु पर्दछ भन्ने मागले थप पुष्टि गर्दछ ।

४. यदि नागरिकता लिने अमेरिकाको डिभि चिठ्ठा जस्ता वा युरोपका शरणार्थी जस्ता वा बेलायती ब्रिटिस गोर्खा जस्ता अवसर पाइनै रहने तथा नेपालले ती देशभन्दा समृद्ध हुने योजना बनाउन नसक्ने र गरीबको नाम बेचेर संसदवादी दलहरूले आ–आफ्ना स्वार्थकालागि विदेशीसँग भिक्षा माग्ने हो भने नेपालको राजनीतिले देशलाई तल झार्ने छ । लुटिखाने माओवादी–संघर्षको अन्त्यनै हुनेछैन । यस्तो अवस्थमा नेपालमा किन बस्ने त भन्ने प्रश्न तेर्सिइरहन्छ । त्यसपछि कुन तहका कुन उमेर र लिङ्गका कति नेपाली नेपालमा बस्ने छन् ? अनि तिनले देशलाई कस्तो योगदान दिनेछन् भन्ने कुरा जो कोहिले सहजै अनुमान गर्न सक्दछ । त्यस बेलामा राष्ट्रियताको कुनै अर्थ हुने छैन । सीता, बुद्ध, भृकुटी, ऋषिमुनि जन्मेको देश भनेर परिचय दिनुको तुक रहँदैन । बहादुर गोर्खाहरू बेलायती नागरिक भएपछि बहादुरीको राष्ट्रीय स्वाभिमान कता पुग्दछ ?

५. सबैले बुझ्नुपर्ने कुरा के हो भने अक्सर बसाइ सर्ने परिवार बाबु बाजेको थलो नछोड्ने परिवारको तुलनामा बढी गतिशील, तीव्र विवेक बुद्धि भएका हुन्छन् । विश्वमा घरवारविहिन सडकमा बस्नेको ठूलो संख्या भएको भारतले तिनलाई नेपाल पठाउने नागरिक नीति बनाउन सफल भएको छ । त्यसो हुदै गयो भने गतिला जति मानिस विश्वको एक पाटोमा र अर्को पाटोमा असभ्य भनिने पिछडिएको समुह रहनेछ ।

६. नेपाली सञ्चार माध्मले पनि त्यसलाई सहज बनाउँदैछ । सञ्चाले न त सीमाहीन देश हुनुपर्दछ भन्न सकेको छ न त उदारवादको विरोध गर्न

सकेको छ । राष्ट्रवादको संरक्षण पनि गर्न सकेको छैन । भारत, अमेरिका वा बेलायतका सञ्चारले जति आ–आफ्ना राष्ट्रवाद जोगाउन सकेका छन् नेपाली सञ्चारले सकेको पाइँदैन । किनकि राष्ट्रले पनि ठोस र दिगो नीति बनाएर कार्यान्वयन गर्न सकेको छैन । बुद्धिजीविले दबाब दिन, विवेचना गर्न थालेका छैनन् ।

७. नेपालमा मानव अधिकारवादी भनिने दलका भातृसंगठन हुन्छन् भन्नेकुरा पश्चिमाले बुझेका छैनन् । विद्यार्थी दलका इटाधारी सेना हुन् भन्ने कुरा पनि बुझेका छैनन् । नेपालका न्यायकर्मी वकिलहरू दलदलमा विभक्त प्रवक्ता हुन् भन्ने कुरा पनि थाहा छैन । सत्तामा बसेकाका विरूद्ध सत्तामा नबसेका एकतृत भएर अल्पमतको सरकार हुनेले स्थायित्व पाएका छन् भन्नेकुराको पनि थाहा छैन । नेपालका कुटनीतिज्ञहरूले देशको प्रतिनिधित्व गर्दैनन् दलको प्रतिनीधित्व गर्दछन् भन्ने कुरा पनि थाहा छैन तिनलाई । नेपालका कर्मचारीहरू आफ्ना दलप्रति बफादार हुन्छन् राष्ट्रप्रति बेइमान हुन्छन् भन्ने कुरा थाहा छैन । नेपाल नै यस्तो देश हो जहाँ विदेशी लगानीका पत्रिकाले पत्रकारिता गर्दछन् । पत्रकारहरूलाई कुनै ज्ञानको आवश्यकता पर्दैन, कुनै दल वा विदेशीको दलाल भए पुग्छ, तिनले पीतपत्रकारिता मात्र होइन पैसा पायो भने राष्ट्र बर्बाद हुने कुरा पनि छाप्छन् । जे पनि लेख्छन् । यहाँ दलहरू मार्फत् लगानी गर्ने, ठेक्का लिने जागीर खाने जे पनि हुन्छ भन्ने कुरा थाहा छैन पश्चिमालाई भन्ने पनि हैन । यी सबै बुझेरनै नेपालमा चलखेल गरेका छन् ।

८. नेपाल नै एउटा यस्तो देश हो जहाँ विदेशी लगानीका पत्रिकाले पत्रकारिता गर्दछन् । तिनले लगानीकर्ता देशको भलो हुने काम गर्छन् । नेपालका पत्रकारहरूलाई गहन ज्ञानको आवश्यकता पनि पर्दैन । विदेशीमा आफ्नो देशको राष्ट्रप्रेम हुन्छ तर नेपालीमा त्यो भावना पाइँदैन, धन पाए हुन्छ । सञ्चार र विद्वतवर्गबाटै राष्ट्र बर्बाद हुने कुरा नेपालको रोग नै हो । नेपाली धन कमाउनकैलागि सत्तामा जान्छन् । यहाँ विदेशीले पनि के जानिसकेका छन् भने दलहरू मार्फत राजनीति गर्न, लगानी गर्न, ठेक्का लिन, स्मगलिङ आदि जे पनि गर्न सजिलो छ ।

## गलत प्रवृत्तिमा लगाव

१. नेपालीको बानीबेहोराका बारेमा धेरै मानिसले धेरै टिप्पणी गरेका छन् । इतिहासले साबित गरेको कुरा केहो भने नेपालीमा राष्ट्रभक्ति छ । उनीहरू जति पनि दुःख झेल्न सक्दछन् तर राष्ट्रमा आँच आउने कुरा सहन सक्दैनन् । नालापानीको युद्धदेखि भारतीय नाकाबन्दीसम्म नेपालीले देखाएको बहादुरी र ऐक्यबद्धतालाई उदाहरणका रूपमा लिन सकिन्छ । सिक्किम

भारतमा गाभिँदा नेपालीहरूले चर्को रूपमा विरोध गरेका कारण त्यसलाई नेपालले आजसम्म पनि मान्यता दिएको छैन ।

२. राष्ट्रियतासँगै इमान्दारिता र नेपालीपनको अर्को उदाहरण हो । बहादुरी र इमान्दारिता नेपालीपन हुन् । त्यसैले नेपाली सेना संयुक्त राष्ट्रसंघको अभिन्न अङ्ग बनिसकेको छ । वैभव, सुखमय, ऐयासी जीवन नखोज्ने तर शान्तिमय प्राकृतिक जीवनका पक्षपाति हुन् नेपाली । मिलेर बस्ने तथा अर्काका भावना र विचारलाई कदर गर्ने नेपालीको जन्मसिद्ध स्वभाव हो । 'अनेकतामा एकता' नेपालको पहिचान मानिएको हो ।

३. "वैदिक संस्कारमा एकजना पनि माग्ने मानिस हुँदैन, एउटा पनि चोर हुदैन, सबै सम्पन्न हुन्छन्, विचार उचो हुन्छ, अत्यन्त नीतिवान हुन्छन् । उनीहरूको उँचो क्यालिबर हुन्छ । उनीहरू पराधीन हुदैनन् ।"[४९] यस्तो अवस्था भएको वैदिक सभ्यताको अवशेष पौरस्थ्य सभ्यताको बाँकी भाग नेपाल मात्र छ । किनकि संस्कार भत्काउने विदेशीको दासत्व कहिल्यै स्वीकारेन नेपालले ।

४. नेपालीको सामयिक सोच 'बन्दुकको नालबाट शासन हुँदैन' भन्ने हो । नेपाली दयालु र शान्तिप्रिय हुन् । नेपालीको परिवर्तित स्वभाव आवेगात्मक र क्षणिक पाइन्छ । यो समाजको संक्रमणकालिन सोचमा परिवर्तन भएर हो ।

५. नेपाली त्यो हो जो विश्वको कठिनतम् काम गर्ने साहस राख्दछ, जो न्यायकालागि ज्यान दिएर लड्दछ, विश्वयुद्धहरूमा समेत बहादुरी, आँटी, साहसी भनेर नाम कमाएको छ । त्यही नेपाली 'रअ'को नामसँग किन यति विघ्न तर्सिन्छ ? विशाल नेपाललाई पुनर्स्थापना गरियोस् भन्ने धेरै छन् । तर किन संगठित हुन सक्तैनन् ? किनकि यतिखेर भारतको नीति ठीक त्यही प्रकारको छ जुन इन्दिरा गान्धीले श्रीलङ्काका राजनीतिज्ञसँग गरेकी थिइन् ।[५०] बदलिएको गरीब मानसिकता नेपालीको कमजोरी हो ।

---

४९. "I have travelled across the length and breadth of India and I have not seen one person who is a begger, who is a thief, such wealth I have seen in this country, such high moral values, people of such caliber, that I do not think we would ever conquer this country, unless we break the very backbone of this nation, which is her spiritual and cultural heritage, and, therefore, I propose that we replace her old and ancient education system, her culture, for if the Indians think that all that is foreign and English is good and greater than their own, they will lose their self esteem, their native culture and they will become what we want them, a truily dominated nation."

५०. The 'non-Government' of Manmohan Singh, by 'outsourcing' India's Nepal policy to the CPI(M), may be wreaking the same havoc that Indira Gandhi had unleashed by sub-contracting policy on Sri Lanka to a group of politicians based in Chennai (Sent: Saturday, August 04, 2007 12:04 PM Subject: Nepal: The Maoists' RAW Deal : Blind leads the blind by Jaswant Singh op.cit)

## असन्तोषका आवाज वृद्धि वातावरण

१. राष्ट्रिय अस्मिता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय गरिमा, राष्ट्रिय गौरव त्यसबेला मात्र बाँच्दछ जब त्यस देशका तमाम जनतामा राष्ट्रिय भावना हुन्छ । जब देशले सत्य छाड्दछ त्यहाँ कुशासन मौलाउँछ । कुशासन मौलाएपछि असन्तोष जन्मन्छ । नेपालमा जन्मेका असैह्य असन्तोषहरू २०४६ पछिका आयातित कुशासनले बाध्यात्मक रूपमा जन्माएको हो । यदि पश्चिमाले दास प्रथाको थालनी नगरेको भए अथवा उद्योगपति र व्यापारीले असैह्य शोषण नगरेको भए साम्यवाद जन्मिने थिएन । यदि नेकाँले कुशासन नगरेको भए माओवादी द्वन्द्व जन्मिने थिएन ।

२. जन्माउने र जन्मिने यी दुबै शक्ति यस्तै रहने हो भने अझ चर्को विनाशकारी आन्दोलन हुन सक्दछ । निहित स्वार्थ र अन्यायले राष्ट्रियतामा ह्रास आउँदछ । धर्म नभएको राजनीतिक तथा प्रशासनिक पद्धति स्वतः अराष्ट्रिय रूपको हुन्छ । नेपाललाई धर्म निरपेक्ष बनाएपछि यो मुलुक स्वतः अधर्मी भएकोछ । अधर्मी भनेको अराष्ट्रिय शासन व्यवस्था हो ।

३. आजका शासन व्यवस्थासँग सम्बन्धित संविधान कानूनहरूले फौजदारी अभियुक्त, ज्यानमारा, भ्रष्ट, असामाजिक तत्त्वहरूलाई राजनीति र प्रशासनमा प्राथमिकताकासाथ राख्ने गरेको छ । धर्म र सत्य त्यागिएको छ । स्पष्ट रूपमा भन्ने हो भने २०४७ सालपछिका सबै प्रधानमन्त्री फौजदारी अभियोग लागेका, अपहरण गरेका, ज्यानमारेका, टाउको छिनेका, लुटेका, अपहरण गरेका, जेल तोडेका जस्ता अनेकौ असामाजिक काम गरेका अभियुक्त छन् । तिनमा दानवी र नास्तिक भावना छ, धर्म भावना छैन । धर्म नहुनेमा स्वतः राष्ट्रिय भावना हुँदैन ।

४. जो व्यक्ति प्राकृतिक रूपमा निर्दयी छ, त्यो स्वतः आपराधिक सोचको हुन्छ, अपराधी प्रवृत्तिको मानिस अधर्मी र अराष्ट्रिय दुबै हुन्छ । त्यस्तालाई राजनीति र प्रशासनिक पदमा अयोग्य बनाउने संवैधानिक व्यवस्था छैन । त्यो नबनाएसम्म देश अधर्मी सोचबाट मुक्त हुन सक्तैन ।

५. सम्वत २०४६ पछि सत्तापक्ष र प्रतिपक्ष मिलिजुलि घोर भ्रष्टाचार गर्ने गरेका छन् । दलीयता, अन्याय र अत्यचार बढेका छन् । यो कुरा सबै नेपालीलाई थाहा भएर पनि मूलतत्वमा जान सकेका छैनन् । यसमा दुईटा मुख्य कारण छन् । एउटा, समाजको सरदर चेतनाको तह नै संक्रमणकालीन अवस्थामा गुज्रेको छ, यो अवस्था धुकचुकको बहकिने खाले हुन्छ । दोस्रो दलीयकरण हुने संविधान बनाउनु हो, यसमा दलका साधारण सदस्यलाई मात्र यथार्थमा नागरिक मानिन्छ । यी दुई कारणले राजनीतिक, आर्थिक, सामाजिक तथा धार्मिक मान्यताहरू संकटग्रस्त बनेका छन् । भ्रष्टाचार, जनघात र

राष्ट्रघातका अपराधहरू वर्षाको भलभैं उर्लिएका छन् । अधर्मी र अपराधीले उन्मुक्ति पाएका छन्, निर्दोषी इमान्दारलाई फसाइएकोछ । समाज संक्रमणकालीन सोचमा ग्रसित भएको कारण समाजका प्रबुद्धले पनि चाल पाउन सकेका छैनन् । ती आपराधी अधर्मी नै यस्ता चाटुकार निस्के तिनले राष्ट्रवादी विचार बाट वैरिएका स्वतः स्फुर्त विद्रोहलाई दबाउन तथाकथित प्रतिगमनको भ्रम सृजना गरेर थिग्र्याएका छन् । यसरी कुकृत्यको विरोधमा जन्मेको जनताको विरोध गर्ने अधिकारलाई दबाउन प्रतिगमनको समर्थनमा जन्मिएको विद्रोह भनेर भ्रमको खेती गर्ने गरेका छन् । अपराधीहरू भ्रमको खेतीका खेतला बनाइएका छन् । यसले नेपालको राष्ट्रियतालाई ठूलो खतरा जन्माइ दिएको छ । विद्रोहलाई सम्बन्धै नभएको राजसंस्थासँग मोडेर यस्तो भ्रम फैलाइएको छ जसले देशलाई सदा अशान्ति रहिरहने, गृहयुद्धको भुमरीमा फसाउने षड्यन्त्रमा छ । उदाहरणार्थ १२ वर्ष पहिलेबाट भारतले कालापानीको नेपाली भूभागबाट चीन जोड्ने बाटो ५२ वर्ष पहिलेनै बनाउनुमा देहावसान भएका राजा महेन्द्रलाई दोष दिइन्छ । आजको विद्रोह भ्रष्ट्राचार, राष्ट्रघात र जनघात गरी कमाएको स्रोत नखुलेको अवैध सम्पतिलाई जफत गरियोस् भन्ने मात्र छ तर अपराधी नै सत्तामा रहेकाले दबाइएको छ ।

०००

*नेपाल जननिम् बन्दे ।*

# अध्याय ७

# दलीय राजनीति र राष्ट्रियता

## राजनीति मुलुक अनुरूप

१. राष्ट्रियता सम्वर्द्धन गर्न राजनीतिक पद्धतिको ठूलो भूमिका रहन्छ । राजनीतिक पद्धति त्यस देशका जनताले आफ्नो भौगालिक बनावट, संस्कार संस्कृति र मान्यताहरू, देशको सरदर सामाजिक र आर्थिक अवस्था, जनताको सरदर चेतनाको तह आदिको आधारमा त्यसै देशका जनता आफैले निर्माण गरेको राजनीतिक पद्धतिमात्र मौलिक हुन्छ । त्यसलाई प्रयोगको आधारमा सुधार्दै लगियो भने त्यो *राष्ट्रियता बोकेको राजनीतिक पद्धति* हुन्छ । कुनै पनि मुलुकले त्यति बेलामात्र छिटो प्रगति गर्न सक्छ जब राष्ट्रियता भएको राजनीति अबलम्बन गर्दछ । बिश्व राजनीतिलाई नियालेर हेर्ने हो भने यो कुरा प्रष्ट हुन्छ । स्वतन्त्र भएको दुइशय बर्षमै आप्रबासीको बाहुल्य भएको अमेरिका, अष्ट्रेलीय र न्युजिलैण्डले यति धेरै प्रगति गरेर विश्व शक्तिमा परिणत भए । तर अनादि काल देखिको अफ्रिका धेरै पछाडि छ । किनकि त्यहाँको राजनीति मौलिक हैन विदेशीले लदाएको पद्धति हो ।

२. एसियामा जापान बाहेकका देश किन पछि परेका छन् यो गम्भीर विषय छ । यहाँ विश्वको सबैभन्दा उन्नत र विकसित संस्कार र सभ्यता छ । चीनले जनचाहना अनुसारको त्यहाँको संस्कार, संस्कृति र सभ्यतासंग मिल्दो राजनीतिपद्धति अँगालेपछि, प्रगति द्रुत भएको पाइन्छ । दक्षिण एसियाका मुलुकमा नेपाल बाहेक अरू देश उपनिबेस भएकाले प्रगति अबरूद्ध भएको हो । नेपाल तीनतिरबाटै घेरिएकाले बाटो नपाएकोले मात्र पछि परेको हो, यद्यपि सन १९९० सम्म नेपाल अरूभन्दा समपन्न र घरवारविहिन गरीब नभएको संतुलित मुलुक थियो । त्यसपछि भारतको जस्तो पश्चिमी पद्धति पसेपछि यो पनि पतन भएको हो । इण्डियामा अझै एक चौथ्याइँ भन्दा बढी जनता शिक्षा, गाँस, वास र कपासबाट बञ्चित छन्, स्लम एरियामा कष्टपूर्वक जीवन बिताएका छन् । मगन्तेको लर्को ठूलै छ । त्यहाँ आफ्नो संस्कार सभ्याता र राष्ट्रियताको खोज हुन सकेको छैन ।

नेपालमा रजौटे, एकिकृत बृहद, श्री ५को प्रत्यक्षा शासन, राणहरूको एकतन्त्री शासन, निर्दलीय पञ्चायती शासन र बहुदलीय शासन गरेर ६ प्रकारको शासन पद्धतिको अनुभव छ, पछिल्लो चाहिं आयातित हो । यी सबै शासनकालका राष्ट्रियतामा पञ्चायतकालको पहिलो दशकमा सबैभन्दा माथि पुगेको पाइन्छ भने बिसं २०६३ पछि तल झरेको पाइन्छ ।

३. बहुदलीय पद्धति आफैमा नराम्रो होइन तर कम बिकसित मुलुकमा यो असफल छ । किनकि यहाँको संसदीय प्रजातन्त्र आयातित र बिदेशी निर्देशित छ, नेपालमिल्दो छैन । असफल बनाउने काम सात दल र माओबादीले (स्पा–म) नै गरेका हुन् । किनकि ती सबैको मानसिकता संक्रमणकालीन सोचबाट ग्रसित छ भने शासन शैली विदेशी निर्देशित छ । बास्तबमा दलीय पद्धतिकै कुशासनले नै माओवादी जस्तो आततायी संस्कार जन्माएको हो । बहुदलीय शासनका तीन दशकसम्म सत्तास्वार्थकालागि मात्र खिचातानी, अंशबण्डा राजनीति, लंपसारवाद कुटनीति अवलम्बन गरियो । फलतः देशको उन्नती अबरूद्ध पारिया । राष्ट्रिय अखण्डता र जनचाहनाको प्रजातन्त्र नै असफल भयो । यो दोष यही पद्धतिलाई जान्छ । असपलतालाई अरूको टाउकोमा थुपार्ने काम संक्रमणकालीन सोचको उपज हो ।

४. लामो समयदेखि वैदिक संस्कार मास्न लागेका पश्चिमी मुलुक र स्वतन्त्र भएदेखि नै नेपाललाई संरक्षित राष्ट्र बनाउने ध्याउन्नमा रहेको इण्डिया दलीय राजनीति भएका बखत जति पन्पेको पाइन्छ त्यति अरू बेलामा पाइँदैन । सबै भन्दा बढि बि.संस २०६३ पछिको शासनमा पाइन्छ । स्पा–म दलको शासनलाई अखण्डताको अस्तित्त्व मेटाउने रणनीतिको पूर्वाधार भन्न सकिन्छ । लहैलहैमा बिदेशीको पछि दौडने दलहरूको प्रबृत्ति राष्ट्रियता डुबाउने जग हुन सक्छ । सत्ता स्वार्थकालागि बिदेशी शक्तिको पछाडी लाग्ने दलको प्रबृत्ति नै देशप्रेम नहुनु हो । त्यो दलीय नभएर दलाली राजनीति हुन्छ । प्रत्येक नेपालीकालागि राष्ट्र पहिलो आबस्यकता हो । राष्ट्र नै नरहे, देशको पहिचान नै नरहे काम गर्ने दल सत्तामा रहनु नै राष्ट्रियताकालागि खतरा हो ।

५. नेपालमा मानव अधिकार बादी संस्थाहरू पनि दलकका भातृसंगठन हुन्छन् भन्नेकुरा पश्चिमाले बुझेका हुँदैनन् । नेपालका बिद्यार्थी दलका इटाधारी सेना हुन्छन् भन्ने कुरा पनि बुझेका हुँदैनन् । नत न्यायाधीश, वकिलका संगठन, व्यवस्थापिका, संबैधानिक निकायका व्यक्तिहरू समेत दलका भातृसंगठन हुन्छन् भन्ने कुरा पनि बुझेका हुँन्छन् । निजामति प्रहरी सेवा समेत दल दलमा विभक्त भएर कानून अनुसार होइन, पार्टीको निर्देशन अनुसार काम गर्दछन् भन्ने कुरा बुझ्न चाहने सोध कर्ताले बिसं २०६३ पछि २०७७ सम्मको दलीय शासन अध्ययन गरे पुग्छ ।

६. नेपालमा सत्तामा बसेकाका बिरूद्ध सत्तामा नबसेका जति दल एकतृत हुने गर्दछन् । स्वार्थ आए दल फोड्छन्, फेरि स्वार्थ आए दल जोड्छन् पनि । फलतः अल्पमतको सरकार हुने संस्कार छ । नेपालका कुट नीतिज्ञहरूले देशको प्रतिनिधित्व गर्दैनन्, दलको प्रतिनीधित्व गर्दछन् । कुटनीतिज्ञ हुन बिज्ञ चाहिँदैन दलको बफादारी हनुमान हुनुपर्छ अथवा दललाई मनग्य धन (लेभी, चन्दा, चुनाव खर्च) दिए पुग्छ । नेपालका कर्मचारीहरू अआफ्ना दलप्रति

बफादार हुन्छन् तर राष्ट्रप्रति बेइमान हुन्छन्, भ्रष्ट हुन्छन् । भ्रष्टलाई दलले संरक्षण गर्दछ, भ्रष्टबाट दलले ठूलो रकम लेभीको रूपमा फिर्ता लिन्छ ।

७. नेपाल यस्तो देशहो जहा बिदेशी लगानीका पत्रिकाले सूचना संचार गर्दछन् । पत्रकारहरूलाई विषयको ज्ञानको आबस्यकता पनि पर्दैन । पीत पत्रिका मात्र हुन्छ, राष्ट्र बर्बाद हुने कुरा पनि संचारित गर्दछन् ।

८. नेपाल नै एउटा यस्तो देश हो जहाँका  दलहरू विदेशी पैसामा चल्दछन्, विदेशीकालागि काम गर्दछन् । उनीहरूले देश बेचेर स्वास्नी पाल्छन् र स्वास्नी बेचेर आफू पालिन्छ् भन्ने जन व्यग्य प्रचलनमा छ । अनि बेचिएकी स्वास्नीको उद्धार गर्न बिदेशी गैससले तिनै दललाई अनुदान दिन्छन् । सबै दलले गैसस चलाउँछन् । दलहरू मार्फत राजनीति गर्न, लगानी गर्न, ठेक्का  लिन जे चाहे पनि सजिलो छ भन्ने कुरा पश्चिमा धनाडयले बुझे रै लगानी गर्दछन् । तर देश गरिब रहिरहने बनाउँछन् ।

## दलीय राजनीति र राष्ट्रियता

१. राजीव गान्धीकी श्रीमती सोनियाँ गान्धीलाई त्यसै दलका अधिकांश उच्चपदस्थ नेताले प्रमं पदकालागि पत्याएनन् । उनको इण्डियामाथि प्रेम र राष्ट्रियता हुन्छ भन्ने कुराप्रति आश्वस्त भएनन् । जन्मेको माटोको मोह कति गहिरो हुन्छ भन्ने कुरा अमेरिकी मनोवैज्ञानिकहरूले विश्लेषण गरेर त्यहाँको सर्वोच्च पद 'राष्ट्रपति' हुन अमेरिकी भूमिमा जन्मेकै हुनुपर्ने गरी संविधानको निर्माण गरेका हुन् । प्रेम, राष्ट्रप्रेम भन्ने कुरा नाताले मात्र हुँदैन; उसको सामाजीकरण (सोसलाइजेशन) संग गाँसिएको हुन्छ । आजीवन इण्डियामा बसेको नेपाली नेपालमा जन्मेको कारणले नेपाललाई माया गरेको हुन्छ । नेपालका नदीमा हाडखोर बिसाउन भएपनि स्वदेश फर्किन्छ । तर जीवनभर भारतमा बसेको कारण त्यहाँको बोली, भाषा, रहनसहन, उपमा उपदेश चाहिं बाँचेसम्म फलाक्न छाड्दैन, त्यहाँ खाएको पानको स्वादसम्म बिर्सदैन । यही नै संस्कार परिबर्तन हो, सामाजीकरणको उपज हो । नेपालको दुर्भाग्य नै यही कि नेपालका प्रमुख प्रधानमन्त्रीहरू न नेपालमा जन्मे न नेपालमा सामाजीकरण भए । त्यसकारण उनीहरूले पनि सिक्किमी स्टेट कांग्रेसका नेता काजी लेण्डूप दोर्जे जसले ३२ वटा संसदका सिट मध्ये ३१ वटा सिट जितेका थिए, मे महिना १९७३ मा तिनैले सिक्किमलाई इण्डियामा बिसर्जन गराइदिए । बास्तबमा जनमतसंग्रह राजा राख्ने  कि नराख्नेमा भएको थियो, भारतमा बिलय हुने कि नहुने भन्नेमा थिएन । छलछाम त दोर्जीले गरेका थिए ।

नेपाललाई धर्मनिरपेक्ष गणतन्त्र बनाएर प्रधानमन्त्री पदासिन सम्म भारतले गराई दिएको हो । भारतले दोर्जीलाई सरह दललाई जिताइदिएर पदासिन गराएको हो, सिक्किम हुनबाट त जनताले बचाएका हुन् । भारतले

चाहे अनुसार संबिधान संसोधन गरिदिने प्रम मोदीलाई बचन दिएको कुरा त २०७२ सालमा छताछुल्ल भएको हो ।

२. संसदका ३२ मद्धे ३१ सिट जितेको भनिएको काजी लेण्डूप दोर्जेले आफ्नो निर्वाचन क्षेत्रमा जान नसक्नुले स्पष्ट पुष्टि गर्दछ कि ती सीट दोर्जीको दलले जितेको थिएन, त्यो त इन्डियाको धनबल र षडयन्त्रले जितेको थियो । नेपालका दलका नेताले जितेको चुनाव पनि इण्डियाको छलछाम र धनबलमा जितेको हुन् । यस्को प्रमाण त तिनले पदछाडेपछि पनि शयौं सुरक्षा गार्ड राख्नुले पुष्टि हुन्छ । नागरिकता ऐन २०६३ र २०७७को संसोधनले पनि दलले दोर्जीको भूमिका खेल्नुले पुष्टि हुन्छ । त्यस्तै श्रम ऐन संसोधन, जलश्रोतअधिकार र आत्मनिर्भर हुने उद्योगधन्दा भारतलाई निरन्तर बुझाएका छन् । कैयौं सांसदले त्यसरी नै सिट जितेको कारण नै आफ्नो निर्वाचन क्षेत्रमा जान प्रहरीको घेराको आवश्यकता परेको छ । प्रजातन्त्रको शुद्ध अभ्यास भएर भएको भए जनमतबाट चुनाव जितेका सांसदलाई कस्तै कठिन परिस्थितिमा सुरक्षा बलको सहयोग लिन पर्दैन । लोकतन्त्रमा जनता नै नेताका रक्षक हुन्छन् ।

३. नेपालका सबै नेता अवकासपछि पनि सरकारी सुरक्षाका घेरामा बसेका छन् । प्रम हुने क्षमता राख्ने व्यक्तिले चुनाबपछि भारत विरोधीको पराजय भनेर भन्दैन । भारतसित ओत लाएर बस्नै पर्ने बाध्यता महसुस गरेर जी टिभीलाई हिन्दीमा अन्तर्वार्ता दिंदैन । यी प्रतिनिधि उदाहरण मात्र हुन् । यी कुराले नेपालका दलमा धेरै दोर्जी भित्रिइसकेको प्रष्टिन्छ । यो सोचले नै दलीय पद्धति अफाप र राष्ट्रियताको बाधक मानिन थालेको हो ।

४. नेपाली अझै चनाखो भएनन्, समयमै राजनीति पद्धतिको सुधार गरेनन्, राष्ट्रिय मूलनीति बनाएर संबिधानको अंग बनाएनन्, पद्धतिले चल्ने दलमुक्त शासन बनाएनन्, पारिबारिक स्थितिकाई लागू गराएनन् भने देशको भाग्यरेखा बिग्रिन सक्छ, राष्ट्रियता खतरामा पर्न सक्छ । प्रत्येक देशले आफ्नो भाग्यरेखा आफैं बनाउनु पर्दछ । त्यो पनि समयमै गर्नुपर्दछ । मानिस मरिसकेपछि आइपुगेको चिकित्सकको कुनै महत्त्व हुँदैन ।

५. सम्वत २०६३ को आन्दोलनमा भागलिने जनताको संख्या २० लाख थियो । त्यो भनेको ७ प्रतिशत जनता हो । ७ प्रतिशित जनताले ९३ प्रतिशत जनताको अधिकार छिन्न शक्दैन । आन्दोलनपछि बनेको सरकारले जनादेश भनेर गरेका ९ सूत्रीय घोषणा देश घातक छन् । जनादेश भनेर पासगर्ने संसदनै निर्बाचित भएकाले अन्तिरिम संविधान लगायत यावत कुरा अप्रजातन्त्रिक, जनमत विपरित र दलीय तानशाही मात्र हुन् । सात दल भने पनि दुइ दल र दुइ दलमा पनि दुइजनाको तानाशाहमा देश चलेको र त्यसलाई निर्देशन गर्ने बाहिरी तत्त्वछन् । यसरी दलले भन्ने गरेका जनतामा निहित सार्वभौमसत्ता

भनेको संसद हुनु गलत हो । संसद भनेको दलको नेताले मनोनयन गरेको व्यक्ति भएकोले संसद जनता होइन ।जनतामा निहित सार्वभौम भनेको जनतै हुनुपर्छ । संसद सार्वभौम भन्ने भनाई त 'रअ' र 'मिशनरी' को हो । तिनले नेपाललाई भारतनिर्भर अर्थतन्त्र, भुटानीकरण, संरक्षित हुँदै सिक्किमीकरण गराउने षडयन्त्रको गन्ध छ । सिक्किममा भैंm नेपालका बिकाउ सांसदबाट विलय गराउने चलखेलको थालनी भएको छ । अतः सबै नेपालीले जान्ने पर्ने कुरा के हो भने सार्वभौम सत्ता नेपाली जनताको हो, जनप्रतिनिधिको होइन । त्यसको प्रयोग जनताले प्रत्यक्ष रूपमा बाहेक अरूले गर्न पाउँनु हुँदैन । २०६३ साल पछिका सबै निर्णय एकएक गरेर जनमतसंग्रहले अनुमोदन नगरेकाजति स्वतः खारेज हुने बनाउनु पर्छ । यस कुराकालागि नेपाली मात्र एकजुट हुनै पर्दछ ।

६. विदेशीको पक्ष लिएर आफ्नै मुलुकलाई धोका दिन नेकाँका सभापति/प्रधानमन्त्रीले महाकाली विषयमा समझदारी हो सन्धी होइन भनी राष्ट्रलाई ढाटे, संविधान बिपरित श्रम ऐन संसोधन गरेर भारतीय नागरिकले नेपालमा नेपाली सरह जे सुकै सेवा/रोजगार गर्न पाउने ऐन बनाए, संविधान बिपरित नागरिकता ऐन संसोधन गरेर सबै भारतीयले नेपाली नागरिकता पाउने बनाए । तीन/तीन वटा ठूला राष्ट्रघाती र सयौं साना अनैतिक कार्य गर्दा पनि न त उनलाई कुनै सरकारी निकायले कारवाही गर्‍यो न त उनको दलले नै । प्रजातन्त्र मान्ने हो भने उक्त निर्णय गर्ने प्रमलाई दलले आजीवन राजनीति गर्न नपाउने गरी निष्काशन गरेको हुनु पर्दथ्यो, तर गरेनन् । दलमा नेतालाई भगबान मान्ने र भगबानले गल्ती नै गर्दैन भन्ने प्रबृत्ति भएबाट प्रजातान्त्रिक अभ्यास संभवै छैन । यस्तो संस्कार सबै दलमा छ । यो अप्रजातान्त्रिक शैली दलको भारतप्रतिको दास मनोदशाका कारण भएको हो । यो मनोदशाले बहुदलीय पद्धतिलाई नै ब्यंग्य गर्दछ ।

७. विश्वका १७९ इन्टरपोलका सदस्य राष्ट्रहरू मद्धे माओवादीलाई रेडकर्नर नोटिस जारी गर्नेमा  इण्डिया र अमेरिका प्रमुख हुन् । तर युद्ध बिरामको घोषणा भएपछि सरकारले तथाकथित टाउकाको मूल्य, रेड कर्नर नोटिस र आतङ्कबादी भन्ने तीनै कुरा फिर्ता लिएको छ । आतङ्कवाद विरूद्ध संसारमै चिच्याई रहेको भारतले नेपालमा आतंक गर्न सघायो । नेपाललाई सुपर्दगी गरेन । 'माओवादीको नेता भारतमा छन्, उनीहरूले भारतबाटै हातहतियार भित्र्याउँछन् । भारतले आफ्नो सीमाक्षेत्रमा राखेको सशस्त्रसैनिकले नै हतियार नेपाल पठाउन सघाउँछ । दलको यस्तो राष्ट्रघाती मानसिकता भएपछि कसरी राष्ट्रियता पन्पन सक्तछ ।

८. बुद्धिजीवीहरू सरकार र सुरक्षाकर्मीहरूमाथि जनविश्वास बढाउने काममा लाग्नुपर्दछ भन्थे, एमालेले मध्यस्थता गर्छ भनेको थियो । आतङ्क र विकास संरचना ध्वस्त पार्ने, नेपाललाई विदेशी सेना र हस्तक्षेप स्वीकार्य हुँदैन

भन्नेमा आम जनता एक जुट थिए । नेपाली जनताले माओवादीलाई इण्डियामा शरण नदिन, नेपाललाई सुपुर्दगी गर्ने माग रखेका थिए भने इण्डियाले माओवादीलाई शरणार्थीको दर्जा दिनुपर्ने भनेको थियो ।[५१] यो १९५० को सन्धि र सुपुर्दगी ऐनको बिरूद्ध छ । नेपालीले भारत सामु अडान लिन नसक्ने दलीय शासन पद्धतिको नमुना उदाहरण हो । माओवादीले 'रअ' र क्रिश्चियन मिसनको सहयोगमा उनीहरूकै स्वार्थकोलागि भाडाका सेनाको काम गरेको थियो । मध्यपश्चिमाञ्चलबाट हजारौं माओवादी प्रशिक्षणकालागि भारतको गोवा र सिमला पसेका थिए ।[५२] त्यहा पी.डब्लू.जी.ले तालीम दिने गरेको थियो । यसै कारण भारतले नेपालमा दलीय सरकार खोजेको हो ।

९. माओवादी द्वन्दका कारण दुइतिहायी नेपाली युबा बिदेशिए पछि (कान्तिपुरः २२।८।०५९) बंगलादेशमा सैन्य प्रवेश गराए सरह नेपालमा भारतीय सैन्य प्रवेश गराउने नियत राखेको थियो । माओवादीलाई इण्डियामा आश्रयस्थल उपलब्ध गराउने, इन्टरपोलको नियमानुसार कार्वाही नगर्ने र समातेर नेपाललाई सुपुर्दगी नगर्ने इण्डियाको रणनीति थियो । आज विश्व जनमत आतङ्कवादको विरोधमा एकजुट छ, खुला सीमा पद्धतिको अन्त्य नगरी 'आतङ्कवाद नियन्त्रणमा हुन सक्दैन'[५३] भन्ने जान्दाजान्दै भारतले सीमा व्यवस्थापन गर्न मान्दैन । आतङ्ककारी गतिविधि बन्द हुन पनि नदिने, दलहरू र राजाबीच एकजुट हुन पनि नदिने भारतको नियत थियो । नेपालका दलको यसभन्दा चर्को राष्ट्रघाती, अराष्ट्रिय कुरा अरू के हुन सक्छ ।

१०. नेपालमै मन्दिर भत्काउने, मूर्ति तोडफोड गर्ने र मन्दिरभित्र दिशापिसाव गर्ने माओवादी दलले *"अयोध्यामा भारतले धार्मिक मन्दिर बनाउन पाउनु पर्दछ , पाकिस्तानी आई.एस.आई. नेपाल पसेर आतङ्क सिर्जना गर्न सक्छ"* भन्नुले ('अमर उजाला' पत्रिका अनुसार) भारतीय शक्तिलाई खुशी पारेको प्रष्टिन्छ ।[५४] यसो भन्नु नै ***नेपाली हौं*** भन्ने हैसियत बिर्सनु हो ।[५५] त्यस्तै 'दक्षिण एशियाली सोभियत' (कम्पोसा) सशक्त हुनु भनेको सबै साना देश इण्डियामा विलयन हुनु हो । साना देशको काम छैन भनी 'साउथ भिलेज,' अवधारण राख्नु नै चक्रवर्ती भारत बनाउने भन्नु हो । आगो लागेको बेला एक अर्कालाई दोष दिएर अल्मलिनुभन्दा सबै मिलेर आगो निभाउनुपर्दछ अनि सबैलाई रोजीरोटी पुग्ने रोजगार जुटाउनेतर्फ लाग्नुपर्छ भन्ने तटस्थ बुद्धिजीवीको राय भारत अगाडी ओझेल परको थियो, छ ।[५६]

---

५१. स्पेशटाइम तथा कान्तिपुरः कार्तिक २२, २०५९ ।

५२. कान्तिपुरः कार्तिक ३, २०५९ ।

५३. कार्यवाहक राजदूत अशोककुमार, कान्तिपुर : ३ असोज २०५९ ।

५४. कान्तिपुर : चैत्र ३, २०५८ ।

५५. माधवकुमार नेपाल, 'देशको वर्तमान स्थिति र राजनैतिक पार्टीको भूमिका' विचारगोष्ठी कान्तिपुर, चैत्र ३, २०५८ ।

५६. स्पेशटाइमः जेठ ६, २०५९ ।

११. माओवादीमाथि अंकुश लगाइराख्नु, क्विज्लिङ नीति हो, तराइ आन्दोलन यसैसँग गाँसिएकोछ, केही दल परिचालित छन् । भारतले चाहेमा मदेश समस्या तुरून्तै बन्द हुन्छ भन्ने प्रधान मन्त्री गिरिजाको उक्तीले उनलाई यो रहस्य, षडयन्त्र थाहा थियो, छ भन्ने प्रमाणित हुन्छ । दलका कैयौं नेताले जानीजानी राष्ट्रियता खतरामा पारेका छन् । तराई आन्दोलन नेपाललाई निस्तेज पार्न बिदेशीले गराएको षडयन्त्र हो । जाफना नीति, जाती नीति र संघ नीति नेपाललाई अस्थिर र कमजोर बनाई राखेर मुठीमा राख्ने नियत हो । दलले बिदेशीबाट पाउने दाल भात डुकुले राष्ट्रियताका यस्ता महत्त्वपूर्ण विषय ओभेलमा परको छन् ।

मधेसभित्र वर्चश्व कायम राख्न नेकाँलाई नै विश्वासक केन्द्र बनाइयो । २०१५, ०५१, ०५६ का सबै चुनावमा मधेसले कांग्रेसलाई सत्तामा पुऱ्याउन सघायो । माओवादीलाई क्विज्लिङ यन्त्र बनाउन र तराईबाट काङ्ग्रेसका मत नघटाउनकालागि भारतले मधेस राजनीतिमा यो कुटनीति घुसाइ दिएको हो ।[५७] मधेसी मुक्तिको कुरा कुनै वैचारिक मत भिन्नताले होइन, यो जाफ्ना नीतिको पुनः संस्करण हो । यो मिथिलाराष्ट्रमा परिणत भयो भने विहारी यसमा सामेल हुनेछन् । भारतले आफ्नो ठाउँकोमा आफै बन्चरो हानिरहेको हुने छ ।

१२. एमालले भारतीय नेतालाई कार्यलयमा ल्याउँदा कार्लमाक्स लेनिनका गुरू नेताको फोटो लुकाउनुले भारतपरस्त पुष्टि गर्छ । अब हाम्रो पालो भन्न दिल्लीलाई हेडक्वाटर मानेर त्याहाँ पुगेको डेलिगेसनले पुष्टि गर्दछ ।

१३. वि.सं. २०६३ मा जनकपुर गएका अमेरिकी राजदूतले तराई विद्रोहीको प्रसंसा गरेका थिए भने एक वर्षपछि उनैलाई आतंककारीको सूचिमा राखेका थिए । अमेरिकी विदेशमन्त्री कोन्डालिजा राइसले मानव बेचविखनसम्बनधी सातौं प्रतिवेदनमा नेपालको यथार्थता प्रस्तुत गर्न सफल हुनुले अमेरिका नेपाल बारेमा अनभिज्ञ छैन भन्ने प्रष्टिन्छ । जारी हिंसा नरोकिए लोकतन्त्रको यात्रा रोकिन्छ भन्ने पनि जानकारी छ । व्यवहारबाट नसचिएसम्म विश्वास गरिने ठाउँ नभएको महसुश गरेपनि १२ बुदेपछि नेपाललाई भारतीय भयालबाट हेर्ने नीति नेपाली राष्ट्रियताको खतरा हो । अमेरिकी सोच अनुसार साम्यवादको केन्द्र मास्कोबाट बेजिङ सरेकोले त्यसलाई ठीक पार्न काठमाण्डू उपयुक्त थलो मान्नु पनि घातक छ ।

१४. केही दलहरूले एकै स्वरमा राष्ट्रियता खतरामा छ भनेर बोले । बोलीको ठेगान नभएका 'प्रचण्ड' ले "राष्टघाती नेताहरूका कारण नेपालको राष्ट्रियता गम्भीर खरामा परेको छ" भने[५८] । सुगौली सन्धिदेखि चलेको चाल

५७. रामरिभन यादव, देशी विदेशी स्वार्थ, कान्तिपुर १०।५।०६४

५८. अन्नपूर्ण पोष्ट : १ असार ०६४, वैदेशिक हस्तक्षेपको वर्तमान सन्दर्भमा राष्ट्रियता र गणतन्त्रको प्रश्न विषयिक (कीर्तिपुरमा २०६४ साल असार १ गते आयोजित) कार्यक्रममा ।

महाकाली र अरू नदीहरू विदेशीलाई सुम्पने क्रम जारी छ ।" जनमोर्चा नेपालका साध्यबहादुर भण्डारी पनि विदेशी हस्तक्षेपका कारण नेपालको राष्ट्रियता खतरामा पर्दै गएको छ भनेका थिए । एमालेले पनि अमेरिकी र भारतीय नियतप्रति शंका गरेको छ,[५९] नेपालको राष्ट्रियता खतरामा परेको महसुस गरेको छ । नेपाली काङ्ग्रेसका नेता गरिजाप्रसाद कोइरालाले २०६४ साल भदौ २६ गते 'नेपालको सार्वभौमसत्ता खतरामा छ' भनेका थिए । उनले 'मुलुकको सार्वभौम सत्ता र स्वतन्त्रतामाथि खतरा छ र यी दुई विषयमा कसैसँग सम्झौता नगर्ने अठोट सार्वजनिक गरेका थिए । उनले "मैले सबै विदेशीलाई पनि भनिदिएको छु, भारतीय अमेरिकी र हिजो चिनियाँहरूको भेटमा पनि भनेको छ, यी विषयमा कसैसँग सम्झौता गर्दिन"[६०]

प्रमुख मन्त्री भनेर सम्बोधन गर्दा पनि मुसुमुसु हाँसेर बस्ने बानी परेका नेकाका पूर्व प्रमहरूले यसरी सार्वजनिक गर्नु विश्वासिलो नभएर थप रहस्यको विषय हुन्छ ।  २०४७ सालपछि दलहरूसँग आफ्नो अनुकूल हुने गरी काम गराउन भारतलाई आत्थुआत्थु परेको थियो । 'बरू दलविहीन पञ्चायती प्रजातन्त्र छदै एकै जनासंग काम गर्न सजिलो थियो, अब त कति जनासँग गर्ने, एउटा नजिकिए अर्को टाढिन्छ' भन्नु परेको बेलामा १२ बूदे भएको थियो । यो आशा लाग्दो भए पनि बाह्रबुँदे समझदारीपछि नेपालमा भारतीय आधिपत्य ठीक त्यसैगरी एकहत्य भयो जसोगरी सन् १९९० मा सोभियत रूस ढलेपछि अमेरिकाको अधिपत्य विश्वमा कायम भएको थियो । नेपाललाई आफ्नो सुरक्षा कवचभित्र राख्ने, प्राकृतिक स्रोत साधन मुठ्याउने र नेपाली बजार कब्जामा राखिराख्ने कुरामा यो चासो बढ्नु[६१] राम्रो हो । तर हिमाल परिसरलाई सुरक्षा पर्खाल मान्ने भारतीय नियत बिरूद्ध नेपालका दल मुलुकको स्वाधिनता, सार्वभौमिकता, राष्ट्रिय एकता, राष्ट्रिय अछुण्डता, स्वतन्त्रता निर्णय गर्ने क्षमता र अनेकतामा एकतालाई जोगाउन एक हुन सकेका छैनन् । १२ बुँदेमा बाधिएपछि नेपालको स्वाधिनता गुम्ने काममा सिँढी थपिएको भन्ने कुरा यी दलले महसुस गरेको पाइँदैन । आफ्ना गल्ती स्वीकार नगर्ने र आफूलाई नसच्याउने नेपाली दलले राष्ट्रियता जोगाउँछन् भनेर पत्याउन सकिदैन ।

१५. 'छिमेकीलाई प्रभावमा राखी अन्तर्राष्ट्रिय प्रभाव विस्तार गर्ने भारतको वर्तमान रणनीति छ । तदनुरूप भारतले नेपालसितको रणनीति

---

५९. एमालेले आफैले तयार पारेको 'वर्तमान जटिलता र हाम्रो भूमिका' दस्तावेजमा उल्लेख गरेको छ – "अमेरिकाले राजा राख्ने प्रयत्न गरेको, भारतले संक्रमणकालीन अवस्थाबाट बढी फाइदा लिन खोजेको र चीनले नेपालसँगको परम्परागत सम्बन्ध पुनर्मूल्याङ्कन गर्न थालेको छ ।" 'अहिलेको संक्रमणकालीन अस्थिरता बढेका बेला भारतले आफ्नो स्वार्थ साध्ने भरपुर प्रयत्न गर्छ भन्ने हाम्रो ठहर छ ।

६०. कान्तिपुर २७ भदौ ०६४

६१. कान्तिपुर : ६ भदौ ०६४

बनाएको छ । अमेरिकाले नेपालमा आफ्नो प्रभावमार्फत् भारतलाई हेर्ने, नवोदित विश्वशक्तिचीनलाई घेर्ने रणनीति बनाएको छ । कम्युनिस्टहरू एक नहोउन् भन्ने अमेरिकाले सोचेको छ भने जुनसुकै शक्ति पनि आफ्नो आदेश मान्ने होउन् भन्ने भारतको चलखेल छ । अमेरिकाको यही नीतिअन्तर्गत भुटानी शरणार्थीलाई अमेरिका लगेर तिब्बती शरणार्थीलाई अमेरिका लैजाने ढोका खोलेको छ । यस्ता रणनीतिलाई कार्यन्वन गर्न दल चाहिन्छ, दल बनाउँछन्, चलाउँछन् र स्वर्थ साधन गर्दछन् । होली वाइन र एमसीसीलाई नमुना उदाहरण मान्न सकिन्छ ।

१६. नेपालको दलीय संस्कारले जनताले के बुझेकाछन् भने– दल भनेको सत्ता लुछाचुँडी गर्ने र भागबण्डा गरेर खाने संगठन हो, बिदेशीसंग लम्पसार परेर उर्जा बढाउने र कमाउने माध्यम हो । दल भनेको निष्पक्ष भएर समानताका आधारमा जनतालाई सेवाहरू, रोजगारहरू दिने पद्धति, योजना र कार्यक्रम दिने संस्था होइन बरू लुछाचुँडी र अंशबण्डा गर्ने संगठन हो । शुक्ष्म विश्लेषण गर्ने हो भने दलीय शासन भनेको श्री ३ र श्री ५ ले गरेका सबै सत्तामोज गर्ने संस्था हो, विज्ञता, प्राविधिकता र पद्धतिका आधारमा स्वतः प्रतिस्पर्धी भएर आउनुपर्ने पदहरूलाई[६२] मेरो मान्छे र तेरो मान्छेमा वितरण गर्ने संगठन हो । अथवा मोलतोल गरेर बिक्री गर्ने संगठन हो । दलका यी सबै हर्कतहरू हास्यास्पद, घृणास्पद, अप्रजातान्त्रिक र तानशाही हुन्, अप्रजातान्त्रिक छन् । त्यसमाथि लाजिम्पाट दरबार आएर विवाद सुल्झाउने र मनोनयन गर्न नाम सिफारिस गर्ने प्रवृत्तिले देशको अस्तित्त्वको कुरा मात्र खतरामा परेको होइन, नेपालीको जीवनस्तर नारकीय बनाउने एकाइ पनि हो ।

१७. समाजिक अवस्था मात्र संक्रमणकालीन (ट्रार्निजिशनल) भएर हैन, दलका नेताको मानसिक सोच पनि ट्रार्निजिशनल हुनुले यस्तो अवस्था सृजिएको हो । यसैले देशका सबै मानिसले समान सेवा र सुविधा पाउन नसकेको हो, जीवनस्तर बढ्न नसकेको हो । यो सोचले आफु उँचो हुन उँचो भएकालाई तल झार्न तल्लिन भएको पाइन्छ । यो विगत ६० वर्षदेखि आजसम्म मिलेर काम गर्न नसकेको परिणती हो । भौतिक विकासर र ज्ञानपक्षीय (सफ्टवैर) विकास दुबै हुन नसकेको हो । यदि राजा दल र जनता मिलेको भए नेपालको विकास एसियामै उच्च हुनेथियो, सम्भवतः जापानभन्दा माथि (हेर्नुहोस् व्यवस्थित वस्ती) हुने थियो ।

१८. दलहरूले नेपाली जनविचार सुन्दैनन् तर विदेशीको निर्देशनमा हलो अडकाउने काम गर्दछन् । २०६४ मार्ग ६ गतेलाई सं.सं. को निर्वाचन तय भएपछि चुनावपूर्व जनप्रतिनिधिनै नभएको अवस्थामा दलले एकाएक धर्म

---

६२. (जस्तै विश्व विद्यालयका पदहरू, राजदूतहरू, मन्त्रालयका सचिवहरू, संस्थान, कम्पनी र प्रतिष्ठनहरू, एकेडेमीहरू तथा संवैधानिक निकायका पदहरू)

निरपेक्ष र गणतन्त्रको घोषणा गरे । २०४७ को संविधान खारेज गरेर अन्तरिम संविधान २०६४ निर्माण गरियो । जस्ले चुनाव माग गऱ्यो त्यही शक्तिले चुनावमा भाग नलिने भए पछि चुनाव औचित्यहीन भयो ।

१९. आफैले गरेको समझौता, आफैले गरेको माग र आफैले गरेका निर्णयका विपरित यस्तो अवस्था सिर्जिनुमा अर्धचेतन मानसिकता हो । बुथ क्याप्चर गर्ने आँट भएकै कारण अरू दल वा व्यक्तिलाई सहज गाउँ पस्न दिइएको थिएन तर अन्तर्राष्ट्रिय पर्यवेक्षक बुथबुथमा पुग्न सक्ने सम्भावना देखे पछि बहिस्कार गरियो । नेमकिपाका अध्यक्षको भनाईमा माओवादीले ६०/६० को अवधारणा अगाडि सारेका थिए । त्यसलाई ने.का.ले नमाने पछि यो अवस्था सिर्जिएको थियो । त्यसपछि शत प्रतिशत समानुपातिक चुनावको माग अघि सारियो । माओवादीको यो प्रवृत्तिलाई बाँकी दलले हलो अड्काएर गोरू चुट्ने राजनीति भनेर संज्ञा दिए । नेपाली राजनीतिक दलका नेता सामन्तबादी तथा संक्रमणकलीन सोचबाट ग्रसितछन्, देशको कल्याणकोलागि होइन आफ्नालागि सत्तामा पुग्न चाहन्छन् । यो दलीय संस्कारले राष्ट्रियतालाई पतन गराएको छ ।

२०. राष्ट्र संरक्षण गर्न, संरक्षणकालागि मार्गदर्शन गराउन, राष्ट्रियता प्रवर्द्धन गराउन त्यस मुलुकका बुद्धिजीवीको ठूलो भूमिका हुन्छ । नेपालको बुद्धिजीवी संलग्न हुने समाज, विद्यालय, महा विद्यालय, विश्व विद्यालय, संचारका माध्यमहरू प्रमुख हुन् । यी सबै मेकाउलेको शिक्षापद्धतिबाट दीक्षित गोराको महान आफ्नो चाहिँ रूढिबादी र असभ्य ठान्ने संस्कार तिनमा छ । किनकि आफ्नो के हो जान्ने ठाउँनै छैन शिक्षा पद्धतिमा । महाजनोएन गता सपान्था । सारा नयाँ पीडी भौतिक उपभोक्तावादी समाजमा ग्रसित भएकाले आयतीत बस्तुभित्र रमाई रहेका छन् । केहीले माओवादी सत्तामा पुगेपछि तिनले मात्र माओबादी कहिले आउला र गुमेको भूभाग फिर्ता ल्याउला भन्ने आशा गर्छन्, भित्री तथ्य जान्दैनन् । तर आशा गर्ने तिनले नाउँ सार्वजनिक गर्न समेत सक्तैनन् ।[६३] युवा पीढींका साहसी मनोज पण्डित र मनोज आरसीले यसबारे 'ग्रेटर नेपाल इन क्वैस्ट अफ बाउन्ड्री' नामक वृत्तचित्र बनाएर सार्वजनिक गरिसकेको तथ्यसम्म तिनले बुझ्न सकेका छैनन् । अन्ततोगत्वा सबै युवाले नेपालको विकास अवरूद्ध हुने, नेपालको स्वाभिमान र सार्वभौमिकतामा

---

६३. We are surprised as to which factors could have made them all at a time deaf and dumb over a matter that is not only sensitive but a delicate one that could. Even a dull brain in the country would welcome the Maoists presence in the government if they really do away with all those controversial treaties, acts of naked interferences in Nepal 's politics…………They have already committed through their various statements, lectures, articles and more so contained in their primary forty point demands, we the people will have no other option left than to bring them in the same category as the people have put the front runners of today's Nepali politics……. Shame on us.

आँच आउने, नेपाली अर्थतन्त्र कमजोर हुने, नेपाललाई नोक्सान हुने जस्ता कुरामा गम्भीर भएर नकार्न सक्नु पर्दछ ।[६४]

२१. नेपालका प्रमुख दलका नेतामा भारत नभैकन बाँच्नै सकिदैन भन्ने मानसिकता छ, नाई भन्न सक्ने आँट नै छैन । अव त उनीहरूको सोच भारतको एउटा राज्य सरकारको जस्तो, मुख्यमन्त्रीको जस्तो भइसकेको छ ।[६५] यी दलले संसदीय प्रजातन्त्रलाई असफल पारिरहेका छन् । बिदेशीलेनै तिनका कामलाई प्रजातन्त्र बिरोधी, जनबिरोधी, भ्रष्ट्रचारी कृत्य ठानेकाछन्, आर्थिक सहयोग रोक्ने भनेका छन् । तर माओवादी जन्माउने, पालन पोषण गर्ने, हुर्काउने र अप्रजातान्त्रिक काम गर्ने लगाउने पनि तिनै बिदेशी हुन् । यी दलले सत्ता स्वार्थकालागि मुलुकको उन्नती अबरूद्ध पारेका छन् । प्रजातन्त्रमा बिश्वासगर्ने कसैले पनि चुनावलाई बहिस्कार गर्दैन, तर यिनले चाहे । एक दलीय तानासाह चाहने माओबादी र प्रजातान्त्रिक शासन चाहने सात दलहरूको समन्वय गराउने बिदेशीको निहित स्वार्थ हो, नरिवल तौलने बाँदर पन हो । आतंक र हिंसामा लागेका माओबादी कसरी प्रजातन्त्रबादी भए ।

२२. जुन पार्टीले अअफ्ना दलभित्र प्रजातान्त्रिक अभ्यास गराउन सकेकको छैन तिनीहरूले प्रजातन्त्रको रक्षा गर्दछन् भनेर विदेशीले कसरी बिश्वस गरे । यही रबैया रहे सात दलले नेपालको अस्तित्त्व मेटाउन बेर लाग्ने छैन । सत्ता स्वार्थकालागि बिदेशी शक्तिकको आमन्त्रणा गर्ने उनीहरूमा देशप्रेम नभएको प्रष्टिन्छ ।

प्रत्येक नेपालीकालागि राष्ट्र पहिलो आबश्यकता हो । राष्ट्र नै नरहे, देशको अस्तित्त्व र पहिचान नै नरहे सत्तामोहको पनि अर्थ हुँदैन । अपराधी प्रमाणित व्यक्तिले पनि चुनावमा भाग लिन पाउनुपर्छ भनेकाछन्, अपराधीलाई मुक्त गरेका छन् । नेपाल नै एउटा यस्तो देश हो जहाँ दलहरू विदेशी पैसामा चल्दछन्, विदेशीकालागि काम गर्दछन् ।

## दलका कमजोर मानसिकता

१. विद्यमान नेपालको राजनीतिक परिचालन नेपाली जनताको हातमा छैन । जनताको नाममा नेपालका दलले गरेका छन् । माओबादीसंग १२ बुंदे

---

६४. Niraj Aryal, op.cit.

६५. In the age of current globalization we can not be against all Indian legitimate investment in Nepal, as the Maoist trade unions and students seem to be. Nepal's internal politics has come to a stage, where by our political leaders think that they can not survive without Indian support and they behave like Indian state politicians rather than leaders of a sovereign country. Even the CPN (Maoists) who started their miss-adventure of ruling South Asia with Maoist doctrine with slogan against Indian hegemony in Nepal have accepted Indian hegemony to their tactical advantage. As Communists ("Meena Acharya" <mna@enet.com.np> Nepal: Say no to Indian Hegemony , Sent: Wednesday, May 02, 2007 7:44 PM)

समभदारी भएपछि बिदेशी प्रभाव ह्वात्तै बढेको छ । कानून र संविधानका मसौदा समेत भारत र इयुबाट आउन थालेका छन् । ह्विप लगाउने निर्देशन बाहिरबाट आउँछ । विदेशीले भन्दा नेपाली नेताले विदेशकालागि गर्नु अराष्ट्रिय हो । दल नाइकेको प्रवृत्तिकै कारण देश गिर्दै गएको हो । राजनीतिक नियुक्ति पाउन बिदेशीको चाकरी गरिन्छ, उदाहरणकालागि राजदूत प्रसादको आदेशमा गिरिजाले नरसिंह नारायणलाई स्टाफ कलेजको प्रमुखमा  गरेको नियुक्तिलाई लिन सकिन्छ । परनिर्भरता, दलनाइकेको लम्पसार वादका कारण भएको हो । यस्तै अवस्था रहिरहे देश फिजी हुनसक्छ, भूटान हुनसक्छ, सिक्किम हुन सक्छ । अनि संस्कार र संस्कृती पनि अफ्रिका, न्यूगिनीको जस्तो हुन सक्छ ।

२. व्यवहारमा ताबेदारी गर्ने र बोलीमा चर्को कुरा गर्ने राणाशासकहरूको विशेषता दुर्भाग्यबस सरकार बनाउन सक्ने सबै दलमा छ । नेपाली कांग्रेस र माओवादीले राष्ट्रवादप्रति द्विविधायुक्त दृष्टिकोणका पाइन्छ । उनीहरूले सामन्तबादको चरित्र निर्बाह गरेका छन् । प्रचण्डकै कुरा गरौः उनी बासनादार आयातित ७ लाखको खाटमा सुत्ने, होटल होटल चाहारी चाहरी लाखौं लाखको खाजा खाने, शयौ जनाको सुरक्षागार्डको लस्कर अगाडिपछाडि लगाउने, ५–७ करोडका गाडी चढ्ने उनीहरूको आचरण उग्र सामन्तवादी संस्कारको पाइन्छ ।

३. नेपाल भूपरिवेष्ठित होइन, भारतवेष्ठित देश होर भन्ने कुरा पनि बुझेका छैनन् । खोक्रो राष्ट्रवादको नारा दिएर शक्तिकेन्द्रमा पुग्ने र जनतालाई ढाँट्ने उनीहरूको भूमिगत कालको स्वभाव निरन्तर कायम छ । आमजनताको गाँस, बास र कपासको समस्या हल गर्न नसक्ने नक्कली राष्ट्रवादको कुरा गर्नुको अर्थ छैन । यस नियतिले हामी आर्थिक रूपमा खोक्रिइसकेका छौं । छिमेकी राष्ट्र भने नित्य आर्थिक प्रगति गरिरहेकाछन् । यी दुई शक्तिको बीचमा रहेको नेपालले भावनाका आधारमा राष्ट्रवादको कुरा गर्नुले सधैं दुष्परिणाम भोगिरहेको छ । हामी यसखाले राष्ट्रवादको कुरा गरेर मच्चिन्छौं र त्यसपछि थच्चिन्छौं । माओवादी दलका यस्ता कुरालाई नेकाँ र एमाले राप्रपा तथा संकुचित तराइबादी दलले समेत अनुकरण गर्नु भ्रष्ट मनोदशाको उपज हो ।

४. सम्वत् २०४६ साल पछि पन्पेको भ्रष्ट्राचार २०६२ पछि हलहल्ती बढ्नु राष्ट्रबादी सोचको बिपरित हो, घातक हो । भारतलाई खुसी नपारी सत्तामा बस्न सकिन्न भन्ने यिनको सोच नै  पूर्ण अराष्ट्रिय हो । सत्तामा बसेर काम गर्न असक्षमताको प्रमाण हो, मानसिक रोगीपन हो । चिन्तनलाई प्रमुखता नदिने यस्ता नेताहरूले राष्ट्रियताको परिभाषालाई सत्तामा पुग्ने साधन मात्रै बनाएकार छन् । मुलुकभर कमजोर परिस्थिति उत्पन्न भएको छर ।

५. अब हाम्रा सांसद, मन्त्री र प्राध्यापकको ल्याकत कस्तो छ भनेर केही नमुना उदाहरण प्रस्तुत गरेर बिबेचना गरौ । २०६६ माघ १४ गते त्रिवि करार प्राध्यापकका नेता शिव महतो (विज्ञान प्राध्यापक) ले शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल र उपसचिव लक्ष्मण खनाललाई चर्को दुर्व्यवहार गरे । तँ तँ र म म गरेर कार्य कक्षबाट लतारेर बाहिर ल्याए । पठित र बुद्धिजीवि त यस्ता हुन्छन् भने सठहरूको हविगत झन खराब हुन्छ । एक महिला मन्त्रीले सिडिओलाई मागे बमोजिम गाडी नदिएकोमा थप्पड हानिन् र आफूलाई किस गर्न खोजेको भनेर आरोप लगाइन् । अर्का मन्त्रीले भ्रष्टाचार उन्मुलन गर्ने भनेर एल.डि.ओ.लाई पाइखानामा थुने । दलका ठूला नेताले सुकुम्वासी समस्या समाधान गर्न राष्ट्रिय रानीवन मासेर वस्ती बसाए । प्रहरीलाई न्याय गर्न दिंइदैन, ठाउँ पायो कि हात खुट्टा भाँचिनेगरी गरी कुटिन्छ सरकारी काममा बाटामा हिडिरहेको अपरिचित प्रहरीले सलाम गरेन भनेर सांसदले निर्घात कुटपिट गर्छन् । मन्त्रीलेनै हुकिङ गरेर बिजुली बत्ति बालियो । भूकम्पपीडितलाई ल्याएको पाल सांसदले घरघर लगे, सरकारी गाडी चढेर टैक्सी भत्ता लिए । बेरामीलाई ल्याइउको पीसीआर टेस्ट बिनाकारण सांसदले लिए । भोट किनिरहन र चुनाब जितिरहन प्रतिवर्ष दशदश करोडको सासद विकास कोश नामक रकमको दुरूपयोग भएको छ ।

६. पूर्वीय सभ्यताले देवीका रूपमा पूजा गरिने महिलालाई पश्चिमाको प्रभावमा परेरर भौतिक उपभोग्य वस्तु बनाई दिएको छ । एकल परिबार पद्धति भित्र्याएर बृद्धको बेहाल भएको छ । त्यसले राष्ट्रियतमा आँच आएकोछ । पारिबारिक मर्यादा खस्केको छ । सामाजिक राष्ट्रियता पनि झनझन जरजर हुदै गएको छ ।

७. नेपाली नेपालीबीच जाति जनजाति, आदिवासी, दलित र बाहुनवाद जस्ता विषयमा किचलो बढाइएको छ । दलीतका समस्या सम्बोधन गरिएको छैन । छुवाछुत अन्त्य गर्नुपर्नेमा दिगो हुने बनाइएको छ । भाषा र चाडपर्व जस्ता सबैले मानेका र सबैले सबैको सम्मान गरेका विषयमा पनि द्वन्द्ध बढाइएको छ । पश्चिमाको निहित स्वार्थका कारण नेपाली विभाजित भएका छन्, राष्ट्रियतामा आँच आएको छ ।

८. दलीय पद्धतिमा राष्ट्रियता खस्कने धेरै काम हुन्छन् । दिगो समाधानै नहुने खालका जातजाती, आदिवासी, दलित, बाहुनवाद, भाषिक किचलो, सांस्कृतिक, मजहबी कचिंगलले अन्ततोगत्वा राष्ट्रियता कमजोर भयो । दलका लाखौं कार्यकर्तालाई पूर्णकालीन बनाउने चाह हुने भएबाट भ्रष्ट्राचारी, तस्कर र कालाबजारीलाई संरक्षण दिने गर्दछन् । शासन स्वभावैले कुशासन हुन्छ, अघोषित गृहयुद्ध मौलाउँछ । सत्ता स्वार्थकालागि खिचातानी हुन्छ । देशको निरन्तर उन्नती अवरूद्ध हुन्छ । दलभित्र प्रजातान्त्रिक अभ्यास हुँदैन । बदेशीको

धन र निर्देशनमा काम गर्ने हुंदा क्रमसः देशको अस्तित्त्व र पहिचान नै खस्किदै जान्छ । विद्यार्थी, श्रमीहरू दलका इटाधारी सेना बन्छन्, न्यायकर्मी दल दलमा विभक्त भए अल्पमतको सरकार हुने संस्कार बन्दछ । कुटनीतिज्ञले देशको नभै दलको प्रतिनीधित्व गर्दछन् । कर्मचारी जनताका सेवक नभएर दलप्रति बफादार हुन्छन् । विदेशीको गुणगान गर्दै पीतपत्रकारिता हुन्छ । देश बेचेर स्वास्नी पाल्ने, र स्वास्नी बेचेर आफू पालिनेसम्म नीच काम गर्छन् ।

९. समाजको अवस्था ट्रान्जिशनल हुनु, दलका नेताको मानसिक अवस्था पनि ट्रान्जिशनल हुनु र दलका कार्यकर्ताको अवस्थापनि ट्रान्जिशनल हुनुले उक्त अवस्था सृजिएको हो । देशका सबै मानिसले समान सेवा र सुविधा नपाएका हुन्, समानस्तरको जीवनशैली हुन नसकेको हो । नेपालको विकास एसियामै उच्च बनाउन सम्भव हुँदाहुँदै पनि हुन नसकेको हो ।

१०. हिमाल नदी चट्टान कटाउँदा थोरै भाग मात्र आवाद योग्य छ । दलका नेताले पटकपटक नागरिकता ऐन संसोधन गरेर भारतीयलाई नागरिकता दिइयो ।इण्डियाको नुन खाएबापत भारतीयलाई सहज नागरिकता दिएर नेपालतिर वैरिने काम दलले नै गरेका हुन् । सीमास्तम्भ भत्काउने, दशगजा अतिक्रमण गर्ने र भूभाग अतिक्रमण गर्ने आँट पनि दलकै कारण भएको हो । विवाह र फर्जरी नागरिकता बनाएर घुस्नेहरू प्राय सर्वहारा मगन्ते छन् । नेपालमा पेशा गरेर बस्नेहरू र मौसमी कामको खोजीमा बस्ने भारतीय आप्रवासीहरूको अतिक्रमणले देश फिजीकरण हुनुले नेपालको राष्ट्रियता खस्कदै गएको छ । भारतीय मूलका ७७ लाखले नेपाली नागरिकता पाई सकेका छन् ।

११. दलका नेता भारतको सामु सही कुरा भन्न पनि डराउँछन् । बाबुराम भट्टराइले काठमाण्डौको सडकचौडा गराउँदा पनि भारतीय र बेलायती दूताबासको पर्खाल लगाउएदा कानूनतः छाड्नुपर्ने २ मिटर जग्गा छोडिदेऊ भनेर भन्न सकेनन् । दलहरू तिनको दबाब र गलत सल्लाहमा चल्ने गर्दछन् ।

सन् २४ मार्च २००६ का दिन भारतीय राजदूताबासले गरेको भोजमा राजदूतले भनेका कुरा उदाहरणका रूपमा लिन सकिन्छ ।[६६]

१२. नेपालका ठूला तथा प्रमुख दलका नेता तथा अन्य राजनीतिज्ञहरूले भारत नभैकन बाँच्नै सकिदैन भन्ने सोच मात्र होइन अव त उनीहरूको सोच

---

६६. God help the ethics of the Indian Ambassador and the behaviour of so called politicians ?!!(Anonimous through email) यउाअष्त।

भारतको एउटा राज्य सरकारको जस्तो, प्रधानमन्त्री मुख्यमन्त्री जस्तो भइसकेको छ ।[६७]

१३. दलबाट प्रजातान्कि हक पनि संरक्षण हुन सक्तैन, राष्ट्रियता पनि जोगिदैन । काग्रेसले नराम्रोसंग तल गिराएको राष्ट्रियतालाई नेकपा एमालेलाई पनि प्रलोभनमा फसाएर अनेक सन्धी पारित गराइयो । माओबादी त्यस शक्तिको गोटी बन्यो । अपराधिक गतिबिधिको नत्थी हातमा लिएर तिनले निरन्तर खेलाई रहेका छन् । बिदेशीको हीतकालागि कामगर्ने अबस्थामा पुऱ्याएकाछन् जुन देशकालागि दुखद र दुर्भाग्यपुर्ण कुरा हो ।

## राष्ट्रवाद भन्दै राष्ट्रघात

१. दलका नेताको सिद्धान्त बिहिन अबसरबादी सोचले राष्ट्रियता बर्बाद भएको छ । माओबादकि बाबुराम भट्टराईले 'जनयुद्ध' घोषणा गर्नुअघि २०५२ मा प्रम शेरबहादुर देउवालाई बुझाएको मागपत्रको छैटौं बुंदामा भनिएको छ - 'नेपालको उद्योगधन्दा, व्यापार बन्दोबस्त तथा वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुंजीको आधिपत्य अन्त्य गर्नुपर्नेर ।' तर उनैले भारतसँग गरएिको द्विपक्षीय बिप्पा सन्धीलाई राष्ट्र निर्माणको ऐतिहासिक कोसेढुंगा भनेकाछन् । उनकै पार्टीका उपाध्यक्ष मोहन वैद्यले 'राष्ट्रघाती सम्झौता' भनेका छन्र ।

'विदेशी पुंजीले मुलुकभित्रको श्रम शोषण गरी देशलाई खोक्रो बनाउँछ' भनेर कार्यकर्तालाई राष्ट्रवादको पाठ घोकाएका माओवादीका नेता हुन्, प्रम भट्टराईर । तर प्रम भएपछि विदेशी पुंजीको अपरिहार्यतामा राष्ट्रवाद देख्न थालेका छन् । त्यस दलका 'प्रचण्ड'ले २३ जेठ २०६६ मा प्रधानमन्त्रीबाट हट्नुपरेपछि 'भारतीय हस्तक्षेपविरूद्ध राष्ट्रिय स्वाधीनताको' नारा उरालेका थिएर । यो दलका सबै नेता नेपाली जनतालाई झुक्याएर बिदेशीको दलाली गर्ने गर्दछन् । पुष्पकमल दाहालको २५ बुंदेसम्म निरन्तर विदेशीको पक्ष लिएको पाइन्छ । सबै दलले राष्ट्रवादको दिगो दर्शन र मूलनीति भने बनाउँदैनन् ।

२. एउटै विषय र घटनामा उत्तिकै राष्ट्रवाद र राष्ट्रघात देख्ने, एकले अर्कालाई विरोध र लाञ्छनाको तारो बनाउने अनि राष्ट्रवादकै औजार प्रयोग गरी आफ्नो राजनीतिक स्वार्थ पूरा गर्ने प्रवृत्ति यथार्थमा अराष्ट्रि हो । सबै दलमा दलीय स्वार्थले पहिलो प्राथमिकता पाउँछ ।

---

६७. In the age of current globalization we can not be against all Indian legitimate investment in Nepal, as the Maoist trade unions and students seem to be. Nepal's internal politics has come to a stage, where by our political leaders think that they can not survive without Indian support and they behave like Indian state politicians rather than leaders of a sovereign country. Even the CPN (Maoists) who started their miss-adventure of ruling South Asia with Maoist doctrine with slogan against Indian hegemony in Nepal have accepted Indian hegemony to their tactical advantage. As Communists ("Meena Acharya" <mna@enet.com.np> Nepal: Say no to Indian Hegemony, Sent: Wednesday, May 02, 2007 7:44 PM)

३. अब दलका सिद्धान्तहीन प्रबृत्तिका नमुना उदाहरण हेरौं । भारतका प्रम अटलविहारी बाजपेयी नेपाल भ्रमणमा आउँदा– *'नेपाल आफ्नै घरजस्तो, यहाँको कणकणमा शंकर छन्'* भन्दा विरोध भयोर । गिरजिा भारत गएर – 'यो मेरो दोस्रो घर' भन्दा पनि बिरोध गरियो । भारतीय सिने–कलाकार ऋतिक रोशनले 'नेपाल र नेपालीलाई मन पराउँदिनँ' भनेको भन्ने हल्लाकै भरमा सडकमा ओर्लिए, तीन जनाको ज्यान समेत गयोर । अर्कोपल्ट माधुरी दीक्षितले –'मलाई त नेपाल भिन्दै देशजस्तो लागेन' भन्दा त्यस्को पनि विरोध भयो तर अहिलेसम्म पनि हलहरूमा हिन्दी सिनेमा चलेकै छन्, हिन्दी गीत घन्किएकै छन्,. हिन्दीमै संसदमा बोलिएका समेत छन् । यस्तोपन कति वस्तुपरक वा पाखण्डीपन हो नेपालका दलले दिगो पारख गर्न सक्तैनन् । एक क्षणको आबेगपछि सबै मत्थरिन्छ, सत्य पनि असत्य पनि ।

४. महाकाली सन्धिका पक्षमा भोट हाल्ने निर्णय राष्ट्रघाती रहेको भन्दै २०५४ सालमा नेकपा एमालेले पार्टी नै टुक्र्यायो । १६ भदौ २०६१ मा इराकमा १२ जना नेपालीको हत्या भएको विरोधमा नेपालभर दङ्गा भयो । आम नेपालीको प्राथमिकता नारा नभएर गरीबी, बेरोजगारी, महँगी हुन् । मालेले आफ्नो मूल मुद्दा नै महाकाली सन्धिको बिरोधलाई बनायो तर त्यस लगत्तैको आमनिर्वाचनमा जनताले जिताएनन् । जुनसुकै विषयलाई राष्ट्रवाद र राष्ट्रघातसँग जोडेर नाराबाजी गर्ने र तुरून्तै सिथिल हुने दलीय संस्कृतिको अपरिपक्वता नै राष्ट्रघाती छ ।

५. दलमा धेरैको मन्थनबाट गल्तिरहित निचोर निस्कन्छ भन्ने अबधारणा हो ।. विसं १८७३ मा इस्ट इन्डिया कम्पनीसँग एउटा हाट बजारको करमा उठेको बिबादको नियत प्रम भीमसेनले बुझ्न नसकेको कारण मेची र काली पारीको भूभाग गुमाउनु परेको थियो । व्यक्तिले गरेको निर्णय जस्तै दलको भएमा दल हुनुको औचित्य रहँदैन । व्यक्तिपरक भावुक देशभक्ति र वीरताको प्रदर्शन गर्न खोज्दा अपमानजनक सुगौलीसन्धि गर्नुपरेको थियो । उनले त जेलमै आत्महत्या गरे । तर कोइराला, प्रचण्ड, भट्टराईहरूले त त्यसो पनि गर्न सकेन् ।

६. वि.सं. १९०३ मा सत्ता हत्याएर शक्तिमा आएका राणाले १०४ वर्ष शासन गरे । राणाले अंग्रेजहरूसँग सन्तुलित सम्बन्ध कायम गरेर । विदेशीलाई रिजाएर नेपालीलाई कज्याए । मुलुकको सार्वभौमिकता जोगाए तर राजनीतिक र शैक्षिक प्रवाहलाई रोकेर । गुमेको भूभाग फिर्ता आउने सजिलो अवस्था छँदा पनि निहित स्वार्थबस फिर्ता लिएनन्, आजपनि त्यो अवस्था छ तर दल राणाजस्तै छन् । यिनलाई राष्ट्रघाती भन्ने कि राष्ट्रवादी ?

७. राणा शासनको अन्त्य गर्न राजनीतिक दलहरू र राजा त्रिभुवनले भारतलाई आश्रयस्थल बनाएर । भारतमै राजा, कांग्रेस र राणाबीच

समभदारी भयो । सम्बत् १९९० सालमा राणा श्रेणीमा बिभक्त भएको कारण सी क्लासका राणाहरूले सघाएकोले मात्र सफल भयो । आजका दलले पनि जातजाती, मजहब, स्थानमा बिभेद गरेर त्यही गल्ति गरिरहेका छन् । ननियाली मौलिक पञ्चायती शासन फाले, वैदिक धर्म संस्कार फाले । अब ती बाह्र बुदेमा सही गर्ने ८ दलले भारत र ईशाईको निर्देशन नमानिकन धरै छैन । यसैले फेरि नेपाल धरासायी हुँदै गएको छ ।

८. वि.सं. २००७ सालको परिवर्तनपछि प्रशासनयन्त्र सुधारका लागि भारतीयकै र अर्थनीति सुधार्न अमेरीकी सहयोग लिइयोर । तिनले अँग्रेजले इण्डियामा खेलेको भूमिका नेपालमा खेले । नेपालका दल तराई पहाड बिबाद त्यसैबेला सुरू भयो । २००७ सालको परिबर्तनले राष्ट्रियता जोगायो कि खस्कायो अभै बिचारणीय छ ।

९. प्रम.जंगबहादुरलाई बेलायतले भव्य स्वागत गऱ्यो; अमेरिकाका राष्ट्राध्यक्षले नेपालका राजामहेन्द्रलाई एयरपोर्टमै स्वागत गरे । तर छिमेकी भारतले अहिले पनि नेपालका राष्ट्राध्यक्षलाई राज्यमन्त्रीबाट आतिथ्य दिन्छ । यही कारण राजा महेन्द्रले राजनीतिक शक्तिको मूल औजार राष्ट्रवादलाई बनाएका थिए । आजका दलनेताले सत्यलाई पन्छ्याएर दरबारिया भनेर आरोप लगाउनु साभा प्रवृत्ति छ । आम जनताले आफ्नै मुलुक विरूद्ध हतियार उठाउने दलहरूलाई अराष्ट्रिय तत्त्व भन्दछन् ।

१०. दार्चुलाको टिंकरमा पर्ने कालापानीमा चीनसँगको युद्धका क्रममा भारतले १९ हजार ६ सय हेक्टर नेपाली भूमिमा आफ्ना सेना राख्यो । त्यो निर्जन भूमिमा भारतीय गतिविधिप्रति नेपालले थाहै पाएन । चीनले पनि मौनता साध्यो । धेरै पछि चीनको सूचनाबाट नेपालले थाहा पायो । चिनियाँ अधिकारीहरू बेलाबेला नेपालको सार्वभौमिकतामाथि खतरा आइलागे चीन चुप लागेर नबस्ने त भन्छ तर त्यही थलोबाट भारत र चीनले नाका खोल्ने संभौत गर्दछन्, नेपाललाई समाबेसै नगरेर । दलहरू भारतमुखी, पश्चिमामुखी भएकाले नेपालले लगातार अवसरको सदुपयोग गर्न सकेको छैन । चीनले तठस्थ बस नभनेको भए दोक्लाम घटनामा पनि माओबादी–काग्रेस गठबन्धन सरकारले भारतको पक्ष लिने मानसिकतामा थियो । किनकि भारतले सम्भौता बिपरित गोर्खासेनालाई त्यहाँ खटाउँदा नेपाल चूप बसेको थियो । कालापानीको मामिला सल्टाउन त्रिदेशीय अग्रसरता आवश्यक छ तर नेपालका दल मौन छन्, अन्यथा आजसम्म सो भूभाग नेपालको भैसक्ने थियो । नेपाली राष्ट्रवादको जटिलता दलका कारण भएको प्रस्टिन्छ । टेक लिए पनि मरिचमान जस्तो ओली टिक्न सकेनन् । टंकप्रसाद आचार्य र कीर्तिनीधिले गरेका सही काम पनि दलले अनुसरण गर्न सकेनन् । त्यही कार्ड प्रयोग गर्न खोज्दा डा केआई सिंह असफल भएका

हुन् । नेकाँका सबै प्रमहरूले चीनलाई टाढा राखेर भारतलाई नजिक राखे, हाकिम ठाने । संतुलनको राष्ट्रियता पतन गराए ।

११. आज दलीयताले जातीय एकता बढाएर राष्ट्रिय एकता मासिदै गएको छ । गणतन्त्र, धर्मनिरपेक्ष, जाति, जनजातिवाद, भाषावाद, संघात्मकतावाद मौलाएको छ तर राष्ट्रियता र राष्ट्रवादमा खियालाग्दै गएको छ । लैङ्गिक बिभेद, अध्यात्मिकता, ज्ञान र सत्य निष्ठाका कुरामा, नैतिक इमानजमानका कुरासंगै राष्ट्रियतामा आँच आउँदै गरेको छ ।

१२. सम्बत् २०४६ सालको आन्दोलन ६ बर्ष पछिनै असफल भयो । बहुदलीय पद्धतिको पनि असफल भयो । पञ्चायत मासियो तर त्यसको ठाउँमा केही राम्रा कुरा प्रतिस्थापित भएनन् । कुनै पनि पद्धति खराब होइन तर त्यो भूगोल, संस्कार संस्कृति, आर्थिक स्तर, सभ्यता र मान्यताका आधारमा मिल्ने हुनुपर्छ । नमिले असफल हुन्छ । नेपाललाई कुन चाहि किन र कसरी ठिक हो भनेर नपारखिएकोले असफल भएको हो । सत्यको खोज गरेर सुकिलो बनाउने काम संचार जगतको हो, शिक्षकको हो, प्रबुद्ध समाजको हो तर यी लहैलहैमा हिडिरहेकाछन् ।

०००

## अध्याय ८

# प्रजातन्त्र र राष्ट्रियता

१. राष्ट्रियता र प्रजातन्त्र एउटै सिक्काका दुइ पाटा हुन । यी दुबै एकजुट भएर काम नगरेसम्म जनइच्छा र देश सुहाउँदो योजना बन्दैनन् । कुनै जात, बर्ण, धर्म, क्षत्र, लिङ्ग, संघ, दल वा त्यस्तै अन्य कुनै एकल कुराले मात्र प्राथमिकता पायो भने त्यहाँ प्रजातन्त्र भएको मानिदैन र राष्ट्रियताले स्थान पनि पाएको हुदैन । प्रजातन्त्र कमजोड हुदा राष्ट्रिता पनि कमजोड हुन्छ । सर कार नेपालको स्वतन्त्रता र अखण्डता प्रति प्रतिबद्ध हुन सक्तैन । अनि सुशासन रहँदैन, समुन्नतिकालागि चाहिने पूर्वाधार बन्दैनन् । न्याय डगमगाउँछ, अमनचयन र शान्ति डगमगाउँछ । सम्मृद्धिकालागि ऐक्यबद्धता चाहिन्छ, त्यो  राष्ट्रियताबाट मात्र प्राप्त हुन्छ । राष्ट्रियता नभै प्रजातान्त्रिक अभ्यास हुँदैन भने विशुद्ध प्रजातन्त्रमा राष्ट्रियता स्वतः हुन्छ । जबजब नेपालमा राष्ट्रियता कमजोर भएको हुन्छ, प्रजातान्त्रिक अभ्यास पनि कमजोर भएको हुन्छ, दलीय तानाशाही बढेको पाइन्छ ।

२. कुनै जात, वर्ण, धर्म, क्षेत्र, लिङ्ग, संघ, दल वा त्यस्तै अन्य कुनै एकल कुराले मात्र प्राथमिकता पायो भने त्यहाँ प्रजातन्त्र भएको मानिदैन । त्यहाँ राष्ट्रियताले स्थान पनि पाएको हुँदैन । कुनै एउटाले हेपिएको महसुस गऱ्यो भने उसले सके विद्रोह गर्दछ नसके असहयोग गर्दछ । २०५०–२०६०को दशकमा सत्तामा बस्ने दल विशेषले मात्र प्रश्रय पायो । विद्रोह सुरू भयो । २०६०–२०७५ बीच पक्ष–प्रतिपक्ष, साम्यवादी र पूँजिपतिका बीच बाँडिचुडि खाने अंशबण्डा राजनीति हावी भएकोले प्रजातान्त्रिक अभ्यास हुँदै भएन । राष्ट्रियता ढलमलायो, राजनीति अस्थिर र तरल भयो, विकासगति अवरूद्ध भयो र सबैभन्दा नचाहिँदो कुरा विदेशी शक्तिले नेपालमा नराम्रोसँग हालिमुहाली गरे ।

३. प्रजातन्त्र भनेको राज्यको शक्तिको स्रोत जनता हुनु हो, जनताको सर्वोच्चता हुनु हो । दल त्यसका वाहक माध्यम हुन् । विदेशीलाई गुहार्ने, विदेशीका अगाडि लम्पसार पर्ने, निर्देशन माग्ने तथा तिनकै बलबाट सत्तामा जाने र फेरि सत्ताको दुरूपयोग गरेर धनआर्जन गर्ने काम प्रजातान्त्रिक होइनन्, राष्ट्रवादी पनि होइनन् । यी त शोषण र सामनतवाद हुन, नव उपनिवेशवादका दलाली काम हुन् । पुनर्बहुदलीय पद्धति स्थापना भएदेखि प्रजातान्त्रिक अभ्यास हुँदै भएनन्, दुईतिहाईको सरकार भएपछि त दम्भी र तानाशाही भयो । यस्तो हुन नसक्ने संवैधानिक व्यवस्था बनाउनु पर्दछ । जनप्रतिनिधि र संवैधानिक संस्थालाई दलले अंकुश लगाउन नसक्ने संविधान

बनाइनु पर्छ । सरकारलाई कानून अनुसार नियम बनाउने तथा मन्त्रालयलाई बिनियम बनाउने अधिकारमा सीमित गर्नु पर्दछ ।

४. नेपालका सबै मत, विचार, वर्ण, जात, धर्म, लिङ्ग, पेशा, स्थान विशेषको भेदभाव अन्त्य हुने, योग्यतमले कामको जिम्मेवारी पाउने, सबैले आ-आफनो क्षमता अनुसार पूर्ण समयकालागि रोजगार पाउने योजना र कार्यक्रम मात्र राष्ट्रवादी योजना हुन सक्दछन् । त्यस्तो योजना व्यवस्थित बस्ती पद्धति (मोडेल), सर्वाङ्गिण विकास पद्धतिबाट बाहेक अरू कुराबाट सम्भव हुन सक्दैन ।

प्रजातन्त्र कमजोर हुंदा राष्ट्रियता पनि कमजोर हुन्छ भन्ने कुरा विगतको तीन दशकको बहुदलीय अप्रजातान्त्रिक कार्य शैलीले नै साबित गरिसकेको छ ।

५. प्रजातन्त्रमा बिश्वासगर्ने कसैले पनि चुनावलाई बहिस्ष्कार गर्दैन, चुनावलाई धाँधली गर्ने वातावरण बनाउँदैन । एक दलीय तानासाह चाहने अथवा चुनावै नचाहने दर्शन र मूलनीति बिहिन दलको लहैलहैमा हिड्नुको कारण दल बिदेशीको। निर्देशनमा चलेर हो । सात दलको अप्रजातान्त्रिक शैलीलाई समर्थन गरेर हो । यस्ले राजनीतिलाई असपष्ट र अस्थिर बनाएको हो । पश्चिमाहरू र भारत आफ्नो देश बाहिर प्रजातन्त्र मैत्री छँदैछैनन् । आतंक र हिंसाका माध्यमबाट प्रजातन्त्र खोज्न सिकाउने ती प्रजातन्त्रवादी सोचका हुनै सक्तैनन् । प्रजातन्त्र भनेको त शान्तिपूर्ण सत्ता हस्तान्तरण हो, त्यो नेपालका जनताले मात्र गर्न सक्तछन् विदेशीले हैन । नेपालका सबै पार्टीका दलका नेताले अअफ्ना दलभित्र प्रजातान्त्रिक अभ्यास गराउन सकेका छैनन्, तिनीहरू नै सत्तामा गएपछि मुलुकको प्रजातन्त्रको अभ्यास कसरी गराउन सक्छन्, राष्ट्रियता कसरी जोगाउन सक्छन् ।

६. प्रजातन्त्रलाई राष्ट्रिय संस्कारमा रूपान्तरण गर्नु पर्ने बेलामा दलको सिन्डिकेटले जनता झुक्याउने काम गर्दै आएका छन् । प्रजातन्त्र, जनतन्त्र, लोकतन्त्र, गणतन्त्र सबै पर्यायबाची शब्द हुन् । औपनिवेशिक सोच भएका भारतीयले डेमोक्रेशीलाई *लोकतन्त्र* भनेर अनुबाद गरे भने नेपालले प्रजातन्त्र शब्दको प्रयोग गर्‍यो । वैदिक शासन व्यवस्थामा प्रजातन्त्र र लोकत्रतन्त्र दुबै पर्यायिवाची शब्द भए पनि लोकतन्त्रले मानिस मात्रको हक अधिकार जनाउँदछ भने प्रजातन्त्र शब्दले मानब जातका साथै सबै ८४ लाख योनी र पञ्चतत्त्व सबैको समान हक अधिकारको कुरा जनाउँछ । नेपाली दलहरूको भारतीयसंग धेरै उठबस भएकोले नेपालका दलहरूले *लोकतन्त्र* शब्दको प्रयोग गरे । जन आन्दोलनले अपेक्षा पुरा गरेको भनेर सोझा जनतामा भ्रम फैलाए । रैतीबाट नागरिक भएको भ्रम फैलाए । बौद्धिक जमातले "रैतीको

नागरिककरण" भन्ने जस्ता भ्रम फैलाए । प्रजातन्त्रको अपव्याख्या भयो, हत्केलाले घाम छेकियो । बिद्वान भनिनेहरू औपनिवेशिक सोच र मेकाउलियन शिक्षा पद्धतिबाट उम्कन नसकेको पाइन्छ । त्यसमा उपत्यकीय साघुरो सोच र जातीयसंकुचनको गन्ध पनि पाइन्छ । रैती, प्रजा, जनता, लोक, नागरिक भनिने शब्द डार्बिनको बिकासबाद जस्तो कुरा होइन । बदलिनेक्रममा कुनै युगमा अति उत्तम मानिएको कुरा अर्को युगमा खराव मानिन सक्छ । रैती, मोही, बेठ, झर ाली, कुतवाला यस्ता शयौं शब्दछन् जुन सँधै नकारात्मक थिएनन् । अर्धचेतन अवस्थाको समाजमा भ्रम सृजना गरिनु हुँदैन । पौरस्त्य सभ्यता र संस्कार महान, सुसंस्कृत र बैज्ञानिक भएर पनि मेकाउलियन पद्धतिले "गोराको महान" भन्ने संस्कार छाप छोडेको छ । महात्मागान्धी र नेहरूमा यही सोचको अन्तर थियो । भारतीय राजनीति नेहरूको सोचले ग्रसित भएकाले आजसम्म पनि त्यहाँबाट औपनिवेसक सोच हट्नै सकेको छैन । त्यसले नेपालको  राजनीति, अर्थनीति र सभ्यतामा नराम्रो  प्रभाव पारेको छ । सबै क्षेत्रमा पछि पार्दै लगेको छ ।

७. पौरस्थ्य सभ्यताको गण, लोक, प्रजा, जन शब्दहरूले जनताको कदर गर्ने भावनालाई दर्शाउँदछन् । उक्त सबै शब्दले सामान्य अर्थमा 'मानिस' जातिलाई जनाउने भएपनि व्यवहारमा गणले समष्टिलाई नभएर एउटा झुण्ड भन्ने अर्थ जनाउँछ । सेनामा रहेको गण यही अर्थमा प्रयोग भएको हो । नेपालका दलले २०६२ सालपछि प्राज्ञिक बहसै नगरी यी शब्दको प्रयोग गरेका हुन् । उनीहरूले प्रजातन्त्रको अर्थ राजाका रैती, दास, नोकर भनेर गलत अर्थ लगाएका हुन् । यो गलत प्रयोग हो, दास-मनोदसाको उपज हो । ईशाईले वैदिक (हिन्दु) धर्म संस्कारसंग गाँसिएका सबै शब्द फेर्ने लहरमा यो फेरिएको हो । बिदेशीको इशारामा नेपालीत्व सबै  फेर्न लगाएका हुन् । राष्ट्रिय झण्डा, राष्ट्रिय पोशाक (लबेदा सुरूवाल), राष्ट्रिय भाषा, राष्ट्रिय धर्म, राष्ट्रिय सम्बतसर, राष्ट्रिय गान, राष्ट्रिय मान्यता आदि सबै बदल्ने प्रस्ताव मिशनरीको हो, औपनिबेसिक सोचको हो ।

८. त्यही क्रममा *लोकतन्त्र* पनि एक हो । पश्चिमाहरू आफ्नो पनमा कट्टर छन् तर अरूका राम्रा संस्कार पनि बदल्न चाहन्छन् । वैदिक राजधर्ममा सबैभन्दा उपयुक्त शब्द "प्रजातन्त्र" हो । *प्रजा* शब्दको अर्थ प्रकृतिमा जन्मेका (प्र+जा) सबै जीव र वस्तु (पञ्चतत्त्व) समेत भन्ने हुन्छ, *तन्त्र* भनेको शासन सुब्यबस्था मिलाउने शास्त्र अथवा राजनीति-शास्त्र भन्ने हुन्छ । र्को शब्दमा प्रकृतिमा जन्मेका सबै प्राणी (जलचर, नभचर, उभयचर, स्थलचर तथा स्थावर, जंघम अनि पञ्चतत्त्वादि) सबैलाई सम-न्याय गरेर चलाईने शासन, सम-हक संरक्षण गर्ने शासन, तिनको विकास उन्नति गर्ने शासन भन्ने अर्थमा हुन्छ । यस भित्र नदी संरक्षण, जल संरक्षण, वन संरक्षण, वृक्षसंरक्षण, वायु

संरक्षण, समष्ठी वातावरण संरक्षण कुरा आउँदछन् । प्रजातन्त्र भित्र सम्पूर्ण पर्यावरण शास्त्र समावेश हुन्छ । हरेक यज्ञ गर्दा शान्ति वाचन गरिन्छ । शान्ति वाचनमा जे उल्लेख गरिएको छ त्यो प्रजातन्त्रको परिभाषाभित्र पर्दछ । वास्तबमा त्यही नै वैदिक साम्यबादको सूत्र पनि हो । लोकतन्त्रको अर्थत मानव बाहेक अरू (सबै प्राणी, पृथ्वी, आकाश, जल, तेज, वन, जडिबुटी, नदी, कुण्ड, ताल) कसैको हक संरक्षण हुँदैन । तिनको हक हित र सुव्यवस्थाकालागि राज्य बोल्नु पर्दैन ।  यसरी लोकतन्त्र शब्दको प्रयोग लहै लहैमा भएको हो । यो राष्ट्रिय पहिचान मेटाउने प्रयत्न मद्धे एक हो । नेपालको मायागर्ने जो कोहीले यस्तो अपब्याख्या गरेर नेपाललाई नै घात हुने काम गर्न हुदैन ।

९. नेकाँले प्रजातन्त्रको मसिहा भन्छ तर व्यवहार तानाशाही छ । दलको विधान प्रजातान्त्रिक करण गर्ने कि अलिगार्की शैलीमा जाने भन्ने अनिर्णित छ । यो बिबाद बुढा र युवा पीढी बिचमा छ, परिवारबादी सत्तामोही र लोकतान्त्रिक जनमोही नेता जन्माउनेहरू भन्ने बिचमा छ । बिसं १९९७ सालदेखि आफुलाई प्रजातन्त्रको अविभावकमा उभ्याउँदै आएको यो दल प्रजातन्त्रलाई राष्ट्रिय संस्कारमा रूपान्तरण गर्नुपर्ने बेलामा राणाकालीन शैलीमा रूपान्तरण गर्नु दुःखद पक्ष हो । नेहरू डक्ट्राइन अनुसार उन्मुख हुदै गएको छ । यस दलको आन्तरिक चुनाव, संसदीय दलको नेता चयन फौजदारी अभियोगका मुद्दा फिर्ता, जेलपरेका अपराधीले चुनाव लड्न पाउनुपर्छ भन्ने टेक, तथा आततायी अभियोगमा आम माफी पाएका प्रम हुने त्यस दलको इतिहासले प्रजातान्त्रिक नियत नभएको साबित हुन्छ ।

प्रजातन्त्रकोलागि संरक्षकत्व दिने दलका रूपमा चिनाउँनुको साटो आततायी साम्यवाद सरह अप्रजातान्त्रिक अभ्यासहरू बढाएको छ । यो दल प्रजातन्त्रको अर्थ बुझ्ने र बनुझ्ने, बी.पी.को विचार बचाउने र नबचाउने समुहमा विभक्त छ । असन्तुष्टी छन् । समष्टिमा राष्ट्रप्रति संवेदनशील नभएको, विदेशीको दलाली गरेको आरोप छ । गंभीरतापूर्वक आत्माआलोचना नगरे यी आरोप यथावत रहनेछन् ।

यो दल प्रजातानित्रक रूपमा परिचालित हुन नसक्ने प्रमुख कारण यसको विधान हो । विधानले नै दललाइ प्रजातान्त्रिक आचरणको बनाउन नसकेको हो । यिनै गल्तीका कारण प्रजातन्त्र भनेको छाडापन र दल भनेको एक व्यक्तिको हैकमवादी चल्ने शासनमा जँचिएको छ । यस दलमा माथिल्ला तहले निर्णयसम्म नगरेर तल्लातहमा आदेश लाद्ने गर्दछन् । दलको आन्तरिक विधान नै यस्तो छ कि माथिल्ला तहको आदेश मानेर भक्तिभाव नदेखाउने मानिस दलभित्र अट्न शक्दैन । भातृसठनहरूले पनि आ-आफ्नो विचार प्रस्तुत गर्ने हैसियत राख्दैनन् । उनीहरूमा पनि आदेशकै पालना हुन्छ ।

१०. नेपालभित्र बिदेशीबाट हुने गरेका सीमा अतिक्रमण, अवैध प्रवेश र गिरफ्तारी, डुवान, सुपुर्दगी, हवाई उडान जस्ता ज्यादाती हुँदा यो दल सदा मौन बस्दछ । दलभित्र कार्यकर्ताको विचार सुनिदैन, आवाज दबाइन्छ । भातृसंगठनहरू तथा दलका तल्लातहका निकायलाई केन्द्रबाट विगठन गर्ने प्रथानै अप्रजातान्त्रिक शैलीको प्रमाण हो ।

संसदमा दुइ तिहाई सीट पाउने काँग्रेस त्यसपछिका सबै चुनावमा तल गिर्दै जानु, सामान्य बहुमत पनि ल्याउन नसक्नुमा संस्थागत प्रजातान्त्रिक शैली हो । यस दलले विधान, व्यवहार र सिद्धान्त समेतमा परिवर्तन ल्याएन भने अझ तल झर्छ । प्रजातान्त्रिक अभ्यास गराउन सक्ने, आदेशात्मक होइन, निर्णयात्मक हुने, तहतहमा व्यापक छलफलबाट बहुमतबाट निर्णय गरिने, उम्मेदवार साधारण सदस्यबाट चुनिने हुनु पर्दछ । काँग्रेस प्रजातन्त्रको महत्त्वपूर्ण राजनैतिक संगठन भए पनि प्रजातान्त्रिक सिद्धान्त र आचरणबाट टाढिनु हुँदैन । यसले सामन्तवादी संस्कार त्याग्नुपर्छ ।

११. प्रजातन्त्र भनेको कोरा नारा मात्र होइन । यसले नेपालीमात्रको जीवन पद्धति, दैनिक आचरण र चरित्रमा समेत प्रजातान्त्रिक आचरण गराउन सक्नु पर्दछ । त्यहींनेर काग्रेस असफल भएको छ । काग्रेसले जे पनि काम गर्ने र उसले गरेका जुनसुकै काम पनि प्रजातान्त्रिक हुन् भन्ने गलत कुरा मात्र होइनन्, राजनीतिशास्त्रका विद्यार्थीलाई भ्रमित पार्ने काम हुन् । प्रजातन्त्रका मामलामा यसले अरू दललाई समेत प्रयोगले मार्गदर्शन गराउनुपर्छ, आफैले बाटो विराएरकोले सारा शासनव्यवस्था नै अलमल्लमा परेको हो । बरू तानाशाही र अराजकतामा विश्वासगर्नेहरूलाई ढोका खोलिदिएको छ । यसै कारण भ्रष्ट्राचार पन्पेको छ, प्रशासन लथालिङ्ग भएको छ, विकास अवरूद्ध भएकोछ, सेवाग्राही सेवाबाट बञ्चित भएका छन् । राष्ट्रियतकोलागि चाहिने जन भावना मरेको छ ।

१२. प्रजतन्त्रलाई दिगो बनाउन पनि आमूल परिवर्तनको खाँचो छ । प्रजातन्त्र परिवार र गुटको होइन, आम नेपालीको धरोहर हो भन्ने अवधारणा अनुकुल आचरण गर्ने खाले निर्णयको आवश्यकता भएको छ । यदि काङ्ग्रेस र राप्रपा लगायत प्रजातन्त्रमा विश्वास गर्ने दलले यसो गरेनन् भने लामो इतिहास बोकेका प्रजापरिषद्, गोरखापरिषद् जस्तै यी दलको अस्तित्त्व पनि विलय हुन सक्छ । लगातार पतन हुनु नै संकेत हुन् । हुनु पर्ने परिवर्तनमा विधान र व्यवहार मुख्य हुन् । परिवर्तन गराउन युवा वर्ग अगाडि सर्नु पर्दछ । दलको विधान र परम्परालाई प्रजातान्त्रिक बनाउनु पर्छ । माथिल्ला निकायका पदाधिकारी स्वतः महाधिवेशन सदस्य हुने चुनिनु नपर्ने पद्धति हट्नुपर्छ । प्रत्येक पटकको चुनावमा थपिने नयाँ मतदाताले चाहने अभिमत पनि पुरानाले लिन जरूरी हुन्छ । अर्कोतिर नेताले विगतमा गरेरका कामसंग

मतदाता सन्तुष्ट छन् कि छैनन्, त्यसको पनि मूलंकन हुन्छ । त्यसकारण केन्द्रिय र अरू सबैतहमा स्वतः महाधिवेशन सदस्य हुने प्रथाको अन्त्य गरी निर्धारित अवधी (५ वा ४ वर्ष) मा प्रत्येक पटक सबै तहका सबै पदाधिकारी तल्लोतहदेखिनै निर्वाचित भएर आउनु पर्ने गरी विधान संसोधन हुनु पर्दछ ।

दोश्रो कुरा, कार्य समितिमा मनोनयन गर्ने प्रथा दलीय तानाशाही हो । सबै तहका सबै कार्य समितिका सबै पदाधिकारीहरूको पुर्ति निर्वाचनबाटै हुनु पर्दछ । तेश्रो, सासद उम्मेदबारीकालागि केन्द्रले टिकट दिने प्रथा नराम्रो र अप्रजातान्त्रिक छ, यस्ले दासपन र चाकरी प्रथा बढाएकोछ । दलीय तानाशाही बनाएको छ । राणा कालको कर्मचारीको पजनी प्रथा जस्तो छ । यस्ले धनको चलखेल पनि बढेको छ । यो बैज्ञानिक र प्रजातान्त्रिक हुन नसके आम चुनावको कुनै महत्त्व हुन सक्दैन । त्यसकारण आआफ्ना सांसदको चयन गर्ने प्रथाको व्यवस्था दलको विधानले गर्नु पर्दछ । जुन निर्वाचन क्षत्रकोलागि उम्मेदबार हुने हो त्यस दलका त्यसै निर्वाचन क्षेत्रका साधारण सदस्यले आफुमध्येबाट चयन गर्ने प्रथा हुनु पर्दछ । पहिलो चयनमा ५० प्रतिशत मत ल्याउन नसके सबैभन्दा बढी मत ल्याउने दुइजनाबीच पुनः चुनाव गराएर ५० प्रतिशतभन्दा बढी मत पाउने व्यक्ति त्यस निर्वाचन क्षत्रको त्यस दलको उम्मेदबार हुने व्यवस्था बिधानमै गर्नु पर्दछ ।

१३. सबै तहका जनप्रतिनिधिले आफ्नो निर्वाचन क्षेत्रका जनविचार लाई स्वतन्त्र रूपले प्रयोग गर्न पाउनुपर्छ, दलले ह्विप लगाउन नपाउने हुनुपर्छ । एक लाख मतदाताको एक निर्बाचन क्षत्र बनाइनु पर्छ, धेरै संख्याको सांसद जनताको भार मात्र हुन्छ ।

१४. चोथो कुरा हो, जनप्रतिनिधि हुन निश्चित योग्यताको निधर्नारण । सांसद हुनकोलागि योग्यताको निर्धारण नहुने हो भने कुनै पनि सांसदले योग्यता क्षमता र सीप बढाएर आफुलाई प्रतिस्पर्धी बनाउन चाहँदैन । ऊ सदा असक्षेम रहिरहन्छ । त्यस्ता सांसदबाट देशले कुनै पनि आशा गर्न सक्दैन । त्यसकारण दलले दुइ प्रकारका योग्यता निर्धारण गर्नु पर्दछ, एउटा शैक्षिक र अर्को अनुभव-चरित्रको । शैक्षिामा गाविस, जिल्ला, क्षेत्र र केन्द्रस्तरमा क्रमसः एसएलसी, इन्टरमिडियत, ब्याचलर र पोष्ट ग्र्याजुयट अनिवार्य गराउनु पर्दछ भने अनुभवकालागि सम्बन्धित निकायमा निर्वाचित भई एक पदाबधी काम गरेपछि मात्र त्यसमाथिको निकायमा उम्मेदबार हुन पाउने हुनु पर्दछ । चरित्रमा कहिं खुनखोट नलागेको ।

पाँचो हो ह्विप प्रथाको अन्त्य । यस्को अन्त्य नहुने हो भने विचार र वैयक्तिक स्वतन्त्रताको कुनै औचित्य रहँदैन । उसलाई नियन्त्रण गर्ने त दलको

नीति र कार्यक्रम हो, जसको विरोधमा गए ऊ स्वतः निस्कासित हुन्छ । फेरि ह्विप प्रथा लगाउने हो भने धेरै सांसद किन चाहिन्छन्, एउटै नेताले निर्णय गरे भइनै हाल्दछ । प्रजातन्त्रमा विश्वास गर्नेले यो प्रथानै उन्मुलन गर्नु पर्दछ ।

छैटौं हो जनप्रतिनिधित्व र दल प्रतिनिधित्वको निर्धारण । यसलाई विधानले नै स्पष्ट गर्नु पर्दछ । अथवा दललाई जनमतको आधारमा प्रतिनिधित्व गराउने हो भने निर्वाचित हुने संख्याको सूचि बनाएर एक नम्बरबाट क्रमशः चुनिदै जाने (सिंगल ट्रान्सफरेवल मत प्रणली) लागू गरिनु पर्दछ । यस प्रथामा देशका जुनुसुकै मानिस जुनसुकै ठाउँबाट चुनिएको ठहर्छ । त्यसो नगरेर निर्वाचन क्षेत्रबाटै प्रतिनिधित्व गराउने हो भने उम्मेदबार सोही निर्वाचन क्षत्रकै स्थाई वासिन्दा हुनु पर्दछ । अन्यथा उसले न जनताको प्रतिनिधित्व गर्न सक्दछ नत प्रतिनिधित्य कायम गर्न । त्यसो भए मात्र उसले ती जनताको सेवा गर्ने बानी बस्दछ । निर्वाचन क्षत्र विकासकोश प्रथाको अन्त्य नै हुनु पर्दछ । त्यो वास्तवमा सेतो भ्रष्ट्राचार हो ।

१५. कुनै जात, बर्ण, धर्म, क्षत्र, लिङ्क, संघ, दल वा त्यस्तै अन्य कुनै एकल कुराले मात्र प्राथमिकता पायो भने त्यहा प्रजातन्त्र भएको मानिदैन । एउटाले हेपिएकको महसुस गऱ्यो भने उसले सके बिद्रोह गर्दछ नसके असहयोग गर्दछ । २०५०-२०६०को दशकमा सत्तामा बस्ने दलले मात्र प्रश्रय पायो । अहिले पनि आरक्षण आदिबाट कुनै जात बिशेष, स्थान बिशेषले मात्र सुबिधा पाएका छन् । यस्ले प्रजातान्त्रिक अभ्यास, वैयक्तिक स्वतन्त्रता र राष्ट्रियता ढलमलाएको छ, राजनीति अस्थिर र तरल भएको छ, बिकासगति अबरूद्ध भएकोछ र सबैभन्दा बढि बिदेशी शक्तिले हालिमुहली गरेको छ ।

नेपालका सबै मत, बिचार, बर्ण, जात, धर्म, लिंग, पेशा, स्थान बिशेषको भेदभाव अन्त्य हुने योग्यतमले कामको जिम्मेबारी पाउने, सबैले आ-आफ्नो क्षमता अनुसार पूर्ण समयकोलागि रोजगार पाउने योजना र कार्यक्रम मात्र राष्ट्रबादी योजना हुन सक्दछन् । त्यस्तो योजना ब्यबस्थित बस्ती पद्धति (मोडेल) बाट बाहेक अरू कुराबाट संभव हुन सक्दैन ।

प्रजातन्त्र कमजोर हुँदा राष्ट्रिता पनि कमजोर हुन्छ भन्ने कुरा अप्रजातान्त्रिक कार्य शैलीले नै साबित गरिसकेको छ ।

०००

# अध्याय ९

# आर्थिक राष्ट्रियता

## राष्ट्रवादी अर्थनीति

१. आर्थिक राष्ट्रबाद राष्ट्रियताका अरूतत्त्वभन्दा बढि महत्त्वको हुन्छ । मुलुकले शक्ति आर्जन गर्न धन चाहिन्छ । धन आर्जन गर्ने भनेको देशभरका जनतामा भएको श्रमको सदुपयोग हो । श्रम नै धन हो । श्रम लगाउने क्षत्र कृषि, कृषि–उद्ययोग, उद्योग धन्दा, व्यापार हुन् । व्यापारमा निर्यातले आयातलाई जितेको भए मात्र मुलुकमा आय थपिन्छ । सम्पूर्ण नागरिकले पूर्ण रोजगार पाउने वातावरण बनाउने दायित्व राज्यको हुन्छ । प्राकृतिक श्रोतसाधनको सही सदुपयोग हुने दिगो नीति बनाउने काम पनि राज्यको हुन्छ । विश्व प्रतिस्पर्धी बनाउन ज्ञान, शिप र क्षमता बढाउने काम पनि राज्यको हुन्छ । शिक्षा पद्धति तदनुरूपको बनाइनु पर्छ । योजनाको छनोट रयोजना सस्तो र समयमा पुरा गर्ने गराउने अठोट राज्यले नै गर्नु पर्छ । किनकि आर्थिक राष्ट्रबाद राजनीति र सांस्कृतिक राष्ट्रबाद भन्दा महत्त्वपूर्ण हुन्छ । विदेशीने नेपालीले राजनीति राष्ट्रवाद तुरून्तै गुमाउँछन् भने सांस्कृतिक राष्ट्रवाद एकआधा पुस्तापछि ।

२. विकास भनेको आर्थिक सम्पन्नता र सामाजिक सौहार्यता हो । प्रजातन्त्र भनेको राष्ट्रियता, बहुविचारको सम्मान र सामाजिक न्याय हो । प्रगतिसंग राष्ट्रियता र प्रजातन्त्र गाँसिएको हुन्छ । माटो प्रतिको माया नै राष्ट्रभक्ति हो । माटोभित्रका स्रोतको सही परिचालनबाट बलियो र समुन्नत राष्ट्र बनाउने नै राष्ट्रवादी अर्थनीति हुन्छ ।

३. आर्थिक राष्ट्रवाद राष्ट्रियताको सबैभन्दा महत्त्वपूर्ण पाटो हो । आर्थिक राष्ट्रवाद राष्ट्रलाई समुन्नत बनाउने प्रण हो । जुन मुलुकका जनतामा राष्ट्रियताको भावना गहिरो र शुद्ध छ, त्यस मुलुकमा कुनै खाले भ्रष्ट्राचार हुँदैन । वनमा चोरी तस्करी हुदैन । कुनै पनि कार्यालयी काममा र कमको लेनदेन हुँदैन । कर्मचारीले प्रतिवर्ष प्रतिव्यक्ति आय भन्दा बढी तलबको माग गर्दैन । भन्सार लगायत आयात निर्यातमा तोकेकोभन्दा बढी रकम लिईदैन । शिक्षकले नियमित पढाई गर्दछन्, विद्यार्थीले अनुशासित भएर पढ्दछन् । राजनीति स्वच्छ र सेवाभावले गरिन्छ । कुनै पनि पदासीनले आफ्नो र अर्काको मानिस भनेर विभेद गर्दैन । ब्यापारीले जम्माखोरी, कालाबजारी गर्दैन । सबै खाले व्यवसायीले वार्षिक दश प्रतिशत भन्दा बढी मुनाफा गर्ने लक्ष राख्दैनन् । बैङ्कले सामन्ती कारोबार गर्दैनन् । ठेकेदारले नक्कली काम गर्दैन । उपभोक्ता र उत्पादक बिच मध्यस्त ब्यापारी हुदैनन् ।

यति भएपछि मुलुकमा महङ्गी हुँदैन । राष्ट्रवादीले भ्रष्ट्राचारलाई अपराधी काम ठान्दछ । भावी पिढीँको खाने गास खोसेको ठान्दछ ।

४. हरेक नागरिकले सकारात्मक सोच्दछ, उसलाई थाहा हुन्छ कि भ्रष्ट्राचार गर्नेले आफ्नो परिवारलाई जति सम्पन्न गराउँछ उसले त्यो काम नगरे देशको सबै परिवार त्यत्तिकै सम्पन्न हुन्छन् । देशले छिटो प्रगति गर्दछ । सबै सेवाका कामहरू पद्धतिले चल्दछन् । सत्तामा रहनेले सेवाभावले मात्र काम गर्दछ । राजनीतिलाई निस्काम भावले गरिने सेवा, योगी हुने सेवाको भावले गरिने सेवा ठानिन्छ । कुनै पनि भ्रष्ट्राचारीलाई समाजले घृणा गर्दछ, छीछी र दूरदूर गर्दछ । राजनीति विकासकालागि हुन्छ । दलीय पद्धतिमा दलले आर्थिक उन्नति कस्ले कसरी छिटो गर्दछ भन्ने होडबाजीमा गर्दछ । त्यसैले भ्रष्ट्राचारीलाई अराष्ट्रिय तत्त्व भनिन्छ ।

५. आर्थिक राष्ट्रबाद त्यस बेला सफल हुन्छ जब देशमा राष्ट्रवादी अर्थनीति हुन्छ । त्यसमा राष्ट्रिय मूल नीति हुन्छ । नीति अनुसार राज्य चल्दछ । केही कुरा पनि व्यक्ति अनुसार, व्यक्ति परक हुँदैन । विद्यूत उत्पादन सस्तो हुन्छ । यो राज्यले आफै गर्दछ, राज्यको नेतृत्वमा जनतासंग मिलेर गर्छ । आफ्नै स्रोतले गर्दछ ।

६. उत्पादनसित सम्बन्धित काममा कुनै प्रकारको भन्सार, शुल्क, सलामी, दस्तुर, कर केही पनि लिईंदैन । यसो गर्दा सं. २०६८को मोलमा प्रतियुनिट बिजुली उत्पादन खर्च तीन रूपैयाँ भन्दा कम पर्दछ । त्यसले आयातित खानापकाउने ग्यासलाई तुरून्तै शतप्रतिशत विस्थापन गर्दछ । त्यसबाट राष्ट्रलाई प्रति महिना २५/३५ अर्ब रूपैयाँ जोगाउँ छ । ट्रली बस, रेल र रोपवैहरू बिजुलीबाट चल्दछन् । त्यसबाट डिजेल खर्च घट्छ, बिदेशीने रकम जोगिन्छ । यसबाट खरबौ रूपैयाँ बचत हुन्छ । यातायात सस्तो पर्दछ । बिजुली सस्तो भएपछि बिद्यूतीय सबारी साधन चल्दछन् । पेट्रालको आयात घट्छ ।

७. कृषि र वनलाई व्यवस्थित बस्ती पद्धति अनुसार दीगो व्यवस्था गरेबाट कृषि र गैरकृषि व्यवसाय अलग्ग छुट्टिन्छ । जीविकोपार्जन कृषि घर घरको बनाइनु पर्दछ भने कृषि उद्योग उद्योग नीति अनुरूप हुनु पर्दछ । यस क्षत्रमा ८० लाखले पूर्ण रोजगार पाउँछन् र कृषि पैदाबार आफुलाई पुगेर निर्यात योग्य बन्दछ । यस्कोलागि चकला बन्दी र न्यूनतम शिलिङ कानुनबाट निर्धारण गरिनु पर्छ ।

८. हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास सिद्धान्त अनुसार विकास गरेपछि प्रतिवर्ष ५ करोड थपिदै ५० करोडसम्म पर्यटन थपिन्छन । एक जना नेपालीले १६ जना पर्यटक प्राप्त गर्दछ ।

९. कर प्रणालीमा आम्रल परिबर्तन गरिनु पर्छ । कर जन सेवाकालागि मात्र उठाइन्छ । कर प्रगतिशिल हुन्छ । देशभरका सबै परिवारको भलाइ गर्न मात्र हुन्छ । कुल राजस्वको ३५ प्रतिशत भन्दा बढि प्रशासनिक खर्च गरिदैन । राजस्वको ६५ प्रतिशत भन्दा बढी बिकास आयोजनामा खर्च गर्ने मुलुकमा मात्र राष्ट्रबादी शासन व्यवस्था हुन्छ ।

१०. जनताले सेवा नपाईकन राज्यले देशबाट कर लिन हुँदैन भन्ने नीति हुन्छ । जुन राजनेतामा त्यागको भावना हुँदैन, उसले प्रजाबाट कुनै प्रकारको कर दस्तुर असुल गर्ने अधिकार रहँदैन भन्ने पौरस्थ्य मान्यता हो । राजस्व न्यायोचित धनबाट मात्र उठाइनुपर्दछ । राजा रामका पालामा पनि कर ठीक त्यसै गरी लिइन्थ्यो जसरी सूर्यकिरणले धर्तीबाट पानी सोसेर लिन्छ । राज्यले कर अवश्य लिन्छ, तर कर तिरेको कसैलाई थाहा हुँदैन । अर्थात् जहाँ धेरै पानी हुन्छ त्यहाँबाट धेरै, जहाँ कम हुन्छ त्यहाँबाट थोरै सोसिन्छ । फेरि सोसेको जल मेघ बन्दछ र वर्षाको रूपमा पुनः धर्तीमा नै फर्काइन्छ । तर भूमिमा वृष्टि भने बराबर पर्ने गरेर बर्साइन्छ । धेरै धन हुनेबाट धेरै र थोरै हुनेबाट थोरै कर उठाए पनि त्यसको विकास प्रतिफल सबैले समान रूपमा पाउने गरेर वितरण गर्नु पर्दछ ।" यसरी रामराज्यमा प्रगतिशील (प्रोगेसिभ) कर सिद्धान्त र समाजवादी विकास सिद्धान्त लागू गरिए अनुसार आज पनि हुनु पर्छ । नेपाली जनताले चाहेको कुरा पनि त्यही हो । वैदिक संस्कारका हामी त्यो आदर्श बिर्सिसकेका छौ । यसलाई पुनर्स्थपना गर्नु पर्दछ ।

११. आर्थिक प्रकृया र नीतिले मात्र राष्ट्रबादी आर्थिक योजना सही परि चालन हुन्छ । आर्थिक नीति अत्यन्त प्रभावकारी हुनुपर्छ । राष्ट्रबादी अर्थनीतिमा मानिसले बिश्राम पाउँछ तर आयोजनाले फुर्सद पाउँदैन । चौबिसै घंटा कमसेकम तीन शिफ्टमा आयोजनाका काम सुसंचालन हुन्छन् । कुनै पनि हडताल बन्द हुँदैनन्, भए पनि त्यसले विकास आयोजनालाई कहिल्यै नकार ात्मक प्रभाव पार्दैन । ओजना अबधिभर आयोजना प्रमुखको फेरबदल हुँदैन । आयोजना चालु भएपछि आर्थिक बर्षका नाममा बजेट फ्रिज हुँदैन । बजेट आयोजना अबधिभर फ्रिज हुँदैन । ठेक्कापट्टा टेन्डरआदि एकै पटक गरिन्छ, बर्ष बदलिदैमा पुनः पुनः गरिदैन । आयोजनको समय लम्बिदैन, बजेट थपिदैन, ढिलाई हुँदैन ।

१२. सारांशमा राष्ट्रबादी विकास भनेको द्रुत, इमान्दारी, सकारात्मक, सहयोगात्मक, दीगो र निस्पक्ष रूपमा पद्धतिले चल्ने हो । यस अनुसा बिकास भनेको आर्थिक सम्पन्नता र सामाजिक सौहार्यता हो । प्रजातन्त्र भनेको राष्ट्रियता, बहुबिचारको सम्मान र सामाजिक न्याय हो । राष्ट्रबादी प्रगतिसंग राष्ट्रियता र प्रजातन्त्र गाँसिएको हुन्छ । माटो प्रतिको माया नै राष्ट्रभक्ति हो भनेर सबैले बुझ्दछन् । राष्ट्रियता सम्बर्धन गर्ने शिक्षा पद्धति हुन्छ । शिक्षा

राष्ट्रबादी हुन्छ । त्यो निशुल्क हुन्छ, रोजगारमुलक हुन्छ अनि हुन्छ आदर्श र चरित्रवान अनुशासित समाज बनाउने ।

## उदारअर्थवादबाट राष्ट्रिय अर्थनीतिको विस्थापन :

१. आर्थिक उदारबाद र पृथ्वीकरणले अन्तरराष्ट्रिबादलाइ मान्यता नभएको कारण धनी देश र गरीव देश बिच यो भेदभाव बढेको छ । यसले धनी र गरीव देश बिच झनझन ठुला खाडल बनाउदै गएको छ । आर्थिक उदार बादको नीतिमा गरिबले धनीसंग, सानो उद्योगले ठुलोसंग, गरिव देशले धनी देशसंग प्रतिस्पर्धा गर्न सक्तैनन् । यसबाट तल्लो तहदेखि संगाल हुँदै जान्छन् । जसरी पनि केवल धनी देशलाई मात्र फाइदा पुग्नेछ । त्यसपछि गरीब देशका नागरिक दास र धनी देशका मालिकको रूपमा बस्नु पर्ने बाध्यता हुन्छ । त्यसपछि चाणक्य, लेनिन, लीक्याउन जस्ता नजन्मेसम्म संतुलित समाज बन्न सक्तैन । समस्या समाधान गर्न युगपुरूष जन्मनुपर्छ, जुन जन्मन झण्डै दुइ शताब्दी लाग्छ । त्यसबेलासम्म पृथ्वीको रूप आर्कै भइसक्नेछ ।

२. यदि राष्ट्रवादलाई गौण मानेर पृथ्वीकरण र उदार अर्थनीतिलाई मात्र मान्ने हो भने उग्रसामन्तवादको अभ्युदय हुनेछ । पृथ्वीकरणको अर्थ एक विश्वको रूपमा नमानेसम्म यो भेदभावको अन्त्य कहिल्यै हुँदैन । यसलाई सन्तुलन गर्न दुइमध्ये एक काम गर्नुपर्छ । पहिलो, राहदानी र प्रवेशाज्ञाको अन्त्य गरेर विश्वभर जहाँ पनि बस्न र रोजगार गर्न पाउने 'बसुधैबं कुटुंबकम्' पद्धतिले मान्यता पाउनु पर्दछ । दोस्रो, 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' हुनु पर्दछ । अर्को शब्दमा सीमाविहिन विश्व वा राष्ट्रवादको चयन गर्न पाउने छुट स्पष्ट हुनु पर्दछ । यदि यो कुरा लागू गरिदैन भने उदार अर्थनीति, पृथ्वीकरण र विश्व व्यापार संगठन जस्ता पद्धति खारेज हुनु पर्दछ ।

३. किनकि आज ७ अर्ब विश्वका मानिस संग विश्वको कुल पूँजिको २० प्रतिशत मात्र छ । बाँकि ८० प्रतिशत पूजि केबल १००० जना धनाढ्यका हातमा छ । यो समाजवाद होइन, यो त सामन्तबाद हो, शोषणबाद हो, लुटबाद हो, उग्र पुँजिवाद हो । विश्वको खाँचो वैदिक समाजबादको हो । यस अर्थनीतिमा कोही विपन्न हुँदैन, कोही अति धनाड्य हुँदैन । आफू र आफ्ना परि वारले उपभोग गरेर बाँकी सबै सबै व्यक्ति आफैले गरीबलाई बाँड्दछ । शिक्षा र ज्ञानले दान-धर्म पद्धति सशक्त हुन्छ ।

४. नागरिक समाजका दीक्षितहरू, शिक्षक र पण्डितहरू सबै रातारात करोडपति बन्ने डलर खेतीको धन्दामा छन् । तिनको चेतनाको स्तर छैन भन्न मिल्दैन तर अर्ध चेतन समाजको मनोभावबाट ग्रसित छन् । पश्चिमाले 'गरि वी' र 'अचेतन' समाजको फाइदा लिएका छन् । त्यो भौतिकबादी सोचको उद्देश्यनै हो । जनताको माग दाल, भात, रोटी, कपास, वासको हो । त्यो मात्र पूरा भए जीवनस्तर उचालिन्छ । तर नेतृत्व गर्ने ज्ञय भनिएकाले गरीबको

संख्या बढाउने र थोरै धनीका घरमा राष्ट्रको पूँजि एकहट्टिने हुने' भौतिक उपभोक्तावादी अर्थनीति आयात गरेका छन् । यो देशकै दुर्भाग्य हो । 'समावेशी' अथवा 'आरक्षण' सँग पनि यसको सम्बन्ध छ । 'जो अगुवा त्यही बाटो हगुवा' भएको छ ।

५. देशमा साधन श्रोतको कमी छैन । प्रगति द्रुत रूपमा गर्न नसकिने अवस्थै छैन । बिदेशीकहाँ सल्लाह महसुरा माग्न दौडनु पर्ने अवस्था नै छैन । बिदेशीलाई सल्लाहकारमा राख्नु पर्ने अवस्था पनि छैन । बिदेशी सहयोगकालागि भिखारी बनेर हात फैलाउनु पर्ने अवस्था पनि छैन । मात्र चाहिएको छ चेतना । चेतन हुने बित्तिकै इमान्दार हुन्छ, इमान्दारीबाट सुसम्पन्न हुन्छ । इमान्दार मात्र राष्ट्रबादी हुन्छ । राष्ट्रबादी मात्र प्रतिबद्ध र मिहिनेती हुन्छ । त्यस्ता सज्जनमा स्वार्थ हुँदैन, केवल समपर्ण भाव हुन्छ । त्यस्तामा मात्र थोरै खर्चमा धेरै विकास गर्ने क्षमता हुन्छ, लाग्ने समयभन्दा पनि छिटो पुरा गर्ने खुवी हुन्छ । त्यसबाट गुणस्तरीय, सस्तो र छिटो हुने भएबाट महंगी घट्छ । समाजले छिटोछरितो सेवा पाउँदछ ।

६. ब्रिटिश गोर्खाका व्यक्ति बेलायती बन्ने यस्तो भागदौडले नै पुष्टि गर्दछ कि आर्थिक राष्ट्रवाद राजनीति र सास्कृतिक राष्ट्रबाद भन्दा महत्त्वपूर्ण हुंदो रहेछ ।

७. चुनौतीको सामना फुटेर गर्न सकिदैन । खिचोलाकालागि खिचोलागर्ने प्रबृत्तिले राष्ट्रलाई तल गिराउँछ । तृष्णामा डुबेर काम गर्नेले देशलाई जोखिममा पार्दै लग्दछ । राष्ट्रको बृहत्तर हीतकोलागि प्रत्येक सचेत नागरिक स्वार्थबाट माथि उठेको हुनु पर्दछ । अहम् प्रदर्शनंले मनोमालिन्य बढाउदछ । मनो मालिन्य तन्काउने बस्तु होइन । योत खुँच्याउने बस्तु हो ।

८. राष्ट्रवादी अर्थनीति नबुझेका केही नमुना उदाहरणबाट यी कुराको पुष्टि गर्नु उचित होला । भनिन्छ, अगुल्टोले हानेको कुकुर विजुलीदेखि तर्सिन्छ । तर, विद्युत् प्राधिकरणको सञ्चालक समिति भने तर्सिएन । डलरबाट विजुली खरिदका गलत सम्झौताका कारण प्राधिकरणलाई परेको घाटापछि फेरि त्यस्तै नयाँ समझौत गर्न हुदैनथ्यो । तर ५० मेगावाटको माथिल्लो मर्स्याङ्दीबाट सगरमाथा पावर कम्पनीसँग डलरमा खरिद गर्ने सम्झौता गरेको छ । प्रतियुनिट ५.६ अमेरिकी सेन्टमा खरिद गर्ने, ७०% डलर र ३०% नेपाली मुद्रामा भुक्तान दिने यो समझौतापत्रले पहिलो १५%सम्म वार्षिक ३% का दरले मूल्यवृद्धि गर्दै जाँदा प्राधिकरण भयानक घाटामा जाने संकेत देखिन्छ । यो भगबानले दिएको प्राकृतिक श्रोतको दुरूपयोग हो, दलबाट भएको ।

९. देशप्रति संवेदनशील नभएको र स–सानो निहित स्वार्थमा अल्झिएर राष्ट्रमा यस्ता ठूलाठूला गल्ती भएका छन् । यसो नगरे विदेशी लगानी आउँदैन भन्नु गलत र हीनताबोधको सोच हो । किनकि यो नेपाली स्रोतबाट पनि

निर्माण गर्न सकिने आयोजना हो । नेपाली रूपैयाँमा खरिद गर्ने र ५० प्रतिशत मात्र परिवर्त्य मुद्रामा दिने शर्त राखेको भए नेपालको गलैचा, गार्मेन्ट, हस्तकलाजस्ता वस्तुले थप बजार पाउँदथे । दलले स्थापित भै सकेको सो नीति पनि गुमाएका छन् । मौलिक अर्थनीति नहुनु, भएको पनि आयातित हुनु, राष्ट्रिय मूल नीति नहुनु, सबै काममा नेपालीत्व नहुनु, अर्थज्ञको नै परनिर्भर मानसिकता हुनु आर्थिक राष्ट्रबादका चुनौती हुन् ।

१०. विश्वमै पहिलो स्थान ओगट्ने चीनको थ्री गर्जेज् एउटा ३६ वर्षे जलबिद्यूत आयोजना हो । यो जुन २०३० मा सम्पन्न हुने छ । यो बहुउद्देश्यीय आयोजनाबाट १८,५०० मेगावाट विजुली, ३९ अर्ब घनमीटरको जलासयबाट बाढी नियन्त्रण तथा जल यातायातको सुविधा हुनेछ । भारतको नदी जडान कार्यक्रम चीनको यही योजनाले उत्प्रेरित गरेको भन्ने बुझिन्छ । यसलाई पूरा गर्न नेपाली १९ खर्ब रूपैयाँ बरोबरी खर्च लाग्नेछ । सुरूमा यो योजनामा बिदेशीले ऋण लगानी गर्न खोजेका थिए । तर चिनका वैज्ञानिकको राष्ट्रबादी चिन्तनले यो आयोजना १० गुणा सस्तो बनाउन सकियो् । चीनले ऋण नलिई आफ्नै श्रोतबाट निर्माण गर्न थालेको हो । वास्तावमा आर्थिक राष्ट्रियता भनेको यही हो । नेपालले चीनको यस्तो राष्ट्रियतालाई अनुकरण गर्नैपर्दछ । विद्युत् उत्पादनको अन्तिम विन्दु भनेको प्रति इकाई मूल्य कसरी सस्तो बनाउने भन्ने हो । त्यो हुनासाथ आन्तरिक खपत र बाह्य बजारमा कुनै समस्या रहँदैन । चीनले यो विजुलीको मोल प्रति युनिट ०.२५ युआन सामान्य र ०.१० युआन कृषिलाई कायम गरेको छ । त्यसलाई नेरूमा लगभग रू. २।२५ र १।९० पर्दछ ।

११. माथि उल्लिखित सबै र अन्य धेरै यस्ता कुरा आर्थिक राष्ट्रबादका समस्या हुन् ।

१२. नेपालको आर्थिक उन्नतीकालागि तलका मुख्य समस्या हुन् ।

***व्यवस्थापकीय कमजोरी :*** नेपालका सबै दलका नेतामा व्यस्थापकीय सिप छैन, हुने पद्धतिनै अँगालेका छैनन् । जनता सक्षम नभएसम्म राज्यले संचालन गर्नु पर्दछ । निजिकरण गर्दा  राज्य र जनताबिच प्रतिस्पर्धी हुनेपार्नुपर्छ । जस्तै हेटाडा र उदयपुर बनेपछि हिमाल सिमेन्ट निजि गरियो ।

***दाता र विदेशी सल्लाहकार*** : को स्वार्थ परक बिगार्ने रणनीति । गैसस र अनुदान बिगार्ने मात्र । अथवा घाँस देखाएर भैंसीलाई दाम्लोमा बाँध्ने नीति ।

***मध्यस्त व्यापारी प्रवृत्ति :*** राज्य व्यवस्थाको असफलता हो । यो सही व्यवस्थापन गरेर कृषक दोब्बर पाउने र उपभोक्ताले आधा सस्तो पाउने बनाउन सम्भव छ । यसबाट लाखौं राजगार थपिन्छन् पनि ।

***राजनीतिक व्यापार*** : राजनीति सेवा मुलक नभएर कमाऊ मुलक छ । यो उल्टिने मूलनीति बन्नुपर्छ । राजनीति भ्रष्ट्राचारको श्रोत बनेको छ ।

***व्यापारी राजनीति*** : राजनीति व्यापार भएकोले व्यापरीले राजनीति गर्दछन् । व्यापारीका सबै कर्तुत काला र खोटी छन् । नेपालको उत्पादन सस्तो हुँदैन, प्रतिस्पर्धी हुँदैन र गुणस्तरयुक्त हुँदैन ।

***सहकारीको दुरूपयोग :*** सहकारीले व्यापार गरेको छ, ठग सराफीको काम गरेको छ । हजारौं नेपालीलाई ठगेको छ । सहकारी उपभोक्ता साना उद्योगी र किसानको एक व्यवसायको एकमात्र हुनुपर्छ । आन्तरिक खपत हुने सबै काम यसले गर्नुपर्छ । यो राज्यबाट व्यवस्थित र परिचालित गराइनु पर्छ ।

***साना किसानको बजार समस्या :*** किसानले रू.१९ । लागत गरेर उत्पादन गरेको टमाटर रू २०। मा बेचेको छ । मध्यस्त व्यापारीले रू. ६०। मा उपभोक्तालाई बेच्दछ । सहकारी मार्फत किसानलाई रू. ३०। दिएर उपभोक्तालाई रू ४०। मा उपलब्ध हुनसक्छ ।

***सरकारी बेवास्ता*** : सरकारले हरेक क्षेत्रमा हातहाल्नुपर्छ । आफैले गरेर जनतालाई बुझाउँदै जानुपर्छ । उदाहरणर्थ कफीमा ब्रु/नेस्काफे स्तरको कारखाना राज्यलेनै पब्लिक इन्टरप्राइजका रूपमा खोलेर मोल तोकेर कफी खरिद गर्नुपर्छ । त्यस्तै गर्नुपर्छ यहाँ उल्लेखित सबै खाले नगदेबाली र बंशज पेसाका घरेलु उद्योगमा ।

***ट्रेड युनियनको खारेजी :*** ट्रेडयुनियन श्रमिकको अधिकार हैन पूँजिपति मुलुकको लगाम हो । यो खारेज हुनुपर्छ । सबै श्रमी करारमा नियुक्त गर्ने र श्रमिकको संरक्षण कानुनले गर्नुपर्छ । न्युनतम पारिश्रमिक राज्यले निर्धारण गरेको ज्यालादरभन्दा कम हुनुहँदैन । हरेक उद्योगले गरेको खुद मुनाफाको एक चौथाई बोनस बाँड्नुपर्ने हुनुपर्छ ।

***व्यापार र उद्योगमा भारत समस्या :*** नेपालले भारतसंग असमान सनधी, सन्धीको जालो, असमान बयापार गरेर भूपरिबेष्ठित मुलुकले पाउने हक लिन सकेको छैन ।[६८] नेपाली पारबहनले नेपाली सामान बोक्न

---

६८. नेपाल-भारत र बजार समानताको आधारमा छैन । भारतले अतिरिक्त महसुल लिन्छ जबकि नेपालले भारतको निर्देशन नेपालको हित बिपरित गर्छ । नेपाली उत्पादित वस्तुमा भारतले लगाउने अतिरिक्त महसुल नेपाली औद्योगिक वस्तु नियन्त्रणको चावी हो । खुला र उदार अर्थनीतिमाथिको अनुदार ढोकाको चावी हो । नेपालका औद्योगिक वस्तुलाई पुरै नियन्त्रण गरेको छ । भारतले भने अनुकूल नेपाल चलेका अवस्थामा यो कर हटाइन्छ र प्रतिकुल भएमा यो बढाउँदै लगिन्छ । सात दल र माओवादीबीच १२ बुँदे समझदारी गराएर दुबैले नयाँ दिल्लीको निर्देशनमा काम गर्न मन्जुर गरेपछि १११ नेपाली वस्तुमा लगाउँदै आएको अतिरिक्त कर हटाएको थियो । (का. २०।१०।०६३) । नेपालको अदुवा, दुध, कुचो, प्लाइउड, अलैची, रूद्राक्ष, कफी, चिया जुट लगायत कृषि गैरकृषि बस्तु रोकिन्छ । भारतले नेपाली अदुवालाई भारतीय लेवल लगाएर तेश्रो मुलुक पुर्‍याउँछ (का.१६।१०।०६३) । नेपालको सरकारले सानो स्केलमा आफै स्वतन्त्र निर्यात गर्ने संयन्त्र बनाउनै सकेको छैन ।

पाउनुपर्छ । निर्बाध बन्दरगाह पाउनुपर्छ । भारतको बन्दले नेपालको बन्दर गाह र उप्रोच रोड अबरोध नहुने हुनुपर्छ । स्विजरलैण्डले सरह सुबिधा लिन पाउनु पर्छ । यो पुरै काम नेपालको सरकारको हो ।

उक्त कुरा नमुना दृष्टान्त मात्र हुन् ।

## आर्थिक समस्याका कारक तत्त्व

१. दल होइन, दलीय पद्धतिमा रहेको मानसिकता अत्यन्त घातक छ । दलका यस्ता हर्कतका कारण २३ प्रतिशत विकास बजेट खर्च गर्न ७६ प्रतिशत रेगुलर बजेट हुनुले पुष्टिगर्छ । यावत कुरा अप्रजातान्त्रिक, जनमत विपरित र दलीय तानशाही मात्र हुन्छन् । "राष्ट्रघाती नेताहरूका कारण नेपालको राष्ट्रियता गम्भीर खतरामा परेको छ [६९]।" दलले लाखौं कार्यकर्तालाई अस्थायी पदमा (शिक्षक, प्राध्यापक, संस्थान,गुप्तचर आदिमा) नियुक्त गर्छन् । पजनी प्रथाद्वारा स्थायी गर्दछन्, विधीको शासनलाई चुनौती दिन्छन् । दल यस्तै कुरामा व्यस्त रहेपछि राष्ट्रियता सम्वर्द्धन गर्ने समस्या भएको हो, कानूनी राज्य बनाई राख्न नसकेको हो ।[७०]

२. खुलासीमा पद्धतिका कारण भन्सार आय बराबरी राजस्व छली भएको छ । लाखौं नेपालीका रोजगार चोरिएका छन्, सात आठ खर्ब रूपैयाँ प्रत्येक वर्ष नेपालबाट बाहिरिने गरेको छ । विदेशमुखी नभएर स्वतन्त्र अर्थतन्त्र बनाए मात्र नेपालको राजस्व दोब्बर हुन्छ । आपसमा नलडे सुरक्षा खर्चमात्र प्रतिवर्ष २०-३० अर्बले बचत हुन्छ । यसबाट हामीले प्रतिवर्ष ५५ अर्बदेखि ११० अर्बसम्मका ठूला आयोजना आफै सञ्चालन गर्न सक्छौं । कुनै विदेशीको ऋण भार बोक्नु पर्दैन । प्रतिवर्ष ३०-५० हजार रोजगारका अवसर थप्न सकिन्छ । दुरदृष्टि बिहिन राष्ट्रघातीलाई नेता मानेर हिँड्ने नेपालले मूर्खबाहेक अरू केही होइनौं । गणेशमानले नेपालीहरू 'जनता' नभएर 'जन्तु' हुन् भन्ने टिप्पणी यदाकदा सान्दर्भिक पाइन्छ ।

३. नेपालका दलका नेताको बुद्धिहिनताकै कारण नेपालको आर्थिक उन्नति हुन नसकेको हो । किन र कसरीको पुष्टि गर्न केही घटनालाई उद्धरण गरौं । श्रम ऐन जारी गर्दा, नेपालका उद्योग इण्डियनलाई बेच्दा, महाकाली सन्धि गर्दा, विदेशीलाई नागरिकता दिने ऐन पारित गर्दा, पजेरो आयात गर्दा, कमिशन खाँदा, कर्णाली र अरूण-तीन तथा कनकाई हाइडयाम खारेज गराउन सातै दल एक भएर लाग्दा । कोशी, गण्डकी र महाकाली नदी श्रोत भारतलाई एक भएर बेचे या सुम्पे । राष्ट्रलाई बिखण्डन गर्ने काममा सबै

६९. (कीर्तिपुरमा २०६४ साल असार १ गते)

७०. कान्तिपुरः चैत्र २५, २०५७ ।

दल एक भए, अशान्ति मच्चाउने काममा एक भए तर राष्ट्र निर्माण गर्ने विकास आयोजनाका कुरा जब तिनकै हातमा आयो ती बिभाजित भए, कमाइको भागबण्डा खोजे । यी सबै बाहिरी चलखेलबाट परिचालित छन् भन्ने दलहरूको उदाङ्गोपन हो, दलहरूको लेण्डुप दोर्जी प्रबृत्ति हो[७१]।

४. तर यिनै दल बिशाल नेपालको भुभाग भारतले हडप्दा, तराइको दक्षीणी सीमानाको भूभाग डुबान गराउँदा, तीनैतिर सीमा अतिक्रमण गर्दा, भारतको मानोपोली ब्यापारमा नेपाललाई निर्भर गराउँदा दलका नेता चूप बसेकाछन् । नेपाल भूपरिबेस्ठित मुलुक हो । भूपरिबेस्ठित देशका अधिकार संरासंले तोकेको छ । दलका नेताले ती अधिकार लिन पहल गर्ने सकेका छैनन् । नेपालका गाडी भारतमा जान नपाउने र नेपालकका सामान पनि भारतले आसार्ने तर भारतका नेपालभरी जहाँ पनि जान पाउने गरी सन्धी गरेकाछन् । नेपालले विश्वभरबाट आयात गर्न र नेपाली उत्पादन विश्वभरी बेच्न पाएको छैन । त्यसता सामान्य कुरामा पनि बोल्न नसक्ने कसरी नेता हुन्छन्? कसरी राष्ट्रबादी हुन्छन्?

५. विदेशी र बिदेशी लगानीका बैङ्कहरूले राष्ट्रियतामा आघात हुने काम गर्दछन् । नेपाललाई निचोरेर बिदेश लैजान्छन् । तिनले आफ्नो नाफा धेरै देखे भने मुलुकलाई कंगाल बनाउने क्षत्रमा लगानी गर्दछन् । तिनी पसेपछि घर निर्माण र औटो लोन, जो दुबै अनुत्पादक हुन् र दिर्घ रूपमा खति गर्दछन्, तिनै र त्यस्तैमा लगानी गर्दछन् । तिनले अआफ्ना मुलुकका गाडी, र निर्माण सामाग्री आयात गराएर देशलाई बिपन्न बनाई राखेका छन् । निजी क्षत्रका जल बिद्यूत लगानी कर्ताले पनि सस्तो बिजुली उत्पादन गरेर देशमा सस्तो औद्योगिक प्रतिष्ठान बनाउने भन्दा तत्काल आफुले कमाउनेतर्फ उद्यत रहेका छन् ।

६. बेलायतले नेपालमा भित्र्याइने पेन्सन भन्दा तिनलाई बेलयाती नागरिकता दिएर त्याहीं राख्दा बेलायती अर्थतन्त्र बलियो हुने निधो गर्ने खुबी राख्छन् । यो बेलयतका शुक्ष्म राष्ट्रबादको उदाहरण हो । तर, नेपालीले बिजुली उत्पादन महंगो बनाएर शतप्रतिशत रकम बिदेशिने एल.पीजी ग्यास आयात गर्ने योजना बनाउँछन् । त्यसमा ग्यासको पाइपलाइन बिछयाउने अनुदान पाइयो भनेर ग्यासमा राज्यले रिबेट दिन्छ तर छुट दिनुपर्ने बिजुलीमा मोल बढाउँछ । नेपाली विज्ञ र राजनेता दुबैमा यो भावना नै नहुनु संक्रमणकालीन मानसिकता[७२]को उपज हो । आफना नागरिकलाई आर्थिक समृद्धि हुने गरी पूर्ण

---

७१. There is one man, a diplomat indeed but more so of the personal non grata status in our eyes, who is apparently running the day-to-day affairs of this India-locked country. Guess who he could be that? Understandably, he is the Viceroy of India but with full two life size form of Lord Pashupatinath: Ambassador Shiva Shanker Mukherjee. The menace for Nepal! Shame on the Nepalese who have been addicted to digest the Indian dictates? (An Indian rules Nepal)

७२. बिस्तृत जानकारीकालागि संक्रमणकालीन समाज र विकास (विद्यर्थप्रकाशन २०७३) पढ्नुहोस् ।

रोजगार दिन नसक्ने तर उनीहरूबाट राष्ट्रियताको आशा गर्ने गलत सोच छ, दलको सरकारमा । राष्ट्रभक्त नेपाली बनाउन आर्थिक समृद्धि पहिलो कुरा हो । समृद्ध नेपाल बनाउन पूर्ण रोजगार दोश्रो कुरा हो । राष्ट्रियताको विचारले त्यसबेलामात्र भावात्मक रूपमा काम गर्छ जब ऊ पेटभरी खाना खाने समस्याबाट मुक्त हुन्छ ।

७. समृद्धहुने योजन बनाउन नसक्ने र गरीबको नाम बेचेर स्वार्थकालागि राजनीति परिचालन गरिरहने हो भने नेपाल धारबीका स्लमबासीको जस्तो बन्ने छ । योग्य नागरिकले नेपालमा नबस्ने को धारणा बनाउनेछन् । त्यस पछि नेपाल अति निम्नस्तरको बस्ती बन्ने छ, बिपन्न मात्र बस्ने देश हुनेछ । तिनले देशलाई कस्तो योगदान दिनेछन् भन्ने कुरा सहजै अनुमान गर्न सक्दछ । सीता, बुद्ध, भृकुटी जन्मेको देश, बहादुर गोर्खाको देश भन्ने कुराले मात्र राष्ट्रको स्वाभिमान जोगिने छैन । अज्ञ अल्पज्ञ र असभ्य र पिछडिएकाको देश मात्र हुनेछ । यो कुरा हजारौं वर्ष विदेशीको दास भएको इण्डियाले बुझि सक्ता पनि सदा स्वतन्त्र रहेको नेपालले नबुझ्नु दुखद विषय बन्दछ[७३] ।

८. माओवादी आतङ्कात्मक द्वन्द्वले तर्सिएका चलाख युवाहरू अनेक तरिकाबाट पश्चिमी देशहरू युरोप, अमेरिका र ओसिनियामा बसेका छन् । त्यसपछि डिभिए चिठ्ठा, विद्यार्थी आदि तरिकाबाट अमेरिकामा पुगेका छन् । सुरूमा ती द्वन्द्वमा मारिनबाट बँच्न पलायन भएका थिए । तिनले केही आर्जन गरेपछि आजका नेपाली युवा विदेशुनुलाई गौरवको विषय ठानेका छन् । फलतः नपढेकाले पनि श्रमीका रूपमा विदेशीएका छन् । विदेशिएका नेपालीले बिदेशको आर्थिक उन्नति गराएर नेपालको आर्थिकस्तर धरासायी बनाएका छन् । ६६ लाख खाने मुख घट्दा पनि नेपालले ३६ अर्बको चामल र त्यसको दोब्बर कागतीदेखि खसीबोका सम्म विदेशबाट आयात भएको छ । जबकि बहुदल हुनु पहिले दशवटा धानचामल निर्यात कम्पनीले अन्न र अन्य वस्तु निर्यात गरेर व्यापार घाटा हुनबाट जोगाएका थिए । आज नेपालको कृषि क्षेत्र बन्जर भएको छ भने वनक्षेत्र तस्करको कमाउथलो भएको छ । विदेशीएका ६६ लाख युवाले पठाएको रेमिटेन्सले सरकारलाई चाहिनेजति बिदेशी मुद्रा पुर्ति भएकोले विदेशिएका नेपालीलाई फिर्ता ल्याउने योजनानै बनाउँदैन । फेरि ती

---

७३. उदाहरणकालागि प्रम कृष्णप्रसादले गरेको भारतीय बाहनले मात्र नेपालमा ढुवानी गर्ने एकोहोरे समझदारी, प्रम सूर्य बहादुरले ड्राइपोर्ट भारतलाई दिने, प्रम पुस्पकमलले नेपालका ग्यास बोक्ने बुलेट नेपालमा दर्ता भएका नहुने र २५ बुँदे समझदारी, प्रम बाबुरामको बिप्पा समझदारी, शेर बहादुरको लम्पसारबादबाट भारतले भने अनुसारको संबिधान बनाइदिने, गिजिाको खेरगएको पानी, श्रमऐन आदि तथाकथित बिद्वान र कर्मचारीले ती सबै कुरामा समर्थन जनाउनु थोरै नमुना उदाहरण हुन् ।

आए भने दलका नेताले आनन्दसंग कमाई गरेको थलोमा बाधा ब्यबधान गर्न सक्छन् । यो दोष बिद्यमान दलीय राजनीतिपद्धतिलाई लाग्दछ ।

९. भारतीयलाई नागरिकता दिनकालागि दोश्रो पटक आधार वर्ष तोक्ने, संबिधान संशोधन गरेर नागरिकता ऐन बनाउने दल र सांसद अराष्ट्रिय हुन् । तिनकै कारण नेपालमा रौं काट्ने नाई सिकर्मी, डकर्मी, फलफूल पान, तरकारी बेच्ने, प्लम्बर, इलेक्ट्रिसियन जस्ता सिजनल माइग्रान्ट सालिन्दा १३ लाख ३६ हजार आउँछन् र प्रत्येकले ६ लाखभन्दा बढी रकम इण्डिया लैजान्छन्[७४] । राष्ट्रियता र राष्ट्रहित विरूद्ध सक्रिय रहने दल भएको देश नेपाल मात्र हो, यो अज्ञानता, गरिबी र कमजोर शिक्षा पद्धतिका कारण भएको हो ।

## आर्थिक राष्ट्रवादको जगेर्ना गर्ने उपायः

१. आर्थिक उन्नति गरेर आर्थिक राष्ट्रवादलाई बलियो बनाउन नेपालजस्तो उच्च श्रोत साधन भएको मुलुक विश्वमा कहिँ पनि छैन । समस्या के हो भने भूगोलले भने अनुसारको भूराजनीति नेपालमा बन्न सकेन । राजनीति आयातित छ, परिचालन प्रविधि आयातित छ । शिक्षा पद्धिति पनि नेपालको प्रकृति संस्कार र सभ्यता अनुकुलको भएन, छैन । प्रकृतिक श्रोतको सही परिचालन नै भएन, परिचालन गर्न चाहिने खुबी सीप हुने शिक्षापद्धति पनि भएन । नेपालका सबैभन्दा ठूला तीनवटा श्रोत हिमाल, जल र जडिबुटीको परिचालन गर्न चाहिने बुद्धि भएको जनशक्ति, नीति र कार्यक्रम नै बन्न सकेको छैन ।

२. हिमाल/कृषि/पर्यटन/जलविद्यूत/जडिबुटी/खनिज/हस्तकला/जीवीकोपार्जन कृषि र फुर्सदलाई सदुपयोग गरेर उत्पादन गर्ने र त्यसको बजारीकरण गरी जीवनस्तर उचाल्ने सबै २२००-३६०० थरिका नेपाली सिप तथाकथित आयातित दलले जातीबाद, साम्यबाद, दलितबाद, भाषावाद, ब्राह्मणवाद, आर्यअनार्यवाद जस्ता कहिल्यै पुर्तिनहुने बेतुकका नाराले विपन्नलाई झन् विपन्न बनाई राख्ने, अलमल्लमा पार्ने काम भएबाट आर्थिक उन्नति अवरूद्ध बनाइएको छ । यिनको लहैलहैमा दमैले कपडासिउन र बाद्यबादन कला सिक्न छोडे, सार्कीले जुत्ता छालाको काम छाडे, गाइनेले गाउन छाडे, चुनारले काटका भाँडा , कामीले धातसका भाडा बनाउन छाडे, प्रजापती कुभालले मृत्यकला छाडे, चित्रकारले चित्रकला छाडे । यसरी नेपाली कागज बन्द भयो, बेतबाँसको कला बन्द भयो । प्लास्टिक, सिल्टे गिल्टेका भाँडा आयात गराएर नेपाली उच्चस्तरका घरेलु उद्योग बन्दनै गरायो सरकारले । बोटेको जलकला, लोह्कर्मी सिकर्मीको काष्ठ र पस्थरकलाको बेमाख बनाउने राजनीति नै हो,

७४. ढीद्य सीमा नियमित र अभिलेखात्मक भएको र भारतीय रूपैयाँ अरू मुद्रा सरह कारोबार गर्न नपाइने गर्न सक्ने नेपालको प्रशासन सुदृढ हुन सकेको भए अझ स्पष्ट तथ्याङ्क आउने थियो ।

बिदेशीको आदेश  पालन गर्ने राजनीति हो । यदि नेपालका शिप कलालाई व्यवस्थित र दिगो बनाए मात्र हामलि लाखौं विदेशीलाई रोजगार दिन सक्छौं । उल्टै राज्यले नेपालीले गरि आएका केशकर्तन र गार्बेज संकलन गर्ने काम पनि निच काम हो नेपालीले गर्न हुदैन भनेर गर्नेहरूको मनोभावलाई दलले बिथोल्याएर बिदेशीलाई भित्र्याएका छन् । तिनले हरेक बर्ष  ६–८ लाख नेपाली रोजगार खोसेकाछन् र नेपालबाट प्रतिबर्ष ३०० देखि ४०० अर्ब रूपैयाँ बिदेश, खास गरेर इण्डिया लैजान्छन् । राज्यले सही र दिगो तथ्यांक सम्म बनाउन सकेको छैन ।

३. नेपाल विविधताको देश हो । यहाँ १८ वटा हावापानीका विविध खल्टी क्षेत्र छन् । यहाँ पकेट इकोनोमीको प्रचुर सम्भावना छ । त्यस्ता प्रत्येक सम्भावनालाई 'फाट खेती' र 'साझा सहकारी' मार्फत उत्पादन गरेमा उत्पादन समस्या र त्यसको बजार व्यवस्थापनको कुनै समस्या हुँदैन । यसको विशेषता भनेकै पकेटको सही ज्ञान दिएर विदेश पलायनलाई यहाँ रोकेर रोजगार दिने र बिदेशबाट भन्दा दोब्बर आमदानी हुने पार्नु हो । यो रोजगार प्रवर्द्धन भएको क्षेत्र समेत भएकोले विदेशी लगानीकर्तालाई ठाउँ दिनुभने हुँदैन । त्यस्ता क्षेत्र धेरै छन् । मोटामोटी रूपमा केही नमुना याहाँ उल्लेख गरौं ।

*चीज उत्पादन* : जस्तै म्याग्दीको खयरवारी डेरी उद्योगले रू. ३६०। प्रति केजीका दरले ०६५।६६ मा ३ हजार किलो चीज मात्र बेच्यो । यस्ता उद्योग देशभरि औंलामा गन्न सकिन्छ । विस्तारको मनग्गे अवसर छ ।

*गुन्दुक उत्पादन : जस्तै* शनिश्चरे–७, झापाकी यामकुमारी बाँस्कोटाले स्थानीय स्तरमा बर्षेनै ३०–५० हजारको गुन्द्रुक बेच्छिन् । यसको बजार नेपाली र विश्वका शहरी क्षेत्र हुन् । यसको गुणस्तरयुक्त व्यवसायिक विकास गर्न प्रशस्त गुञ्जाएस छ ।

*सुन्तला  र सिट्रस जातहरू :* यस्को नेपालभित्र र नेपाल बाहिर बजार को समस्या छैन । नेपालको हरेक नगरपालिकामा ५०० डोका सुन्तला खपत हुन्छ । नेपालको पहाडको तल्लो पाटो उपयुक्त थलो हो । यहाँ फाँट खेतीका रूपमा सुन्तला र अरू सिट्रस जातको खेती भएको छैन, व्यवसायिक भएको छैन र आधुनिक पनि भएको छैन । यस खेतीलाई कृषि रूपान्तरण गरेर फाट/सहकारी खेती गर्ने हो भने, औद्योगिककरण र निर्यात व्यापार व्यापक हुन्छ । यस व्यवसायले तीन लाख परिवारको जीवनस्तर उठाउन सक्दछ र लाखौं विदेशिएकालाई फर्काउन सक्दछ ।

*कफी खेती :* नेपालको कफी विश्वमै उच्च गुणस्तरको छ तर सरकारी अकर्मण्यताका कारण चार हाजर किलोको मोलमा विदेशी कफी याहाँ खपत भैरहेको छ । नेपाली कफी ४०० किलोमा पनि बिकेको छैन । हुनसक्ने क्षमतामा उत्पादन पनि भएको छैन ।

*सिट्रस जातको* खेतीको भू-क्षेत्र नै कफि खेतीको लागि पनि उपयुक्त थलो हो । कफि खेती ८००-१८०० मिटर उचाइ भएको भूभागमा राम्रो फल्दछ । नेपालमा ७-८ सय टन कफी उत्पादन भइसकेको छ, यसलाई व्यापक, व्यवसायिक गरेर खेती गरिएमा लाखौंले रोजगार पाउँदछन् र लाखौं परिवारको जीवनस्तर उठ्छ, लाखौं विदेसिएका फर्कन्छन् मूल्य बढ्छ ।

*मह खेती* : मह खेति फलफुल र अरू फुलजन्य अन्नखेति, वनखेतिको उप उत्पादन हो । फलफूल र वनखेती, फाँटखेती र प्रागाणिक खेती हुनासाथ नेपालले विविध खाले दुर्लभ मह समेत उत्पादन गर्न सक्दछ । त्यस्तो महको विश्व बजारमा ठूलो माग छ । यसलाई दिगो मूल नीति भित्र पार्न सके र व्यवसायिक शिक्षालाई व्यवहारमूलक व्यवसायिक बनाउन सकेमात्र लाखौं लाख नेपालीको जीवन स्तर तुरून्तै उठ्न सक्दछ, यसले पनि विदेशिएका नेपालीलाई सहजै फर्काउन सक्छ ।

*रूद्राक्ष भद्राक्ष बुद्धमार्ग* : रूद्राक्ष आदि खेतिको अथाह बजार छ । वैदिक धर्म आस्था क्षत्रभरिका घर र आयुर्वेदिक हर्बल उपचार क्षत्र सबै यस्को विश्व बजार हो ।

*अदुवा* : नेपालको अदुवाको विश्वभरि माग छ । नेपालले अदुवा खेति प्रसोधन तथा स्वतन्त्र ब्यापार प्रबिधि विकास गर्न सकेको छैन । लाखौं परिबार सदा भुक्किएका र ठगिएका छन् ।

*चिया खेति* : राजा वीरेन्द्रको प्रयत्नमा कोशी मेचीलाई चिया क्षेत्र बनाएपछि अब नेपाल चिया आत्म निर्भर भएको छ । सन् १९६३ देखि नगदेवालीका रूपमा रहेको यो खेती उत्त २ अञ्चलका १५ जिल्लामा बिस्तारित छ । ८८६९ हेक्टरमा चिया बगान छन् । ६९८९ हेक्टरमा साना योजना छन् । ठूला बगानबाट ७७८९८९३ केजी चिया उत्पादन छ । सानाबाट (निजी) ४८१६११८ केजी चिया उत्पादन छ । चियामा संलग्न १५००० कृषक, ४०० समूह छन् । यस्मा ४५००० ले रोजगार पाउँछन् । चिया निर्याति आ.व. ०६१।६२ मा ४४ करोडको ४००० केजी चिया निर्याति छ । यो व्यवसायलाई व्यवस्थित गराउन सके निर्याति र रोजगार अनन्त बृद्धि हुन्छ ।

*स्याउ र अंगुर खेति* : स्याउ र अंगुर खेतीलाई सही व्यवस्था गर्न सके नेपाल आत्मनिर्भर भएर निर्याति गर्न संभव छ । जुम्लामा मात्र १४९८ हेक्टरमा स्याउ खेती छ । त्यहाँको रू ८। प्रतिकेजीको उच्च स्तरको स्याउ नेपालगञ्ज ल्याउँदा रू. ५०। पर्छ, मध्यस्त ब्यापारका कारण ग्राहक मुल्य रू १५०। छ । जबकि उच्च व्यवस्थापनका कारण चीन र काश्मिरबाट आउने स्याउ सस्तो छ । ढुवानी र कार्टुनको अनुदान समेत सरकारले कटाएको

छ । (का. १२।४।०६२) तर नेपाल सरकारमा योजना र व्यवस्थापन छैन । कुनै नीति बने पनि एउटा मन्त्रीको वयक्तिपरक र क्षणिक हुन्छ जस्ले । राजा बीरेन्द्रले अन्न बोक्ने हबाइ जहाजले रित्तै फिर्ता आउनुको सट्टा सउ बोकेर ल्याउने व्यवस्था गराएका थिए । अहिलेत मोटरबाटो बनेकोछ । एक तर्फी ढुवानी गर्ने ट्रकलाई व्यवस्था मिलाएर कमसेकम चीन र भारतबाट आउने स्याउभन्दा सस्तो बनाउन सक्नुपर्छ ।

***नगदेबालीहरू*** : जुट, कपास, उखु, च्युरी, सुर्ती, टिमुर, मरटी, लप्सी, कफी, चिया, छानेका जरिबुटी यी र यस्तै अरूहरू प्रत्येकको बिकास बोर्डबाट संचालन गर्नु पर्दछ । उत्पादनदेखि बितरण ब्यापारसम्म काम गर्नुपर्छ । बोर्ड मन्त्रालयबाट स्वतन्त्र र चुस्त हुनुपर्छ ।

*रोजगार दिने र समृद्धि बढाउने प्रमुख ५ बिषय : (क) कृषि र वन : जीवीकोपार्जन र व्यवसायिक तथा औदोगिक, (ख) जरिबुटी खेति, (ग) पर्यटन,* (घ)मौलिक पारिबारिक व्यवसाय (कुटिर उद्योग)हरू *(ङ)जलश्रोत* सबै भारतीय रअ र इशाईको निर्देशनमा उब्जाएका जातिबादका कारण व्यवसायिक शिप ज्ञान बढाउनुको साटो भएको पनि गुमाउने वातावरण खास गरेर माओबदीले गरेक कारण सबैले आआफ्ना पुख्यौली पेशा छाडेर बिदेश पलायन गराउनु ठ‍ुलो कारण हो । त्यस्लाई औद्ययोगिकरण गराउन नसक्नु दिगो सोच नभएका नास्तिक र भौतिक उपभिोक्ताबादी लेटेराको बहुल्य हुने गरी दल भरिनुले हो ।

नेपालीपन मासेर प्रागारिक खेती गर्ने तथा कंक्रिटका घर बनाउने पवृत्तिको विकास गराएर तथा नचाहिने थलोमा बाटो बनाएर ट्रेकिङ, हाईकिङ र हिमालको कन्या प्रकृति मास्ने दिर्घ सोच नभएका अज्ञ स्थानीय निकायमा हुनुले सबै बजेट भ्यू टावर बनाउने घरघरै बाटो पुर्‍याएर देशमा व्यापक जलउत्पन्न प्रकोप बढाएर पर्यटन उद्योग नै मासिने वातावारण बनाएका छन् । नेपालै भ्यु टावरको देश हो, त्यसलाई पो विकास गर्ने हो । बाटोको लम्बाई बिस्तार र पश्चिमा शेलीका सिमेन्टका घर, विषदि, रासायनिक मल र हर्मन हालेका खाना पर्यटन उद्योगलाई धरासायी बनाउने काम हो ।

## जलश्रोत विकासको बाधक जलराजनीति

१. नेपालमा ४२ हजार मेघावाट बिजुली सामान्य खर्चमा नेपाली श्रोत साधनबाट बनाउन सकिन्छ । त्यसबाट नेपालमा प्रति युनिट तीन रूपयाँ सरदरमा बिजुली वितरण गर्न सकिन्छ । सस्तो बिजुली र निशुल्क पानी दिने राज्यको नीति भएमा सबै खाले औद्ययोगक उत्पादन संसारमै सस्तो पार्न सकिन्छ ।

२. जापानले जस्तै नेपालले यस्ता औद्योगिक उत्पादन गरेको खण्डमा पृथ्वीको झण्डै आधा जनसंख्याको छिमेकी भएको नेपालका बजारको अभाव छैन । नेपाल धराकै समुन्नत शान्ति क्षत्र बनाउन सकिन्छ ।

३. तर नेपामा कर्णाली, अरूण १.२.३, बुढिगण्डकी, सेती, मर्स्याङ्दीहरू, त्रिशुलीहरू, चिलिमे, तामाकोशीहरू, पश्चिम सेती, महाकाली, कनकाई जस्ता सस्ता आयोजना आफैले चलाउने खुबी राख्दैन । बिदेशी नाफाखोर कमिशन खोर खोजेर सरकारले नै उत्पादन महंगो बनाउँछ ।

४. सप्तकोशी सुनकोशी बहुद्देशीय उच्च बाँध (१९८१ मा तयार भएको) आयोजनाले ३००० मेघावाट विजुली उत्पादन गर्छ, ५५० लाख हेक्टर सिचाई गर्छ । १६ कि.मि. टनेल मार्फत कमला नदीमा जोड् छ । त्यस्तै साना आयोजनमा तल्लो चाकु खोला, सिप्रिङ खोला, तल्लो मादी, मेवा खोला, सिटी खोला, सोल खोला, खोर खोला, माया खोला, तल्लो सोलु खोला, तल्लो होङ्ग खोला, उपल्लो अरूण खोला जस्ता हजारौं खोलाहरू न्पालीको श्रोतबाटै संचालन गर्न सकिने छन् । यी सबैमा सब्रैको लक्ष कमिशिन र कमाई लक्षित भएकोले महैगो बनाइएकाछन् जुन बनाउन सरकामा रहेका व्यक्तिको अराष्ट्रिय सोच जिम्मेबार छ ।

५. अनि ग्राहक पाउँदैन, देश बिपन्नतम बन्दछ । दल र बिज्ञमा राष्ट्रबादी आर्थिक सोच छैन, सबै बिदेशीको लहैलहै, कमिशन र कमाउमा तल्लिन छन् । चाहे त्यो निजामति, प्रहरी शिक्षा सेवा होस् चाहे राजनीति दल वा गैससहरू हुन् सबैमा भौतिक उपभोक्ताबादी सोच छ । नीति र पद्धतिमा जान नचाहने राजनीतिक दल सबैभन्दा बाधक छन् ।

६. उक्त कुनै पनि आयोजना बन्न नदिनेमा भारतको चलखेलमा सघाउने नेपालका दलनै जिम्मेबार छन् । तिनले महैगो पार्ने ढिलो बनाउने र खारेज गर्ने गरेकाछन् ।

७. उद्योग पर्यटन, कृषि वनवातावरण, हिमाल, नदी, कुटरि र पकेट उद्यायोगमा सत्ताधारीको गलत प्रबृत्ति छ । हिमाली ताल[७५] मनाङ उपत्यका, अन्नपूर्ण, गंगापूर्ण ताल, ग्लेसियर डोम, तिलिचो र निलिगिरी हिमाल देख्न पाइन्छ । उद्योग, पर्यटन, र नेपालीबाटै व्यापारगराउने बाटो नै कुनै सरकारले बनाउन सकेको छैन । सिपोर्टबाट ड्राइपोटसम्म नेपालले स्वतन्त्र ट्रेन चलाउने भूपरिबेस्टित देशको अधिकार कुनै पनि सरकारमा नहुनु आर्थिक

७५. (जस्तै मनाङ जिल्लामा रहेको तिलिचो ताल विश्वकै सर्वोच्च उचाइमा रहेको ताल हो । स्वर्गको टुक्राभैं देखिने यो ताल ४९१९ मिटर लम्बाइ र ३.८४ वर्गकिमिमा फैलिएको छ । ६५ मिटर गहिराइ भएको यो ताल शान्त, सुन्दर मनोरम नीलो रूपमा फैलिएको छ ।

स्थिति खस्कनुको मूल कारण हो । स्विजरलैण्ड सरागत अधिकार नलिएसम्म आर्थिक उन्नति गर्नै सकिदेन ।

अर्थिक धरातलको पूर्वाधारमा शिक्षा पद्धति मुख्य हो । शिक्षकको मनोदशा, प्रशिक्षण, प्राविधिक शिक्षा, व्यवसायिक शिक्षा, शिक्षक विद्यार्थी अनुपात । राजनीति मुक्त शिक्षक बनाउन नसक्नु युवालाई विदेश पलायन बनाउने उपाय हुन् । नेपालको आर्थिक उन्नति मध्यपूर्वमा इजरायलले गरेको जस्तो नगरेसम्म विदेशिले हस्तक्षेप गर्ने, हेप्ने, सताउने, दबाउने जस्ता कामबाट नेपाल उम्किन सक्तैन ।

०००

*नागरिकले राष्ट्रको भाग्य बनाउँदछन् ।*
*अनागरिकले ध्वस्त बनाउँछन् ।*

## अध्याय १०

# नागरिकता र राष्ट्रवाद

## उठान

१. एउटा पूर्ण राष्ट्र बन्न चार तत्त्व चाहिन्छन्; निश्चित भूक्षेत्र, सार्वभौम शक्ति, सरकार र जनसंख्या । जनसंख्या नागरिकतसँग सम्बन्धित विषय हो । त्यस देशमा जन्मिएको, बसोवास गरेको र अचल सम्पत्तिसहित व्यवसाय गरेर बसेको व्यक्ति त्यस देशको नागरिक हुन्छ । नागरिकता पाउने कुरा कानुनले निर्धारण गरेको हुन्छ ।

२. जुन घरमा जन्मेको व्यक्ति हो त्यस घरपरिवार प्रति ममत्व हुन्छ । त्यस्तै जुन देशमा जन्मेको नागरिक हो त्यस देशप्रति माया हुन्छ । जसप्रति ममत्व हुन्छ त्यस प्रति स्वतः कर्तव्य पनि हुन्छ । छोराछोरी प्रति आमाबाबुको र आमाबाबु प्रति छोराछोरीको कर्तव्य भए सरह देशप्रति सबै नागरिकको हुन्छ । मुलुकका सबै नागरिक त्यस मुलुकका छोराछोरी हुन् । बाबु बाजे बंश कूलप्रति छोराछोरीको जे कर्तव्य हुन्छ, त्यहि मुलुकप्रति पनि हुन्छ । यो कर्तब्य देखाबटी हुँदैन, अन्तसकरणबाट आएको हुन्छ । अरू देशबाट आएका व्यक्तिमा त्यही जन्मेकाको सरहको हुँदैन, उस्को देखावटी हुन्छ, छात्राबासकी धाईआमाको जस्तै । नर्सरी स्कूलका धाइले गर्ने शिशु स्याहार निहित स्वार्थपरक हुन्छ । अर्को देशबाट आएका नागरिकको देशप्रेम अन्तरऋदयबाट जागेको हुँदैन । यस्ता नागरिकलाई अंगिकृत भनिन्छ । त्यस नागरिक देशभित्र बसेर खोक्र्याउने, जासुसी गर्ने र कमजोर पार्ने काम गर्न सक्छन् । किनभने त्यस्ता नागरिकमा भित्र मनबाट आउने प्राकृतिक प्रेम हुँदैन । धर्मपुत्रको जस्तो हुन्छ । यसरी नागरिकताको सम्बन्ध राष्ट्रियतासित हुन्छ । त्यसकारण नागरिकताप्रति कुनै पनि मुलुकले खेलबाड गर्न हुँदैन । गभीर रूपले बिज्ञानसम्मत, प्रबिधि सम्मत तथा धर्म संस्कार संस्कृतिसम्मत परखेर मात्र दिनु पर्दछ ।

## पूर्वाधार

३. अब नेपालको नागरिकता र राष्ट्रियताको कुरा गर्नु पहिले यसको पूर्वधारको विचार गर्नु आवश्यक हुन्छ । जम्बुद्वीपभित्र हिमवतखण्ड र भरतखण्ड प्रमुख विभाजन थिए । भरतखण्डभित्र आजको इण्डिया लगायतका ५६२ वटा मुलुक थिए । ती सबै युनानी, मुसलमान र अङ्ग्रेजको उपनिवेसिक शासनबाट १३१८ वर्षसम्म जकडिए, कैदी भएका थिए । विदेशी शासकले त्यहाँ

लुटे, शोषण गरे, दमन गरे । त्यहाँको जनजीवन विपन्न र जर्जर बनाए । त्यहाँका सबै नागरिकलाई अज्ञ र गरीब बनाए । लामो संघर्षपछि सन् १९४७ मा मात्र त्यो मुलुक स्वतन्त्र भयो । तर पचासौं पुस्ता विदेशीको शासनमा बिताएका तिनको मानसिकता विदेशीको जस्तै भिन्न भएको छ । एकै पुस्तामा पनि उसको बोली, भाषा र खानपान बदलिएको हुन्छ, लगाउने र नित्य कर्म गर्ने संस्कार बदलिएको हुन्छ । इण्डियामा त पचासौं पुस्ताको संस्कार बदलिएको छ । त्यसमा पनि इसाई र मुसलमानले धर्म संस्कार संस्कृति मासेर आफूजस्तै बनाउन कुनै हर्कत बाँकि राखेनन् । त्यसकारण तिनीहरूको मानसिकता दमनकारी, औपनिवेशिक र शोषण गर्ने छ । अङ्ग्रेजले थोपरेको मेकाउलियन शिक्षा पद्धतिका कारण आजका भारतवासीको संस्कार पनि गोराको उत्तराधिकारीको रूपमा छ ।

४. यति लामो अवधिभर हिमवतखण्ड नेपालले कुनै विदेशीलाई यहाँ पस्न दिएन । नेपाली करोडौं वर्षको कालखण्डमा एक दिन पनि विदेशीको औपनिवेशिक शासनमा परेन । नेपाल र भारत दुबैको सभ्यताको आधार वैदिक भए पनि, अपौरूषीय भए पनि, मानसिकता फरक छ । यी दुबै खण्डका नागरिकको वैदिक शास्त्र अध्ययनको केन्द्रबिन्दु वाराणसी (काशी) भएकाले त्यहाँ अध्ययन गर्न जाने नेपालीको संस्कारमा पनि बिकृत भारतीय संस्कारको छाप छ, सरूवा रोगको रूपमा नेपालमा पनि भित्रिएको छ । त्यस्ले सबैभन्दा नराम्रो प्रभाव शिक्षा क्षेत्रमा पारेको छ । नास्तिकता, अनैतिकता, रूढीबादिता, व्यक्तिवादीता आदि पनको प्रभाव बढेको छ । यस्ले राष्ट्रियतालाई सबै भन्दा बढी खस्काएको छ ।

## दलीय व्यवस्थामा भारतीय चलखेल

५. भरतमा जन्मेको मानिसलाई नेपालमै जन्मेको सरह मानिन थालियो । बीपी कोइराला, कृष्ण प्रसाद भट्टराई, जीपी कोइरालाहरू औपनिवेसिक अंग्रेजी शासन कालमा भारतमै जन्मे, हुर्के बढे र पढेका मानिस हुन् । जब तिनीहरू नेपालमा आए तिनको अन्तर मनमा भारतप्रतिको राष्ट्रभावले जति प्रभाव जमायो त्यति नेपालकोले छोएन । नेहरू बेलयती प्रबृत्तिका भए, यिनीहरू नेहरू प्रबृत्तिका भए । जब ती नेपालका प्रम भए यिनले आफुसरह भारतीयलाई नेपाली नागरिकता दिए । सम्बत २०६३को नागरिकता ऐन त्यसैको नमुना उदाहरण हो ।

६. तिनले भारतीय प्रवृत्तिलाई बढावा दिएका कारण तिनले बडामहाराजा पृथ्वीनारायण शाह र तिनका उत्तराधिकारीलाई अङ्ग्रेजले जस्तै प्रतिशोधको नीति अवलम्बन गरे । पृथ्वीनारायण शाह जसले देश बनाए, संरक्षण गरे, समुन्नत बनाए, राष्ट्र सुसंचालनका प्रमुख आधार बनाए, तिनैका

सालिक फाल्ने, विचार मास्ने, तिनको सम्झना हुने सबै चीज भत्काउने काम गरे । राष्ट्रिय पोशाक, भाषा, धर्म संस्कार सभ्यता त्यसरी नै मास्न सघाए जसरी शताब्दिऔं पहिले मुसाइ–ईशाईले चाहन्थे ।

७. नेपालको राष्ट्रियता खस्काउने धेरै काम यिनै तथाकथित आयाति नेपालीबाट भयो । बीपी कोइराले रक्षा र प्राकृतिक श्रोत भारतलाई सुम्पने नियत राखे, मातृकाले जलश्रोत भारतलाई सुम्पनेको प्रारंभ गरे । उन्ले मर्ने बेलामा गल्ती महसुस गरे, सुधार्ने चेष्ट गरे । बीपीले १५ वर्षपछि गल्ती महसुस गरे तर आफ्नै दललाई नबुझाई संसार त्यागे । त्यो दलले उनको विचार आजसम्म पनि बुझेको छैन ।

८. २०४७ सालमा राजनैतिक परिवर्तन भएपछि गिरिजाप्रसाद कोइराला चारचोटी प्रधानमन्त्री भए । उनी प्रम भएका बखत इण्डियालाई खुशी पारेर सत्तामा टिकिरहने कुरामा पहिलो ध्यान दिए । त्यस्ले नेपालमा इण्डियाको प्रभाव ह्वात्तै बढो । जतिजति भारतको प्रभाव बढ्दै गयो त्यतित्यति नेपालको राष्ट्रियताको भार घट्तै गयो । गिरिजाले पहिले टनकपुरलाई 'सन्धि' होइन 'समझदारी' हो भनेर राष्ट्रको प्राकृतिक स्रोत साधन जस्तो संवेदनशील विषयमा झुटो बोलेर नेपाली जनतालाई गुमराह गर्न खोजे । बालकृष्ण न्यौपानेको उजुरी र पैरबीबाट सर्वोच्च अदालतले 'समझदारी' होइन 'सन्धि' हो भनेर फैसला गरिदियो । दोस्रो पटक उनले श्रम ऐन २०४८ संशोधन गरेर इण्डियन नागरिकले नेपालका सबै सेवामा काम गर्न पाउने गराए । त्यसमा पनि बालकृष्णकै पहलमा सर्वोच्च अदालतले गैरसंवैधानिक ठहर गरिदियो ।

९. तेश्रो पटक, उनै गिरिजाले राजा र जनताका आँखा छलेर अनैतिक तरिकाबाट अर्थ बिधेयकका रूपमा नागरिक ऐन २०२० संसोधन गराएल । नेपालको संबिधान २०४७ को दफा ८ मा नेपालको संविधान २०१९ को धारा ७ वा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ बमोजिम नेपालका नागरिक ठहर्ने व्यक्तिहरू तथा नेपाल नागरिकता ऐनको दफा ६ बमोजिम नेपालको अङ्गीकृत नागरिकता भएका व्यक्तिहरू नेपालका नागरिक हुनेछन् भनिएको छ । २०१९ को संविधानको धारा ७ मा नेपालमा बसेको व्यक्ति जो नेपालमा जन्मेको हो वा जसका बाबु आमा नेपालमा जन्मेका हुन् वा नेपाली नागरिकसँग विवाह गरी कानून अनुसार नागरिकता लिएकी नारी वा त्यस पूर्व नेपाली नागरिकता प्राप्त गरिसकेको व्यक्ति नेपाली नागरिक हुनेछ भनिएको छ । यस्तो अवस्था छँदाछँदै त्यस्लाई संसोधन गरेर जो सुकै भारतीय नागरिकले सहजै नेपाली नागरिकता लिन सक्ने बनाइयो । नेपाली नागरिक, राजा र सर्बोच्च अदालतले त्यस विधेकलाई निस्तेज बनाई दिए ।

१०. चौथो पटक, आफ्नो इण्डिया भ्रमणमा जाँदा संविधान नै संशोधन गरेर नेपाल नागरिकता ऐन, २०२० लाई खारेज गराए । रातारात फास्ट ट्र्याकबाट नागरिकता ऐन, २०६३ पारित गराए । सो ऐनको सम्पूर्ण मसौदा भारतीयले गरेका थिए । यसरी हतार हतारमा नागरिकता विधेयक पारित गरी संसदको सत्र सकेर प्रमं भारत पसे । एक सदस्यीय नागरिकता वितरण तथा अनुगमन आयोग गठन गरियो । स्थानीय निर्वाचनमा उम्मेदवार हुन नागरिकताको जरूरत नपर्ने तथा इण्डियनले पनि उम्मेदवारी दिन पाउने प्रावधान राखियो । यसरी पुरै राष्ट्रघातको काम गराए प्रम गिरिजाले जीवनभर । त्यस बापत उनी भारत जाँदा एसियाका महान् नेता भनेर भारतीय प्रम आफै गएर हवाई मैदानमा स्वागत गरे ।

११. सन् १८१६ को सुगौली सन्धि र १९५० को मैत्री सन्धि पनि जनतालाई टाढा राखी गलत तरिकाबाट भएको थियो । २००७-२०४६ बीच यस खाले चलखेलले प्राधान्य पाएन, किनकि वैदिक संस्कारका राजा राष्ट्रप्रमूख थिए । फलतः अरू समयमा भन्दा यस समयमा नेपालले स्फूर्त रूपमा विकासका काम गर्न पाएकोले भौतिक पूर्वाधारको विकासमा ठुलो उपलब्धि भयो[७६] । राजा र दलको शासनमा यही अन्तर पाइन्छ । वंशज नेपाली र कृत्रिम नेपालीमा राष्ट्रिप्रेममा कति अन्तर हुन्छ भन्ने कुरा २०१९-२०४६ बीचको विकास र २०४६-२०६० बीचको विकासलाई तुलना गरे पनि पुग्दछ ।[७७]

१२. सयौं साना र दर्जनौं ठूला राष्ट्रघाती र अनैतिक कार्य गर्दा पनि गिरिजालाई कुनै निकायले कारवाही गरेन । नेकाँ दलले पनि कुनै कार्बाही गरेन । वास्तवमा शुद्ध प्रजातान्त्रिक अभ्यास भएको मुलुक भएको भए उनलाई दलले आजीवन राजनीति गर्न नपाउने गरी निष्काशन गरेको हुन्थ्यो । नागरिकता ऐन २०६३ विधेयक पारित गर्न समर्थन जनाउने सांसद पनि अराष्ट्रिय घोषित हुने थिए । यसले के प्रष्ट पार्दछ भने भारतीय नागरिक भित्र्याउन नेपाली काङ्ग्रेस सरह एमाले र माओवादी पनि लालायित भए । विदेशीलाई नागरिकता दिन संविधान नै बाधक छ भन्ने निष्कर्ष निस्केपछि तथा संविधानबाट नागरिकताको प्रावधान संशोधन गर्ने वचन पाएपछि मात्र संकटकाल अनुमोदन भएको थियो ।

१३. दलहरूलाई नागरिकताको मुद्दा राजनीति गर्ने हतियार भयो । नेपाली जतिले नागरिकता पाएकै छन् । पाउन पर्नेले नपाएपछि कानून बमोजिम अदालतको ढोका खुला छ । जब कोही अदालतमा जाँदैन भने यो विदेशीलाई नागरिकता दिने षडयन्त्र मात्र हो जहाँ पक्ष र प्रतिपक्ष दुवै बाह्य शक्तिबाट प्रभावित भएका छन् ।

---

७६. Massacre palace, Gregson .............

७७. बालकृष्ण न्यौपाने, संकटकाल अनुमोदन नागरिकताको के सम्बन्ध, नेपाल समाचारपत्र, २०५८।११।१४ ।

१५. दलीय पद्धतिमा सत्ताप्राप्तिकालागि दलले राष्ट्रियतालाई कुनै वास्ता गर्दा रहेनछन् भन्ने कुरा इतिहासले देखाएको छ । बहुदलीय प्रजातन्त्रले राष्ट्रिय अस्तित्त्व नै विनाश गरेका धेरै उदाहरण छन्, सिक्किम टड्कारो रूपमा ताजै छ । राजतन्त्र आफैंले देशको राष्ट्रियता समाप्त पारेको उदाहरण कहीं पाइँदैन । राजालाई कमजोर पारेर पतन गराउने आशयले नै इण्डियनले सहज नागरिकता पाउने व्यवस्था गर्न लागिएको हो, त्यो ठूलो भूल भइसकेको छ । प्रजातन्त्रका नाममा मुलुकलाई पुस्ता दरपुस्तासम्म दास र कैदी हुनेकाम स्पष्ट रूपमा अराष्ट्रिय हो । भावी सन्ततिलाई भयावह कालकोठरीमा राख्ने काम गर्नुभन्दा आयातीत नैनासुते प्रजातन्त्रसित जोग्गिएर बस्नु नै फलदायी हुनेछ । देश बाचे ब्यबस्था बदल्न पाइन्छ । देशै नरहे सबै नासिन्छ । भूटानका नेपाली हिन्दु हुन् वा म्यानमारका रोहिंगा मुसलमान इन्डियाले शरण निशेध गर्दछ तर आफ्ना देशका स्लम एरियामा बस्ने करोडौं अज्ञ, असभ्य र बिपन्न जतिलाई छिमेकमा छिराएर आफु बलियो र छिमेकलाई कमजोर बनाउन चाहन्छ ।

१६. दलीय राजनीतिमा राष्ट्रबादको कुरा गर्दा मुलुक होइन, आफ्नो निहित सत्ता स्वार्थले प्राथमिकता पाउँछ । नेपालकै कुरामा श्रम ऐन जारी गर्दा, नेपालको उद्योग इण्डियनलाई बेच्दा, महाकाली सन्धि पास गर्दा, विदेशीलाई नागरिकता दिने ऐन पारित गर्दा, पजेरोपन आयात गर्दा, कमिशन खाँदा आदि सबै अराष्ट्रिय काम गर्दा पक्ष र प्रपिक्ष बिच अपूर्व एकता भएको पाइन्छ । सबै खराब कुरामा एकता हुन्छ तर जनताले सुखशान्ति पाउने विकास निर्माणमा निरन्तर बिरोध अबरोध, ढिलाई र महंगो हुन्छ । तर राष्ट् निर्माण गर्ने र र ाष्ट्रिय एकता बनाइ राख्ने कुरामा कहिल्यै एकता हुँदैन । नेपालका सबै जलश्रोतहरू र राष्ट्रिय गौरवका आयोजना असफल गराउनमा बाहिरी चलखेल, खास गरेर इण्डियन चलखेलबाट परिचालित दलहरूको उदाङ्गोपन छ, अराष्ट्रिय प्रवृत्ति छ ।

१७. नेकाँ भारतमै जन्मे हुर्केको भारत निर्देशिनमा चल्ने दल हो । महाकाली सन्धिले एमालेलाई पनि भारतको कित्तामा खडा गरायो । दलविहिन पद्धतिमा नेपाल धेरै बलियो भयो, झुकाउन सकिएन भनेर यी दल उठाएर नेपाललाई दलीय गरायो । तरपनि नेपाललाई मुठ्याउन नसकेपछि ४० बुँदे मार्फत माओवादीलाई उठायो । माओवादीका १० वर्षे युद्धमा ८ वर्ष त भारतमै बसेर परिचालित भएका हुन् । सूर्य बहादुरको राप्रपा सुरूदेखि भारतकै पक्षधर भएको थियो । तराईवादी भनिने दल त सबै भारतकै इशारामा परि चालित हुन् । यसरी नेपालका सबै दल भारतको इशारामा नै काम गर्ने गरेका दल हुन् । यति हुँदा पनि नेपाल नदबेपछि *'संघात्मक धर्मनिरपेक्ष गणतन्त्र''* नेपाल बनाउने सर्तमा इसाई संगठनको समेतमा दरबार हत्याकाण्ड समेत

भएको हो । दरबार हत्याकाण्ड हुनु केही दिन अघिमात्र नेपालको सीमानामा ४५,००० बी.एस्.एफ जवान खडा गरिएको थियो । एमाले र माओवादीलाई मिलाउने पनि भारत हो । बलिया यी दलका पछि घिम्रिने र दिल्लीले बनाई दिएको *बाह्र बुँदे सम्झौतामा* सही गर्ने सात दल र माओवादी (स्पाम) पनि स्पष्ट र खुल्ला रूपमा भारतीय दलाल हुन् । यिनै दललाई प्रयोग गरेर नेपालमा नागरिकता विषयक उक्त गतिविधि भएका हुन् ।

## इण्डियन नियत

१७. नागरिकता सम्बन्धी इण्डियाका द्वैध चरित्र छन् । हटाउन चाहेका नागरिकलाई जानी जानी अभिलेख बाहिर पारिदिने[७८] तथा रखाउन चाहेकालाई कानून बनाएर पनि व्यवस्थित पार्ने ।[७९] त्यसपछि इण्डियाप्रति आस्थावान भएकालाई नेपालजस्तो छिमेकमा पठाएर त्यहाँ जातीय द्वन्द्व जन्माइदिने, राजनीतिमा अस्थिर बनाइदिने तथा स्थानीय रोजगार हत्याउने रहेको छ भने अन्तिम मिसन इण्डिया समर्थकको संसदमा बहुमत बनाउने रहिआएको छ ।[८०]

१८. नागरिकले राष्ट्रको भाग्य बनाउँदछन् । (As the citizens shape a nation's destiny, the far reaching political implications are studied) अनागरिकले ध्वस्त बनाउँछन् । यो बुझेको इण्डियाले भारतको बोझ भएका जनतालाई नेपाल पठाउन चाहन्छ । गिरिजा जस्ता शठलाई हात लिएर दलाली दलको माध्यमबाट भारतले जनमतसंग्रह २०३६ मत हालेको सूचीका आधारमा नागरिकता दिने दबाब दियो । तदनुरूप अबैध रूपमा नेपालमा बसेका ६५ लाखभन्दा बढी भारतीय नागरिकलाई नागरिकता दिन ठुलो दबबा दियो । नमानेमा भारतले कुनै पनि कारवाही गर्न पछि नहट्ने[८१] भन्ने धंकी पनि दियो । केपीओली, प्रचण्ड, बाबुराम, गिरिजा, कृष्णप्रसाद, सूर्यबहादुर खुलेआम भारतको समर्थनमा मात्र नेपालको सत्तामा बस्न सकिन्छ भन्ने धारणा भएका मानिस हुन् । तिनका पालामा जति नेपालको राष्ट्रियता खसकाइयो अरू कसैको पालामा भएको छैन ।

१९. क्षेत्रफलमा १२,६३,५९५ वर्गमाइल भएको भारतको र ५६,१३६ वर्गमाइल भएको नेपाल, भू-क्षेत्रमा २३ गुना सानो जनसंख्यामा ५० भागको १

---

७८. Vinayak, Thorny Issues of Citizenship, The Hindu July 22, 1987. (Large number of Sikkimi Nepalese ... have now been left to lurch. Mary who had domicile in the territory of Sikkim names were not entered in the register for various reasons larsely due to ingnorance, administrative lapses and political considerations, thus became 'stateless' overnight following the merser.)

७९. Ibid. (The Goa-Daman Diu Citizenship order 1962, the Dadra Haveli Citizenship Ordinance 1962. The Pandichlery Citizenship order 1962, why the Sikkimese alone were discriminated against in this respect?)

८०. Ibid. (It would create ethnic enbalance and misunderstanding etc. ethnic communities would jeopardise the good relations existing among them for century.)

८१. हिन्द, अप्रिल १५, १९८९ । (नेपाल अपनि हरकतो से काज आए : भारतकी चेतावनी)

भाग भएको नेपालमाथि नागरिकता बारेमा यति ठुलो दबाब दिइरहनुमा नेपालको अस्तित्त्व समाप्त पार्ने खेल हो । इण्डियामा बसेका नेपाली ५० लाख छन् भने नेपालमा बसेका भारती ६५ लाख छन् । आ–आफ्ना नागरिक फिर्ता भए पनि नेपालमा १५ लाख जनचाप त तुरून्तै घट्दछ । सन् १९९० को तथ्याङ्क अनुसार नेपालको प्रतिवर्गमाइल जनघनत्व ३३४ जना रहेको छ भने भारतको प्रतिवर्गमाइल जनघनत्व ६५८ रहेको छ । पानीले आफ्नो सतह मिलाउन दवाव सिर्जना गरे जस्तै जनसंख्याले पनि बाक्लो जनसंख्या भएको थलोबाट कम जनसंख्या भएको थलोतिर वैरिन कोशिश गर्दो रहेछ । भारतमा बसेका नेपालीलाई हैरान गरेर भगाई रहेको छ, लुटिनु र ठगिनु सामान्य छ । तर नेपालमा बसेका एकएक जना इण्डियनलाई भारतीय दूताबासको एक इकाइले पुरापुर संरक्षण गरिरहेको छ । दिल्लीमा बसेको नेपाली दूताबास मूखमा पिडालु हालेर बस्छ । नेपाल पस्ने भारतीयलाई नरोक्नु चाहिं सरकारको दृष्टि बिहिनता हो, लघुताभाष हो, दलाली पन हो ।

२०. जितेन्द्रदेव आयोगले ३४ हजार इण्डियनलाई नागरिक दिएपछि सर्वोच्च अदालतले नै रोकेको थियो । सर्वोच्चले यस्ता निर्णय ५/५ पटक गरि सकेको छ । त्यहाँदेखि नागरिक विधेयक २०६३ पास गर्दासम्म खलनायकको भूमिका गिरिजाले नै गरेका थिए ।

२१. नेपालमा भारतीय जनसंख्याको बाहुल्य हुने दिगो योजनामा नेपाली दलका नेता सामेल छन् । भारत अछन्न्याइलो जनसंख्या भएको देश हो । जनसंख्यालाई बाहिर पठाएर जनघनत्व घटाउने र भारतीय मूलको बाहुल्य बनाएर सत्ता हत्याउने भारतीय गोप्य नीति रहिआएको छ । भारतीय मूलका नागरिको बाहुल्य भएपछि मौरिसस र फिजीको सत्तानै हत्याएका छन् ।

२२. राणाहरूले वीरगञ्ज, नेपालगञ्ज जस्ता शहरको योजना गरेपछि प्राय सबै इण्डियनलाई बसाएको थियो । वि.सं. २०२१ सालको भूमि सुधार लागू भएपछि दखिना भनिने लाखौं भारतीय मौसमी कामदारलाई मोही बनाएर नेपाली नागरिकता दिइयो । रोजगारकालागि नेपालमा आउने त्यस्ता इण्डियन प्राय सुकुम्वासी हुन् । तिनलाई जोताहा बनाएर स्वामित्व र नागरिकता दुवै दिइयो । २०३६ सालको राष्ट्रिय जनमतसंग्रहमा त्यसबेला नेपाल पसेका सबै भारतीय नागरिकको नाम मतदाता सूचिमा समावेश गराइयो । त्यसै मतदाता सूचीलाई आधार मानी नागरिकता दिनुपर्ने अभियान चलाइयो ।

संविधानमा पिताको ठेगान नलागुन्जेल माताको नाताबाट नागरिकता दिने प्रावधान छदा छदै माताको नामबाट पनि दिने भन्ने निर्णय भारतीय बुहारीलाई भित्र्याउने रणनीति बनाइयो । त्यो रोटीबेटी भनिने रणनीतिबाट नेपालको राष्ट्रियतानै गुम्न सक्ने अवस्थामा पनि नेता संवेदनशील भएनन् ।

खुला सीमा पद्धतिले नेपालमा यो समस्या अझ दुर्गम तुल्याएको छ । श्रीलंकाको तामिलहरूको समस्या पनि नागरिकबाटै शुरू भएको हो । पछि त्यो हिंसाको राजनीतिमा परिणत हुन पुगेको हो । नेपालमा पनि श्रीलंकाकै स्थिति हुन सक्ने संकेत छ । "नेपालमा जुन प्रकारको नागरिकता समस्या जटिल हुँदै गएको छ, त्यसले कुनै राम्रो भविष्य संकेत गर्दैन ।"[८२]

नेपाली छोरी विदेशी केटीसँग विवाह गरेमा तुरून्तै नेपाली नागरिकता दिने, आमाको नागरिकताबाट छोराछोरीलाई नागरिकता दिने, बिदेशी ज्वाइँलाई पनि नागरिकता दिने, हिन्दीलाई नेपाली राष्ट्रभाषा बनाइने भन्ने दलहरूलाई महिला दवाव समूहहरूले समर्थन गरेका छन्, तिनलाई इशाईले त्यस्तो गर्न उक्साएका छन् । यी बिबाह सम्बन्धी प्रवृत्ति नेपाल गुमाउने जग हुन् । उदाहरणार्थ गिरिजा पुत्रीले जर्मनसँग विवाह गरेर सबैलाई नेपाली नागरिक बनाइन, फेरि छोरीलाई बैगलादेशसीसंग बिबाह गरेर छोरी–ज्वाई नातिनातिनालाई पनि नेपाली नागरिक दिइन्, आफू उपप्रधानमन्त्री समेत भइन् र पदको दुरूपयोग गरेर नेपालको आर्थिक धरातल इण्डिया मातहत हुने काम गरिन् । यस्ता घटनाले नेपालकको राष्ट्रियता खतरामा छ भन्ने कुरा स्वतः बुझिन्छ ।

२३. भारतीय महिलाले नेपाली पुरूषसँग विवाह गरेपछि नेपाली नागरिकता तुरून्त पाउने तर नेपाली महिलाले भारतीय नागरिकसँग विवाह गरे पछि पनि नपाउने बरू उल्टै उसले आफ्नो लोग्ने र छोराछोरी तथा सासु ससुरा समेतलाई नेपाली नागरिकता बनाउने धुनमा हुन्छे । त्यसमाथि नेपाली केटीबाट दहेज नलिने, आर्थिक प्रलोभनबाट पनि नागरिकता लिने गरेको पाइन्छ । सद्भावना दलले त सबै भारतीहरूले नागरिकता पाउनुपर्दछ भनेर संविधान नै जलाउने काम पनि गर्‍यो ।

झुठा व्यहोरा जनाई नागरिकता लिने इण्डियनहरू लाखौं लाख छन् । त्यसरी नागरिकता लिने मध्ये पर्साका प्रजिअ दोलखबहादुर गुरूङले एकै दिन १८८ जनतालाई कारवाही गरेर नागरिकता जफत गरेको कुरा एउटा उदाहरणको रूपमा लिन सकिन्छ । कपिलबस्तु प्रशासनले २०७४ सालमा अंगिकृत नागरिक लिनेको संख्या सार्बजनिक गरे अनुसार नेपालका ३० जिल्लाबाट बार्षिक १ लाख भारतीयले अंगिकृत नेपाली नागरिकता लिने गरेकाछन् । विहार र उत्तर प्रदेशका युवाहरूले नेपाली केटीसँग विवाह गर्न पाए दाइजो नै नलिने घोषणा गरेका छन् । त्यस्तो बनाउनुमा भारतको कुनै रणनीतिक संयन्त्रको छैन भन्न मिल्दैन । २०४७को संविधानमा धारा १०५ राख्न पनि 'रअ' को षडयन्त्र छैन भन्न मिल्दैन ।

केवल नागरिकताको कारणले मात्र नेपालमा सिक्किम, भूटान, फिजी, मौरिसस र जम्मु काश्मिर समस्या मध्ये सबै, केही वा कुनै नआउला भन्न

८२. डा. परमानन्द,, नेपालको तराईमै नागरिकता समस्या, हिन्दूस्तान : आश्विन ११, २०४४ ।

मिल्दैन । २०५९ सालमा लोकेन्द्रबहादुर चन्दको मन्त्रिमण्डलमा उप प्रम भएका सद्भावना दलका अध्यक्षले भारतीय मूलका ४० लाखलाई नेपाली नागरिकता दिने भन्ने अभिव्यक्तिलाई दलालीको रूपमा लिन सकिन्छ ।

२४. नेपालतिर वैरिने भारतीयमा नेपालमा (क) सीमा अतिक्रमण गरेर बस्नेहरू, (ख) विवाह र नागरिकताको फर्जरी कागज गराएर घुस्नेहरू, (ग) सर्वहारा मगन्तेका रूपमा नेपालभर बस्नेहरू, (घ).नेपालमा विभिन्न पेशा गरेर बस्नेहरू र (ङ) नेपालमा मौसमी कामको खोजीमा बस्ने भारतीय आप्रवासीहरू छन् । केवल विराटनगर नगरपालिका क्षेत्रभित्र मात्र वार्षिक १५ हजार भारतीय आप्रवासीहरूले ऐलानी, धार्मिक स्थल, सडक तथा निजी जमिन अतिक्रमण गरी अनधिकृतरूपमा  बसोवास गर्दै आएका छन् ।[८३] त्यसैगरी सुनसरी मोरङ सिंचाइ आयोजनाको नहरमा, पुल पुलेसाहरूमा भारतीय अतिक्रमणकारीहरूले छाप्रा बनाएर बसेका छन् ।

२५. दक्षिण भारतदेखिका घरवारविहीन (Nomad) चिडिमार लगायत लाखौं आप्रबासी परिवारहरू नेपालमा आउँदछन्, जडिबुटी बेच्दछन् र चटक देखाउँदछन्, सडकमा माग्ने, चोर्ने ठग्ने काम गर्दछन् । सार्वजनिक ठाउँमा टहरा, पाल टाँगेर बस्नेगर्दछन् । सिंहदरबारको नगिचै वागमती नदीका किनारमा सयौं परिवार बसेको सबैले देखेकै छन् ।

नहर र सडकहरूको स्याहार–सम्भार गर्न पनि कठिनाई पर्छ । सार्वजनिक सूचनाले भारतीयहरू हट्नेवाला छैनन् । प्रशासनले बल प्रयोग गर्न सक्तैन । बरू थाहै नपाए जस्तो गरेर बस्ने गर्दछ । किनभने 'हिन्दी'लाई राष्ट्रभाषा माग गर्ने र नेपाली कांग्रेस तिनको पछि छ । स्थानीय प्रशासनलाई असक्त पारिएको छ । नगरपालिकाले लगत राख्ने कामसम्म गर्दैन, टहरा भत्काउने काम पनि गर्दैन, प्रशासनको मद्दत पनि माग्दैन । श्रमी (कामदार) का रूपमा नेपाल आएपछि तिनीहरू भारत फर्कदैनन् । किनभने उनीहरूको भारतमा अचल सम्पत्ति (घरखेत) छैन । प्रायःको त्यहाँ कुनै लगत पनि हुँदैन । २०४६ साल पूर्व भारतीहरूले यतिसम्म गर्ने आँट गरेका थिएनन् ।

भारत गएका सबै नेपालीको नेपालमा स्वास्नी छोराछोरी र आफ्नो घरखेत हुन्छ । उनीहरू सबै फर्केर आउँछन् । तर यी भारतीय कामदार भने बालबच्चा हाडाभाडो सबै बोकेर आएकाले फर्केर जानै चाहँदैनन् । एक ठाउँबाट हटाइए पनि अर्को ठाउँमा गएर बस्ने गर्दछन् । दशगजा, वन ऐलानी र आवादी जग्गा समेत अतिक्रमण गर्ने गर्दछन् ।

---

८३. कान्तिपुर : पुस १४, २०५५

२६. नेपालमा व्यापार, उद्योग, शिक्षक, केशकर्तन जस्ता धेरै खाले स्थिर पेशा[८४] गरेर बस्नेहरू प्रमाण मिलाएर नागरिकता लिने, तुरून्तै छोराछोरीको जन्मसिद्ध नागरिकता लिने गर्दछन् । निम्नसतारका यस्ता मानिसलाई नेपालमै राख्न भारतीय राजदूतावासबाट विना धितो ॠण दिइन्छ जुन रकम नेपालमै कामाएर तिर्दछन् । तिनले लाखौं नेपाली रोजगारविहीन भएका छन् ।

नेपाल सरकारका कसैले पनि कुनै चासो, चिन्ता देखाएका छैनन् । सरकारसंग त्यसको अभिलेखसम्म छैन । झन् आश्चर्यको कुरा त तिनीहरूले नेपालीले सरह कर पनि तिर्देनन् । उनीहरूले अभिलेख रहित रूपमा दुकानबाट भारू सटही समेत गर्दछन् ।

२७. भारतले सिक्किमका ५४००० नागरिकतालाई नागरिकता नदिएर राज्य विहीनताको अवस्थामा राखेको छ[८५] । भूटानका आदिबासी नेपालीलाई त्यहाँबाट जवरजस्ती हटाएर नेपालमा भित्र्याई दिइएको छ । सिक्किम, भूटान र आसममा नेपाली नागरिकको बाहुल्य नहोस् भन्ने भारतको योजना छ । त्यसको विपरित भारतीयलाई नेपाली नागरिकता दिन दबाब दिएर जन मानसमा दबाब बनाएको छ ।[८६] इण्डियामा नेपाली मूलका मानिसको बाहुल्य नरहोस् भन्ने तर नेपालमा भारतीय मूलको बहुमत बनाउने रणनीति रहेको प्रष्टिन्छ ।

२८. नेपाल सरकारले विहार र युपी लगायतका निम्नस्तरका व्यक्तिलाई नेपाली नागरिकता दिने, एड्स लागेका र भारतमा वेश्यावृत्ति गरेर बसेकाहरूलाई भित्र्याउने काम गर्छ । कर्मचारी देखि वृद्धहरूसम्मलाई थाल ठटाउने, पोइल गएकी छोरी फिर्ता ल्याइ दिएन भनेर तोडफोड बन्द गर्ने, सांसदले आफ्ना सुविधा मात्र बढाउने काममा तल्लिन छ । सरकारले दलका लाखौ कर्यकर्तालाई अस्थायी शिक्षकमा भर्ना गराउने र पजनी प्रथाद्वारा स्थायी गराउने जस्ता काममा व्यस्त छ । बिद्यार्थीले नीतिशिक्षा संस्कृत भाषालाई अनिवार्य पठनपाठन गराउने जस्ता माग गर्देनन् । सरकार यस्तैलाई लोकतन्त्र सुदृढ भएको मान्छ । तर राष्ष्ट्रियता संबर्धन गर्ने कुरामा चिन्तन नै गर्दैन । कुन कुन नेतामा राष्ट्रको माया रह्यो, राष्ट्रप्रति समर्पित भाब रह्यो मतदाताले पनि मूल्यांकन गर्दैनन् । अदालत पनि निस्पक्ष नहुने, दलको आशय मुताबिक निर्णय गर्ने पद्धतिको विकास हुनुले राष्ट्रको संरक्षण गर्ने अहं प्रश्न खडा भएको छ ।

८४. बिजुली मिस्त्री, प्लम्बर, खुद्रा घुमन्ते पसले, सडक पेटी व्यापारी, तरकारी र फलफूल बेच्नेहरू, मोची, मिठाई बेच्नेहरू, मिसावट गर्नेहरू, सिकर्मी डकर्मी, कुल्ली, ज्यामी काम गर्नेहरू, इट्टाभट्टामा काम गर्नेहरू, रौं काट्ने हजाम (बार्बर) हरू, धोवीहरू, भारतीय ठेकेदारले काम गर्ने आयोजनाका सबै खाले कामदारहरू भारतीय छन् । निम्नस्तरका सीपयुक्त साइकल, मोटर मर्मत, सोलार आदि मरमत गर्ने पनि भारतीय छन् । गार्मेन्ट उद्योगमा पनि भारतीयहरूकै बाहुल्य छ ।

८५. डा. परमानन्द, नरबहादुर भण्डारी के इरादेकनेक नाही लगते, हिन्दुस्तान आषाढ कृष्ण ३, २०४४

८६. ऐऐ

चन्द्रकान्त ज्ञवाली र ठाकुरमणि आचार्यको रिट निवेदनलाई सर्वोच्च अदालतले सार्वजनिक बहसको लागि खुला गरिनुले यो प्रष्टिन्छ[८७] ।

२९. भारतले "भारतीय मूल" भन्ने गरेकाहरूको मात्र दल बनाई लेण्डुप दोर्जीहरूको सरकार बनाएपछि सिक्किम बनाउने अन्तरनिहित स्वार्थ छ । बल्लभ भाई पटेलको हिमाल दक्षिण भारत हैन, इण्डिया बनाउने सोच पुरा हुनेछ ।

३०. अमेरिकाको आँखमा छारो हाल्न भारतीय जेलमा राखिएका सि.पि. गजुरेल (गौरव) ले जे.एन्.यु.मा 'शान्तिपूर्ण राजनीतिमा आउन रणनीतिक चाल भएको खुलासा गर्नुले थप पुष्टि हुन्छ । उनले भनेका थिए – "माओवादीले क्रान्ति नछाडेको वरू त्यसका लागि शक्ति मजबुत गरेको, बाह्र बुँदे समझदारी पछि नै दल बलियो भएको" तथा "शान्तिपूर्ण राजनीतिमा आएयता १० हजार जनसेनालाई ३५००० पुऱ्याउन सफल भएको हो ।" प्रम गिरिजाले माओबादी सेनालाई ५०, ००० बनाउन सघाएका थिए । अनि माओबादीले भनेको थियो – "अब संसदबाट सोचे जस्तो परिणाम नआए शहरी विद्रोह गर्न पार्टी सक्षम छ । केवल चुनावमा गएर जसरी पनि सत्ता कब्जा नै गर्ने हो, वुथ क्याप्चर गरेर भए पनि भन्ने रणनीति पनि सार्वजनिक गरेका थिए । त्यसका लागि दलले पिपुल्स भोलिन्टियर्स बनाएको छ । त्यो भोलिन्टियर्समा जनसेनाका तालिम प्राप्त व्यक्ति लगेर शिविरमा नक्कली सेना मात्र जम्मा पारिएको थियो । यो भोलिन्टियर एक लाख युवाको थियो । सबै भारतीय योजना थियो ।

शान्तिपूर्ण पहलबाट सत्ता क्याप्चर गर्न नसकिए सशस्त्र बाटो लिइने र चाबी आफ्नै हातमा भएकोले हतियार १ घण्टा भित्र परिचालन गर्न सकिने गरी रणनीति तैयार गरेएको थियो[८८] ।

## केही सुझाव

३१. भारत नेपाल दुबै बैदिक संस्कारका हुन, यस्मा बुहारी पतिको गोत्रमा परिणत हुने र पतिको देशको नागरिकता पाउने हुनुपर्छ । नागरिकता दिने प्रकृया दुबै देशको समान हुनुपर्छ । त्यसो भएको भए यो समस्या नै हुने थिएन ।

३२ विश्वका सबै मुलुकमा यस्तो असमानता हुँदैन । नेपालमा प्रयोजित छ । नेपाली महिलाहरू इशाईसंस्कारबाट प्रभावित छन् । पछाडिको असहज र रणनीतिक कुरा बुझ्ने राष्ट्रियताको चेतनाको कमी छ । यस्तो चलखेललाईः

---

८७. कान्तिपुर, २५चैत्र २०५७

८८. कान्तिपुर माघ २१।२०६३ ।

स्वतन्त्र राष्ट्रको अस्तित्त्वका हिमायती नेपाली महिलाले पनि बुझ्ने कुरा याहाँको शिक्षा पद्धतिबाट बलियो बनाउन सक्नुपर्दछ ।

३३. रोजगार बृद्धि गर्न सरकार, घरेलु उद्योग, रोजगार प्रवर्द्धक, श्रम/अर्थ मन्त्रालय/विभागहरूबाट चासो, चिन्ता देखाएर सुदृढ व्यवस्था गरे केबल केश कर्तनबाट मात्र ५ लाख रोजगार सृजना हुन्छन्, बर्षिनै बिदेशिने ३०० अर्ब रूपैयाँ नेपालमा रहन्छ ।

३४. यसको व्यवस्थाकालागि सीमा प्रवेशलाई व्यवस्थित गर्ने, तिनको अभिलेख राख्ने, आउँदा भारूलाई नेरूमा परिबर्तन गर्ने र जाँदा भारूमा दिने अभिलेखात्मक गर्नु पर्छ, कर प्रमाणित पनि गर्नुपर्छ । अभिलेख रहित रूपमा भारू सटही कडाइका साथ पालना गराउनु पर्छ ।

३५. बेलायतले गोर्खा सैनिकलाई नागरिकता दिएर तिनको कमाइलाई नेपाल आउन नदिने र बेलयतकै विकासमा लगानी गर्ने गराएको छ । ब्रिटिसगोर्खाका तिनै बेलायती गोर्खा नागरिकबाट ब्रिटिस-गोर्खा सेनाको पुर्तीहुने बनाए पछि गोखाए सेनामा नेपालीले पाउने गरेको रोजगारको अबसरबाट पनि नेपाली बंचित रहनेछन् । त्यस्तै भारतीय मुलका नेपालीको मुठ्ठीमा रहेको आर्थिक क्षत्रलाई दिगो नेपाली बनाउन आवस्यक छ ।

३६. बौद्धिक नेपाली समाज, नेपाली बिद्ययार्थीले उच्च शिक्षा बिदेशबाट लिने गरेबाट नेपालको उचचस्तरको बौद्धिक शक्ति पलायन हुनबाट नरोकेसम्म नेपालको आर्थिक उननति संभव छैन । त्यस्कालागि बिदेशी बिद्यार्थी समेत अध्ययन गर्न नेपाल आउने खाले शिक्ष पद्धतिको तुरून्त बिकास गरी शिषामा आमूल परिबर्तन गर्नुपर्छ [८९] ।

३७. सञ्चारले नत सीमाहीन देश हुनुपर्दछ भन्नसकेको छ नत उदारवादको विरोध गर्न सकेको छ । नत राष्ट्रवादको संरक्षण गर्न सकेकोछ न त सकरात्मक सोचको समाज बनाउन । भारत, अमेरिका वा बेलायतका सञ्चारले जति आ-आफ्ना राष्ट्रवाद जोगाउन सकेका छन् नेपाली सञ्चार ले पटक्कै सकेका छैनन् । यस बारेमा राष्ट्रले पनि ठोस र दीगो नीति बनाएर कार्यान्वियन गर्न सकेको छैन । सञ्चार क्षेत्रमा भएका बुद्धिजीवीको कमी त छैन तर सोच बदल्नु पर्दछ ।

३८.नेपालका तराइमा बस्ने तराईबासी रैथाने नेपाली मुलका तराइबासी हुन् । तिनलाई भारतीय मूलका भनेर पहडी र तराईबासीबिच झगडा बनाउने भारतको षडयन्त्र हो । तराई र पहाड बीचको जातीय हिंसाकालागि उक्साउने भारतीय षडयन्त्र हो । तराइको नागरिकताको समस्या पनि कुनै

८९. बिस्तृत जानकारीकालागि हेर्नुहोस, हिमाली राष्टि्रय निकुञ्ज र पर्यटन बिकास, डा.शास्दत्त पन्त, सिरूड २०६६

समस्यै होइन, यो अर्को षडयन्त्र हो । रोटीबेटी विवाह पनि समस्या होइन । नेपाल सरकारको प्रशासनिक अस्तव्यस्तता बनाउन पनि पश्चिमा र भारतको कुदृष्टि छ । त्यस्को पछि लाग्ने दल र सांसदको प्रवृत्ति अराष्ट्रिय हो ।

## नागरिकतामा घुसपैठ : राष्ट्रियतामा खतरा

१. नागरिकले राष्ट्रको भाग्य बाउँदछन् । (As the citizens shape a nation's destiny, the far reaching political implications are studied) सम्बत् २०४७को संविधानको दफा ८ मा तनेकिएको नेपाली नागरिकताभन्दा अरू कसैले कहिल्यै अरू तरिकाबाट नागरिकता पाउने व्यवस्था भएमा नेपाली राष्ट्रियता पाउने हुनासाथ नेपालको राष्ट्रियता खतरामा पर्ने छ ।

२. राजा र जनतालाई टाढा राखी राणा कालमा व्रिटिश-इण्डियाले अप्रत्यक्ष रूपमा शासन गरेर १८१६ को सुगौली सन्धि र १९५० को मैत्री सन्धि गराएको थियो । २००७-२०४६ बीच यी दुइका बीच सामीप्यता भएका कारण नेपालले स्फूर्त रूपमा काम गर्न पाएकोले भौतिक पूर्वाधारको विकासमा निकै उपलब्धि हात पनि पारेको थियो । तर २०४६ मा फेरि फुटाऊ र हत्याउ सिद्धान्त लागू गरेपछि फेरि त्यही कुराको पुनरावृत्ति भयो । एक सदस्यीय नागरिकता वितरण तथा अनुगमन आयोग गठन गर्यो । हतार हतारमा नागरि कता बिधेयक पारित गरी संसदको सत्र सकेर प्रमं भारत पस्नुमा नेपाललाई भूटानीकरण गर्ने चालमा नेपालका दल सहमत हुनु थियो । २०५४।५।६ मा जारी अध्यादेश धातक कार्य थियो ।

३. उक्त पारित नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक संविधानसंगत नहुने ठहर भएपछि नेकाँले भारतीयलाई नागरिकता दिएर बहुमत बनाउननै गिरिजाले संविधान नै संशोधन गरेका थिए ।

४. नेपाली जतिले नागरिकता पाएकै छन् । कानून बमोजिम पाउन पर्नेले नपाएपछि अदालतको ढोका खुला छ । जब कोही अदालतमा जाँदैन भने यो विदेशीलाई नागरिकता दिने षडयन्त्र मात्र थियो । त्यसमा पक्ष र प्रतिपक्ष दुवै भारतीय शक्तिबाट प्रभावित भएकाले यो काम गरेका थिए, गरिरहेका छन् ।

५. नेपालको सबै जनसंख्या इण्डियामा जाँदा त्यहाँ २ प्रतिशत पनि थपिदैन तर इण्डियाको एक प्रतिशत नेपालमा थपिए भने नेपालको जनसंख्या जनसंख्या दोब्बर हुन्छ । उनीहरूको बहुमत हुन्छ । जनमतसंग्रहबाटै भारतमा बिलय गराउन संभव हुन्छ ।

६. राजसंस्था राष्ट्रको संरक्षक हुने भएकाले त्यसलाई हटाउने प्रयत्न भभारतले गरेको थियो त्यसमा दल भारतपक्षमा खडा भएका हुन्[९०] ।

---

९०. बालकृष्ण न्यौपाने, संकटकाल अनुमोदन नागरिकताको के सम्बन्ध, नेपाल समाचारपत्र, २०५८।११।१४ ।

७.नेपालको २०३७को जनमतसंग्रहमा मत हालेको सूचीका आधारमा नागरिकता दिइनुमा पनि यही शक्ति बढाउने षडयन्त्र थियो ।

८.नेपालमा बसोवास गरिरहेका ६५ लाखभन्दा बढी भारतीय नागरिकलाई नेपाली नागरिक दिनै पर्ने भनेर भारतले दलहरूलाई निरन्तर धम्क्याएको छ ।[९१] क्षेत्रफलको हिसाबमा भारतको १२,६३,५९५ वर्गमाइल छ भने नेपालको ५६,१३६ वर्गमाइल छ । भू-क्षेत्रमा भारतभन्दा २३ गुना सानो जनसंख्यामा भारतको ५० भागको १ भाग मात्र छ ।तल इण्डिया बनाउने पटेलको योजना निरन्तर छ ।

९.श्रीलंकाको तामिलहरूको समस्या पनि भारतीय मूलको नागरिकबाट शुरू भएको थियो । जब श्रीलंकाका पुस्तैनी तामिलसँग नयाँ तामिलको सम्बन्ध गाँसिन पुगेपछि त्यो हिंसाको राजनीतिमा परिणत हुन पुगेको थियो । नागरिकताको विषयलाई लिएर नेपालमा पनि श्रीलंकाकै स्थिति हुन्छ भनेर भारतीयहरूले औंल्याइसकेका छन् । "नेपालमा जुन प्रकारको नागरिकता समस्या जटिल हुँदै गएको छ, त्यसले कुनै राम्रो भविष्य संकेत गर्दैन । आजसम्म नेपालमा नागकिरताको कुरा लिएर हिंसात्मक वातावरण नभए पनि भविष्यमा हुँदैन भन्न सकिंदैन ।"[९२]

१०. २०५९ सालमा प्रम लोकेन्द्रबहादुर चन्दको मन्त्रिमण्डलमा उप प्रम भएका सद्भावना दलका अध्यक्षले उप प्रम हुनासाथ इण्डियाले भन्दै आएको तथा कथित भारतीय मूलका ४० लाखलाई नेपाली नागरिकता दिने भन्ने पहिलो अभिव्यक्ति पनि विलयको उद्घोष थियो ।

११. नेपालको भारतीयसंगको विवाहबाट इण्डियनको प्रवेश पनि समानताको आधारमा नबनाउनुमा नेपाली दलले नेपाललाई विलय गराउने दोर्जी प्रवृत्तिको उपज हो ।

१२. फेरि यसरी प्रवेश हुने भारतीय सवै निम्नस्तरका व्यक्तिलमात्र हुने गर्दछन् । तिनबाट तत्कालै भारतका स्लम एरिया घट्छ र नेपालमा स्लमक्षत्र बढ्छ, बढ्दै गउको छ । यसमा माइती नेपालले एड्स लागेका, वेश्यावृत्ति मा निपुण भित्र्याउँछ । दलहरूले लाखौ इण्डियन अस्थायी शिक्षक लाई पजनी प्रथाद्वारा स्थायी गरिने गरे । नेपाली कुनै पनि नेतामा राष्ट्रको माया नभएको, राष्ट्रप्रति समर्पित भाव नभएको प्रष्टिन्छ । सीमा पारिका अधिकांश महिला नेपालका अस्पतालमा सुत्केरी हुन आउने पनि षडयन्त्र नै हो ।

ooo

---

९१. हिन्द, अप्रिल १५, १९८९ । (नेपाल अपनि हरकतो से काज आए : भारतकी चेतावनी)

९२. डा. परमानन्द, नेपालको तराईमै नागरिकता समस्या, हिन्दूस्तान : आश्विन ११, २०४४ ।

**माताःभूमि पुत्रोक्हं पृथिव्याः** *(अथर्ववेद १२.१.१२)*
धर्ती हाम्री आमा हुन् हामी उनका पुत्र हौँ ।

## अध्याय ११

# नेपाली राष्ट्रियताका आधारतत्त्व

## आधारस्तम्भ

१. हरेक देशमा राष्ट्रियताका आधार स्तम्भ हुन्छन् । त्यही भूजनीतिका आधारमा त्यहाँको राजनीतिक व्यवस्थाको चयन गरिन्छ, शासन व्यवस्था मिलाइन्छ ।

२. नेपालको भूराजनीतिको अवस्था विश्वमै भिन्न छ । नेपालका राष्ट्रियताका आधार स्तम्भ पनि मौलिक र भिन्नछन् । विश्वराजनीतिमा नेपालको राष्ट्रियता कसरी कँहाकँहा भिन्न छ भन्न कुरा *राष्ट्रियताको विश्व लहरममा नेपाल* अध्यायमा माथि चर्चा गरिसकिएको छ ।

३. नेपालको गौरब गाथाको महत्त्व हिमबतखण्ड तपोभूमि भएका कारण नेपाल प्राच्य भूमिमा पनि भिन्नछ । इण्डिया गोराले पछि राखेको नाम हो । हिन्दुस्थान मुसाइले शासन गरेपछिको नाम हो । भारत राजा भरतको नामाट राखिएको नाम हो । आजको इण्डियाले आफ्नो देशको नाम र सभ्यता संस्कृति पनि बिर्सेकोछ । यी सबै कुरा नेपालले जोगाई राखेको छ । नेपाल नाम प्राचिनतम हो । लिखित रूपमा सबै पुरणहरूभन्दा पहिले लेखिएको देवीभागबतमा नेपाल शब्द उल्लेख छ ।

४. यथार्थमा नेपाल वैदिक सभ्यताको तपोभूमि हो । तपोभूमि भनेको वेदशाला हो, खोजकेन्द्र हो । शिक्षा, विद्या, ज्ञान, आत्मा परमात्मा, मानवत्व, प्राणित्व, विश्वशान्ति, प्रदुषण रहित स्वच्छ सुन्दर विश्व कसरी बनाउने र त्यस्तो मानव मानसिकता कसरी बनाउने भन्ने खोज गर्ने केन्द्र हो । बास्तबमा तपस्या भनेको कुनै विषयको अन्त्य सार ननिस्केसम्म एउटै कुरामा निरन्तर लागि पर्ने भनेको हो ।

५. आफू जन्मेको देशको संरक्षण र संबर्धन नै राष्ट्रियता हो । भूगोल अनुसार तया गरिने राष्ट्रियताका धेरै खाले आधार स्तम्भहरू हुन्छन् । ती मद्धे मुख्य केही धर्म, संस्कार, संस्कृति, सभ्यता, प्रकृति–कुपित व्यवस्थापन, भाषा, जनप्रबृत्ति, शासन व्यवस्थाबारे याहाँ चर्चा गरिन्छ, जस्लाई पर्गलेर राष्ट्रियताको संबर्धन गर्न सकिदैन ।

## राष्ट्रियतामा धर्म तत्त्व

१. राष्ट्रिय अस्मिता, राष्ट्रिय स्वाधिनता, राष्ट्रिय गरिमा, राष्ट्रिय गौरव त्यसबेला मात्र बच्दछ जब त्यस देशका तमाम जनतामा राष्ट्रिय भावना हुन्छ । जब देशले सत्य छाड्दछ त्यहा कुशासन मौलाउदछ । कुशासन मौलाए पछि असन्तोष जन्मन्छ । नेपालमा जन्मेका सबैखाले असन्तोषहरू २०४६ पछिका कुशासनले बाध्यात्मक रूपमा जन्माएको हो । यदि पशिचमाले दास प्रथाको थालनी नगरेकको भए अथवा उद्योगपति र ब्यापारीले असैह्य शोषण नगरेको भए साम्यबाद जन्मिने थिएन । यदि नेकाले कुशासन नगरेको भए माओबबादी द्वन्द जन्मिने थिएन । अब यी जन्माउने र जन्मिने दुबै शक्ति यस्तै रहने हो भने अझ चर्को समश्या स्थापिन हुनसक्छ । निहित स्वार्थ र अन्यायले राष्ट्रियतामा ह्रास आउँछ ।

२०४६ पछिकको राजनीतिक परिबर्तन पछि सत्तापक्ष र प्रतिपक्ष मिलेर घोर भ्रष्ट्रचार गरे । दलीयता, अन्याय र अत्यचार बढे । त्यसले राजनीतिक, आर्थिक, सामाजिक तथा धार्मिक सहिष्णुता सबै क्षत्रमा संकटग्रस्त बनायो । भ्रष्ट्रचार, जनघात र राष्ट्रघातका अपराधहरू बिरूद्धमा राष्ट्रवादी विचारबबाट जन्मिएका स्वतः स्फुर्त विद्रोहलाई दबाउन बाहिरी शक्ति थपिनुले नेपालकको राष्टियतालाई ठुलो खतरा जन्माइ दिएको छ । विद्रोह भ्रष्ट्रचार, राष्ट्रघात र जनघात गरी कमाएको श्रोत नखुलेकको अवैध सम्पतिलाइ जफत गरियोस भन्ने मात्र थियो । संघीयता, जातीयता र धर्म निर पेक्ष जोडेर देशलाई सदा अशान्ति रहिरहने, अफगानिस्तानको जस्तो गृहयुद्धको भुमरीमा फसाउने षड्यन्त्र भइरहेको पाइन्छ । यी सबै काम वैदिक धर्मतत्त्वाको अभावका कारण भएका हुन् ।

२. धर्म प्राकृत हो । धर्म नियमितता हो । धर्म अनुशासन हो । धर्म अपौरूषीय हो । धर्म सास्वत सत्य हो, सनातन हो, अनादि हो, अनन्त हो । पानीको धर्म वरालो तिर बग्नु हो भन्नुले प्राकृतिक स्वभाव भन्ने बुझिन्छ । जल र वायुका कुराले पनि त्यस्तै कुरा बुझाउँछ । सूर्यबाट आउने प्रकाश र तातोपनले पनि त्यस्तै कुरा बुझाउँदछ । सौर्य मण्डलका सबै ग्रहको नियमित धर्म छ । धर्म पालना गर्दछन् । सबै अरू तारा पुञ्ज, आकास गंगा, ब्लयाक होल आदि आदिको पनि धर्म छ, धर्म पालना हुन्छ । धर्मकै आधारमा विश्व ब्रम्हाण्डको व्यवस्था चलेको छ । विश्व संचालनका सबै कुरा धर्ममा आवद्ध छन् । धर्म 'परमतत्त्व' हो । सृष्टिलाई धारण गर्ने हुनाले धर्म भनिएको हो । ग्रह ताराहरू, दैनिक वार्षिक गतिहरू, वर्षा र नदीप्रबाहका संस्कारहरू धर्मकै आधारमा संचालित छन् । प्रबृत्ति भावलाई अन्तः करणबाट नष्ट गरेर क्रमसःनिबृत्ति भावको पूर्णता प्राप्त गर्नु नै धर्मको धर्मत्व हो[९३] ।

---

९३. सत्यर्थ बिबेक, दयानन्द, सन् १९१५ पृ.६२३.

३. ब्रम्हाण्डभित्र सूर्यमण्डल जस्ता धेरै मण्डलहरू छन् । ब्रह्माण्ड बाहिर अनन्त अरू ब्रह्माण्डहरू छन् । यी सबै ग्रह उप ग्रहमा आकर्षण र विकर्षणको सामञ्जस्य छ । त्यसकारण कोही पनि आफ्नो बाटोबाट च्यूत हुँदैनन् । यही शक्तिनियमलाई धर्म भनिन्छ । जुन शक्तिले यो पद्धतिको संरचना गऱ्यो त्यो नै परमेश्वर हो । परमेश्वर निराकार छ । विश्णु, ब्रह्मा शिव परमेश्वरका साकार रूप हुन् ।

४. धर्म स्वभाव हो । एउटै गराको माटोमा संगसंगै रोपे पनि उखुको गुलियोपन, पातीको तितोपन, अमराको टर्रोपन, खुर्सानीको पिरोपन, कागतीको अमिलो पन, सागको नुनिलोपन कहिल्यै कहीं परिवर्तन हुदैन । कुनै पनि प्राणीले आफ्नो धर्म छाड्दैनन् धर्म परिबर्तन गर्दैनन् । परमात्माबाट सृजित निर्देशनको अपहेलना गर्दैनन् । त्यो धर्मको पालना हो ।

५. प्रत्येका प्राणीमा सन्तानोत्पत्तिको चाहना हुन्छ । चाहना प्राकृत हो । त्यो पनि धर्म हो । कामदेव त्यसका व्यवस्थापक हुन् ।

६. हाम्रो समाजमा बिद्यमान सांसारिकता पनि धर्म हो । यो सांसारिक धर्म मानवकृत जस्तो पनि लाग्छ[९४] । बास्तबममा धर्म भनेको सबैलाई कल्याण गर्नु हो । सत्यको पक्ष अगाल्नु हो । धर्मले प्राणी मात्रलाई आचरणमा राख्दछ । मन, वचन, कर्मले आचरणमा राख्छ । प्रत्येक व्यक्तिलाई धारण गर्न योग्य बनाउँछ । त्यसैले यो सामाजिक हो । समाजको अन्तरनिर्भरता समाज धर्म हो । अब परिबारमा वर्लेपछि पतिधर्म, पत्नीधर्म, माताधर्म, पिता धर्म, भ्रातृधर्म, गुरू धर्म, शिष्यधर्म आदि अनगिन्ती धर्मछन् ।

७. धर्म ईश्वरको सनातन लीला संचालन विधी हो । यो स्वतः सदासर्वदा चलिरहन्छ । यसरी सधैं चलिरहने हुनाले सनातन भनिएको हो । यो थियो, छ र रहने छ । अधर्मले दुख र वेदना बनाउँदछ । धर्मले सुख र शान्ति दिन्छ ।

८. जुन शक्तिबाट विश्व परिचालित छ त्यो धर्म हो । जुन पद्धतिले नियमितता दिन्छ त्यो धर्म हो । प्रत्येक प्राणीमा भिन्नता हुनु स्वभाव धर्म हो । विभिन्न योनीका फरकपन हुने जाती धर्म हो ।

९ धर्म भनेको सास्वत सत्य कुरा हो, ज्ञान र बिज्ञान हो । धर्मभित्र बिश्वब्रह्माण्ड र त्यसको  परिचालन पद्धति हुन्छ । सूर्य ग्रह तारा पृथ्वी धर्मैबाट संचालित छन् । राज्य संचालन त्यसैको शुक्ष्म रूप हो । प्रबृत्ति भावलाई अन्तः

---

९४. मूर्ति पूजा । कर्मकाण्ड । तीर्थाटन र मन्दिरधावन । जप, तप । योग र नित्यकर्म । दान, तपस्या । गंगा स्नान । ब्रत । पक्षहरू सांसारिक र मानवकृत हुन् । सत्सङ्गको अबधारणा । यिनले भिन्न भिन्न अर्थ राख्दछन् । यद्यपि यी धर्मका आथारमा बनेका पूर्वाधार नै हुन् ।

करणबाट नष्ट गरेर क्रमसः निबृत्ति भावको पूर्णता प्राप्त गर्नु नै धर्मको धर्मत्व हो ।[९५]

१०. धर्मको सर्बमान्य दार्शनिक पक्ष के हो भने भूसुनादेखि ब्रम्हाण्डसम्म सबैको – उत्पत्ति हुन्छ, – स्थिति हुन्छ, र  विनास हुन्छ ।

११. धर्म मार्ग समाजकृत पनि हुन्छन् । तिनलाई पञ्चशिल, दशनियम, दश आदेश भनिन्छ । हिंसा नगर्नु, चोरी नगर्नु । बलात्कार, भ्रष्टाचार, व्यभिचार नगर्नु । झुटो नबोल्नु । तामसी पदार्थ सेवन नगर्नु आदि पनि आदर्श समाज बनाई राख्ने थप ब्याख्या हुन् । अतिवादी, संकीर्णवादी, कट्टरतावादी, अन्धविश्वासी भन्नेहरू अज्ञ, अल्पज्ञ र मूढ हुन् । सम्प्रदायमाझैं एक व्यक्तिको पगदण्डीमा (हिन्दु)धर्म हिड्दैन । मन र वुद्धिलाई विवेकसाथ प्रयोग गरेर मात्र सत्कर्म गर्न सकिन्छ ।कर्तव्य गर्नु नै धर्म हो । यस्मा वर्ण व्यवस्थाका चारै आधारको प्रभाव रहन्छ । सामाजिकरण प्रक्रियाबाट सत् असत् प्रवृत्तिको विकास हुन्छ ।

१२. धमर्को अर्थ बुझेकाले धर्मलाई कुनै नाम दिंदैन, कुनै बिशेषण जोड्दैन । किनभने धर्म सास्वत हुन्छ । त्यो सबैको साझा हुन्छ । सास्वत धर्म सबै काल, युग, स्थान आदिमा एउटै रहन्छ तर असास्वत चाहिं समाजको लहर सित हिंड्दछ । स्थान र समयसँगै बरालिंदै जान्छ । त्यसमा कसैको स्वार्थ निहित हुन्छ । स्वार्थ बाझिन्छ । बाझिएको स्वार्थले द्वन्द उत्पन्न गराउँदछ । त्यही द्वन्द नै समाजको तनावको कारण हो । युद्ध वा द्वन्दको कारण हो । शत्रुता र मित्रताको कारण हो । शत्रु र मित्र हुनु भनेको समाजमा गुट, उपगुटमा विभक्त हुनु हो । यही असास्वत नै सम्प्रदाय हो । धर्म सम्प्रदायहरू भनेको आजकलको दल वा दल सम्प्रदाय पनि हो । आर्यले असास्वत धर्म मान्ने गरेका थिएनन् । त्यसकारण उनीहरूले मान्ने गरेको धर्मको कुनै बिशेषण थिएन, हुदैन ।

१३. परमेश्वरले ब्रम्हा, विष्णु र महेश्वरको सृजना गर्दछन् । उनीहरू क्रमशः सृष्टिकर्ता, स्याहारकर्ता र नाशकर्ताको रूपमा काम गर्न तोकिन्छन् । 'वेद' मानिसको सृष्टिसँगै परमेश्वरबाट भएको हो ।  अज्ञान र ज्ञान शुरूदेखि थियो र छ । सरल भाषामा भन्नुपर्दा वैदिक धर्म भनेको वेदमा उल्लेख भए बमोजिम मानिने धर्म हो । यसै धर्मलाई हिन्दु धर्म, सनातन धर्म, आर्य धर्म, ॐ कार समूह धर्म भनिन्छ । यो मजहबी स्वार्थ जन्मेपछि स्वर्थबाट बचाउँदा जन्मेका शब्द हुन् । वेद र वेदमा आधारित सबै सिद्धान्त ज्ञान र विज्ञान हुन् । त्यही ज्ञान र विज्ञान नै धर्म हो । विद्यालय सद्व्यवहारी समाज बनाउने संस्थागत रूपमा 'धर्म' शिक्षा निरन्तर पाउने वातावरण बनाउने पद्धति हो ।

---

९५. सत्यर्थ बिबेक, दयानन्द, सन् १९१५पृ.६२३.।
यतो क भ्यूदयनीः श्रेयससिद्धिः स धर्म (बैशेसिक धर्म)

१४. आचरण अथवा सद्व्यवहार 'धर्मको' अभिन्न अङ्ग हो । सद्व्यवहारी मानिस स्वतः मानव अधिकारवादी, प्राणी अधिकार वादी र वातावरण अधिकारवादी हुन्छ । फोहोरको प्रदूषण बढाउने, वन विनास गराउने, जल प्रदूषण गर्ने, हवा या वायु प्रदूषण बढ्ने जस्ता सबै कृत्य सद्व्यवहार होइनन् ।

१५. कर्मकाण्ड सम्प्रदाय आदि श्रौथ धर्म हुन् । कर्म बिभाजन र वैयक्तिक अभिरूची वर्णाश्रम धर्म हो । पुनर्जन्मको बिश्वास र परमात्माको सामिप्य चाहना पारमार्थिक धर्म हो । आदर्श जीवन जिउने कला आचरण, नीति धर्म हो । जिउने जिबिसा प्रबृत्तिधर्महो, बस्ने चाह नीबृत्ति धर्महो । मोक्ष, निर्वाण, मुक्ति र समृद्धि अध्यात्म धर्मका रूप हुन् । प्राकृतिक सृजनालाई बनाई राख्ने प्राकृतिक नियम-धर्म हो । बैदिक, सनातनी, अपौरूषीय, हिन्दु भन्ने मजहबीको कारणले हो ।

१६. सारतः धर्म सापेक्ष हुन्छ । धर्म धराभर एकमात्र हुन्छ,। धर्म परिबर्तन हुदैन । सापेक्ष हुन्छ । धर्म अपौरूषीय हुन्छ । मजहब मात्र पौरूषीय हुन्छ र निरपेक्ष पनि ।

## धर्म र सम्प्रदाय फरक तत्त्व

१. धर्म र सम्प्रदाय फरक विषय हुन् । धर्म अपौरूषीय हुन्छ । त्यो एक मात्र हुन्छ, प्राणी मात्रको साभा हुन्छ । त्यो प्राकृतिक नियमसंगत हुन्छ । त्यो अपरिबर्तनीय हुन्छ । पौरूषीयहरू मानबकृत हुन् । ती जति पनि संख्यामा हुन सक्छन् । त्यस्तालाई धर्म भनिदैन, ती धर्म होइनन् । यस्ता जति सबै सम्प्रदाय हुन्, मजहब हुन् । यो इशाई-मुसाइले धर्मलाई रेलिजन शब्दको प्रयोग गरेका कारण भएको हो । रेलिजनको अर्थ सम्प्रदाय हो धर्म होइन । धर्म शब्द संस्कृत भाषा बाहेक .(वैदिक) अरू भाषामा छैन । जसले धर्मान्तरण गराउँछन्, ती सबै मजहब हुन्, दल हुन्, भ्फुण्ड हुन् । मजहबले समाजलाई बिभाजन गर्छ, धर्मले एकतृत गर्दछ । नेपाली समाज वैदिक हो । वैदिक समाज धर्ममा आस्था राख्ने हो । यस्ले मजहबको भ्फैं धर्मानतरण गर्दैन, गर ाउँदैन ।

२. मजहबले राष्ट्रियतालाई सदा बलियो पार्दैन । एउटै मजहबीको बाहुल्य भएकोमा बाहेक आफ्नै देशको राष्ट्रियतालाई पनि बलियो पार्दैन । एउटा देशको हितगर्ने राष्ट्रियता बढाए पनि अर्को देशको अहित गर्दछ । मजहब दलीय शासन जस्तै हो । एउटा दलले देशको राष्ट्रियतालाई सघाए पनि अर्कोले अर्को देशको पक्षधर भएर काम गर्दछ । नेपालका दल सांसदहरूमा मनगगे उदाहरण पाइन्छन् ।

## सस्कार संस्कृति तत्त्व :

१. जे जे काम गर्नाले समाजमा उन्नती हुन्छ, मुक्ती प्राप्त हुन्छ त्यो संस्कार धर्म हो । संस्कार पुस्तौ.पुस्ता लागेर बनेको हुन्छ । लामो काल लागेर बनेको संस्कार एक सेकेण्डमा धर्मान्तिर गरेर मेटिदैन । मजहबी परिवर्तन भनेको सांस्कारिक हैन, राजनीतिक दाउपेच हो । मजहबान्तरित व्यक्तिको संस्कार बनेको हुदैन । त्यसकारण वैदिक संस्कारका मानिसले अर्को संस्कारको मानिसलाई ग्रहण गर्देनन् । किनकि उसको जिनमा संस्कार हुँदैन । संस्कार बन्न सातपुस्ता जति लाग्दछ । सार कुरा के हो भने जसरी जनबोलीले हिन्दु भनिने वैदिक संस्कारका मानिसले धर्मको प्रचार गर्दैन, धर्मान्तरण पनि गर्दैनन् । अर्को संस्कारको मानिसलाई हिन्दु बनाउँदैन त्यसै गरेर हिन्दु(धर्म) लाइ पनि इशाई वा मुसलमान बनाउन हुदैन, कोही बनेभने त्यस्लाई पनि संस्कार छोडेको मानेर बहिस्कार गरिन्छ । संस्कार बचाउन नै सगोत्र विवाह गरिदैन, ७ पुस्ता सम्मका नालनाता केलाइन्छ । विवाहका दिन वैदिक बिधान अनुसार पत्नत्तीलाई पतिको गोत्रमा परिबर्तन गरिन्छ । किनकि नारीमा एक्स क्रोमोजम मात्र हुन्छ । वाइक्रोमजम पुरूषसंगमात्र हुन्छ । वाई क्रामोजमबाट मात्र छोरो हुन्छ, बंश निरन्तरता हुन्छ । त्यसैले पत्नी पतिका घर जोने वैदिक संस्कार बिज्ञान संगत छ । मुलुक धर्म निरपेक्ष हुन सक्तैन ।

२. हाम्रा संस्कार र संस्कृति वैदिक जगमा उभिएका हुन् । ती नेपालका हावापानी संग मिलाइएका छन् । चाडबाड पूजा आजा, कर्मकाण्ड, श्राद्ध तपर्ण, अध्यात्मिकता, आस्तिकता आदि हाम्रा संस्कार बनेका छन् । हाम्रो शिक्षा पद्धति त्यही नैतिक धरातलमा उभिएको छ । बिदेशीबाट विनाश गरिएको हाम्रो शिक्षा पद्धतिलाई अब पुनःस्थापन गर्नु अनिबार्य भएको छ ।

हाम्रा सबै सस्कार खारिएका छन् । तीन हात टाढैबाट हात जोडेर नमस्कार गर्ने वैदिक संस्कार हो । यो धर्म ज्ञान र बिज्ञानसंगत पनि छ ।

## भेषभूषा तत्त्व :

१. भेषभूषा भौगोलिक वाताबरण र प्राकृतिक श्रोतसाधन अनुसार निर्माण गरिन्छ । घाँटी समाउने युरोपको चिसोलाई टाइ चाहिन्छ भने प्राय हिउँले ढाक्ने तिबतमा बख्खु चाहिन्छ । भूमद्धे रेखाको सिंगापुरमा पातलो पाइजामा टीसर्ट चाहिन्छ । यिनको बिचको नेपालमा लबेदा सुरूवाल उपयुक्त भएको ठानिन्छ ।

२. आजकल देशलाई चिनाउने परिचय स्वरूप सबै देशले राष्ट्रिय पोशाक तोक्ने गरेकाछन् । राष्ट्रिय दिबस मनाउँदा, राष्ट्रिको प्रतिनिधित्व गर्दा र औपचारिक काम गर्दा राष्ट्रिय पोशाक लगाउने गरिन्छ । राष्ट्रिय पोशाकले त्यस देशको परिचय पनि झल्काउँछ ।

३. नेपालका जातजाती सबैको स्थानबिशेषका आआफ्ना पोशाक छन् । मगरको कछाडभोटो खादी छ भने राईलिम्बु, तामाङ र जुम्लीको दौरा सुरबाल इस्टकोट छ । त्यस्तै थकाली, थारू लगायत सबै जातजातीका थोरै फरक भएका मिल्दाजुल्दा पोशाक गरगहना छन् । तराइका मानिसको धोती कुर्ताछ । ती सबै नेपालका राष्ट्रिय पोशाक हुनभने तिनैबाट परिमार्जित लबेदा सुरूबाल, कालोटोपी र कोट नेपालको राष्ट्रिय पोशाक हो ।

४. राजमुकुट वैदिक शासनवयवस्थाको धरोहर हो । राजधर्म, राजसंस्कार, राजशिक्षा, राजप्रतिकहरूसंग यसको अध्यात्मज्ञान सहितको विश्वव्यवस्थापनसांग गासिएको सम्बन्ध छ । श्री ५, श्रीपेच, राजगद्दी, राजध्वज, राजनिशान, राजदण्ड, राजछत्र, राजखड्ग, राजगुरू, राजपुरोहितहरू यस्ता प्रतिकहरू हुन् जस्को ब्याख्या अत्यन्त लामो छ । राजाहुने युवराज अथवा राजाले योग्यतम ठानेको र राजपरिषदले सदर गरेको वयक्तिको उच्चतम ज्ञान शिक्षा हुनुपर्नृ व्यवस्था छ । राजशिक्षा, राजशास्त्र, राजधर्मशास्त्र, राजगुणशास्त्र, राज चरित्रशास्त्र, राज अनुशासन पद्धति आदि हुन्छन् । राजपरिबार पद्धति र योग्तम जनप्रतिनिधिको काम गर्ने राजसभा पनि वैदिक संसकारको मौलिक अबशेषको एक मात्र देश नेपाल हो । नेपालको राजसंस्थाले वैदिक शासन व्यवस्था मात्र हैन वैदिक ज्ञान, संस्कार संएस्कृति र सभ्यताको प्रतिनिधित्व गराउँछ । यस्लाई गहिरो रूपमा खोज्न र बुझाउन आवस्यक छ ।

५. नेपालको संस्कार संस्कृति मास्न उद्यत इशाईहरूले नेपालको स्पष्ट परिचय दिने सबै चीज मास्न निरन्तर प्रयत्नशिलछन्, लगानी गरेका छन् । खाना, रहनसहन, भाष, संस्कृति, संस्कार सबै मास्ने र पश्चिमीको अनुकरण गराउँने क्रममा ठूला व्यक्तित्त्वलाई समात्ने गरेकाछन् । दशबर्षे आततायी युद्ध नाइके प्रचण्डको टाईसुट इसाईको लगानी खाएबापतको हो । उनी प्रम हुँदा पनि राष्ट्रिय पोशाक लगाएनन् बरू एनटीभीमा पनि लबेदा सुरूवाल फालेर टाइशुटमा बिस्थापन गराएका हुन्, त्यसले निरन्तरता पाएको छ, माओवादी समर्थक प्रचण्डका चेला भन्ने परिचय दिएको छ । त्यो पसेपछि हात जोडेर नमस्कार पनि भन्न छाडिएको छ । तथाकथित दशबर्षे आततायी कृत्यमा ८ बर्ष इशाइबाट संचालन खर्चका साथै रअ मार्फत हतियार समेत पाएका थिए । सुलह भएपछि ती हतियार बेचेको र लडाकुको जीबिकोपार्जनलाई दिइएको रकम समेत ३५०० करोडको बिबाद अख्तियारमा छ । स्विस बैङ्क, सिंगापुर र सौदीमा उनको कारोबार रहेको र छोराको मृत्युपछि परिवारनै लगेर नामसारी गरेको भन्ने जनहल्ला छ । उनको निरन्तरको सत्तामोह यस्ता दुष्कृतीबाट बच्न हो, उनको सबैभन्दा ठूलो सुरक्षा घेरा पनि यसैकोलागि हो । उनले पोशाक जस्तो देखिने कामबाट इसाईको प्रचार गरेको नदेखाए

पश्चिमाबाट हेग लैजाने भय मुख्य हो । यस्तै काम गर्ने पश्चिमाको क्विज्लिङ्ग नीति यहाँ लागू छ ।

## खानपान तत्त्व

१. खानपान पनि भूगोल अनुसार फरक फरक हुन्छ । लामो अनुसन्धानपछि तोकिएको कर्मअनुसारको सात्विक, राजशी र तामसी खानाको निर्धारण वैदिक हो, नेपाली हो । खाना पकाउने नेपाली कला छ । खानाको मात्रा, खाना खाने समय नेपाली खानपानको बिज्ञानसंगत आधार छ । यो खानपान याहाँको मौलिक खेती प्रणालीसंग गाँसिएको छ । खेती ऋतु परिवर्तन अनुसार हुने शुक्ष्म उर्जा प्रदान गर्ने आधारमा निर्मित छ । यी सबै कुरा जोडेर चाडबाड बनाइएका छन् । नेपाली रहनसहन, पोशाक र चाडबाड एकअर्कासंग गाँसिएको छन् । खाना बासी र साभ्की, शुद्ध र अशुद्ध, चोखो र जुठो आदिमा बिभाजन गरिएकोछ । खानाबाटै कुनै रोग नलाग्ने विधी तय गरिएकोछ । शुक्ष्मउर्जा पद्धतिको विकास गरिएकोछ जुन आजको बिज्ञानले अभ्कै पत्तो पाएको छैन । खेती लगाउनेदेखि आहार ग्रहण गर्नेसम्म शयौं मन्त्रपनि छन् जस्ले शुक्ष्मउर्जा परिचालन गराउँछन् ती सबै नेपालका कपिराइ६का विषय हुन् । १४१८ बर्ष बिदेशीको गुलाम भएको इण्डियाको दाबी गलत छ । किनकि उस्ले सबै बिर्सी सकेकोछ ।

मेकाउलेको शिक्षापद्धति इण्डियामा कायम छ । गोरामहान भनेर मान्दछ, गोबध गर्छ, सबै खानपानका पद्धति मासिसकेकोछ । आततायी माओबादीलाई प्रयोग गरेर नेपाली खानपान, रहनसहन, कर्मकाण्ड सबै मासिदिएकोछ । यो गहन अनुसन्धानबाट पुनर्स्थापन गर्नु अति आवस्यक भएको छ ।

## रहन सहन तत्त्व

रहन सहन भनेको सबै संसकार संस्कृति र सभ्यताको अभ्यस्त स्वरूप हो । ज्ञान र बिज्ञान सास्वत सत्यमा आधारित हुन्छ । सत्य सृष्टिकर्ता श्रष्टाको निर्माण र संचालन प्रबिधिसंग आवद्ध हुन्छ । त्यस्लाई वैदिक ज्ञानले प्रकृतिसंग मिलेर जीवन संचालन गर्नुपर्ने भन्ने मान्यता राख्छ । प्रकृतिसंग नमिलेर प्रकृति बिरूद्ध गयो भने प्रकृति कुपित हुन्छ । यस्ता कुरा ज्ञानबिज्ञानबाट जीवनका सबै कर्ममा उतारिएको हुन्छ । ती कुरा स्वाभाविक भएपछि घरघरका जनजनका रहनसहन बन्दछन् । पुस्ता दरपुस्ता चल्दै आउँछन् । घरघर वैद्य, घरघर धोबी संस्कार औपचारिक ज्ञान नभएपनि निरन्तर भई रहन्छ । यसरी रहनसहनले अनेक कार्यगर्ने समुह भएपनि ती एक अर्काका परिपुर्ति गर्दछन्, अन्तर निर्भर हुन्छन् । त्यहि नै अनेकतामा एकता हो ।

## भाषा र संस्कृति तत्त्व

गोरा महान भन्ने मेकाउलेको शिक्षाबाट नेपालका शिक्षक, कृषि र योजनाबिद् सबै पठित पनि मेकाउलियन–इशाई–भौतिक उपभोक्तावादको सोचबाट ग्रसितछन् । उदाहरणर्थ विद्यार्थीलाई स्कूलमा भर्ना गराउने एक बिज्ञापनमा १३ वटा बिशेषता लेखिएका थिए । तेश्रो बिशेषतमा लेखिएको थियो –*"आफ्नो संस्कृति तथा रितिरिवाजसंग संबन्धित कार्यक्रमहरू संचालन गर्ने"* तर त्यस विद्यालयले आफनो २३ बर्ष पुरानो रक्तकाली उच्च माध्यमिक बिद्ययालयको नाम फेरेर *ह्वाइटफिल्ड* गराएकको थियो । भाषिक राष्ट्रियताको महत्त्वबारे थप कुरा संस्कृत भाषामा चर्चा गरिसकिएकोले याहाँ यत्ति ।

आफ्नो संस्कार र संस्कृति के हो भनेर त्यसका व्यबस्थापक, शिक्षक, अभिभावकले नै नबुझेपछि बिद्यार्थीले कस्तो संस्कार र संस्कृतिको जगेर्ना गर्नेहुन् आश्चर्यलाग्दो कुरा छ । यस्तै घटना दोहोरिन्छ यस देशको प्रजातन्त्रको व्याख्यामा ।

## जन प्रवृत्ति तत्त्व

१. संस्कारबाट जन प्रबृत्ति बन्दछ । धर्मबाट ज्ञान, ज्ञानबाट संस्कार संस्कारबाट आचरण र आचरणबाट जन प्रबृत्ति बन्दछ । प्रबृत्ति सामाजिक अवस्था अनुसार बन्दछ । प्रबृत्ति आर्थिक स्तर अनुसार बन्दछ । प्रबृत्ति चेतनाको स्तर अनुसार बन्दछ । प्रवृत्ति आनुवंशिक गुण अनुसार बन्दछ । यी सबै कुराले राष्ट्रियता निर्धारण गर्दछ । यिनकै आधारमा बिद्यमान नेपालको सोच संक्रमणकालिन अवस्थामा रहेको हो । दलका नाइकेमा सामन्त संस्कार छ । उनीहरूका मनमस्तिष्कमा नजानीनजानी सामन्तवादी संस्कारका शुक्ष्मउर्जातत्त्वले जरो गाडीरहेको छ । नाइकेमद्धे कतिपय राणाका दरबारभित्र हुर्के बढेका कोइरालाहरू, उनीहरूको विस्थापनपछिका थापाहरू र २००७ सालपछि दरबारीयासँगको उठबसले दरबारीयाको नक्कल गर्न खोज्नेहरू सबै सामन्तवादी संस्कारले ग्रसित छन्[९६] । उनीहरूले सामन्तवादी संस्कारको बिरोध देखौवा हो । उनीहरूको मनमस्तिष्कमा दरबारीयाहरूले गरेजस्तो मोज, बोलीचाली, खानपान, चालचलन गर्ने सूक्ष्म उर्जातत्त्व कायम छ । अव्यक्त अज्ञ अवस्थामा छ । सेना, प्रहरी, निजामतिमा पनि त्यो छाप छ । माओवादी, एमाले, नेकाँ र राप्रपाका प्रायः सबै नेतामा राणा र दरबारको संस्कार आ–आफ्ना परिवारमा स्थानान्तरण गरिरहेका छन् । जाति जनजातिले त्यही माग

---

९६. उदाहरणकालागि दाहलले प्रम हुदा बासनादार सुत्ने खाट बिदेशबाट मगाउनु, अनिर्बाचत सरकारको प्रम हुदा होटलहोटलमा रातिराति बैठक बसालेर लाखौंको बिल तिर्नु, जनप्रतिनिधिको तलबभत्ता निधारण गर्नु, सांसद बिकास कोष बनाउनु, मन्त्री पद हटेपछि पनि भत्ता, सुरक्षा गार्ड, गाडी लिइरहनु, राष्ट्रपतिलाई राजालाई भन्दा बढि सुबिधा दिनु, हबाईमैदान जान पनि हेलिकोप्टर खरिद गरिदिनु, मन्त्रीका ७ करोड सम्मका गाडी खरिदगर्नु, सम्मन र आदरका शब्द खोज्नु आदिआदि ।

गरिरहेका छन् । सामन्तवादको चरम उपयोग गर्ने उनीहरूबाट सामन्तवादी संस्कारको थाहा लगाउनु आफैं हास्यास्पद कुरो हो, चोर चोर भनेर चोरहरू हुलमा पसेर चिच्याए जस्तै हो ।

२. दोस्रो हो भारतमा बसेर भारतीय बिकृत सभ्यताको शिक्षा लिएका तथा भारतको अंग्रेज धपाउने आन्दोलनमा भागलिएका नेता जस्ले भारतमै दलको गठनगरे, तिनलाई नेपाल स्वतन्त्र देश हो कि हैन भन्ने कुरा थाहा[९७] थिएन । तिनका गुरू महात्मा गान्धी, नेहरू, बल्लभभाइ पटेलहरू हुन् । आजसम्म पनि उनीहरूका उत्तराधिकारीलाई गुरू मानेरै लम्पसमर पर्ने गरेकाछन् । यो प्रवृत्ति कति चर्को छ भन्ने देखाउन २०६४ सालमा गिरिजाप्रसादले बोलेको एउटा कुरा पर्याप्त छ । त्यो केहो भने उनी विराटनगरबाट फर्केपछि राजालाई 'गद्धिछाड' र 'नेपाल छाडेर कहाँ जाने हो जाउ' भनेका थिए । अंग्रेजले बेलायतबाट भारत आएर उपनिवेसी शासन गरेका शासकलाई 'देश छाड' भन्नु र नेपालकै शासकले नेपालमै शासन गरेकालाई 'देश छाड' भन्नुको तात्विक भिन्नता बुझ्न नसक्नु इन्डियाको अमिट छाप हो, असक्षमता हो । अंग्रेजको भारतमा गर्ने शासन र शाहले नेपालमा गरेको शासनलाई  समान देख्नु मुढता मात्र हो ।

३. नेपालीको बानी बेहोराका बारेमा धेरै मानिसले धेरै टिप्पणी गरेका छन् । नेपालीको मौलिक स्वभावको आधार अभौतिक वैदिक हो । इतिहासले साबित गरेको कुरा पनि त्यही हो । त्यस संस्कारले नेपालीमा राष्ट्रभक्ति बनाएको छ ।

नेपालीको बानी बेहोराका बारेमा इतिहासले साबित गरेको कुरा के हो भने नेपालीमा राष्ट्रभक्ति छ । उनीहरू जति पनि दुःख झेल्न सक्दछन् तर राष्ट्रमा आँच आउने कुरा सहन सक्दैनन् । नालापानीको युद्ध; बि.सं. २०४५, २०७२ मा नेपालमा लगाइएको नाकाबन्दीमा नेपालीले देखाएको बहादुरी र ऐक्यबद्धतालाई उदाहरणका रूपमा लिन सकिन्छ । सिक्किम भारतमा गाभिँदा नेपालीहरूले चर्को रूपमा विरोध गरेका थिए तर सद्दाम हुसेनलाई कुवेत फिर्ता गर्न बाध्य गराए सरह सिक्किम फिर्ता गर्न नसक्नुको कारण शिक्षाबाट पारेको संक्रमणकालीन सोच हो ।

४. नेपालीहरू मानवीयता र राष्ट्रियताकालागि जति पनि दुःख झेल्न सक्दछन् तर राष्ट्रमा आँच आउने कुरा सहन सक्दैनन् । लुटेरा मुसलमान र उपनिवेशबादी अँग्रेजसंगका युद्ध; भोटसंगका युद्धहरू, नेपालमा पटकपटक गरिएका नाकाबन्दीलाई उदाहरणका रूपमा लिन सकिन्छ । नेपालीले देखाएको बहादुरी र ऐक्यबद्धता सदा उदाहरणीछ रहिरहेको पाइन्छ । सिक्किम भारतमा

९७. नेपाली काग्रेसको कलकत्तामा गठन भएको दलमा सबै भारतीय काग्रेसका नेताको अआतिथ्यमा छ । त्यसमा बोल्नेले नेपाललाई भारतको प्रान्त पनि मानेकाछन् । भारतीय नगारिकलाई पनि पहिलो कार्यसमिताम राखेका छन् ।

गाभिँदा नेपालीहरूले चर्को रूपमा विरोध गरेका थिए तर पश्चिमा केही बोलेनन् । त्यसलाई नेपालले आजसम्म पनि मान्यता दिएको छैन । त्यस्तै प्रकारको इराकले कुवेतमाथि गरेको घटनामा अमेरिका दौडेर आएको थियो । यस्तो देखियो कि उनीहरूले सद्दाम हुसेनलाई कुवेत फिर्ता गर्न बाध्य गराए सरह नेपालीले सिक्किम फिर्ता गर्न बाध्य बनाउने थिए तर जाईकटक नगर्ने वैदिक संस्कारको मान्यताका कारण खुंचिएका थिए ।

५. राष्ट्रियतासँगै इमान्दारिता नेपालीपनको अर्को उदाहरण हो । यिनीहरूको इमान्दारिता सँगसँगै बहादुरीता गाँसिएको हुन्छ । बेलायत, भारत, हङहङ, मलया (मलेसिया, ब्रुनाई) सिंगापुर आदि स्थानमा रहेको गोर्खा (नेपाली) सेना, बहादुरी र इमान्दारिताको ज्यूदाजाग्दा उदाहरण हुन् । यही उदाहरणले आज नेपाली सेना विश्वशान्तिकालागि संयुक्त राष्ट्रसंघको अभिन्न अङ्ग बनिसकेको छ ।

६. वैभव, सुखमय, आयसी जीवन नखोज्ने केवल शान्तिमय प्राकृतिक जीवनशैलीका पक्षपाति हुने नेपालीको विशेषता हो । सायद, यो शैलीलाई यथावत राख्न सके नेपाल विश्वका मानव मात्रले जीवनमा एकपटक प्रमण नगरी नछोड्ने धोको राख्ने थिए । त्यो धोको नै नेपालको सबैभन्दा ठूलो उद्योग र नेपालीको जीवनस्तर माथि उचाल्ने उद्योग हुने थियो, पर्यटन उद्योग । मानवीय जीवन शैलीकालागि नेपालले विश्वनेतृत्व गर्ने थियो ।

७. मिलेर बस्ने तथा अर्काका भावना र विचारलाई कदर गर्ने नेपालीको जन्मसिद्ध स्वभाव हो । यसैलाई विश्वले 'अनेकतामा एकता' भएको देश भनेर चिन्दछ । हामी कहाँ १०० भन्दा धेरै भाषाभषी छन् । त्यत्तिनै जातजाति र संस्कार संस्कृति छन् । सबै भाषाभाषी र जातातिका हजारौं संस्कार संस्कृति र परम्पराका छन् । विश्वका सबै खाले आस्था र सम्प्रदाय याहँ छन् । सबैखाले नेपालीले सबैखाले सम्प्रदाय अथवा विचारलाई आफ्नै विचार मान्दछन् । एकले अर्काको आदर भाव राख्ने र सम्मान गर्दछन्, सहभागी पनि हुन्छन् ।

८. नेपाली स्वभावको यो यथार्थ कुरालाई बेलायतका लर्ड मेकाउलेले बेलायती संसदमा सन् १८३२ फ्रेब्रअरी २ का दिन प्रस्तुत गरेको प्रस्तावले पनि पुष्टि गर्दछ ।[९८]

---

९८. "I have travelled across the length and breadth of India and I have not seen one person who is a begger, who is a thief, such wealth I have seen in this country, such high moral values, people of such caliber, that I do not think we would ever conquer this country, unless we break the very backbone of this nation, which is her spiritual and cultural heritage, and, therefore, I propose that we replace her old and ancient education system, her culture, for if the Indians think that all that is foreign and English is good and greater than their own, they will lose their self esteem, their native culture and they will become what we want them, a truily dominated nation."

माग्ने नभएको, चोर नभएको, उच्च विचार भएको तथा सम्पन्नताले भरपुर भएको यस्तो पौरस्त्य सभ्यताको थिग्रो भाग नेपाल मात्र थियो, छ । बेलायती सोचले भित्र्याइएको प्रजातन्त्रलाई नेपाली संस्कारले जितेका कारण दलहरूबीच पनि सौहार्यताः प्रेम, सद्भाव कायमै थियो, छ । नेपालीपनले ऐक्यबद्धता गराएको थियो, छ । राष्ट्रियता र राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानीपन कायमै थिया, छे । २०४७ साल असारमा नेपालको भूमि बारे संसदमा देखाएको ऐक्यबद्धता  वैदिक संस्कारको प्रामाण हो, नेपालमिात्रलाई स्थान, जातपात आदिमा विभाजन गरेको भए पनि  त्यस्लाई अध्यात्म प्रबृत्तिले जितेको छ ।

९. वैभव, सुखमय, अयसी जीवन नखोज्ने तर शान्तिमय प्राकृतिक जीवनका पक्षपाति नेपालीको जीवनशैलीको विशेषता हो । यो शैलीलाई कायम राख्न सके नेपालले छिट्टै नेपालीको जीवनस्तर माथि उचाल्न सकिन्छ । बिदेशीएका सबैलाई फर्काउन सकिन्छ । शिक्षामा सुधार गरेर संक्रमणकालीन सोचबाट माथि उचाल्नु त्यसको पूर्वाधार हो ।  मिलेर बस्ने तथा अर्काका भावना र विचारलाई कदर गर्ने नेपालीको जन्मसिद्ध स्वभाव हो । 'अनेकतामा एकता' त्यसको प्रयोगसिद्धता हो । सबै भाषाभाषी र जातजातिका हजारौं संस्कार संस्कृति र परम्परा, विश्वका सबै खाले बिचारलाई नेपालीले आफ्नै विचार सरह सम्मान गर्छन् । त्यो नै वैदिक प्रजातन्त्रको मर्म हो । एकले अर्काको आदर भाव राख्ने र सम्मान गर्ने काममात्र गर्दैनन्,  तिनमा सहभागीता पनि हुन्छन् । वैदिक संस्कारका नेपालीले विश्वका अरू बिचारलाई आफ्नोमा दीक्षित गराउन दबाब दिदैनन्, धमान्तरण भनाइमा विश्वास राख्दैनन् ।

१०. नेपालीको सामयिक सोच कुनै पनि राजनीति उद्देश्य कहिल्यै पनि हिंसाबाट पुर्ति हुँदैन भन्ने छ । त्यो भनेको 'बन्दुकको नालबाट बल आउँदेन, बलबाट शासन हुँदैन' भन्ने हो ।

११. नेपाली दयालु र शान्तिप्रिय हुन् भनेर विश्वमा परिचित छ । माओवादी र उग्रवादी मधेसी समूहको कारण नेपालको अर्थतन्त्र र अन्तर्राष्ट्रिय छवि (कोमलता–मिलनसारिता–शान्तता) ध्वस्त हुँदै गएको छ, त्यस्लाई वैदिक संस्कारको आधारमा पुनर्स्थापन गराएर नेपाली पन जोगाए पछि मात्र नेपालको राष्ट्रियताको जग बलियो हुन्छ । हाम्रो संस्कार ***माताःभूमि पुत्रोव्हं पृथिव्याः*** (अथर्ववेद १२.१.१२) अर्थात् धर्ती हाम्री आमा हुन् हामी उनका पुत्र हौं । आमाप्रति हरेक छोराको कर्तब्य हुन्छ । जन प्रवृत्ति तत्व वैदिक राजतन्त्रात्मक शासन पद्धतिसंग गाँसिएको हुन्छ ।

## राजसंस्था तत्त्व

१. राजा वैदिक संस्कारको एक संस्था हो । याहा राजा भनेको वैदिक राजा हो, पाश्चात्य सोचको होइन, राजनीतिक दलले भन्नेगरेको पनि हैन,

राजतन्त्रबादी भन्नेले भनेजस्तो पनि होइन । फेरि राजा र राजसंस्था अलग अलग कुरा हुन् । राजा असल या खराव हुन सक्छ तर राजसंस्था खराव हुनै सक्तैन । यतिखेर राष्ट्रबाद र राजाबाद गरी दुइ खेमामा समाज बिभक्त गरिएको पाइन्छ । राजाबाट नियुक्त मंत्रीहरूले नै *'तपाइ राष्ट्रबादी कि राजाबादी?'* भनेर सोध्न थाले पछि यी दुइको फरक पनि जान्नु पर्ने बिषय भएको छ । राजा र दरबारबिचको अन्तर पनि जान्नु पर्ने विषय भएको छ । यी कुरा नजानीनबुझीकन मैले याहाँ उल्लेख गर्न लागेको बैदिक राजसंस्था तत्त्व नेपालकालागि अनिबार्य खाँचो हो भनेर जान्न सकिदैन ।

२. राष्ट्रवादी चिन्तन राष्ट्रको पहिलो आधारशीला हो । यही चिन्तनले नै राष्ट्रको एकता, अखण्डता, स्वतन्त्रता सार्बभौमिकता र सर्बाङ्गिण समृद्धिकालागि बस्तुगत रूपमा समर्पित भएर बिकासका काम गर्ने प्रेरणा दिन्छ । यही प्रेणले नेपाल एकिकरण भयो र हामीले स्वाभिमानी नेपाली भएर बाँच्न सकेका हौं । राष्ट्रवाद कुनै कोरा कल्पना मात्र होइन, यो सम्पूर्ण जीवन शैली हो । पुर्खाले जोगाएका धरोहर हो । त्यसलाई जोगाउन प्राणको उत्सर्ग समेत गर्नु पर्दछ भन्ने चेतना हरेक नव युवा पीडीमा पलाउने शिक्षा पद्धति भए मात्र सच्चा राष्ट्रबादीत्व दरसन्ततिमा निरन्तरता कायम रहिरहन्छ ।

३. सृष्टिकालदेखि, वैदिक कालदेखि नेपालको राष्ट्रियताको संबर्धन राजसंस्थाबाट निरन्तर कायम छ । राजाका बंश फेरिए पनि राजसंस्था निरन्तर छ । वैदिक राजधर्मको आधारमा याहाँको शासन संचालन हुदै आएको छ । जम्बुद्वीप भित्रका हिमबतखण्ड र भरतखण्डभरिका हजारौं राजाले वैदिक संस्कारको शासन पद्धतिलाई निरन्तरता दिदै आएका थिए । ती सबैले राजधर्म पालन गरेसम्म राष्ट्रियतामा खुनखोट लागेको थिएन तर आजभन्दा १३२० वर्ष पहिलेबाट भरतखण्डको वैदिक राजधर्म र धर्मराज्य व्यवस्था उपनिवेशवादी मुसाई र इसाईले दानवी आततायी प्रवृत्तिबाट ध्वस्त बनाई रहँदा पनि हिमवतखण्ड नेपालका राजाहरूले यहाँको वैदिक सभ्यता, संस्कार र राष्ट्रियतालाई जोगाइराख्न सफल थिए । यद्यपि यस बीचमा वेदिक राजसंस्थामा पश्चिमी राजसंस्था बीचका अन्तर मेटाइयो, सामन्तवादीका रूपमा प्रचारित गरियो । यी दुईमा फरक छ, यहाँ चर्चा गर्न थालिएको वैदिक राजसंस्था हो ।

४. वैदिक राजधर्ममा राष्ट्रबाद राज्य पद्धतिको बुनोटमा बुनिएको हुन्छ । राजाले राजधर्म पालना गर्नु पर्दछ । संबिधान र कानूनको पालना हुनु पर्दछ । भनिएको छ :

**दुष्टष्य दण्ड सुजनस्य पूजा,न्यएत कोषस्य चसै प्रवृद्धि ।**
**अपक्षपातोर्थिषु राष्ट्र रक्षा पञ्चैब यज्ञकथिता नृपाणां ॥**

विगत तीन दशकको आयातित दलीय शासनमा यस भूभाभगका अपराधीले दण्ड पाएनन् । उल्टै राज्यको बागडोर नै अपराधीको हातमा गयो । जनताले आफ्नो दुखेसो पोख्ने ठाउँ पाएनन् । १२ बर्षपछि खोलो पनि फर्कन्छ भन्ने उक्कित पनि यस बखत त दोहोरिएन । जनताको धैर्य पनि टुट्यो । वैदिक संस्कारका मानिको मानसिकता आयातीत पश्चिमी भौतिक उपभोक्ताबादी राजनीतिले मेल नखाएपछि वैदिक राजसंस्थालाई नेपालमा निरन्तरता दिनुपर्ने अन्तरबोध भएको हो ।

५. वैदिक शासनमा शान्ति, सहअस्तित्त्व, विश्वभ्रातृत्व, समन्यायिकता, समानता, प्रजातन्त्र र बिपन्नता र शोषणमुक्त आर्थिक समानता मूख्य हुन् । मानव विकासको लागि शान्ति पहिलो सर्त हो । आन्तरिक रूपमा देशमा शान्ति कायम हुन सके बाह्य रूपबाट जन्मने अशान्तिलाई परास्त गर्न सकिन्छ । आन्तरिक रूपमा शान्ति वहाली गर्न राष्ट्रका सवै मानिस एक जुट हुन सक्नु पर्दछ । त्यसरी एक जुट हुने भावना नै राष्ट्रियता हो, राष्ट्रिय एकता हो ।

६. आम नागरिकमा राज्यप्रति आस्थाको भावनाको संस्कार त्यस बखत विकसित हुन्छ जव देशको शासन व्यवस्थामा सुशासन हुन्छ । सुशासन त्यस्तो शासन हो जहाँ अन्याय अत्याचार हुँदैन, राजनीतिमा गुट उपगुट हुँदैन, सबै जात, लिंग, पेशा व्यवसायलाई सबैले समान सम्मान गर्दछन्, एक आर्काका पूरकका रूपमा समाजमा बस्दछन् । त्यहँ मजहबी तथा जातीय सांप्रदायिकता रहँदैन । शासनव्यवस्था ढिलो, पक्षपाती र नजराना जस्ता निहित स्वार्थबाट मुक्त हुन्छ । यस्तो अवस्थामा न्यायिक क्षेत्रमा मुद्दा मामिला घट्दै जान्छन्, प्रहरीको काम घट्दै गएर जनसेवामा थिग्रिन्छ ।

७. राजप्रभावको कुरा गर्दा विश्व राम्रज्यवादी उपनिवेश हुँदा, विश्वयुद्ध हुँदा, मजहबान्तर गरेर धर्मनाश गर्दा, सबै उग्र आततायी काम हुँदे नेपाल र वैदिक संस्कारलाई जोगाउने राजसंस्था नै हो । नेपालमा राजसंस्था भएकै कारण सैनिक शासन हुन नसकेको हो । नेपालमा राजसंस्था भएकै कारण एकदलीय र अप्रजातान्त्रिक शक्ति पन्पिन नसकेको हो । पाकिस्तानमा राजसंस्था नभएकै कारण निर्वाचित सरकारहरूलाई अपदस्थ गरेर बारंबार सैनिक शासन लागु हुने गरेकको हो । त्यस्ता घटना बिश्वका धेरै देशमा हुदै आएका छन् । अफगानिस्तानमा राजसंस्था नभएकै कारण देश अत्यन्त दुराबस्थामा हुन पुगेको हो । ठीक त्यस्तै अबस्था थाइलैण्डमा भएको अबस्थामा त्यहा राजसंस्था भएकै कारण देश त्यस्तो दुराबस्था निंत्याउने अबस्थाबाट बच्न सकेको हो । राजसंस्थाकै कारण नेपालमा जातपात र छुवाछुत प्रथाकको अन्त्य हुन सकेको हो । राजसंस्थाकै कारण नेपालमा भूमिसुधार संभव भएको हो । लाखौ बिपन्न भूमिपति हुन संभव भएको हो । राजसंस्थाको सजगता नभएमा मुलुक अझै शान्ति बहाली गर्न संभव हुने छैन ।

८. कुनै पनि राजनीति पद्धति खराव छैनन्, ती खराब त्यसबेला हुन्छन् जब निहित स्वार्थ राखेर सत्ताधारीले काम गर्छ अनि पद्धति बिकार युक्त मानिन्छ । राजाको भूमिका न्यून भएका अवस्थादेखि  बहुदलीय ब्यबस्थाकालमा पद्धतिलाई प्रायसः गलत प्रयोग गरिएको छ । राजसंस्था निस्कृय भएपछि लुटतन्त्र स्थापना भएकोछ । कुल बजेटको २३ प्रतिशत खर्च गर्न दलका कार्यकर्ताले ७७ प्रतिशत राष्ट्रको रकम खल्तीमा हालेकाछन् । यो उल्टिनुपर्छ । उल्टयाउन वैदिक राजसंस्थालाई पुनर्स्थापनको आवश्यकता महसुस भएको छ ।

९. राजा र राजसंस्था प्रजातन्त्रको संरक्षक हुन्छ, सैनिक शासन हुनबाट जोगाउँछ । किनकि वैदिक राजा कुनै दल, धर्म, संप्रदाय, स्थान, जात, भाषा आदिमा बिभाजित हुँदैन । त्यति मात्र होइन राजाले प्राणीमात्रलाई समदृष्टिले देख्दछ, कल्याण गर्दछ । नदी, पर्बत, वन, हिमालय जस्ता प्रकृतिलाई पनि प्राणी सरह सम व्यवहार गर्छ र संरक्षण गर्दछ । राजा सदा निस्पक्ष हुन्छ । निस्पक्षता नै एकिकरण वा एकत्वको महत्त्वपूर्ण बिशेषता हो ।

जनताको सुखदुख नै वैदिक राजाको सुखदुख हुन्छ । त्यसैले दल, राजा र जनताको एकताबाट नै संम रूपले पूर्ण समुन्नत नेपाल बन्छ भन्ने कुरा गहन मननीय छ । राजाको संम्मान संस्कृतिको सम्मान, राष्ट्रको सम्मान र अन्त्यमा आफ्नै सम्मान हो । जस्ले यो बुझ्दैन बास्तबममा उसले आफैलाई होच्याइ रहेको हुन्छ, राष्ट्रियता खस्काई राखेको हुन्छ ।

१०. वैदिक संस्कारमा राजाको स्थानीय भ्रमण जनप्रेम हो भने राजाको अभिनन्दन जनताको राज प्रेम हो । यी प्रेम र सामिप्यताका कुरा वैदिक सभ्यताका सुख शान्तिसंग गाँसिएका कुरा हुन् । दलले वैदिक राज संस्थालाई पाश्चात्य राजदर्शनका नजरले हेरेर जनतासंग भेटघाट नै गर्न हुँदैन भनेर बिरोध गर्नु रूढिगत मानसिकता हो । राजा र जनता बीचको सामिप्यता संस्कारगत, धर्मगत, नीति तथा चरित्रगत हुन्छन् । यिनलाई टाढापार्ने काम राजनीति दलले गर्न हुदैन । इसाईयत, नेकाँ र साम्यवादीले राजालाई शत्रुबतरूपमा, प्रतिशोध भावनाले हेर्ने गरेका छन् । प्रतिशोध भावनाले राष्ट्रलाई घात गर्छ, राष्ट्रियतालाई खस्काउने कारक बन्छ । नेकाँले महेन्द्रदेखि र इशाईले पृथ्वीनारायणदेखि प्रतिशोधको भावनाले ब्यबहार गरिरहेका छन् । राष्ट्रिय एकता र नेपालको सार्वभौमसत्तामा खुनखोट लगाउने काम कसैले पनि गर्न हुदैन । जसले गर्छ त्यो अराष्ट्रिय हो । ब्यक्ति बहकिन शक्दछ, तर वैदिक राजसंस्था कहिल्यै कतै डगमगिन सक्दैन ।

११. नेपालको भूगोलले राजा नभए देश स्वतन्त्र र सार्वभौम हुन नसक्ने बनाएको छ । दल कतैन कतै झुक्छ । राजा कुनै दलको नहुने भएकाले छिमेकी सम्बन्ध दिगो र नडगमगाउने हुन्छ ।

१२. नेपाली राष्ट्रबादको कुरा गर्दा स्वतः नेपालका तीन राजाबारे बिवेचना गर्नु पर्छ । राजाहरू, पृथ्वीनारायण, महेन्द्र र बीरेन्द्र र उनीहरूको पथमार्ग अपनाउने बीर र वीरङ्गनाहरूलाई राम्ररी नियल्नु पर्दछ । हाम्रा स्वाभिमानी पुर्खा[९९]ले ठूलो योगदान गरेको इतिहास साछी छ । नेपालको राष्ट्रियता सम्बर्धन गर्न नेपालका राष्ट्रबादी युवायुबतीले अमूल्य योगदान पुऱ्याएका छन् । नेपाली राष्ट्रियता जोगाइ राख्न बडामहाराजा पृथ्वी नारायाण शाह, श्री ५ महेन्द्र र श्री५ बीरेन्द्रको बिशेष भूमिकाछ । तिनको बारेमा छोटो चर्चा नगरे नेपाली राष्ट्रियताका पक्ष अधुरोनै रहन्छ ।

## दलतन्त्र र राजतन्त्रमा अन्तर

१. विकारयुक्त राजनीति भित्रिएपछि २०७७ सालसम्म आइपुगदा सबै दल सिद्धान्तविहिन छन्, जंगबहादुरको जस्तो व्यक्तिवादी शासन व्यवस्था छ । दल भारदारी सभासरह पनि छैनन् । सबै कार्यालय संघसंस्था विकार रोक्नुको साटो आफू पनि विकारमा सहभागी भएर पूर्ण विकारयुक्त मुलुक बनाएका छन् । 'राजाहरूले भन्दा नेताहरूले देशको ढुकुटी सकेर देशलाई कंगाल बनाएका छन्, सामाजिक सञ्जालमा आजका नेताहरू भन्दा राजसंस्था नै लोकप्रिय छ, अहिलेका नेताहरू भन्दा राजा ज्ञानेन्द्र नै लोकप्रिय छन्[१००] ।'

२. दलहरू मुलुकलाई कंगाल बनाएर व्यक्तिगत मोजमस्तीमा व्यस्त छन् । यिनीहरू बिदेशीको दलाली गर्ने गोटी मात्र छन् । दलभित्र द्वन्द हुनु, गुटउपगुट हुनु दलाल हुने र नहुने, भागबण्डाको बिलोमा चित्त बुझ्ने र नबुझ्ने कुराको कारण हो । दलाल भएकै कारण भारत र अमेरिकाले हजारौंको हत्यारा तथा खरबौको लुट गर्नेलाई हेगमा लगेर ढडयाउनुको बदला संरक्षण दिने गरेकको छ । यस्तो अवस्थाबाट देश बचाउन वैदिक संस्कारको राजसंस्थामात्र बिकल्प हो ।

३. लुकेर घूश खानेहरू भन्दा कागज पत्र मिलायर घूश खानेहरू अथवा सेतो भ्रष्ट्राचार गर्नेहरू ठुला अराष्ट्रिय तत्त्व हुन् । बहुदलीय व्यवस्था सेतो भ्रष्ट्राचारीको दुहुनोगाई भएको छ[१०१] । लहरो तान्दै गए कार्यपालिकका प्रमुख, न्यायपालिका प्रमुख, व्यवस्थापिका प्रमाुख सबैलाई भेट्टाइन्छ, प्रहरी प्रमुख, सेना प्रमुख, संवैधानिक निकाय प्रमुख, विभागीय प्रमुखहरू त सानातिना भारेभुरेमा

---

९९. बहादुर शाह, अमरस्हिथापा, बलभद्, बीरभक्ति, धर्मभक्त, दशरथचन्द, गंगालाल, बीरभक्ति, लगायतका शर्यौ मानिसका नाम उदाहरणका रूपमा लिन सकिन्छ ।

१००. डा.सुरेन्द्र केसीको भनाइ ।

१०१. वाईड बडि, तीन क्विन्टल सून, वन बिनाश, कमिशनी शिक्षा र स्वास्थ्य, जरिबुटीको बीज नाश, जलमाफियायीहरू, डन र आततायी सोचहरूले उग्रभ्रष्ट्राचार गरेका छन् । २४ अरब माथिको र कमबाट खरिद गरेका जहाज नत उडाउन मिल्छ न गुडाउन मिल्छ । रेडक्रस, बालमन्दि समाजकल्याण सबैमा भ्ष्ट्रचारछ । न्यायलयक र संबैधानिक निकया स्वतन्त्र छैनन् ।

पर्दछन्, यस व्यवस्थामा । वैदिशिक रोजगारमा विदेशमा रहेकाको रकम हुण्डी मार्फत विदेशमै सुरक्षित राखेर घूस रकमबाट नेपालमा भुक्तानी गरिन्छ । त्यसकारण सरकारले विदेशीने युवालाई रोक्न चाहँदैन।

४. यसरी राजसंस्था र दलसंस्थामा ठूलो अन्तर छ । आम नेपालीले राजसंस्था सकृय नभैकन सिन्डिकेट र भागबण्डा प्रथा, दलालीकरण, सीमा अतिक्रमण र परनिर्भर आर्थिक उपनिवेशबाट मुक्त हुन सक्तैन भनेर मान्दछन् । विद्यमान दलहरूमा देशको माया छैन, जसरी पनि लुट्ने, मोजगर्ने र दलका तल्ला तहसम्मकालाई धनी बनाउने नियत छ । सांसद अक्षम छन् । मुलुक शाहं बंशले जोडेको, जोगाएको र समुन्नत बनाएको इतिहास पनि जान्दैनन् । शाह राजाले साम्राज्यबादी, उपनिवेशबादी र दलालपुजिपतिबाट जोगाएर अखण्ड र सम्पन्न बनाइदिएकाले सत्ता भोग्न पाएका हेक्का पनि छैन कुनै दलमा । बिकल्पको भ्रममा पार्दापार्दै चार दशक बिताई सकेका छन् । आत्तिएका सचेतले बिदेशको नागरिकता लिई सकेका छन्, सामान्य मानिस विदेशीको कामदार हुन बाध्य पारिएका छन् ।

५. दलको बलमा २००७ सालदेखि नेपालमा आएर बसेको भारतीय सेना र मन्त्री परिषदमा भारतीय प्रतिनिधि बस्ने ब्यवस्था हटाउने यही राजसस्था हो । नेपाली समाजलाई कित्ता कित्तामा बिभाजन गर्ने षडयन्त्रकारी पश्चिमा ईशाई जत्थाबाट जोगाउने तथा हिमालयलाई सीमा बनाउन चाहले भारबाट सुरक्षित, अखण्ड स्वतन्त्र र सार्बभौम नेपाल बनाई राख्ने पनि यही शाह बंश हो । त्यस्तो राजसंस्था बिरूद्ध आततायी युद्ध आतंक मचाउँन लगाउने यिनै दुइ बिदेशी हुन् । सत्तासिन दल सबैखाले अपराध र राष्ट्रघातका कारक हुन् । यी दलले यस्ता बिदेशीबाट खतरा देख्दैनन् । यति तल गिरेका छन् कि यिनलाई सुधारगृहमा राखेर पनि उपचार गर्न सक्ने अवस्था छैन । सत्ता र शक्तिको दुरूपयोगको सूची गनिसाध्य छैन । राजसंस्थाको पुनर्स्थापन मात्र अबको बिकल्प हो ।

देशलाई राजसस्थाबाट कुनै खतरा छैन, देशलाई खतरा दलका दोर्जी दलालहरूबाट मात्र छ । अब नेपालीमात्र जनतामाझमा बसेर खुला र शुक्ष्म बहस गर्नु पर्दछ । नेपाली जनतालाई कुनकुन तत्त्व र ब्यक्तिबाट खतरा छ, नेपाली जनताले जान्नुपर्छ ।

६. राष्ट्रलाई थिती र बिधिमा चलाउने व्यवस्था राजसंस्थाले बाहेक अरू कसैबाट संभव छैन । वैदिक राजसंस्थाले स्वत आफै नियम र संयममा बाधिन्छ र अरूलाई पनि नियममा बसेर काम गर्न लगाउँछ । संयममा बसेर काम गरेमात्र देशको आर्थिक विकास सम्भव छ । राजतन्त्रमा देशमा कल–कारखाना, उध्योग–धन्दा थपिए, यातायात र सञ्चार अघि बढ्यो, शिक्षा र स्वास्थ्यको द्रुत विकास भयो, रोजगारका अवसर दिनानु दिन थपिए, मुलुक

आत्मनिर्भर भयो, आयात घटेर निर्यात बढेको कुरा अब ढाटेर लुकाउन सकिदैन ।

७. नेपालमा दल फुटाउने र जुटाउने काम विदेशीले गर्दछन् । त्यसबाट आ-आफ्ना निहित स्वार्थ साधन गर्दछन् । नेहरू डक्ट्राइन र बल्लभ भाइ पटेल नीति अनुसार क्षेत्रीय साम्राज्य बनाई राख्न 'रअ', 'साउथ डेस्क' सेना र केही दल नेपाल यसो गरिरहन्छन् । पश्चिमाहरू भौतिकउपभोक्ताबादी इशाईसंस्कार बढाउन यसो गर्छन । वैदिक राजसंस्था भए मात्र बिदेशीबाट नेपालका दल जुटाउने फुटाउने कामको अन्त्य हुन्छ । त्यसकारण राजालाई वैदिक शासन पद्धति अनुरूप स्पेस दिनुपर्दछ । अनिमात्र अनेकतामा-एकता जोगिन्छ; जातीय, भाषिक, भौगोलकएकता हुन्छ; दर्जनौं संबैधाननिक आयोगको आवस्यकता पर्दैन ।

८. जुन मुलुकमा हामी बस्छौ, त्यस मुलुकको सुरक्षा पहिलो आवश्यकता हो । त्यस मुलुकका प्राकृतिक श्रोसाधन र सम्पदा तथा त्याहाँबसेका जनता र तिनको जनधनको सुरक्षा पनि पहिलो दायित्व हुन्छ । क्षणक्षणमा बदलिने र बिदेशीको बलमा हिड्ने दलीय सरकाबाट त्यो संभव छैन । लाखौं बर्ष पारखेर महर्षिहरूले अनेकाअनेक खोज गरेर राष्ट्रको दिगो रूपमा सुरक्षा गर्न राजसंस्थानै सर्बोत्तम ठानेर संचालित हुँदै आएको हो । यो मान्यता पश्चिमा मुलुकले मानेजस्तो होइन । पश्चिमा राजसंस्था त मजहबी रागबाट ग्रसित भएर , भौतिक उपभोक्ताबादी बने पछिको बिकारयुक्त हो । अनि मात्र निर्बाचित र ाष्ट्रपतिको सुरूआत भएको हो । निर्बाचितमा पक्ष बिपक्ष हुनेभएबाट सबैको साभा हुँदैन, राजा मात्र साभा हुन्छ । किनकि राजालाई वैदिक संस्कारमा धर्म र अध्यात्मले कसेर बाँधेको हुन्छ, उस्ले अन्यायनै गर्न सक्तैन । पश्चिमी राजा धनी हुने, निजी सम्पत्तिको मालिक हुने पद्धति हुने भएकोले बिकारयुक्त हुन्छ । वैदिक मान्यतामा राजाको निजिपरिबार, निजि सम्पत्ति पनि हुँदैन । अनिमात्र उस्ले राष्ट्रको निरन्तर सुरक्षा बनाई राख्न शक्छ । त्यही आधारमा नेपालको राजसंस्था मानव सभ्यताको सुरूदेखि निरन्तर हो । शिक्षा पद्धति बिगारिएकोले त्यस्मा विकार पसेका हुन्, विकार हटाउनु पर्दछ । नेपालको वैदिक शासनमा उक्त दुबै खाले बिकार हुँदैनन्, अनि सुरक्षाको ग्यारेन्टि हुन्छ । एकातिर, जनताको दैनिक जीवनको शान्ति सुरक्षा तथा अमन चयन कायम हुन्छ भने अर्कोतिर मुलुकको सार्वभौमिकताको सुरक्षा, मुलुकका सबै प्राकृतिक श्रोतसाधनको सुरक्षा र संरक्षण हुन्छ । यी दुइटा कुराकालागि राजसंस्था चाहिन्छ ।

९. दलका कुनै पनि नेताहरू अनुशासन, धर्म, संस्कार र संस्कृतिको सिमामा बस्दैनन् । तिनमा अध्यात्म ज्ञान र संस्कार शूल्य छ, नास्तिक भावना छ, अशुरी प्रवृत्ति छ । नास्तिकले आफ्नो इन्द्रिय सुख भोगकालागि जे पनि अपर राध गर्दछ । आज मुलुकमा बढेका सबै खाले सामाजिक अपराध, दुर्घटना

बढ्नुमा भौतिक उपभेक्ताबादी नास्तिकको हातमा सत्ता भएर हो । आफ्नो नेपाली संस्कार र संस्कृती समेत मास्दै गएकाछन्, त्यसमा सबै असन्तुष्ट छन् । राजनीतिका खेलाडी आर.के. मैनालीले *११ जेष्ठ २०७५कादिन सगर माथा टीभी मा दिएको विचार र* प्रा.डा. सुरेन्द्र केसीले २६ भाद्र २०७५, मङ्गलवार दिएका विचारहरूले राजनीति र प्राज्ञ समाजको प्रतिनिधित्व गर्छ, नेपालको आवश्यकता बोध गराउँछ । उनीहरूले राजा नै देशकालागि अत्यावश्यक महत्त्वको ठानेका छन् ।

१०. पौरस्थ्य शासन व्यवस्था, देवनागरी लिपीको संस्कृत भाषा माध्यममा संस्कृत वाङ्मयको ज्ञान हुने गरी पठनपाठनमा समावेश अनिवार्य हुनुपर्छ । विश्वका सबै उत्कृष्ट महान ग्रन्थ रत्न संस्कृत भाषामै छन् । त्यसपछिका पुस्ता मात्र असुरक्षित हुनबाट जोगिन्छन् । देश भौतिक उपभोक्तावादी सोचबाट परिवर्तन भएर अध्यात्मिक वैदिक साम्यवादमा परिणत हुन्छ । मुलुक पूर्ण सुरक्षित हुन्छ ।

## वैदिक राजसंस्था : अनिवार्य आवश्यक तत्व

१. वैदिक राजतन्त्रको कुरा गर्दा जम्बुद्वीप, आर्याव्रत हिमवत र भरतखण्डको कुरा आउँछ । सभ्यताको छाताले योभन्दा बाहिर ढाकेको थिएन । इण्डिया तत्त्वको कुरागर्दा त्यहाँ १३१८ वर्षसम्म मुसलमान र इशाईहरूले शासन गरेका थिए । यी दुबै विदेशीले पनि राजतन्त्रात्मक शासन गरेका थिए तर ती दुबै वैदिक पद्धतिका थिएनन् । ती त सामन्ती संस्कारका दानवी राजा थिए, हिरण्यकश्यपीय प्रवृत्तिका थिए । मेकाउले विद्वानहरू शुक्राचार्य प्रवृत्तिका थिए । भारत स्वतन्त्र हुँदा भारतका सबै राज्यलाई आ–आपनो राज्य फिर्ता लैजान घोषणा पनि गरेका थिए । राजनेता एकिकृत भार तलाई फुटाउन चाँदैनथे । त्यसबखत सत्तामा बसेका नेपालका राणा प्रधानमन्त्रीले टिस्टादेखि सतलजसम्मको गुमेको भूभाग नमाग्नु भयानक गल्ती थियो । त्यहाँका जनताले राणाको शासन फाल्ने भय तिनमा थियो । निहित स्वर्थकालागि भूभाग गुमाएको दोष राणा शासकलाई जान्छ ।

सन् १९४७मा स्वतन्त्रता पाएपछि महात्मागान्धी लगायतका हिन्दुले वैदिक पद्धतिको शासन चाहन्थे तर ५६२ वटा राज्य एकतृत भएको भारतबर्षलाई फुटाउन पनि संभव थिएन, ती मद्धेकस्लाई राजा बनाउने त्यो पनि सजिलो थिएन । फलतः भारतभरका वैदिक सभ्यताका हिन्दुले नेपालको राजालाई आपनो राजा माने, विश्वभरका हिन्दुले नेपालका राजालाई एउटा संगठनले नेपालका राजा इशाई स्कूलमा पढेको, राजाभएपछि एउटा होटललाई प्याकभउको गाइको मासु आयातगर्न दिएको र रोममा गएकाबेला पोपपाललाई भेटेको भनेर राजसंस्थाको नभएर व्यक्तिराजाको अनौपचारिक बिरोध गरे ।

त्यो बीज चर्काएर नेहरू डक्ट्राइन अनुकुल इशाई र 'रअ'ले नेपालको राजा र बैदिक धर्मसंस्कार मासेर नेपाललाई धर्मनिरपेक्ष गणतन्त्र घोषणा गराइयो ।

युगयुगमा युगपुरूष, अध्यात्म नेताको उदय हुन्छ । भारतका नरेन्द्र मोदीले हिमबत खण्ड, तपोभूमि नेपाल, जो कहिल्यै आततायी मुसाई–ईशाईको साम्रज्यबाट जोगाइयो, त्यसलाई वैदिकधर्मको बीजकेन्द्र बनोस भन्ने उनको चाहना थियो, नेपाल आएर त्यो कुरोलाई उजगर पनि गरे तर इशाईको मात लागेका नेपालका दलका नेताले बुझेनन् र सुनेनन् पनि । अब हिन्दुअधिराज्य–नेपाल कायम गराउन नेपालीले साथ दिनुपर्छ । यस्को पुनर्स्थपन पछि पश्चिमाको ***फुटाऊ र शासन गर*** पनि अन्त्य हुन्छ । नेपाल प्राच्यको बलियो मुलुक बनिरहन्छ ।

२. वैदिक राजसंस्था विश्वका अरू सबै राजसंस्थाभन्दा भिन्न हो । यो धर्मसंग गाँसिएको छ । यो वेदको बिधानसंग गाँसिएको छ । यो अपौरूषीय पद्धतिसंग गासिएको छ । यो जीवन संचालन पद्धति, कर्मकाण्ड र आदर्श नीतिवान समाज बनाउने कुरासंग गाँसिएको हुन्छ । यस्ले राजधर्म, राजशास्त्र, राजनीति, धर्मज्ञान आदि सबैमा पारंगत गरेकै हुनु पर्दछ । त्यसकारण वैदिक, धर्मराजा पौरस्त्य शासन पद्धतिको अभिन्न अंग हो, अनिवार्य आवस्यकता हो ।

३. वैदिक सनातनको सम्बन्ध संस्कृत भाषा र संस्कृत बाङमयसंग जोडिएको छ । नेपाली भाषा संस्कृत बाङमयको अभिन्न अङ्ग हो । वैदिक राजसंस्था र हिन्दुअधिराज्य वैदिक मान्यता र नेपालको सार्वभौमसत्तासग जोडिएको छ । त्यसैले यो नेपालको पहिचानको अकाट्य विषय हो । नेपालको राजा साँस्कृतिक रूपमा नेपाल भारत र विश्वभरका हिन्दुको राजा हो । र ाजनीतिक रूपमा नेपालको राष्ट्रप्रमुख हो । उनको प्रजामाथिको अधिकार सीमित र प्रजानियन्त्रित (वैदिक राजधर्म संगत) हुन्छ । उनको कर्तब्य प्रजार ञ्जन गराउने हुन्छ । तर उनको सम्मान, सत्कार र आदर श्री विष्णुको समान हुन्छ ।

४. नेपालको संवैधानिक राजसंस्था र हिन्दु अधिराज्यको सुदृढीकरणले भारत, चीन तथा दक्षिण पूर्वी एशीयाका देशहरूमा र विश्वमा नैं शान्ति तथा स्थायित्वको जग बसाउने माध्यम र साधन हुन्छ । शान्तिक्षेत्र नेपाल प्रस्ताव विश्वशान्तिकोलागि जग हो ।

५. वैदिक धर्म राजा कुनै दलको हुँदैन । यो कतै कसैतिर लहसिन्न, ढल्कँदैन । सदा स्वतन्त्र र निस्पक्ष हुन्छ । दल वा अरू राष्ट्रप्रमुख जस्ता कतै झुकेको हुँदैन । दुइढुङ्गाको तरूलजस्तो भएर रहेको नेपालमा कतै नकोतरिइकन मौलाउने क्षमता केबल राजसंस्थामा मात्र संभव हुन्छ । नेपालको

राजसंस्था नेपालको राष्ट्रिय एकताको प्रतीक हो । उसको ओजले मात्र एकता बनाई राख्न सक्तछ । अरू कसैमा पनि ओज हुँदैन । राजसंस्था निस्क्रिय भएको विगतको दश बर्षले यसलाई साबित गरिसकेको छ । अतः नेपालको राजा, वैदिक राजा, सास्कृतिक राजा, संबैधानिक राजा आदि जे भने पनि मुलुकको सार्वभौमसत्ताको संरक्षक बन्न राजा मात्र सक्षम हुन्छ, राजनीतिक स्थायित्व उसैबाट मात्र हुन्छ, प्रजातन्त्रको रक्षक ऊ मात्र हुन्छ । राजा भए मात्र प्रजातन्त्र संरक्षित हुन्छ । निस्पक्ष शासन हुन्छ, भ्रष्ट्राचार नियन्त्रित हुन्छ, पक्षपात र मुलाहिजा घट्छ ।

६. नेपाल विश्वमा उपयुक्त स्तरको राज्य हो, नठूलो नसानो । छिमेकी दुई राष्ट्र भिन्न राजनीति, संस्कृति र आर्थिक स्तरका भएकोले आपसमा एकत्व बोध गर्न सक्तैनन् । तिनलाई पनि मध्यस्थको खाँचो हुन्छ । बीचमा नेपाल र नेपालमा राजसंस्था भएका कारण यसले निस्पक्ष मध्यस्थता गर्दै आएको हो । विगतमा पृथ्वीनारायण शाहदेखि महेन्द्र, वीरेन्द्रसम्मले त्यस्तो भूमिका खेलेको इतिहास साक्षी छ । एक चीन नीति कायम गराउन नेपालका राजाको भूमिका अत्यन्त उँचो छ । फर्मुसामा रहेको संरासंको स्थायी सुरक्षा परिषद सदस्य चीनमा बदल्नुमा नेपालका राजाको भूमिका छ । बिद्रोही खम्पा नियन्त्रणको बिषय होस् वा चीन भारत बीचको युद्धको बिषय होस् नेपालका राजाको भूमिका महान छ । चीनले पटकपटक नेपालको मित्र नेपालको राजसंस्था हो भनेको छ, अमेरिका जस्तो मित्र बदल्ने देश नभएकोले नेपालप्रति औंला ठड्याउनेलाई पटकपटक दुत्कारेको पनि छ । दुइ महान राष्ट्रका बीच नेपाल रहनु, नेपालमा वैदिक राजा हुनु, राजामा विभिन्न जाती, भाषाभाषीहरूको समन्वय गरेर दुई छिमेकीबीचमा शतकौंसम्म संतुलित संवन्ध कायम राख्न सकेको इतिहास छ । त्यसकारण नेपालको राजसंस्था छिमेकीकालागि पनि एउटा दिगो स्तम्भ हो ।

७. राजसंस्थाको अभावमा वैदिक सभ्यताको अस्तित्त्व संरक्षण विहीन हुन्छ । राजा नहुनु भनेको राना हराएको अवस्थाको माहुरीको घार हुनु हो । रानीबिहिन मौरीले आपसमा टोकाटोक गरेर मर्दछन् । त्यसै गरेर बैदिक राजा हटेमा नेपाली आपसमा टोकाटोक गरेर मर्दछन्, मर्दैछन् । यस अनिष्टबाट जोगिन नेपालमा वैदिक राजसंस्था हुनु पर्दछ । भारतका हिन्दु र चीनका बौद्धले यसलाई सकारात्मक र तथ्यपरक रूपमा ग्रहण गर्नु पर्दछ । छिमेकलाई सन्तुलन राख्न पनि यसको आवश्यकता छ ।

वैदिक राजा संस्कारगत रूपमै कुनै दलको हुदैन, सबै मानिस प्राणी र प्रकृतिसित समान हुन्छ । सेना र दलसंगै बहकिन सक्तैन । राष्ट्र र राष्ट्रिय सुरक्षाबाट पछि हट्न पनि शक्तैन । नेपाली सेनाको विश्व गौरबलाई निरन्तर शान्तितिर उन्मुख गराउँछ । राजसंस्था बाहेक अरू कुनैले पनि यसलाई सहज बनाउन सक्ने स्थिति छैन ।

सम्वत् २००७ सालदेखिको दलहरूको माग, २०१४ सालको भद्रअबज्ञा आन्दोलन, २०३३ सालको मेलमिलाप, २०३६को जनमत संग्रह, र २०४६को दलआन्दोलनको सारभुत माग ***'राजा संबैधानिक भएर बस्नु पर्दछ'*** भन्ने नै हो । त्यो माग २०४७ को संबिधानले पुरा गरेको छ ।

८. सम्वत् २०६३ सालदेखि नेपालको अवस्था दिनप्रतिदिन ओरालो लागिरहेको छ । यसको मूलकारण २०४७ सालको संविधानलाई बिनाकारण फाल्नु नै हो । आधारभूत स्तम्भको रूपमा स्थापित, वैदिक संस्कारको धरोहर राजसंस्थालाई बिस्थापित गरेर धर्मनिरपेक्ष गणतन्त्र बनाउनु हो । यसले गर्दा नै नेपालको राष्ट्रियतामाथि ठूलो बज्रपात भएको हो ।

९. आजको दुःखदायी अवस्था पार्टीको दलालीपनका कारण हो । धर्म संस्कार र संस्कृति तथा प्राकृतिक श्रोतसाधनबारे दूरदृष्टि नभएका दलनाइकेले नजरअन्दाज नगरेर हो । विदेशीको निर्देशनमा काम गर्नु नै हो । त्यसले देश निर्माणमा समेत तुसारापात गरेको छ । नेपालको अर्थ व्यवस्था डामाडोल भएको छ । सयौं राष्ट्रिय महत्त्वका आयोजना दलकै कार्यकर्ताले दलकै संरक्षकमा निरन्तर बिथोलेका छन् । तिनले  उग्रस्वार्थपरक अप्राकृतिक र गैरकानुनी माग राखेर सबै आयोजना दोब्बर ढिलो र दोब्बर महंगो बनाएका छन् ।

१०. उक्त कारण सत्तासीनदलहरू असक्षम साबित भएका हुन् । उनीहरू पूर्णतः असफल र वदनाम पनि छन् । योनै अराष्ट्रियपन हो । जातीय र क्षत्रीय मुद्दा उठाएर, आदिवासी जनजातिको रडाको मच्चाएर, पहाडी र मदेशीको बीच फाटो पारेर, एक मधेश एक प्रदेश जस्ता बिखण्डनबादी मुद्दा तेर्स्याएर युगौदेखि रहि आएको 'अनेकतामा एकता' नेपाली राष्ट्रियताका सुन्दर तम पहिचान मेटाउनेकाम गरेकाछन् । यो आत्मघाती कुरा हो । यसमा संलग्न सबै गद्धार हुन्, अराष्ट्रिय हुन्, दलाल हुन् र देशद्रोही ।

११. होली वाइन खाने, टाइ बाँधने दलका नाइकेको नियत देश ईशाईमय बनाउने भएकोछ । नेपालको सामाजिक संस्कारमा नकारात्करात्मक प्रभाब बढ्दै गएको छ । परिबार छिन्नभिन्न भएका छन् । बाल, बृद्ध र महिलाले नारकीय दुःख भोगि रहेका छन् । घरघर कलहको सरूवा रोग फैलिएको छ । राजसंस्था भएमात्र संस्कार स्वतः जोगिन्छ ।

१२. कुनै दलमा आबद्ध नभएका देशका मतदाताले राजसंस्थालाई राष्ट्रिय शक्ति मानिसकेका छन् । दलले त्यो सत्य महसुस गर्न सकेनन् भने जनताले तिनलाई पनि पाखा लगाउनेछन् । परिपक्व प्रजातन्त्र कायम गराउनेछन् । अब नेकपा र नेकाँले आफ्नो अस्तित्त्व जोगाउन चाहने हो भने राजाको राष्ट्रबादी शक्तिसंग सम्झौता नगरिकन धरै छैन । नगरे तिनलाई हजारौं भ्रष्टाचारका मुद्दा लाग्न सक्छन्, फौजदारी कारबाही हुन सक्छन् ।

मानव अधिकारका कुरा चर्किन्छन् । तिनलाई हेगमा पुराउन सकिने मनग्य ठाउँछन् । यो अबस्था आयो भने आजसम्म बचाएका तिनका सबै साखको अन्त्य हुने छ । यो भबिष्यलाई आजै देख्न सकेनन् भने अझ दुर्दशा थपिने छ । तिनीहरूले राजासंग मिलेर प्रजातन्त्र र राष्ट्रियता जोगाउने बाटोमा लागे भने नेपाल भित्रिएका मिशनरी मुलुकहरूले पनि थप चलखेल गर्न सक्नेछैनन् ।

१३. यो तथ्य बाह्र बुदेका हस्ताक्षर कर्ता र नेपाली सेना समेतले महसुस गरेको बिषय पनि हो । तत्कालिन सैनिक प्रमुखहरूले लेखेको आत्मकथा बास्तबमा क्षमा याचना हो, प्रायस्चित हो । त्यस बेला र अहिले नेपाली सोचमा ठुलो परिबर्तन आइसकेको छ । दलउचाल्ने छिमेकी देशले पनि हस्तक्षेप गर्ने संभावना न्युन हुदै गएको छ । किनकि यी छिमेकीको भलो पनि यसैमा छ । राजा राष्ट्रिय शक्ति हो, पूर्ण तटस्थ र निहित स्वार्थरहित वैदिक संस्था हो । उत्तरदक्षिण दुबैतिर राजनीति माहोल बदलिइ सकेको छ । तिनले निस्पक्ष मूल्याङ्कन गर्न थाली सकेका छन् । २०६२/०६३ मा भएको परिवर्तन एउटा भलबाढी थियो, प्रकोप थियो भन्ने ठानेर अब उद्धार गर्ने तिर लागेकाछन् । पुन निर्माण गर्नु पर्ने अवस्थालाई महसुस गरि सकेकाछन् । नेपाललाई स्थिर र बलियो नबनाउन्जेलसम्म सुरक्षा र विकासका क्षत्रमा ढुक्क हुन सक्ने अवस्था छैन भन्ने कुरा पनि तिनले महसुस गरिसकेका छन् ।

१४. नेपालका दलमा चीन, भारत र अमेरिकाको लबि रहेको कुरा अब गोप्य  छैन । चीनको नेपाल चासो बढेपछि भारत र अमेरिका पनि चिन्तित हुँदै गएका छन् । चीन नेपालमा अमेरिकी र भारतीय प्रभाव नजमोस् भन्ने चाहना राख्द छ । यी दुबै पक्षधरको चित्तबुझ्दो तरिकाबाट संतुलन राख्न सक्ने राजा बहेक अरू कोही हुन सक्ने अबस्था छैन । कुनै पनि दलमाथि यी तीनै देशले भरोसा गर्न सक्ने अवस्था पनि छैन । प्रजातान्त्रिक शासनको पक्षधर दलमा प्रजातन्त्रको र साम्यबादी दलमा साम्यबादी दर्शनको सिद्धान्तमा नै निष्ठा छैन । ती पुरापुर व्यक्तिबादी र निहित स्वार्थमा केन्द्रित छन् । दलमा न राजनीति सिद्धान्त छ नत राष्ट्रबादी भावना । सेनाले बिस्वास गर्न सक्ने अबस्था पनि राष्ट्रबादी शक्ति नै हो । नेपाली सेना, भारत, चीन र अमेरिका समेतको चित्तबुझ्दो संस्था पनि राजसंस्था नै हो, चाहे संबैधानिक राजा भनुन्, चाहे कल्चरल वा वैदिक राजसंस्था ।

१५. फेरि हिन्दुअधिराज्य नेपालको पहिचान र सुरक्षा अवधारणा पनि हो । नेपालले  यी आधारभूत मान्यताहरू स्थापित गर्ने बित्तिकै सीआइए, मिशनर ी, 'रअ'लाई खुम्चिन करलाग्छ । चीन बिरोधी सम्राज्यवादीहरू फर्केपछि चीन पनि आफूलाई सुरक्षित ठान्दछ, र नेपाललाई प्रभावक्षेत्र बनाउनबाट पछि

हट्छ । हिन्दुअधिराज्य र संबैधानिक (बैदिक) राजसंस्था यथावत रहेपछि दुबै छिमेकी देशसंग  मैत्री संवन्ध दिगो रहिरन्छ ।

१६. नेपालको सन्दर्भमा राजसंस्था र हिन्दु अधिराज्य आफैमा यसकारण ठूलो हो कि यस्को संस्कारले नै आतंकवाद र अप्रजातान्त्रिक कृयाकलापलाई दिगो नियन्त्रण गराउन पर्याप्त हुन्छ । यस्मा नेपालको आवश्यकता मात्र नभएर अन्तरराष्ट्रिय महत्त्व पनि छ । नेपालको वैदिकराजा हिन्दुमात्रको अभिभाबक हो । पिण्ड र संकल्पको भागीदार हो । मन्दिर पीठहरूको आधिकारिक संस्था हो, विश्वको नैसर्गिक आवस्यकता हो ।

१७. हिन्दु भनिने राजा वैदिक हो, धर्माधिकारी हो । उः वैदिक संस्कार र संस्कृतिले बाँधिएको हुनै पर्दछ । तदनुरूपको राजशिक्षा पाएकै हुनु पर्दछ । उनको आचरण पनि वैदिक संस्कार अनुकुलको उच्च कुलिन हुनै पर्छ । राजामा हुनुपर्ने यी गुण नभएमा, उजण्ड स्वभाब भएमा, मानसिक बिचलन भएमा जनताले राजालाई हटाउन सक्ने कुरा वैदिक सनातन बाङमयमा चित्रित छ । तर जनताले त्यही राजकुलको, वैदिक संस्कार संस्कृति अनुकुल चल्ने विस्वास भएको ज्येष्ठता क्रमले आउने व्यक्तिलाई राजा बनाउनै पर्ने प्राबधानलाई पनि हिन्दुमात्रले महसुस गर्दछ । ऊ प्रजातन्त्रको रक्षक हुनैपर्छ ।

१८. भनिन्छ एउटा आदर्श नेता जन्मिन एक युग लाग्दछ । त्यसमाथि पनि आध्यात्मिक नेता जन्मन युगौ युग लाग्दछ । चुनावले सक्षम नेता बन्दैन । राजा त बंश रगत, संस्कार, शिक्षाआदिबाट सक्षम नेता बनेको हुन्छ । नेता नभएको अबस्थामा देशको दुर्दशा हुन्छ । यस्तो अबस्थामा राष्ट्रको रक्षा गर्ने जिम्मा सेनाको हुन्छ । सेनाले पनि बिग्रेको अवस्थाबाट तुरून्त उद्धार गर्ने क्षमता राख्दैन । राष्ट्रियता,  राष्ट्रिय एकता, राष्ट्रिय सुरक्षा र राष्ट्रिय समुन्नति सेनाका मुख्य काम हुन् । बिद्यमान सामाजिक परिबेसलाई बिश्लेषण गर्दा सेनाले दललाई भन्दा संबैधानिक राजालाई समर्थन गर्न हिचकिचाउनुपर्ने अबस्था छैन । किनकि राजनीतिक दल प्रशासन, राजनीति, अर्थनीति र राष्ट्रियता संवर्द्धन गर्न निरन्तर असफल हुँदै आएका छन् ।

१९. मननयोग्य कुरा केहो भने विश्वका सबै देशमा राजाको खाँचो हुँदैन, सबै मुलुकलाई संघात्मकता र विकेन्द्रीकरण पद्धति पनि चाहिँदैन । हरेक मानिसको अनुहार फरक भए जस्तै देशदेशको अनुहार पनि फरक हुन्छ । नेपालको अनुहार धेरै फरक छ । याहाँको भूगोल, सस्कार सभ्यता र संस्कृति, रितिथिति, रहन सहन, जनचेतना, जीवनस्तर, खानपान र जीवन शैली फरक छ, मौलिक छ । यस प्रसंगमा नेपालको राजनीति, अर्थनीति, विकासक्रम

आदि सबै नेपाली नै हुनु पर्दछ । यसकारण नेपालको राष्ट्रप्रमुख राजानै हुनुपर्ने अनिबार्य आवश्यकता छ । आज बिदेशी द्वारा, बिदेशीले, बिदेशीकालागि भएका छन् । बिदेशीले यति छलछाम गर्न सक्नु राजाको अनुपस्थिति भएको भएर मात्र हो । यतिसम्म कि भूकम्प पीडित जनतालाई राहत गर्न आएका मद्धे अमेरिका चीन र भारतका सेना फर्किन मानेन् । ईशाइले आपतमा परेकालाई बाइबिल पढाउने अवसरका रूपमा लियो । अमेरिकी सेना चढेको हेकिोप्टर सीमामा पुग्नु र दुर्घटनाग्रस्त भएर खस्नु जस्ता रहस्यमय घटना घट्नुले माथिको तर्कलाई प्रमाणित गर्छ ।

## वैदिक राजतन्त्र र अरू तन्त्रमा फरक

१. वैदिक समाजबादी राजा पुँजिबादी र साम्यबादी दलीय सोच भन्दा उँचो हुन्छ । बीपीले यो बुझेपछि राजा नरहे प्रजातन्त्र रहदैन, प्रजातन्त्र नरहे राष्ट्र रहदैन भन्ने सार खिचेका थिए । त्यसपछि मेलमिलापको बातावरण लिएर नेपाल फर्केका थिए । उनले लेन्डुप दोर्जेलाई पनि सिक्किममा राजा फाल्यौ भने सिक्किम बाँच्दैन, प्रजातन्त्र पनि बाँच्दैन भनेर अर्ति दिएका थिए । उनको अर्ती नमान्ने लेन्डुप दोर्जीले आखिर देश नै नासे ।

आदर्श राजा रामको यो सिद्धान्त सदा जनमतको कदर गर्नुपर्छ भन्ने हो । नेपाली राजाले कार्यान्वियन गरे, बिपीले माने तर महामूर्ख उनका भाईले मानेनन् । बीपीले थालेका प्रजातन्त्र उनकाभाइले मासे । वैदिक सनातन पद्धति र त्यसको संरक्षक राजसंस्था नै मासेर देशलाई धरासायी बनाएका हुन् । उनकै कारण माओबादी युद्ध भएको हो । आज देश अनिर्णयको बन्दी हुनुमा पनि उनकै कारण छ । यो राजा हुनु र नहुनुको अन्तर पनि हो ।

२. राजतन्त्र हटाउने अभियानमा लागेका साम्यवादीको मानसिकता रूढिगत मनोदशा मात्र हो । भौतिक विज्ञानमा आधारित होइन । राजालाई सामन्त र धर्मलाई अफिम भन्ने पनि रूढीगत मनोदशा हो । कम्युनिष्टमा प्रजातान्त्रिक अभ्यास नहुने भएकाले तिनले स्वतन्त्र रूपमा मन, बुद्धि र विवेक लगाउने क्षमता राख्दैनन् । रूढीबादीता हुनेमा, सृजनशिलता हुँदैन ।

३. साम्यवादी आदर्श र वैदिक संस्कारलाई जोडेर (पुजिवादी र साम्यवादी बीचको) त्यसको विकास गर्ने काम राजा महेन्द्रले नै गरेका हुन् । पूँजिपति दलले साम्यवादी दलमाथि लगाएको प्रतिबन्ध पनि राजालेनै फुकाएका हुन् । पुँजिपती विश्वलाई साम्यबाद गाडी चढेर आउँदैन भन्ने पनि राजा नै हुन् । जातपात छुवाछुत जस्ता काम हटाउन निर्वाचित सरकारले नसकेपछि राजालेनै अध्यादेशबाट जातीय बिभेद र छुवाछुतको अन्त्य गराएका हुन् । जोत्नेको हक कायम गराएर मोही र कृषकको संरक्षण गर्ने काम राजाबाटै भएको हो । राज्यको शक्ति बिकेन्द्रिकरण गरेर गाउँ एकाई सम्म पुऱ्याउने काम

पनि राजाबाटै भएको हो । केन्द्रमा मात्र रहेको विकास योजना पाँच विकास क्षेत्रमा लगेर संतुलित विकासगर्ने काम पनि राजाबाटै भएको हो । यातायत, संचार, उद्योग, ब्यापारमा आत्मनिर्भर गराएर परनिर्भरता हटाउने काम पनि र ाजाबाट भएको हो । चिनी, मैदा, जुट, जुत्ता, कागज, औषधि, सिमेन्ट, तारपिन, लुब्रिकैन्ट जस्ता अत्याबश्यक आधारभूत सयौं औद्योगिक तथा ब्यापारिक बस्तु राज्यबाटै संचालन गरेर आत्म निर्भर नेपाल बनाउने कामहरू राजाबाटै भएका हुन् । पीडीएल्टी प्रोग्रामबाट स्थानीय बिकास र रोजगारको बृद्धि गर्ने काम पनि राजाबाटै भएको हो । सन २००० सम्म नेपाललाई एसियन स्तरमा लाने सफल काम पनि राजाबाटै भएको हो ।

४. राष्ट्रले नै उद्योग ब्यापार शिक्षा स्वास्थ्य संचालन गर्ने काम साम्यबादी बिचारका भएकोले निजिकरण गर भन्ने पुजिपतिको दबाब बढेपछि राजाले राज्यबाट संचालित काम निजिक्षेत्रमा पनि गर्न दिएर सार्बजनिक र निजीबीच प्रतिस्पर्धा गराएर सस्तो र सुलभ हुने आर्थिक व्यवस्था राजाले नै गरेका हुन् । साम्यवाद र पूँजिपति बीच सन्तुलन कायम गराएका हुन् । असंलग्न सिद्धान्त पनि राजाकै पहलमा भएको हो । दलविहीन पञ्चायती व्यवस्था भनिने एकदलीय शासन, गाउँफर्क अभियान चीनको सांस्कृतिक क्रान्तिको प्रतिबिम्ब थियो । 'बिअर फुटेड' डाक्टरको प्रतिरूप थियो । वास्तवमा राजा महेन्द्र स्वयं वैदिक साम्यवाद विचारबाट प्रभावित थिए ।

५. नेपालका साम्यबादीहरू सही चिन्तनसिल भएको भए कार्लमार्क्स, लेनिन र माओको ठाउँमा राजा महेन्द्रलाई नेता मानेका हुने थिए । नेपालमा आज साम्यवादको अवस्था जे छ त्यो नेपाली तथाकथित साम्यवादी नेताले बनाएको होइन । राजाले बनाइदिएको हो । आजका साम्यवादी दल मास्कोमा पानी परेपछि नेपालमा छाता ओढ्ने खाले हुन् भने राजाले ल्याएको साम्यवाद त्यसलाई नेपाली बनाएर कसरी सर्वहिताय बनाउन सकिन्छ भन्ने हो । समाज कल्याण परिषद, बालबृद्ध हितका याबत संस्था सर्बाङ्गिण सामाजिक हितका कामगर्ने सबै राजाले गरेका छन् । नेपालको पर्याविरण र प्रकृति संरक्षणकालागि राष्ट्रिय निकुञ्जको निर्माण राजाबाटै भएको हो । दलहरूले त बिदेशीकै लहैलहैमा लागेर राजाले थालेका असल, समाजबादी कामहरूलाई भत्काउने मात्र गरेका छन् । कर्णाली हाइड्रोपावर, सिक्टा सिचाई, कनकाई हाइडयाम, अरूण तीन, शान्ति क्षेत्र प्रस्ताव, एसियली मापदण्ड, पञ्चायत बिकास तथा जग्गाकर जस्ता आयोजना साम्यबादी र पुजिपति मिलेर भत्काइ दिएका हुन् । आज देशमा ठूलो ब्यापार घाटा हुनुमा तथा लाखौंलाख युवा बिदेश पलायन हुनुमा आज सत्तामा रहेका यिनै दलको नकारात्मक करामतले हो । राजाको छोरा साम्यबादीको समर्थक हुनै सक्दैन भन्ने रूढिबादी मानसिकताबाट ग्रसित तथाकथित साम्यबादीले आज गरीव हिड्ने फुटपाथ

भत्काएर धनी र सामन्त हिड्ने सडक चौडा गरिरहेका छन्, सरकारी अन्डर टेकिङ उद्योग र व्यापारी प्रतिस्ठान निजीकरण गरेर कौडीको मोलमा बेचेका छन् । यी भ्रष्ट र लुटाहा मात्र हुन् । असली साम्यबादले त गरीव र बिपन्नको भलो गर्छ । सामाजिक बिभेद अन्त्य गर्छ, बिकास बिभेद अन्त्य गर्छ । सहभागितामूलक सबै मिलेर काम गर्ने त राजसंस्थानै मात्रै हो । अरू कोही होइन । अब जनता न्यायाधीश हुनु पर्दछ । हल्लामा होइन, तथ्यमा आधारित भएर बिश्लेषण गर्न सक्नु पर्दछ ।

६. साम्यवादी, माओवादीले नेपाल बुझेनन्, साम्यवाद बुझेनन् र माओवाद बुझेनन् । माओत्सेतुङले मात्र नेपालमा राजतन्त्रको महत्त्व बुझेका थिए । उनले नेपालमा सदाका लागि राजतन्त्र चाहिने कुरा बुझेका तथ्य पत्रपत्रिकामा ब्यापक प्रकाशित पनि भएका छन् । माओत्सेतुङ् र उनका उत्तराधिकारीले पनि नेपालको मित्र भनेकै नेपालको राजा हो भनेर धेरै पटक भनेका छन् । यही नाताले चीन मित्र नफेर्ने मुलुक हो पनि भनिएको छ । माओको नाम बेचेर नेपालमा हिडेका माओबादीले माओले बुझेको नेपालका राजसंस्थाको महत्त्वलाई बुझ्न सकेका छैनन् । किनकि यिनीहरू सक्कली कम्युनिष्ट नभएर ,अरूले लाए अह्राएको काम गर्ने पेशेवार बन्दुकधारी दलाल मात्र हुन् ।

८. यस्लाई थप स्पष्ट पार्न अब नेपालका राजाहरूले गरेका केही कामको  बिबेचना गर्नु पर्ने हुन्छ । ती राजाहरू मद्धे श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले एकिकृत नेपालको थालनी गरेर भत्किएको वैदिक शासन व्यवस्थालाई पुनर्स्थापन गरेका हुन् । उनले एकता र एकीकरणलाई र ाष्ट्रियताको मूल आधार माने । सबै जातजातिको साझा फूलबारीका रूपमा नेपाल भूमिलाई अर्थ्याए । कुनै पराय मुलुक बिरूद्ध जाई नलाग्ने तर आफ्नो मुलुकको रक्षार्थ सँधै तयार हुने नीति लिए । आन्तरिक अर्थतन्त्र सबल बनाएर सुसम्पन्न र आत्मानिर्भर मुलुक बनाउने, उब्जनी बढाउने,  बस्ती व्यवस्थित बनाउने, दिगो विकासका नीति कार्यन्वयन गरेर  सँधै आयातलाई निर्यातिले जितिरहने थियो । वैदिक सभ्यताको एकमात्र धरोहर नेपाललाई बनाएर धर्म, संस्कार सभ्यतालाई उत्कृष्ट बनाइ राख्ने योजना बनाए । यी सबै नेपाली र ाष्ट्रियताका आधारशिला हुन् । उनले वैदिक पद्धतिलाई शासनको आदर्श जग मानेजुन यो मुलुककालागि सँधै आवश्यक छ । सम्बत २०६३ साल पछिका सर कारले छाडेपछि नेपालको राष्ट्रियतामाथि आँच आउने काम भएको छ ।

पृथ्वीनारायण शाहको राष्ट्रियता वैदिक शिद्धान्तमा आधारि छन् । अनेकतामा एकता उनको राष्ट्रियताको आदर्श हो । त्यसभित्र बसुधैवम् कुटुम्बकम् सूत्र पनि छ । वैदिक संस्कारले नैतिक मूल्य यति उचो बनाउँछ कि त्यहाँ चोरी, ठगी, बेइमानी जस्ता कुनै खाले अपराध हुदैनन् । समाजको चेतना

र ज्ञान शैली उँचो हुन्छ । त्यहाँ प्रहरी, न्यायालय र हतियारको आवश्यकता पर्दैन । घरमा तालाचावी लगाउन पर्दैन । त्यही कारण कसैले नेपाललाई उपनिवेश बनाउन सकेनन् । पश्चिमाका विकारलाई पस्न नदिएर नेपालदेशमा वैदिक धर्म, संस्कार संस्कृतिलाई जोगाएर असली हिन्दुस्थान कायम राख्न पनि उनी सफल रहे ।

राजा एगबर्टले बेलायतलाई एकिकृत गराए झैं पृथ्वीले नेपाल एकिकण गरेर यहाँको एकता, अखण्डता, स्वतन्त्रता, स्वाभिमान जोगाउन काम उनका उत्तराधिकारीलाई सुम्पेका हुन् । राष्ट्रिय पहिचान बेलायतीको सबैभन्दा महत्त्वपूर्ण पाटो हो । त्यहि कुरा नेपालको पनि हो । पृथ्वीको राष्ट्रवादमा आफ्नो धर्म संस्कृति, सीप, भेषभूषा, उद्योग, व्यापार जोगाउने स्पष्ट अवधारणा छ । सबै जनतालाई पूर्ण रोजगार उपलब्ध गराउने, आर्थिक रूपमा सदा आत्मनिर्भर हुने, बिदेशीलाई चर नदिने, विदेशीलाई समान व्यवहार गर्ने, देशभरका सबै जात धर्म,व्यवसायकाबीच एकता कायमगराउने, एकले अर्कोलाई सहयोगीको भावना राख्ने उनको राष्ट्रवादका प्रमुख विशेषता हुन्[१०२] ।

पृथ्वीनारायणको एकिकरण भूक्षत्रको मात्र होइन । यो त प्राकृतिक, सांस्कृतिक, वैदिक सभ्यता र मानवीय पक्षको पनि हो । सम्पदाको संरक्षण पनि हो । वैदिक धर्म राष्ट्र, वैदिक (हिन्दु) राजा नेपालका सम्पदा हुन्, सगरमाथा, लुम्बिनी, पशुपतिनाथ मन्दिर जस्तै ।

२. राजा त्रिभूवनले अप्रजातान्त्रिक जाहानिया शासनबाट मुक्ति दिएर प्रजातन्त्र स्थापनाकालागि जनतालाई साथ दिने राष्ट्रवादी सोचका राजा हुन् । उनले भारतको प्रसताव नेपालको स्वतन्त्र अस्तित्त्व, सार्वभौमिकता र अखण्डता जोगाएका हुन् ।

३. राजा महेन्द्रले प्रतिपादित गरेको राष्ट्रवादले नेपाललाई स्वतन्त्र र गौरवशाली बनाएको छ । राजा महेन्द्रले राणाबाट खुम्चिइसकेको नेपालका

---

१०२. उदाहरणका लागि जंगबहादुरलाई लिन सकिन्छ । उनी बेलायत र फ्रान्सको भ्रमणमा जाँदा १३ महिनाका लागि चाहिने सबै सामान आफैंले लिएर गएका थिए । बेलायतको भन्सारमा आफ्नो सर सामानलाई छुनसमेत दिएनन् । 'जाँच गर्ने हो भने म फर्किन्छु' भनेपछि रानी भिक्टोरयिाको आदेशमा नजाँचिने भयो । जंगबहादुरलाई नेपाली संस्कार संस्कृति पोशाक रहनसहनको गर्ब थियो । बिदेशीको नक्कल गरेर होइन आफ्नो गौरबमय संस्कारबाट अग्रेजमाथि प्रभाव जमाउने थियो, जमाए ।

अहिलेका नेताले विदेशीको नक्कल गर्छन्, दासत्व कबुल गर्छन् । लबेदा सुरूवाल, खाना, आवासपद्धति, नेपाली भाषा, भ्रष्ट्राचार, धर्म संस्कार संस्कृति सबै त्यागेका छन् । जंगबहादुरले नेपाली मुद्रा बाहिर लैजान दिँदैनथे । विदेशी सेनामा नेपालीलाई भर्ती हुन पनि रोक लगाएका थिए । पृथ्वी मार्ग अपनाएर मुलुकलाई उपनिवेश हुनबाट जोगाएका थिए । असली हिन्दुस्तानकै रूपमा नेपाललाई चिनाएका थिए । सरकारी कामकाजको भाषा नेपाली बनाएर । नेपालको स्वतन्त्र अस्तित्व कायम राखेका थिए । उनीहरूले आफूलाई नेपाली देखाउँथे । कहीं न कहीं इण्डियाबाट खतरा छ भनेर साबधान हुन्थे ।

आर्थिक रराजनीतिक शक्ति सशक्त बनाए । गरिबी हटाएर राष्ट्रिय प्रतिष्ठालाई उचो बनाए । महेन्द्रले समयसापेक्ष रूपमा सवै पक्षमा सुधाार गरे । नेपालको मन्त्रिपरिषद् बैठकमा बस्ने भारतीय सचिवलाई हटाए, भारतीय चेकपोष्ट हटाए, भारतभन्दा भिन्नै पहिचान, पद्धति, संरचना र विम्बहरू स्थापित गरेर ।

इण्डियाका अनेक हथकण्ठाका बाबजुद उनले नेपाललाई संयुक्त राष्ट्रसंघको सदस्यता लिएरै छाडे । नेपालभरि नेपाली मुद्रा चलाएर । राष्ट्रबैंक लगाएत शयौं संसथाहरूको स्थापना गरे । राजमार्गको निर्माण गरे । १४ अञ्चल, ७५ जिल्ला र चारहजार स्थानीय निकाका (गाउँ पञ्चायत) बनाएर शिक्षा स्वास्थ्य, कृषि सेवालाई घरघरसम्म पुर्‍याए । विश्वविद्यालयहरू स्थापना गरे । सबै जनशक्ति नेपालमै उत्पादन गर्ने बनाए । अन्तर्राष्ट्रिय वायु सेवा सञ्चालन गरे । भूमिसुधार लागू गरे । एकेडेमी बनाएर साहित्य, संगीत, भाषाभाषी, कलाको उन्नति गराए । एउटा राष्ट्रबादी सोचको स्वतन्त्र राष्ट्रलाई आवस्यक पर्ने सबै काम कुरा उनले पुरा गरेका हुन् । महेन्द्रको राष्ट्रवादलाई स्वदेशी बिदेशी सबैले सकारात्मक रूपमा अंगिकार गर्दछन् । उनको दशबर्षे शासन कालमा विश्वमा नेपाले सबैभन्दा राम्रो प्रगति गरेको थियोर ।

उनले महात्मा गान्धीको सोच अनुसार पौरस्थ्य शासनपद्धति कायम गराएर पृथ्वी बिचारलाइ जीवन्त पारे । नेहरूले नष्ट गराएको गान्धी बिचारलाई  महेन्द्रले नेपालमा जीवन्त बनाएर नेपालबाट भारतले अनुसरण गर्नुपर्ने वातावरण बनाई दिएका थिए ।

राजा महेन्द्रको राष्ट्रवाद बेलायतकोजस्तै आफ्नो मौलिकपन बचाईराख्नु हो । उनका अनुसार राष्ट्रिय स्वाभिमानमा गौरब गर्ने क्षमता नै राष्ट्रियता हो । नेपाली पन, कला, भेषभूषा, साहित्य, संस्कृति, मूल्य र मान्यता, मौलिकता, आर्थिक समुन्नति, नागरिक चरित्र, धर्म प्रति आत्मबोध बनाउने हो । हरेक क्षत्रबाट त्यसलाई मजबुत गराए । नेपाली नागरिकताबारे स्पष्ट कानून बनाए । विदेशीएका नेपालीलाई '*फर्क हे फर्क नेपाली*' भन्दै फिर्ता बोलाए । हातमा सीप र मनमा राष्ट्रियताको भावना लिएर फर्किए पनि । फर्केकाहरूले विश्वविद्यालय, रोयाल एकेडेमी, प्रहरी व्यवस्थापन, राजनीति परि चालन समेत गरे । तिनले राष्ट्रियता बलियो बनाए,  शिपमुलक रोजगार थपेर देशलाई उन्नत बनाए । तर आज, त्यसको ठीक उल्टा, कुल उत्पादनशील जनशक्तिको दुई–तिहाई युवालाई राज्यलेनै विदेशिन बाध्य पारेको छ । बदलामा मगन्ते, घुमन्ते, लाखौ. मुढ भारतीयलाई नेपालमा भित्र्याइएको छ । त्यो संख्या कुल जनसंख्याको एक तिहाई छ ।  आज नेपालको सुरक्षामा भारतीय हस्तक्षेप बढेको छ । चीन र भारतसित मात्र होइन अमेरिका र बेलायतसित समेत संम्बन्ध संतुलन कायम गराए ।

नेपाललाई स्वतन्त्र सार्बभौम राष्ट्र भनेर विश्वमा चिनाउन सफल भए । क्रान्तिकारी भूमिसुधार लागू गरेर जर्जर किसानको जीवनस्तर माथि उकासि दिए । किशानको हितकोलागि अनिवार्य बचत स्कीम लागू गरे । संसदले नआँटे पछि अध्यादेशबाट लागूगरेर छोइछिटो र जातभातको अन्त्य गरिदिए । नेपालीलाई नेपालमा आवतजावत गर्न परनिर्भर हुनु नपर्ने, नेपालको कच्चा पदार्थबाट नेपालमै उद्योगधन्दा चल्ने, आर्थिक मेरूदण्डको निर्माण गरे । त्यसले स्वतन्त्र, स्वावलम्बन र आत्मनिर्भर नेपाल बनाएर नेपालको गौरव बढाएको छ ।

नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता लिन दर्खास्त दिएपछि भारतले रूसलाई उठाएर पटकपटक भिटो लगाउन लगाएको थियो तर पनि उनले नेपाललाई राष्ट्रसंघको सदस्य बनाईछाडे । यसरी उनले बाघको मुखबाट खोसेर देशको स्वतन्त्रता र स्वाधिनता जोगाएका हुन् । राजा महेनद्रको बुद्धि र सुझबुझको कदर गर्नुपर्ने अर्को कुरा त्यस्तो रूसलाई हातमा लिएर त्यही भारतले विरोध गरेको पूर्वपश्चिम राजमार्गको लामो भाग निर्माण गरिदिने बनाए । जनकपुर चुरोट कारखाना, बीरगञ्ज चिनी कारखाना, बीरगञ्न कृषि औजार कारखाना, पनौती जलविद्यूत आयोजना, नेपालका चिकित्सक र इन्जिनियरको जनशक्ति उत्पादन गरिदिएर नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर गराउने थुप्रै काम रूसको सहयोगमा भएका हुन् । रूस र चीन नेपालको विकासकालागि असल सहयोगी मित्रका रूपमा परिणत गराएका हुन् ।

राजा महेन्द्र देशको कुना कन्दरामा घुमेर देशको बास्तबिकता बुझ्ने पहिलो राजा हुन् । उनको घुमाइले सम्पूर्ण पूर्वाधार निर्माण गर्न सहयोगी बन्यो । पालको बास र घोडाको साधनबाट देशको स्थलगत गहन अध्ययन गरेका उनले जनताका चाहना अनुसार राजनीति र विकास हुनु पर्ने कुराले सार्थकता पाएको थियो । मनमा शुद्ध राष्ट्रियताको भावना छ भने जे पनि संभव हुन्छ भन्नेमा उनी उदाहरण हुन् । उनले नेपालमा बिग्रेका कुरा सुधार्ने र नभएका पूरागर्ने सबै काम पुरा गरेका थिए । उनले देशलाई पुनसंरचना गरेर तहतहमा बिभाजन गराए र अधिकार बिकेन्द्रिकरण गरे । स्थानीय बिकासमा त तहल्का नै ल्याई दिएका थिए । प्रत्येक वडामा प्राबि, प्रत्येक पञ्चायतमा माबि, जिल्लामा महाबिद्यालयको अबधारणा ल्याए । स्वास्थ्य, खानेपानी, यातायात बिद्यूतलगायत याबत जनसरोकारका बिषयमा जनतालेनै काम गरेर सहभागितामूलक विकास गराउने परिपाटीको थालनी गरे ।

नेपालमा कोही धरबार/रोजगार/शिक्षा/स्वास्थ्य बिहिन नहुने कामहरूको कार्यन्वयन गराए । व्यवस्थित पुनर्वासको थालनी भयो । १३ लाखबढि सुकुमवासीले नयाँ जीवन पाए । बस्ती बिस्तार गरेर भिन्न देश चिनिने

वातावरणको सृजना गरिदिए । व्यवस्थित वस्ती पद्धतिको कार्यन्वयन गरे । भोगेको कुरा के हो भने राजालाई जस्तो मुलुकको माया दलमा हुँदो रहेनछ, दलमा आफू र आफन्त हुँदो रहेछ । यो प्रयोगले सिद्ध भएको छ ।

उनले नेपाल प्रवेश गर्ने सबै थलोमा नेपाली कला संस्कृतिले भरिएका प्रवेशद्वार निर्माण गराएर देशको गरिमा बढाए । त्यो बरू २०४७ साल पछि क्रमसः विलाउँदै गएकोछ[१०३] । यही फरक छ राजा र दलले गरेको शासनमा ।

महेन्द्रले नेकाँको कम्युसनिष्टहरू प्रजातन्त्रवादी हुन सक्दैनन्, अधिनायकबादी हुन्छन् भनेर निशेध गरेको सोचलाई उल्ट्यायी दिए । नेपालमा चीनमा माओले गरेजस्तै गरेर गजब सन्तुलन कायम गरेर देखाइदिए ।

घना गाउँजस्तो काठमाण्डुलाई एउटा आधुनिक शहरमा परिणत गर्ने श्रेय पनि उनैमा जान्छ । त्यसबेला के के विकास भयो ? भनेर सोध्नुभन्दा के भएन भनेर सोध्नु पर्ने हुन्छ ।

कर्णेल जिलेस्पीले बीरबलभद्रको मूल्याङ्कन गरेझैं निस्पक्ष भएर राजा महेन्द्रको मूल्याङ्कन गर्नेहो भने उनी विश्वनेतामा गनिन्छन् । बिपीलेबाहेक दलका कसैले यो सत्य बुझेनन् । अरूले त राजालाई विवादमा तान्ने र राष्ट्रियता खलबल्याउने काम मात्र गरे ।

राजा महेन्द्रको राष्ट्रियताप्रतिको सोच, उनको मनोविज्ञान र दूरदृष्टिलाई विश्व रहेसम्म यो मूल्याङ्कन उँचो रहने छ । किनकि उनले नेपालको राष्ट्रियता, एकता, र भावनात्मक समन्वय बनाउने काममा कहिल्यै बिर्सन नसकिने योगदान दिए उनले । उनको बुद्धिमत्ता कार्य नभएको भए आज नेपालको अस्तित्त्व रहने थियो कि थिएन, संकै छ । नेपालका दलका नेताले हिजो देखेनन् भोलि नबुझ्ने भउका छन् । तीस वर्षपछि नेकाँ पुनः सत्तामा आएदेखि नेपाली राष्ट्रियतालाई नराम्रोसंग तल गिराइ दिएको छ ।

राजा महेन्द्रले नेता र क्रान्तीकारीको भूमिका एकैसाथ सभालेर । प्रगतिको रफ्तार द्रुतरूपमा बढाए । त्यसबेलाजति छिटो, ठूला र सन्तुलित विकास नेपालमा भए सो समान कहिल्यै भएका छैनन् ।

***३. अन्याय नगर, अन्याय नसह*** भन्ने सूत्र हो राजा वीरेन्द्रको राष्ट्रवादको । उनलाई जनताले सुयोग्य पिताका सुयोग्य पुत्र भन्दछन् । महेन्द्रले स्वतन्त्र सार्वभौम बनाएको नेपाललाई उनले व्यवहारमा उतारे । उनको शान्तिक्षेत्र प्रस्ताव पनि नेपाललाई विश्वका सबैखाले गुटउपगुटबाट मुक्त गराउनकालागि थियो । ११६ विश्वका ठुला मुलुकले तुरून्त समर्थन जनाए

---

१०३. जम्मा ८ खर्ब ५० अर्ब राजश्व उठ्ने मुलुकमा ६ खर्ब ६४ अर्ब त सेतो र कालो भ्रष्ट्राचार नै छ । (महालेखाको प्रतिबेदन २०७७)

पछि त्यसलाई दलले नहटाएको भए, नेपाल विश्वशान्ति बनाउने जिम्मेबार युक्त निस्पक्ष रेफरी मुलुकमा गनिने थियो ।

सम्वत् २०४५ साल जेठ महिनामा नेपाललाई सार्वभौम स्वतन्त्र मुलुकको रूपमा काम गर्दा त्यसमा नेपाली दलले भारतको पक्ष लिदा दरवार हत्याकाण्ड समम्म हुन पुग्यो । तर पनि भारतीय हबाइजहाज नेपालमाथि उड्न छाडे ।

सन् १९७२ पछि राजा वीरेन्द्रले चीन भारतसितको समदुरी नीति अवलम्बन गरेर आफै द्वन्द्व निम्त्याएका हुन्[१०४] भन्ने आरोप भारतले लगायो ।

सम्बत २०४६ चैत्र १८ गते भारतका बिदेश सचिव एस.के.सिंह एउटा प्रस्ताव बोकेर काठमाण्डौ आएँ । त्यस प्रस्तावलाई मानेको भए उनका पुस्ता दरपुस्ताले अकंटक राजतन्त्र चलाउन पाउने त थिए तर त्यसले नेपालको रक्षा र जलश्रोतमा भारतको आधिपत्य हुने थियो । आफ्नो देशलाई भूटानको अवस्थामा राख्ने त्यो प्रस्ताव वीरेन्द्रल स्विकारेनन् । *'हात काटेर अधिकार विदेशीलाई दिनुभन्दा आफ्नै जनतालाई अधिकार दिन्छु'* भनेर बहुदलको घोषणा गरिदिए, संवैधानिक राजा भएर बस्न चाहे । राष्ट्रभन्दा राजपद ठूलो होइन भन्ने मेसेज दिए । त्यही कारण त्यसको १४ वर्षपछि उनी र उनको परिवारले बलि चढ्नु परेको थियो । दरबार हत्याकाण्डले राष्ट्रबादी भएर बाँच्नु अत्यन्त कठिन काम हो भन्ने मेसेज पनि दिन्छ ।[१०५] राजीव गान्धीको राजामाथिको दवाव चीनतिर झुकेको भन्ने थियो ।[१०६] पाकिस्थानको सार्क बैठकमा यस विषयलाई लिएर चलेको बिबाद पछि सार्वभौमिकता नै भारतलाई सुम्पे पनि हुन्छ भन्नेसम्म[१०७] प्रचारवाजी गरियो । नेपालका राजासंग गान्धीलाई एकै समयमा थरि-थरिका लौराले कुट्ने सीप छ[१०८] भनियो । भारतीय संचारले बीरेन्द्रका अगाडि राजीवलाई अक्षम बनायो । बीरेन्द्रको समदुरीको राष्ट्रबादी सोच भारतलाई पचेन ।[१०९]

---

१०४. The Statesman: Aug. 29, 1989. (King Birendra who came to the throne in 1972 gave new thrust to his anti-India and pro-Chinese policy leading to a clear confrontation with New Delhi);

१०५. (The third strategy of King to divert Nepalese attention from the basic issue of their democratic rights and to insulate them against the ideals of Indian democratic aspirations, was to create an anti-Indian bias-Zutshi)

१०६. Ibid. (The former (the king) asserting his soverign right to be closer to China and the later (Rajiv) reborting to last ditch efforts to reverse the process by keeping Nepali tied to apron - straight of India too late in the day)

१०७. Ibid. (.... had nothing but a contenpt for dynastic rule, adding sneeringly that a sizable number of Indians too might vote for "king Rajiv" at the ensuing election)

१०८. The States Time: Aug. 29, 1989. (The Nepalese king has learnt how to beat Mr. Gandhi with several sticks at the same time)

१०९. Ibid. (China had consolidated its hold on Nepal taking adventage of Indian's cruelway treatment of the Himalayan Kingdom)

नेपाललाई सीमित सार्वभौमभित्र राख्ने इण्डियाको प्रयत्न नेपाली मात्रको चित्त नबुझ्ने कुरा हो ।[११०] राजा र नेपाली जनताको बिचार एक थियो । राजाले जनतालाई साथ दिए, इण्डियाले दललाई हात लियो । अनि इण्डियाले आततायी माओबादीलाई उठायो, जातजातीलाई उक्सायो । आज पनि भारत विरोधी नागरिकको संख्या तीव्ररूपमा बढ्दै एको छ ।

भारतीय मूलका भनेर नेपालका दल उचाल्न खोजिएको छ । अझै बिदेशी नागरिकको संख्या अनवरत रूपमा बढाइदैछ । *फुटाऊ र हत्याउ* नीति सिक्किमी करणको संकेत हो ।

**नेपालको** पिडिएलटी, एसियाली मापदण्ड र शान्तिक्षेत्र राजा वीरेन्द्रका देश उठाउने महान काम हुन् । सबाङ्गिण समुन्नतिकोलागि द्रुतरूपमा बिकास गरिनु पर्दछ । त्यसकालागि शान्ति पहिलो आवश्यकता हुन्छ । किनकि अशान्तिबाट विकास विथोलिन्छ, व्यक्ति र सामाजिक जीवन तहसनहस हुन्छ । गाँस, वास, कपास र रोजगार जस्ता आधारभूत वस्तु सबैलाई पुर्‍याउने अठोट सन् २००० सम्म नै एसियाली स्तरमा पुर्‍याउने थियो । नेपालको ब्यापार घाटा घटाएर सन्तुलन कायम गर्ने, हरेक बस्तु देशमै उत्पादन गर्ने र देशलाई आत्मनिर्भर गराउने थियो । लक्ष अनुसार प्रगति पनि भएको थियो । त्यस्तै बिकेन्द्रीकरण पद्धतिको माध्यमबाट अधिकार स्थानीयस्तरका् जनतालाई दिएर एकै चोटी देश उकास्ने पीडीएल्टी लागू गरेका हुन् ।

राजा वीरेन्द्र त्यागी, निष्पक्ष र जनविचार कदर गरेर काम गर्ने नेपाली मात्रको संरक्षक भएकाले उनको शासनकालमा सबै नेपाली निर्धक्कसँग खुला आँगनमा गहिरो निद सुत्न सकेका थिए । उनको नेतृत्व खुबी उच्च थियो । उनले स्थलगत रूपमा आफै निरिक्षण गर्दथे, समश्या बुझ्दथे, केलाउँथे, अनुगमन गर्दथे र विकासलाई गति दिन्थे । यो उनको विकास राष्ट्रबादको उदाहरण हो ।

वीरेन्द्रको राष्ट्रवाद राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, आत्मनिर्भता, आर्थिक समुन्नति र पूर्ण रोजगारयुक्त देश बनाउने कुरामा केन्द्रित रहेको पाइन्छ । सत्यकालागि कहिल्यै कसैसंग नझुक्ने उनको गुण थियो । उनले देशको समुन्नतिकालागि जेजति गरे त्यसलाई तात्कालीन परिस्थितिमा दाँजेर आउँदा पीडीले अबस्य इतिहास बुझ्नेछन्, न्याय गर्नेछन् ।

४. राजा वीरेन्द्रको वंशनाश गर्ने हत्याकाण्ड भएपछि बाध्यात्मक राजा भएका राजा ज्ञानेन्द्रले राजा वीरेन्द्रकै पदचिन्ह पछ्याउने नीति बनाए । उनले भारतलाई नेपालप्रति द्वैत्त चरित्र[१११] नगर भने। चीनलाई पनि सार्कको सदस्य

---

११०. (India believed in the doctrine of limited soverignty for Nepal)

१११. माओबादी र नेपाली सेना दुबैलाई सघाउने नीति द्वैत्त थियो । भने सार्कलाई संतुलन गराउन चीनको प्रवेश आवस्यक थियो ।

बनाउने प्रस्ताब गरे । यही कारण भारत उनीप्रति खनियो । उनलाई पनि राजा वीरेन्द्रलाई हस्ताक्षर गर्न भनिएको प्रस्ताव तेर्स्याइयो, उनले पनि अस्वीकार गरिदिए । अनि भारतले उनको सत्ताच्यूत गराउने खेल थाल्यो । राजसंस्थै हटाउनेतिर लाग्यो । गिरिजा, प्रचण्ड, माधव, ओली र बाबुराम निमित्त नायक, माध्यम बने । उनीहरूलाई अगाडि सारेर शासन बिदेशीले जे चाहेको छ त्यही भएको छ । जनता त्यस्को विपक्षमा छन्, ज्ञानेन्द्र नेपाली जनपक्षतिर छन् । उनी निरन्तर षड्यन्त्र र बेइमानीको शिकार भएका छन् । राजा ज्ञानेन्द्रले नेपालको माया नगरेको भए लाखौं नेपालीको ज्यान जाने थियो । सत्ताकोलागि सिरियाको राष्ट्रपतिले जत्तिकै मोह गरेको भए लाखौंको ज्यान जाने थियो तर उनले सत्ता ठूलो होइन, मुलुक ठूलो हो भन्ने भावना राखे र गद्दी त्यागि दिए । किनकि उनी वैदिक संस्कारका राजा हुन् ।

सक्कलि कुरा त के हो भने काङ्ग्रेस दलका दुई नेताबीचको सत्ता भम्टी खेलले गर्दा संसद विघटन भयो । सरकारले समयमा चुनाव गनर्ज सकेन । बाधा अड्काउ फुकाउने धारा लागू गरायो । सबैदलका सबै नेतालाई दुईटा बुंदा, चुनाब गराउने र शान्ति कायम गराउने गरी प्रधानमन्त्री बनाइयो । कसैले पनि नसकेपछि वि.सं २०६१ मघ १९ गते सत्ता हातमा लिएर आफै चुनाव गराउन थाले । त्यसैलाई बहाना गराएर विरोध गराइयो । इण्डियाले दललाई उक्सायो । दल उक्सिए । राजाबाट स्वार्थ साधन गर्न खोज्यो, राजाले मानेन्, देशको स्वाधिनता जोगियो । त्यसपछि उनका बिरोधमा बेबी किङ्गको प्रस्ताव आयो, त्यसपछि जेठी छोरीको प्रस्तावमा बदलियो विदेशीको षड्यन्त्रको तानवानाले सत्ताबाट फालियो । उनले राजसत्ता भन्दा राष्ट्रियता, नेपालको स्वतन्त्रता, स्वाधिनता र प्रजातन्त्रलाई ठूलो ठाने र राजपद त्यागि दिए । आज पनि जनता र राजा एकातिर छन् दल र विदेशी अर्कातिर छन् ।

## राजावादी र राष्ट्रवादी

१. यतिखेर समाज राष्ट्रवाद र राजावाद गरी दुई खेमामा विभक्त छ । मन्त्रीहरूले नै राष्ट्रवादी कि राजावादी भनेर सोध्न थाले पछि नयाँ भ्रम बढेको छ । नेपाली राजनीतिमा राजावादी र राष्ट्रवादी दुई धार देखापरेका छन् । राजावादी भनिने जति स्वतः राष्ट्रबादी हुन भन्ने आम बुझाई छ । इतर पक्षले यी दुई भिन्न धारलाई एउटै खेमामा राख्दछन् । यो संकुचित सोच हो । राष्ट्रवादको कुरा गर्नेलाई राजावादी र मण्डले भन्नु दलालीपन ठानिन्छ । उनीहरूले एउटा स्वतन्त्र राष्ट्रको संरक्षणका कुरालाई वेवास्ता गरेर आयातित लोकतन्त्रका कुरा गर्दछन् । यो सम्यक ज्ञानको अभावको परिणति हो ।

२. राजावादी र राष्ट्रवादीमा ठूलो अन्तर छ । राजावादीहरू साम्यवादी जस्तै रूढिवादी सोचले ग्रसित हुन्छन् । राष्ट्रवादीहरू दिर्घ-सोच, तथ्य-परक, विज्ञानजन्य-दर्शनमा राजतन्त्रलाई समेट्छन् । उनीहरूमा साम्यवादीको जस्तो रूढिगत सोच हुँदैन । साम्यवादी र राजावादी दुबैमा 'रूढिवादी' सोच पाइन्छ । वास्तवमा यी एकै हुन् । फुटाएर शासन गर्नेले यसो गरेकाछन् ।

३. यसलाई यसरी स्पष्ट पारौं । तराई र पहाडका मानिसले नेवारी भाषा बोल्ने काठमाडौंका सबै बासिन्दालाई नेवार भन्दछन् । नेवारमा हिन्दु र बौद्ध धर्म दुबैधरी हुन्छन्, त्यसभित्र पनि चार जात छत्तिस वर्ण छन् । त्यहाँभित्र अछूत पनि छन् । पाँचथरे र छ थरे छन् । यिनीहरूले ज्यापूलाई नेवार मान्दैनन् । त्यस्तै पहाडेले मैथिली या भोजपुरी बोल्ने सबैलाई मधेसी भन्दछन् र त्यहाँ पनि उनीहरूभित्र चार जात छत्तिस वर्ण छन् । त्यस्तै कुरा पहाडेमा पनि छन् । यसलाई मधेसीले पहाडे भनेर गोलमोल व्यवहार गर्दछन् । सूक्ष्म अध्ययनको कमीको कारण तथा लहैलहैमा विचार बनाउने प्रवृत्तिका कारण यसो भएको हो । गहन ज्ञान नभएका दलका नाइकेले यस्तो गल्ति गरेर विद्वेष फैलाएका हुन् । राजा चाहने, राजतन्त्र खोज्ने नेपालीको आजको माग वेदिक राजाको हो, वेलायतको जस्तो पाश्चात्य राजाको हैन । हिन्दुराष्ट्र चाहने सवैले हिन्दुराजा अनिवार्य चाहिने कुरा बुझ्न जरूरी छ । धर्मराजा जान्नु जरूरी छ ।

## राजा र राष्ट्रियता अन्योन्याश्रित

१. वैदिक राजा र पाश्चात्य भौतिक उपभोक्तावादी राजामा अन्तर छ । पाश्चात्य राजामात्र सामन्त, तानाशाही, शोषक हुन्छ । वैदिक राजाले राजधर्म पालना गर्नु पर्दछ । संबिधान र कानूनको पालना हुनु पर्दछ । जनबिचार अनुसार प्रजातान्त्रिक शासन हुनु पर्छ । व्रदिक राजा तलको श्लोकमा भनिए अनुसारको हुन्छ ।

**दुष्टष्य दण्ड सुजनस्य पूजा, न्याएत कोषस्य चसै प्रवृद्धि ।**
**अपक्षपातोर्थिषु राष्ट्र रक्षा पञ्चैब यज्ञकथिता नृपाणां ॥**

२. बहुदलीय शासनको बिगत तीन दशकमा अपराधीले दण्ड पाएनन् । जनताले आफ्नो दुखेसो पोख्ने ठाउँ पाएनन् । १२ बर्षपछि खोलो पनि फर्कन्छ भन्ने उक्कित पनि दोहोरिएन । त्यसैले जनताको धैर्य पनि टुट्यो । दुष्प्रवृत्तिवालाले दुष्टता गर्छ नै तर त्यसको अन्त्य गर्न निगरानी राख्नुपर्ने सरकारले उल्टै अपराधीको संरक्षण गरेपछि असामाजिक तत्त्व बढ्दै गयो । जनता स्वभावैले निसासिएका छन् । फेरि अन्यायको पछाडि बिदेशीको गन्ध छ, जुन भयकारक छ । नेपाली दलमा बिदेशी दासत्वको भावना छ ।

दलीय पाखण्डिपनबबाट राष्ट्रियताको जरोकिलो उखेलिदै गएको छ । तर आजका युवा जस्ले आफुलाई जनआन्दोलनहरूका भागिदार भनाउँदछन्, तिनले केवल ठेक्कापट्टालिने, बिपक्षीलाई खुकुरी हान्ने, बन्दुक देखाएर चन्दा उठाउने, तस्करी र काला बजारियामा संलग्न हुने जस्ता काममा व्यस्त छन् । नाइकेहरू डन प्रवृत्तिका छन् । युबा यसरी अराष्ट्रिय र असामाजिक आपराधिक काममा मात्र लाग्ने हो भने तिनका बलले ल्याएको भनिएको राजनैतिक उपलब्धी नै देशको अभिसाप हुनेछ । जनघृणाको विषय बन्नेछ । धर्मअर्थ र सत्य बुझ्नेहरू हिन्दुअधिराज्य कायम गराउने पक्षमा छन् ।

३. स्पष्ट कुरा केहो भने, नेपालका हकमा दलका नेताले सबै तहका जनताको आवस्यकता परिपूर्ति गर्न सक्दैनन् । त्यसको वरिपूर्ति गर्न दलीय पद्धति भएका मुलुकमा राजसंस्थाको निकै ठूलो आवस्यकता खड्कि रहेको पाइन्छ । इराकमा राजा फैजल हटेपछि हुसेनले सिया र सुन्नी बिबाद चर्कने काम गराए । इराकको अबनतिको कारण नै त्यही भएको छ । अफगानिस्तान, इरान, लिबिया, कम्बोडिया लगायतका देशले इन्डक्शनको अभाव महसुस गरेका छन् ।

४. नेपालमा राजसंस्था भएकै कारण सैनिक शासन हुन नसकेको हो, जुन बिश्वका धेरै देशमा हुदै आएका छन् । एकदलीय र अप्रजातान्त्रिक शक्ति पन्पिन नसकेको हो । राजसंस्था हटाएकै कारण अफगानिस्तान निकृष्ट रूपको दुराबस्था हुन पुगेको हो, यद्यपि त्यो वैदिक राजा थिएन । ठीक त्यस्तै अवस्था थाइलैण्डमा पनि भयो तर त्यहाँ राजसंस्था भएकै कारण त्यस्तो दुरावस्थामा पुगेन ।

४. राजसंस्थाकै कारण नेपालमा जातपात र छुवाछुत प्रथाको अन्त्य हुन सकेको हो । राजसंस्थाकै कारण नेपालमा भूमिसुधार सम्भव भएको हो, लाखौं मोही भूमिपति हुन सकेका हुन् । राजसंस्थाको सजगता नभएमा मुलुकले शान्ति बहाली गर्न पनि सम्भव नहुने प्रमाणित भएको छ ।

५. राजाको स्थानीय भ्रमण वैदिक पद्धतिले उब्जाएको जनप्रेम हो भने राजाको अभिनन्दन जनताको राज प्रेम हो । यी प्रेम र सामिप्यता सुख शान्तिसँग गाँसिएका कुरा हुन् । राजा र जनता बीचको सामिप्यता संस्कारगत, धर्मगत, नीति तथा चरित्रगत कुरा हुन् । दलहरूले यी दुईलाई टाढा पार्ने काम गरेमा राष्ट्रिय एकता र नेपालको सार्वभौमसत्तामा दरार आउँछ ।

६. दलको व्यक्ति लोभिपापी हुने भएबाट बहकिन सक्दछ, तर वैदिक राजा कहिल्यै बहकिन सक्तैन ।

७.राजा भए मात्र दल, धर्म, संप्रदाय, स्थान, जात, भाषा आदिमा जनता बिभाजित हुदैनन् । किनकि वदिक राजा सदा निस्पक्ष हुन्छ । निस्पक्षता नै एकत्वको महत्त्वपूर्ण बिशेषता हो । एकताले नै संम्मानपूर्ण नेपाल बनाउँछ । दल, राजा र जनता तीनैले एक अर्काप्रति संमानजनक ब्यवहार गरेमात्र राष्ट्रको संम्मान हुन्छ । राजसंस्थाको संम्मान संस्कृतिको संमान, राष्ट्रको सम्मान र आफ् नै सम्मान हो । जस्ले यो बुझ्दैन उसले आफैला होच्याइ र हेको हुन्छ ।

८.जनताको सुखदुख नै राजाको सुखदुःख हुन्छ तर दलको हुदैन, दलले राजनीतिलाई पेशा मान्दछन् । पेशा भनेको जसरी पनि कमाउने भन्ने हो ।

## वैदिक साम्यवादी र भौतिक साम्यवादी राष्ट्रवाद

१.वैदिक साम्यवादी राष्ट्रवाद माति उललेखित सबैभन्दा भिन्न हो । वैदिक साम्यबादमा कोही धनी पनि हुदैन र कोही गरीब पनि हुँदैन । कोही पटमूर्ख र कोही महा पण्डित पनि हुँदैन ।

भौतिक साम्यवाद कार्ल्स मार्क्सले आजभन्दा १ सय ६६ वर्षअघि कम्युनिस्ट घोषणापत्र लेखेपछि बनेको हो । त्यसमा उनले भनेका छन् – 'अब राष्ट्रियताको कुरो सकियो । अब भविष्यमा हुने संघर्ष भनेको बुर्जुवा र सर्वहारा बीचको हुने हो ।' यही नाराका आधारमा १४ बटा थप मुलुक सोभियतसघ नाम दिएर रूसमा गाभिएर शासन चलाए । पूर्वी युरोप त्यस्तै भयो तर, जब प्रथम विश्वयुद्ध भयो, राष्ट्रहरूकै बीचमा भयो, सर्वहारा र बुर्जुवाबीच भएन । मार्क्सले गरेको सीमारहित विश्वको परिकल्पना वैदिक साम्यबादको सूत्र *बसुधैवम् कुटुम्बकम्* मा आधारित थियो । नेपालका कम्युनिष्टहरूले धनी र गरीव बर्गको कुरा छाडेर जातजातीमा रूमल्लिएका छन् । सिद्धान्तमानै बिचलित भएका छन् । व्यक्तिबादी भौतिक उपभभोक्तबादी सामन्ती पुजिपतिमा रूमल्लिएका छन् । यथार्थमा राष्ट्र सीमाभित्र हुन्छ र राष्ट्रबाद हरेक राष्ट्रभित्र मौलाउँछ ।

२. राष्ट्रवादसँग जोडेर आन्दोलन गरेका माओत्सेतुङ्ले नै जापानी साम्राज्यको विरोधमा स्वाधीनताको आन्दोलन गरेका थिएर । बिस्तारबादी भारत र साम्राज्यबादी अमेरिका भन्ने नेपालका साम्यबादीले भारतको सहयोग र निर्देशनमा युद्ध गरेर अमेरिकाको दासत्व स्विकारेर एमसीसी पारित गर्न चाहे । चीनलाई पतन गराउन नेपालभूमि दिन चाहे । नेपाललाई संघीयगणतन्त्र बनाएर बाख्राको पुच्छरकाटी बोकोलाई सजिलो बनाइदिए । भियतनाममा होचिमिन्हले गरेको आन्दोलन फ्रान्स र अमेरिकाको साम्राज्यबाट मुक्तिहुनकालागि थियो । सोभियत युनियनमा पनि स्टालिनले राष्ट्रवाद कै नारा दिएर सेना

परपरिचिालन गरेका थिएर । उनले रूसी राष्ट्रियता जोगाउन देशबासीलाई आह्वानसमेत गरेका थिएर ।

३. नेपालका कम्युनिस्टहरू राष्ट्रवादको नारा बोकेर राजनीति गर्छन र सत्तामा पुगेपछि अराष्ट्रिय काम गर्दछन् । जनमतसंग्रहबाट नेपालभारतको सीमाको टुङ्गो लगाउने भन्ने प्रचण्ड नै सीमारहित विश्व बनाउने कम्पोसा रिम का अध्यक्ष हुन् । उनी साम्यबाद र राष्ट्रबादको अर्थ नबुझीकन नेतृत्व गरेको प्रष्टिन्छ । राष्ट्रवादका नारा लगाउने पार्टीहरूमा कम्युनिष्ट दलहरूनै हुन् । अवसर हेरेर, आफूलाई अन्तराष्ट्रियतावादका हिमायती भन्न पनि छाड्दैनन्, सामन्त पुजिपतिको आचरण गर्दछन् । शिरमाथि मार्कलेनिनका फोटो राख्छन्, पुजिपति नेता आए हटाउन पनि पछि पर्दैनन् । साम्यबादी सिद्धान्तको होइन अबसरकोलागि मात्र राजनीति गर्दछन् । बाबुरामको बिप्पा सम्झौताको बिरोध गर्नेहरू उनकै दलका थिए । नेपालका कम्युनिस्टहरूले राष्ट्रवाद, मार्क्सवाद र जातिवादका नारा दिएर समाजमा फाटो पार्नेकाम मात्र गरेका छन् । वर्गको कुरा हटाएर, जातजाति र भावनात्मक राष्ट्रवादका साना कुरामा अल्झिने गरेकाछन् । तिनले नेपाली राष्ट्रवाद बुझेनन् भने ती आफै समाप्त हुन्छन् र मुलुक पनि समाप्त पार्दछन् । सक्कलि राष्ट्रबाद त्यो हो जस्ले राष्ट्रिय समृद्धि र सबल अर्थतन्त्रको निर्माण गर्न सक्छ । त्यस्को आधार गाँस, बास र कपास नै हो । अनि देशभित्र अर्ब/खर्ब पति होइन एक जना पनि घर बार बिहिन, रोजगार बिहिन र शिक्षा (चेतना) बिहिन नहुने पार्नु नै सक्कली राष्ट्रवाद हो ।

४. अब वैदिक साम्यबाद र भौतिक साम्यबादका अन्तर छुट्याउनु पर्ने अवस्था आएको छ । वैदिक साम्यबाद र भौतिक साम्यबादका बिचमा अन्तर छ । सबै कुरा छोडेर वैदिक साम्यबाद अँगाल्नु नेपालको अवको आवश्यकता हो । त्यसमा बाद हैन असल ब्यक्तिको चयन हुन्छ ।

## पूँजिपति राष्ट्रवाद

१.पूँजिपति राष्ट्रवाद पशिचिमी इसाई साम्राज्यको उपज हो । यसमा हुनेले नहुनेको शोषण गर्ने विधि हुन्छ । उदार अर्थतन्त्र, लोकतन्त्र, जातिवाद, आरक्षण, 'पुटिङ् दी लाष्ट फ्रस्ट', गैरसरकारी संस्थाबाट विकास, भ्रष्ट्राचार उन्मुलन, मानवअधिकार जस्ता नारा बोकेर शोषण गर्न कमजोर समाजमा पुगेर मायाजाल फैलाउँछन् । पुजिपति राष्ट्रवाद नवउपनिवेशिक सामन्ती संस्कार हो जुन चीन र रूस जस्ता देशले पनि अपनाएका छन् । ती पनि नाम मात्रका साम्यवादी भएका छन् ।

र, अन्त्यममा राजसंस्था तत्त्वको कुरा गर्दा नेपालको राजसंस्था समस्त पूर्वीय दर्शन, पद्धति, नैतिकता, सतचरित्रता र आदर्श राज्य पद्धतिको इतिहासको

प्रतिनिधित्व गर्दछ । त्यसकारण राजसंस्थाको संरक्षण पूर्वीय धर्म दर्शनको संरक्षण हो । राजसंस्थाले त्यो परम्परा धान्ने कुराबाट विमुख भयो भने त्यसको विरोध पनि पूर्वीय धर्म दर्शनको आधारमा गरिनु पर्दछ, पाश्चात्य शैलीमा होइन ।

२. राजा रानी तथा युवराज बाहेकका राजपरिवारका सदस्यहरू १८ वर्ष पुग्दाका दिन राजपरिवारको सदस्य बन्ने कि नबन्ने चयन गर्न दिइनु पर्दछ । बन्ने भए उनले प्राप्त भत्तामा जीवन यापन गरेर देशको सर्वाङ्गिण विकासमा योगदान दिनु पर्दछ र उनले नाफा कमाउने कुनै प्रकारका बन्द व्यापार, उद्योग धन्दा सञ्चालन गर्न पाउनु हुँदैन । यदि नचाहने हो भने उनले सबै साधारण नेपाली नागरिक सरह सबै व्यवसाय गर्न पाउने व्यवस्था हुनुपर्दछ ।

३.कालिबाबाको नेपाललाई हिन्दू राष्ट्र बनाउने भनी वनकालीमा गरिएको रूद्री महायज्ञमा पूर्व प्रम कृष्णप्रसाद भट्टराई र गृहमन्त्री खुमबहादुर खड्काले भक्तिपूर्वक समर्थन जनाएका थिए । खुमबहादुरले राजा ज्ञानेन्द्रलाई भेटेर माला समेत लगाइदिए[११२] । तर तिनले वैदिक राज संसथाको महत्त्व खुदनै बुझेको पाइएन ।

ooo

११२. फागुन २१ , २०६६

*'अचल भण्डा फर्रोस् फरफर गरी कान्तिपुरीमा ।*
*रिपुको मन थर्कोस् थरथर गरी छीन घरिमा ।।*
*यमनले राज् गर्दा कति पतीत हिन्दुस्थल भयो ।*
*फगत यो नेपालको मुलुक कञ्चन रहिगयो ।'*

## अध्याय १२

# कस्तो हुनुपर्छ राष्ट्रवादी राज्यव्यवस्था ?

## सामान्य व्यवस्थापन

१. राष्ट्रियता सम्वर्ध्धन गर्न टुकुरे टालटाले क्षणिक सम्मोहन गर्ने काम छाडेर दिगो राष्ट्रिय मूलनीति अनुसार सर्वांगिँण विकास पद्धति लागू गर्नु पर्दछ । राष्ट्रियताका माथिका अध्यायमा उल्लेखित आधारस्तम्भहरूलाई एकमुष्ट बलियो बनाउनुपर्छ । दिगो राष्ट्रिय मूलनीति समाज, धर्म संसकार संसकृति लगायात आचरण नैतिकता, शिक्षा स्वास्थ्य, प्रशासन, राजनीति, अधिकार कर्तव्य वोध हुने गरी अर्थत् एउटा बनाउँदा अर्को छुट्ने वा भत्किने गरी बनाउनु हुँदैन ।

२. राष्ट्रियता भनेको हस्तक्षेपमुक्त देश हुनु हो । राष्ट्रियता भनेको भ्रष्ट्राचार मुक्त देश हुनु हो । राष्ट्रियता भनेको 'महाजनोयेन गता सपन्था' अथवा चरित्रवानमात्र सत्तामा हुनु हो, ज्येष्ठको सम्मान हो । राष्ट्रियता भनेको आत्मनिर्भर मुलुक बनाउनु हो । आत्मनिर्भर भनेको आधारभूत वस्तु केही पनि आयात गर्ननपर्ने हुनु हो । नेपालले कुनै पनि क्षेत्रमा हस्तक्षेपमुक्त भएर सजिलै काम गर्न पाएको छैन । नेपाली नेतामा स्वतन्त्र रूपको काम गर्नसक्ने क्षमता र आत्मबल भएको बनाउने राजनीति संरचना बन्नुपर्छ । गर्न सकिने प्रगतिको एक चौथ्यायीं पनि गर्न नसकेको मूल कारण पनि यही हो ।

३. परिवर्तित विश्वसँग मिल्ने तर आफ्नो मौलिकता कायमनै रहने राष्ट्रियताको आधारशिला बनाइनुपर्दछ । हिजको एकताको धारणालाई आजको धारणामा परिवर्तन हुनेहुनुपर्छ । परिवर्तित धारणा अनुसार अब भाषा, धर्म, स्थानीयता, सवै क्षेत्र र वर्गको सहभागितामा एक हुनेगरी नीति र कार्यक्रम बन्नुपर्दछ । भाषण गरेर होइन व्यापक जनमुखी र प्रगतीशील कार्यक्रम बनाउनुपर्दछ । त्यो नबनेको कारण अनेकतामा एकता हुनु पर्नेमा अहिले मुलुक नै अनेकतामा विभाजित भएको छ । राजनीति राष्ट्रिय धनलाई अंशबण्डा गरेरखाने पजेरो संस्कृतिमा मात्र एकता भएको छ । सामाजिकता अपराधि करणमा परिणत भएको छ । राज्यको धर्म र भाषा हुनुपर्दछ । त्यस धर्म र संस्कृतिमा सहिष्णुता पनि हुनुपर्दछ । तर त्यो घट्दै गएको छ ।

जाती, भाषा र लिङ्गका क्षेत्रमा अझै प्रजातन्त्र आएको छैन । सबै जनता स्वरोजगारमा व्यस्त हुनु भनेको व्यस्तताका कारण अपराधजन्य कार्यमा संलग्न हुने वातावरण घटाइनु हो । तास खेल्ने, रक्सी खाने, लागू पदार्थ र सुर्तीजन्य वस्तुको प्रयोग गर्ने, फिरौती, बलात्कार जस्ता अस्वथ्यकर र असामाजिक काममा कटौती हुनु हो । स्थानीयशीप, जातीय शीप, जीवीकोपार्जन, पारिवारिक कृषिबाट रोजगारबृद्धिगरी यस्ता कुव्यशनको अन्त्य गरेपछि समाज तनावबाट मुक्त हुन्छ । तनाबमुक्त समाज भनेकै आत्महत्या र सबैखाले अपराध र रोगबाट मुक्त हुनु हो । यस्ता सबै कार्यक्रम नै राष्ट्रवादी अभियान हुन् ।

४. यथा राजा तथा प्रजा, राष्ट्रप्रमुखको आचरण जस्तो हुन्छ पूरा देशका नागरिकको पनि त्यस्तै हुन्छ । महाजनोयेन गता सपन्था, देशका  नामुद मानिसको आचरण जस्तो हुन्छ, अरू मानिसले त्यही अनुकरण गर्दछन् । त्यसकारण जतिनामुद व्यक्ति हुन्छ त्यत्तिधेरै संयमित हुनुपर्छ, अनुशासित र मिष्टभाषी हुनुपर्छ ।

५. प्रत्येक नेपालीका लागि राष्ट्र पहिलो आवश्यकता हो । राष्ट्र नै नरहे देशको अस्तित्त्व र पहिचान नै नरहे दल र तिनका विदेशी मालिकको भुकाइको पनि के अस्तित्त्व हुन्छ र ?

६. दुर्भाग्याको कुरा बहुदलीय ब्यवस्थामा उक्त सबै कुरामा बिदेशी हस्तक्षेप ब्यापक हुँदो रहेछ । राष्ट्रियताप्रतिको चिन्तन घटेको कुरा इतिहास र घटनाले देखाएको छ । पौरस्थ्य संस्कार बोकेको संस्थाले मात्र आजसम्म नेपालको राष्ट्रियताको संबर्धन भएको तथ्यले प्रमाणित गरिसकेको छ । आज त्यसैमाथि पश्चिमी सोचको प्रहार छ । त्यसबाट जोगाउनुपर्छ ।

७.आजकल मेकाउलेको[११३]  संक्रमणकालीन मानसिकता छ । त्यसबाट राष्ट्रियता पर्गालिएको छ । फलतः  आयातित दल राजनीति संगसंगै नेपालमा राष्ट्रियता खस्काउनेमा सबै जिम्मेबारी छन्; संचारका माध्यमहरू, बुद्धिजीवी, शिक्षक, बिद्याथी, व्यापारी, उद्योगपति, पाठ्यक्रम, पाठ्यपुस्तकहरू, सबैभन्दा बढी नेपालका दलहरूरू जिम्मेवार छन् । यी सवै कुरालाई राष्ट्रिय मूलनीतिले व्यवस्थापन गर्नु पर्दछ ।

## विकल्प सोचको खाँचो

१. नेपाल प्रकृति र प्राकृतिक श्रोत साधनले भरपुर देश हो । नेपालीले मिलेर आफ्नो अनुकूलको योजना बनाएर आफैले बनाएको दिगो मूलनीति अनुसार काम गरेमा नेपाल विश्वमै समुन्नत देश बन्न सक्छ । विद्वत् समाजले

---

११३. ऐऐ ।

भरपुर सुसभ्य मुलुक कहलिन सक्छं । म फेरि आस्वस्त पार्दछु कि हामी मिलेर, हाम्रो प्रवृत्तिमा सुधार गरेर, हाम्रो वन र वन्य उत्पादन संपदा, हिमालय संपदा, जल संपदा, कृषि र पर्यटन उद्योगलाई सही परिचालन गर्ने हो भने १० वर्षभित्र हामी विश्वका समुन्नत देशमा पुग्न सक्दछौं । त्यसबाट हामी नेपालीले नेपालमै पूर्ण रोजगार पाउँनसक्छौं, कैयौं विदेशीलाई लाखौं रोजगार दिन पनि सक्दछौं । नेपालमा जे छ विश्वमा कही छैन । विश्वमा जे छ त्यो सबै नेपालमा छ ।[११४]

२. दलनेता बदेशीबाट उक्सिने प्रबृत्ति अज्ञानता र संक्रमण सोचको उपज हो । यो गलत शिक्षा पद्धतिको उपज हो । यस्तो सोच स्वभावैले राष्ट्रघाती हुन्छ । जाती जनजातिता, भाषाभाषीता, स्थानीयता, संघात्मकता, जातीयता, लैंगिकता र तिनभित्र दलका भतृसंगठन आदि उक्साहटमा बनेका छन् । पहाडी र मधेसी बीच, धर्मसम्प्रदायबीच काटमार गर्न सिकाएर सांप्रदाकि दङ्गा भड्काइ दिन्छन् । यी नेपालीलाई विखण्डन गर्ने, कमजोर र बिपन्न गराउने चाल हुन् । आफैले विवेक प्रयोग गरेर अपनत्व बढाउने बनाउन नसक्नुले यसो भएको हो ।

३. नेपाली टुटेफुटेमा बिदेशका आपराधिक गिरोहले असमाजिक काम गर्दछन् । ब्यापार उद्योग कालो हुन्छ । अपहरण, लुट, फिरौती र हत्या बढ्दछन् । नेपाली नेपालीका विच लडाउंदछन् । विश्व सम्पदामा दरिएको नेपालको अनेकतामा एकताको युगौं पुरानो संस्कार भत्काइ दिएकाछन् । राष्ट्रलाई प्रेम गर्ने शिक्षा पद्धति नहुनु, रोजगारमूलक नहुनु र योग्यतमबाट शासन संचालन हुने पद्धति नहुनु नै राष्ट्रबादी राजनीति हुन नसक्नु हो ।

४. विदेशीको बुइ चढेर वा तिनको दालभात खाएर वा धन लिएर आफ्नै मुलुकभित्र युद्ध गर्नेहरू कहिल्यै राष्ट्रवादी बन्न सक्तैनन् । परिवर्तित नेपाली दलका कुनै पनि नाइकेले देश सुरक्षित राख्छन् र समुन्नत बनाउँछन् भनेर विश्वास गर्ने ठाउँ छैन[११५] । विदेशीकै कारण हाम्रो नैतिक संस्कार घटेको हो ।

५. माओवादी युद्धका कारण कुल श्रमशक्तिको दुइतिहायी विदेशिएपछि नेपाली र गोर्खाली भनिने मान्छे नेपालीकालागि जन्मेका होइनन्, यी त विदेशीका दाश सेवक हुन् मात्र जन्मेका हुन् भन्ने विश्व मनो विज्ञान बनेकोछ, नेपाली हेपिदै गएका छन् ।

६. अदालत जनताले गुहार्ने अन्तिम थलो हो, त्यहाँ पनि राष्ट्रप्रेम नभएपछि मुलुक राष्ट्रियताको संकटमा छ ।[११६]

---

११४. हेर्नु होस 'व्यवस्थित वस्ती र। गाउँ विकास' भाग १,२ र ३ ।

११५. कान्तिपुर २७, चैत्र २०६३ ।

११६. कान्तिपुरः चैत्र २५, २०५७ ।

७. सारतः शिक्षा पद्धतिलाई आमूल सुधार नगरेसम्म, राष्ट्रियता सुदृढ बन्न सक्ने देखिँदैन । प्रतिनिधिमूलक प्रजातन्त्र विकासोन्मूख मुलुकमा विफल भै सकेको छ । दलवाट वा जन प्रतिनिधिवाट वन्ने शक्तीलाई राष्ट्रिय शक्ती मान्ने परम्परा धेरै पुरानो भैसकेको छ । प्रजातन्त्रमा मूल निर्णय जनताले आफैंले गर्न पाउनु हो, प्रतिनिधिबाट होइन । दलमा प्रतिनिधि दलको हुन्छ, जनताको हुँदैन । जनमत संग्रह प्रबिधिबाट पद्धतिको चयन गर्ने नै समावेसी प्रजातन्त्र हुन्छ, आत्म निर्णयको अधिकार हुन्छ । आणविक भट्टी राख्ने की नराख्ने भन्ने हक ईरानी जनताको हो, अमेरिकाको होईन । कश्मिर स्वतन्त्र देश वन्ने कि भारत वा पाकिस्तानसंगको संघ राज्य हुने भन्ने हक त्यहाँका जनताको हो, पाक वा भारत सरकारमा प्रतिनिधित्व गर्ने दल वा व्यक्ति विशेषको होईन ।

८. नेपाल एउटा स्वतन्त्र देश हो । यहाँको विकास यहाँकै जनताको सहभागीतबाट जनताको खाँचो अनुरूप र नेपालकै स्रोतसाधनको अत्यधिक उपयोग गरेर गर्नु पर्दछ भन्ने मानसिकता नेपाली दलका नेतामा छैन । तिनको संक्रमणकालीन मानसिकताका कारण २००७–०१५ सम्म वातावरण प्रजातन्त्रमय भएर पनि केही रूपान्तरण गर्न सकेनन् । २०१५ सालमा नेपाली विचारलाई मिलाएर लैजान छोडेर कांग्रेसले वाइसिएलकै शैलीमा तरूण दलद्वारा देशभर मण्डलेकरण गरायो, थिमैया प्रकरण बनायो । २०१८ सालमा कांग्रेसले सशस्त्र विद्रोह नथालको भए २०१९ सालमा नयाँ संविधान र नयाँ व्यवस्था लागू हुने थिएन । लगभग ९००० मा रहेको शाही सेनालाई २२,००० र (२०२६ मा ४२,०००, माओवाद युद्धपछि एकलाख पैतिस हजार पुऱ्याउने वातावरण सिर्जिने थिएन, प्रशासनिक खर्च विकासमा लाग्थ्यो । दलमा प्रजातान्त्रिक अभ्यास गर्ने शिप छैन बरू तिनको सोचमा भौतिक उपभोकताबादी सामन्ती सोच हाबी छ । माओवादीले सिद्धान्त राजनीति गरेर युद्ध नगरेको भए सेना संख्य एक लाख पुग्ने र सशस्त्र प्रहरी बलकोको स्थापना हुने थिएन । प्रहरी शक्ति बढाएर सेनाको हाराहारीमा पुग्ने थिएन ।

९. यतिखेर दल र नेता देशको छातीमा उभिएका छन् । तिनको छातीमा पनि देश उभिनु पर्दछ अनि मात्र समर्पण भावना आउँदछ तर तिनको छातीमा त विदेशीको आदेश उभिएको छ, त्यसैले देश बर्बाद भएको छ, हुँदै गएको छ ।

## परराष्ट्र र सीमा व्यवस्थापन

१. नेपाल भारतबीचको खुला सिमाना पद्धतिले आपराधिक गिरोहलाई प्रश्रय दिएको छ । यस्लाई व्यवस्थित गरेर देशभर खास गरेर तराइबासी, उद्योगपति र व्यापारीको संरक्षण गर्न सकिन्छ । चोरी, ठगी बलात्कार रेप फिरौती, हत्या जस्ता घटना हटाउन सकिन्छ । तीनतलेत्री भएको र बीचकोमा

विद्यूत प्रबाह गरेर सीमाक्षत्रमा तारबार लगाउनुपर्छ । दशगजासँगै नेपालतिर तारबार लगाएर सीमा व्यवस्थित गर्न नेपाल स्वतन्त्र छ, कुनै सन्धी सम्झौताले रोक्तैन, भारतको अनुमति चाहिँदैन, नेपालले एक्लै निर्णय गर्न सक्छ ।

२. सार्क मुलुकभरि खुला सीमा पद्धति लागू गरेर गाडी चलाउन पाउनु राम्रो कुरा हो, ब्यापार सहज र सस्तो हुन्छ । त्यसो हैन भने नेपालभारतका बीचको खुलासीमा व्यवस्थित गर्नैपर्छ, अन्यथा यसबाट राष्ट्रियता र सुशासनमा खेलबाड हुन्छ ।

३. एउटा सार्वभौम स्वतन्त्र मुलुकको राष्ट्रियता त्यसबेला जोगिन्छ जब त्यस मुलुकका आन्तरिक गतिबिधिको कुरा बाहिरी मुलुकलाई थाहा हुँदैन । यसकालागि राष्ट्रिय मूलनीति बनाइनुपर्छ । त्यसमा सार्वजनिक गर्ने विकास नीति र नगर्ने रणनीति पनि बनाइनुपर्छ[११७] ।

## राष्ट्रवादी शासन व्यवस्था

१. राष्ट्रियता नभईकन कुनै पनि देशले, समाजले, परिवारले विकास गर्न सक्दैन । राष्ट्रियताका अभावमा मात्र भ्रष्ट्राचार हुन्छ । राष्ट्रियता भनेको माटो प्रतिको प्रेम हो । जुन माटोले उसलाई बनायो त्यसप्रति ममत्व राख्नु प्रेम हो । जसरी परिवारमा प्रेम हुन्छ, जसरी समाजमा प्रेम हुन्छ त्यसरी नै राष्ट्रप्रति प्रेम गर्नु नै राष्ट्रियता हो । एउटा राष्ट्रवादी सेवकले कुनै खाले भ्रष्टाचार गर्दैन, एउटा राष्ट्रवादी शिक्षकले उच्च गुणस्तरको समाज बनाउने विद्यार्थी उत्पादन गर्दछ, एउटा राष्ट्रवादी उद्योगपतिले नक्कली काम गर्दैन, एउटा राष्ट्रवादी व्यापारीले मिसावट, होर्डिङ गर्दैन तथा एकदेखि–दशप्रतिशतभन्दा बढी मुनाफा कहिल्यै लिदैन । यस्तो समाज बनाई राख्ने आशयका लागि प्रशासनको व्यवस्था गरिएको हुन्छ ।

२. राष्ट्रियता भनेको  राष्ट्रिय एकता हो, राष्ट्रप्रतिको प्रेम हो ममत्व हो । सबैको बराबरी हितहुने काम भए मात्र राष्ट्रिय एकता हुन्छ । दिगो रहन सक्ने राष्ट्रिय मूल नीति भए मात्र एकता रहिरहन्छ । राष्ट्रियता भएको देशमा भ्रष्ट्राचार हुँदैन । पक्षपात हुँदैन । निहित स्वार्थ हुँदैन । विभेद हुँदैन । अनि सबै मित्र देश हुन्छन् । कोही वैरी हुँदैनन् । यस्तो बनाईराख्नकालागि प्रशासनलाई सुव्यवस्था गरिएको हुन्छ ।

३. हत्यारा, बलात्कारी, फिरौती अपहरणजस्ता आततायी  कामगर्ने जो कोहीलाई पनि प्रशासनिक तथा राजनीतिक पदमा आजीवन भागलिन नपाउने व्यवस्था हुनुपर्छ । त्यही अभिलेख राख्न, अनुगमन, निरीक्षण र सुपरिवेक्षणका लागि प्रशासनको व्यवस्था हुन्छ । नेपालसँग मिल्दाजुल्दा साना र स्वतन्त्र देश

---

११७. व्यवस्थित वस्ती र गाउँविकास, भाग ३, राष्ट्रिय मूलनीति, डा.शास्त्रदत्त पन्त, सिरूड, चौथो संस्करण ।

धेरै छन् । मिलेर बस्ने र एकताबद्ध भएर बाँच्न चाहने देशसँग सहकार्य गर्न उपयुक्त हुन्छ । परस्पर विरोधी शक्तिहरूको चित्त बुझाएर उनीहरूलाई विश्वासमा लिएर आन्तरिक सङ्घर्ष र द्वन्द्वबाट बचाउन सके मात्र देशको स्वतन्त्र अस्तित्त्व कायम राख्न सकिन्छ; तीव्र गतिमा देशलाई प्रगतिपथमा लैजान सकिन्छ । प्रजातन्त्रको लक्ष्य पनि त्यही हो ।

## राष्ट्रीय राजनीति

१. नेपालले कुनै पनि क्षेत्रमा हस्तक्षेप मुक्त भएर सजिलै काम गर्न पाएको छैन । नेपाली नेतामा स्वतन्त्र रूपको काम गर्नसक्ने क्षमता र आत्मबल नभएको कारण नै त्यसो भएको हो । हामीले गर्न सक्ने प्रगतिको एक चौथ्यार्यीं पनि गर्न नसकेको मूल कारण पनि यही हो । यो बास्तविकता नबुझ्ने नेपालीको संख्या मनग्य छ ।

२. नेपालमा बिदेशीका धेरै प्रकारका हस्तक्षेप छन् । ती मद्धे तीन प्रकारका मुख्य छन् । पहिलो भारतीय हस्तक्षेप, दोश्रो अमेरिकी नेतृत्वको पश्चिमी हस्तक्षेप र तेश्रो युरोप नेतृत्वको इसाई हस्तक्षेप । भारतीय हस्तक्षेपमा नेपालको पारबहन क्षत्रमा अति चर्को छ । यस्ले गर्दा नेपालको उद्योग र ब्यापार र अरू आर्थिक कृयाकलाप खुंचिएका छन्„ आर्थिक उन्नति गर्न सकेको छैन । हेप्ने काममा नेपालको सीमा निरन्तर मिचिएकोछ, सीमास्तम्भ नेपालतिर सारिएकाछन्, दशगजामा खेती गरिएको छ, घर बनाइएका छन् । यस्तो अचाक्ली ८४ ठाउँमा ९३१ वटा छन् । सीमासंगसंगै नदी प्रवाहको उल्टोतिर बाँध बानेर सीमवर्ती क्षत्रका हजारौं बस्ती र लाखौं बिघा जमिन डुबानमा पारिन्छ । पशु र अन्नबालीको नाश गरिन्छ । नेपालको राजनीति र प्रशासनमा हस्तक्षेप गरिन्छ । गणतन्त्र इण्डियाको पहिलो लक्ष हो । अमेरिकाको हस्तक्षेप नेपाललाई आधार बनाएर चीन बिरोधी गतिबिधि गर्नु छ भने इयुले गैसस मार्फत ईशाइकरण गरेर वैदिक संस्कार, सभ्यता, रहनसहन मारेर इशाई सभ्यतालाई बिस्तार गर्नु हो । यिनलाई धर्मनिरपेक्षता चाहिएको हो । यिनीहरू मिलेर उग्र आततायी माओबादीलाई प्रयोग गरेका हुन् ।

३. दलको प्रतिनिधिमुलक प्रजातन्त्र विफल भैसकेको छ । दलको प्रतिनिधिवाट वन्ने शक्तीलाई राष्ट्रिय शक्ती मान्ने परम्परा पुरानो र असफल भैसकेको छ । अवको प्रजातन्त्रमा मूल निर्णय जनताले प्रत्यक्ष रूपमा आफैंले गर्न पाउनु हो । नीतिगत निर्णय जनमतसंग्रह बाट हुनु पर्दछ[११८] । समावेसी

११८. उदाहरणार्थः आणविक भट्टी राख्ने की नराख्ने भन्ने हक ईरानी जनताको हो । अमेरिकाको होईन । कस्मिर स्वतन्त्र देश वन्नेकी भारत वा पाकिस्तानसंगको संघ राज्य हुने भन्ने हक त्यहाँका जनताको हो । भारतको वा भारत सरकारमा प्रतिनिधित्व गर्ने कुनै दल विशेष वा व्यक्ति विशेषको होईन ।

प्रजातन्त्र र आत्म निर्णयको अधिकार भनेको नै त्यहि हो । ब्यक्तिको चरित्र हेरेर आफुमद्धेबाट प्रतिनीधि चुनिनु पर्छ । प्रतिनिनिधिले गलत गरेमा प्रत्यह्वान गर्न पाउँनुपर्छ ।

४.सांसदबाट मन्त्री हुने र सांसद विकाश कोश परिचालन पद्धतिलाई हटाउनुपर्छ । एक ओहोदाको एक जिम्मेबारी हुनुपर्छ । सबै प्रतिनीधिले आफुलाई प्रतिनीधि चयन गर्ने समुहसंग घुलमुल र परिचित हुने संस्कार बनाइनुपर्छ ।

## जन स्वभाव र प्रवृत्ति

१. इतिहासले साबित गरेको कुरा केहो भने नेपालीमा राष्ट्रभक्ति छ । उनीहरू जति पनि दुःख भेल्न सक्दछन् तर राष्ट्रमा आँच आउने कुरा सहन सक्दैनन् । नालापानीको युद्ध देखि भारतीय नाकाबन्दी सम्म नेपालीले देखाएको बहादुरी र ऐक्यबद्धतालाई उदाहरणका रूपमा लिन सकिन्छ । सिक्किम भारतमा गाभिँदा नेपालीहरूले चर्को रूपमा विरोध गरेका कारण त्यसलाई नेपालले आजसम्म पनि मान्यता दिएको छैन । हो, भौतिक विध्वशकारी हतियार ति नेपाल अग्रसर छैन तर नेपालको नैसर्गिक चरित्र अझै मासिएको छैन ।

नेपालीको मौलिक स्वभाव अनुसार प्रबृत्ति बनिरहने सामाजिक व्यवस्थापन चाहिन्छ । यस्तो देखियो कि उनीहरूले सद्दाम हुसेनलाई कुवेत फिर्ता गर्न बाध्य गराए सरह नेपालीले सिक्किम फिर्ता गर्न बाध्य बनाउने छन् ।

राष्ट्रियतासँगै इमान्दारिता नेपालीपनको अर्को उदाहरण हो । बहादुरी र इमान्दारिता नेपाली पन हुन् । त्यसैले आज पनि नेपाली सेना संयुक्त राष्ट्रसंघको अभिन्न अङ्ग बनिसकेको छ । वैभव, सुखमय, अयसी जीवन नखोज्ने तर शान्तिमय प्राकृतिक जीवनका पक्षपाति हुन नेपाली । मिलेर बस्ने तथा अर्काका भावना र विचारलाई कदर गर्ने नेपालीको जन्मसिद्ध स्वभाव हो । 'अनेकतामा एकता' नेपालको पहिचान भएको हो ।

''वैदिक संस्कारमा एकजना पनि माग्ने मानिस हुँदैन, एउटा पनि चोर हुदैन,सबै सम्पन्नहुन्छन्, विचार उचो हुन्छ, अत्यन्त नीतिबान हुन्छन् । उनीहरूको उँचो क्यालिबर हुन्छ । उनीहरू पराधीन हुदैनन् ।''[११९] यस्तो

---

११९. "I have travelled across the length and breadth of India and I have not seen one person who is a begger, who is a thief, such wealth I have seen in this country, such high moral values, people of such caliber, that I do not think we would ever conquer this country, unless we break the very backbone of this nation, which is her spiritual and cultural heritage, and, therefore, I propose that we replace her old and ancient education system, her culture, for if the Indians think that all that is foreign and English is good and greater than their own, they will lose their self esteem, their native culture and they will become what we want them, a truily dominated nation."

अवस्था भएको वैदिक सभ्यताको अवशेष पौरस्त्य सभ्यताको बाँकी भाग नेपाल मात्र छ ।

नेपालीको सामयिक सोच बन्दुकको नालबाट शासन हुँदैन' भन्ने हो । नेपाली दयालु र शान्तिप्रिय हुन् । नेपालीको परिबर्तित स्वभाव आवेगात्मक र क्षणिक देखिनुमा समाजको अवस्था अचेतनताबाट अर्धचेतनतामा परिबर्तन भएर हो, त्यो पनि हट्छ ।

२. राष्ट्रियता भनेको हस्तक्षेप मुक्त देश हुनु हो । नेपालले विश्व साम्राज्य बनाउनेबाट सदा स्वतन्त्रता कायम गरायो तर आज साम्राज्यबादीका दाश भएको इण्डियाको हस्तक्षेप-मुक्त भएर सजिलै काम गर्न पाएको छैन । नेपाली नेताले पनि स्वतन्त्र रूपको नेपालीत्व भावना बोकेर काम गर्नसक्ने क्षमता र आत्मबल बनाउन सकेका छैनन् । लंपारपन त्यागेर नेपालीआत्मबल बनाउनुपर्छ । नेपालले गर्न सक्ने प्रगतिको एक चौथ्यायीं पनि गर्न नसकेको मूल कारण पनि यही हो ।यो बास्तविकता नबुझ्ने नेपालीको संख्या मनग्य छ । त्यसलाई बुझ्ने शिक्षापद्धतिलाई अनिबार्य गरिनुपर्छ ।

३. आर्थिक चुनौतीको सामना फुटेर गर्न सकिदैन । खिचोलाकालागि खिचोलागर्ने प्रबृत्ति त राष्ट्रलाइ तल गिराउने प्रबृत्ति हो । तृष्णमा डुबेर काम गर्नेले देशलाइ जोखिममा पार्दै लगेको हुन्छ । राष्ट्रको बृहत्तर हीतकोलागि प्रत्येक सचेत नागरिक स्वार्थबाट माथि उठेको हुनु पर्दछ । बिद्यमान राजनीति र शासन व्यवस्थाले मनोमालिन्य बढाउने खालको छ । मनो मालिन्य तन्काउने बस्तु होइन । यो त टुङ्ग्याउने बस्तु हो । जाती, लिंग, दलीत, आदिबासी, भाषा, जातजाती र भूगोलमा बिभाजन गरेर ३१ ब्टाभन्दा बढी सैबैधानिक आयोगले देशमा आपसी द्वन्द्व बढाउने, बिपन्न गराएने र अनेकतामा बिभाजन गर्ने भएकाले ती सबै खारेज गरेर अनेकतामा एकता हुने व्यवस्था स्थापना गर्नुपर्दछ ।

४. मेकाउलेको शिक्षाले बिदेशीलाई महान गुरूमान्ने सोच दलका नाइकेमा बिद्यमान छ । यो सोचले नेपाललाई राजनैतिक, आर्थिक, समामाजिक सबै पक्षमा रूपान्तरण गर्न संभव छैन । नेपालको कुनै पनि क्षेत्रमा बाह्य हस्तक्षेप मुक्त भएर सजिलै काम गर्ने अवस्थै छैन । नेपालीत्व भावले काम गर्नसक्ने क्षमता र आत्मबल भएको नेता सत्तामा जानसक्ने राजनीति र प्रशासन अवस्थै छैन । त्यो नभैकन देशले निकास पाउन सक्दैन । जबसम्म यी सोचबाट उम्केको नेपाली मात्रको सर्वोच्च हितको लागि नेपालीले नेपालद्वारा नेपालकै लागि गर्ने काम के हो, कसरी किन हो भन्ने दूरदृष्टि राख्न सक्ने नाइके सत्तामा जाने पूवाधार बन्दैनन् नेपालको राष्ट्रियता जोगिन सक्तैन । दास र दलाली मनोदशा नफ्याकिकन मुलुक रूपान्तरण गर्ने मौलिक सोच बन्नै सक्दैन । संबिधान र पद्धतिनै नसुधारी यो संभव छैन ।

५. आजको दलीय पद्धतिमा अयोग्यबाट शासन भएको छ । अयोग्यनै सत्तामा पुग्ने संबिधान र कानुन छन् । नेपालले गर्न सक्ने प्रगतिको एक चौथ्यायीं पनि गर्न नसकेको मूल कारण पनि यही हो ।यो बास्तविकता नबुझ्ने संक्रमणकालीन सोचबाट ग्रसित नेपालीको संख्या मनग्य छ । शिक्षाबाट यस्तो अवस्था बदलिनु र्छ ।

६. नेपालको समष्टिगत उत्थानकालागि जनभावना एक हुने पूर्वाधार चाहिन्छ । राजा, दल (जनप्रतिनिधि) र नेपाली जनताको भावना सदा एक हुनु पर्दछ । त्यसो नभएसम्म पूर्ण राष्ट्रबाद पन्पन सक्तैन । किनकि यी कुरा वैदिक संस्कार संस्कृति र धर्मले स्थापना गरेका हुन्, तिनलाई बलले दबाएर हैन बुद्धिले मिलाएर लानुपर्छ ।

नेपालीको मौलिक र परिवर्तित स्वभावलाई मौलिक नेपालीमा लैजाने पूर्वाधार निर्माण गर्नुपर्छ ।

७. त्यसलाई दिगो बनाइराख्नकालागि वैदिक संस्कारमा आधारित राष्ट्रिय मुलनीति र तदनुरूपको शिक्षा पद्धति चाहिन्छ ।

## खाँचो सोचमा परिवर्तनको

१. हामीले हाम्रो देशमा कस्तो शासन व्यवस्था बनाउने, कस्तो तरिकाबाट विकासगर्ने भन्ने कुरा नेपाली मात्रको सोचको उपज हुनुपर्छ । भारत, चीन, बेलायत, इयु वा अरू पश्चिमी देशको नक्कल गर्ने, तिनको निर्देशन मानने सोचमा परिवर्तन गराउनुपर्छ । मेकाउलेको शिक्षाले पारेको प्रभावबाट उम्किन सक्नुपर्छ । नेपाली राजनीतिकर्मी विदेशीपनमा बहकिएका छन्, तिनले सोचमा पविर्तन ल्याउनुपर्दछ । त्यही परिवर्तन नै वास्तवमा राष्ट्रबाद हो ।

२. राष्ट्रिय समुन्नतिका लागि राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकता पूर्वशर्त हुन् । एकतामा खलबल ल्याउने बाह्य तत्त्वप्रति कोही साबधान छैनन्, बरू सबै त्रसित छन् । अब सबै क्षत्रको सोचमा आमूल परिवर्तनको खाँचो छ ।

३. नेपालका कोही शत्रु छैनन् । विश्वका सबै देश मित्रछन् । हामी विश्वमा मिलेर बस्न सक्दछौं । हाम्रा सवै मित्रहरू समान स्तरका हुन् । हामी हाम्रो राजनीति, अर्थनीति, धर्मनीति तथा सामाजिक मूल्य र मान्यता हामी आफैंले बनाउने द्दढता हुनुपर्दछ, एक मत हुनु पर्दछ ।

४. हामीलाई कुनै पनि दवाब, अतिक्रमण सह्य छैन । हामीले जन चाहना अनुरूपको उदार र पारदर्शी सहयोगको मात्र अपेक्षा गर्नुपर्दछ । कुनैपनि सर्तको सहयोग तिरस्कार गर्नुपर्छ । प्रदूषण गरेबापत प्रथम विश्वबाट जरिवानाको रूपमा रकम असुली गर्नुपर्दछ ।

५. सवै विद्वान् तथा संचार माध्यमहरू पनि राष्ट्रप्रति समर्पण हुने हो भने राष्ट्रिय एकता बनाएर समस्याबाट निकास पाउन धेरै समय लाग्दैन । देश

स्वतन्त्र राख्ने र नेपाललाई नेपालीले नै बनाउनु पर्ने विकास पद्धतिलाई सबैले आत्मसात गर्नु पर्दछ । राष्ट्रिय दीगो मूल नीति हुनु पर्दछ । सर्बाङ्गिण विकास पद्धति लागू गर्नैपर्छ ।

६. यस्तो द्रुत प्रगतिगर्न दलका युवाहरूको सोचमा परिवर्तन आवश्यक छ । परिवर्तन त्यस बेलासम्म आउन सक्दैन जवसम्म दलका सबै तहका पदमा निर्वाचनबाट मात्र पूरा गरिदैन, संसदको उम्मेद्वारकालागि सम्बन्धित निर्वाचन क्षेत्रको सोही दलका साधारण सदस्यहरूले आफूहरूमध्येबनट चयन गर्न पाउँदैनन् र ह्विपको अन्त्य हुँदैन ।

७. सोझा मानिसलाई उक्साउनेहरूमा मिसनहरू, अन्तर राष्ट्रिय गैससहरू, सौथब्लक र रअहरू छन् । तिनले बिभिन्नखाले जातीय र भाषिक मोर्चाहिरूलाई सघाएकाछन् । सिक्किम गाभिएर त्यहाँको जनजीवन नखस्केकोले गाभिन उपयुक्त छ' भन्दछन्, हेटक्राइमका हल्ला फैलाउँछन् । लैगिक विभेद, जाती जनजाती, आदिबासी, भाषा, छुवाछूत, तराईवाद जस्ता कुरा फैलाएका छन् यसले राष्ट्रियतमा आँच आएको छ । सबै नेपालको समानरूपमा विकास गर्नुपर्ने सही कुरालाई दबाइएको छ ।

८. अधिकार मात्र होइन जिम्मेवारी ठूलो हो । अधिकार खोज्ने, जिम्मेवारी पूरा नगर्ने पन नै नेपालीत्व फैलाउन बाधक छ । शिक्षामा आमूल परिवर्तन नगरी यसलाई रूपान्तरण गर्न सजिलो छैन ।

९. राष्ट्रियता र राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानीपन खासगरेर २००७-२०१६ र २०४६-२०७९ बीच भत्किएको छ । यसका बाहक भरिया प्रमुख दलका नेता नै हुन् । नेपालीले नबुझिकनै वैदिक सभ्यता भत्काउने पश्चिमी योजनालाई अनुसरण गरिदिएका छन् । त्यसबाट आपनो इमान्दारीता, सत्यता, नैतिकता, अध्यात्मिकता र राष्ट्रियताका पन पनि छाडिदिए । यसो गराउनुमा 'रअ', र मिशनहरू हुन् । पहिलोले नेपालका दलमार्फत र दोस्रोले गैसस मार्फत् भत्काइ दिएकाछन् । यसलाई उल्ट्याउनुपर्छ ।

१०.राष्ट्रवाद कुण्ठित हुंदा स्वतः साम्राज्यवाद, उपनिवेशसवाद, विस्तारवादको हात लामो हुँदै जाने रहेछ । उदारवादले अर्थनीति विदेशीको हातमा जाने रहेछ । मत्स्य न्याय हुनेरहेछ ।

संवत् २०१४ को भद्रअवज्ञा आन्दोलन होस् वा २०१८-२०१९ र २०२६/२७को सशस्त्र आन्दोलन २०३६ को विद्रोह होस् वा २०४६ को आन्दोलन अथवा २०५९/०६० को पञ्चदलीय, सप्तदलीय र अष्टदलीय बिद्रोह होउन् अथवा माओवादी विद्रोह सबैद्वारा राष्ट्रियता कमजोर बनाउने र बाह्य शक्तिको लागि बल पुऱ्याउने काम भएका छन् । यस्ता निर्देशित काम त्याग्नुपर्दछ ।

## आर्थिक राष्ट्रवाद

१. मुलुकलाई तुरून्तै पहिलो चरणमा आधारभूत वस्तुमा आत्मनिर्भर मुलुक बनाउने र दोस्रो चरणमा व्यापार सन्तुलन हुनेगरी निर्यातमूलक देश बनाउने अर्थनीति नै राष्ट्रवादी अर्थनीति हुन्छ ।

नेपाल प्राकृतिक स्रोत साधनले भरपूर मुलुक हो । नेपालीले आफ्नो अनुकुलको योजना बनाएर विश्वमै धनी, समुन्नत र विद्वत् समाजमा कहलिन सक्छ । म फेरि आस्वस्त पार्दछु कि हामी मिलेर, हाम्रो प्रवृत्तिमा सुधार गरेर, हाम्रो वन र वन्य उत्पादन संपदा, हिमालय संपदा, जल संपदा, कृषि र पर्यटन उद्योगलाई सही परिचालन गर्ने हो भने हामी ५ वर्षमा आत्मनिर्भर, १० वर्षमा एसियाउत्कृष्ट र १५ वर्षभित्र विश्वका समुन्नत देशमा पुग्न सक्दछौं । त्यस अवस्थामा नेपालीले नेपालमै पूर्ण रोजगार मात्र नभएर हामीले लाखौं रोजगार विदेशीलाई दिन पनि सक्दछौं । नेपालमा जे छ विश्वमा कही छैन । विश्वमा जे छ त्यो सबै नेपालमा छ ।[१२०]

२. विकास भनेको आर्थिक सम्पन्नता र सामाजिक सौहार्द्रता हो । प्रजातन्त्र भनेको जनविचार अनुसार शासन व्यवस्था चलाउनु हो । राष्ट्रियता, बहुचारको सम्मान र सामाजिक न्याय हो । प्रगतिसंग राष्ट्रियता र प्रजातन्त्र गाँसिएको हुन्छ । .माटो प्रतिको माया नै राष्ट्रभक्ति हो । पूर्ण आत्मनिर्भर हुने अर्थनीति बन्नुपर्छ ।

३. आर्थिक राष्ट्रवाद राष्ट्रलाई समुन्नत बनाउने प्रण हो । यसमा कुनै खाले भ्रष्ट्राचार हुँदैन । वनमा चोरी तस्करी हुँदैन । कुनै पनि कार्यालयी काममा रकमको लेनदेन हुँदैन । कर्मचारीले प्रतिवर्ष प्रतिव्यक्ति आय भन्दा बढी तलबको माग गर्दैन । भन्सार लगयत आयात निर्यातमा तोकेकोभन्दा बढी रकम लिईदैन । शिक्षकले नियमित पढाई गर्दछन्, विद्यार्थीले अनुशासित भएर पढ्दछन् । राजनीति स्वच्छ र सेवाभावले गरिन्छ । पदासीनले आफ्नो र अर्काको मानिस भनेर विभेद गर्दैन । ब्यापारीले जम्माखोरी, कालाबजारी गर्दैन । सबै खाले व्यवसायीले बार्षिक दश प्रतिशत भन्दा बढी मुनाफा गर्ने लक्ष राख्दैनन् । ब्याङ्कले सामन्ती कारोबार गर्दैनन् । ठेकेदारले नक्कली काम गर्दैन । उपभोक्ता र उत्पादक बिच मध्यस्त ब्यापारी हुदैनन् । अनि त्यहाँ महंगो हुदैन केही पनि । राष्ट्रवादीले भ्रष्ट्राचारलाई अपराधी काम ठान्दछ । भावी पीढिको खाने गास खोसेको ठान्दछ । उसले सोच्दछ भ्रष्ट्राचार गर्नेले आफ्नो परिवारलाई जति सम्पन्न गराउँछ उसले त्यो काम नगरे देशको सबै परिवार त्यत्तिकै सम्पन्न हुन्छन् । देशले छिटो प्रगति गर्दछ । भ्रष्ट्राचारीलाई अराष्ट्रिय तत्त्व भनिन्छ । सबै सेवाका काम पद्धतिले चल्दछन् । सत्तामा रहनेले

---

१२०. हेर्नु होस 'व्यवस्थित वस्ती र। गाउँ विकास' भाग १,२ र ३ ।

सेवाभावले मात्र काम गर्दछ । राजनीति निष्काम भावले गरिने सेवा, योगी हुने सेवाको भावले गरिने सेवा ठानिन्छ । कुनै पनि भ्रष्ट्राचारीलाई समजले घृणा गर्दछ, छीःछीः दूरदूर गर्दछ । राजनीति विकासकालागि हुन्छ । दलले देशको आर्थिक उन्नति कस्ले कसरी छिटो गर्दछ भन्ने होडबाजी गर्दछन् ।

४. देशमा राष्ट्रवादी अर्थनीति हुन्छ । त्यसमा राष्ट्रिय मूल नीति हुन्छ । नीति अनुसार राज्य चल्दछ । व्यक्ति अनुसार हुँदैन । विद्यूत उत्पादन सस्तो हुन्छ । यो राज्यले आफै गर्दछ । आफ्नै श्रोतले गर्दछ । उत्पादनसित सम्बन्धित काममा कुनै प्रकारको भन्सार, शुल्क, सलामी, दस्तुर, कर केही पनि लिईंदैन । यसो गर्दा सं. २०६८को मोलमा प्रतियुनिट उत्पादन खर्च तीन रूपैयाँ भन्दा कम पर्दछ । त्यसले आयातित खानापकाउने ग्यासलाई तुरून्तै शतप्रतिशत विस्थापन गर्दछ । त्यसबाट राष्ट्रलाई प्रति महिना २५ अर्ब रूपैयाँ जोगाउँ छ । ट्रली बस, रेल र रोपवैहरू चल्दछन् । त्यसबाट बिदेशीने डिजेल खर्च घट्छ । यसबाट खरबौ रूपैयाँ बचत हुन्छ । यातायात सस्तो पर्दछ । बिजुली सस्तो भएपछि बिद्यूतीय सबारी साधन चल्दछन् । पेट्रालको आयात घट्छ । कृषि र वनलाई व्यवस्थित बस्ती पद्धति अनुसार दीगो व्यवस्था गरेबाट कृषि र गैरकृषि अलग्ग छुट्टिन्छ । यस क्षत्रमा ८० लाजले पूर्ण रोजगार पाउँछन् । हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास सिद्धान्त अनुसार विकास गरेपछि प्रतिवर्ष ५० करोड पर्यटन थपिन्छन । एक जना नेपालीले १६ जना पर्यटक प्राप्त गर्दछ ।

५. राष्ट्रियता भनेको भ्रष्ट्राचार मुक्त देश हुनु हो । भ्रष्ट्राचार हुने देशमा विकास हुदैन । भ्रष्ट्रचार नगरेका खण्डमा भ्रष्ट्रचार गर्ने परिवारको जत्तिको जीवनस्तर सबै देशवासीको हुन्छ भन्ने तथ्यगत शिक्षा माध्यमिक अवस्थाबाटै दिइनुपर्दछ ।

६. राष्ट्रिय एकताको हिजोको धारणालाई अब भाषा, धर्म, स्थानीयता, सबै क्षत्र र वर्गलाई जुटाएर सहभागीतामा हुनेगरी नीति र कार्यक्रम बन्नु पर्दछ । भाषण गरेर होइन ब्यापक जनमुखी र प्रगतिशील कार्यक्रम बनाउनु पर्दछ । कार्यक्रमलाई ब्यवहारमा परिणत गराउनु पर्दछ, त्यो पनि तोकिएको मीति र लागतमा । देशदाई उभो लगाउन राष्ट्रिय एकता चाहिन्छ । सबैले सबैको विकास गर्ने साझेदारी प्रण हुनु पर्दछ ।

७. यस बखत नेपाली राष्ट्रवादलाई पृथ्वीकरण र राष्ट्रियकरणको सिद्धान्तको बीचमा राखेर नियाल्नु परेको छ, नयाँ सिराबाट परिभाषित गर्नुपर्ने बेला आएको छ । बेलायतले गोर्खालीसेनालाई बेलायतको नागरिकता दिनुले आर्थिक राष्ट्रियता राजनीति र संस्कृतिको राष्ट्रियता भन्दा ठूलो भएको पुष्टि हुन्छ । यो युगमा राष्ट्रियता र संस्कृतिको मोह भन्दा धनको (अर्थ) को मोह ठूलो भएको छ। नेपालले पनि यस्लाई आत्मसाथ गर्नुपर्दछ ।

## राष्ट्रवादी विकास नीति

१. राष्ट्रियता, प्रजातन्त्र र विकास एक अर्काका पूरक हुन् । यी सर्वोपरि साध्य र जीवन पद्धति हुन् । सहज जन सेवाका लागि विकेन्द्रीकरण मौलिक र निर्विकल्प बाटो हो । शतप्रतिशत घरपरिवारले सुविधा भोग गर्ने मार्ग हो । संघात्मकता आकाशको फल हो, थोरै दलका कार्यकर्ताले मोजमस्ती गरे आम जनतालाई शोषण गर्ने नयाँ चाल हो । संघराज्य हटाएर विज्ञानसंगत एकरूपको स्थानीय सरकार मात्र कायम हुनुपर्छ । ब्यवस्थित वस्तीमा उल्लेख भए बमोजिमका जनताका सबै नियमित सेवाहरू स्थानीय एकाइबाटै पाउने व्यवस्था हुनुपर्छ ।

२. राष्ट्रको सर्वोपरि साध्य राष्ट्रियता हो । राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौसत्तालाई अक्षुण्ण राखेर मात्र मुलुकको सर्वाङ्गीण उन्नति गर्न सकिन्छ । राष्ट्रियता साध्य हो । प्रजातन्त्र राष्ट्रियतालाई सबल बनाउने साधन हो । साधनलाई सही परिचालन गरेर समुन्नत राष्ट्र बनाउन पूर्ण शान्ति र एकताको खाँचो पर्दछ ।

३. एकताको सूत्रमा आबद्ध गरेर मात्र राष्ट्रियताको संम्बर्धन गर्न सकिन्छ । जनताको विचारको सर्वोच्चता प्रजातन्त्रको लक्ष्य हुनु पर्दछ । साझा र दृढ भाव राखी राष्ट्रियतालाई सबल र सुदृढ पार्न सबै राजनीति दलको साझा राष्ट्रिय मूलनीति हुनुपर्छ । मूलनीति व्यवस्थित बस्ती पद्धतिको अङ्ग बनाइनु पर्छ । राष्ट्रवादीले घुस खाँदैन, निष्ठापूर्वक जनताको काम गर्दछ, सेवा गर्छ, सस्तो र गुण स्तरको काम गर्दछ, देशले द्रुत प्रगतितिर छलाङ मार्छ ।

## राजनीतिकर्मीको राष्ट्रवादी आचरण

१. राजनीति ब्यवसाय होइन । राजनीति ब्यापार होइन, उद्योग पनि होइन । राजनीति विशुद्ध सेवा भाव हो । वैदिक साम्यवादी पद्धति अनुसार राजनीतिकर्मी लोभनी पापानीमुक्त शुद्ध योगी हुनुपर्छ । कुनैप्रकारको तलब र पारिश्रमिक लिन हुँदैन । केवल भत्तामात्र लिन मिल्दछ । त्यो पनि निजामतिको तहगत सरदरमा मर्यादाक्रम अनुसारको अनुपातमा ।

२. कुनै पनि बौद्धिक र प्रतिस्पर्धी काम गर्न क्षमता नभएका, खेतीगर्न अल्छी जतिले दलको सदस्यता लिएर कमाउथलोको च्याके थापेर बस्ने राजनीति संस्कारको अन्त्य गर्नुपर्छ । घरपरिवारको रोजीरोटी र शिक्षादीक्षाको बन्दोबस्त भएको, समाजसेवाको लागि समय निकाल्न सक्ने, अलिकति सुझबुझ भएको मात्र दलमा प्रवेश गर्न पाउने व्यवस्था मूलनीतिलेनै गर्नुपर्दछ ।

३. संवत् २०१४ को भद्रअवज्ञा आन्दोलन होस् वा २०१८-२०१९ र २०२६/२७को सशस्त्र आन्दोलन वा २०३६ को विद्रोह होस् वा २०४६ को

आन्दोलन अथवा २०५९/०६० को पञ्चदलीय, सप्तदलीय र अष्टदलीय बिद्रोह होउन् अथवा माओवादी विद्रोह सबैद्वारा राष्ट्रियता कमजोर बनाउने र बाह्य शक्तिको लागि बल पु¥याउने काम भएका छन् । अब यस्ता दलाल, असामाजिक, आपराधिकहरूले राजनीतिमा भागलिन नपाउने संविधानको खाँचो छ ।

४. नेपाली अझै चनाखो भएनन्, समयमै राजनीति पद्धतिको सुधार गरेनन्, राष्ट्रिय मूलनीति बनाएर संविधानको अंग बनाएनन्, पद्धतिले चल्ने दलमुक्त शासन बनाएनन्, पारिबारिक स्थितिकार्ड लागू गराएनन् भने देशको भाग्यरेखा बिग्रिन सक्छ, राष्ट्रियता खतरामा पर्न सक्छ । त्यसकारण नेपालीले नेपालको भाग्यरेखा आफैं बनाउनु पर्दछ । त्यो पनि समयमै गर्नुपर्दछ । मानिस मरिसकेपछि आइपुगेको चिकित्सकको कुनै महत्त्व हुँदैन । बहुदलीय शासनको ४० वर्ष केही काम नगरी खेर गएको छ । अब यसरी खेरफाल्न हुँदैन, विकल्प खोज्नै पर्दछ ।

५. श्रद्धा, विश्वास र एकता मानव जीवनका महत्त्वपूर्ण पाटा हुन् । श्रद्धाभाव भयो भने मात्र नेता वा व्यक्तिले स्वार्थत्याग गर्दछ । मुलुक र मुलकवासी प्रति श्रद्धा भएको नेताले मात्र कुनै अनैतिक, भ्रष्टाचारयुक्त कामगर्दैन । अश्रद्धाले अविश्वास जन्माउँछ । माता पिताको छोरा छोरी प्रति श्रद्धा भएकै कारण दिसा पिसाब खकार हातले समातेर सफा गर्छन्, तेल लगाउँछन्, न्वाइदिन्छन्, आफू भोकै बसेरपनि खान दिन्छन् । ती छोरा छोरीको पनि माता पिताप्रति श्रद्धा भयो भने मात्र बुढेसकाल र अशक्त अवस्थामा सेवा गर्छन् । आफ्नो मुलुकप्रति श्रद्धा भएको व्यक्तिले घूश खाँदैन, शोषण गर्दैन, निष्काम भावले सेवा गर्छ, त्याग गर्छ, श्रद्धापूर्वक समर्पिपत भावले सेवा गर्दछ ।

६. श्रद्धासित कामगर्ने मानिस वानर, नर, मानव, महामानव हुँदै अतिमानव बन्न पुग्दछ । श्रद्धापूर्वक कामगर्ने मानिसलाई ईश्वरको पनि अनुग्रह हुन्छ । अनि ऊ समाजमा वन्दनीय हुन्छ । जो वन्दनीय छ उही नेता हो, गुरू हो, सन्त हो । श्रद्धा कृत्यले नै जीवनलाई सही ढाँचामा ढाल्दछ । मुलुकप्रति श्रद्धा भएको मानिस मात्र राष्ट्रवादी हुन्छ ।

७. दलका नाइकेले नेपाललाई आँच आउने कुरामा पनि नाई भन्न नसक्नुले राष्ट्रियता खस्काउने तत्त्वलाई प्रोत्साहित गरेको छ । नेपालका ठूला दलका नेताहरू इण्डियन दानपानी र शिक्षादीक्षामा हुर्किएकाले भारतका सबै प्रस्तावलाई नाईं भन्न सक्तैनन् । फलतः भारतले कोशी गण्डकी महाकाली नदीहरू हत्याउने, कर्णाली अरूण, कनकाई जस्ता आयोजनाहरू बिफल बनाउने, नेपालको उद्ययोग ब्यापार मुठ्याउँदा पनि दलको नेताले 'हुन्न' भन्न सक्तैनन् । बरू उल्टै भूगोल बदल्न सकिदैन, भारत नभैकन बाँच्नै सकिदैन

भन्ने गलत सोच जनतालाई पस्कन्छन् । यतिमात्र होइन अव त उनीहरूको सोच भारतको एउटा राज्य सरकारको मुख्यमन्त्रीको जस्तो भइसकेको छ ।[१२१] इण्डियाले पटकपटक त्यही व्यवहार गरेको छ । दाता भनिने इशाई देशका सल्लाहकार र इण्डियाले कहिल्यै पनि नेपालको भलोहुने काम गर्न दिदैनन्, बरू अबरोध गर्दछन् । नेपालले नाई भन्न सक्ने क्षमता बढाउनुपर्छ ।

## सूचना-प्रवाहमा सुधार

१. भनिन्छ महाजनोयेन गता सपन्थाः । महाजन को हो भनेर संचार माध्यमले भन्दछन् । नेता भनिने जनप्रतिनिधि ठूलो मानिस हो । समाजले ठूला मानिसले गरे/भनेको कुरा अनुसरण गर्दछ । संचारले ठूला ओहोदासिन मानिसका अगतिला कुरालाई पनि ठाउँ दिइएको हुन्छ तर ओहोदाहीन व्यक्तिका ठूला कुरा अथवा बहुजनको हित हुने कुरा भए पनि ठाउँ दिइँदैन । अर्को शब्दमा विकसित समाजमा विचारले प्राथमिकता पाउँदछ तर ट्रान्जिशनल सोसाइटीमा विचारले ठाउँ पाउँदैन । बरू ओहोदाले र धनले प्राथमिकता पाउँदछ ।

२. समाजले असल व्यक्ति चिनेकै हुँदैन । सज्जनको सही विचार बुझ्ने अवसर नै पाउँदैन, केवल ओहोदामा रहेका मानिसलाई चिन्दछ । किनकि संचार माध्यमले खराब राजनीतिक मानिसको मात्र प्रसार गरेको हुन्छ । त्यसकारण सममाजले ओहोदाका खराब मानिसको नै खराब चरित्रको नक्कल गर्दछ । अनि ट्रान्जिशनल सोसाइटीका ठूला मानिसले नराम्रा काममात्र गर्दछन् । हाम्रा ठूलामानिसले रग्सीखान्छन्, जुवा खेल्दछन्, धेरै स्वास्नी बटुल्छन्, पदमा पुगेका बखत घूस खान्छन्, नपुगेका बखत घुमाइफिराइ ठेक्कापट्टा लिन्छन्, त्यसकालागि अपहरण, थुनाव आदि गर्दछन्, चुनावका बेला बुथ क्यप्चर गर्दछन्, बेस्याबृत्ति गर्छन् गराउँदछन्, पदमा भएका बखत नियम मिचेर भएपनि आफ्ना समर्थकलाई जागीर खुवाउँदछन्, आदि आदि । समाजले तिनीहरूलाई ज्युँदो मानिस, बहादुर मानिस भन्दछ । अर्थात् त्यो चरित्रलाई अनुकरण गर्दछ । अब कसरी सुधार्ने समाजलाई ? यो अहं प्रश्न हो ।

---

१२१. In the age of current globalization we can not be against all Indian legitimate investment in Nepal, as the Maoist trade unions and students seem to be. Nepal's internal politics has come to a stage, where by our political leaders think that they can not survive without Indian support and they behave like Indian state politicians rather than leaders of a sovereign country. Even the CPN (Maoists) who started their miss-adventure of ruling South Asia with Maoist doctrine with slogan against Indian hegemony in Nepal have accepted Indian hegemony to their tactical advantage. As Communists ("Meena Acharya" <mna@enet.com.np> Nepal: Say no to Indian Hegemony , Sent: Wednesday, May 02, 20077:44 PM)

## जन चासो

१. सबै नेपालीले जान्नै पर्ने कुरा के हो भने नेपालको सार्वभौम सत्ता नेपाली जनताको हो, दलको वा जनप्रतिनिधिको होइन । अर्को शब्दमा सार्वभोमसत्ता जनतामामात्र हुनु पर्दछ, यो जनप्रतिनधिलाई दिन नपाउने हुनु पर्दछ । त्यसको प्रयोग जनताले प्रत्यक्ष रूपमा बाहेक अरूले गर्न पाउँनु हुँदैन । सम्बत २०६३ साल पछिका यसो भएकोछ , सो हट्नैपर्छ । सबै निर्णय एकएक गरेर जनमतसंग्रहले अनुमोदन नगरेकाजति स्वतः खारेज हुने बनाउनु पर्छ । यस कुराकालागि नेपाली मात्रको एकमन हुनै पर्दछ ।

२. राष्ट्रियतासँगै इमान्दारिता नेपालीको अर्को विशेषता हो उदाहरण हो । नेपालीको इमान्दारिता सँग वीरता, बहादुरीता गाँसिएको हुन्छ । बेलायत, भारत, हङहङ, मलया (मलेसिया, ब्रुनाई) सिंगापुर, सं.रा.संघ आदि स्थानमा रहेको गोर्खा (नेपाली) सेना, बहादुरी र इमान्दारिताका ज्यूँदाजाग्दा उदाहरण हुन् । यही कारण आज नेपाली सेना संयुक्त राष्ट्रसंघको अभिन्न अङ्ग बनिसकेको छ । आजकल नेपाली जाती विश्वमा इमान्दार र बहादुरमा गनिएको भए पनि नेपालभित्र बेइमान र लाछीमा गनिन थालेको छ ।

३. वैभव, सुखमय अयासी जीवन नखोज्ने तर शान्तिमय प्राकृतिक जीवनका पक्षपाती नेपालीको जीवनशैलीको विशेषता हो । त्यो विशेषता नै राष्ट्रियता हो । यो शैलीलाई यथावत् राख्न सके विश्वका मानव मात्रले जीवनमा एकपटक नेपाल नआई नछोड्ने धोकोराख्ने थलो हुने थियो । त्यो धोको नै नेपालको जीवनस्तर माथि उचाल्ने सबैभन्दा ठूलो उद्योग हुने थियो, पर्यटन उद्योगसंगसंगै ।

४. मिलेर बस्ने तथा अर्काका भावना र विचारलाई कदर गर्ने नेपालीको जन्मसिद्ध स्वभाव हो । यसैलाई विश्वले 'अनेकतामा एकता' भएको देश भनेर पनि चिन्दछ । हामी कहाँ सवाशय जति भाषाभाषी छन् । त्यत्तिनै जाजाति छन् । सबै भाषाभाषी र जातजातिका हजारौं संस्कार संस्कृति र परम्परा छन् । विश्वका सबै खाले आस्था र सम्प्रदाय यहाँ छन् । सबैखाले नेपालीले सबैखाले सम्प्रदाय अथवा विचारलाई आफ्नै विचार मान्दछन् । एकले अर्काको आदर भाव राख्ने र सम्मान गर्ने काममात्र गर्दैनन्, तिनमा सहभागी पनि हुन्छन् । तर आजको दलीय राजनीतिक कारणले एकले अर्कोलाई बिथोल्न थालेकाछन्, त्यो हट्नै पर्दछ ।

५. उक्त कुरालाई बेलायतका लर्ड मेकाउनलेले बेयाती संसदमा सन् १८३२ फ्रेब्रअरी २ का दिन प्रस्तुत गरेको प्रस्तावले पुष्टि गर्दछ । उनले भनेका छन् ''यहाँ एकजना पनि माग्ने मानिस छैन, एउटा पनि चोर छैन, उनीहरू अत्यन्त सम्पन्नछन्, विचार उचो छ, अत्यन्त नीतिबान छन् ।

उनीहरूको यस्तो क्यालिबर छ कि उनीहरूलाई पराधीन गर्न असंभवछ ।''[१२२] माग्ने नभएको, चोर नभएको, उच्च विचार भएको यस्तो पौरस्त्य सभ्यताको बाँकी भाग नेपाल मात्र थियो, छ । बेलायती सोचले भित्र्याइएको प्रजातन्त्रलाई नेपाली संस्कारले जितेका कारण सुरूमा दलहरूबीच पनि सौहार्यताः प्रेम, सद्भाव कायमै थियो । नेपालीपनले ऐक्यबद्धता गराएको थियो । राष्ट्रियता र राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानीपन कायमै थियो । तर मेकाउलेको सभ्यता भत्काउने भारतमा थुपारेको फोहर, अग्रेजले भारत छाडेर गएपछि, खासगरेर २०४६-२०२२ बीच नेपालमा थुप्रिदै गएको छ । यसका बाहक भरिया आठ दलका नेता नै हुन् । त्यस्लाई जनताले तिरस्कार गर्नुपर्छ ।

नेपाली सभ्यता भत्काउने इशाई योजना अनुरूप दलहरू परिचालित छन् । दलहरूका होली वाइन रेटाईप्रेम, राष्ट्रिपोशाक (दौरासुरवाल)को उपेक्षा त्यस्कै प्रतिक हो । त्यस्ता  कृत्यको नेपालीमात्रले प्रतिकार गर्नुपर्छ । धनकालागि इमान्दारीता, सत्यता, नैतिकता, अध्यात्मिकता र राष्ट्रियता बेच्ने नेतालाई देशद्रोही मानेर चुनाबमा मत दिन हुँदैन ।

६. नेपाललाई विपन्न गराएर दास बनाउन उद्यत दुईटा तत्व सक्रिय छन् । एउटा हो भारतीय 'रअ', र अर्को हो पश्चिमी मिशिनहरूको संजाल । पहिलोले नेपालका दलमार्फत र दोस्रोले गैसस र मिशन मार्फत नेपालीको जनजीवनमा पसेर समाजै भत्काइ दिएकाछन् । पहिलोको लगानीमा भारतको धन छ भने दोस्रोमा अमेरिका, ओसिनिया र इ.यू.का देशहरूको छ । त्यो रासी सबैजसो सत्ताधारी दलले गैससमार्फत् प्राप्त गर्ने गर्दछर्न् । अझ र माइलो घटना के छ भने, जव दलहरू बिदेशी पैसाबाट बदनाम हुन थाल्छन् दाताले दललाई गैससमा लैजान्छन्, एमालेका भतृसंगठनहरू, महिलासंगठन, किसान संगठन, मानवअधिकार संगठनहरू गै.स.स.मा दर्ता गराइन्छन् । पुजिपति सामन्त मुलुकले साम्यबादी दलहरूलाई नै परिचालित गर्छन् । जनता चनाखो हुन आवस्यक छ ।

७. नेपालीको सामुहिक सोच कुनै पनि राजनीति उद्देश्य कहिल्यै हिंसाबाट पुर्ति हुँदैन भन्ने छ । बन्दुकको नालबाट शासन हुँदैन' भन्ने छ । नेपालीको अन्तर्राष्ट्रिय छवि अर्थात् कोमलता-मिलनसारिता-शान्तता माओवादी र उग्रवादी मधेसी समूहको कारण ध्वस्त हुँदै गएको छ । अव नेपाली जनताले गंभीर भएर ध्वस्त पार्नै पर्दछ ।

---

१२२. "I have travelled across the length and  breadth of India  and I have not seen  one person who is a begger, who is a thief, such wealth I have seen in this country, such high moral values, people of such caliber, that I do not think we would ever conquer this country, unless we break the very backbone of this nation, which is her spiritual and cultural heritage, and, therefore, I propose that we replace her old and ancient education system, her culture, for if the Indians think that  all that is foreign and English is good and greater than their own, they will lose their self esteem, their native culture and they will become what we want them, a truily dominated nation."

८. श्रद्धा अटुट आस्था हो । आस्था जब व्यवहारमा सही उत्रिन्छ, त्यो निष्ठा बन्दछ । आस्थाले ईश्वर भक्तिमा प्रवेश गराउँछ । त्यसले जीवन दर्शन मात्र हैन आत्माको रूप पनि थाहा पाउँछ । श्रद्धाले बुद्धि र विवेक शक्तिलाई पनि बढाउँछ । नास्तिक मानिसमा क्षणिक भौतिक र साँसारिक मोह मात्र हुन्छ , तिनकमा कारूणिकता हुँदैन । तिनले मोह त्याग गर्न शक्तैनन् । त्यस्कारण नास्तिक मानिसलाई राज्यको बागडोर सभाल्न दिन हुँदैन । लेन्डुपदोर्जी, त्यसखाले व्यक्तिलाई जनताले मतबाटै पाख लगाउनुपर्छ ।

९. पद बहालीकोलागि सपथ ग्रहण गर्नु भनेको इमान्दारीताको प्रतिज्ञा हो, त्यो कानूनी भयमा गरिनु हुँदैन । त्यसैले त्यो ईश्वरको नाममा लिइन्छ । त्यस्तो भौतिक सपथमा पनि ईश्वर शब्दलाई छोडेर सपथलिने प्रधानमन्त्री भएका छन् । ती कोही राष्ट्रबादी हुन सक्तैनन् ।

१०. नेपाली राजनीतिमा मिथक र बास्तबिकता फरक छ । आजकल प्रसिद्धि कमाएका लेखक पत्रकारले पनि सत्यासत्य केलाउँदैनन्, बहेको भलसंगै बहन्छन् । पञ्चायत/राजा चारयुग लामो शासन चलाएको दर्शन हो । विदेशीको प्रभावमा आएर बिना अनुसन्धान संघ राज्य, धर्मनिरपेक्ष र गणतन्त्र, जातीजनजाती राज्य बनाइयो । योजना बिद्ले समेत सत्य छोडेर क्षणिक लोभमा बहेका छन् । तिनले २०६२ पूर्वका सबै कामकुरा सामन्तबाद र शोषणयुक्त भनेर मेटाउन चाहन्छन् । निस्पक्ष भएर खोज्दैनन् ।

११.राजा महेन्द्रले सुरू गरेको पञ्चायती प्रजातन्त्र शासनकाललाई विश्वबिख्यात बिश्लेषकले त्यस शासनकालमा जस्तो शान्तिसुरक्षा, अमन चयन र तिब्रतम बिकास निर्माण नेपालको इतिहासमा कहिल्यै भएको थिएन । उनको दशबर्षे शासनकालमा जुन अनुपातमा विकास भएको थियो त्यो विश्वमै उच्च थियो छ[१२३] । दलीय पद्धतिमा भन्दा बिशाल प्रजातान्त्रिक अभ्यास त्यसबेला गरिएको थियो । त्यस काललाई दलका नेताहरूले नै फराकिलो प्रजातन्त्र (वाइड डेमोक्रेसी) भनेका थिए । त्यस शासन पछतिमा ५० हजार जनप्रतिनिधि चुनिने गर्दथे । सवै मतदाता गाउँ सभासद हुन्थे । योजना बनाउन र खर्च हिसाव फर्छ्यौट गर्न बर्षको २ पटक सवै वयस्क गाउँसभासद भएर भाग लिन्थे । त्यहाँ भ्रष्टाचारको गुन्जाएस थिएन ।

१२.बिसं २०६३ पछि नयाँ नेपालको नारा लगाइयो । नयाँ नेपाल भनेको अपहरण, फिरौती, बलात्कार, तस्करी सेतो र कालो दुवै भ्रष्ट्राचार भयो । अपराधीलाई उन्मुक्ती दिइयो । नेपालमा प्रशासनिक खर्च ७७ प्रतिशत र विकासखर्च २३ प्रतिशत मात्र हुनुले प्रमाणित गर्छ । दलीय राजनीति बनिया राजनीति, डन र माफिया शासित राजनीति बाहेक अरू केही भएन । स्वतन्त्र,

१२३. दी प्यालेश म्यासाकर, ग्रेगसन,...............पृपृ...

निडर र निस्पक्ष भएर जज गर्न नसक्ने बुद्धिजीवी, पत्रकार पश्चिमाका उपज मात्र छन् । एक चोटी दाँतेले आफ्नो पथप्रदर्शकलाई सोधेका थिए- *किन बिगतका राजा र दार्शनिक कमजोर थिए ?* त्यस्को जबाफ थियो – किनकि त्यसबेला क्राइष्ट जन्मेकै थिएनन् । आज बहुदलीय पद्धति भित्र्याइएपछि क्राइष्ट जन्मेकाछन् ।

## राष्ट्रवादी शासन व्यवस्था

१. नेपालको हकमा बहुदलीय ब्यबस्था भएका अवस्थामा बिदेशी हस्तक्षेप बढेको र राष्ट्रियता घटेको कुरा इतिहास र घटनाले साबित गरेका छन् । समाजले ठूला मानिसले भनेको कुरा अनुसरण गर्दछ तर नेपाली संचार ले ठूला बिचार होइन ठूला ओहोदालाई ठाउँ दिइएको हुन्छ । तिनका अगतिला कुरा पनि समेटेको हुन्छ । त्यसले खराव संस्कारलाई समाजमा अगाडि बढाएको छ । यी सबै सुध्रिनुपर्छ, सुध्रिने शिक्षा पद्धति र सामाजिक आचरण बनाइनुपर्छ ।

३. राष्ट्रिय एकताको हिजोको धारणामा परिबर्तन आएको छ । अब भाषा, धर्म, स्थानीयता, सबै क्षत्र र बर्ग सहभागीतामा हुनेगरी नीति र कार्यक्रम बन्नु पर्दछ । भाषण गरेर होइन ब्यापक जन मुखी र प्रगतीसिल कार्यक्रम आउनु पर्दछ । देशदाई उभो लगाउन राष्ट्रिय एकता चाहिन्छ । राज्यको धर्म र भाषा हुनु पर्दछ । सबै भाषा, मजहव र संस्कृतिमा सहिस्णुता हुनु पर्दछ । सबैले सबैको बिकास गर्न साझेदारी हुनु पर्दछ ।

४. मानव विकासको लागि शान्ति पहिलो सर्त हो । आन्तरिक रूपमा देशमा शान्ति कायम हुन सके बाह्य रूपबाट जन्मने अशान्तिलाई परास्त गर्न सकिन्छ । आन्तरिक रूपमा शान्ति वहाली गर्न राष्ट्रका सवै मानिस एक जुट हुन सक्नु पर्दछ । त्यसरी एक जुट हुने भावनाले नै राष्ट्रिय एकता बनाइराख्छ । आम नागरिकमा यस्तो भावनाको संस्कार त्यस बखत विकसित हुन्छ जव देशको शासन व्यवस्थामा सुशासन हुन्छ । सुशासन त्यस्तो शासन हो जहाँ अन्याय अत्याचार हुँदैन, राजनीतिमा दलीयकरण हुँदैन, धार्मिक तथा जातीय सांप्रदायिकता रहदैन । प्रशासनमा ढिलो, अन्यायी, पक्षपाती र घूस जस्ता निहित स्वार्थबाट मुक्त हुन्छ । यस्तो अवस्थालाई जाँच्ने एउटा उपाय केहो भने न्यायिक क्षेत्रमा मुद्दा मामिला घट्दै जान्छन्, अत्यन्त न्यून हुन्छन् । यस्तो अवस्था त्यसबेला हुन्छ जब दल बिदेशीको अनुदान र निर्देशनमा चल्दैनन् ।

५. प्रत्येक नेपालीकालागि राष्ट्र पहिलो आबस्यकता हो । राष्ट्र नै नरहे देशको अस्तित्त्व र पहिचान नै नरहे दल हुनुको पनि के अर्थि हुँदैन ।

६. यतिखेर दल र नेता देशको छातीमा उभिएका छन् । तिनको छातीमा पनि देश उभिनु पर्दछ अनि मात्र समर्पण भावना आउँदछ तर तिनको छातीमा त विदेशीको आदेश उभिएको छ । त्यसैले देश वर्वाद हुँदै गएको छ ।

## अन्य केही

१. नेपाली काँग्रेस र एमालेले राष्ट्रियता र जिङ्गोइज्मलाई एकै ठाउँमा मिसाएर परिभाषित गर्छन् । नयाँ पीढीलाई गलत ज्ञान  दिएका छन् । यसले पौरस्थ्य संस्कार र संस्कृतिलाई झैं राष्ट्रबादलाई पनि रूढिगत बनाएको छ । वास्तवमा महेन्द्रको राष्ट्रबाद क्षत्रीय एकतालाई बनाइराख्न आवस्यक थियो, छ । दलका अपब्याख्याका कारण नै जातीय, भाषिक, लैङ्गिक र भौगोलक बिखण्डन बिचार बढ्दै गएका छन् । आरक्षाणले पनि दिगो बिखण्डनको जग बसाल्दैछ । सन १९१९मा अमेरिकी राष्ट्रपति उड्रो लिसनले प्यारिसमा स्वायत्य शासनको अधिकार (राइट टु सेल्फ डिटरमिनेशन) भने पछि विश्वभरमका मुलुकले जातीय र धार्मिक (सांप्रदायिक) आधारमा छुट्टिन थालेका हुन् । बंगलादेश र पाकिस्थान पनि त्यही आधारमा अलग्गिएका थिए । नेपाल जस्तो अनेक जात, संप्रदाय, संस्कार र संस्कृति भएको मुलुकमा यो उग्र घातक हो । बिसं २००७ सालपछि सबै मिलेर राष्ट्रिय समुन्नतिकालागि कामगर्ने भनिएको थियो । सबैले सबैकोलागि निर्माण गर्ने थियो । महेन्द्रको राष्ट्रबाद त्यतैतिर उन्मुख थियो । त्यतिखेर भएको उन्नति विश्वका कुनै मुलुकमा पनि भएको थिएन[१२४] । किनकि त्यसताक सबै नेपालीले सर्बप्रथम आफुलाई नेपाली भएको गौरब गर्ने संस्कारको बिकास भएको थियो । यतिसम्म कि नेपालको सभ्यता, संस्कार र संस्कृति धेरै अवस्थामा भारतीयसंग मिन्ने भएकोले त्यसबाट पनि अलग्ग पहिचान गराउन अनेक कार्य गरिए । पूर्ण नेपाली कला भएका प्रवेश द्वार बनाइए । नेपाली भाषा, पहिरन र खानासमेत बिशुद्ध नेपाली भएका नेपालीलाई सीमाक्षत्रमा पुनर्बास गराइयो । यो त्यस्तो काम थियो जुन मुस्तफा कमालले तुर्किसथनमा गरेका थिए । उनले अरबी अक्षरमा लेखिने गरेको तुर्की भाषालाई अरबबाट तुर्किस्थान भिन्न हो भनेर देखाउन ल्याटिन अल्फाबेटमा लेख्न लगाएका थिए । झण्डै दुइ तिहाइले बोल्ने नेपाली भाषालाई नेपालभरका सबै विद्यालयमा अनिवार्य पढ्ने भाषा बनाइएको थियो । त्यस अतिरिक्त नेपालका अरू सबै भाषाको जननी संस्कृत भाषालाई पनि अनिवार्य गरिएको थियो । फेरि अरू ससाना भाषा पनि नेपाली नै भएकाले तिनलाई पनि उत्थान गरिएको थियो । ती सबै भाषा मिलाएर नेपाली भाषलाई थप मजबुत बनाइएको

१२४. Palace Massacre, op.cit., pp.

थियो । त्यसको स्तर बढाउन, नेपाली बाङमयलाई माथि उचाल्न समेत राजकीय प्रज्ञाप्रतिष्ठानको स्थापना गरिएको थियो । *ली कुआन यू* ले सिंगापुरको विकास पनि महेन्द्रीय राष्ट्रबादकै रूपमा भएको थियो । सिंगापुरको भाषा र संस्कृतिको रूप नेपालको जस्तो थिएन । त्यहाँ भारतीय, चिनीया र सिगापुरियनको बरोबरी छ । उनले तामिल, मले र चीनियाहरूलाई एउटै एपार्टमेन्टमा बसेर एक अर्काको पुरक हुने एकले अर्कालाई बुझ्ने वातावरण निर्माण गरेका थिए । फलतः अब उनीहरू तीनै थरिले आफुलाई सिंगापुरियन मात्र भन्न रूचाउने भएका छन् । महेन्द्रले पनि नेपाली भएर जीउने कुरालाई गौरबको बिषय बनाएका थिए । नेपालको इतिहास, भूगोल र गौरब गाथाका सबै बिषय पाठ्यांशमा समाबेस गराएका थिए । तर आजका टाइशुट–होलीवाइनप्रेमी दल नाइकेले नेपाली भाषा र संस्कृति, नेपाली संस्कार, नेपाली लगाइ, नेपाली खाना, नेपालीत्वपन सबै गुमाइएका छन् । यसरी नेपालीत्व हरण भएकोमा गौरब गर्नेले महेन्द्री राष्ट्रवादको विरोध गर्दछन् । जस्ले नेपालीत्वलाई महत्त्वपूर्ण ठान्दछन् तिनले पछुताउँछन् । आज यो यति तल खसिसकेको छ कि नेपाली नागरिक भएर नेपाल सरकारको सेवा गर्नेले बिदेशको नागरिकात लिएर नेपालमा नक्कली काम गरिरहेका छन् । त्यसलाई बहादुरी ठानेका छन् । यो हट्नै पर्छ ।

२. आज गुण्डागर्दी, भ्रष्ट्राचार, लुटमार, बलात्कार, फिरौती, अपहरण, डनबाद, ठगी, बेइमानी, तस्करी कालाबजारी यति धेरै बढेकाछन् कि कसैमा पनि पापको भय छैन । किनकि दलले सबैलाई नास्तिक बनाएकाछन्[१२५] । यतिखेर दल र नेता देशको छातीमा उभिएका छन् । अब तिनको छातीमा पनि देश उभिनु पर्दछ । अनि मात्र समर्पण भावना आउँदछ तर तिनको छातीमा त विदेशीको आदेश उभिएको छ, त्यसैले देश वर्वाद भएको छ, हुँदै गएको छ ।

३. प्रतिनिधिमुलक प्रजातन्त्र अव विफल भै सकेको छ । दलवाट वन्ने शक्तीलाई राष्ट्रिय शक्ती मान्ने परम्परा धेरै पुरानो भैसकेको छ । अवको

---

१२५. सम्बत् २०६६ माघ १४ गते त्रिवि करार प्राध्यापकका नेता शिव महतो (विज्ञान प्राध्यापक) ले शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल र उपसचिव लक्ष्मण खनाललाई उनले चर्को दुर्व्यवहार गर्दछन् । तँ तँ र म म गरेर कार्य कक्षबाट लतारेर बाहिर ल्याउँदछन् । पठित र बुद्धिजीवि त यस्ता हुन्छन भने सठहरूको हविगत कस्तो हुन्छ । महिला मन्त्रीले सिडिओलाई थप्पड हान्दछिन् र आफूलाई किस गर्न खोजेको भनेर आरोप लगाउँदछिन्, अर्का मन्त्रीले भ्रष्टाचार उन्मुलन गर्ने भनेर एल.डि.ओ. लाई पाइखानामा थुन्दछन् । ठूला दलका ठूला नेताले सुकुम्वासी समस्या समाधान गर्न राष्ट्रिय रानीवन मासेर वस्ती बसाउँदछन् । प्रहरीलाई न्याय गर्न दिँइदैन र ठाउँ पायो कि हात खुट्टा भाँचेर मरणासन्न हुने गरी कुटिन्छ । सरकारी काममा बाटामा हिडिरहेको अपरिचित प्रहरीले सलाम गरेन भनेर सांसदले निर्घात कुटपिट गर्दछन् । त्यस्ता ल्याकतका छन्, सांसद, मन्त्री र प्राध्यापक । वन मन्त्री मातृका यदबले मन्त्रलयका उपसचिवलाई पाईखानामा थुन्छन् ।

प्रजातन्त्रमा मूल निर्णय जनताले प्रत्यक्ष रूपमा आफैंले गर्न पाउनु पर्छ । जनमत संग्रह नै समावेसी प्रजातन्त्र र आत्म निर्णयको अधिकार हो । अल्पमतको प्रतिनिधित्व खारेज हुनुपर्छ । सबै प्रतिनिधिलाई ५० प्रतिशतभन्दामाथि जनसमर्थन हुने बनाउनुपर्छ । आणविक भट्टी राख्ने की नराख्ने भन्ने हक ईरानी जनताको हो, अमेरिकाको होईन । कस्मिर स्वतन्त्र देश वन्नेकी भारत वा पाकिस्तानको संघ राज्य हुने भन्ने हक त्यहाँका जनताको हो । भारतको वा भारत सरकारमा प्रतिनिधित्व गर्ने कुनै दल विशेष वा व्यक्ति विशेषको होईन । यस्ता कुराको नेतृत्व नेपालले गर्नुपर्छ, किनकि यो देश कहिल्यै कसैको अधिनमा रहेको थिएन, छैन ।

४. विदेशीको उक्साइमा रहेका दलका नाइकेमा नेपालीत्व भावले आपसमा नमिलेर यो दुर्दशा भएकको हो । बिदेशीको फुटाउने र कमजोर पार्ने नीति नबुझेको परिणाम हो । नेपालीत्व भावले, नेपाल एउटा स्वतत्रन्त्र देश हो र यहाको विकास यहाँकै जनताको सहभागीतबाट जनताको खाँचो अनुरूप र नेपालकै स्रोतसाधनको अत्यधिक उपयोग गरेर विकास गर्नु पर्दछ भन्ने मानसिकता नभएका कारण नेपालले दुर्गती भोग्नु परेको[१२६] हो ।

---

१२६. २००७-०१५ बिच व्यवधान रहित प्रजातन्त्रमय भएर पनि रूपान्तरण गर्न नसकेको र महत्वपूर्ण एक दशक त्यसैखेर गएको हो । २०१५ सालमा संविधान बनेर आमनिर्वाचन भएपछि नेकाले तीनशक्तिबिचका विचारलाई मिलाएर लैजानुको साटो तरूण दलद्वारा कांग्रेसीकरण (वाइसिएलकै शैलीमा) गर्ने देशभर मण्डलेकरण हुनु र भारतीय निर्देशनमा कामगर्ने शैलीअनुरूप जनरल थिमैयालाई बोलाएर रक्षा व्यवस्था भारतलाई सुम्पने छलछामका कारण नै २०१७ साल पौष १ गते संकटकालको घोषणा हुनु परेको थियो । २०१८ सालमा कांग्रेसले सशस्त्र विद्रोह थालेपछि लगभग बहुदलीय व्यवस्था खारेज गरेर २०१९ सालमा नयाँ संविधान र नयाँ व्यवस्था लागू हुन पुगेको थियो । २०१८/०१९ सालको सशस्त्र विद्रोहका कारण लगभग ९००० मा रहेको शाही सेनालाई २२००० मा पुऱ्याएर प्रशासनिक खर्चको भार बढाउन बाध्यता सृजिएको थियो । त्यो खराबी कायम भएकौ कारण आज त्यो २ लाखको हारहारीमा छ । २०२६ सालमा साम्यबादी द्वारा थालिएको सशस्त्र आन्दोलनको कारण सेना बल बढाएर ४२००० पुऱ्याउनु परेको थियो । २०४७ को परिवर्तनपछि पनि हिजोका पाठबाट सिकेर व्यवहार र सोचमा परिवर्तन ल्याउन नसक्नु, जनमत अनुकुल प्रजातान्त्रिक अभ्यास गर्न नसक्नु, दलीय सामन्तवादी सोच हाबी हुनुले एकदलीय पक्षमा युद्ध थालियो । माओवादी युद्धका कारण ४२००० बाट बढाएर सेना एक लाख पुऱ्याइनु, सशस्त्र प्रहरी बलको नयाँ व्यवस्था हुनु र कूल प्रहरी शक्ति बढाएर लगभग सेनाको हाराहारीमा पुऱ्याउनु पर्ने बाद्धता सृजियो । यसो हुदा नेपालको राजस्वको अंश प्रशासनिकमा मात्र भयो, विकास आयोजनामा लगानी भएन । थपिएको सुरक्षा प्रशासनिक खर्च कूल बजेटको एक चौथाई छ । भारतको निर्देशनमा काम गर्ने दास मनोदसाको कारण दलले सीमा प्रशासनलाई नियमित गर्न सकेका छैनन् । राजस्वछली र अपराधको आयात भउको छ । बिहार, उत्तरप्रदेशलाई आय आर्जन गर्न सघाउ पुगेकोछ, नेपालको विकासलाई अवरोध पुगेको छ । लाखौं नेपालीका रोजगार खोसिएका छन् र ८५० अर्ब रूपैयाँ नेपालबाट बाहिरिएको छ । -'जल-जंगल र जमिन, जनताको हुनुपर्छ भननेले बिकेन्द्रीकरणको सिद्धान्त नबुझ्नु र आफै सत्तामा छदा केन्दीकरण गर्नुले अनेक खाले आन्दोलन नित्याएका हुन् । भारतमुखी नभएर स्वतन्त्र अर्थतन्त्र बनाए मात्र नेपालको राजस्व दोब्बर हुन्छ । आफूआफूमा नलडे सुरक्षा खर्चमात्र प्रतिबद्ध २०० अर्ब बचत हुन्छ । प्रतिवर्ष ११० अर्बका ठूला आयोजना पुरा गर्न सकिन्छ । कुनै विदेशीको ऋण बोक्न पर्दैन र प्रत्येक वर्ष ५० हजार रोजगार थप्न सकिन्छ । दलीय झगडा, निहीतस्वार्थवसका नितान्त व्यक्तिगत र संकुचन सोचका उपज छन् । यस्ता राष्ट्रघातीलाई नेता मानेर हिंड्ने हामी नेपाली मूर्खबाहेक अरू केही होइनौं । स्व.गणेशमानको टिप्पणीमा नेपालीहरू 'जनता' नभएर 'जन्तु' भएको टिप्पणी सान्दर्भिक नै लाग्छ । बिदेशीलाई मालिक मान्ने प्रबृत्तिकै कारण नेपाल एसियाको गौरव हुनु पर्ने देश एउटा अपहेलित मुलुक भएर बाँच्नु परेको छ ।

५. श्रम ऐन जारी गर्दा, नेपालको उद्योग इण्डियनलाई बेच्दा, महाकाली सन्धि पास गर्दा, विदेशीलाई नागरिकता दिने ऐन पारित गर्दा, पजेरो आयात गर्दा, कमिशन खाँदा पक्ष र प्रतिपक्ष अपूर्व रूपमा एक भए । आततायी माओवादीलाई जोगाउन  एकता हुन्छ तर राष्ट्र निर्माण गर्ने कुरामा सदा बिद्रोह र बिग्रह छ, दलकोशासनमा । १२ बुदे दिल्ली समझौता र मेलंची खानेपानी नमुना उदाहरणका रूपमा लिन सकिन्छ ।

६.भारतीय ग्रैण्ड डिजाइनमा गिरिजाबाट पारित गरिएको नागरिकता विधेयकले अन्ततः राष्ट्रघात गर्दछ, नेपालको अस्तित्त्व मेटाउन सक्छ भन्ने कुरा प्रत्येक दलले जानीजानी पारित गर्ने सबै दलाल र अराष्ट्रिय हुन् भन्ने कुरा नेपाली मात्रले महसुस गर्नै पर्दछ । त्यति विश्लेषण गर्न नसक्ने सांसद अयोग्य हो । बाहिरी चलखेलबाट परिचालित दलहरूको उदाङ्गोपन हो । प्रजातन्त्रको दुहाइ दिने यी दल र सांसदले जनमतको बर खिलाप गरेर भातीय दवावमा पास गर्ने सबै नेपालका लेण्डुपजुप दोर्जे हुन भनेर मान्नै पर्ने हुन्छ ।

## दलीय राजनीति र राष्ट्रियता :

१. पश्चिमी संस्कारको पछिलागेका दलले नेपालका नारीलाइृ लैंगिक बिभेद गराएकाछन् । पूर्वीय सभ्यताले देबीका रूपमा पूजा गरिने महिलालाई भौतिकवस्तु बनाई दिएपछि लैंगिक बिभेद सुरू भएको हो । त्यसबाट राष्ट्रियतमा आँच आएको छ । पारिबारिक मर्यादा खस्केको छ । यो निरन्तर असफल भएकोछ, महिलाहिंसा र हाडनाता करणी बढेकोछ । पारिबारिक झगडाबढेकाछन् । हत्या र आत्महत्या बढेकाछन् ।

त्यसैगरी नेपाली नेपाली बिच जाती, जनजाती, दलित, आदिबासी र भूगोलबिच निरन्तरका द्वन्द्व भड्किउकाछन् । किचलो बढाइएकोछ । दलीतका समश्या सम्बोधन गरिएको छैन । छुवाछुत प्रथा नै अन्त्यगर्नुपर्ने अवस्थामा त्यसलाई दीगो मान्यता दिने संबिधानबाट संरक्षण गरिएको छ । भाषा र चाडपर्ब संस्कारहरू सबैले सबैको सम्मान गरेर मान्दै आएकोमा पश्चिमाको निहित स्वार्थकालागि दलले सघाएर नेपाली राष्ट्रियतामा आँच आएको छ ।

२. भाषाको शिक्षासँग गहिरो संबन्ध हुन्छ । त्यस्तै शिक्षाको विकाससँग नङ–मासुको संबन्ध हुन्छ । आफ्नो भाषामा शिक्षाको उपार्जन नगर्ने देशहरू विकासको गतिमा पछाडि पर्दछन् । भाषाको पनि संस्कृति हुन्छ । अर्को भाषाको सास्कृतिक माध्यममा पढ्नेको ज्ञान मातृभाषामा पढ्नेकोभन्दा कम हुन्छ । एकतृत भाषा नेपालीभाषहरूबाट नेपालीको, हिन्दूस्थानी भाषाहरूबाट हिन्दीको, उर्दुबाट पाकिस्तानीको, वंगालीबाट बंगालादेशको, सिंगालीबाट श्रीलंकाको विकासमा जति योगदान दिनसक्छ त्यति जर्मनी, अंग्रेजी, फ्रान्सेली, रूसी, चिनी माध्यमको शिक्षाले दिन सक्तैन । भाषिक संस्कृति फरक भएकाले त्यसमा

राष्ट्रियताको भावनात्मक पक्ष हुँदैन । त्यसमा अनुकरणशीलता हुन्छ तर सिर्जनशीलता हुँदैने । अनि त्यस्तो बिद्यार्थी कहिल्यै देशको नेता बन्न सक्तैन, सदा विदेशीको चेला मात्र हुन्छ । त्यस्ता नेताले राष्ट्रियता खस्काउँछ । कम्प्युटर, आकाशवाणी, दूरदर्शन, दूरभाषा, जस्ता वस्तु  आफ्नै उत्पादन हुन नसक्नु,  गतिलो रेशम वा ऊनी कपडा पनि अरूको उत्पादनमा भरपर्नु र विदेशीलाई महानमान्ने र आफ्नोमा हिनताबोध रहनुको पछाडि हाम्रो भाषिक परजीवीता हो । रूस चीन, जापान, अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, अष्ट्रेलिया आदि देशले छिटो बिकास गर्नुको  कारण मातृभाषमा शिक्षा दिनुले नै हो । रूसले ७० वर्षमा गरेको उन्नति चीनले ५० वर्षमै गरेर देखाइ दिएको छ । आज चीनले विश्वकै अभिलेख तोडेर वार्षिक १४ प्रतिशत आर्थिक बृद्धि गर्नुमा उसको पठन पाठन मातृभाषामा हुनुले नै हो ।

३. संसारका सबैभन्दा अविकसित मुलुक तिनीहरू नै छन् जसले मातृभाषामा पठन पाठन गर्दैनन् । सबैभन्दा विपन्न तिनीहरू नै छन् । अफ्रिका महादेशमा कुनै श्रोतको कमी छैन । तर त्यहाँका देशहरू पिछडिएका अवस्थामा छन् । आर्थिक, सामाजिक, राजनैतिक र धार्मिक क्षत्रहरू दूरावस्थामा छन् । किनकि त्यहाँ मातृभाषामा पठनपाठन हुदैन । कार्यालयी काम पनि मातृभाषामा हुदैन । उनीहरू धेरै तल पर्नूको कारण ईशाईहरूले तिनको धर्म संस्कृति पनि बिलय गराई दिएकोले हो । श्रेष्ठ भूमि र पातलो जनसंख्या भएको पपुवा न्यू गिनी, सोलोमन पनि नाजुक अवस्थामा रहनुमा मातृभाषामा शिक्षा नहुनुले हो । भाषा राष्ट्रियताको महत्त्वपूर्ण प्रतिक हो । नेपाली नेपालका सबै राष्ट्रभाषाका भाषा तथा भाषिकाको संयुक्त भाषा हो । तिनको जननी संस्कृत हो । राष्ट्रभाषलाई लत्याएर राष्ट्रको परिचयलाई पूर्णता दिन सकिदैन । र ाष्ट्रभाषाको सम्मानले त्यस देशकै सम्मान हुन्छ । जस्लाई अंग्रेजीको आबस्यकता छैन उसले किन जीवनकको अमूल्य समय खर्च गगरेर अंग्रेजी भाषा पढ्ने ? अंग्रेजी त व्यवसायी भाषा मात्र हुनु पर्दछ ।

४. राष्ट्रियता दलीय पद्धतिसंग पनि गाँसिएको छ । दलबाट संसदीय प्रजातन्त्रलाई अबरूद्ध पारिएको छ । भ्रष्ट्रचारी तस्कर र कालाबजारीलाई संरक्षण दिइएकोछ । तिनको कुशासनले असामाजिकतत्त्व मौंलाएको छन् । सत्ता स्वार्थकालागि छ । स्वर्थ खिचातानीले देशको उन्नतीनै अवरूद्ध पारेकोछ । प्रजातन्त्रमा विश्वास गर्ने चुनावलाई बहिष्कार गर्दैन तर नेपालका दलले गरे । दलभित्र प्रजातान्त्रिक अभ्यास छैन । बरू नेपालको अस्तित्त्व मेटाउने कृयाकलापमा छन् । उनीहरू बदेशीको धन र निर्देशनमा लागेर भड्किदा देशको अस्तित्त्व र पहिचान नै नरहन सक्छ ।

५. नेपालका दलले बिद्यार्थी, श्रमीक, कर्मचारी समेतलाई दलका बेतलबी इटाधारी सेना बनाएका छन् । न्यायकर्मी पनि हुन दलदलमा बिभक्त

भएकाछन् । अल्पमतको सरकार हुने संस्कारले स्थाइत्व पाएको छ । नेपालका कुट नीतिज्ञले समेत देशको प्रतिनिधित्व गर्दैनन्, दलकोमात्र गर्दछन् । कर्मचारी जनताप्रति होइन अअफ्ना दलप्रति बफादार हुन्छन् । बिदेशी लगानीका पत्रिकाले पत्रकारिता गर्देनन्, बिदेशीको गुणगान गाउँछन् । कमाउ धन्दामा लाग्छन् । यथार्थमा दल बिदेशी पैसामा चल्दछन्, बिदेशीकालागि काम गर्दछन् ।

६. बरू संस्कार मासिएको इ०िडयाले राष्ट्रियताका कारण श्रीमती सोनियाँ गान्धीलाई प्रमं पदबाट बञ्चित गराए । अमेरिकामा 'राष्ट्रपति' हुन अमेरिकी भूमिमा जन्मेकै हुनपर्ने व्यवस्था छ । तर नेपालमा अङ्गिकृत नागरिकले संबैधानिक पद सभालेका छन् । प्रेम, राष्ट्रप्रेम भन्ने कुरा नाताले मात्र हुँदैन; उसको सामाजीकरण (सोसलाइजेशन) संग गाँसिएको हुन्छ । लेण्डूप दोर्जे प्रबृत्ति नेपालका दलमा हाबी छ । अब पनि नेपाली चनाखो भएनन् भने देशको भाग्यरेखा बिग्रिन सक्छ । आफ्नो भाग्यरेखा आफैं बनाउनु पर्दछ, त्यो पनि समयमै गर्नुपर्दछ ।

७. सात प्रतिशत जनताले गरेको आन्दोलनले ९३ प्रतिशत जनताको सार्वभौम अधिकार लिएर २३ प्रतिशत मत ल्याउनेले बनाएको सरकारले तथाकथित जनादेश भनेर ९ सूत्रीय घोषणा गरेदलहरूले । यावत कुरा अप्रजातन्त्रिकशैली, जनमत विपरित दलीय तानशाहीबाट भयो । यस्ता शासन ( राणका चार कमाण्डले गरेकोजस्तो) लाई प्रजातन्त्र भनिनुपनि राष्ट्रिवादी राजनीति मान्न सकिदैन । एउटा व्यक्तिले चलाउने संसदलाई सार्वभौम सत्ता सम्पन्न भन्न मिल्दैन । प्रम हुनेले महाकाली समझदारी हो सन्धि होइन भनेर ढाँट्ने, श्रम ऐन संसोधन गरेर बिदेशी श्रमी भित्र्याउने, संविधान संशोधन गरेर भारतीयले नेपाली नागरिकता पाउने बनाउनेलाई नेपालमा बसने हक हुँदैन । यो रहस्यमय, आश्चर्यजनक, अप्रजातान्त्रिक शैली र भारतप्रतिको दास मनोदशा सबैभन्दा ठूलो हो । राष्ट्रघातीका यस्ता सयौं कार्य गर्दा पनि दलले राजनीति मुक्त गर्ने कार्बाही नहुनु आफै अराष्ट्रिय कुरा हो, दलीय व्यवस्थै प्रति प्रश्नचिन्ह हो ।

८. पहिले नेकालाई, अनि माओवादीलाई 'रअ' र क्रिश्चियन मिसनले उक्साएको र सहयोग गरेको हो । दलहरूले विदेशीकोलागि काम गरेको भन्ने कुरा तथ्यले पुष्टि भएकोछ । ईशाईलाई खुसी पार्न नेपालमै मन्दिर भत्काउने, मूर्ति तोडफोड गर्ने, मन्दिरभित्र दिशापिसाव गर्ने, कृयापुत्रीलाई मार्ने कुराले राष्ट्रिय संस्कार भत्काउने काम भएको छ । त्यस्तालाई प्रमसम्म बनाउने नेपाली मतदाता नै कमजोर भएको देखिन्छ ।

९. घर पोलेर आगो ताप्न हुँदैन । आगो लागेको बेला एक अर्कालाई दोषदिएर अल्मलिनुभन्दा सबै मिलेर आगो निभाउनुपर्दछ । सबैदल मिलेर रोजीरोटी पुग्ने रोजगार जुटाउनुपर्छ । तटस्थ बुद्धिजीवीको राय भारत अगाडी ओझेल परको थियो, छ ।[१२७] तराई आन्दोलन पनि उक्साइएको रणनीतिक चाल हो । मधेसी मुक्तिको कुरा कुनै वैचारिक मत भिन्नताले होइन । यो त भारतीय निहीत स्वार्थका कारण भएको हो । फलत अमेरिकाले नेपाललाई स्वतन्त्र देशको रूपमा हेर्न छाडेको छ । २०६३ मा जनकपुर गएका अमेरिकी राजदूतले तराई विद्रोहीको प्रसंसा गरेकोले पनि पुष्टि गर्दछ ।

१०. राष्ट्रियतमा आँच आएको छ भन्ने कुरामा नेपालीमात्रको साझा चासो बनेकोछ । राष्ट्रियता खतरामा छ भन्ने दलहरूको स्वर, चोरचोर भनेर चोरसंग दौडेजस्तै हो । कालापानी लगायत अतिक्रमित भूभाग फिर्ता गराउन नसकेसम्म यो धारणा कायम रहन्छ । दाहालले "राष्टघाती नेताहरूका कारण नेपालको राष्ट्रियता गम्भीर खतरामा परेको छ"[१२८] भनेका छन् । उनले टाइशुट त्यागेर लबेदासुरूवाल नलगाएसम्म तथा लुछाचुँडी र अंशबण्डा प्रबृत्तिको पदलोभ नत्यागेसम्म उनी इशाई एजेन्ट होइनन् भन्ने आधार छैन ।

११. हाम्रो समाजको अवस्था, दलका नेताको र कार्यकर्ताका मानसिकता ट्रानिजिशनल हुनुले यो अवस्था सृजिएको हो । देशका सबै मानिसले समान सेवा र सुविधा पाउने, समान स्तरको जीवन शैली हुन नसकेको हो । असल र उँचो हुनेको अनुसरण गरेर आफू त्यस्तै हुनुको बदला उँचो र स्तरीयतालाई तल झारेर विपन्न र कमजोड बनाउने प्रबृत्तिले नेपालको विकास हुननसकेको हो । सबै मिलेको अवस्थामा एसियामै उच्च बनाउन सम्भव हुँदाहुँदै पनि हुन नसकेको हो । १२ बुदे समझदारी भएपछि विदेशीको दबदबा यस पूर्व कहिल्यै भएको थिएन ।

१२. दलले लाखौं कार्यकर्तालाई अस्थायी पदमा (शिक्षक, प्राध्यापक, संस्थान,गुप्तचर आदिमा) नियुक्त गर्ने गरेकाछन्, पजनी प्रथाद्वारा स्थायी गरेकाछन् । विधिको शासनलाई चुनौती दिएका छन् । दल यस्तै कुरामा व्यस्त रहेपछि राष्ट्रियता सम्वर्द्धन गर्ने समस्या बढेको हो । अदालत पनि कानूनी राज्य बनाई राख्न चुकेको छ ।[१२९]

१३.नेपाली दलका नेतालाई 'रअ'ले धुनदिएर सौथ ब्लकले कोमलकोटी बनाई राखेको छ । नेपालका ठूला दलका नाइकेले भारत नभैकन बाँच्नै

---

१२७. स्पेशटाइमः जेठ ६, २०५९ ।

१२८. कीर्तिपुरमा २०६४ साल असार १ गते)

१२९. कान्तिपुरः चैत्र २५, २०५७ ।

सकिदैन भन्ने सोच राख्दछन् । उनीहरूको सोच भारतको एउटा राज्य सरकारको जस्तो, प्रधानमन्त्री मुख्यमन्त्री जस्तो भइसकेको छ ।[१३०]

## दल, प्रजातन्त्र र राष्ट्रियता

१. राष्ट्रियता र प्रजातन्त्र एउटै सिक्काका दुइ पाटा हुन्, दलको बिकल्प हुनसक्छ तर यी दुइको हुदैन । कुनै जात, बर्ण, धर्म, क्षत्र, लिङ्ग, संघ, दल वा त्यस्तै अन्य कुनै एकल कुराले मात्र प्राथमिकता पायो भने त्यहाँ प्रजातन्त्र भएको मानिदैन, राष्ट्रियताले बल पनि पाएको हुदैन । प्रजातन्त्र कमजोड हुदा राष्ट्रिता पनि कमजोड हुन्छ ।

दलको कुरा अलग छ, काग्रेसले नेपाली राष्ट्रियतालाई नराम्रोसंग गिराइ दिएकोछ, राष्ट्रियताको खम्बा मानेको एमालेलाई पनि फसाएर राष्ट्रघाती सन्धिमा समावेश गराएको छ । १२ बुंदे दिल्ली सम्झौता गराएर आततायी माओबादीलाई पनि खाडलबाट झिकेर सबै शक्तिलाई बिदेशी शक्तिको गोटी बनाएकोछ । त्यही गोटीका भरमा अपराधिक गतिविधिको नत्थी हातमा लिएर नेपालभरी हरेक क्षत्रमा ब्रह्म लुट मच्चिएकोछ । साधारण नेपालीहरू नेपालमा बस्नै नसक्ने वातावरण गराइदिएकोछ । आज एक तिहाई नेपाली बिदेशी भूमिमा गएर बिदेशीको विकास गर्ने काम गरिरहेको अवस्था छ । यो दलीय पद्धतिबाट सृजित दुखद र दुर्भाग्यपुर्ण कुरा हो । देशको शासन व्यवस्था सबत्र लथालिंग[१३१] छ ।

२. जन इच्छा र ठाँउ सुहाउदो सम आकंक्षा अनुरूपका योजनाहरू सबैखाले भ्रष्ट्राचारमुक्त पारेर गर्ने हो भने देशलाई एक दशकमै उत्कृष्ट बनाउन सकिनछ तर दलको स्वार्थले मात्र त्यसो हुन दिइएको छैन । नेपालको स्वतन्त्रता र अखण्डता प्रति प्रतिबद्ध, सुशासनबाट न्याय एबं शान्ति संबृद्धिकालागि

---

१३०. In the age of current globalization we can not be against all Indian legitimate investment in Nepal, as the Maoist trade unions and students seem to be. Nepal's internal politics has come to a stage, where by our political leaders think that they can not survive without Indian support and they behave like Indian state politicians rather than leaders of a sovereign country. Even the CPN (Maoists) who started their miss-adventure of ruling South Asia with Maoist doctrine with slogan against Indian hegemony in Nepal have accepted Indian hegemony to their tactical advantage. As Communists ("Meena Acharya" <mna@enet.com.np> Nepal: Say no to Indian Hegemony , Sent: Wednesday, May 02, 2007 7:44 PM)

१३१. नमुना उदाहरणकालागि विविले घूष खाएर प्रमाणपत्र बाँड्छ, २०६६ माघ १४ गते त्रिवि करार सेवाका प्राध्यापक (शिव महता, विज्ञान) मन्त्रालयका उप र सहसचिवलाई चर्को र्दुव्यवहार गर्दछन्, कार्य कक्षमै लछार पछार पार्दछन् । महिला मन्त्रीले सिडिओलाई थप्पड हान्दछिन् र आफूलाई किस गर्न खोजेको भनेर आरोप लगाउँदछिन् । अर्का मन्त्रीले भ्रष्टाचार उन्मुलन गर्ने भनेर एल.डि.ओ.लाई पाइखानामा थुन्दछन् । सुकुम्वासी समाधान भनेर राष्ट्रिय रानीवन मासेर वस्ती बसाउँदछन् । प्रहरी र न्यायालयलाई न्याय गर्न दिंइदैन । स्वार्थसाधन गर्ने ठाउँमा बिपक्षीलाई मरणासन्न हुने गरी कुटिन्छ । बाटामा हिडिरहेको अपरिचित प्रहरीले सलाम गरेन भनेर सांसदले निर्घात कुटपिट गर्दछन् । आदि आदि ।

ऐक्य बद्धता नभै राष्ट्रिय समुन्नतिकालागि पूर्वाधार बन्दैन । दलले त्यसो गर्नै दिएका छैनन् ।

३. कुनै जात, वर्ण, धर्म, क्षत्र, लिङ्ग, संघ, दल वा त्यस्तै अन्य कुनै एकल कुराले मात्र प्राथमिकता पायो भने त्यहा प्रजातन्त्र जीवन्त रहन सक्तैन । राष्ट्रियताले स्थान पनि पाएको हुदैन । हेपिएको महसुस गऱ्यो भने उसले सके बिद्रोह गर्दछ नसके असहयोग गर्दछ । २०५०–२०६०को दशकमा सत्तामा बस्ने दल बिशेषले मात्र प्रश्रय पायो । प्रजातान्त्रिक अभ्यास र राष्ट्रियता दुबै ढलमलाए, राजनीति अस्थिर र तरल भयो, बिकासगति अबरूद्ध भयो र सबैभन्दा नचाहिदो कुरा बिदेशी शक्तिले नेपालमा नराम्रोसंग हालिमुहली गरे । बिदेशी पसेपछि राष्ट्रियता स्वतः खास्किन्छ, खस्क्यो । प्रजातन्त्र कमजोड हुदा राष्ट्रिता पनि कमजोड हुन्छ भन्ने कुरा बिगतका बहुदलीय अप्रजातान्त्रिक कार्य शैलीले नै साबित गरि सकेको छ ।

४. नेपालका सबै मत, विचार, वर्ण, जात, धर्म, लिङ्ग, पेशा, स्थान विशेषको भेदभाव अन्त्य हुने योग्यतमले कामको जिम्मेवारी पाउने, सबैले आ–आफ्नो क्षमता अनुसार पूर्ण समयकोलागि रोजगार पाउने योजना र कार्यक्रम मात्र राष्ट्रबादी योजना हुन सक्दछ । त्यस्तो योजना व्यवस्थित बस्ती पद्धति (मोडेल) बाट बाहेक अरू कुराबाट सम्भव हुन सक्दैन ।

५. राजा महेन्द्रले सत्ता सभाल्दा देशमा पूर्वाधारनै थिएन[१३२] । आज जेछ ती सबै उनैले सृजना गरेका हुन । उनले जे परिबर्तन गरे नेपालीजनताको चाहना अनुसार गरे तर दलले जे परिबर्तन गरे इण्डिया र इशाई मुलुकको चाहना अनुसार गरे । विकासका काममा पनि राजनीतिक दलले त्यो भन्दा उँचो, स्तरीय, कमखर्चिलो र छिटो गर्न सक्तै सकेनन्, जबकि आज यन्त्र र प्रबिधि सहज छ । आफैले जनतालाई चुनाबमा गरेका प्रतिज्ञा पनि पुरा गर्न सकेनन् । यथार्थमा राजाले सकृय नेतृत्व चाहेकै थिएनन्, ती जनता थिए जस्ले राजालाई सकृय नेता बनाउन अनुरोध गरे । जनचाहना अनुसार शासन

---

१३२. आज जति प्रतिशत मानिससंग इन्टरनेट छ त्यति प्रतिशत साक्षर पनि थिएनन् । संचार जगतमा कमजोर अवस्थाको रेडियो नेपाल, गोरखापत्र र दिनको एक आधा घंटा चल्ने वाएरलेस भन्दा बढी केही थिएन, त्रिभूवन राजपथ (वाइरोड) भन्दा बढी सडक थिएन, पुरानो सानो बीर अस्पताल बाहेक देशभर स्वास्थ्यसेब थिएन । देशका अहेव र अनमि पढाउने संस्था थिएनन् । सबै क्षत्रमा केही थिएन । त्यस्तो अवस्थामा के कुरा बनाएनन् उनले ? आज जे छ सबै उनकै सृजना हो । नयाँ नेपाल भनेको उनले गरेका कामलाई छायापार्ने र उनका नाममा रहेका संस्थाको नाम बदल्ने मात्र भएको छ । आफ्नो निजी रकमबाट बनाएर राष्ट्रलाई उपहार दिएको शाही नेपाल एकेडेम, महेन्द्रप्रकृति संरक्षण जस्ता निकायको नाम समेत फेरिएको छ । यसरी एउटा बाटो समातेर हिँडिर हेको शान्त मुलुकलाई आज अलमल्लमा छ, लथालिङ्ग र किंकर्तब्यमुढ छ । प्रजातन्त्रप्रति बितृष्णा बढाएको छ । आजका संचारमाध्यमले यथार्थलाई ओभेल पारका छन् । यो भनेको नै प्रजातन्त्रको हत्या हो, तानाशाही पनलाई बढाबा दिनु हो । राजा महेन्द्रले यथार्थमा कू गरेका थिएनन्, केबल संबिधानतः संकटकालको घोषणा थियो । त्यो किन गरे? त्यसको लेखाजोखा गर्न कोही तयार छैन, कसैलाई यथार्थ ज्ञान नै छैन ।

गरे । जनचाहना बिपरित भएको भए राणा शासनको बिरोधमा आन्दोलन गर्ने जनताले राजाको बिरोधमा पनि गर्ने थिए । बास्तबमा २०४६-२०६३ बिच जेजति परिबर्तन भए सबै विदेशीले गरेका हुन्, नेपाली जन चाहना हैन ।

६. नेकाँले २०१८/१९मा गरेको सशस्त्र विद्रोहमा जनताको सहमत थिएन । जनताले दुत्कार गरेको अवस्था थियो । त्यस्तै २०५८ पछि गिरिजाको नेतृत्वमा भएको सडक आन्दालन पनि जनताले साथ दिएको थिएनन् । नेपालमा २०४६मा भएको परिबर्तन भारतको बलमा भएको थियो, भारतीय पूर्व प्रम.को नेर्तत्वमा भएको थियो भने २०६२/६३को आन्दोलन पनि भारत र युरोपियन मिशनरीको धनबलबाट माओबादीलाई प्रयोग गरेर भएको थियो । नेपाली जनता र राजा एकातिर र नेकाँका केही कार्यकर्ता अर्कोतिर थिए । यी कुरालाई कुनै कसैले बिश्लेषण गरेको छैन । बीपी कोइराला बाहेक काँग्रेसले सत्य बुझेको छैन । महेन्द्र न प्रजातन्त्रका बिरोधी थिए नत बहुदलीय पद्धतिको । राजा महेन्द्रले राजनीति दलसंग मिलेर काम गर्न चाहन्थे भन्ने कुरा शम्भु प्रसाद ज्ञवालीले उल्लेख गरेका छन्[१३३] ।

७.जुन बिदेशी हस्तक्षपबाट जोगाउन राजा महेन्द्रले २०१७ सालमा संकटकाल घोषणा गरेका थिए आज तिनै बिदेशबिाट मुलुकको आन्तरिक मामला र प्राकृतिक श्रोत साधनमाथि ठूलो हस्तक्षेप भएको छ । मुठीभर छ जना नेताबाट प्रजातन्त्र अपहरण भएको छ । यी नेता राष्ट्रबादी छन् भने महेन्द्रबाट धेरै कुरा सिक्न बाँकी छ । साढे पाँच दशक पहिले बिदेशी हस्तक्षेपबाट मुलुकलाई जोगाउन महेन्द्रले जुन भूमिका खेले आजका यी नेताले किन सक्तैनन् ? अब संचार माध्यम सचिनु पर्छ, बुद्धिजीवीले निस्वार्थ रूपमा बिचार व्यक्त गर्नु पर्दछ । आम जनतालाई बलको भय र संकोचबाट मुक्त पार्नू पर्दछ ।

ooo

१३३. ब्यक्ति र बिचार १९९८ ।